## परिच्छेद : एक
# शोध परिचय

### १.१ विषय परिचय

**कृष्ण धराबासी** (२०१७) का **शरणार्थी** (२०५६), **आधाबाटो** (२०५९), **राधा** (२०६२), **तपाईं** (२०६३), **टुँडाल** (२०६५) र **पाण्डुलिपि** (२०६९) गरी हालसम्म छ वटा उपन्यासहरू प्रकाशित भएका छन् । धराबासीका उपन्यास बाहेक निबन्ध, कविता, कथा तथा समालोचनात्मक कृतिहरू पनि प्रकाशित छन् । उनका रचनाहरूमा नारीप्रति सद्भाव व्यक्त गरिएको पाइन्छ । उनका उपन्यासहरूमा पनि नारी चरित्रहरूको प्रतिनिधिमूलक उपस्थिति हुनुका साथै नारी पात्रले भोग्नु परेका विविध पीडाजन्य कारुणिक स्थिति र त्यसका विरुद्ध नारीले चालेका क्रान्तिकारी कदमलाई स्थान दिइएको पाइन्छ ।

कृष्ण धराबासीको **शरणार्थी** विभिन्न देशबाट लखेटिएर शरणार्थी बन्न पुगेका नेपालीहरूको समस्यालाई आधार बनाएर लेखिएको उपन्यास हो । यसमा विभिन्न पुरुष पात्रको उपस्थितिसँगै जयमाया र बर्था जस्ता नारी पात्रले भोग्नु परेको समस्या एवम् त्यसका विरुद्ध उनीहरूले देखाएको साहसिक कदमलाई प्रमुख स्थान दिइएको छ । **आधाबाटो** धराबासीको जीवनका यथार्थ भोगाइलाई विषयवस्तु बनाएर लेखिएको उपन्यास हो । यो आख्यानात्मक शैलीमा प्रस्तुत गरिएको आत्मसंस्मरणात्मक उपन्यास हो । यसमा धराबासीकी आमा, श्रीमती, भगी, काली, कालीकी आमा एवम् आता जस्ता नारी पात्रले भोगेको पुरुष दमन र त्यसबाट मुक्तिका लागि चालेको सङ्घर्षमय कदमलाई स्थान दिइएको छ । **राधा** उपन्यासको कथावस्तुको स्रोत पौराणिक भए पनि यसमा लीलालेखन सम्बन्धी दार्शनिक मान्यतालाई आधार बनाउँदै वर्तमान परिप्रेक्ष्यमा त्यसको विनिर्माण गरिएको छ । 'राधा' लाई केन्द्रीय पात्रका रूपमा उपस्थित गराएर ऊ लगायत सुशीला, यमुना, विशाखा, रुक्मिणी, एकनंशा जस्ता नारीहरूले भोग्नु परेका विभिन्न समस्याहरू र त्यस विरुद्ध उनीहरूले राखेको विचारलाई यस उपन्यासमा स्थान दिइएको छ । **तपाईं** उपन्यासमा रतुवाकी आमा, काली र कालीकी आमा, रतिया, अस्मिता र अस्मिताकी आमा, अस्मिताकी दिदी, अस्मिताको भाइ, तपाईं, तपाईंकी श्रीमती आदि पात्रको प्रयोग गरिए पनि तपाईं र अस्मिताको मुख्य भूमिका रहेको छ । यस उपन्यासमा अस्मिता लगायत अन्य नारीका समस्या र नारीहरूलाई यौन आनन्दका लागि प्रयोग गर्ने पुरुषहरूको विरोध गरेर नारीको पक्षमा वकालत गरिएको छ । **टुँडाल** उपन्यासमा नेपालमा भएका विभिन्न मठमन्दिरमा सुसज्जित टुँडालको विषयवस्तुलाई समेटेर नेपाली संस्कृतिको चित्रण गरिएको पाइन्छ । यौनमनोविज्ञानमा आधारित प्रस्तुत उपन्यासमा नेपाली नारीहरूले यौन लगायत सामाजिक, लैङ्गिक, आर्थिक आदि क्षेत्रमा पितृसत्तात्मक समाजका कारण भोग्नु परेका व्यवधानलाई समेटिएको पाइन्छ । नारीले समाजमा भोग्दै आएका विविध समस्या एवम् त्यसबाट स्वतन्त्रताका लागि चालिएको कदमलाई स्थान दिइएको हुनाले नारी स्वतन्त्रताको खोजी र पितृसत्ताको विरोध गर्नमा समेत यो उपन्यास अग्रसर रहेको देखिन्छ । **पाण्डुलिपि** धराबासीको **आधाबाटो** उपन्यास जस्तै आत्मजीवनीपरक उपन्यास हो । यसमा धराबासीकी आमाको मृत्युदेखि श्रीमती (सीताजी) को मृत्युसम्मको वास्तविक घटनालाई आख्यानीकरण गरिएको पाइन्छ । यस उपन्यासमा प्रयुक्त वास्तविक नारी पात्रहरू सङ्घर्षशील, साहसी, आँटिला हुनुका साथै नारीमाथि हुने शोषणको विरोधी देखिनु र पुरुष पात्रले पनि यस्ता

नारीको समर्थन गरेको हुनाले प्रस्तुत उपन्यासमा नारीवादी प्रवृत्तिले स्थान पाएको देखिन्छ । यसर्थ धराबासीका उपन्यासहरूमा नारी उत्पीडन र सङ्घर्षका स्वरहरूलाई स्थान दिइएको हुनाले यी उपन्यासहरूलाई नारीवादी प्रवृत्तिका आधारमा अध्ययन गर्नु सान्दर्भिक देखिन्छ ।

'नारीवाद' नारीको पक्षमा वकालत गर्ने बौद्धिक क्रान्ति हो । सामाजिक, आर्थिक, राजनीतिक, सांस्कृतिक, धार्मिक, साहित्यिक आदि क्षेत्रमा नारीको पक्षमा भएका विभेदजन्य क्रियाकलापको विरुद्धमा अगाडि बढेको बौद्धिक क्रान्ति नारीवाद हो । नारीवादले जुनसुकै क्षेत्रबाट भए पनि शोषण, दमन, थिचोमिचो सहँदै आएका नारीका पक्षमा वकालत गर्ने हुनाले यसलाई नारी मुक्ति आन्दोलनका पर्यायवाचीका रूपमा पनि लिन सकिन्छ । यसका साथै नारीका पीडा र वेदनाको पक्षमा वकालत गर्दै नारी स्वतन्त्रता एवम् समानताको पक्षमा अघि सारिएको बौद्धिक चेत नै 'नारीवाद' हो । अङ्ग्रेजीमा 'फेमिनिज्म' भनिने नारीवाद पश्चिमी मुलुकका नारीहरूले राजनीतिक क्षेत्रबाट नारीको पक्षमा वकालत गर्ने क्रममा सुरुवात भएको बौद्धिक क्रान्ति हो । राजनीतिबाट बिस्तारै अन्य क्षेत्रमा फैलने क्रममा सिर्जना र समालोचनामा यसको प्रवेश सन् १९७० को दशकमा भएको मानिन्छ । नारी समस्यामा आधारित रचनामा नारीलाई केन्द्र बनाएर नारी स्वतन्त्रताको पक्षमा जोड दिइन्छ भने समालोचनामा ती रचनाभित्र प्रयुक्त नारी पात्रका समस्या र त्यसबाट मुक्तिका लागि गर्नु पर्ने सङ्घर्ष एवम् हरेक किसिमबाट नारीको पक्षमा वकालत गरिएको हुन्छ । यसर्थ नारीवाद विभिन्न कारणबाट पछाडि परेर वा हेपिएर जीवन बिताउन बाध्य नारीको पक्ष लिँदै हरेक क्षेत्रमा समान अधिकारका लागि गरिएको बौद्धिक सङ्घर्ष हो । सामाजिक, साँस्कृतिक, आर्थिक, राजनीतिक, धार्मिक, लैङ्गिक आदि आधारमा महिलालाई गरिएको विभेद र त्यसबाट मुक्तिको चाहना स्वरूप नारीवाद विकसित भएको पाइन्छ । यसर्थ नारीवादले नारी उन्मुक्ति एवम् स्वतन्त्रता र लैङ्गिक विभेदको अन्त्यको समर्थन गर्दछ । धराबासीका उपन्यासमा पनि विभिन्न नारी पात्रहरूप्रति पितृसत्ताले गरेको नियन्त्रण र त्यसबाट मुक्तिका लागि नारीले गरेको सङ्घर्षलाई स्थान दिइएको पाइन्छ । यसर्थ यो अध्ययन उनका उपन्यासमा नारी स्वतन्त्रता, समानता, नारी शोषणप्रतिको विद्रोहको स्थिति के-कस्तो रहेको छ भन्ने कुराको अन्वेषणमा आधारित छ ।

## १.२ समस्या कथन

कृष्ण धराबासीका उपन्यासहरूमा नारी स्वतन्त्रता र समानताको पक्षमा वकालत गरिएको पाइन्छ । पितृसत्तात्मक समाजद्वारा शोषित नारीलाई उन्मुक्तितर्फ दिशानिर्देश गर्न सफल विभिन्न नारी पात्रको प्रयोग गरिएका उनका उपन्यासहरूमा नारीका विभिन्न किसिमका पीडाको यथार्थ चित्रण गरिएको पाइन्छ । यसका साथै उनका उपन्यासहरूमा नारी स्वतन्त्रता एवम् समानता जस्ता अधिकारका लागि सङ्घर्षरत नारी पात्रलाई केन्द्रीय भूमिका प्रदान गरिएको पाइन्छ । यसर्थ धराबासीका उपन्यासहरूलाई नारीवादी दृष्टिबाट अध्ययन गर्न सकिने भए तापनि उनका उपन्यासहरूमा नारीवादी प्रवृत्ति के-कस्तो पाइन्छ भन्ने जिज्ञासा अद्यावधि अनुत्तरित नै रहेको छ । यसका साथै उनका उपन्यासहरूमा गरिएको नारीवादको प्रयोगलाई शोधद्वारा सत्यापित गर्नु पनि ज्यादै महत्त्वपूर्ण देखिन्छ र यस किसिमको अध्ययनले प्राज्ञिक परम्परामा महत्त्वपूर्ण योगदान पुग्ने सम्भावना छँदैछ । यसर्थ धराबासीका उपन्यासमा नारीवादको प्रयोग के-कसरी गरिएको छ भन्ने मूल जिज्ञासामा आधारित यसका शोध समस्याहरू यस प्रकार निर्धारण गरिएका छन् :

क) धराबासीका उपन्यासहरूमा के-कस्तो नारी स्वतन्त्रता र समानताको अभिव्यक्ति पाइन्छ ?
ख) धराबासीका उपन्यासहरूमा नारी शोषणप्रतिको विद्रोह के-कसरी प्रस्तुत भएको छ ?
ग) धराबासीका उपन्यासहरूमा नारीलाई हेर्ने दृष्टिकोण के-कस्तो रहेको छ ?

## १.३ उद्देश्य

धराबासीका उपन्यासहरूमा प्रयुक्त नारीवादको व्याख्या विश्लेषण गर्नु नै प्रस्तुत शोधकार्यको मुख्य उद्देश्य हो । यही मूल उद्देश्यलाई निम्नानुसार बुँदाबद्ध गर्न सकिन्छ :

क) धराबासीका उपन्यासहरूमा प्रयुक्त नारी स्वतन्त्रता र समानताको खोजी गर्नु
ख) धराबासीका उपन्यासहरूमा नारी शोषणप्रति गरिएको विद्रोहको निर्क्योल गर्नु
ग) धराबासीका उपन्यासहरूमा नारीलाई हेर्ने दृष्टिकोणको निरूपण गर्नु ।

उपर्युक्त उद्देश्य प्राप्तिका लागि कृष्ण धराबासीका उपन्यासहरूका सन्दर्भमा यस अघि भएका पूर्वकार्यहरूको सहयोग पनि लिइएको छ ।

## १.४ पूर्वकार्यको समीक्षा

धराबासीका उपन्यासहरू र यसका विविध पक्षमा धेरै विद्वान्हरूले टीका टिप्पणी गरेको पाइन्छ । यस क्रममा उनका उपन्यासहरूका सन्दर्भमा संक्षिप्त टिप्पणीदेखि शोधकार्यसम्म भएको पाइन्छ । उनका छुट्टाछुट्टै उपन्यासमा केन्द्रित भएर नारीवादी अध्ययन र विश्लेषण गरिएको पाइन्छ तर ती अध्ययनहरूले धराबासीको समग्र उपन्यासमा प्रतिविम्बित नारी चेतनाको भने विस्तृत विश्लेषण गर्न सकेको देखिँदैन तथापि यी विश्लेषणले प्रस्तुत शोध समस्याको आंशिक रूपमा भए पनि समाधान खोज्न भने मद्दत पुऱ्याउँछ । यस अध्ययनका निम्ति सहयोगी हुने नारीवादसँग सम्बन्धित र उपन्यासकारितासँग सम्बन्धित पूर्वकार्यहरूलाई अलग-अलग शीर्षकमा यसरी समीक्षा गरिएको छ :

### १.४.१ नारीवादसँग सम्बन्धित पूर्वकार्यहरू

धराबासीका उपन्यासका सम्बन्धमा भएका नारीवादसँग सम्बन्धित अध्ययनहरूलाई उपन्यासपिच्छे अलग-अलग शीर्षक दिएर यहाँ पूर्वकार्यका रूपमा उल्लेख गरी समीक्षा गरिएको छ ।

क) **आधाबाटो** उपन्याससँग सम्बन्धित पूर्वकार्य

**आधाबाटो** उपन्यासका सन्दर्भमा पत्रपत्रिका एवम् शोधमा गरिएका नारीवादसँग सम्बन्धित अध्ययनलाई यहाँ वर्णानुक्रमका आधारमा प्रस्तुत गरिएको छ ।

कल्पना पौड्याल (२०६७) ले 'आधाबाटो उपन्यासको नारीवादी विश्लेषण' शीर्षकको शोध पत्रमा प्रस्तुत उपन्यासलाई नारीवादी सिद्धान्तका आधारमा विश्लेषण गरेको पाइन्छ । उनले यस उपन्यासमा कारुणिकता, सङ्घर्षशीलता, यौन शोषणको विरोध, मातृत्वको स्वर, लैङ्गिक विभेदको विरोध र स्वतन्त्रताको बोध जस्ता बुँदाहरूमा नारीवादी प्रवृत्तिको अध्ययन गरेकी छन् । यस्तै उनले यस उपन्यासमा समाजमा नारीलाई हेर्ने दृष्टिकोण, नारीको स्थिति, पुरुषले नारीप्रति गर्ने

व्यवहार आदिको वर्णन गरिएको बताएकी छन् । उनले यो उपन्यास महिलामाथि भएको अन्याय, अत्याचारका विरुद्ध अग्रसर रहेको भन्दै लेखकले नारीलाई शारीरिक र बौद्धिक रूपमा सशक्त बनाएर पुरुषको थिचोमिचोप्रति विद्रोह गर्न सक्षम पात्रहरूको प्रयोग गरेको समेत बताएकी छन् तर नारीवादी प्रवृत्तिका आधारमा गरिएको यस शोधकार्यले प्रस्तुत उपन्यासमा पाइने नारीवादी प्रवृत्तिलाई विस्तृत रूपमा विश्लेषण गर्न सकेको देखिँदैन ।

विष्णु कुमार भट्टराई (२०६०) ले 'नेपाली उपन्यासको सय वर्ष आधाबाटोमा आइपुग्दा' शीर्षकको लेखमा प्रस्तुत उपन्यासलाई आत्मवृत्तान्तात्मक उपन्यास अर्थात् औपन्यासिक आत्मवृत्तान्तका रूपमा चर्चा गरेका छन् । उनले यस कृतिलाई निरपेक्ष लेखन, लेखकको मृत्यु हुने र पात्रहरूले जीवन पाउने लेखन एवम् लीलाबोधपरक लेखनका रूपमा चर्चा गरेको पाइन्छ । उनले यस उपन्यासमा विधागत समिश्रण र नारीवादी लेखनको अवधारणालाई आत्मसात् गरिएकोले उत्तर आधुनिक लेखन भएको बताएका छन् । यस्तै उनले यस कृतिमा नारीजातिलाई विशिष्ट सम्मान प्रदान गरिएको साथै कृति नै आमामय भएको उल्लेख गरेका छन् । उनले यस उपन्यासमा लेखककी आमालाई एउटी विशाल हृदय भएकी, दृढनिश्चयी, जुझारु र कर्तव्यनिष्ठ नारीका रूपमा प्रस्तुत गरिनुका साथै अन्य नारी पात्रलाई पनि आफ्नो निष्ठामा इज्जतपूर्वक उभ्याएकाले यो लेखन नारीवादी लेखन भएको चर्चा गरेका छन् । यसका साथै उनले यस उपन्यासले लेखकलाई विधागत परम्पराको विनिर्माण गरी हेर्ने र कल्पनालोकबाट उपन्यास संरचनालाई वास्तविक लोकमा ओराल्ने काम गर्ने साहसिक आख्यानकार बनाएको बताएका छन् ।

ख) **राधा** उपन्याससँग सम्बन्धित पूर्वकार्य

प्रस्तुत उपन्यासका सन्दर्भमा पुस्तक, पत्रपत्रिका एवम् शोधमा गरिएका नारीवादसँग सम्बन्धित अध्ययनहरूलाई वर्णानुक्रमका आधारमा यहाँ प्रस्तुत गरिएको छ ।

गोमा रिजाल (२०६५) ले 'राधा उपन्यासमा नारीवादी दृष्टिकोण' शीर्षकको शोध पत्रमा नारीवादी सिद्धान्तका आधारमा प्रस्तुत उपन्यासको विश्लेषण गरेकी छन् । उनले औपन्यासिक तत्त्वका आधारमा समेत यस उपन्यासको अध्ययन गर्नुका साथै पूर्ववर्ती र समवर्ती उपन्यासकारहरूका सापेक्षतामा कृष्ण धराबासीको मूल्याङ्कन गरेकी छन् । उनले यस उपन्यासमा पुरुषहरूको भन्दा नारी चरित्रको भूमिका नै प्रमुख हुनुका साथै पौराणिक कालदेखि नै नारीहरूले भोग्नु परेका पीडाहरूको सशक्त चित्रण गरिएको बताएकी छन् । उनले प्रस्तुत उपन्यासमा प्रयोग भएका नारीवादसँग सम्बन्धित पुरुष दमनको विरोध, व्यक्तिगत स्वतन्त्रता, वर्ग विभेदको विरोध, नारी शिक्षाको आवाज, राजनीतिक दमनको विरोध, यौन दमनको विरोध जस्ता शीर्षकमा छोटो चर्चा गरेकी छन् ।

दीपक अधिकारी (२०६३) को **कान्तिपुर**मा प्रकाशित 'उत्तर आधुनिक राधा' शीर्षकको लेखमा प्रस्तुत उपन्यासमा लेखक पात्रको रूपमा प्रस्तुत हुनु, सीमान्तकृत पात्रलाई केन्द्रमा ल्याउनु र प्रस्तुतिको सिलसिलाबद्धता नहुनु जस्ता विशेषताले गर्दा उत्तर आधुनिक उपन्यास बन्न पुगेको बताएका छन् । यसका साथै विनिर्माणवादको राम्रो प्रयोग गरिएको प्रस्तुत उपन्यासमा प्रेम, तत्कालीन परिवेश, नारीपुरुष सम्बन्धका अतिरिक्त हाम्रो समाजमा सदियौँदेखि रही आएको पुरुषको हैकमलाई स्पष्ट पारिएका कारण धराबासी नारीवादी लेखक बन्न पुगेको कुरा समेत व्यक्त

गरेका छन् । यसरी प्रस्तुत उपन्यासलाई अधिकारीले उत्तर आधुनिक उपन्यासका रूपमा चर्चा गरेको देखिन्छ ।

भवनाथ घिमिरे (२०६३) ले 'राधा उपन्यासको कृतिपरक अध्ययन' शीर्षकको शोध पत्रमा लीलालेखन र उपन्यासको सैद्धान्तिक चर्चा गर्दै औपन्यासिक तत्त्वका आधारमा प्रस्तुत उपन्यासको विश्लेषण गरेका छन् । उनले धराबासीको साहित्यिक रचनाधर्मिताको व्याख्या गर्नुका साथै यस उपन्यासमा प्रयुक्त अन्य प्रवृत्तिको पनि चर्चा गरेका छन् । यस क्रममा उनले प्रस्तुत उपन्यासमा प्रयुक्त लीलादर्शन, विनिर्माण, मनोविज्ञान, स्वैरकल्पना, नारीवाद र उत्तर आधुनिकतावादको छोटो चर्चा गरेको पाइन्छ । उनले यस उपन्यासमा तत्कालीन सामाजिक-सांस्कृतिक मान्यता, समाजले हेर्ने दृष्टिकोण र नारीले भोग्नु परेका विविध समस्यालाई कारुणिक रूपमा प्रस्तुत गरिएको बताएका छन् ।

लीला प्रसाद सापकोटा (२०६३) को **पूर्वाञ्चल**मा प्रकाशित 'कृष्णको राधा पढेपछि' शीर्षकको लेखमा धराबासीले पौराणिक कथा पात्रलाई आधुनिक परिवेश दिएर आजको नारीवादको जल्दो बल्दो परिवेशलाई आफूभित्र पसाउँदै **राधा** उपन्यास जन्माएको बताएका छन् तर नारीवादी शब्दको प्रयोग गरे पनि यस उपन्यासमा प्रयुक्त नारीवादी प्रवृत्तिको भने चर्चा गरेको पाईंदैन ।

विष्णु प्रसाद ज्ञवाली (२०६७) ले **समसामयिक नेपाली उपन्यास** शीर्षकको पुस्तककार कृतिमा **राधा** उपन्यासमा पात्र, परिवेश, घटना भूमिका आदिलाई नयाँपन दिएर पुनर्लेखन गर्ने प्रयास भएको बताएका छन् । उनले यस उपन्यासमा धराबासीले पौराणिक विषयवस्तुलाई लौकिक जगतमा ल्याएर समसामयिकता दिन खोजेको बताएका छन् । उनले नारी पात्रको केन्द्रीयतामा लेखिएको **राधा** उपन्यासमा पुरुषको भोगवादी प्रवृत्तिका विरुद्धमा नारी चेतनाका स्वरहरू उठे पनि विद्रोह नभएको कुरा उल्लेख गरेका छन् । यसरी उनले **राधा** उपन्यासलाई नारीवादी प्रवृत्तिका समसामयिक उपन्यासभित्र स्थान दिए पनि त्यसमा नारी चेतनाका साना स्वरमात्र पाइने बताएका छन् ।

विष्णु प्रसाद पौडेल (२०६८) को **समष्टि** पत्रिकामा प्रकाशित 'कृष्ण धराबासीको टुँडाल उपन्यासका महत्त्वपूर्ण पक्षहरू' शीर्षकको लेखमा **राधा** उपन्यासलाई पौराणिककालीन राधाकै युग सापेक्ष नारीवादी स्वरसहितको कलात्मक विनिर्माण भने पनि यस उपन्यासमा के-कस्ता नारीवादी स्वर मुखरित भएका छन् भन्ने बारेमा भने उल्लेख गरेको पाईंदैन ।

संगीता जी. सी. (२०६६) ले 'राधा उपन्यासमा नारीवादी चेतना' शीर्षकको शोध पत्रमा नारीवादको सैद्धान्तिक स्थापना गर्दै **राधा** उपन्यासमा प्रस्तुत नारी चेतनाको विश्लेषण गरेको देखिन्छ । उनले यो उपन्यास नारी केन्द्रित भएको र यसमा पौराणिक पात्रका माध्यमबाट उत्तर आधुनिक चिन्तनमा आधारित नारीवादी चेतनालाई लीला लेखनको माध्यमबाट प्रस्तुत गरिएको उल्लेख गरेकी छन् । यस शोध पत्रमा उनले नारीहरू शारीरिक रूपमा, मानसिक रूपमा र विद्रोही रूपमा पुरुषभन्दा सक्षम र सबल देखिन्छन् भन्ने कुरा उल्लेख गरेकी छन् । यसका साथै नारीका समस्यालाई मुख्य विषय बनाइएको प्रस्तुत उपन्यासमा नारीको प्रधानता रहेको र समाजले नारीप्रति गर्ने अन्याय, अत्याचार, शोषण र दमनको विरोध यी नारीहरूले गरेको हुनाले यस उपन्यासलाई नारीवादी उपन्यास भन्न सकिने विचार उल्लेख गरेकी छन् ।

सञ्जीव उप्रेती (२०६३) को **कान्तिपुर**मा प्रकाशित 'कृष्णको लीलामय राधा' शीर्षकको लेखमा द्वापरकालीन पितृसत्तात्मक समाजमा आदर्श र मान्यतालाई चुनौतीमात्र नदिएर राधाले कंसविरुद्ध गुरिल्ला युद्धमा समेत मुख्य भूमिका निर्वाह गरेको देखाएर धराबासीले पूर्वआधुनिक कथालाई आधुनिक तथा नारीवादी परिप्रेक्ष्यबाट पुनर्लेखन गरेको कुरा बताएका छन् ।

ग) **तपाईं** उपन्याससँग सम्बन्धित पूर्वकार्य

**तपाईं** उपन्यासका सन्दर्भमा नारीवादसँग सम्बन्धित पूर्वकार्यलाई यस प्रकार प्रस्तुत गरिएको छ ।

कमला तिम्सिना (२०६५) ले 'कृष्ण धराबासीको तपाईं उपन्यासको कृतिपरक अध्ययन' शीर्षकको शोध पत्रमा उपन्यासको सैद्धान्तिक चर्चा र लीलालेखनको चर्चा गर्दै औपन्यासिक त□वका आधारमा प्रस्तुत उपन्यासको विश्लेषण गरेकी छन् । उनले यस उपन्यासमा बहुनायकत्व रहनुका साथै नवीन प्रस्तुतीकरण शैली भएको बताएकी छन् । उनले प्रवृत्तिगत आधारमा प्रस्तुत उपन्यासको चर्चा गर्ने क्रममा वस्तुताको खोजी, मिथक, स्वैरकल्पना, विधा मिश्रण, लीलालेखन, प्रयोगशीलता एवम् नारीवादी लेखन जस्ता पक्षको उल्लेख गरेकी छन् । यस क्रममा उनले प्रस्तुत उपन्यासमा पुरुष प्रधान समाजमा नारीले भोग्नु परेका पीडाहरूलाई उजागर गर्दै नारीलाई माया, ममता र कोमलताकी खानी भए पनि नारीभित्र साहस, बहादुरी र विद्रोह गर्न सक्ने क्षमता हुन्छ भन्ने भावलाई लेखकले प्रश्रय दिएको बताएकी छन् ।

घ) **टुँडाल** उपन्याससँग सम्बन्धित पूर्वकार्य

**टुँडाल** उपन्यासका सन्दर्भमा पुस्तक, पत्रपत्रिका एवम् शोधमा गरिएका नारीवादसँग सम्बन्धित अध्ययनहरूलाई यहाँ वर्णानुक्रमका आधारमा प्रस्तुत गरिएको छ ।

कुमार कोइराला (२०६७) ले 'बहुलवादी उपन्यास टुँडालमा आँखा बल्भिँदा' शीर्षकको लेखमा प्रस्तुत उपन्यासलाई आधुनिक र उत्तर आधुनिक दुबै विशेषण दिन सकिने बताएका छन् । उनले प्रस्तुत उपन्यासमा यथार्थवादी, प्रकृतवादी, अस्तित्ववादी, नारीवादी, र यौनमनोविश्लेषणवादी जस्ता आधुनिकतावादी प्रवृत्तिका साथै बहुलवादी उत्तर आधुनिकतावादी प्रवृत्ति रहेको बताएका छन् । उनले यस उपन्यासमा उपस्थित नारी पात्रहरूले पुरुषको विरोध गरे पनि पुरुषप्रति उग्र र विध्वंसात्मक विरोध नगरेको कारणले चरमवादी नभएर उदारवादी नारीवाद पाउन सकिने उल्लेख गरेका छन् । उनले यस उपन्यासमा अस्तित्ववादी विचार र उत्तर संरचनावादी प्रवृत्ति पाइनुका साथै लीलालेखनको प्रवृत्ति पनि पाइने बताएका छन् । उनले यस उपन्यासमा उपन्यासकारले युगानुकूल बनाएर समकालीन सामाजिक, राजनीतिक, सांस्कृतिक इतिहासको उपस्थिति गराएको उल्लेख गरेका छन् । उनले यसमा प्रयुक्त नारीवादी प्रवृत्ति शीर्षक दिएर चर्चा नगरे पनि यस उपन्यासमा नारीमा आउँदै गरेको स्वतन्त्रता, स्वाधीनता र स्वअस्तित्वबोध व्यञ्जित भएको उल्लेख गर्नुले नारीवादी प्रवृत्तिको आँशिक चर्चा हुन पुगेको पाइन्छ ।

रमेश चन्द्र अधिकारी (२०६७) ले 'नारीवादका आधारमा टुँडाल उपन्यासको अध्ययन' शीर्षकको शोध पत्रमा प्रस्तुत उपन्यासमा धराबासीले मन्दिर एवम् दरबारमा अङ्कित नारी-पुरुषका नग्न र अर्धनग्न मूर्तिहरूलाई बिम्ब तथा प्रतीकका रूपमा लिएर नेपाली समाजमा सदियौँ समयदेखि पितृसत्तात्मक सामाजिक ढाँचामा जिउन विवश नारीहरूको कथा व्यथालाई नारीवादी चिन्तनले

चित्रण गरेको बताएका छन् । उनले प्रस्तुत उपन्यासलाई औपन्यासिक तत्त्वका साथै नारीवादी प्रवृत्तिका आधारमा विश्लेषण गरेका छन् ।

विष्णु प्रसाद पौडेल (२०६८) को **समष्टि** पत्रिकामा प्रकाशित 'कृष्ण धराबासीको टुँडाल उपन्यासका महत्त्वपूर्ण पक्षहरू' शीर्षकको लेखमा **टुँडाल** उपन्यासका बारेमा व्याख्या गरिएको पाइन्छ । उनले प्रस्तुत उपन्यासको विषयविस्तार, वैचारिकता, नारीवादी स्वर, जीवन चिन्तन, उत्तर आधुनिक बहस, फ्रायडीय चिन्तनप्रतिको विमति, सांस्कृतिकता, सामाजिक गतिशीलता, समसामयिकता, आलोचनात्मक यथार्थता, कारुणिकता र विधामिश्रण शीर्षक दिएर विश्लेषण गरेका छन् । उनले यस उपन्यासमा समकालीन सचेत र शिक्षित पुस्तामा देखिएको स्वअस्तित्वको बोधका साथै त्यसका लागि नारीले गरेका परम्पराप्रतिको विद्रोह र विद्रोहका क्रममा अनुभूत जीवनका सरलता एवम् जटिलताहरूलाई आकर्षक ढङ्गमा प्रस्तुत गरिएको बताएका छन् । उनले यौनलाई हेर्ने परम्परित पुरुष मानसिकताप्रति यस उपन्यासका नारी पात्रहरूले विमति जनाउनुका साथै पुरुषको परम्परित शोषणप्रति समेत विमति जनाएको कुरा उल्लेख गरेका छन् । यस उपन्यासमा उग्र नारीवादीभन्दा उदार चरित्रका नारी पात्रको प्रयोग गरिएको उनको धारणा छ ।

शारदा भट्ट (२०६६) ले 'टुँडाल उपन्यासको कृतिपरक अध्ययन' शीर्षकको शोध पत्रमा उपन्यास र लीलालेखनको सैद्धान्तिक चर्चा गर्दै औपन्यासिक तत्त्वका आधारमा प्रस्तुत उपन्यासको विश्लेषण गरेकी छन् । उनले सांस्कृतिक मनोविज्ञानलाई विषयवस्तु बनाइएको यस उपन्यासमा उत्तर आधुनिकता, विनिर्माण र लीलालेखनको समेत प्रयोग गरिएको बताएकी छन् । उनले प्रवृत्तिगत दृष्टिले यस उपन्यासको विश्लेषण गर्ने क्रममा यौन मनोविज्ञान, नारीवादी लेखन, आञ्चलिकता, सामाजिक यथार्थवाद, लीलादर्शनको प्रयोग, विनिर्माण, वर्तमान युग सान्दर्भिकता तथा स्वैर काल्पनिकता जस्ता पक्षमा छोटो चर्चा गरेकी छन् । उनले समाजमा देखा परेका विविध समस्यालाई नारी आफैँले समाधान गर्न सक्छन् र उनीहरू साँस्कृतिक रूपमा पनि स्वतन्त्र छन् भन्ने कुरा यस उपन्यासमा देखाइएको छ भन्ने मत राखेकी छन् ।

### १.४.२ उपन्यासकारितासँग सम्बन्धित पूर्वकार्यहरू

धराबासीका उपन्यासका सम्बन्धमा भएका उपन्यासकारितासँग सम्बन्धित अध्ययनहरूलाई उपन्यासपिच्छे अलग-अलग शीर्षक दिएर यहाँ पूर्वकार्यका रूपमा उल्लेख गरी समीक्षा गरिएको छ ।

क) **शरणार्थी** उपन्याससँग सम्बन्धित पूर्वकार्य

प्रस्तुत उपन्यासका सन्दर्भमा पुस्तक, पत्रपत्रिका एवम् शोधमा गरिएका उपन्यासकारितासँग सम्बन्धित अध्ययनहरूलाई वर्णानुक्रमका आधारमा यहाँ प्रस्तुत गरिएको छ ।

इन्द्रबहादुर राई (२०५९) ले 'शरणार्थीमा लीलापक्ष' शीर्षकको लेखमा **शरणार्थी** उपन्यासमा प्रयोग गरिएका विभिन्न विषयलाई टिपोट गर्दै त्यसमा प्रस्तुत लीला पक्षको चित्रण गरेका छन् । उनले लीला लेखनको अप्ठ्यारो पक्षलाई धराबासीले सरल ढंगले प्रयोग गरेको विचार व्यक्त गरेका छन् । उनले लेखक पात्रलाई हिडाउँछु भन्दा भन्दै आफैँ भाषाको खेलमा फस्ने हुँदा लेखक भ्रम नै रहन्छ

भन्ने जीवनको लीलालाई प्रस्तुत उपन्यासमा सफल रूपमा प्रयोग गरिएको कुराको उल्लेख गरेका छन् ।

ईश्वर बल्लभ (२०५९) ले 'ईश्वर बल्लभसँगको अन्तरवार्ता' शीर्षकको अन्तर्वार्तामा **शरणार्थी** उपन्यासको भाषा सरल मात्र होइन लीलाको समेत राम्रो ढङ्गबाट प्रस्तुत भएको बताएका छन् ।

कृष्ण गौतम (२०६७) ले **उत्तर आधुनिक संवाद** नामक कृतिमा **शरणार्थी** उपन्यासलाई अन्तर्पाठको जालोमा व्यवस्थित हुन आएको उपन्यास भनेका छन् । उनले यो उपन्यास डिकन्स्ट्रक्सन, विसङ्घटन र विनिर्माणको दृष्टान्त भएर आएको बताएका छन् । यसका साथै उनले यस उपन्यासलाई कथा, उपन्यास, इतिवृत्त एवम् संस्मरणहरूको सहयोग लिएर रचना भएको भन्दै उत्तर आधुनिक मिश्रणकलाको राम्रो दृष्टान्त भनेका छन् । गौतमले प्रस्तुत उपन्यासलाई लीलालेखनको प्रयोग गरिएको प्रयोगशीलताको अद्भुत उत्तर आधुनिक चमत्कारी उपन्यासका रूपमा व्याख्या गरे पनि यसमा प्रयोग गरिएको नारीवादी प्रवृत्तिको भने उल्लेख गरेको पाईंदैन ।

कृष्ण धराबासी (२०६७) ले **शरणार्थी** उपन्यासभित्र लेखेको 'उपन्यासको सम्बन्धमा' शीर्षकको भूमिकामा प्रस्तुत उपन्यासमा विधागत मिश्रण गरिएको बताएका छन् । उनले यस उपन्यासमा लीलालेखनलाई सरल ढङ्गमा प्रयोग गरिएको बताउँदै यसमा प्रयुक्त तीन थरी पात्रको समेत विवरण दिएका छन् । यसका साथै धराबासीले प्रस्तुत उपन्यासमा प्रयोग गरिएको धेरै घटनाक्रमहरू यथार्थको नजिक भएको बताएका छन् तर यसमा प्रयुक्त नारीवादी प्रवृत्तिका बारेमा भने उनले केही उल्लेख गरेको देखिँदैन । यस्तै धराबासी (२०५९) ले 'कृष्ण धराबासीसँग केहीबेर' शीर्षकको अन्तर्वार्तामा प्रस्तुत उपन्यासलाई नेपाली जातिको भक्कानो भनेका छन् । उनले यस उपन्यासमा कुनै न कुनै रूपमा प्रत्येक पाठकहरूले आफूलाई पात्र पाएका छन् भन्दै यसको कथा परम्परागत, जाने बुझेको र भोगिएको छ भन्ने धारणा व्यक्त गरेका छन् । यसका साथै उनले धेरै पाठकले कारुणिकताका कारण र बौद्धिक पाठकले यस उपन्यासमा गरिएको प्रयोग र प्रविधिका कारण मन पराएको बताएका छन् । यस्तै धराबासीले नेपाली उपन्यास विधामा लीला प्रयोगको चेष्टाका रूपमा प्रस्तुत उपन्यासलाई लिएका छन् ।

कृष्ण बराल (२०५९) ले **लीला, वार्ता र शरणार्थी** नामक पुस्तकाकार कृतिमा धराबासीको **शरणार्थी** उपन्यासलाई लीलालेखनको सैद्धान्तिक पक्षसँग जोड्दै विस्तृत विश्लेषण गरेका छन् । **शरणार्थी** उपन्यासमै केन्द्रित उनको प्रस्तुत पुस्तकमा सामग्रीहरूलाई तीन खण्डमा व्यवस्थित गरिएको छ । यस क्रममा उनले **शरणार्थी** उपन्यासका सन्दर्भमा विभिन्न भागमा आफ्नो तार्किक विश्लेषण गर्नुका साथै अन्य लेखकहरूले प्रस्तुत उपन्यासका बारेमा विभिन्न पत्रपत्रिकामा प्रकाशित लेख रचनालाई समेत सङ्कलन गरेका छन् । यसका साथै उनले लीलालेखनसँग सम्बन्धित विभिन्न विज्ञहरूसँगको अन्तर्वार्ताहरूलाई पनि समावेश गरेका छन् । बरालले प्रस्तुत उपन्यासलाई उपन्यास विधाको क्षेत्रमा नौलो प्रयोग र प्रस्तुति लिएर देखा परेको उपन्यास भनेका छन् । उनले प्रस्तुत उपन्यासमा पूर्व प्रकाशित कृतिका पात्र र लेखकलाई पात्रका रूपमा उभ्याएर पूर्व प्रकाशित उपन्यास तथा कथाकै पुनर्लेखन गरिएको र यसको औपन्यासिक शैली सरल एवम् रोचक भएको समेत बताएका छन् । अन्य उपन्यासमा लेखकहरूले बिचैमा छाडेका पात्रहरूलाई टुङ्गोमा पुऱ्याउन लेख्ने प्रयास गरिएको भए पनि अन्त्यमा ती पात्रहरूलाई धराबासीले पनि टुङ्गोमा पुऱ्याउन नसकेको हुनाले उपन्यासकारले तिनीहरूको लीला मात्र प्रस्तुत गरेको उनी

बताउँछन् । बरालले **शरणार्थी** उपन्यासमा नारी पात्रहरूलाई गरिएको सम्मानका साथै नारीले भोग्नु परेको बलात्कारका पीडाहरूलाई पनि संक्षेपमा चर्चा गरेका छन् । यस किसिमको नारीमाथि भएको दमन र थिचोमिचोमा नारीले विद्रोह गर्न नसकेर सहन बाध्य भएको कुरालाई बरालले उल्लेख गरेका छन् ।

कृष्ण बराल (२०५७) को **लीला, वार्ता र शरणार्थी** नामक पुस्तकभित्र देशान्तर साप्ताहिकमा प्रकाशित 'करुणाले भरिएको उपन्यास' शीर्षकको समाचार लेख सङ्कलन गरिएको पाइन्छ । उक्त लेखमा **शरणार्थी** उपन्यासको एउटा पात्रले आफ्नो छोरालाई पोखेको दु:खेसोमार्फत धराबासीले बर्मा, भुटान, र पूर्वोत्तर भारतका राज्यहरूबाट जबरजस्ती धपाइएका नेपाली मूलका नागरिकहरूले भोग्नु परेको पीडालाई प्रस्तुत गरेको उल्लेख गरिएको छ । यस लेखमा प्रस्तुत उपन्यासमा झापा र मोरङमा शरणार्थी शिविरमा आफ्नो परिचय गुमाएर बसेका शरणार्थीहरूको अन्तरमन छामेर उनीहरूको दु:खको सजीव चित्रण गरिनुका साथै प्रवासी नेपालीहरूको बारेमा लेखिएका पूर्व प्रकाशित कृतिका पात्रहरूलाई प्रमुख स्थान दिएर नवीन शैलीको प्रयोग गरिएको उल्लेख गरिएको छ ।

गोविन्दराज भट्टराई  (२०५९) ले **लीला, वार्ता र शरणार्थी** पुस्तकमा सङ्कलित 'झापाले झङ्कृत हुँदो छ यो लीलामय मन' शीर्षकको लेखमा लीलालेखनको सिद्धान्तबाट प्रेरित भएर अर्थात् लीलालेखनको सिद्धान्तलाई व्यवहारमा उतार्दै धराबासीले **शरणार्थी** उपन्यास लेखेको बताएका छन् । उनले नेपाली साहित्यमा विनिर्माणीकरणको पहिलो उपन्यासका रूपमा यस उपन्यासलाई लिन सक्ने बताएका छन् ।

चूडामणि रेग्मी (२०५९) ले 'प्रश्न कृष्ण बरालका उत्तर चूडामणि रेग्मीका' शीर्षकको अन्तर्वार्तामा **शरणार्थी** उपन्यास लीलालेखनको उपन्यास हो भनेका छन् । उनले प्रस्तुत उपन्यास **आज रमिता छ** उपन्यासको उत्तराधिकारीका रूपमा चर्चित रहेको समेत बताएका छन् ।

ज्ञानु अधिकारी (२०६७) ले 'शरणार्थी, विनिर्माण प्रक्रिया र उत्तर आधुनिक पठन' शीर्षकमा यस उपन्यासमा लीलालेखनको प्रयोग गरी विधाभञ्जनको मान्यता आत्मसात् गरिएको उल्लेख गरेकी छन् । उनले विनिर्माणिक प्रक्रियाद्वारा लेखिएको प्रस्तुत उपन्यास परम्परित लेखनभन्दा अत्यन्तै भिन्न किसिमको देखिनुका साथै पूर्वीय दर्शनमा आधारित लीलालेखनको विधाभञ्जन तथा विधामिश्रणका चेतनाद्वारा अत्यन्तै प्रभावित भएको बताएकी छन् । यस उपन्यासको विषयवस्तुको चर्चा गर्दै उपन्यासमा प्रयुक्त विनिर्माण प्रक्रियालाई विधागत स्वरूपमा भएको विनिर्माण, कथानकमा भएको विनिर्माण र पात्रहरूमा भएको विनिर्माणका सन्दर्भमा व्याख्या गरेकी छन् । यस्तै उनले प्रस्तुत उपन्यासको कथानकको निर्माणको क्रममा पूर्व प्रकाशित कृतिका पात्र र प्रसङ्गहरूलाई उत्तरपठन वा विपठन गरिएको उल्लेख गर्दै विनिर्माणवादी मान्यताको सफल प्रयोग भएको उपन्यासका रूपमा यस उपन्यासको चर्चा गरेकी छन् ।

दान खालिङ (२०६७) ले **शरणार्थी** उपन्यासको भूमिकाको 'हिमालका सन्तानको कथा' शीर्षकको लेखमा यस उपन्यासलाई जातीय र राष्ट्रिय अनुभवको उपज भनेका छन् । उनले यस उपन्यासलाई देश छाडेर गएका नेपालीहरूको कथा भन्दै बाध्यता र परिस्थितिका कारण आफ्नो जन्मभुमि छाडेर गएका बहादुर नेपालीहरूले कडा परिश्रम गरी पूर्वी भारत, बर्मा र भुटानका अनकण्टार जङ्गलहरूलाई चिरेर खेतियोग्य जमिन बनाए पनि पुन: परिस्थितिकै कारण बाध्य भएर

आफ्नो बास थलो छाडेर हिँड्नु परेको विवशतालाई यसमा रोचक ढङ्गले प्रस्तुत गरिएको उल्लेख गरेका छन् । यसका साथै उनले प्राण धान्नमात्र भए पनि रगत र पसिना बगाएर पुस्तौँ बिताइसकेपछि धपाइएका हिमालका छोरा छोरीको कथाका रूपमा प्रस्तुत उपन्यासको चर्चा गरेका छन् ।

दुबसु क्षेत्री (२०५९) ले 'मेरो सबैभन्दा मिल्ने मित्र र झगडालु सत्रु पनि मै हुँ - दुबसु क्षेत्री' शीर्षकको अन्तर्वार्तामा प्रस्तुत उपन्यासको कथावस्तु, विचार र भाषा पुरानो भएको तर संरचना भने नयाँ भएको बताएका छन् । उनले यस उपन्यासको उठान र बैठान राम्रो हुनुका साथै पठनीय समेत भएको बताएका छन् । यति हुँदाहुँदै पनि प्रस्तुत उपन्यासमा लीला विचारको प्रयोग पटक्कै नभएको कुरा उनी बताउँछन् ।

नारायण ढकाल (२०५९) ले 'शरणार्थी त्रासद मिथकहरूको नवीकरण' शीर्षकको लेखमा प्रस्तुत उपन्यासलाई विषयवस्तु, प्रस्तुति र शिल्पका दृष्टिले नेपाली साहित्य भण्डारमा एउटा अनुपम रचनात्मक उत्पादन भनेका छन् । उनले यस उपन्यासलाई नेपाली साहित्यमा स्थापित त्रासदमिथक र पात्रहरूको नवीकरणका रूपमा लिएका छन् । लेखकको प्रयोगधर्मिता यस उपन्यासमा सन्निहीत भएको उनी बताउँछन् । प्रस्तुत उपन्यासमा लेखक र पात्रबिच चर्काचर्की बहस गराउनुलाई उनले स्वैरकल्पनाको प्रयोग भनेका छन् । त्यस्तै उनले यस उपन्यासको केही विवादास्पद सन्दर्भहरूको उल्लेख गरेर **शरणार्थी** उपन्यासको गुण दोषको सन्तुलित विश्लेषण गर्दै कृतिको सँग्लो गुणात्मक प्रभावको अगाडि केही विवादास्पद दोषहरू उल्लेख्य नरहेको चर्चा गरेका छन् ।

पुण्यप्रसाद खरेल (२०५९) ले 'भुटानी शरणार्थीहरूले डढाई हाल्नुपर्ने पुस्तक शरणार्थी' भन्ने लेखमा प्रस्तुत उपन्यासले विदेशमा नेपाली हुनुको पीडाको ज्वलन्त र जीवन्त चित्रण गरेको बताएका छन् । उनले प्रस्तुत उपन्यास चर्चा गरिए जस्तो उत्कृष्ट नरहेको भन्दै सकारात्मकभन्दा नकारात्मक टिप्पणी गरेका छन् । उनले यस उपन्यासमा समस्याबाट नआत्तिने, सामना गर्ने तथा बहादुरीसाथ प्रस्तुत हुने पात्रको अभाव रहेको बताएका छन् । उनले प्रस्तुत उपन्यासलाई भुटानी शरणार्थीहरूको भाग्य नाशक कृति मान्दै यस कृतिलाई भुटानी राजाले पढ्न पाए उपन्यासकारलाई पुरस्कार दिने विचार व्यक्त गरेका छन् । उनले नेपालीलाई दुःखबाट जुधेर जिउने प्रेरणा नदिने उपन्यास भन्दै प्रस्तुत उपन्यासलाई शरणार्थी विरोधी उपन्यासका रूपमा चर्चा गरेका छन् । उनले प्रस्तुत उपन्यासको प्रयोगशील पक्षलाई चर्चा योग्य भनेर प्रशंसा गरे पनि यसलाई कथा र उपन्यासको खिचडी हो भनी यसको प्रयोगको उपेक्षा गरेका छन् ।

भरत भूर्तेल (२०५९) ले 'धराबासीको शरणार्थी : एक सादा टिप्पणी' शीर्षकको लेखमा यस उपन्यासलाई नेपाली जाति र धराबासीको कथा मात्र नभएर मानवजाति समेतको कथा भनेका छन् । उनले प्रस्तुत उपन्यासमा प्रस्तुतीकरणको नयाँ शैली प्रयोग भएको बताएका छन् । उनले यस उपन्यासमा लीलालेखनको सुन्दर प्रयोग गरिएको भन्दै नेपाली साहित्यका जिज्ञासु पाठक, विज्ञ समालोचकले यसलाई गहिरिएर मिमांसा गर्नुपर्ने धारणा व्यक्त गरेका छन् ।

मदनमणि दीक्षित (२०५९) ले 'शरणार्थी : मानवीय सहानुभूतिले ओतप्रोत' शीर्षकको लेखमा **शरणार्थी** उपन्यासको सबैभन्दा ठूलो उपलब्धिको रूपमा नेपाली समाजका सबैभन्दा निम्न आर्थिक स्तरमा समेत श्रमिक रूपमा रहेका जनसमुदायका नरनारीमा रहेको उच्च मानवीय मूल्य र

तिनको अभ्यास तथा जय पराजयलाई यथार्थ रूपमा प्रस्तुत गर्नुको रूपमा प्रकट भएको बताएका छन् । उनले यस उपन्यासमा बर्मादेखि भुटानसम्म दोस्रो विश्वयुद्ध पहिलेदेखि आजसम्मका नेपाली भाषाभाषीले आफूले बसोबास गरेको नेपाल बाहिरको भूमिको निस्वार्थ तर परिश्रमपूर्ण सेवा गरेर ती भूमिहरू विकसित भएपछि त्यहाँका रैथाने जनता, स्थानीय प्रशासन र तिनका दमनकारी संयन्त्रले नेपालीलाई निकाल्ने क्रममा उत्पीडनकारी कानुन बनाई गरेको अन्यायको उचित र राम्रो उद्घाटन भएको बताएका छन् ।

रत्नमणि नेपाल (२०५९) ले 'रत्नमणी नेपालसँग एकाध प्रश्नहरू-उत्तरहरू खोजिदिने आग्रहमा' शीर्षकको अन्तर्वार्तामा प्रस्तुत उपन्यासको लेखकले यस उपन्यासमा हिजोका सबैलाई अटाएको र भोलि आउनेलाई पनि अट्ने ठाउँ राखिदिएको भन्दै लीलाको सशक्त प्रयोग गरिएको उपन्यास भनेर उक्त उपन्यासको चर्चा गरेका छन् ।

लील बहादुर क्षेत्री (२०५९) ले 'शरणार्थी : धराबासीको लीलारचना' शीर्षकको लेखमा प्रस्तुत उपन्यासलाई उपन्यास भए पनि लीलारचना भन्न मन पराएको उल्लेख गरेका छन् । उनले यस उपन्यासलाई एउटै लक्ष्य लिएर लेखिएको धेरै मौलिक उपन्यास र कथाका पात्रहरूलाई जीवन्त उभ्याएर उही लक्ष्यलाई पूर्णता प्रदान गर्ने क्रममा शृङ्खलाबद्ध रूपले सिर्जना भएको उपन्यास भनेका छन् । उनले पूर्वोत्तर भारत, भुटान र बर्मासम्म पुगेका नेपाली मूलका व्यक्तिहरूको जीवन लीलामय भ्रमित भएको हुनाले यसै विषयवस्तुलाई अँगालेर लेखिएको यस उपन्यास लीलारचना भएको उल्लेख गरेका छन् । उनले पूर्वप्रकाशित कृतिका पात्रहरूलाई टिपेर लेख्ने धराबासीको नवीन शैलीको प्रशंसा गर्दै लेखकले शरणार्थी समस्या जुन जातीय समस्या भइ सकेको छ त्यसैलाई उपन्यासमा स्थान दिएको बताएका छन् ।

विश्वराज भण्डारी (२०५९) ले 'धराबासीको शरणार्थी उपन्यास के हो ?' शीर्षकको लेखमा **शरणार्थी** उपन्यासलाई नेपाली साहित्यको लेखन शैलीमा नयाँ मोड लिएर प्रस्तुत भएको उपन्यासका रूपमा उल्लेख गरेका छन् । उनले यस लेखमा 'मलाई लाग्छ' तथा 'जे होस्' जस्ता उपशीर्षक दिएर प्रस्तुत उपन्यासमा उपस्थित विषयवस्तुको बुँदागत उल्लेख गरेका छन् । उनले प्रस्तुत उपन्यास सीमा नभएको नेपालबाट गरिखान हिँडेका नेपालीहरूको प्रतिनिधित्व गर्ने सुख दुःखको शारीरिक समाजिक, आर्थिक, राजनीतिक, स्वदेशी र विदेशी बिचको अन्तरद्वन्द्वको एक खोजपूर्ण समस्याको टिपोट हो भनेका छन् ।

विष्णु कुमार भट्टराई (२०५९) ले 'विष्णु कुमार भट्टराईसँग केहीबेर' शीर्षकको अन्तर्वार्तामा प्रस्तुत उपन्यास रुढ परम्पराबाट छुट्टिने पहिलो र लेखकले आफ्नो कुरा भन्ने शैलीमा ल्याएको नवीनतामा पनि पहिलो भएको बताएका छन् । उनले यस उपन्यासलाई शुद्ध आध्यात्मिक चेतको बोध गराउन सक्षम, कुनै इतर प्रभाव र आकर्षणबाट मुक्त, सरल र लेखकको युगौँदेखिको हिमाली पवित्र वैदिक र पौराणिक भावनाको प्रतीकका रूपमा लिएका छन् ।

विष्णु प्रसाद ज्ञवाली (२०६७) ले 'समसामयिक नेपाली उपन्यास' शीर्षकको पुस्तककार कृतिमा प्रस्तुत उपन्यासको प्रस्तुतीकरणको ढाँचा, विधामिश्रण, प्रयोगशीलताका बारेमा संक्षिप्त चर्चा गरेका छन् । यस क्रममा उनले प्रस्तुत उपन्यासमा प्रथम र तृतीय कथन ढाँचाका साथै पात्रद्वारा लेखकलाई गरिएको सम्बोधनात्मक शैलीको नवीन प्रयोग गरिएको बताएका छन् । उनले यस उपन्यासमा साहित्यिक र साहित्येतर विषयको मिश्रण गरिएको कुरा उल्लेख गरेका छन् ।

विष्णु प्रसाद पौडेल (२०६८) को **समष्टि** पत्रिकामा प्रकाशित 'कृष्ण धराबासीको टुँडाल उपन्यासका महत्त्वपूर्ण पक्षहरू' शीर्षकको लेखमा शरणार्थी उपन्यास भुटानका नेपालीहरू शरणार्थी बन्नु परेको समस्यामा आधारित भएको बताएका छन् । उनले यस उपन्यासमा विनिर्माणवादी नव शिल्प, समकालीन यथार्थ र मानवतावादी स्वर संश्लेषण गरिएको बताएका छन् ।

सञ्जीव उप्रेती (२०५९) ले 'उत्तर आधुनिकतावाद र इतिहास' भन्ने लेखमा उत्तर आधुनिकता र उत्तर आधुनिकतावादको भिन्नताको संक्षिप्त चर्चा गर्दै प्रस्तुत उपन्यासलाई उत्तर आधुनिकतावादी उपन्यासका रूपमा चिनाएका छन् । उनले धराबासीले साहित्यिक उत्तर आधुनिकतावादद्वारा सौन्दर्य संवेदनशीलता र राजनीति दुबै कसरी अभिव्यक्त हुनसक्छ भन्ने कुराको राम्रो उदाहरण **शरणार्थी** उपन्यासमा प्रस्तुत भएको बताएका छन् । उनले धराबासीले काल्पनिक र वास्तविक पात्र एवम् घटनालाई एकै स्थानमा मिसाएर पश्चिमी उत्तर आधुनिक आख्यानको शैलीको प्रयोग गरेको बताएका छन् । यस्तै उप्रेती (२०६८) ले **सिद्धान्तका कुरा** नामक पुस्तकाकार कृतिमा **शरणार्थी** उपन्यासमा मेटाफिक्सनको प्रयोग भएको बताएका छन् । उनले धराबासीको प्रस्तुत उपन्यासमा वास्तविक र काल्पनिक दुबै किसिमका पात्र एवम् अन्य कृतिका पात्रहरूको समेत प्रयोग गरिएको बताएका छन् ।

ख) **आधाबाटो** उपन्याससँग सम्बन्धित पूर्वकार्य

केशादेवी शर्मा (२०६५) ले 'उत्तर आधुनिकतावादी आख्यानकृतिका रूपमा आधाबाटो उपन्यासको विश्लेषण' शीर्षकको लेखमा प्रस्तुत उपन्यासलाई उत्तर आधुनिकतावादी प्रवृत्ति बोकेको प्रयोगशील उपन्यासका रूपमा चर्चा गरेकी छन् । उनले यस उपन्यासमा विधाभञ्जन, विधामिश्रण, विपठन तथा विनिर्माण जस्ता प्रवृत्ति पाइने हुनाले उत्तर आधुनितावादी उपन्यास भएको बताएकी छन् । उनले यस उपन्यासमा संस्मरण, गीत, कविता, दैनिकी, लेख, समाचार, अनुभव आदि मिश्रण गरी परम्परागत औपन्यासिक मान्यतालाई भत्काइएको बताएकी छन् । यसका साथै उनले यस उपन्यासमा परम्परित उपन्यासमा विधाभञ्जन भई नवविधाका रूपमा आत्मसंस्मरणात्मक उपन्यासको सिर्जना भएको समेत बताएकी छन् । उनले यस उपन्यासमा नवीन सिद्धान्त र संरचनाको प्रयोग गरिनुका साथै लीलालेखनको प्रवृत्तिको समेत प्रयोग गरिएको चर्चा गरेकी छन् ।

खगेन्द्र शिवाकोटी (२०६०) ले 'कति आँखा पुछिरहनु' शीर्षकको लेखमा प्रस्तुत उपन्यासलाई प्रयोगात्मक उपन्यास भनेका छन् । उनले यस उपन्यासलाई नेपाली उपन्यासको सय वर्षको इतिहासमा एक आश्चर्यजनक उपलब्धि भन्दै उपन्यासभन्दा पनि आत्मसंस्मरण जस्तो लागेको बताएका छन् । उनले यस उपन्यासमा निम्न-मध्यमवर्गीय नेपाली समाजको नाङ्गो चित्रण पाइने बताएका छन् । उनले यस उपन्यासमा सामाजिक तथा पारिवारिक शोषणको विचित्र चित्रण गरिएको उल्लेख गरेका छन् ।

तारा बराल (२०६०) ले 'आधाबाटो' शीर्षकको लेखमा प्रस्तुत उपन्यासको मुख्य पात्र धराबासी लगायत सबै वास्तविक पात्रको प्रयोग गरिनु नवीन प्रवृत्ति भएको बताएका छन् । उनले यस कृतिमा साहित्य, राजनीति, सामाजिक वेदना, पत्रकारिता, विद्रोह तथा व्यथा समेटिएको उल्लेख गरेको पाइन्छ । उनले यस उपन्यासले समाजको विकृति र विसङ्गतिमाथि प्रहार गर्दै पुरुषले नारीलाई गर्ने शोषण र अत्याचारको प्रस्तुति गरेको बताएका छन् । उनले उपन्यासकारले आङ्नो

जीवनको यथार्थलाई इमान्दारीका साथ प्रस्तुत गरेको बताउँदै हाम्रो समाज, संस्कृति, धर्म एवम् हामीले बोकेर हिँडेको समग्र परिवेशलाई उपन्यासमा स्थान दिइएको बताएका छन् ।

दीपक ढकाल (२०५९) ले 'स्यान्डो, गञ्जी, पाइजामा र धराबासी' शीर्षकको लेखमा प्रस्तुत उपन्यासलाई नवीन प्राविधिक शैलीको उपन्यास भनेका छन् । उनले यस उपन्यासमा लेखकको आफ्नै कथा व्यथाको प्रस्तुति भएको बताएका छन् । उनले यस उपन्यासभित्र समाजका हरेक पक्षको चित्रण समान रूपमा गर्ने प्रयास गरिएको भन्दै विशेषतः धराबासी र उनको परिवारभित्रको दुःखलाई नाटकीय ढङ्गमा व्याख्या गरिएको बताएका छन् । उनले यस उपन्यासलाई दुःखको सागरका रूपमा र यसमा समाहित प्रत्येक घटनालाई आँशुका नदीका रूपमा चर्चा गरेका छन् । यसरी ढकालले यस उपन्यासमा नितान्त व्यक्तिगत जीवनीलाई नाटकीय ढङ्गले प्रस्तुत गरेर आफ्नो जीवन कहानीलाई उपन्यासका रूपमा स्थापित गर्न सक्नु धराबासीको साहित्यिक कलाकारिता भएको बताएका छन् ।

पुरुषोत्तम दाहाल (२०६२) ले 'कर्णको सोच, कृष्णको आधाबाटो र गोविन्दको सोह्र साँझहरू' भन्ने लेखमा प्रस्तुत उपन्यासलाई लीलालेखनको प्रयोगात्मक आत्मकथ्य भनेका छन् । उनले यस कृतिमा उल्लिखित धराबासीको जीवनका सम्पूर्ण उकाली-ओराली हेर्दा आफ्नै जीवनको विगतका पत्रहरू ओल्टाइपल्टाई गरे जस्तो लागेको बताएका छन् ।

मोहन दुवाल (२०६५) ले 'शरणार्थीका रूपमा झोला भिरेर आधाबाटोमा राधा नियालिरहेका कृष्ण धराबासी' शीर्षकको लेखमा **आधाबाटो** उपन्यासभित्र धराबासीलाई समग्र रूपमा देख्न र नियाल्न सकिने बताएका छन् ।

शिव रेग्मी 'प्रणत' (२०६१) ले 'आधाबाटोको पाठकीय परिवृत्ति' शीर्षकको लेखमा प्रस्तुत उपन्यास लीलालेखनलाई लेखन प्रयोगमा विकसित गर्ने वैचारिक दृष्टिकोणबाट अनुप्राणित भएको बताएका छन् । उनले यस उपन्यासमा लेखकको आफ्नो जीवनसँग सम्बद्ध एवम् असम्बद्ध ऐतिहासिक, सामाजिक र राजनीतिक घटनाहरूलाई विषयवस्तु बनाइएको उल्लेख गरेका छन् । उनले कृतिमा लेखकको व्यक्तिगत जीवनमा घटित यथार्थ घटनालाई आख्यानीकरण गरिएको उल्लेख गरेका छन् र वस्तुतथ्य नै भए पनि तथ्यको आख्यानीकरण गर्ने सन्दर्भमा काल्पनिक रसायन प्रयोग गरिएको समेत उल्लेख गरेका छन् । उनले यस उपन्यासमा जीवनवादी धारणा प्रस्तुत गर्दै व्यक्तिगत घटनाहरूलाई सार्वजनिक गर्ने लक्ष्य राखिनुका साथै लेखकको जीवनका भोगाइ, देखाइ र अनुभव गराइको समेत संयोजन गरिएको बताएका छन् । उनले आत्मवृत्तान्तलाई लेखकले उपन्यास भन्ने साहस गरेको पहिलो घटना भएको उल्लेख गर्दै यस उपन्यासलाई लेखकको साहित्यिक प्रोफाइल भनेका छन् । उनले विधागत मिश्रण गरिएको यस उपन्यासमा भाषिक विचलन, आलङ्कारिकता र समानान्तरता जस्ता कलात्मक सौन्दर्यको उपस्थिति रहेको बताएका छन् । यसका साथै उनले वर्ण र प्रतीकको प्रयोग गरिएको यस उपन्यासमा अतिनिम्न आर्थिक अवस्था भएका नेपालीहरूको मिहिन चित्रण भएको बताएका छन् ।

सुधिर केसी (२०६४) ले 'आधाबाटो : एक समीक्षा' शीर्षकको लेखमा प्रस्तुत उपन्यासको प्राविधिक र सैद्धान्तिक पक्षको चर्चा गरेका छन् । उनले यस कृतिलाई धराबासीको जीवनीमा केन्द्रित भएको बताउँदै लेखकले भोगेका अनुभूति र सम्झिएका कुराहरूको सङ्गालोका रूपमा चर्चा गरेका छन् । उनले लेखकले उपन्यास भनेको यो कृति उपन्यास नभएर धराबासीको आत्मवृत्तान्त भएको विचार

व्यक्त गरेका छन् । उनले सरल शैलीमा लेखिएको यस उपन्यास नेपाली साहित्यको सम्पत्ति भएको बताएका छन् । उनले यस कृतिलाई लीलालेखन र उत्तर आधुनिकतावादको घेराभित्र दौडाइएको बताएका छन् ।

ग) **राधा** उपन्याससँग सम्बन्धित पूर्वकार्य

**राधा** उपन्यासका सन्दर्भमा पुस्तक, पत्रपत्रिका एवम् शोधमा गरिएका उपन्यासकारितासँग सम्बन्धित अध्ययनलाई यहाँ वर्णानुक्रमका आधारमा प्रस्तुत गरिएको छ ।

कृष्ण गौतम (२०६७) ले **उत्तर आधुनिक संवाद** नामक कृतिमा **राधा** उपन्यासलाई प्रेमको उपन्यास भनेका छन् । उनले प्रस्तुत उपन्यासमा धराबासीले पूर्वआधुनिक घटनालाई आधुनिक व्याख्या दिएर उत्तर आधुनिक विस्तार गरेको बताएका छन् । उनले प्रस्तुत उपन्यास नारीको पक्षमा भएको र कृष्णमा पितृसत्तात्मक वर्चस्व भएको, राधा कृष्णको खेलौना बन्न नचाहने विद्रोही पात्र भएको उल्लेख गरेका छन् । यसरी गौतमले उत्तर आधुनिकतावादका सापेक्षमा **राधा** उपन्यासको विश्लेषण गरेको पाइन्छ ।

कृष्ण धराबासी (२०६७) ले **राधा** उपन्यासको लेखकीयमा 'नभनी नहुने कुरा' शीर्षक अन्तर्गत अघिल्लो उपन्यास **शरणार्थी**मा पूर्ण हुन नसकेको प्रेम र यौन विषयलाई पूर्णता दिन यो उपन्यास रचना गरेको उल्लेख गरेका छन् । उनले **शरणार्थी** उपन्यासमा जस्तै यस उपन्यासमा पूर्व रचनाहरूमा छाडिएका पात्रलाई लिइएको उदाहरणका रूपमा महाभारतमा किशोरावस्थामा नै छाडिएर पुराणहरूमा चर्चा नपाएकी तर पूर्वीय संस्कृतिमा महत्त्वपूर्ण स्थान पाएकी राधालाई प्रस्तुत गरेको उल्लेख गरेका छन् । उनले प्राचीन पुराणहरूमा घटनाहरूको पुनर्लेखन गरिए जस्तै यसमा पनि पूर्व घटनाहरूको पुनर्लेखन गरेको उल्लेख गरेका छन् । यसका साथै धराबासीले प्रेम, यौन र युद्धलाई नजिकैबाट हेर्न खोजिएको प्रस्तुत उपन्यासमा वर्तमान मानिसभित्र उत्पन्न हुने अनेक बिम्बहरूको प्रतिच्छाया रहेको बताएका छन् । पुराणमा हुने देवताहरूलाई साधारण मान्छेका रूपमा चित्रण गरिएको प्रस्तुत उपन्यासलाई उनले राधाको विषयमा लेखिएको पुराण भएको विचार प्रस्तुत गरेका छन् ।

खग्रास (२०६४) को **हिमालय टाइम्स**मा प्रकाशित 'प्रयोगवादी उपन्यास राधा' शीर्षकको लेखमा लीलालेखन, विनिर्माणवाद र नारीवादको प्रयोग गरिएको प्रस्तुत उपन्यासमा धराबासीले आफू बाँचेको धर्ती र समयलाई छोडेर कल्पना र अतीतलाई उपन्यासको विषयवस्तु बनाएको बताएका छन् । यसका साथै उपन्यासमा अतीतप्रतिको सन्देह, इतिहासभित्र पुनः प्रवेश, यथार्थ र कल्पनाको समिश्रण नवीन मानवीय संवेदनाको खोजी, स्थापित मान्यता विरुद्ध विद्रोहको भावना, विकेन्द्रीकरण, बहुलवादी चिन्तन, विनिर्माण, पुनःसंरचना, बहुआयामिक दृष्टिकोण आदि जस्ता विचारलाई आत्मसात् गरिएको कुरा समेत उल्लेख गरेका छन् ।

निलराम पौडेल (२०६८) ले 'राधा उपन्यासमा पात्रविधान' शीर्षकको शोधपत्रमा उपन्यासको सैद्धान्तिक पक्षको चर्चा गर्दै चरित्र विश्लेषणका आधारको निरूपण गरेका छन् । यसै आधारमा उनले **राधा** उपन्यासमा प्रयुक्त पात्रहरूको विश्लेषण गरेका छन् । यस क्रममा उनले **राधा** उपन्यासका पात्रहरूलाई प्रमुख, सहायक र गौण पात्र भनी वर्गीकरण गरेर विश्लेषण गरेका छन् । उनले प्रस्तुत उपन्यासका पात्रलाई मिथकीय परिवेशबाट टिपिएको हुनाले मिथकीय उपन्यासका

रूपमा चित्रित यस उपन्यासको कथालाई जीवन्तता दिन यसमा प्रयुक्त पात्रहरूको भूमिका अति महत्त्वपूर्ण साबित भएको बताएका छन् ।

बबिता बस्नेत (२०६३) को **घटना र विचार**मा प्रकाशित 'राधाको प्रेमपीडामा कृष्णको अनुभूति' शीर्षकको लेखमा कृष्ण धराबासीले पुरुष भएर पनि महिलाका पीडा, खुसी र मनोविज्ञान जस्ताको तस्तै प्रस्तुत गर्न सकेको कुरा बताएकी छन् । उनले यस उपन्यासमा उपन्यासकारले नारीपात्रहरूको बारेमा कल्पनाको हद र चरम संवेदनशीलताका बाबजुद घुमाइफिराइ कृष्णलाई पूर्णतः चोख्याएको बताएकी छन् ।

भवानी क्षेत्री (२०६३) को **जनसंसद्**मा प्रकाशित 'राधाका लेखकलाई केही प्रश्नहरू' शीर्षकको लेखमा धराबासीले आफू पुरुष भएका कारण नारीमाथि न्याय गर्न नसकेको बताएका छन् । कृष्ण स्त्रीलम्पट चारित्रिक कमजोरी भएको अनैतिक यौनपिपासु भएपनि समाजले तिरस्कार र घृणा गरेको नदेखाइ यस्ता मान्छेलाई पूजनीय, सम्मानयोग्य र आदरणीय बनाउनु भनेको पुरुषहरूको निम्ति कुनै आचारसंहिता नबनाउनु हो भन्ने कुरा बताएका छन् । नारी र पुरुषमा केही भिन्नता छ भने शारीरिक बनोटको र त्योभन्दा पर र फरक केही छैन भन्दै पुरुषले नारीले जस्तो प्रेममा त्याग गर्न नसक्ने तर आड्डनो प्रेमिका कसैको बनेको देखाउन पनि नसक्ने प्रवृत्तिलाई लेखकले स्थान दिएको कुरालाई समेत उल्लेख गरेका छन् ।

मिश्र वैजयन्ती (२०६३) को **सन्देश**मा प्रकाशित 'राधालाई चिठी' शीर्षकको लेखमा पत्रात्मक शैलीमा **राधा** उपन्यासको समीक्षा गरिएको छ । उनले राधाले कृष्णप्रति गरेको प्रेमलाई सम्मान गर्दै कृष्णलाई स्त्रीलम्पट, आडम्बरी, भ्रम र ढोँगपूर्ण मानेका छन् तर उनले यस उपन्यासमा प्रयुक्त नारीवादी प्रवृत्तिको अध्ययन गरेको देखिँदैन । उनकै **विवेचना**मा प्रकाशित 'राधा उपन्यासमा कथा र विधि' शीर्षकको लेखमा **राधा** उपन्यासमा उत्तर आधुनिकता, विनिर्माणवाद र लीलालेखनको सहजता बुभ्न सकिने बताएको पाइन्छ । यसका साथै प्रस्तुत उपन्यासमा उनले नारी पात्रका भित्री मनका अनेक संवेदनालाई मिहिन बुनिनु, नारी मनका संवेगहरू गहन बुभिनु, उमेर ढल्केका पात्रहरूले आड्डनै संवेगहरू अरू पात्रबाट धमाधम बहकिनु अति रोचक मानेको पाइन्छ ।

सुमन घिमिरे (२०६४) को **जनसंवाद**मा प्रकाशित 'धराबासीको राधा : सचेतन प्रेमको प्रतीक' शीर्षकको लेखमा धराबासीले राधाप्रति न्याय गरेको बताएका छन् । उनले प्रस्तुत उपन्यासमा राधा सांसारिक भोगबाट टाढा रहेर पनि शक्तिशाली देखिएकी र कृष्ण शक्तिको केन्द्रमा रहेर पनि निर्बल एवम् दयनीय देखिएको बताएका छन् । यस्तै धराबासीले **राधा** उपन्यासमा शारीरिक प्रेमभन्दा आत्मिक प्रेम माथि हुने कुराको उल्लेख गर्दै राधाले समाजको रुढिवादी स्वरूपलाई गतिलो भ्रापड हानेको बताएका छन् । घिमिरेले उपन्यासकारले समाज र जीवनप्रति साथै नारीप्रति सचेत दृष्टि राखेको बताएका छन् ।

हेमराज ज्ञवाली (२०६६) को **नागरिक**मा प्रकाशित 'रोचक उपन्यास' शीर्षकको लेखमा **राधा** उपन्यासको कथावस्तुलाई सारमा प्रस्तुत गरेका छन् । उनले धराबासीले बडो रोचक ढङ्गबाट यस उपन्यासको प्रस्तुति गरेको समेत बताएका छन् । उनले कथावस्तु, विवेचना र प्रस्तुतिका कोणबाट **राधा** उपन्यासलाई हेरेको पाइन्छ ।

घ) **तपाईं** उपन्याससँग सम्बन्धित पूर्वकार्य

**तपाईं** उपन्यासका सन्दर्भमा पुस्तक, पत्रपत्रिका एवम् शोधमा गरिएका अध्ययनलाई यहाँ वर्णानुक्रमका आधारमा प्रस्तुत गरिएको छ ।

कृष्ण धराबासी (२०६३) ले **तपाईं** उपन्यासको 'नायकको खोजी' नामक लेखमा परम्परागत नाटक तथा उपन्यासमा प्रयोग गरिने नायकीय भूमिका अहिले प्रधानता पाउन छाडेको कुराको चर्चा गर्दै प्रस्तुत उपन्यासमा पनि नायकीय बहुलताको स्थिति रहेको उल्लेख गरेका छन् । उनले यस उपन्यासमा झण्डै सय पेजसम्म नायककै खोजीमा कथा अलमलिएको र नायक होला भनेर सोचेको पात्र त्यत्तिकै हराएर सोच्दै नसोचेको पात्र नायकका रूपमा देखा पर्ने प्रवृत्ति रहेको चर्चा गरेका छन् । यसका साथै उनले यस उपन्यासको विषयवस्तु समसामयिक राजनीतिक गतिविधिबाट समेत प्रभावित भएको बताएका छन् ।

जीवा लामिछाने (२०६३) ले **तपाईं** उपन्यासको भूमिकामा प्रस्तुत उपन्यासमा धराबासीले नारी पात्रमाथि सद्भाव र सहानुभूति व्यक्त गरेको बताएका छन् । उनले यस उपन्यासमा माओवादी विद्रोहीप्रति न्याय गरिएको बताएका छन् । यसका साथै उनले प्रस्तुत उपन्यासमा माओवादीभित्र पनि मानवीय संवेदना, भावना, चेतना, दया, माया, करुणा भाव, बुद्धिमान र तार्किक कुराहरू गर्न सक्ने व्यक्तिहरू छन् भन्ने कुरालाई विप्लव र संझनाका माध्यमबाट प्रस्तुत गरेको कुरा उल्लेख गरेका छन् ।

विष्णु प्रसाद पौडेल (२०६८) को **समष्टि** पत्रिकामा प्रकाशित 'कृष्ण धराबासीको टुँडाल उपन्यासका महत्त्वपूर्ण पक्षहरू' शीर्षकको लेखमा तपाईं उपन्यासलाई लेखक र पाठकका बीचको औपचारिक दुरी भत्काउँदै द्वितीय पुरुषमा उपन्यास कथ्ने प्रयत्न वा नवशिल्प सन्धानकै यत्न भनेका छन् ।

ङ) **टुँडाल** उपन्याससँग सम्बन्धित पूर्वकार्य

**टुँडाल** उपन्यासका सन्दर्भमा पुस्तक, पत्रपत्रिका एवम् शोधमा गरिएका अध्ययनलाई यहाँ वर्णानुक्रमका आधारमा प्रस्तुत गरिएको छ ।

अम्बिका कडरिया (२०६६) को **अर्जुनधारा**मा प्रकाशित 'टुँडालभित्र छिर्दा' शीर्षकको लेखमा प्रस्तुत उपन्यासकी प्रमुख पात्र सुस्मिताको चारित्रिक विशेषतालाई केलाएको पाइन्छ । उनले यस उपन्यासमा प्रयोग गरिएका शर्माजी, रविन, श्याम सर, सत्या, अमर भाइ, प्रवीण एवम् उमा जस्ता पात्रको आँशिक रूपमा चर्चा गरेको देखिन्छ । उनको यस लेखमा सुस्मितालाई पुरुष पात्रले हेर्ने दृष्टिकोण र गर्ने व्यवहारका बारेमा समेत उल्लेख गरिएको छ ।

कृष्ण धराबासी (२०६६) ले **टुँडाल** उपन्यासको भूमिकामा आफूले यस उपन्यास लेख्न प्रारम्भ गर्दाको वास्तविकतालाई उल्लेख गरेका छन् । उनले प्रस्तुत उपन्यास लेखनका क्रममा आफूले पढेका विभिन्न पुस्तकहरूको उल्लेख गर्दै अबको लेखन सन्दर्भ सांस्कृतिक मनोविज्ञान हुनुपर्ने विचारका साथ यो उपन्यास सिर्जना गरेको बताएका छन् । उनले यस उपन्यासमा नेपाली कला र संस्कृतिमा झल्किँदै आएको यौनबिम्बलाई विषयवस्तु बनाएको बताएका छन् । यसका साथै उनले

यो कृति लेखेर ठूलो कुरा गर्न नसके पनि सुतेका जमदग्निलाई ब्यूँझाउने प्रयत्न मात्र गर्न खोजिएको कुरा उल्लेख गरेका छन् ।

छविरमण सिलवाल (२०६६) ले **प्रतिदिन**मा प्रकाशित 'टुँडाललाई नजिकबाट हेर्दा' शीर्षकको लेखमा प्रस्तुत उपन्यास महिला यौन मनोविज्ञानमा आधारित रहेको कुरा बताएका छन् । यस्तै उनले महिलालाई पुरानो सामाजिक संरचना परिवर्तन हुनु पर्ने धारणासँगै प्रस्तुत उपन्यासले महिलाको आत्मविश्वास बढाउने प्रयत्न समेत गरेको कुरा व्यक्त गरेका छन् । उनले एकल महिलाहरूप्रतिको सामाजिक धारणामा परिवर्तन हुनुपर्ने एवम् मानव जीवनमा महिला र पुरुषबीचको सहकारिताको आवश्यकतालाई समेत उपन्यासमा प्रश्रय दिएको कुरा प्रकट गरेका छन् ।

प्रशान्त गोर्खाली (२०६६) ले **जनमञ्च**मा प्रकाशित 'टुँडाल एउटा सुन्दर उत्खनन' शीर्षकको लेखमा **टुँडाल** उपन्यासलाई सुन्दर कालीगढीको अपूर्ण नमुना भनेका छन् । यस लेखमा उनले प्रस्तुत उपन्यास प्रयोग गरिएको नारीवादी प्रवृत्तिलाई उल्लेख नगरे पनि लेखकको आन्तरिक जीवनको चर्चा गरेको पाइन्छ ।

राम प्रसाद ढुंगेल (२०६६) ले **मेची टाइम्स**मा प्रकाशित 'तपाईंले टुँडाल पढ्नु भयो ?' शीर्षकको लेखमा संस्कृति जस्तो अरूचिकर विषयलाई कलात्मक ढङ्गले धराबासीले उपन्यासमा प्रस्तुत गरेका छन् भन्ने कुरा उल्लेख गरेका छन् । उनले धराबासीले मन्दिरमा कोरिएका टुँडाललाई केन्द्रविन्दु बनाएर भक्तपुरको साँस्कृतिक जीवनको चर्चा गर्दै यौनमनोवैज्ञानिक पक्षलाई सुरुचिपूर्ण कथाले लेपन गरेर पठनीय, जानकारीमूलक, ऐतिहासिक कृतिको जन्म दिएको बताएका छन् ।

रोशन थापा नीरव (२०६६) ले **विमोचन**मा प्रकाशित '२०६५ सालका केही नेपाली उपन्यास' शीर्षकको लेखमा टुँडालले नेपाली साँस्कृतिक चेतनालाई एकफेर सम्झाउने र झस्काउने गरी नेपाली मठमन्दिरका दलिनमा रहने गरेका यौनजनित कलालाई विषय बनाई चित्रण गरेको बताएका छन् ।

शारदा पराजुली (२०६६) ले **मिर्मिरे**मा प्रकाशित 'टुँडाल उपन्यासमा नारी उपेक्षा' शीर्षकको लेखमा अन्य पक्ष राम्रो लागे पनि नारीका बारेमा लेखकको दृष्टिकोण पढेपछि आफैं होचिएर सानी पुड्की भएको अनुभव गरेको बताएकी छन् । यस लेखमा उनले उपन्यास चारित्रिक रूपमा नारी प्रधान भए पनि वैचारिक रूपमा पुरुष प्रधान भएको बताएकी छन् । उनले लेखकले नारीलाई अनैतिक क्रियाकलापको बोझिलो भारी बोकाएर स्वअस्तित्व भएका नारीलाई भोग्याका रूपमा चित्रण गरेकी छन् । यस लेखमा उनले नारीलाई दोषी र पुरुषलाई निर्दोष तुल्याउँदै धराबासीले **टुँडाल** उपन्यास लेखेको गुनासो समेत गरेकी छन् ।

च) **पाण्डुलिपि** उपन्याससँग सम्बन्धित पूर्वकार्य

**पाण्डुलिपि** उपन्यासका सन्दर्भमा गरिएका अध्ययनलाई यहाँ वर्णानुक्रमका आधारमा प्रस्तुत गरिएको छ ।

अक्षर क्रियसन (२०६९) ले 'प्रकाशकीय' शीर्षकमा **पाण्डुलिपि** उपन्यासभित्र लेखकले देखेका र भोगेका सुखद एवम् कारुणिक क्षणहरूबाट सुन्दर आख्यान सिर्जना गरेको बताएको छ । यसका

साथै यसले प्रस्तुत उपन्यासभित्र सिर्जित आख्यान मानवजीवनका घटना-परिघटनाहरूको भँगालो बनेर एउटा वियोगान्त कथानक बन्दै बगेको एवम् आफ्नो कृतिभित्र पात्र आफैँ बनेका लेखकको जीवनकथाले उपन्यासको स्वरूप लिएको बताएको छ ।

कृष्ण धराबासी (२०६९) ले 'भूमिका' शीर्षकको लेखमा जीवन नै एक उपन्यास भएको भन्नुका साथै आफूले लेखेको प्रस्तुत पुस्तकलाई पाण्डुलिपि शीर्षक दिएको बताएका छन् । उनले प्रस्तुत कृतिलाई नियतिको कलमद्वारा समयको कागजमाथि कोरिएको कथाको पाण्डुलिपि र आफूचाहिँ लेखकको अभीष्टको सहयात्री नायक भएको बताएका छन् ।

**ङ) निष्कर्ष**

उपर्युक्त पूर्वकार्यहरूको अध्ययन गर्दा नारीवादसँग सम्बन्धित पूर्वकार्यभन्दा उपन्यासकारितासँग सम्बन्धित पूर्वकार्य बढी देखिन्छ । उपन्यासकारितासँग सम्बन्धित पूर्वकार्यको अध्ययनले प्रस्तुत शोधलाई नवीन र मौलिक ठहऱ्याएको छ भने नारीवादसँग सम्बन्धित पूर्वकार्यले ती अध्ययनलाई अझ पुर्नपुष्टि गर्न र थप प्रवृत्तिको अध्ययनका लागि मार्गनिर्देश गरेको छ । उपर्युक्त अध्ययनलाई आधार मान्दा धराबासीका **शरणार्थी र पाण्डुलिपि** बाहेक अन्य उपन्यासहरूको नारीवादी सन्दर्भमा संक्षिप्त चर्चा भएको देखिन्छ । तीमध्ये कल्पना पौडेल, संगीता जी.सी., गोमा रिजाल, रमेश चन्द्र अधिकारीले नारीवादकै केन्द्रीयतामा रहेर शोधकार्य गरेको देखिन्छ । ती शोधकार्यहरू एउटा उपन्यास विशेषमा आधारित हुनुका साथै नारीचेतनाको विश्लेषणको क्रममा उत्तर आधुनिकतावादी नारीवादी चेतनाभन्दा नारी चरित्रचित्रणमा केन्द्रित रहेको देखिन्छ । त्यसै गरी भवनाथ घिमिरे, कमला तिम्सिना र शारदा भट्टले धराबासीको एक-एक वटा उपन्यासमा आधारित रहेर कृतिपरक अध्ययन गर्ने क्रममा उपन्यासकारको प्रवृत्ति अन्तर्गत नारीवादी प्रवृत्तिको संक्षिप्त चर्चा गरेका छन् । यी बाहेकका अन्य लेखहरू फुटकर रूपमा पत्रपत्रिकामा प्रकाशित लेखहरूमात्र हुन् । ती लेखहरूमा धराबासीका उपन्यासहरूमा प्रयुक्त नारीवादी चेतनाको सामान्य उल्लेख मात्र गरिएको पाइन्छ । तसर्थ यी पूर्वकार्यहरूको समीक्षाबाट धराबासीका समग्र उपन्यासमा प्रस्तुत नारीवादी प्रवृत्तिको विस्तृत विश्लेषण हुन बाँकी रहेको स्पष्ट देखिन्छ । यस सन्दर्भमा प्रस्तुत शोध नवीन एवम् मौलिक प्रवृत्तिको बन्ने देखिन्छ । यसका साथै यस शीर्षकमा विस्तृत शोधमूलक अध्ययन नभएको अवस्थामा प्रस्तुत शोध गरिनु व्यावहारिक एवम् प्राज्ञिक दृष्टिले समेत उपयोगी देखिन्छ ।

## १.५ औचित्य, महत्त्व र उपयोगिता

कृष्ण धराबासीका सम्पूर्ण उपन्यासहरूको नारीवादी दृष्टिले अध्ययन हुन बाँकी रहेको तथ्य उपर्युक्त पूर्वकार्यको समीक्षाले पुष्टि गरेको छ । उनका उपन्यासहरूका सन्दर्भमा गरिएका विभिन्न अध्ययनहरूले प्रस्तुत शोध शीर्षकमा आधारित अध्ययनको अभाव मेटाउन नसकेको स्थितिमा यो अध्ययन अत्यन्त नवीन एवम् मौलिक हुनुका साथै प्राज्ञिक समेत भएको देखिन्छ । धराबासीका उपन्यासहरूका सन्दर्भमा गरिएका यी विविध पूर्वकार्यहरूले यी उपन्यासहरूले ल्याएको नवीनता, वैचारिक धरातल र शक्तिका बारेमा संक्षिप्त चर्चा गरेको भए पनि यी उपन्यासहरूमा प्रयुक्त नारीवादी प्रवृत्तिमा केन्द्रित भएर विस्तृत अध्ययन नभएको निष्कर्ष निकालेको छ । कतिपय उपन्यासमा आधारित भएर गरिएको नारीवादी अध्ययन पनि विस्तृत र गहन हुन नसकेको स्थितिमा यसको अभाव मेटाउनु नै यस अध्ययनको औचित्य र महत्त्व बनेको छ । यस्तै विद्यार्थी,

शोधार्थी एवम् जिज्ञासु पाठक र प्राज्ञिक वर्गलाई यो निकै उपयोगी हुने छ । यसका साथै नारीवाद र यसका आधारमा कृतिको विश्लेषणका सम्बन्धमा उठ्ने प्राज्ञिक जिज्ञासाको यसबाट सीमित रूपमै भए पनि समाधान मिल्ने छ । यस्तै वस्तुपरक एवम् वैज्ञानिक अनुसन्धान प्रक्रियालाई एक कदम अघि बढाउनमा सहयोग पुऱ्याउने भएकाले प्रस्तुत अध्ययनको औचित्य, महत्त्व एवम् उपयोगिता स्पष्ट देखिन्छ ।

## १.६ क्षेत्र र सीमा

धराबासीका हालसम्म प्रकाशित उपन्यासहरूलाई विश्लेषण गर्नका लागि नारीवादको सैद्धान्तिक स्थापनालाई अवलम्बन गरिएको छ । यस क्रममा नारीवादका विविध आधारभूत स्थापनाहरूमध्ये नारी स्वतन्त्रता एवम् समानता, नारी शोषणप्रतिको विद्रोह र नारीलाई हेर्ने दृष्टिकोण जस्ता प्रवृत्तिगत आधारमा मात्र प्रस्तुत शोधमा समाविष्ट उपन्यासहरूको विश्लेषण केन्द्रित रहेको छ तर नारीवादकै समलैङ्गिकता, भाषिक प्रयोग, उत्तर औपनिवेशिकता, उत्तर संरचनावादी प्रयोग, वर्गीयता जस्ता अन्य प्रवृत्तिलाई विश्लेषणका आधार बनाइएको छैन । यही नै यस शोधको क्षेत्र एवम् सीमा हो ।

## १.७ शोधविधि

यस अन्तर्गत शोधकार्यका क्रममा सामग्री सङ्लन गर्दा प्रयोग गरिने विधि एवम् विश्लेषण विधि र विश्लेषण ढाँचालाई अलग अलग शीर्षकमा प्रस्तुत गरिएको छ ।

### १.७.१ सामग्री सङ्कलन विधि

अध्ययनको मूल समस्यामा केन्द्रित भई उक्त समस्यासँग सम्बन्धित तथ्य वा सामग्रीको सङ्कलन पुस्तकालयीय कार्यबाट गरिएको छ । समस्याको समाधानमा पुग्नका लागि गरिएको प्रायोगिक कार्यका लागि आवश्यक सामग्रीको सङ्कलन पनि विश्लेष्य उपन्यासहरूको पठनबाट गरिएको छ । यस क्रममा धराबासीका **शरणार्थी, आधाबाटो, तपाईं**, **राधा**, **टुँडाल** र **पाण्डुलिपि** उपन्यासका साथै नारीवादी सिद्धान्त एवम् प्रस्तुत उपन्यासहरूका सन्दर्भमा गरिएका विभिन्न अध्ययनहरूलाई शोध सामग्रीका रूपमा लिइएको छ ।

### १.७.२ विश्लेषण विधि र विश्लेषण ढाँचा

प्रस्तुत शोधका क्रममा अवलम्बन गरिएको विश्लेषण विधि र विश्लेषण ढाँचालाई निम्नानुसार प्रस्तुत गरिएको छ :

क) विश्लेषण विधि

प्रस्तुत शोध कार्य नारीवादी प्रवृत्तिका आधारमा धराबासीका उपन्यासहरूको अध्ययनसँग सम्बन्धित भएकाले स्वविषयक बन्न पुगेको छ । यस शोधमा नारीवादका सैद्धान्तिक स्थापनाका आधारमा निर्धारित उपन्यासको विश्लेषण गरिएको छ यसर्थ यस अध्ययनको विश्लेषणका क्रममा निगमनात्मक विधिको प्रयोग गरिएको छ । यसका साथै यस शोधमा धराबासीका उपन्यासहरूको

छनोट गर्ने क्रममा उनका हालसम्म प्रकाशित सम्पूर्ण उपन्यासहरूलाई सामग्रीका रूपमा छनोट गरिएको भएकोले सामग्री सङ्कलनको समग्र छनोट विधिको प्रयोग गरिएको छ ।

ख) विश्लेषण ढाँचा

प्रस्तुत अध्ययनको विश्लेषणका लागि नारीवादका आधारभूत स्थापनाहरूलाई आधार मानेर यस किसिमको विश्लेषण ढाँचाको निर्माण गर्न सकिन्छ :

समस्या क का लागि विश्लेषण ढाँचा

- नारी स्वतन्त्रता र समानताका आधारमा धराबासीका उपन्यासहरूको विश्लेषण
  - सामाजिक स्वतन्त्रता र समानता
  - धार्मिक स्वतन्त्रता र समानता
  - राजनीतिक स्वतन्त्रता र समानता
  - आर्थिक स्वतन्त्रता र समानता
  - सांस्कृतिक स्वतन्त्रता र समानता
  - लैङ्गिक स्वतन्त्रता र समानता
  - पेसागत स्वतन्त्रता र समानता
  - पारिवारिक स्वतन्त्रता र समानता
  - यौन स्वतन्त्रता र समानता

समस्या ख का लागि विश्लेषण ढाँचा

- धराबासीका उपन्यासहरूमा नारी शोषणप्रतिको विद्रोहको अध्ययन
  - पितृसत्ताले गरेको शोषणप्रतिको विद्रोह
  - लैङ्गिक शोषणप्रतिको विद्रोह
  - पारिवारिक शोषणप्रतिको विद्रोह
  - सामाजिक शोषणप्रतिको विद्रोह
  - धार्मिक तथा सांस्कृतिक शोषणप्रतिको विद्रोह
  - यौन शोषणप्रतिको विद्रोह
  - राजनीतिक शोषणप्रतिको विद्रोह
  - पेसागत शोषणप्रतिको विद्रोह

समस्या ग का लागि विश्लेषण ढाँचा

- धराबासीका उपन्यासहरूमा नारीलाई हेर्ने दृष्टिकोणको अध्ययन
  - नारीको नारीप्रतिको दृष्टिकोण
  - नारीको पुरुषप्रतिको दृष्टिकोण
  - पुरुषको नारीप्रतिको दृष्टिकोण
  - लेखकको नारीप्रतिको दृष्टिकोण

### १.८ शोधकार्यको रूपरेखा

प्रस्तुत शोधको प्रबन्धात्मक रूपरेखा यस प्रकार रहेको छ–

१ पहिलो परिच्छेद : शोध परिचय (यस परिच्छेदमा शोधकार्यका लागि प्रस्तुत शोध प्रस्ताव परिवर्तन र परिमार्जन गरी राखिएको छ, जसले समष्टि शोध पत्रको स्वरूपको बोध गराएको छ ।

२ दोस्रो परिच्छेद : नारीवादको सैद्धान्तिक पर्याधार (यस परिच्छेदमा नारीवादको व्युत्पत्ति र अर्थ, नारीवाद सम्बन्धी परिभाषा, नारीवादको पृष्ठभूमि र प्रवर्तन, नारीवादको परिभाषा, नारीवादी समालोचनाको प्रवर्तन र विकास, नारीवादी समालोचनाका प्रकार र मान्यता एवम् उपन्यास विश्लेषण ढाँचालाई प्रस्तुत गरिएको छ ।)

३ तेस्रो परिच्छेद : धराबासीका उपन्यासमा नारी स्वतन्त्रता र समानता (यस परिच्छेदमा सामाजिक स्वतन्त्रता र समानता, धार्मिक तथा सांस्कृतिक स्वतन्त्रता र समानता, राजनीतिक स्वतन्त्रता र समानता, आर्थिक स्वतन्त्रता र समानता, लैङ्गिक स्वतन्त्रता र समानता, पेसागत स्वतन्त्रता र समानता, पारिवारिक स्वतन्त्रता र समानता तथा यौन स्वतन्त्रता र समानताका आधारमा धराबासीका उपन्यासहरूको विश्लेषण गरिएको छ ।)

४ चौथो परिच्छेद : धराबासीका उपन्यासमा नारी शोषणप्रतिको विद्रोह (यस परिच्छेदमा पितृसत्ताले गरेको शोषणप्रतिको विद्रोह, लैङ्गिक शोषणप्रतिको विद्रोह, पारिवारिक शोषणप्रतिको विद्रोह, सामाजिक शोषणप्रतिको विद्रोह, धार्मिक तथा सांस्कृतिक शोषणप्रतिको विद्रोह, यौन शोषणप्रतिको विद्रोह, राजनीतिक शोषणप्रतिको विद्रोह र पेसागत शोषणप्रतिको विद्रोहका आधारमा धराबासीका उपन्यासको विश्लेषण गरिएको छ ।)

५ पाँचौँ परिच्छेद : धराबासीका उपन्यासमा नारीलाई हेर्ने दृष्टिकोण (यस परिच्छेदमा नारीको नारीप्रतिको दृष्टिकोण, नारीको पुरुषप्रतिको दृष्टिकोण, पुरुषको नारीप्रतिको दृष्टिकोण र लेखकको नारीप्रतिको दृष्टिकोणका आधारमा धराबासीका उपन्यासको विश्लेषण गरिएको छ ।)

६ छैटौँ परिच्छेद : सारांश तथा निष्कर्ष (यस परिच्छेदमा शोधकार्यको समष्टि निचोड प्रस्तुत गरिएको छ ।)

माथि उल्लेख गरिएका परिच्छेदलाई आवश्यकता अनुसार विभिन्न शीर्षक तथा उपशीर्षकमा विभाजन गरिएको छ । प्रस्तुत शोधकार्यका क्रममा प्रयोग गरिएका विभिन्न पुस्तक, ग्रन्थ, पत्रपत्रिका, अप्रकाशित शोध पत्र आदि सामग्रीहरूलाई सन्दर्भ सामग्री खण्ड अन्तर्गत वर्णानुक्रममा सूचीबद्ध गरिएको छ ।

## परिच्छेद : दुई

# नारीवादको सैद्धान्तिक पर्याधार

### २.१ विषय परिचय

प्रस्तुत शोधको खास विषय क्षेत्र नारीवादी दृष्टिबाट धराबासीका उपन्यासहरूको अध्ययन गर्नु हो । नारीवादको सैद्धान्तिक पर्याधार वा मान्यताको प्रतिपादन आवश्यक छ । त्यस कारण यस परिच्छेदमा शोधको सैद्धान्तिक आधारका रूपमा नारीवादको स्थापना गरिएको छ ।

### २.२ नारीवाद : व्युत्पत्ति र अर्थ

अङ्ग्रेजीको 'फेमिनिज्म' शब्दको नेपाली रूपान्तर नारीवाद हो । 'फेमिनिज्म' नाम शब्द 'फेमिनिन' विशेषण शब्द र 'इज्म' प्रत्ययको मेलबाट बनेको छ । 'फेमिनिन' शब्दको अर्थ 'स्विटेवल फर वेमिन' अर्थात् 'नारीसुलभता' हो भने 'इज्म'को अर्थ 'थ्यौरी' अर्थात् 'सिद्धान्त' हो (डिक्सनरी डट कम, २०६८) । यसर्थ फेमिनिज्म शब्दको अर्थ नारीसँग सम्बन्धित सिद्धान्त वा अवधारणा भन्ने हुन्छ । यसले पुरुष सरह नारी अधिकार र अवसरको खोजी गर्दै यसको सुरक्षाप्रति प्रतिबद्धता जनाउँछ (माइक्रोसफ्ट इन्कार्टा, सन् २००७) । यसरी फेमिनिज्मको अर्थ हरेक पक्षबाट नारीको पक्षधरतामा आधारित नारीवादी अवधारणा भन्ने हुन्छ ।

नेपालीमा 'नारी' नाम शब्दमा 'वाद' प्रत्यय लागेर 'नारीवाद' तत्सम नाम शब्दको व्युत्पत्ति भएको पाइन्छ । 'नारी' शब्दको व्युत्पत्ति 'नर' शब्दमा 'ई' प्रत्ययको मेलबाट हुन्छ । 'नर' को अर्थ पुरुष हो भने 'नारी' को अर्थ स्त्री अर्थात् महिला हो । 'वाद' शब्द 'वद्' धातुमा 'घञ्' प्रत्यय मिलेर बनेको शब्द हो जसले कुनै निश्चित सिद्धान्तलाई बुझाउँछ (आप्टे, सन् १९६६ : ९१६) । यसर्थ नारीवाद शब्दको अर्थ स्त्रीका सन्दर्भमा बनाइएको अवधारणा वा सिद्धान्त भन्ने हुन्छ अर्थात् नारीवाद नारीमाथि हुने असमानताको विरोध र समानताको पक्षधर सिद्धान्त हो ।

शब्द प्रयोगका हिसाबले हेर्ने हो भने नारीवाद भन्ने शब्द सर्वप्रथम फ्रान्समा सन् १८७१ मा एउटा पुरुषको स्वास्थ्य परीक्षण सम्बन्धी विवरणमा उल्लेख भएको थियो । त्यसको लगत्तै अर्को वर्ष सन् १८७२ मा अलेक्जेन्डर दुमास नामका नारीवाद विरोधी लेखकले एउटा राजनीतिक पर्चामा उक्त शब्दको प्रयोग गरे । यीमध्ये नारीवाद भन्ने शब्द अघिल्लोमा पुरुषमा नारी शरीरका विशेषता देखिने क्रममा र पछिल्लोमा नारीका स्वभावमा पौरुष प्रवृत्ति देखिएका सन्दर्भमा प्रयोग भएको पाइन्छ । नारीवाद शब्दको प्रथम प्रयोगमा अलमल देखिएको छ र आज यस शब्दले जुन अर्थ वहन गरेको छ त्यो अर्थ भने त्यस शब्दले त्यस बेला प्राप्त गरेको थिएन । यो शब्द प्रयोगको प्रारम्भको अर्थगत विभ्रमको परिणामले गर्दा सन् १९७० को दशकका प्रारम्भका वर्षहरूसम्म पनि नारीवादी आन्दोलनमा सक्रिय रहेका महिलाहरूले समेत आफूलाई नारीवादी भन्दैनथे । अङ्ग्रेजी भाषामा भने नारीवाद भन्ने शब्द सन् १८९० मा स्थापित पितृसत्तात्मक विचारलाई भत्काउने, लैङ्गिक समानतामा विश्वास गर्ने र परिवर्तनशील समाजबाट लैङ्गिक दमन हटाउने भन्ने अर्थमा प्रयोग भएको देखिन्छ (सेल्डन र अन्य, सन् २००५ : १२५) । यस्तै नेपालीमा भने नारीवादलाई जनाउने पर्यायवाची शब्दका रूपमा स्त्रीवाद, महिलावादको पनि प्रयोग गरिएको पाइन्छ ।

प्राचीन समयमा नारीवादले दिने अर्थ जे जस्तो भए पनि वर्तमान समयमा भने नारीलाई पुरुष सरह हक हित दिलाएर समानता कायम गर्नका लागि नारीका पक्षमा निर्माण गरिएको सिद्धान्तलाई नै नारीवाद भन्न सकिन्छ । यसरी नारीवाद सामाजिक, आर्थिक, राजनीतिक, सांस्कृतिक आदि हरेक क्षेत्रमा असमानताको अन्त्य खोज्दै देखा परेको त्यस्तो सिद्धान्त हो जसले हर तरहले नारीकै पक्षमा वकालत गर्दछ ।

## २.३ नारीवादको पृष्ठभूमि र प्रवर्तन

मानव सभ्यता विकसित हुने क्रममा विभिन्न खुट्किलाहरू पार गर्दै वर्तमान समयसम्म आइ पुगेको छ । मानवजातिको सामाजिक विकासको प्रक्रियामा गोत्रबाट कविला र वर्गको विकाससँगै मानव समुदाय विभिन्न रूपमा विभाजित हुँदै आएको छ । यस प्रक्रियामा मानिसद्वारा मानिसमाथि हुने विविध प्रकारका शोषण र उत्पीडन देखा परेको पाइन्छ । यसर्थ पितृसत्तात्मक कबिलातन्त्रीय समाजमा पुरुष समूहद्वारा महिला समूहमाथि उत्पीडनको प्रक्रिया सुरु भएको देखिन्छ (वैद्य, २०६७ : ३१८) । आदिम गोत्र समुदाय मातृसत्तात्मक थियो जुन समयमा शोषण र उत्पीडन नभएर स्वतन्त्रता र समानता थियो तर प्राचीन समयमा भन्दा वर्तमान समयमा मानिसको विचार, व्यवहार, क्रियाकलापहरूमा समेत परिवर्तन भइसकेको छ (वैद्य, २०६७ : ३१८) । ज्ञान विज्ञान र प्रविधिको विकासले मानवीय क्रियाकलापमा प्रत्यक्ष प्रभाव पारेको छ । यस कारण मानिसले आफूलाई सचेत प्राणीका रूपमा दाबी गरिरहेको छ । चेतनाले गरेको वैज्ञानिक विकासको क्रममा मानिस सफल हुँदै गए पनि मानवभित्रै हुने गरेका कतिपय विभेदजन्य स्थितिलाई भने निर्मूल पार्न सकेको देखिँदैन । प्रकृतिले मानव समाज विकासका लागि निर्माण गरेको अपरिहार्य दुई पाटा महिला र पुरुषबीच सहकार्य र सहअस्तित्वको खाँचो भए पनि त्यसको बेवास्ता गरिएको विभेदजन्य क्रियाकलापमा भने प्राचीन समयदेखि नै सुधार हुन सकेको छैन । पूर्व र पश्चिम दुबै मुलुकमा सभ्यताको सुरुवातमा देवीका रूपमा पूजा गरिँदै आएको महिलामाथि दमन, शोषण र अत्याचारको शृङ्खला दिनानुदिन बढ्दै गएको पाइन्छ । नारीहरू आधारभूत आवश्यकता, चाहना र समस्यामा पर्नुमा जातीयता, लैङ्गिकता, सामाजिकआर्थिक वर्गीयता, शैक्षिक स्थिति, धार्मिकता र राष्ट्रियता मुख्य कारक बनेको देखिन्छ । यी कारकहरूले महिलामाथि हुने दमनमा पृथकता ल्याउने भए पनि सबै महिलाहरूमाथि पितृसत्तात्मक दमन मुख्य विषय नै बनेको छ (टाइसन, सन् १९५० : १०५) । यसरी दमन गर्ने प्रवृत्ति अलग अलग भए पनि अधिकांश महिलाहरू स्वतन्त्र भएर बस्न नपाएको यस किसिमको परिस्थितिको विरुद्धमा नारीमा आएको चेतनाले गर्दा नारीवादको जन्म हुन पुगेको देखिन्छ ।

नारीवादको प्रारम्भ हुनुभन्दा अगिको समयलाई हेर्दा असाधारण शक्ति र बौद्धिक क्षमता भएका अधिकांश महिलाहरूको उपस्थिति इतिहासमा देखिन्छ । त्यस समयका नारीहरू रानी, युद्ध लडाकु, साधु, बोक्सी, वैज्ञानिक, कवि, कलाकार आदिका रूपमा असाधारण प्रतिभा बोकेका देखिन्छन् जुन इतिहासका तारिफयोग्य नारी थिए । तर यी नारीहरूले एकजुट भएर नारी दमनका विरुद्धमा उल्लेखनीय प्रभाव पार्न सकेको देखिँदैन । नारीहरू सचेत रूपमा संगठित भएर प्रशस्त प्रभाव बढाउँदै दमित र आश्रित अवस्थालाई सुधार गर्दै गएर धेरै शताब्दीपछि मात्र नारीवादको सूत्रपात गरे । विश्वका महिलाहरू सामाजिक अधिकार नपाएको अवस्थामा अर्थात् समाज विकासको सामन्तवादी युगसम्म कम सचेत थिए । यसको मूल कारक धर्म, कानुन र सामाजिक विधानहरू थिए जसबाट उनीहरू उत्पीडनमा परेका थिए । सामन्ती युगमा पुरुष महिलाले एउटै काम गरे पनि ज्याला फरक थियो । परिवारमा पुरुष पैसा कमाउने र महिला गृहिणीको काम गर्ने प्रचलन

थियो । सामन्तवादले समाजमा मानिसलाई केही सुरक्षा दिए पनि अप्राकृतिक पीडा दिएको थियो । औद्योगिकीकरणको विकासले नवपुँजीपतिको जन्म दियो भने भूमिहीन श्रमिक र सहरिया मध्यम वर्गको पनि जन्म दियो । यस समयमा सुरु भएको नयाँ सुरक्षा व्यवस्थाले स्वतन्त्रताको नयाँ तिर्खा जगायो जसको प्रभाव स्वरूप मानिसमा जनचेतना जागृत हुन पुगी अठारौँ शताब्दीको मध्यतिर ज्ञानोदय अर्थात् पुनर्जागरणको युग सुरु भयो (हिस्टोरी अफ फेमिनिज्म, २०६९) । अन्तर्राष्ट्रिय स्तरमा नै विद्वत् वर्गले अत्याचारी शासन र सामन्ती समाजको विरोधको प्रारम्भ गरे । यस क्रममा राजाको दैवी अधिकारको विरोध गर्दै मानवीय अधिकारका पक्षमा आवाज उठाइयो । यसका साथै सामन्तवादले निर्माण गरेको सोपानक्रमको विरोध गरियो । यस्तै यस समयमा महिलाहरू पनि पुरुषले गर्ने घरेलु हिंसा र असमान व्यवहारप्रति प्रश्न गर्न थाले । जिन ज्याक रुसोले सामाजिक अन्यायको विरोध गरे । मानवतावादी दर्शनका प्रवर्त्तक समेत मानिने रुसोले महिलाले शिक्षा मात्र होइन, उनीहरूको प्रत्येक अस्तित्वको त्यो हदसम्म महत्त्व राख्दछन्, जुन हदसम्म तिनीहरूले पुरुषलाई लाभ पुऱ्याउँछन् भनेका छन् (एपिग्नान्सी, सन् १९९९ : ११) । यसरी इतिहासलाई हेर्ने हो भने रुसो जस्ता कुनै एक दार्शनिकले मात्र होइन विभिन्न धर्म, दर्शन, साहित्य, चालचलन आदिले महिलालाई अवहेलना गरेको तथ्य वर्तमानमा समेत अवलोकन गर्न सकिन्छ ।

मनुदेखि अरस्तुसम्म, हिन्दू धर्मदेखि क्रिस्चियन धर्मसम्म, मानवतावादी रुसो मात्र नभएर साहित्यकार बाल्जाक सम्मका विचारमा महिलामाथि न्यायपूर्ण दृष्टिकोण रहेको त्यति पाइँदैन । हिन्दू धर्ममा मनुले नारीलाई स्वतन्त्रता दिन नहुने कुरा बताएका छन् भने तुलसी रामायणमा नारीलाई ढोल, मूर्ख, शुद्र र पशुसँग तुलना गर्दै प्रताडनाको अधिकारीका रूपमा प्रस्तुत गरिएको छ । इसाई धर्मले हौवा (आदिम स्त्री) का कारणले सिङ्गो संसार विपदमा फसेको बताएको छ । चीनको कन्फ्युसियस धर्मले पनि महिलाहरू जीवनमा तिन वटा पुरुष (पिता, पति र पुत्र) का अधीनमा बस्नुपर्ने कुरा बताएको छ (त्रिपाठी, २०६७ : १६) । प्लेटोले दार्शनिक विमर्श र बौद्धिक चिन्तन मानवसुलभ कार्यमध्ये सर्वोत्तम हो तर दास र नारीबाट यी कुरालाई टाढै राख्नुपर्छ भनेका थिए । अरिस्टोटलले नारीलाई पदार्थ र पुरुषलाई गतिको संज्ञा दिएका छन् । यसका साथै उनले विशेष योग्यता अर्थात् गुणका कमीले गर्दा नारी नारी भएकी हो भन्ने अभिव्यक्ति दिएका छन् । एस. टी. थोमस एक्वीनाले नारी असक्षम मानिस हो भन्ने कुरामा विश्वास गरेको पाइन्छ (फेमिनिस्ट क्रिटिसिज्म, २०६८ : २) । पाइथागोरसले पुरुषलाई व्यवस्था र प्रकाशसित तुलना गरेका छन् भने नारीलाई अव्यवस्था र अन्धकारसित तुलना गरेका छन् । समाजशास्त्री अगस्ट कोम्टेले पुरुष र नारीमा आधारभूत अन्तर भएको कुरा बताउँदै शारीरिक, मानसिक, नैतिक वा कुनै पनि प्रकारले नारीको पुरुषसित समानता नभएको कुरा बताएका छन् । फ्रान्सका प्रसिद्ध उपन्यासकार बाल्जाकले पुरुषको दिलको धड्कन बढाउनेबाहेक अन्य कुनै रूपमा नारीको महत्त्वलाई स्वीकार गरेनन् । उनले नारीलाई जड सम्पत्ति बताउँदै त्यसलाई मनोमानी प्रकारले हाँक्न पुरुषले स्त्रीलाई कडा नियन्त्रणमा राख्नुपर्ने अनि अशिक्षित र सम्भव भएसम्म कुरूप पारेर राख्नुपर्ने कुरामा जोड दिएको पाइन्छ (त्रिपाठी, २०६७ : १७) ।

बौद्धिक वर्ग लगायत धर्म, संस्कृतिले मात्र होइन राजनीतिक हिसाबले समेत महिलाहरूलाई मतदानमा भाग लिन नपाउने व्यवस्था गरी ओझेलमा पारिएको थियो । यसको विरोधमा युरोप र अमेरिकामा राजनीतिक स्वतन्त्रता र मतदान सम्बन्धी अधिकारको माग गर्दै यसप्रति सचेत नारीहरूले गरेको नारीमुक्ति आन्दोलन नै वर्तमान नारीवादी आन्दोलन हो । यसर्थ नारीवादको

विकासका क्रममा अमेरिका, युरोप र एसियामा देखा परेका नारी जागरण र नारीमुक्ति आन्दोलनलाई यसरी प्रस्तुत गर्न सकिन्छ :

### २.३.१. अमेरिकामा नारी जागरण र नारीमुक्ति आन्दोलन

महिलाहरूमाथि हुने गरेको श्रमशोषणको विरोधमा संयुक्त राज्य अमेरिकामा महिलाहरूले राजनीतिक, आर्थिक एवम् सामाजिक समानता प्राप्तिका निम्ति सङ्घर्ष गरेको देखिन्छ । औद्योगिक एवम् वैज्ञानिक विकासले महिलामा चेतनाको विकास हुँदै गएपछि आफूमाथि हुने गरेका विभेदका सन्दर्भमा सचेत भएर महिलाहरूले स्वतन्त्रता र समानताका पक्षमा सचेत हुन थाले । यस क्रममा न्युयोर्कको **सेनेका फल्स** नामक सानो सहरमा सन् १८४८ मा भएको महिला अधिकार सम्बन्धी सम्मेलनलाई प्रथम अमेरिकी विशिष्ट साङ्गठनिक सङ्घर्षको कोसेढुङ्गाका रूपमा लिने गरिन्छ (द सफ्रेज मुभमेन्ट, २०६९ : वेभ) । यस आन्दोलनमा एलिजावेथ केडी स्ट्यान्टन, लुक्रेसिया मोट आदि महिलाहरू सम्मिलित भएर महिलामाथि हुने गरेका कानुनी, आर्थिक र सामाजिक विभेदको अन्त्यका लागि एउटा सूची नै पारित गरेको पाइन्छ । यसका साथै यसले राजनीतिक क्षेत्रमा समान मताधिकारको माग, आर्थिक क्षेत्रमा सम्पत्तिको अधिकार, पारिवारिक सवालमा मातृत्वको हक र व्यक्तिगत स्वतन्त्रताको रूपमा परिवारको चयन, विवाह एवम् विच्छेद जस्ता कुरामा समेत व्यापक छलफल गरी घोषणा पत्र प्रकाशित गरेको पाइन्छ (प्रभात, २०५३ : ११६) । यसपछि न्यूयोर्कको रोचेस्टरमा बसेको महिला बैठकले अझै बढी क्रान्तिकारी प्रस्तावहरू तयार गऱ्यो । यी प्रस्तावहरू त्यति बेला निकै विवादास्पद बनेका थिए । यी दुबै सामग्रीले त्यस बेलाका महिलामाथि लादिएका नैतिक बन्धनका साथै पारपाचुके र अपराधिक कानुनप्रतिको विरोध तथा शिक्षाप्राप्ति, चर्चमा सहभागिताको आकाङ्क्षा, स्वास्थ्य, कानुन एवम् राजनीतिक क्षेत्रमा प्रवेश गरेर व्यक्तित्व विकास गर्न पाउने नारीवर्गीय अभिलाषालाई समेटेका थिए ।

औद्योगिक क्षेत्रमा मात्र नभएर संस्थागत रूपमा संगठित भएर पनि अमेरिकी महिलाहरूले आन्दोलन अगाडि बढाएको पाइन्छ । यस क्रममा **द नेसनल उमन सफ्रेज एसोसिएसन** र **द अमेरिकन उमन सफ्रेज एसोसिएसन** जस्ता संस्थाको उल्लेखनीय भूमिका रहेको पाइन्छ जसको स्थापना सन् १८६९ मा भयो । यस्तै **द उमन्स क्रिस्चियन टेम्परेन्स युनियन** नामक संस्थाको पनि अमेरिकी महिला आन्दोलनलाई अगि बढाउनमा महत्त्वपूर्ण भूमिका रहेको पाइन्छ जसले मद्यपान हटाउने कुरामाथि विशेष जोड दिएको थियो (हिस्टोरी अफ वमन सफ्रेज, सन् २००९ : वेभ) । सन् १८९० मा **द नेसनल उमन सफ्रेज एसोसिएसन** र **द अमेरिकन उमन सफ्रेज एसोसिएसन** नामक दुई वटा महिला सङ्गठनहरू गाभिएर एउटै बन्यो र त्यसको नाम **नेसनल अमेरिकन उमन सफ्रेज एसोसिएसन** भयो । यस सङ्गठनले प्रत्येक वर्ष संसद्मा महिला हकअधिकारका विषयहरूको उल्लेख गर्दै मताधिकारको मागपत्र प्रस्तुत गर्ने कामलाई निरन्तरता दिएको हुनाले अमेरिकी महिलाहरूको आन्दोलनमा यसको महत्त्वपूर्ण स्थान रहेको देखिन्छ (हिस्टोरी अफ वमन सफ्रेज, सन् २००९ : वेभ) ।

अमेरिकाको न्युयोर्क र सिकागो सहरमा श्रमिक महिलाहरूले गरेको शान्तिपूर्ण प्रदर्शन बढ्दै जान थालेपछि सन् १९२० को अगस्ट २६ का दिन अमेरिकी संविधानको १९ औँ संशोधनद्वारा महिलाहरूलाई मताधिकार दिन अमेरिकी संसद् बाध्य भयो (तुम्बाहाङफे, २०६६ : १३) । यसै क्रममा नागरिक आन्दोलनका साउदर्न क्रिस्चियन लिडरसिप काउन्सिल, द कङ्ग्रेस अफ रेसियल इक्वालिटी र द स्टुडेन्ट ननभायोलेन्ट कोअर्डिनेटिङ कमिटी जस्ता सङ्गठनको स्थापना भइराखेको

थियो । सन् सत्तरीको दशकको मध्यतिर सक्रिय महिलाहरूको यस्ता स्थानीय समूहका क्रियाकलापले नारीवादी महिलाहरूको स्वास्थ्य हेरचाह केन्द्र, युद्धपीडित महिलाको पुनः स्थापना, नारीवादी महिलाहरूको पुस्तक सङ्कलन केन्द्र स्थापना गर्ने क्रममा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको देखिन्छ । सन् १८९० देखि नै महिलाका थुप्रै राष्ट्रिय सङ्गठनहरू बनेका थिए । सन् १९२० पछि तीमध्येका केही सङ्गठन महिला अधिकारका पक्षमा राजनीतिक किसिमले सक्रिय भए । नेसनल लिग अफ उमन भोटर्स, नेसनल फेडरेसन अफ बिजिनेस एन्ड प्रोफेसनल उमन्स क्लब्स, नेसनल काउन्सिल अफ नेग्रो उमन जस्ता समूहहरूले लामो समयदेखि नै कानुनी क्षेत्रमा महिलाको हैसियत वृद्धिका निम्ति प्रयत्न गर्दै आएका थिए (हिस्टोरी अफ वमन सफ्रेज, सन् २००९ : वेभ) । यी समूहहरूले सामाजिक आन्दोलनमा आधारित सम्भाव्य नेतृत्व त प्रदान गरे तर तिनलाई काम गर्नका निम्ति अरूले घचघच्याउनुपर्ने आवश्यकता भने थियो । यसरी सन् १८४८ मा सम्पन्न सेनेका फल्स सम्मेलनले अगाडि सारेको महिलाको मताधिकार प्राप्तिका निम्ति पौने शताब्दी कुर्नुपऱ्यो । महिला अधिकारवादी आन्दोलनको विकासका दृष्टिले सन् १९७० देखि ८२ सम्मको अवधि महत्त्वपूर्ण रह्यो तर यस अवधिका प्रमुख प्रयत्नहरू भने राजनीतिक अधिकार प्राप्तिका सम्बन्धमा सम्झौता गर्नैमा केन्द्रित रहे । सन् १९८५ मा एनिली नामक समूह अस्तित्वमा आयो जसले निर्वाचनमा सहभागी हुने महिलाका लागि आर्थिक सहयोग गऱ्यो र सन् १९९२ को निर्वाचनमा यसले महिला उम्मेदवारलाई राम्रैसँग सघायो । सन् १९८९ र १९९० को एउटा घटनाले आन्दोलनबाहिर रहेका महिलालाई पनि आन्दोलित हुन प्रेरित गऱ्यो । अनिता हिल नामकी महिलाले क्लारेन थोमसका विरुद्ध दर्ता गरेको यौन दुर्व्यवहार सम्बन्धी सुनुवाइमा न्याय पाइनन् र न्यायपालिकामा रहेको पुरुष वर्चस्व नै त्यसो हुनुको कारण थियो । यही कारणले महिलाहरू संसद्मा महिलाको उपस्थिति बाक्लो बनाउन प्रतिबद्ध बन्न पुगे । लाखौं डलर सङ्कलित भयो र महिला उम्मेदवारका निम्ति मत सुरक्षित बन्यो (त्रिपाठी, २०६७ : २३) ।

अमेरिकामा उग्र नारीवादी प्रवृत्तिका नारीवादीहरूले महिलाको स्वास्थ्य, परिवार नियोजनका साधनको प्रयोग, शिक्षा र व्यक्तित्व निर्माण जस्ता क्षेत्रमा नारी अधिकारको माग सहित आन्दोलन गरे । उनीहरूले नग्न तस्विरहरूको प्रदर्शन, वेश्यावृत्ति, यौन दुर्व्यवहार, बलात्कार, महिलामाथिको कुटपिट, खुट्टा बाँध्ने प्रथा, सतीप्रथा, पर्दाप्रथा, भगाङ्कुर काटेर फाल्ने प्रथाको विरोध गरे । यसका साथै उनीहरूले बोक्सीको आरोपमा जलाउने तथा प्रसूति स्वास्थ्य विज्ञान जस्ता माध्यमहरूबाट पुरुषहरूले आफ्नो आनन्दका लागि महिलाहरूको यौनिकतामाथि नियन्त्रण जमाएका कुराहरूलाई ठोस उदाहरणका रूपमा प्रस्तुत गर्दै त्यसको समेत विरोध गरे (तुम्बाहाङ्फे, २०६६ : १६) ।

यसरी अमेरिकी महिला आन्दोलन मताधिकार लगायत महिलाका आर्थिक, सामाजिक, सांस्कृतिक आदि विविध भूमिकामा समानताको प्राप्तिका लागि सांगठनिक प्रक्रियाद्वारा शान्तिपूर्ण विद्रोह गर्दै कतिपय हक प्राप्त गर्न सफल भयो । यसले हालसम्म पनि नारी अधिकारका लागि विभिन्न धारमा विभाजित भएर सङ्घर्ष गरिरहेको देखिन्छ ।

### २.३.२ युरोपमा नारी जागरण र नारीमुक्ति आन्दोलन

पुँजीवादी समाज व्यवस्थासँगै युरोपमा भएको औद्योगिक क्रान्तिले नारीलाई जागरुक बनाउनमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको पाइन्छ । औद्योगिक कारखानामा श्रमिकका रूपमा काम गर्ने महिलालाई न्यून ज्याला दिइनु तथा श्रमिक सङ्गठनमा पुरुष सहकर्मीद्वारा प्रवेशमा रोक लगाइनु एवम् कारखानाको मालिकले श्रमशोषण गर्नु र मजदुरहरूले महिलालाई गृहस्थीकर्ममा सीमित हुन उत्प्रेरित गर्नु जस्ता क्रियाकलापले नारीमा जागरण आउँदै गएको पाइन्छ । युरोपमा फ्रान्सेली क्रान्तिसँगसँगै सङ्गठित महिला आन्दोलनको प्रारम्भ भएको देखिन्छ । यस क्रममा उमन्स रिभोल्युसनरी क्लब्स नामक महिला सङ्गठनलाई युरोपकै इतिहासमा पहिलो महिला संस्थाका रूपमा लिने गरिन्छ । नारी हक अधिकारका लागि जागरुक महिलाहरूको पहिलो पत्रिकाको प्रकाशन पनि फ्रान्समा नै भयो ।

प्लेटोको गणराज्य एथेन्समा आत्मनिर्भर व्यक्ति नागरिक हुने भएकाले पुरुष मात्र नागरिक ठान्ने प्रचलन थियो । परनिर्भर व्यक्ति तथा विवाहित वा विवाह गर्न लागेका महिलाहरू आत्मनिर्भर नमानिने हुँदा नागरिक समेत मानिँदैनथे । यतिमात्र नभएर ग्रिक दर्शन र रोमन कानुन दुबैले महिलाहरू मानसिक रूपमा कमजोर हुन्छन् भन्ने कारण देखाइ उनीहरूलाई राजनीतिबाट अलग्याउनुका अतिरिक्त वैधानिक अवसरहरू पनि सीमित गरेर दोस्रो दर्जाका नागरिक मानेको पाइन्छ । नागरिकता र मताधिकार सम्बन्धी विषयलाई लिएर युरोपमा महिलाहरूले गरेको आन्दोलनले सफलता पाएपछि उनीहरूले आफूलाई नागरिकका रूपमा स्थापित गरे । यस अभियानमा लागेकी ओलम्पी दी गाउजेसले **डिक्लेरेसन अफ द राइट्स अफ द म्यान एन्ड द सिटिजन**को नमुनामा 'महिलाहरू र महिला नागरिकहरूको अधिकारहरूको घोषणा' तयार गरी त्यसलाई सन् १७९१ मा राष्ट्रिय सभामा प्रस्तुत गरेकी थिइन् जसमा महिलामाथिको पुरुषको शासनको विरोध गर्दै महिला एवम् पुरुषका बिचमा पूर्ण सामाजिक र राजनीतिक समानताको माग गरिएको थियो (फेमिनिज्म, सन् २००९ : इन्साइक्लोपिडिया) । सन् १७९२ मा बेलायतकी महिला मेरी उल्स्टनक्राफ्टले **अ भिन्डिकेसन अफ द राइट अफ उमन** भन्ने पुस्तकमा ओलम्पी दी गाउजेसका दस्तावेजका कुराहरूलाई परिष्कृत र विस्तृत रूपमा प्रस्तुत गरिन् (उल्स्टनक्राफ्ट, २०६९ : इन्साइक्लोपिडिया) । यसले १९ औं शताब्दीको नारीवादी आन्दोलनका लागि आधारशिला तयार पार्नुका साथै महिलाहरूलाई मताधिकार एवम् पारपाचुके गर्न सहज बनाइदिएर सम्पत्ति राख्ने अधिकार पनि दियो । महिलाहरूले युरोप र अमेरिकामा मात्र नभएर विश्वमै मताधिकारको बहसका अतिरिक्त शिक्षा, सम्पत्तिमाथिको अधिकार, समान विवाह र पारपाचुके कानुन, महिला कामदारहरूको सुरक्षा जस्ता विषयमा आवाज उठाउनु सान्दर्भिक थियो तर त्यस्ता समस्यालाई देशका आवश्यकता अनुसार प्राथमिकता प्रदान गरिन्थ्यो । यस क्रममा जातीय, वर्गीय, आर्थिक, लैङ्गिक, राजनीतिक, मताधिकार आदि पक्षलाई देशको आवश्यकताका आधारमा स्थान दिइन्थ्यो ।

सन् १८४८ मा फ्रान्समा फेरि महिला क्लबहरूको गठन भयो । जर्मनी र अस्ट्रियामा पनि राजनीतिक अधिकार प्राप्तिका निम्ति महिलाहरूको युनियनको गठन भयो । सन् १८४८ मा अमेरिकाको न्युयोर्कमा भएको महिलाहरूको सेनेका फल्स सम्मेलनको प्रभाव युरोपभरि फैलियो र त्यहाँ महिला आन्दोलन नयाँ गतिमा क्रियाशील बन्यो (फेमिनिज्म इन फ्रान्स, २०६८ : विकिपिडिया) । महिला मुक्ति आन्दोलनलाई ठोस धरातल प्रदान गर्ने काम मार्क्सवादीहरूले गरेको देखिन्छ । मार्क्सको **पुँजी** भन्ने पुस्तकमा महिलाका पराधीनताको विरोध गर्दै त्यसबाट मुक्तिको मार्ग पनि देखाइएको थियो भने एङ्गेल्सको **परिवार, निजी सम्पत्ति र राज्यको उत्पत्ति** भन्ने

पुस्तकले अझै विस्तारमा गएर मातृसत्ता, पितृसत्ताको आगमन, महिलाको दासत्व र परिवारको उत्पत्ति जस्ता सन्दर्भहरूको ऐतिहासिक भौतिकवादी दृष्टिले व्याख्या-विश्लेषण एवम् समाजमा वर्गीयताको अन्त्य नभई महिला मुक्ति सम्भव नहुने कुराको खुलासा गर्दै महिला मुक्ति आन्दोलनलाई वर्गीय मुक्ति आन्दोलनसँग जोड्ने काम गरिएको पाइन्छ (एङ्गेल्स, सन् १९७२) । महिलाहरूका प्रश्नमा मार्क्सवादी दृष्टिकोणलाई जोडेर व्याख्या गर्ने तथा वैज्ञानिक समाजवादका सिद्धान्तमा आधारित बेग्लै किसिमको सर्वहारा नारी आन्दोलन अगाडि बढाउने क्रममा सन् १८७९ मा प्रकाशित अगस्ट बेबेलको **उमन एन्ड सोसियलिजम** भन्ने पुस्तकको योगदान महत्त्वपूर्ण छ (कात्यायनी, सन् १९९२ : १६) । युरोपीय दार्शनिक प्रुधों र उनका चेलाहरू समाजोपयोगी कामहरूमा महिलाको सहभागिताको विरोध गर्दथे । उनीहरू महिलाको प्रमुख जिम्मेवारी परिवार र केटाकेटीको स्याहारसुसार हो भन्दथे । यस्तै मार्क्स, एङ्गेल्स, लेनिन, स्टालिन, माओहरूले महिलाको पूर्ण मुक्तिविना सर्वहारा वर्गको पूर्ण मुक्ति सम्भव छैन भन्दै महिला मुक्तिलाई जोड दिएको पाइन्छ ।

युरोपका महिलाका कानुनी हैसियतमा १९ औं शताब्दीको उत्तरार्द्धमा र बिसौं शताब्दीको प्रारम्भिक दशकहरूमा उत्साहजनक सुधारहरू भए । बेलायत र फ्रान्समा महिलाको कार्यावधि घटाइनुका साथै त्यहाँका महिलालाई मताधिकार पनि प्राप्त भयो । न्युजिल्यान्ड सन् १८९३, फिनल्यान्ड सन् १९०६ मा र स्विजरल्यान्ड बाहेकका थुप्रै युरोपीय देशहरूले प्रथम विश्वयुद्धपछि अर्थात् सन् १९३० देखि १९४० का बिचमा सो अधिकार प्राप्त गरे । सन् १९१७ को ८ मार्चका दिन महिलाहरूले रूसमा जारशाहीका विरुद्ध विशाल प्रदर्शन गरे । जारशाही ढलेपछि उनीहरूको राजनीतिक एवम् आर्थिक अधिकार सुनिश्चित भयो (कात्यायनी, सन् १९९२ : २६) । यसरी युरोपका महिलाहरूले सचेततापूर्वक गरेको आन्दोलनले मताधिकार लगायत विविध क्षेत्रमा अधिकार सुनिश्चित गराउन सफल भएको देखिन्छ । यस बाहेक नारी समानता र स्वतन्त्रताका अन्य पक्षमा भएका विभेदको अन्त्यका लागि अझै पनि युरोपका महिलाहरू उत्तिकै जागरुक भएर लागि परेको देखिन्छ ।

### २.३.३ एसियामा नारी जागरण र नारीमुक्ति आन्दोलन

विश्वका महिलाहरू स्वतन्त्रता र समानताको निम्ति लडिरहेको अवस्थामा एसियाली मुलुकका महिला पनि यसतर्फ अग्रसर भएको पाइन्छ । तर यिनीहरू राजनीतिक क्षेत्रमा अगाडि रहे पनि महिलामाथि थोपरिएका शोषण, असमानता, दमन एवम् अत्याचारबाट भने मुक्त भएको पाईंदैन । विश्वमा नै पहिलो महिला प्रधानमन्त्री एसियामा भएको सन्दर्भले एसियाली महिलाहरू राजनीतिक क्षेत्रमा धेरै अगाडिदेखि सक्रिय रहेको तथ्य प्रमाणित हुन्छ । अस्ट्रेलिया, न्युजिल्यान्ड जस्ता देशमा अन्य देशका तुलनामा महिलाहरूको स्तर माथि उठेको पाइन्छ ।

विश्वयुद्धपछि पूर्वी एसियाका जापान र कोरियाका महिलाहरूको सङ्घर्ष उत्साहवर्धक रहेको पाइन्छ । पहिलो र दोस्रो विश्वयुद्धको नरसंहारकारी कार्यको विरोध गर्दै शान्तिको पक्षमा जापानी महिलाहरूले प्रदर्शन गरेका थिए । जापानी सेनाले श्वेत आतङ्कको विरोधमा तत्कालीन जापानी सरकारलाई दबावसमेत दिएको देखिन्छ । जापानी महिलाले सेनाले कोरियाली महिलामाथि गरेको बलात्कार, हत्याको कडा आलोचना गर्नुका साथै विरोध समेत जनाएको पाइन्छ । जापानको विकासमा महिलाहरूको महत्त्वपूर्ण योगदान भए पनि त्यहाँका महिलाहरूले अझै पनि पार्टटाइम कामको सिकार बन्नु परेको देखिन्छ । उनीहरूमा मातृत्वको सुरक्षाको समस्याका साथै रोजगारीको

असुरक्षा पनि कायमै छ । कानुन र संविधानले महिलामाथि भेदभाव नगरेको भए पनि त्यसको व्यावहारिक प्रयोग हुन सकेको देखिँदैन (तुम्बाहाङ्फे, २०६६ : १८) ।

सन् १९८७ मा दक्षिण कोरियामा भएको आन्दोलन क्याङ्गजु हत्याकान्डमा त्यहाँको निरङ्कुश सरकारले बुलडोजरले पेलेर हजारौँ संख्यामा मजदुर, महिला र विद्यार्थीहरूलाई मारेको थियो । अमेरिकी साम्राज्यवादी सैनिक अखडा हटाउन उत्तर र दक्षिण कोरिया एकीकरणको माग गर्दै गरिएको आन्दोलनमा कैयौँ महिला मारिए, जेल परे, यातना सहे मात्र होइन आत्मदाह समेत गरेका थिए (तुम्बाहाङ्फे, २०६६ : १८) । फिलिपिन्स र भियतनाममा पनि अमेरिकी साम्राज्यवादी सैनिकहरूले असङ्ख्य महिलामाथि पाशविक अन्याय, अत्याचार, लुटपाट, हत्या, बलात्कार गरेको पाइन्छ । फिलिपिन्सका महिलाहरूले राजनीतिक परिवर्तन र प्रजातन्त्र प्राप्तिको लागि सशस्त्र क्रान्तिको कमान्डर समेत बनी क्रान्ति गरे पनि त्यहाँको महिलाको समस्या अझै सुल्झि सकेको पाइँदैन ।

नेपाल, भारत, बङ्लादेश, पाकिस्तान, श्रीलङ्का जस्ता कृषिमा निर्भर मुलुकमा महिलाहरू श्रममूलक काममा संलग्न रहे पनि कामको उचित मूल्याङ्कन भएको पाइँदैन । यसर्थ ती महिलाहरू आर्थिक, सामाजिक, राजनैतिक आदि क्षेत्रमा पुरुषको तुलनामा पछाडि परेको देखिन्छ । धेरैजसो एसियाली मुलुकहरूमा सम्बन्ध विच्छेद, पैतृक सम्पत्तिमा समान हक, कमैया प्रथा, बुर्का प्रथा आदिमा महिलाको हकहितका लागि उचित कदम चालिएको पाइँदैन (फेमिनिज्म, २०६९ : माइक्रोसफ्ट इन्कार्टा) ।

भारतीय महिलाहरूले आफ्नो अस्तित्वको खोजीमा सन् १७८५ मा सन्यासी विद्रोहदेखि आन्दोलनको प्रारम्भ गरेको पाइन्छ । नारी शिक्षाको आवश्यकता र धार्मिक अन्धविश्वासको विरोधमा भारतीय महिलाहरूले आन्दोलन गरेका थिए । अङ्ग्रेजी साम्राज्यवादी उपनिवेशबाट मुक्त हुन गरेको भारत छोड आन्दोलनमा लाखौँ महिलाहरूले भाग लिएका थिए । भारतीय महिलाहरूले विभिन्न संघ संगठनमा आबद्ध भएर महिलामाथि भएका हिंसा, हत्या, अपमान, दमन, बलात्कार, आर्थिक विषमता, राजनीतिक अपराधीकरण, असमानता आदिको विरोध गर्दै आएको पाइन्छ । यतिमात्र नभएर पिउने पानीको समस्या, खाद्यान्नको अभाव, मूल्यवृद्धि, यौन उत्पीडन आदि क्षेत्रमा पनि उनीहरूले आवाज उठाएका थिए (प्रभात, २०५३ : १०९) । तर उनीहरू यस्ता दमनजन्य गतिविधिबाट आजसम्म मुक्त हुन सकिरहेका छैनन् । भारतीय महिलाहरूले आफूले सहनु परेको दमन पश्चिमी मुलुकको भन्दा फरक भएको मान्यता राखेको पाइन्छ । उनीहरूले आफ्नो लडाइँले पुरुषको विरोध नगरेर पुरुषको सहयोग एवम् निर्देशन गर्दै काँधमा काँध मिलाउँदै अगि बढेको बताएका छन् ।

चिनियाँ महिला आन्दोलन मार्क्सवादद्वारा प्रदर्शित समाजवादी महिला आन्दोलनको विश्वव्यापी प्रभावसँगै हुर्केको मानिन्छ । चिनियाँ महिलाहरू बलात्कार, हत्या, दासीका रूपमा किनबेच हुने जस्ता समस्याबाट पीडित थिए । नयाँ चिनको स्थापनासँगै सन् १९४९ मा स्थापित ‘अखिल चिन महिला सङ्घ’ ले महिलाका विविध अधिकार र शिक्षा क्षेत्रलाई जोड दियो । चिनमा लागू गरिएको समाजवादी कानुनले सबै विभेदलाई समाप्त गर्‍यो । यस्तै चिनले घरधन्दालाई सामाजीकरण गर्ने, ढिलो विवाहलाई जोड दिने, अन्तरजातीय विवाहलाई संरक्षण दिने जस्ता कामलाई प्राथमिकता दियो (तुम्बाहाङ्फे, २०६६ : १९) ।

नेपालका महिलामा राजनीतिक जागरण लिच्छविकालदेखि नै भए पनि सामाजिक जागरण भने २० औं शताब्दीको उत्तरार्धकी योगमायाबाट मात्र प्रारम्भ भएको देखिन्छ । नेपालमा नारी जागरण देखिनुमा एसियाकै भारत, चीन आदि मुलुक र पाश्चात्य मुलुकको प्रभाव स्पष्ट रूपमा परेको छ । नेपालमा नारीवादको विकास राजनीतिक, सामाजिक र शैक्षिक क्षेत्रमा भइसकेपछि मात्र बौद्धिक, सांस्कृतिक र साहित्यिक फाँटमा भएको हो । खासगरी नेपालको साहित्यिक फाँटमा यसको प्रवेश २०४० को दशकको उत्तरार्द्धमा आइपुगेपछि मात्र हुन सकेको देखिन्छ । महिला-अध्ययन, समाजशास्त्र विषयको पठनपाठन, विश्वविद्यालयको अङ्ग्रेजी र नेपाली विषयको पठनपाठन अन्तर्गत नारीवाद सम्बन्धी पाठ्यांशको समावेश, अङ्ग्रेजी पुस्तकको आयात, गैरसरकारी संस्थाहरूको सक्रियता आदिले पनि नेपालमा नारीवादको विकास गर्न मद्दत पुऱ्याएको पाइन्छ (त्रिपाठी, २०६७ : १७२) । यसरी एसियाली मुलुकका महिलाहरूले आआफ्नो क्षेत्रबाट महिला आन्दोलनलाई अगाडि बढाइरहेको पाइन्छ । यस क्रममा महिला समानताको नारालाई उनीहरूले अग्रपङ्क्तिमा राखेको पाइन्छ । यसका साथै घरेलु हिंसा, बलात्कार, आर्थिक राजनीतिक समानता जस्ता समस्याको समाधानका प्रयासमा कदम चालेका पाइन्छ ।

नारीवाद पाश्चात्य जगत्मा राजनीतिबाट सुरु भएको राजनीतिक क्रान्ति भए पनि पछिल्लो समयमा यसले साहित्य, संस्कृति, दर्शन, समाजशास्त्र, धर्म आदिमा क्षेत्र विस्तार गर्दै पूर्वी जगत्मा समेत प्रभाव पार्न सफल भएको पाइन्छ । मताधिकार, श्रमको उचित मूल्य, नागरिकता जस्ता विषयलाई केन्द्रविन्दु बनाएर महिलाहरूले आफ्नो अधिकारका लागि सुरुवात गरेको नारी आन्दोलन त्यसको प्राप्तिपछि पनि रोकिएको छैन बरु क्षेत्रगत सीमितताबाट बृहत् बन्दै गएको छ । वर्तमान सन्दर्भमा पाश्चात्य जगत्मा मात्र नभएर त्यसैको प्रेरणा र प्रभाव पूर्वीय जगत्मा पनि व्यापक बन्दै गएको देखिन्छ । यस कारण परम्परागत मागभन्दा अझ सूक्ष्म किसिमको माग राख्दै अघि बढेको नारीवादले लैङ्गिकताको आधारमा गरिने विभेद, लैङ्गिकताभित्र पनि जातीय, वर्गीय आधारमा गरिने विभेद लगायत सामाजिक, सांस्कृतिक, धार्मिक, भाषिक आदि पक्षमा नारी स्वतन्त्रताको प्राप्तिका लागि आन्दोलनलाई निरन्तरता दिइरहेको छ । यस किसिमको नारी समानता र स्वतन्त्रताको माग पश्चिममा मात्र नभएर पूर्वतिर फैलने क्रममा एसियामा पनि त्यसको स्वर प्रतिध्वनित भइरहेको पाइन्छ जसमा अमेरिका र युरोपका नारीहरूले उठाएको आवाजको प्रेरणा एवम् प्रभाव स्पष्ट पाउन सकिन्छ । एसियामा रहेका विभिन्न धार्मिक तथा पौराणिक ग्रन्थमा देवी र देवतालाई समान स्थान दिइएको देखिन्छ । तर यी कृतिहरूमा उल्लिखित नारी समानताको आवाज अहिले जस्तो सचेत रूपमा उठेको थिएन । प्राचीन समयमा भन्दा अहिलेका रचनामा सचेत रूपमै नारीहरूले पितृसत्ताको विरोध गर्दै नारी स्वतन्त्रता र समानताको पक्ष लिइएको पाइन्छ । यही नारी सचेतनालाई नै नारीवाद भन्न सकिन्छ । यसरी नारी चेतनाले ब्युँझाएको नारीवादी विचार विविध कठिनाइका बिचमा पनि विश्वभरि नै मौलाउने क्रम हालसम्म जारी रहेको देखिन्छ ।

## २.४ नारीवादको परिभाषा

बिसौं शताब्दीको उत्तरार्धमा पाश्चात्य जगत्मा विकसित अवधारणा नारीवाद हो । यो उत्तर आधुनिक समयमा देखा परेको यस्तो सिद्धान्त हो जसले नारी असमानताको विरोध गर्दछ । नारी समानता र स्वतन्त्रताको पक्षमा वकालत गर्ने नारीवादका सम्बन्धमा अँग्रेजी, नेपाली एवम् हिन्दी भाषामा विभिन्न विद्वान्हरूले आआफ्नै मतहरू अघि सारेका छन् जसलाई परिभाषाका रूपमा यहाँ उल्लेख गरिएको छ ।

एम. एच अब्राम्सका अनुसार नारीवाद महिलाको आवाजसँग सम्बन्धित छ जसले पितृसत्तात्मक विचारको पक्षमा आवाज उठाउँदैन । नारीवादीहरूले अवरुद्ध नारी आवाजलाई उठाउने प्रयत्न गर्दछन् । त्यस कारण नारीवाद राजनीतिक आन्दोलन हो जसले महिला लेखकका लेखनलाई स्थान दिन सफल भयो । हाम्रो समाजमा विस्तारित पितृसत्तात्मक सभ्यता जुन पुरुष केन्द्रित, नियन्त्रित, संगठित हुनुका साथै पारिवारिक, धार्मिक, राजनीतिक, आर्थिक, कानुनी र कला जस्ता सबै सांस्कृतिक क्षेत्रमा महिलामाथि अधीन जमाउँदै पुरुषले गर्ने गरेको नेतृत्वले महिलालाई सीमान्तमा राखेको भनी त्यसको विरोधको अभ्यास स्वरूप नारीवाद आएको हो (अब्राम्स, सन् २००५ : ८९) ।

जर्ज टी कुरियनका अनुसार नारीवाद महिलाको लैङ्गिक उत्पीडनबाट स्वतन्त्रताको खोजीमा स्थापना भएको क्रान्ति हो । यसले महिलालाई विभेद गर्ने विविध वैचारिक सिद्धान्त, संस्था, दर्शन, गतिविधिको विरोध गर्दछ (कुरियन र अन्य, सन् २००१ : १३७) ।

रोसम्यारी टङका अनुसार नारीवादी सिद्धान्त एक होइन तर अनेक सिद्धान्त अर्थात् दृष्टिकोण हो, ती हरेक नारीवादी सिद्धान्त अर्थात् दृष्टिकोणले नारीहरूको दमनको व्याख्या गर्ने, यसको कारण र परिणामको व्याख्या गर्ने, नारी स्वतन्त्रता सम्बन्धी आधिकारिक रणनीतिको पनि व्याख्या गर्ने प्रयास गर्दछ । नारीवादी सिद्धान्तले बढी अनुभव मिश्रित व्याख्या, स्पष्टीकरण र दाबी गर्न सक्ने भएकाले यसलाई उत्कृष्ट सिद्धान्त मानिन्छ । नारीवाद व्यापक आधार भएको दार्शनिक दृष्टिकोण हो । (टङ, सन् १९८९ : १) ।

वेल हुक्सका अनुसार स्त्रीवाद यौनवादी दमनलाई ध्वस्त पार्न गरिने सङ्घर्ष हो (गौतम, २०५९ : ३४५) । यस्तै शशीकला त्रिपाठीले स्त्री विमर्शका पर्यायवाची अर्थमा नारीवादको चर्चा गरेको पाइन्छ । उनले स्त्री विमर्शको अर्थ सह अस्तित्वका भावनालाई मानेकी छन् भने स्त्री सन्दर्भ वा स्त्री मुक्तिका अर्थ स्त्रीलाई समानता र बराबरीका दर्जा दिनु बताएकी छन् । साथै उनले यस्तो दर्जा उसलाई पुरुषले दिँदैन स्त्रीले अगि बढेर आफै लिनुपर्छ भन्ने मत प्रकट गरेकी छन् (त्रिपाठी, सन् २००९ : ४७) ।

सुधीश पचौरीले अन्य कुराहरू जस्तै साहित्य-संस्कृतिमा नारीवाद पश्चिमी नक्कल एवम् फेसन हो र यसको भारतीय वस्तुस्थितिमा केही सम्बन्ध छैन भन्नु भ्रम हो भनेका छन् । यसका साथै उनले भूमण्डलीकरणको युगमा स्त्रीहरू समाजको केन्द्रमा आउनु अर्थात् केही हदसम्म विचारको केन्द्रमा आउनु हाम्रो आर्थिक सामाजिक विकासको परिणाम हो भन्दै स्त्रीकेन्द्रिक चिन्तनको निर्णायक विशेषता भाषामा पुरुष वर्चस्ववादी ढाँचा तोड्नु हो भन्ने मत व्यक्त गरेका छन् (पचौरी, सन् २००० : ११८) ।

अनुपम आनन्दले नारीवादका सम्बन्धमा यस्तो मत अघि सारेका छन् : स्त्री विमर्शको मूल उद्देश्य महान् रचना गर्नका लागि मुख्य चरित्रलाई दुःखको भुमरीतिर लाने होइन । यसको मूल उद्देश्य स्त्री मुक्तिको आख्यानको रचना गर्नु हो । यो मुक्ति उसको वैयक्तिक पनि हो वा सामाजिक पनि, शारीरिक पनि वा यौनिक पनि । मुक्तिका कामनाबाट लेखिने साहित्य स्त्रीको अनुभवबाट सिद्ध भएर परिपक्क समेत हुन्छ (आनन्द, सन् २००९ : ७५) ।

क्षमा शंकर पाण्डेयका अनुसार स्त्री विमर्श नारी जीवनको व्यथा, दिनचर्या, सास, सङ्घर्ष, सपना, आशा र आकांक्षा सबथोक हो । उनले आफ्नो अस्तित्व जोगाउन चाहने स्त्रीले दुःखलाई पहिलाको जस्तो लुकाएर राख्दिन तर उसले आफूमाथि भएको शोषण अर्थात् दमनको चक्रलाई व्यापक

गर्दिन्छे भनेका छन् साथै उसले दोस्राका लागि मात्र नभएर आफ्नो लागि पनि जिउन सिक्छे जुन अवस्था देखेर प्रतिपक्ष यो के भइरहेछ भनी अन्योलमा पर्दछ भन्ने मत राखेका छन् (पाण्डेय, सन् २००९ : १५३) ।

कमलेश कुमार सिंहका अनुसार स्त्री विमर्श त्यस्तो व्यापक चिन्तन हो जसले अनादि कालदेखि नारीप्रति हुँदै आएका अन्यायको उजागर गर्छ । स्त्री विमर्श मुख्य रूपमा पुरुषको विरुद्ध अर्थात् पितृसत्तात्मक सामाजिक व्यवस्थाको विरुद्ध आन्दोलनको रूपमा सुरु भएको हो (सिंह, सन् २००९ : २०२) ।

वृन्दा करातका अनुसार नारीवाद एक यस्तो विचारधारा हो जसका आधारमा महिला मुक्तिका प्रयास भइ रहेको छ । यसका अनेक रूप छन्, अलग अलग प्रवृत्ति छन् जसलाई समय समयमा अलग अलग रूपमा परिभाषित गरिन्छ, यिनीहरू सबैमा समान लक्ष्य छ साथै यसमा महिला हुनुको नाताले नारीको जुन प्रकारको शोषण गरिन्छ त्यसको मूल खोजेर अर्थात् त्यसलाई जरादेखि उखेलेर फालिन्छ (करात, सन् २००६ : ९) ।

रुचि बाजपेईका अनुसार स्त्री विमर्श आजको साहित्यमा व्यक्त त्यो विचारधारा वा दृष्टिकोणको पर्याय हो, जसको सामाजिक परिवर्तन वा विकासको दौडानमा नारीलाई एक व्यक्तिका रूपमा उसका वास्तविक दर्जा वा हक दिनका लागि पूरा कोसिस गरिन्छ । यस्तै बाजपेईले त्यो धार्मिक, सांस्कृतिक रूढि वा परम्परामा जो पुरातन वा अप्रासंगिक परिवेशमा आज पनि आधुनिक नारीलाई जाकिन्छ, वर्तमान जीवन स्थितिमा तिनका सार्थकताको निरीक्षण परीक्षण वा आलोचना गरी युगानूरूप नवीन परिर्वतनका प्रस्तावना गर्ने प्रयासको नाम स्त्री विमर्श हो भनेका छन् (बाजपेई, सन् २००९ : २०६) ।

मृणाल पाण्डेयका अनुसार नारीवादले पुरुषको होइन उसको मानवीयता घटाउनेको त्यो छद्म मुखौटेको प्रतिवाद गर्छ जसको पछाडि झुटो अहम् वा उत्पीडक प्रवृत्तिका अतिरिक्त केही छैन (खन्ना, सन् २००९ : २५४) ।

रीता पुरवारका अनुसार नारीवाद इन्सेसियलिस्ट अर्थात् तात्त्विक हो, जसको मान्यता प्रजनन गर्नुको कारण स्त्री पुरुषबाट पृथक् छ । उनले उदाहरणका रूपमा पुरुष हिंसक हुनु तथा स्त्री शान्तिप्रिया हुनु अर्थात् पुरुषका तुलनामा स्त्रीले प्रकृतिसँग अधिक गहिरो वा मानवीय सरोकार राख्नु स्त्री पुरुषको तात्त्विक भिन्नता हो भन्ने मत अगि सारेको पाइन्छ (पुरवार, सन् २००९ : २९७) ।

उपर्युल्लिखित विभिन्न विद्वान्हरूले दिएका परिभाषाले नारीवादलाई चिनाउने प्रयत्न गरेको छ । नारीवाद बिसौँ शताब्दीको उत्तरार्धमा विकसित बहुलवादी सिद्धान्त भएका कारण एउटै परिभाषाभित्र यसका सम्पूर्ण विशेषताहरू अटाउन गाह्रो हुनु स्वभाविक छ । माथिका परिभाषामा पनि नारीवादका सम्पूर्ण विशेषतालाई समेट्न सफल एउटै परिभाषा देखिँदैन । नारीवाद पितृसत्ताको विरोधमा आएको चेतना हो जसले नारीका पक्षमा वकालत गर्दछ भन्ने मतसँग भने सबैजसो विद्वान्हरूको सहमति रहेको देखिन्छ । यस मतलाई सबै विद्वान्ले आफ्नो परिभाषामा कुनै न कुनै रूपमा उल्लेख गरेको पाइन्छ । नारीवादले ओगट्ने क्षेत्र विस्तृत भएको हुनाले यसलाई यति नै यसका विशेषता हुन् भनेर समेट्न नसकिने मत रोसम्यारी टङको देखिन्छ । अन्य विद्वान्ले भने यसतिर सङ्केत गरेको पाइँदैन । एम. एच अब्राम्स र टङले दिएका परिभाषाले नारीवादका

विशेषतालाई अलि व्यापक रूपमा समेट्न सफल भएका छन् । नारीवादले नारीका धार्मिक, सांस्कृतिक, राजनीतिक, आर्थिक, कानुनी आदि क्षेत्रमा नारीमाथि भएको विभेदको विरुद्धमा आवाज उठाउँछ भन्दै एम. एच. अब्राम्सले स्पष्ट रूपमा किटान गरे पनि अन्य विद्वान्ले यस सम्बन्धमा पृथक् ढङ्गले सङ्केत गरेका छन् । पुरुष र महिलामा हुने गरेका विभेदलाई जुनसुकै प्रकृतिबाट विरोध गर्दै देखा परेको राजनीतिक क्रान्तिका रूपमा नारीवादलाई विश्लेषण गर्ने विद्वान् एम. एच. अब्राम्स हुन् । नारीवादभित्र रहेका विभिन्न भेदोपभेदलाई नारीवादी विशेषताका रूपमा उल्लेख गर्ने विद्वान् रोसम्यारी टङ हुन् । नारीवादले पितृसत्तात्मक व्यवहारले नारीमाथि हुँदै आएको अन्याय, अत्याचार, विभेद, दमन, शोषण आदिको विरुद्धमा धावा बोल्छ र हरेक दृष्टिबाट नारी उत्पीडनको विरोध गर्छ भन्ने मत धेरैजसो विद्वान्ले राखेको पाइन्छ । नारी हक अधिकारको माग सहित नारी स्वतन्त्रता र समानताको पक्षमा वकालत गरी अगाडि बढेको बौद्धिक क्रान्ति नै नारीवाद भएको कुरा माथिका परिभाषाबाट स्पष्ट हुन्छ । नारीवादका सम्बन्धमा विभिन्न विद्वान्हरूले उल्लेख गरेका माथिका परिभाषाका आधारमा नारीवादका विशेषताहरूलाई निम्नानुसार बुँदाबद्ध गर्न सकिन्छ :

- नारीवाद पितृसत्ताको विरोध मात्र नभई नारीमाथि हुने गरेका सम्पूर्ण विभेदजन्य क्रियाकलापको विरोध स्वरूप उठेको आवाज हो ।
- राजनीतिक आन्दोलनका रूपमा सुरु भएको नारीवादले राजनीतिक असमानताको विरोध मात्र नगरी सामाजिक, सांस्कृतिक, धार्मिक, कानुनी आदि क्षेत्रमा नारीमाथि गरिने विभेदको समेत विरोध गर्दछ ।
- नारीवादले नारी अस्तित्वको पहिचानको खोजी गर्दछ ।
- नारीवाद महिलाको तर्फबाट गरिएको सामाजिक तहको राजनीति हो ।
- नारीवादले नारीलाई मुक्ति दिएर अगि उठाउन र आत्मनिर्भर बनाउन बल दिन्छ ।
- नारीवादका अनेक रूप र अलग अलग प्रवृत्ति छन् जसलाई समय समयमा अलग अलग रूपमा परिभाषित गरिन्छ ।
- नारीवादको निर्णायक पक्ष पुरुष वर्चस्ववादको ढाँचा तोड्नु हो ।
- नारीवादका उदार, मार्क्सवादी, उग्र, मनोविश्लेषणात्मक, समाजवादी, अस्तित्ववादी एवम् उत्तर आधुनिकतावादी जस्ता विभिन्न प्रकार छन् ।

नारीवाद नारीमाथि हुने गरेका सामाजिक, आर्थिक, लैङ्गिक, कानुनी, राजनीतिक, सांस्कृतिक आदि उत्पीडनका विरुद्धमा सचेत रूपमा उठेको बौद्धिक क्रान्ति हो जसले हरेक दृष्टिबाट नारी हक अधिकारको पक्षमा वकालत गर्दछ साथै नारीमाथि पितृसत्ताले गरेको विभेदजन्य व्यवहारको विरोध गर्दै नारी र पुरुषमा हुने लैङ्गिक विभेद एवम् यौनजन्य दुर्व्यवहारको अन्त्य भई नारी स्वतन्त्रता र समानताको स्थितिको चाहना गर्दछ । यो बिसौँ शताब्दीमा विकसित विविध प्रवृत्तिलाई आत्मसात् गर्दै देखा परेको क्रान्ति हो जसभित्र उदार, उग्र, समाजवादी, मार्क्सवादी, मनोविश्लेषणात्मक, अस्तित्ववादी, उत्तर आधुनिकतावादी जस्ता विविध प्रकारका नारीवादी प्रवृत्ति समेत समाहित हुन्छन् ।

## २.५ नारीवादी समालोचनाको प्रवर्तन र विकास

मानव सभ्यताको इतिहासमा कथ्य रूपमा रहेको भाषाले लिपिबद्ध हुने अवसर धेरैपछि मात्र प्राप्त गरेको पाइन्छ । लेखन कलाको विकास भएको धेरै समयपछि मात्र औपचारिक किसिमले मौखिक परम्परामा बाँच्दै आएको विभिन्न लोक कथनलाई लिपिबद्ध गर्न थालियो । यही मौखिक परम्परामा रहेका कथनलाई देववाणीका रूपमा लिने गरिन्छ । पूर्वको वेद, उपनिषद्, आरण्यक यसकै दृष्टान्त हुन् । लिखित अभिव्यक्तिको रचना प्रारम्भ भएको धेरै समयपश्चात् साहित्यिक लेखनको प्रारम्भ भएको पाइन्छ । पश्चिममा होमरका इलियड, ओडिसी लगायत पूर्वका रामायण, महाभारतलाई प्राचीन साहित्यिक लेखन मान्ने परम्परा रही आएको छ । यसरी लिखित साहित्यको इतिहास मात्र नभएर समालोचनाको इतिहासलाई हेर्ने हो भने यसको प्रारम्भविन्दुका रूपमा पनि ग्रिसलाई नै लिनु पर्ने हुन्छ जसमा प्लेटो र अरस्तुको नाम अपरिहार्य हुन जान्छ । यसर्थ साहित्यिक होस् या साहित्येतर जुनसुकै लेखनमा पनि नारीभन्दा पुरुष नै अग्रपंक्तिमा रहेको पाइन्छ । यस कारण पुरुष लेखनको इतिहास नारी लेखनको भन्दा निकै प्राचीन देखा पर्दछ यसको पुष्टि ई. पू. छैटौं शताब्दीकी ग्रिसेली कवि सफ्फोलाई इतिहासको सबैभन्दा पुरानो नारी हस्ताक्षरका रूपमा लिने परम्पराले गर्दछ ।

नारीवादी समालोचनाले साहित्यिक पुनर्बल अर्थात् आर्थिक, राजनीतिक, सामाजिक र मनोवैज्ञानिक रूपमा नारीको दमनलाई परीक्षण गर्दछ । यसले पितृसत्ताले महिलामाथि गरेको दमन, समान काममा असमान ज्याला, पुरुषले नारीमाथि शारीरिक कमजोरीका कारण गर्ने लैङ्गिक विभेद आदिका बारेमा विश्लेषण गर्दछ । यसले यौन (सेक्स) र लिङ्ग (जेन्डर) लाई पृथक् रूपमा लिने गर्दछ । यसले यौनलाई महिला र पुरुषको शारीरिक बनावट र लिङ्गलाई हाम्रो सांस्कृतिक रीतिरिवाजले निर्माण गरेको स्त्रीत्व र पुरुषत्वको रूप ठान्दछ (टाइसन, सन् १९५० : ८६) । अर्को शब्दमा भन्ने हो भने नारी नारीकै गुण र पुरुष पुरुषकै गुण लिएर जन्मेको हुँदैन । यसको संरचना समाजले निर्माण गरेको हुनाले यसलाई सामाजिक संरचनावाद वा बनावटवाद समेत भन्ने गरिन्छ भन्ने अभिप्राय नारीवादी समालोचकको छ ।

नारीलेखन मात्र होइन नारीवादी समालोचनाको विकासको इतिहासलाई हेर्ने हो भने यसको स्थापना पनि पाश्चात्य जगत्बाटै भएको पाइन्छ । नारीवाद नारीवादी समालोचनाको पृष्ठाधार हो । यसर्थ नारीवादी समालोचनाको विकास हुनुभन्दा पहिले नै नारी सिर्जनाको प्रारम्भ भइसकेको हुनाले नारीवादी लेखनभन्दा नारी लेखन प्राचीन हुनु स्वभाविक छ । नारीवादको कुरा गरिरहँदा इतिहासमा उदाएका नारी स्रष्टाहरूलाई पनि सम्झनु पर्ने हुन्छ । सफ्फोले स्थापना गरेको नारी लेखनको इतिहासलाई अग्रगतिमा अगाडि बढाउँदै जाने प्राचीन कालका अन्य नारी लेखकहरूमा रोमकी ई.पू. पहिलो शताब्दीकी सल्पिसिया, फ्रान्सकी हेलोइज (सन् ११००-११६३), जर्मनीकी हिल्डेगार्ड (सन् १०९८-११७९), इटालीकी क्याथरिन (सन् १३४७-१३८०), इङ्गल्यान्डकी डेम जुलियन (सन् १३४२-१४१६), इङ्गल्यान्डकै मार्गेरी केम्प (सन् १३७३-१४३९) लाई सम्झनुपर्ने हुन्छ । यसका साथै पाश्चात्य जगत्का अन्य नारी स्रष्टाहरू क्रिस्टिन डी पिसान (सन् १३६५-१४३०), आन भाउघन लक (सन् १५३२-९०), इसाबेला हिल्ट्नी (सन् ५६५-७५), लेडी मेरी रोथ (सन् १५८७-१६५३), पेमब्रुककी राजकुमारी एमिलिया बस्सानो लानर (सन् १५६९-१६४५), एलिजाबेथ टानाफिल्डकेरी (सन् १५८५-१६३९), क्याथरिन फिलिप (सन् १६३२-६४) आदिलाई प्राचीन कालमा महत्त्वपूर्ण योगदान दिने नारी लेखकका रूपमा लिने गरेको पाइन्छ । माध्यमिक युगका नारी लेखकहरू लेडी मेरी वर्टले मोन्टेग (सन् १६८९-१७९२), एलिजा हेउड (सन् १६९०-

१७५६), एलिजावेथ कार्टर (सन् १७१७-१८०६), एलिजावेथ मोन्टेग, फ्रान्सेस ब्रुक (सन् १७२४-८९), लुसी टेरी (सन् १७३०-१८२१), मेरी ह्यास (सन् १७६०-१८४३), एलिजाबेथ इन्चबल्ड (सन् १७५३-१८२१), हेलेन मेरिया विलियम्स (सन् १७६२-१८२७), अन्ना लटेसिया, मेरी रविन्सन, मेरी उल्स्टनक्राफ्ट, जेन अस्टिन (सन् १७७५-१८१७, फ्रान्केन्स्टिन (सन् १८१८), मेरी सेले (सन् १७९७-१८५१) आदिका साथै पूर्वआधुनिक युगका महिला लेखकहरू जोन स्टुवार्ट मिल, जर्ज इलियट, क्याथरिन सेडविक (सन्१७८९-६७), मारिया कमिन्स (सन् १८२७-६६), क्यारोलिन चेसेब्रो (१८२५-७३), सुसन वार्नर (१८१९-८५), सारा पार्टन (१८११-७२), अगस्ट इभान्स (सन् १८१९-०९), एलिजा एन्ड्र्युज (सन्१८४०-३१), इ डी एन साउथवर्थ (सन् १८१९-९९), सराह वर्ने जेवेट (सन् १८४९-०९), ह्यारिट इ विल्सन (सन् १८०८ -७०) ह्यारियत ज्याकोब्स (सन् १८१३-९७), हेलेन हन्ट ज्याक्सन (सन् १८३०-८५), लदिया सिगोर्नी (सन् १७९१-१८६५), एलिजाबेथ ब्यारेट ब्राउनिङ (सन् १८०६-६१) र क्रिस्टिना रोजेट्टी (सन् १८३०-९४) अगस्ता वेब्स्टर (सन् १८३७-९४), एमि लेभी (सन् १८६१-८९) आदि र नवआधुनिक कालका महिला लेखकहरू डेम रेवेक्का वेस्ट (सन् १८९२-८२), चार्लोट्टे, पर्किन्स गिलम्यान (सन् १८६०-३५), इलेन ग्ल्यासगो (सन् १८७३-४५), रेडक्लिफ हल (सन् १८८०-४३) डोरोथी रिचार्डसन (सन् १८७३-५७) मे सिनक्लेर (सन् १८६३-४६) भर्जिनिया उल्फ, जिन रिज (सन् १८९०-७९), क्याथरिन एन्ने पोर्टर (सन् १८९०-८०) र क्याथरिन म्यान्सफिल्ड (सन् १८८८-२३), केट चोपिन (सन् १८५०-०४), एडिथ ह्र्वाटन् (सन् १८६२-३७), एलिजावेथ बोबेन (सन् १८९९-७३), जोना गेल (सन् १८७४-३८), मेरिडेल ले स्वेर (सन् १९००-९८), इम्मा गोल्डमन (सन् १८६९-४०), मार्गरेट स्याङ्गर (सन् १८७९-१९६६), लोला रिज (सन् १८७३-४१) बोनर वकोमी (सन् १८९९-१९७१), न्यान्सी कनर्ड (सन् १८९६-१९६५), जेसी रेडमन फउसेट (सन् १८८२-१९६१), नेल्ला लार्सेन (सन् १८९१-१९६४), जुलिया पिटरकिन (सन् १८८०-१९३५) एनिस निन (सन् १९०३-७७), लोराइन ह्यान्सबरी (सन् १९३०-६५), बेट्टी फ्राइडन (सन् १९२१) एन्ड्रियाना रिच (सन् १९२९), तिली बल्सेन (सन् १९१३), मार्था गेलहर्न (सन् १९०८) आदिले पाश्चात्य नारी लेखनको यात्रालाई अगाडि बढाएको देखिन्छ (एपिग्नान्सी, सन् १९९९ : ३-१४३) ।

उल्लिखित नारी लेखकहरूमध्ये धेरैजसोले आफ्नो कृतिमा नारीका पक्षमा वकालत गरेको हुनाले नारीवादी विचारलाई प्रश्रय दिएको पाइन्छ । उपन्यास, कविता, नाटक, निबन्ध आदि जुनसुकै विधामा कलम चलाए पनि नारी चरित्रले भोग्नु परेका विभिन्न समस्या र त्यसको समाधानको अपेक्षालाई आफ्ना रचनामा यिनीहरूले कुनै न कुनै रूपमा स्थान दिएको पाइन्छ । यस कारण नारी स्रष्टाको इतिहासलाई हेर्ने हो भने प्राचीन कालमा त्यति उपस्थिति नदेखिए पनि वर्तमान समयमा भने उल्लेख्य मात्रामा महिला लेखन परम्पराले फस्टाउँदै गएको अवस्था पाइन्छ । यसरी कतिपय नारी लेखकहरूले लेखेका कृतिहरूमा नारीका अनुभव, समस्या, भाषिक कला, उत्पीडन, विद्रोह आदि स्वर पाइने हुँदा नारीवादी प्रवृत्तिको उपस्थिति रहेको पनि पाउन सकिन्छ जसले सिर्जनाकै माध्यमबाट समाजलाई नारी समानता र स्वतन्त्रताको सन्देश प्रदान गरिरहेको हुन्छ ।

नारी लेखनको ऐतिहासिक परम्परालाई एलेन सोवाल्टरले **अ लिटरेचर अफ दियर वन** (१९७७) मा तीन चरणमा व्यवस्थित गरेकी छन् । पहिलो चरणमा नारीहरूले मूल धारको साहित्यिक परम्पराको अनुकरण गरेको, दोस्रो चरणमा सामाजिक मूल्य र अधिकारका सम्बन्धमा परम्परागत दमनको विरोध गरेको र तेस्रो चरणमा आफ्नो पहिचानको खोजी गरेको सन्दर्भलाई उल्लेख गरेकी छन् । यस क्रममा उनले नारीजातीय चरण (१८४०-१८८९), नारीवादी चरण (१८९०-१९२०) र

नारी चरण (१९२०-१९६०) गरी तीन चरणलाई नामकरण गरेको देखिन्छ (फेमिनिस्ट क्रिटिसिज्म, २०६८ : ८) । यसरी परम्परामा लुकेर रहेका महिला लेखकहरूलाई पून खोजी गर्ने जस्तो उल्लेखनीय कार्य सोवाल्टरले गरेको पाइन्छ । डेल स्पेन्डरले भने जेन आस्टिनभन्दा अगाडि सयौँ राम्रा लेखकको उदय भइसकेको बताएको पाइन्छ ।  यस क्रममा उनले आस्टिनभन्दा पहिला धेरै महिला उपन्यास पाइएको र उनीहरूका धेरै उपन्यास आफूले पढेको बताउँदै ती ओझेलमा परेका लेखकको हराएको परम्परालाई साहित्यको स्थापनाका लागि खोजी गर्नु चुनौती भए पनि जरुरी रहेको बताएकी छन् (फेमिनिस्ट क्रिटिसिज्म, २०६८ : ८) । यसरी नारी लेखनको इतिहासलाई हेर्ने हो भने प्राचीन समयदेखि सुरु भएको नारी लेखन परम्पराले द्रुत गतिमा क्षेत्र विस्तार गर्दै अगि बढिरहेको देखिन्छ ।

नारीवादी चेतनाको प्रयोग लेखनमा सन् १७९२ को बेलायतकी मेरी उल्स्टनक्राफ्टको **ए भिन्डिकेसन अफ द राइट्स अफ उमन** नामक कृतिबाट भएको हो । यस कृतिमा पहिलो पटक महिलाको अवस्थाको बारेमा पुर्नजागरणकालीन विचारको प्रयोग गरिएको थियो जुन आधुनिक नारीवादको कोसेढुङ्गा साबित भयो । यस कृतिमा मेरीले महिला सुरक्षाका लागि जोखिम उठाएर शिक्षा, राजनीतिक अधिकार र समान काममा महिला अत्याचारमा परेको बताउनुका साथै नारीहरू पुरुषको आर्थिक पहुँचमा रहेको र विवाह चाहिँ वैधानिक वेश्या भएको विचार प्रकट गरेकी छन् (एपिग्नान्सी, सन् १९९९ : १८) । यस्तै प्रस्तुत कृतिमा शिक्षाद्वारा नारी र पुरुष दुबैको उद्धार हुने कुराको उल्लेख गरिएको छ । यसका साथै उनले प्रस्तुत कृतिमा पढाइको कमीले मात्र नारी कमजोर भएको नभई उनीहरूको व्यक्तिगत विचारलाई गलत ढंगले परिष्कृत गर्नमा महत्त्वहीन आख्यानको पठन पनि उत्तिकै जिम्मेवार रहेको बताएकी छन् । यसका अतिरिक्त असाधारण प्रतिभाले लेखेको पुस्तकको पठनले नारीको वैयक्तिक विचारलाई परिष्कृत गर्न सहयोग पुग्ने उनको धारणा पाइन्छ । नारीवादी लेखनलाई अगाडि बढाउनमा महिलाको मात्र भूमिका नभएर पुरुषको पनि उत्तिकै उल्लेखनीय भूमिका रहेको पाइन्छ जसको उदाहरणका रूपमा जोन स्टुआर्ट मिलको **द सब्जेक्सन अफ वेमेन** (१८६९) लाई लिन सकिन्छ । यस्तै अमेरिकी मार्गरेट फुलरले **वेमेन इन द नाइन्टिन्थ सेन्चुरी** (१८४५) नामक पुस्तकद्वारा नारीमूक्ति आन्दोलनलाई अगाडि बढाएकी हुन् ।

भर्जिनिया उल्फको **अ रूम अफ वन्स् ओन** (१९२९) नामक कृति नारीवादी आन्दोलनको शास्त्रीय अभिलेख बन्न पुगेको छ । यसमा सांस्कृतिक, आर्थिक र शैक्षिक असक्षमताका कारण पितृसत्तात्मक समाजमा नारी दमित अवस्थामा रहनु परेको तर्क प्रस्तुत गरिएको पाइन्छ । उल्फले यस कृतिमा नारीहरूको साहित्यिक लेखनमा कस्तो भाषा प्रयोग गरिएको हुन्छ भन्ने मात्र नहेरेर उनीहरूले के लेख्छन् भन्ने कुरा पनि उत्तिकै महत्त्वपूर्ण हुने बताएकी छन् । यस्तै उनले नारीलाई सहज रूपमा उपस्थित गर्न नारी लेखकहरूलाई नयाँ उपकरणको आवश्यकता पर्ने बताउँछिन् । यस क्रममा लेखनको विषय र उद्देश्यले भिन्न स्थानबाट पुनर्बल प्रदान गर्छ भन्ने उनको दाबी छ (उल्फ, सन् १९२९ : ११७) । त्यसै गरी डोरेथी रिचर्डसनको **पिलग्रिमेज** (१९१५-१९६७) उपन्यास शृङ्खलाले नारीवाद र नारी लेखनलाई अझ अगाडि बढाएको पाइन्छ । सिमोन द बुभायरको **द सेकेन्ड सेक्स** (१९४९) ले नारीवादी आन्दोलनलाई अग्रगति प्रदान गरेको छ । उनले यस कृतिमा डी.एच् लरेन्स र स्टेन्थाल जस्ता पुरुष लेखकहरूले उपन्यासमा नारीलाई कसरी उपस्थित गराएका छन् भन्ने कुराको पनि विस्तृत अध्ययन गरेकी छन् । यसका साथै उनले यस कृतिमा नारीलाई

समाजमा निम्न, अधीनस्थ एवम् दोस्रो दर्जाको रूपमा उभ्याइनुको प्रमुख कारण पितृसत्तात्मक समाज भएको धारणा राखेको पाइन्छ (हबिब, सन् २००५ : ६८२-६९१) ।

नारीवादी साहित्य तथा समालोचनाको वास्तविक तथा सचेत थालनी सन् १९७० का दशकमा भएको हो । वास्तवमा नारीवादी समालोचनाको स्थापना अन्तर्राष्ट्रिय महिलाहरूको उदार क्रान्तिको कदम हो । पाश्चात्य नारीवादको इतिहासमा मेरी उल्स्टन क्राफ्टको योगदान अविस्मरणीय मात्र नभएर कोसे ढुङ्गा नै साबित भए पनि नारीवादी समालोचनाको इतिहासमा भने भर्जिनिया उल्फ र सिमोन द बुभायर संस्थापक मानिन्छन् । यसका साथै नारीवादी समालोचनाका क्षेत्रमा ओलिभ स्क्रामइनर, एलिजाबेथ रविन्स, डोरोथी रिचर्डसन, क्याथरिन म्यान्सफिल्ड, रेवेक्का वेस्ट, रे स्ट्र्याचे, भेरा वृटेन, विनिफ्रेड हल्टबि आदि महिला लेखकहरू सक्रिय रहे तापनि उल्फ र बुभायर विशिष्ट मानिन्छन् । मेरी इगल्टनले भर्जिनिया उल्फलाई ‘संस्थापक माता’ को संज्ञा दिएकी थिइन् जसले उनीपछिका समालोचकहरूलाई छोड्नै नमिल्ने खालका नारीवादी बहसका बुँदाहरू अगाडि सारिदिएकी थिइन् ।

बुभायरको **सेकेन्ड सेक्स** (सन् १९४९) लाई म्यागी हमले नारीवादी समालोचनाको पहिलो धारको समापक मानेकी छन् । भर्जिनिया उल्फका कृति **अ रुम अफ वन्स अन** (सन् १९२९) र **थ्रि गिनिज** (सन् १९३८) ले नारीवादी समालोचनाको विकासमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको पाइन्छ । उनले यी कृतिहरूमा पुरुषका सापेक्षतामा महिलाको जीवनको व्याख्या गरेकी छन् । उनले आफ्नो पहिलो पुस्तकमा महिलाको साहित्यिक उत्पादनलाई ऐतिहासिक एवम् सामाजिक परिप्रेक्ष्यमा नियालेकी छन् भने दोस्रो पुस्तकमा पुरुषको शक्ति र पेसाका बिचको सम्बन्धको व्याख्या गरेकी छन् । समालोचना लेखनका क्रममा उनले महिला लेखकका समस्याका बारेमा निरन्तर प्रकाश पारेकी छन् । महिलाले लेखनका सिलसिलामा पर्याप्त आर्थिक र सामाजिक बाधाहरू बेहोर्नु परेको कुरा पनि उनले लेखेकी छन् (हबिब, सन् २००५ : ६७१-६६८२) ।

नारीवादी समालोचनाको विकासका क्रममा बेट्टी फ्राइडनको **द फेमिनिन मिस्टिक** (१९६३) नामक पुस्तकलाई पनि विशेष उल्लेखनीय एवम् पहिलो महत्त्वपूर्ण पुस्तक मानिन्छ । उनले यस पुस्तकमा सफल र खुसी अमेरिकी महिला जो गृहिणी र आमाका रूपमा रहेका छन् तिनीहरूमा दमित सांस्कृतिक प्रभाव परेको बताएकी छन् । यसका साथै यस कृतिमा महिलाको यौनिक र सामाजिक सहनशीलता जस्ता पहिचानको न्यूनतालाई जोड दिइएको छ (फेमिनिस्ट क्रिटिसिज्म, २०६८ः ६) ।

यस्तै नारीवादी समालोचनाको विकासका क्रममा केट मिलेटको **सेक्सुअल पोलिटिक्स** (१९६९) को प्रकाशनले सन् १९७० को अङ्ग्रेजी अध्ययन परम्पराको मापदण्डलाई चुनौती दिएको छ । फ्रान्समा बुभायरको सेकेन्ड सेक्सको जस्तै अमेरिकामा मिलेटको प्रस्तुत कृतिले नारीवादलाई अगाडि बढाउनमा उल्लेख्य भूमिका निर्वाह गऱ्यो । यौनगत पूर्वधारणाका आधारमा आलोचनाको सुरुवात गर्नुका साथै पुरुष लेखकका पाठको आलोचनाका लागि पितृसत्तात्मक सोच जस्ता आधारभूत मानकको निर्धारण गरेको हुनाले यो कृति नारीवादी समालोचनाको पहिलो सैद्धान्तिक उपकरण बनेको छ साथै यसले नारीवादलाई साहित्यमा राजनीतिपरक आयाम दिएको मानिन्छ (लेच, सन् २००१ : २१४७) । सुधारमा भन्दा सामाजिक क्रान्तिमा विश्वास राख्ने मिलेटले पितृसत्तामा नारीको शोषित, पीडित अवस्थालाई देखाउँदै यौनको आधारमा लिङ्गको निर्धारण गरेर निष्क्रियता, शीतलता, आत्मपीडन आदिलाई नारीको सहज गुण मान्ने विचारको समेत विरोध गरेकी छन् । यस्तै मार्गरट मिडले नारीहरूलाई राजनैतिक दृष्टिका साथ मनोवैज्ञानिक, आर्थिक,

सांस्कृतिक, धार्मिक दृष्टिबाट समेत प्रताडित गरिएको छ भन्ने धारणा अगि सारेको पाइन्छ । यतिमात्र नभएर साहित्यको क्षेत्रमा समेत थिचोमिचोमा पारिएका नारीलेखकलाई आफ्नो अनुभूति सम्प्रेषित गर्न बेग्लै आख्यानात्मक रूपको आवश्यकता पर्छ भन्ने उनको मत छ (फेमिनिस्ट क्रिटिसिज्म, २०६८) । मिसेल बारेटले **वमन अप्रेसन टुडे** नामक कृतिमा गृहस्थीको आर्थिक सङ्गठन, शिक्षा पद्धति, लैङ्गिक पहिचान र यौन तथा शारीरिक पुनरुत्पादनको सम्बन्ध आदिका सन्दर्भबाट नारी लैङ्गिक अवधारणाको मार्क्सेली विश्लेषण गरेको पाइन्छ (हबिब, सन् २००५ : ६९३-६९७) । यसरी राजनैतिक आधारमा नारीवादी समालोचनाको विकास गर्ने समालोचकका रूपमा केट मिलेटपछि मार्गरेट मिड र मिसेल बारेटको नाम उल्लेखनीय रहेको छ ।

मेरी इलम्यानको **थिङ्किङ् अबाउट वेमेन** (१९६५) ले समाजमा महिला स्वतन्त्रता र महिला अधिकारका बारेमा वहस नै चर्कायो । यस कृतिले अमेरिकामा नारीवादी समालोचनाको अगुवाका रूपमा इलम्यानलाई चिनायो । एलेन सोवाल्टरको **द फेमिनिस्ट क्रिटिकल रिभोलुसन** नामक लेखले नारीवादी समालोचनामा साहित्यिक अध्ययनको परम्परागत प्रवृत्तिलाई परिवर्तन गऱ्यो । यस कृतिमार्फत सन् १९६० को उत्तरार्धसम्म अन्तर्राष्ट्रिय महिला क्रान्तिका रूपमा विकसित साहित्यिक अध्ययनमा जरो गाडेर बसेको नारीवादी समालोचनाको पूर्वअवधारणा परिवर्तन भयो । यस क्रममा साहित्यको अध्ययन गर्ने नारी परम्पराको उल्लङ्घन भई सैद्धान्तिक, राजनैतिक र साहित्यिक पूर्वधारणाको परम्परागत सिद्धान्तको सीमा तोडियो र तोरिल मोईले भने जस्तै अत्यावश्यक राजनीतिक आवश्यकताका रूपमा नारीवादी समालोचनाको विकास भयो । यस क्रममा पाठको पठनको आशय सङ्केत बदलेर अभिप्रायको खोजी गर्नु र सीमित मात्रामा पाठको अभिप्राय खोज्ने जिम्मेवारी पूरा गर्नु हुन पुगेको देखिन्छ । उनका अनुसार नारीलेखनको भाषाविज्ञान र पाठपरक सिद्धान्तमा नर र नारीको भाषा प्रयोग फरक हुन्छ । भाषा प्रयोगको लैङ्गिक भिन्नतालाई जीववैज्ञानिक, सामाजिकीकरण तथा सांस्कृतिक रूपमा सैद्धान्तिकीकरण गर्न सकिन्छ जहाँ नारी कथ्यमा, लेखनमा, पठनमा नारी लिङ्गीय आफ्नै भाषा निर्माण गर्न सक्दछ (लज, सन् १९८८ : ३३९) । यसरी सोवाल्टरले नारी र पुरुषको भिन्नतालाई भाषामा र पाठमा संलग्न गराउँदै छुट्टै नारी भाषाको निर्माण गरेकी छन् जसलाई 'एक्रिचर फेमिनिन' नाम दिइएको छ ।

फ्रान्सेली नारीवादी समालोचनाको उद्देश्य हेलेन सिक्ससदेखि स्थापित भयो । जसले महिला र पुरुषको द्विचर विरोधको मूल्य पद्धतिमाथि चुनौती दियो । सिक्ससले साहित्य र संस्कृतिमा देखा परेको महिला र पुरुषबिचको उद्‌गमविन्दुको तर्क पद्धतिलाई भत्काउँदै द्विचरताको विरोध गरेको पाइन्छ (हबिब, सन् २००५ : ७०२) । उनको यस प्रकारको दृष्टिकोण बारबारा जोन्सन र डेरिडाको उत्तर संरचनावादी मान्यतासँग मेल खाने देखिन्छ । यस प्रकार सोजाना फिल्मेन, एलेन सोवाल्टर, तोरिल मोए, टिली ओल्सन, डेल स्पेन्डर, जुलिया क्रिस्तेभा, एनी लेक्लर्क आदि दर्जनौ नारी लेखकहरूले उत्तर संरचनावादी विचार र पद्धतिको प्रभावमा स्त्री-केन्द्रलाई समाजशास्त्रीय एवम् दार्शनिक आयाम दिनुका साथै भाषा तथा संस्कृतिमा स्थापित गरको पाइन्छ ।

नारीवादी समालोचनाको विकासमा व्यक्तिको मात्र नभएर विभिन्न प्रकाशन गृहको समेत उल्लेख्य भूमिका रहेको देखिन्छ । अमेरिकामा लोकप्रियता पाउँदै गएको नारीवादले त्यही समयमा बेलायतमा पनि नारी प्रकाशन गृहहरूको स्थापना भई सक्रियता बढायो । बेलायतमा सन् १९७७ मा **भिरागो** नामक प्रकाशनले नारीहरूको स्वतन्त्र पुस्तक पहिलो पटक प्रकाशन गरेको देखिन्छ । यस्तै सन् १९७८ मा **दि वमन्स प्रेस**को स्थापना भएको थियो । यस सिलसिलामा यी प्रकाशनहरूले

विगतका नारी लेखकहरूका कृतिहरूको खोजी गरी पुनर्मुद्रण गर्ने र सिर्जनात्मक नारीलेखनलाई प्रोत्साहित गर्ने जस्ता महत्त्वपूर्ण भूमिका समेत निर्वाह गरेको पाइन्छ ।

यसरी नारीवाद राजनीतिक, सामाजिक तथा आर्थिक स्वतन्त्रताको खोजी गर्दै विकसित भएको सचेत क्रान्ति भए पनि यसको विस्तार हुँदै सन् १९७० को दशकमा साहित्य र समालोचनामा नारीवादी समालोचनाको रूपमा सशक्त ढङ्गले विकसित भएको पाइन्छ । उत्तर संरचनावाद, विनिर्माणवाद, नवमनोविश्लेषणवाद आदि उत्तर आधुनिक प्रवृत्तिहरूको प्रभावमा नारीवादले आफ्नै भाषा र आफ्नै डिस्कोर्सको निर्माण गर्दै सशक्त रूपमा अगाडि बढेको पाइन्छ । नारीवादले महिलालाई विषयका केन्द्रमा ल्याउने अर्थात् किनारामा रहेको महिलाको अस्तित्वलाई केन्द्रमा ल्याउने काम गर्छ । घरेलु कामहरूको एकतर्फी जिम्मेवारीको बोझका विरुद्ध नारीवादी आन्दोलनको प्रारम्भदेखि नै उठ्दै आएको आवाजले समयक्रममा अनेकन् नवीन विषयहरूलाई पक्रँदै गएको देखिन्छ । यस क्रममा पश्चिमी नारीवाद स्थूलताबाट सूक्ष्मतातिर बढ्दै गएकोले सडक आन्दोलनमा मात्र केन्द्रित नभएर लेखनमा गएपछि साहित्यिक बन्यो । नारीवादी आन्दोलनले प्रारम्भमा नारीको पुरुषभिन्न सामाजिक अवस्थितिलाई पुरुषसँग दाँजेर हेरी दुबै लिङ्गका बिच समानताको माग गऱ्यो । यस क्रममा कोही सुधारात्मक किसिमले बिस्तारै महिलाको जीवन स्थितिमा परिवर्तन ल्याउनुपर्छ भन्न थाले भने कोही चाहिँ क्रान्तिकारी परिवर्तनका पक्षधर देखिए । क्रान्तिकारी परिवर्तनका पक्षधरहरूका बिचमा पनि हाँगा फाट्यो र एकथरि पुरुषको अस्तित्वलाई आफ्नो जीवनमा स्विकार्नै नसक्ने भए भने अर्काथरि पुरुषको समेत साथ लिएर क्रान्तिकारी परिवर्तनका पक्षमा सक्रिय बने । यस क्रममा एकातिर समलैङ्गिक नारीवादको प्रादुर्भाव भयो भने अर्कातिर मार्क्सवादी नारीवाद जन्मियो । सामाजिक आन्दोलनमा देखिएका नारीवादका यस्ता विविध पक्षको उपस्थिति सहज रूपमा नै साहित्यमा पनि देखा पऱ्यो । नारीवादी साहित्यले मूल रूपमा शोषणदमनमा आधारित सामाजिक अवस्थितिको अस्वीकृतिमूलक अध्ययन गर्दछ । नारी-विषय पुरुषको विषय नभएकाले यसका भागमा परेको हीनत्व र पुरुष-विषय पुरुषकै विषय भएकाले यसका भागमा परेको उच्चत्वको अध्ययनमा नारीवादी साहित्यको विशेष सक्रियता देखिन्छ । यसले नारी विषयको प्राथमिकताका साथ उठान र महत्त्व प्रदर्शन गर्दै सिर्जनाका माध्यमले नारीवादी विचारको सम्प्रेषण गर्दछ । लेखक र पाठक दुबैका स्थानमा नारीकै खोजी गर्ने नारीवादी साहित्यको विकास सँगसँगै सिर्जना र समालोचना दुबै विधामा महिला लेखकको ऐतिहासिक अध्ययन गर्ने कार्यको प्रारम्भ भएको देखिन्छ । यस क्रममा नारीवादी लेखनको विश्लेषणका क्रममा नारीवादी साहित्य समालोचनाको समेत विकास भयो । नारीवादी समालोचनाले नारीका पक्षमा वकालत गर्ने विभिन्न प्रवृत्तिलाई आत्मसात् गऱ्यो । यस क्रममा पितृसत्ताको विरोध, पुरुष दमनबाट नारी मुक्ति, नारी स्वत्वको खोजी, पुरुष भिन्न नारी भाषाको सम्भाव्यताको खोजी, बहुलतावादी प्रवृत्ति (मार्क्सवाद, मनोविश्लेषणवाद, उत्तर संरचनावाद, विनिर्माणवाद आदि) जस्ता प्रवृत्तिलाई नारीवादी समालोचनाले आत्मसात् गरेको पाइन्छ । यसरी नारीवादी समालोचनाले विभिन्न चरणहरू पार गर्दै आफ्नै सैद्धान्तिक स्थापनालाई लिएर अगाडि बढेको देखिन्छ ।

## २.६ नारीवादी समालोचनाका प्रकार र मान्यता

नारीवादले नारीको पक्षमा वकालत गर्ने साझा अवधारणा बोकेको भए पनि यस सम्बन्धी भिन्नाभिन्नै धारले भिन्न प्रकारले आफ्नो दृष्टिकोणहरू अगि सारेको छ । तिनै पृथक् धारको विकासका क्रममा त्यसमा समाहित नारीवादका अलग अलग मतलाई यसका प्रकार मान्न

सकिन्छ । नारीवाद एवम् नारीवादी समालोचनालाई विभिन्न आधारमा वर्गीकरण गर्ने प्रवृत्ति रही आएको पाइन्छ । देशीय आधारमा वर्गीकरण गर्दा अमेरिकाली, बेलायती, फ्रान्सेली नारीवादी समालोचना भनी वर्गीकरण गरेको देखिन्छ । जस क्रममा पहिलो नारी मानसिकता र नारी लेखनको इतिहाससँग सम्बद्ध छ, दोस्रो वैचारिक दृष्टिकोण र कृति केन्द्रीयतामा आधारित छ भने तेस्रो सङ्कथनको विवेचना, भाषा, दर्शन र मनोविश्लेषणसँग सम्बन्धित रहेको छ । यस समालोचनाको अर्को विभाजन राजनीतिक, गाइनो र फ्रान्सेली नारीवादी समालोचना भन्ने नामका आधारमा गरिएको देखिन्छ भने कतिपय विद्वान्ले उदार, मार्क्सवादी, उग्र, उत्तर आधुनिक समाजवादी र उत्तर आधुनिक नारीवादी समालोचना भनी वर्गीकरण गरेको देखिन्छ । यसका साथै कतिपय विद्वान्ले लिङ्ग भेद सम्बन्धी, मनोविश्लेषणात्मक, अल्पमतमूलक नारीवादी समालोचना भनेर पनि वर्गीकरण गरेको पाइन्छ ।

यसरी नारीवादी समालोचनाका प्रकारका सम्बन्धमा विविध मत देखा परे पनि यहाँ अध्ययनको सुविधाका लागि पाश्चात्य नारीवादी सिद्धान्तलाई पहिलो, दोस्रो र तेस्रो गरी तिन धारमा विभाजन गरिएको छ । पहिलो धार नारीको मताधिकारसँग सम्बन्धित छ जसको विकास उन्नाइसौँ शताब्दीको पूर्वार्द्धबाट सुरु भएको हो । दोस्रो धार नारी स्वतन्त्रता एवम् समानता सम्बन्धी विचार र कार्यसँग सम्बन्धित छ जसको सुरुवात सन् १९६० को दशकमा भएको हो भने तेस्रो धार दोस्रो धारकै निरन्तरता, प्रतिक्रिया र अधुरा पक्षको पूर्तिसँग सम्बन्धित छ जसको विकास सन् १९९० को दशकबाट सुरु भएको हो (हिस्टोरी अफ फेमिनिज्म, २०६९ : विकिपिडिया) । पहिलो धारभित्र उदार, मार्क्सवादी, आमूल र समाजवादी गरी चार वटा नारीवादी समालोचना सिद्धान्तलाई राखिएको छ भने दोस्रो धारमा मनोविश्लेषणात्मक, उत्तर आधुनिक र उत्तर संरचनावादी गरी तिन वटा समालोचना सिद्धान्तलाई राखिएको छ । तेस्रो धार अर्थात् गौण धार अन्तर्गत जातीय/जनजातीय र सांस्कृतिक, कालावादी, नारीसमलैङ्गिक, उत्तरउपनिवेशवादी, उत्तरनारीवादी धार एवम् नारीवादी तेस्रो धार रहेका छन् । यिनै तिन धारका अलग अलग सैद्धान्तिक स्थापनालाई नारीवादी समालोचनाका प्रकार र मान्यताका रूपमा यहाँ विश्लेषण गरिएको छ ।

### २.६.१ पहिलो धार

यो धार १९ औँ शताब्दीको मध्यतिर विकास भएको वैचारिक आन्दोलन हो । यसले पहिलो पटक महिलाको समस्याका बारेमा आवाज उठायो र बिसौँ शताब्दीको पूर्वाद्धसम्म रह्यो । नारीवादको यो धार समाजतिर फर्किएको पाइन्छ । यस धारका नारीवादीहरूले नरनारीका बिचको सामाजिक भिन्नताको उत्खनन गर्दै त्यसको समाप्तिका निम्ति क्रान्ति गर्दछन् । यसमा एलिजावेथ क्याडी, स्टान्टन, लुक्रेसिया, मोट जस्ता नारीवादीहरूले अमेरिकी महिलाका समस्याहरूका बारेमा बोलेको पाइन्छ । पहिलो धार अर्थात् मूल धारका नारीवादी समालोचनामा उदार, मार्क्सवादी, आमूल र समाजवादी नारीवादी समालोचनालाई निम्नानुसार अलग अलग शीर्षकमा विश्लेषण गरिएको छ ।

#### क) उदार नारीवादी समालोचना

नारीवादी समालोचनाका विभिन्न धारहरूमध्ये उदार नारीवादी धार प्राचीन र प्रचलित मानिन्छ । अठारौँ शताब्दीमा मेरी उल्स्टन क्राफ्ट (सन् १७५९-९९) ले लेखेको **ए भिन्डिकेसन अफ द राइट्स अफ उमन** नामक कृतिबाट उदार नारीवादको विकास भएको हो । यस कृतिमा उनले अठारौँ शताब्दीको उत्तरार्धमा उदयरत पुँजीपति वर्गका महिलाहरूका आकाङ्क्षाहरूलाई स्पष्ट पारेको

देखिन्छ (एपिग्नान्सी, सन् १९९९ : १८) । यसका साथै उनले यस पुस्तकमा महिला र पुरुषका आधारभूत स्वभाव र क्षमता समरूपी छन्, समाजमा जरा गाडेर बसेको पूर्वग्राही मान्यतामा आधारित चालचलनहरू एवम् कानुनी बन्देजहरूले परिवारको साँघुरो घेराभित्र घेरी महिलाहरूलाई सार्वजनिक संसारबाट वञ्चित गरिएको र त्यसको फलस्वरूप सार्वजनिक संसारका सांस्कृतिक, आर्थिक, राजनीतिक, साहित्यिक लगायतका कामकारबाहीहरूमा पुरुषहरूसरह भूमिका खेल्न महिलाहरू सक्षम नभएका देखिन्छन् तर वास्तवमा महिलाहरूको सार्वजनिक क्षेत्रमा रहेको निष्क्रियता न नारीजातिको प्रकृतिसँग सम्बन्धित छ न त क्षमतासँग नै, बरु यो निष्क्रियता त पुरुषप्रधान समाजव्यवस्थाको अनिवार्य परिणाम हो भन्ने भाव प्रस्तुत गरेकी छन् । यसका साथै क्राफ्टले नारीलाई पुरुष सरह शिक्षाको अवसर प्रदान गरेर पारिवारिक वातावरण प्रभावकारी बनाउन सकिने विचार प्रस्तुत गरेको पाइन्छ (टङ, सन् १९८९ : १५) । क्राफ्टपछि यस धारलाई अगाडि बढाउने विचारकहरूमा ह्यारिट टेलर (सन् १८०७-५८), जोन स्टुआर्ट मिल (सन् १८०६-७३), एलिजावेथ केडी स्टन्टन (सन् १८१५-१९०२) र बेट्टी फ्राइडनको नाम उल्लेखनीय देखिन्छ ।

उदारतावाद राजनीतिक विचारधाराको सम्प्रदाय हो । यसको विकास पुनर्विचार र पुनर्संरचनाको प्रक्रियाबाट भएको मानिन्छ । यसले उदार नारीवादी विचारको तहको निर्धारणमा अप्ठ्यारो बनाउँछ । एलिसन जागरको **फेमिनिस्ट पोलिटिक्स एन्ड ह्युमन नेचर**मा मान्छेको स्वभाव मानव व्यक्तिका रूपमा पृथक् हुनुको कारण हाम्रो तर्कयुक्त क्षमताले हो भन्ने धारणालाई उदार राजनीतिक विचार अँगालिएको धारणा भनी मूल्याङ्कन गरिएको छ । उदारहरू धेरै बाटोबाट कारणको परिभाषा गर्ने कोसिस गर्छन् । राजनीतिक उदारवादीहरूले वस्तुमा बढी मह□व दिन्छन् । मान्छेले वस्तुमाथि आङ्खनै अर्थात् वैयक्तिक अधिकार स्थापित गर्न खोज्छ भन्ने यिनीहरूको सोचाइ छ । यस्तै धार्मिक स्वतन्त्रतामा पनि यिनीहरूले ध्यान दिएको पाइन्छ । तथाकथित शास्त्रीयतावादी उदारता र समतावादी उदारतामा वैचारिक भिन्नता देखिन्छ । शास्त्रीय उदारता ( सम्पत्ति अधिकार, भोटको अधिकार, बोलीको स्वतन्त्रता, धर्मको स्वतन्त्रता, संगठनको स्वतन्त्रता) आदर्श राज्यमा नागरिक स्वतन्त्रताको रक्षा र स्वतन्त्र बजारप्रति अहस्तक्षेपसँग सम्बन्धित छ भने समतावादी उदारतामा आर्थिक न्यायभन्दा नागरिक स्वतन्त्रतामा जोड दिइन्छ । तापनि उन्नाइसौं शताब्दीको उदार नारीवादीहरू शास्त्रीयतावादी अर्थात् स्वतन्त्रतावादीसँग मेल हुन्छन् । बिसौं शताब्दीको उदार नारीवाद भलाइ अर्थात् समतावादी आकारसँग मेल खान्छ । उदार नारीवादी नै नभए पनि सुसन उइन्डेलले आधारभूत उदार नारीवादी बयान गर्दै भन्छिन् : म सुरक्षित रहेर के भन्छु भने उदार नारीवाद समाजवादसँग प्रतिबद्ध छैन अथवा यो समाजवादी नारीवाद हुन सक्छ ( टङ, सन् १९८९ : १२) । यसर्थ उदार नारीवादीहरूले अवसरको समानता सम्बन्धी मान्यतालाई स्वीकार गरेको पाइन्छ ।

उदार नारीवादले शैक्षिक अवसर, नागरिक अधिकार, प्रजनन सम्बन्धी अधिकार र समान श्रमको समान ज्याला, व्यक्तिगत स्वतन्त्रता, सार्वभौमिकता, सामाजिक बन्धनबाट मुक्ति जस्ता मागहरू अगि सारेको देखिन्छ । उदार नारीवादले यी विभिन्न अधिकारका लागि कानुनी, राजनीतिक र संस्थागत रूपमा समेत सङ्घर्ष गर्दै अगाडि बढेको पाइन्छ । यसले महिला र पुरुषमा समाजले स्थापना गरेको प्राकृतिकभन्दा सामाजिक विभेदको विरोध गर्दछ । साथै महिला र पुरुषमा सहकार्य हुनुपर्छ भन्दै क्रान्ति गर्नभन्दा पनि सुधारको अपेक्षा गर्छ । लिङ्गका आधारमा समाजले गर्ने विभेदले महिलाहरू विभिन्न अवसरबाट वञ्चित भएको भन्दै यसले प्रतिस्पर्धामा र योग्यताको मापनमा बाधा पुऱ्याएको विचार व्यक्त गर्दछ । यसैले महिलालाई उचित सामाजिक हैसियत प्राप्त

गराउनका लागि राज्यले नै हस्तक्षेपकारी नीति अँगाल्नुपर्छ भन्दै उदार नारीवाद राज्य पक्षमाथि भर पर्दछ । यिनीहरूले प्राचीन समयदेखि नै महिलालाई पूर्ण सामाजिक सहभागिता र सार्वजनिक जीवन नदिइएको ठहर गरेका छन् । उदार नारीवाद समान अधिकार र सुधारसँग सम्बन्धित छ । यसले वर्ग विभाजित उचनीचमय समाज व्यवस्थाभित्र केवल मध्यमवर्गीय महिलाहरूका निम्ति मध्यमवर्गीय पुरुषसरह स्थान र अधिकारको माग गरेको छ अनि त्यस समाजव्यवस्थाबाट अत्यन्तै शोषित मजदुरवर्गीय महिलाहरूको हकमा कल्याणकारी क्रियाकलापका पक्षमा वकालत गरेको छ ।

फ्रान्सेली नारीवादी सिमोन द बुभायरको **सेकेन्ड सेक्स** (सन् १९४९) को प्रकाशनबाट नारीवादी आन्दोलनले पहिलो धारलाई समाप्ति र दोस्रो धारको प्रारम्भ भएको मानिन्छ । पहिलो धारको भन्दा पृथक् ढङ्गले महिलामाथिका विभेदलाई प्रस्तुत गर्दै आधुनिक नारीवादका प्रश्नलाई अगाडि सारिएको बुभायरको प्रस्तुत पुस्तकमा महिलाको आफ्नो छुट्टै इतिहास छैन, प्राकृतिक सहअस्तित्व छैन र सङ्गठित दबाब समूह पनि छैन, उसको पहिचान भनेको पुरुषको 'अर्को पक्ष' हुनु हो भन्ने विचार प्रस्तुत गरिएको पाइन्छ । यसका साथै कानुनविद्, पुरोहित, दार्शनिक, लेखक, वैज्ञानिक सबै सन्दर्भमा पुरुषकै प्रभुत्व स्थापित छ र महिलाको यो 'दोस्रो दर्जा' स्वर्गमै निर्धारित भएको हो भन्ने खालका दृष्टिकोणहरूको पृष्ठभूमिको विरोधमा बुभायरको **सेकेन्ड सेक्स** भन्ने पुस्तक लेखिएको पाइन्छ । सिमोनले 'यौन' र 'लिङ्ग' को भिन्नतालाई 'प्राकृतिक' र 'सामाजिक' सन्दर्भसँग जोड्दै महिला जन्मँदै महिला नभएर समाजले मानिसमा लादेको रुढिग्रस्त विचारले महिला बनाउँछ भन्ने विचार प्रस्तुत गरेकी छन् । यसका साथै उनले स्त्रीको जैविक स्थिति, मनोवैज्ञानिक पक्ष, ऐतिहासिक पक्ष, मिथक, बचपन, युवती, विवाहिता, मातृत्व, वेश्या, प्रेमिका वृद्धावस्था आदिका सम्बन्धमा आफ्नो विचार प्रस्तुत गरेकी छन् (बुभायर, साल ? : १२-३५९) । यसरी नारीवादी दोस्रो धारको प्रारम्भकर्ता भनिए पनि उनको वैचारिक दृष्टिकोणले लैङ्गिक विभेदका विरुद्ध क्रान्तिमा भन्दा सुधारमा जोड दिएको हुनाले उनलाई उदार नारीवादको पहिलो धारको सबैभन्दा सशक्त विचारकका रूपमा लिन सकिन्छ ।

ह्यारिट टेलरले महिलाहरूलाई घर बाहिरको कार्य गर्ने स्वतन्त्रता निकै आवश्यक वस्तु हो भन्ने विचार व्यक्त गर्दै महिलालाई विभिन्न स्वतन्त्रताको आवश्यकता भएको बताएकी छन् । यस क्रममा उनले हरेक तहको औपचारिक शिक्षा, औद्योगिक उत्पादनमा सहयोगी, कानुनी प्रशासन, नगर राज्य, अदालत, कार्यपालिका लगायत हरेक क्षेत्रमा समान अवसर जस्ता पक्षमा महिला स्वतन्त्रताको वकालत गरेको पाइन्छ (टङ, सन् १९८९ : १८) । यसपछि जोन स्टुआर्ट मिलले महिलाहरू समान छन् तर पुरुषसरह काम गर्न सक्दैनन् भन्नु गलत बुझाइ हो भन्ने मत राखेको पाइन्छ । उनले जैविकीय रूपमा महिला र पुरुषबिच केही फरक अवस्था भए पनि बौद्धिक र नैतिक रूपमा फरक छ भन्ने सामाजिक मान्यतालाई स्विकार्न नसकिने बताएका छन् । टेलर र मिलको यस किसिमको अभिव्यक्तिबाट दुबैमा सुधारवादी प्रवृत्ति रहेको स्पष्ट हुन्छ ।

बिसौं शताब्दीकी बेट्टी फ्राइडनको सन् १९६३ मा प्रकाशित **फेमिनिन मिस्टिक**मा महिलाका विविध पक्षमा चर्चा गरिएको पाइन्छ । फ्राइडनले सार्वजनिक संसारबाट बाहिऱ्याइएका महिलाको पीडा र अपराधबोधलाई प्रस्तुत पुस्तकको मूल स्रोत बनाएकी छन् । उनले महिलाहरूमाथि हुने गरेका पारिवारिक जीवनका दबाब र त्यसको सीमाभन्दा परको कुनै ठूलो लक्ष्य लिन नसकी 'महिलापन'का सेरोफेरोमा रमाउनुमा उनीहरूले महसुस गर्नु पर्ने पूर्णतालाई आफ्नो पुस्तकमा प्रस्तुत गरेको देखिन्छ । यसका साथै उनले यस पुस्तकमा महिला शक्तिहीन वर्ग हो भन्ने मान्यता र बुझाइमा असहमति जनाउँदै परम्परागत कार्यबाट महिलाहरू बाहिर उत्रेर कार्य गर्न सक्छन्

भन्दै महिलालाई घर बाहिरको कार्यप्रतिको आवश्यकता समेत औँल्याएको पाइन्छ । यसरी फ्राइडनले महिलाका वाणीहीन समस्याहरूलाई उल्लेख गरेको प्रस्तुत पुस्तक उदार नारीवादको सर्वोत्तम नमुना पुस्तक बन्न पुगेको छ ।

उदार नारीवादले महिला मुक्ति र स्वतन्त्रतासँग सम्बन्ध राखेको पाइन्छ । महिलाहरूलाई सामाजिक सांस्कृतिक मान्यताले समाजमा निर्दिष्ट कार्य विभाजनको स्वरूप निर्धारण गरेको छ भन्ने मान्यता यसमा पाइन्छ । यसले महिलाहरूलाई स्वतन्त्रता र समान अवसर प्रदान गर्न सकिएमा, महिलाप्रतिको गलत मान्यता र सामाजिकीकरणको प्रक्रियाबाट समाजलाई मुक्ति दिलाउन सकिएमा मात्र महिला विकासको अवस्था सफल हुनसक्छ भन्ने मान्यता राख्छ (लिवेरल फेमिनिज्म, २०६८ : विकिपिडिया) ।

उदार नारीवादीहरूले समाजमा महिलाहरू घरभित्रका आय नहुने तथा नियमित र दैनिक कम मह□वका कार्यमा सीमित छन् तर पुरुषहरू घर बाहिरका आय आर्जन गर्न सकिने कार्यमा संलग्न भएका हुन्छन् भन्दै यसबाट मुक्त गर्न नसकेसम्म महिलाहरू माथि उठ्न सक्दैनन् भन्ने विचार प्रकट गरेको पाइन्छ । यसका साथै उदार नारीवादीहरूले महिलाको अवस्था सुधार गर्न कानुनी र सांस्कृतिक बन्देजको खारेजीको आवश्यकता ठान्छन् । महिला तथा पुरुषहरूबिच रहेका लैङ्गिक विभेदयुक्त कार्य विभाजन, यौन व्यवहार, पारिवारिक संरक्षण तथा सामाजिक भूमिका र उमेरको विभेदका विरुद्धमा स्वतन्त्रताको आवाज उठाउने उदार नारीवादले प्रत्येक खालका लैङ्गिक विभेदको शृङ्खलाहरूलाई राजनैतिक तथा कानुनी विकासबाट परिवर्तन गर्न सकिन्छ भन्ने मान्यता राख्दछ (लिवेरल फेमिनिज्म, २०६८ : विकिपिडिया) । यस्तै समान उत्तरदायित्व, शिक्षा, सञ्चार आदिको विकास, कार्यमा समान ज्याला, राजनैतिक स्वतन्त्रता, प्रजातन्त्र, आर्थिक तथा सामाजिक स्वतन्त्रताले पनि लैङ्गिक विभेद हट्न सहयोग गर्छ भन्ने यिनीहरूको मत छ ।

अमेरिकी महिलाले नेतृत्व गरेकाले विश्वका समस्त गरिब महिलाको अवस्थालाई आत्मसात् गर्न नसकेको, राजनीतिबाट बढि प्रेरित भएको, स्वतन्त्रतालाई जोड दिए पनि महिला शोषण, असमानता, बेचविखन, व्यापारमा महिलाको प्रयोगलाई समेट्न नसकेको, संरचनात्मक परिवर्तन र वर्गीय आधारमा समाजको व्याख्या विश्लेषण गरे मात्र लैङ्गिक विभेद हट्न सक्ने कुरालाई बिर्सेको जस्ता विभिन्न आलोचना उदार नारीवाद माथि गरिएको पाइन्छ (टङ, सन् १९८९ : ३१-३७) ।

यसरी विभिन्न आलोचना खेपेको भए पनि उदार नारीवादले लैङ्गिक विभेद हटाई महिला मुक्ति गर्ने सम्बन्धमा निकै महत्त्वपूर्ण विश्लेषणात्मक आधार तयार गरेको पाइन्छ । यस्तै यसले महिलाको विकास र मुक्तिका लागि पुरुषहरूको भूमिकालाई आत्मसात् गर्दै वर्तमान सामाजिक संरचनामा नै बसेर महिला मुक्तिको सम्भावना रहेको बताउनुका साथै महिलाको सार्वजनिक र नीजि क्षेत्रमा समान पहुँच, पुनरुत्पादन अधिकार, स्वनिर्भरता, स्रोत माथिको समान पहुँच, समान कार्यभार तथा ज्याला लगायतका पक्षलाई जोड दिएको पाइन्छ ।

**ख) मार्क्सवादी नारीवादी समालोचना**

मार्क्सवादी नारीवादलाई समाजवादी नारीवादका रूपमा पनि लिइएको पाइन्छ । समाजवाद र मार्क्सवादका धेरैजसो सैद्धान्तिक विचारहरू मेल खाने देखिए पनि समाजवादी नारीवादले लिङ्ग र वर्गलाई महिला दमनको लगभग समान भूमिकाका रूपमा वर्णन गर्नुमा विश्वास गर्दछ भने मार्क्सवादी नारीवादले महिलाको अवस्था र कार्यको वर्णनका लागि वर्गीय आधार उत्तम हुने

कुरामा विश्वास गर्दछ । पुँजीवादको समान दमनमा पनि वुर्जुवा नारीहरू सर्वहारा नारी जति दमनको अनुभव गरिरहेका हुँदैनन् तसर्थ पुँजीवादी दमनभित्र वुर्जवाभन्दा सर्वहारा वर्गका नारीहरू दमित हुन्छन् । यसका अतिरिक्त मार्क्सवादी नारीवादले भने दुबैथरी नारीलाई वैयक्तिक रूपमा भन्दा पनि राजनीतिक, सामाजिक, आर्थिक संरचनामा पुँजीवादले गरेको दमनलाई समेटेको देखिन्छ (टङ, सन् १९८९ : ३९) ।

पाश्चात्य मुलुकमा सन् १९६० र १९७० का दशकमा नारीवादका क्षेत्रमा अन्य साहित्यिक सिद्धान्तको विकास सँगसँगै मार्क्सवादी नारीवादको पनि विकास भएको पाइन्छ । मार्क्सवादको उत्पत्ति र विकासको सन्दर्भलाई हेर्दा फ्रेडरिक एङ्गेल्सको कृति **ओरिजिन अफ द फ्यामिली, प्राइभेट प्रोपर्टी एन्ड द स्टेट** (सन् १८४५) लाई लिन सकिन्छ जसमा मानिसको पारिवारको सांगठनिक सम्बन्धमा भौतिक अवस्थाले कसरी प्रभाव पार्छ भन्ने कुराको अध्ययन गरेका छन् (एङ्गेल्स, सन् १९७२ : १०३) । यस कृतिमा ऐतिहासिक भौतिकवादमा सिकारी युगदेखि औद्योगिक क्रान्तिकालसम्मका उत्पादनका सिलसिलामा भएका परिवार र कामको सामाजिक संरचनामा आएको परिवर्तनलाई उनले प्रस्ट पारेका छन् । यस्तै यस पुस्तकमा उनले समाज विकासको ऐतिहासिक विकासक्रमलाई औंल्याउने क्रममा मातृसत्ताको पतन, पितृसत्ताको उदय र त्यसको क्रमिक विकास, आफूले अरूसँग युद्ध गरेर जितेर ल्याएका पशु र मानिसमाथिको पुरुषको आधिपत्य, विवाहको शैलीमा परिवर्तन, सम्पत्तिको उत्तराधिकारीको खोजीका क्रममा एकनिष्ठ विवाह र महिलामाथि पातिव्रत्यको अनुशासन जस्ता कुराको विस्तृत व्याख्या गरेका छन् । यसका साथै यस कृतिमा उनले समाजमा रहेको लैङ्गिक विभेदको कारक तत्त्वहरू र विश्लेषणका तरिकाहरूको उल्लेख गरेको पाइन्छ । उनले यस कृतिमा नारीहरू जैविक कारणले नभई सामाजिक सम्बन्ध र महिलामाथि शासन गर्ने पुरुषकेन्द्रित पारिवारिक संस्थाका कारण दमनमा परेको बताएका छन् (मार्क्सिस्ट फेमिनिज्म, २०६८ : विकिपिडिया) । यसमा एङ्गेल्सले गरेको ऐतिहासिक मानवविकासको विश्लेषण अनुसार पशुपालन उत्पादन पद्धतिबाट सुरू भई कृषि उत्पादन पद्धतिको विकाससँगै व्यापक रूपमा विस्तार र स्थापित भएको निजी सम्पत्तिप्रणाली र लैङ्गिक श्रम विभाजनको विस्तारले महिला उत्पीडनको सुरुवात भएको देखिन्छ । आम उत्पादन पद्धतिमा भएका यी परिवर्तनका क्रममा महिलाहरूको उत्पादनका साधनबाट वञ्चित गरिएको थियो र सामाजिक पुनरुत्पादनलाई उत्पादनबाट छुट्याएर महिलाहरूलाई पारिवारिक परिवेशमा सीमित तुल्याइएको थियो भन्ने उनको मत छ । मार्क्स र एङ्गेल्सको यस किसिमको मतलाई लिएर मार्क्सवादी नारीवादीले थप विश्लेषण गरेको मानिन्छ । मार्क्सवादी नारीवादीले उत्पादन भन्ने अवधारणालाई फराकिलो पार्दै घरायसी महिलाहरू र पुँजीवादी श्रम बजारमा निर्भर मजदुरहरूको उत्पीडनलाई जोडेर घरायसी कामका लागि ज्याला जस्ता तात्कालिक मागहरू अगि सारेको पाइन्छ (टङ, सन् १९८९ : ४७-५१) ।

मार्क्सवादी नारीवादले एकातिर वर्गलाई नै सङ्घर्षको मूलभूत आधारको रूपमा स्थापित गरेको छ जस अनुसार वर्ग सङ्घर्षमार्फत मात्रै लैङ्गिक, जातजातीय आदि कुराहरूमा आधारित उत्पीडनलाई समाप्त गर्न सम्भव हुन्छ भने अर्कातिर समाजवादी उत्पादन पद्धति स्थापना गरेपछि उत्पीडनका उक्त रूपहरू आफैं विलय हुने होइन भन्ने कुरालाई स्वीकारेको हुनाले वर्गसङ्घर्ष र नारीमुक्ति सङ्घर्षका सम्बन्धमा यो जटिल बनेको देखिन्छ ।

मार्क्सवादी नारीवादी जर्मनीकी क्लारा जेट्किन लगायत थुप्रै महिलाहरूले आम वर्गसङ्घर्षमा महिलाहरूको सहभागिता र सक्रियतालाई वृद्धि गर्न प्रयत्न गरेको देखिन्छ । वर्ग सङ्घर्षलाई

प्राथमिकता दिँदै उनीहरू मजदुर आन्दोलनहरूसँग समेत संलग्न भएको पाइन्छ । मिचेल ब्यारेटको **उमन्स अप्रेसन टुडे** (सन् १९८०) नामक पुस्तकमा मार्क्सवादी नारीवादको उद्देश्य भनेको लैङ्गिक आधारमा हुने दमनको पहिचान र त्यसबाट उनीहरूमा पर्न जाने विभेद अर्थात् ऐतिहासिक भौतिकवादद्वारा उत्पादन र पुनरुत्पादनको प्रक्रियाको सम्बन्धको समेत पहिचान गर्नु हो भनिएको पाइन्छ (ब्यारेट, सन् १९८० : ९) । यसका साथै उनले प्रस्तुत पुस्तकमा वर्तमान पुँजीवादी समाजको भौतिकवादी विश्लेषणसँगको लैङ्गिक सम्बन्धलाई जोड्दै मार्क्सवादी नारीवादले अगाडि सारेको 'पितृसत्ता' भन्ने शब्द जैविक आधारको शक्ति सम्बन्धमा नभएर वर्ग विश्लेषणमा आधारित छ भन्ने तर्क राखेकी छन् । मिचेलले पितृसत्ताले दमनको ऐतिहासिक र सार्वभौम सिद्धान्तको प्रतिनिधित्व गर्ने कुरा बताउँदै पुँजीवादी अर्थतन्त्रमा महिला-दमन नगर्दा पनि काम चल्न सक्छ तर आजको पुँजीवादले उत्पादन एवम् पुनरुत्पादनका सिलसिलामा भौतिक आधारमा नै महिला दमनलाई कार्यान्वित गरेको छ भन्ने कुरा औंल्याएको पाइन्छ (हबिब, सन् २००५ : ६९३-६९७) । यसर्थ मार्क्सवादी नारीवादी धारलाई अगाडि बढाउने व्यक्तिहरूमा केट मिलेट, मार्गरेट मिड, मिसेल ब्यारेटको नाम उल्लेखनीय रहेको छ ।

मार्क्सवादी नारीवादले सचेत रूपमा सामाजिक अस्तित्वको मापन गर्ने कुरामा विश्वास राख्छ । 'महिलाहरूको काम नै हुन्न' भन्ने टुक्कालाई लिएर नारी कामको प्रकृतिको व्याख्या गर्ने परम्परासँग यिनीहरू असन्तुष्ट देखिन्छन् । महिलाले गरेका घरायसी कार्यको कुनै मूल्य नभएको भन्दै त्यसलाई मायाको प्रतीकका रूपमा मात्र लिने गरिएको भनाइ यिनीहरूको देखिन्छ । मार्क्सवादी नारीवादले किन महिलाहरू पुरुष दमनमा नपरेर महिलाहरू दमनमा परेका छन् भन्दै हामीले नारी कार्यको ढाँचा र नारीको आफ्नै छवि बिचको सम्बन्धलाई विश्लेषण गर्नु आवश्यक छ भन्ने मत राखेको पाइन्छ (टङ, सन् १९८९ : ४०) ।

मार्क्सले पुँजीवादलाई प्राथमिक स्तरमा शोषणमूलक शक्ति सम्बन्धको पद्धति भनेका छन् । उनले पुँजीवादी समाजको विश्लेषण गर्दा समाजमा पुँजीपति र मजदुर दुई वटा वर्गको अस्तित्व देखाएका छन् । उत्पादित मूल्यमा उत्पादन कर्ता अर्थात् श्रमिकको अधिकार हुने भए पनि मालिकहरूले श्रमिकलाई कम मूल्यमा काम लगाई त्यसबाट आएको अतिरिक्त मूल्य आफैँ लिने प्रवृत्तिले श्रमिकको शोषण भएको उनको मत छ । अझ उत्पादन अनुसार कामदारलाई श्रमको मूल्य दिने प्रवृत्तिले मालिकले मानव शक्ति र बुद्धि किनेको छ र जतिसक्दो मुनाफा हात पारेको छ भन्ने उनको अभिप्राय छ (टङ, सन् १९८९: ४१) । महिलाका नाममा कुनै सम्पत्ति नहुने र उनीहरूले कमाएको श्रीमान्को अधिकारमा पुग्ने भएकाले महिला पनि स्वतः मजदुर वर्गमा पर्ने मार्क्सको अवधारणालाई मार्क्सवादी नारीवादले आत्मसात् गरेको हुनाले मार्क्सबाट यिनीहरूले प्रेरणा लिएको देखिन्छ ।

महिलाको मुख्य जिम्मेवारी घरभित्रै हुने र कतिपय महिलाहरू कारखानाको आवश्यकताले गर्दा त्यहाँसम्म पुगे भने पनि दोहोरो दमनमा पर्ने तथ्यलाई मार्क्सवादी नारीवादीहरूले अघि सारेका छन् । घरायसी काममा संलग्न महिलाले त पुरुषको आर्थिक आम्दानीमा निर्भर हुनुपर्ने बाध्यता भएको तर महिलाले घरमा गर्ने कार्यको कुनै लेखाजोखा नहुने हुँदा पुरुषको प्रत्यक्ष दमनमा रहनुपर्ने अवस्थालाई मार्क्सवादी नारीवादले उजागर गरेको छ भने बाहिरी काममा जाने महिलालाई समान कार्यमा पनि पुरुषको भन्दा कम ज्याला दिने र अनेक किसिमका कर्तुतले काम गर्न असहज स्थिति सिर्जना गरिदिने जस्ता प्रवृत्तिले महिला माथि दमन भएको सन्दर्भलाई पनि मार्क्सवादी नारीवादले वकालत गरेको छ । यस किसिमको अवस्थामा महिलाहरू पुँजीपतिको दमन

मात्र नभएर पुरुषको समेत दमन खेप्न बाध्य भएकाले दोहोरो दमनमा परेको देखिन्छ जसको प्राथमिक आधारका रूपमा लैङ्गिक विभेदलाई लिन सकिन्छ । मार्क्सवादी नारीवादले सबै महिलाहरूले गृहस्थीकर्म र बच्चाको लालनपालनको पारिश्रमिक पाउनुपर्छ, मायाकै भरमा मात्र त्यत्तिका जिम्मेवारी लिन सकिन्न भन्ने प्रस्ताव राखेको पाइन्छ ।

मार्क्सवादी नारीवादले महिलाहरू आत्मनिर्भर हुनुपर्ने, आर्थिक पक्षमा आश्रित हुन नहुने, घरेलु काम बापत उचित भत्ता तथा सुविधा पाउनु पर्ने कुरामा जोड दिन्छ (टङ, सन् १९८९: ५९) । अनुभूति र विचारका दृष्टिले महिला र पुरुष फरक-फरक देखिए पनि उनीहरूको मस्तिष्कको बनोट नै फरक किसिमको नभई उनीहरूको जीवनको अनुभूति नै फरक भएर महिला र पुरुष फरक देखिएका हुन् भन्ने धारणा यिनीहरूको छ । मार्क्सवादी नारीवादले महिलाको वर्गीय चेतनालाई नारीवादको आधारभूत सिद्धान्त मान्छ र आर्थिक विभेद नै लैङ्गिक विभाजनको आधार बनेको कुरालाई स्विकार्छ । यसले पहिला 'वर्ग' को जन्म भयो र पछि त्यसैका आधारमा महिलाहरू शोषित हुन थाले भन्ने मत राखेको पाइन्छ (बिस्ले, सन् १९९९ : ६१) । मार्क्सवादले समाजको विश्लेषण गर्ने क्रममा 'आधार' र 'अधिरचना' जस्ता पदावलीलाई अघि सारेको छ । यसले 'आधार' का आधारमा 'अधिरचना' को जन्म हुने र वर्ग 'आधार'भित्र एवम् लिङ्ग 'अधिरचना'भित्र पर्ने बताएको पाइन्छ । यसका साथै यसले आर्थिक आधार तयार भएपछि बल्ल 'विचार' को जन्म हुने र लैङ्गिक समता-विषमताका कुरा त्यही विचार अन्तर्गत आउने सन्दर्भलाई पनि अगि सारेको छ । यसैले समाजको आर्थिक आधारका रूपमा 'वर्ग' र अधिरचनाका रूपमा 'लैङ्गिक विभेद' देखा परेको छ (बिस्ले, सन् १९९९ : ६१) ।

मार्क्सवादी नारीवादले समाजका सबै प्रकारको विभेदको कारक तत्त्व पुँजीवादी संरचनालाई ठान्छ । वर्तमान समयमा वर्गीय दमनलाई हटाउन नसके लैङ्गिक विभेद हट्न नसक्ने उनीहरूको तर्क छ । यसका साथै उनीहरूले पुँजीवादी व्यवस्थाभित्र रहेका घरायसी तहको वा पारिवारिक तहको श्रम विभाजनको प्रणाली, प्रक्रिया र मान्यता माथि तीव्र आलोचना गरेका छन् । यस पुँजीवादी ढाँचामा परिवारस्तरबाटै श्रमको शोषण भएको छ, कम वेतन दिइएको छ, कमसल काममा लगाइएको छ, गलत सामाजिकीकरणको प्रक्रिया अवलम्बन गरिएको छ, घरायसी कार्यलाई उत्पादनशील कार्यका रूपमा गणना गरिएको छैन भन्ने मत अघि सार्दै यी सबैका पछाडि पुँजीवादी उत्पादन उद्देश्य गाँसिएको कुरा समेत उठाएका छन् । मार्क्सवादी नारीवादीहरूले सामाजिक न्याय, अधिकार तथा समानता जस्ता पक्षलाई पुँजीवादको व्याख्याले अत्यन्तै कमजोर पारेको भन्दै वर्तमान संरचनामा समान ज्याला, काममा समानता, न्यायपूर्ण दृष्टिकोण, कार्यको मूल्याङ्कन, व्यावहारिक श्रम विभाजन आदिलाई जोड दिएको पाइन्छ (टङ, सन् १९८९: ६७) ।

मार्क्सवादी नारीवादले जैविकीय रूपमा महिला र पुरुष बिच विभेदको सिर्जना भएको नभई वर्गीय समाजको स्वरूप उत्पत्ति भएदेखि लैङ्गिक विभेद देखिएको मान्यता राख्दछ । प्राचीन साम्यवादमा लैङ्गिक विभेद नभएको भए पनि पछिल्लो समयमा सम्पत्तिमाथि व्यक्तिगत स्वामित्व बढ्दै गएपछि महिला र पुरुषमा विभेदको स्थिति सिर्जना भएको उनीहरूको धारणा छ । यसर्थ लैङ्गिक विश्लेषण गर्दा सर्वप्रथम समाजको वर्गीय विश्लेषण र त्यसपछि मात्र लैङ्गिक विश्लेषण गर्नुपर्छ भन्दै वर्गीय समाजको विनाशपछि मात्र लैङ्गिक समता कायम हुने तर्क प्रस्तुत गरेको पाइन्छ । हरेक वर्गमा महिलाहरू शोषित र कम शक्तिशाली भएको भन्दै पुँजीवादी समाजका छोराको महत्त्व तथा पितृसत्तात्मक परिवारमा पैतृक सम्पत्तिको हस्तान्तरणले लैङ्गिक विभेदको सिर्जना भएको भन्ने मान्यता यिनीहरूको देखिन्छ । यसका साथै यिनीहरूले पुँजीवादी व्यवस्थामा कम ज्याला, कम

सामाजिक इज्जत, स्वतन्त्रताको अभाव तथा जीवनका अवसरहरूमा कम पहुँच रहनाले लैङ्गिक विभेद सिर्जना भएको भन्दै वर्गीय संरचना र पुँजीवादलाई महिलाका समस्याका कारक तत्त्व मानेको पाइन्छ (कुरियन, सन् २००१ : १३९) ।

महिला माथिको दमनको कारकका रूपमा मार्क्सवादी नारीवादले वर्गीय विभेदलाई मूल कारक ठानेको प्रति असन्तुष्टि व्यक्त गर्दै यसभन्दा भिन्न अन्य पक्ष पनि महिला दमनको कारक हुन सक्ने आलोचकको ठम्याइ छ । समाजमा महिलामाथि गरिने अत्याचार, यौन शोषण, सामाजिक बन्देज आदि पक्षबाट पनि महिला आक्रान्त छन् भन्दै सूक्ष्म ढङ्गले महिला विभेदको कारक तत्त्वको खोजी गर्न नसकेको आरोप आलोचकहरूले लगाएका छन् (टङ, सन् १९८९: ६१-६६) । यसका साथै मार्क्सवादी नारीवादले महिला पुरुषका कारण मात्र दमनमा नपरेको, पूर्ण रूपमा लैङ्गिक विभेद हटाउन नसकिने, यौन शोषण, सामाजिक सांस्कृतिक विभेद, अधीनता जस्ता पक्षलाई गहन रूपले उठाउन नसकेको जस्ता आलोचनाहरू खेपेको देखिन्छ । यसलाई पुँजीवादका एकपक्षीय आधारमा आलोचना गरेको तर त्यसका राम्रा पक्षलाई आँखा चिम्लेको साथै पारिवारिक आवश्यकता, मिलाप, सहयोगप्रति बेवास्ता गर्दै परिवारलाई आर्थिक एकाइ र शोषणको माध्यमका रूपमा मात्र लिएको भन्ने आरोप पनि लगाएको पाइन्छ । यी विभिन्न आलोचना खेपे पनि महिला दमनमा पुँजीवादी व्यवस्थाको वर्गीय विभाजनले पारेको असरलाई प्रभावकारी ढङ्गले पुष्टि गर्नु मार्क्सवादी नारीवादको सबल पक्ष हो ।

**ग) उग्र नारीवादी समालोचना**

उग्र नारीवाद पश्चिमी समाजमा सन् १९६० को दशकमा सुरु भएको युवा आन्दोलनबाट सिर्जना भएको हो । यस समयमा समाजमा सशक्त रूपमा उठेका यौनिकता र यौन सम्बन्धको राजनीतिक पक्षलाई यी नारीवादीले प्रमुख सबालका रूपमा अगि बढाएको पाइन्छ । महिला उत्पीडनको जरो केलाउने क्रममा यसले समाजमा विद्यमान नारी उत्पीडनलाई समूल नष्ट गर्नुपर्छ भन्ने दृष्टिकोण अगाडि सारेको छ । नारी घरभित्रै सबैभन्दा बढी लैङ्गिक विभेदमा परेकी छ र त्यसको प्रमुख कारण नारीपुरुषका बिचको वैवाहिक सम्बन्ध हो भन्दै आमूल नारीवादले विपरीतलिङ्गीका बिचको वैवाहिक सम्बन्धलाई पूरै निषेध गरेर महिला-महिलाका बिचमै वैवाहिक सम्बन्ध स्थापित गर्दै नारीसमलैङ्गिक नारीवाद (लेस्वियन फेमिनिज्म) को सिद्धान्त अगाडि सारेको छ । सामाजिक परिवर्तनका सन्दर्भमा यस्तो पाइला आमूल उच्छेदनको प्रवृत्तिको ठहरिने हुनाले यस प्रकारको नारीवादी धारको नाम नै 'आमूल' अर्थात् 'उग्र' (रेडिकल) रहन गएको देखिन्छ । यो स्थापित सामाजिक संरचनाको प्रतिपक्षका रूपमा देखिएको छ (त्रिपाठी, २०६७ : ८५) ।

उग्र नारीवादले पितृसत्ताले सामाजिक लिङ्ग तथा नारीत्वलाई पुरुषको यौन प्रभुत्व तथा महिलाहरूको यौन समर्पणलाई बढाउने ढङ्गले निर्माण गरेको छ भन्ने मान्छ । नग्न तस्विरहरूको प्रदर्शन, वेश्यावृत्ति, यौन दुर्व्यवहार, बलात्कार, महिलामाथिको कुटपिट, खुट्टा बाँध्ने प्रथा, सतीप्रथा, भगाङ्कुर काटेर फालिदिने प्रथा, बोक्सीको आरोपमा जलाउने तथा प्रसूति स्वास्थ्य विज्ञान जस्ता माध्यमहरूबाट पुरुषहरूले आफ्नो आनन्दका निम्ति महिलाहरूको यौनिकता माथि नियन्त्रण जमाएका कुराहरू ठोस उदाहरणका रूपमा उनीहरू प्रस्तुत गर्दछन् । उग्र नारीवादीहरू महिला-उत्पीडन राजनीतिक र आर्थिक संस्थापनाहरूमा सुधार गर्दैमा मेटिन सक्तैन, वर्तमान लैङ्गिक व्यवस्थामा परिवर्तन त नारीवादीहरूले मात्रै ल्याउन सक्छन् भन्छन् (टङ, सन् १९८९: १३७) ।

उदार नारीवादी समूहबाट सन् १९६८ मा टाइ-ग्रेस एट्किन्सनका नेतृत्वमा एउटा समूह अलग भएर उग्र नारीवादी समूह स्थापित भयो जसले सुधारमा जोड दिने उदार नारीवादप्रति असन्तुष्टि जनाउँदै महिला उत्पीडनको प्रमुख कारकका रूपमा पुरुष र पितृसत्तालाई लिएर त्यसको विरोध गऱ्यो । यसले महिलाहरूको मात्रै एउटा छुट्टै परिवार, समाज निर्माण गरेर पुरुष प्रभुत्व र उत्पीडनबाट मुक्ति लिने पृथकतावादी सोच लियो र परम्परागत पारिवारिक एवम् सामाजिक ढाँचाको विनिर्माण गऱ्यो । यसले पुरुष र पुरुषले प्रभुत्व जमाएका सङ्गठनहरूले महिलाका विरुद्ध हिंसा गर्ने एउटा संस्था नै पितृसत्ता भएको दाबी गर्दै फेसन र सुन्दरता, मातृत्वको आदर्श, एकल यौन सम्बन्ध, निःशुल्क घरगृहस्थीकर्म, न्यून ज्यालादर आदि पितृसत्ताले महिलाको शोषण गर्न बनाएका माध्यम हुन् भन्ने स्पष्ट पाऱ्यो । यसका साथै यसले पुरुषको सार्वजनिक जीवनलाई चुनौती दिँदै लैङ्गिक उत्पीडनलाई असमानताको सबैभन्दा पुरानो रूप मादन्छ ।

उग्र नारीवादले पुरुष सर्वोच्चता र नारी अधीनस्थताको अध्ययन गर्ने क्रममा ऐतिहासिक, भौतिकवादी र मनोविश्लेषणात्मक गरी तिन वटा प्रविधिको प्रयोग गर्छ । महिलाको अगिल्तिर सधैँ आफूलाई शक्तिशाली ठान्ने पुरुष प्रवृत्तिको विरोध गर्दै कतिपय पुरुषहरूले महिलाको समर्थन गरे पनि अधिकांश पुरुषहरूमा भने महिला दमनको प्रवृत्ति रहने कुरालाई समेत यसले उठाएको पाइन्छ । लैङ्गिकता, मातृत्व र शरीर जस्ता निजी राजनीतिक पक्षहरूमा जोड दिने नारीवादीहरू पुरुष आधिपत्यको आर्थिक कुरासँगभन्दा पनि विचार, मनसाय अथवा मनोवैज्ञानिक ढाँचा र सांस्कृतिक मूल्यसँग सामना गर्न बढी रुचाउँछन् (रेडिकल फेमिनिज्म, २०६८ : विकिपिडिया) । उदार, मार्क्सवादी, समाजवादी नारीवादीहरूले मुख्य रूपमा लिएको ज्यालादारी कामको सम्बन्धमा भने यिनीहरूको रुचि देखिँदैन । पुरुषका सापेक्षतामा महिलालाई उच्च देखाएर महिलामा आरोप गरिएका प्राकृतिक, जैविक, हीनता, अधीनता जस्ता कुरालाई चुनौती दिनु उग्र नारीवादी लेखनको लक्ष्य हो । यस्तो लक्ष्य राख्नुको अर्थ आफ्नो शरीर एवम् जैविकतामाथि आफ्नै नियन्त्रण कायम गर्नु एवम् त्यसलाई मूल्य दिनु र महिला शरीरको गौरव प्रदर्शन गर्नु हो ।

सुलामिथ फायरस्टोनले सन् १९७० मा 'यौन-वर्ग' भन्ने शब्द आविष्कार गरिन् जसले महिलालाई लगभग अदृश्य तहमै पुग्ने दमितका रूपमा व्याख्या गऱ्यो । आफ्नो **द डाइलेक्ट अफ सेक्स** भन्ने पुस्तकमा उनले उक्त भनाइलाई आमूल नारीवादको केन्द्रका रूपमा प्रस्तुत गर्दै पुरुषको महिलाप्रतिको हेपाइ अत्याचारको आधारभूत कुरा हो भनेकी छन् (टङ, सन् १९८९ : ७३) ।

उग्र नारीवादका संस्थापकहरूले महिलाहरूको शारीरिक बनोट तथा मनोवैज्ञानिक चरित्रका बन्धनकारी परिणामलाई जोड दिए पनि उग्र नारीवादको दोस्रो पुस्ताले भने बच्चा जन्माउने तथा बच्चा हुर्काउने व्यक्तिको रूपमा महिलालाई पुरुषले गर्ने नियन्त्रण हटेमा उही गुणहरूमा मुक्तिको सम्भावना देख्छन् । उग्र नारीवादीहरूले चिकित्सा, धार्मिक, पुनरुत्पादन, जातीयता, राजनीतिक आदि विभिन्न सामाजिक संस्थाहरूमा विभिन्न परीक्षण गरेका छन् र ती सबै महिला यौनिकताको निर्माणतर्फ नै सोझिएको पाएका छन् ।

उग्र नारीवादीहरूले महिला यौनिकतालाई यौनिक भुक्तमान, पिटपाट, बलात्कार, अश्लीलता, गर्भपात, परिवार नियोजनका सामग्री सम्बन्धी कानुन र अभ्यास एवम् विषमलिङ्गी विवाहको अनिवार्यता जस्ता कुराका माध्यमले नियन्त्रणमा राख्ने प्रयास भएको कुरालाई स्पष्ट पारेको देखिन्छ । उग्र नारीवादले विषमलिङ्गी विवाहले महिलालाई पुरुषका अधीनमा पार्ने मान्यता अगि सार्दछ । यसले प्राकृतिक लिङ्ग तथा सामाजिक लिङ्ग व्यवस्थाबाट महिलाहरू मुक्त हुने उपायका

रूपमा परम्परा अनुसार नारीत्व वा पुरुषत्व सम्बन्धी गुणका रूपमा छुट्याइएका तर वास्तवमा सबै मानिसहरूभित्र रहेका सबै गुणहरूलाई प्रवर्द्धन गरेर सार्वलैङ्गिक चरित्रको विकास, नारीपन प्रतिको प्रचलित नकारात्मक दृष्टिहरूको सट्टा गौरव अनुभूति र त्यसको प्रत्यक्ष प्रदर्शनको विकास, महिलाहरूको आफ्नो आवश्यकता तथा चाहना पूरा गर्ने यौनिकता र विशेष गरी महिला समलैङ्गिकता माथिको जोड तथा वैज्ञानिक प्रविधिहरूको प्रयोगलाई लिएको देखिन्छ ।

उग्र नारीवादले समलिङ्गी वैवाहिक सम्बन्धमा रुचि राख्छ । विषमलिङ्गी विवाहले पुरुषले महिलामाथि नियन्त्रण र दमनका लागि वैधानिकता प्रदान गरेको भन्ने यिनीहरूको दाबी छ । पुरुष एकातिर महिला दमनको कारक बन्छ भने अर्कातिर रक्षकको रूपमा चिनिएको हुन्छ जसमा एकथरी पुरुषले महिलालाई साथ दिए पनि त्यस्तो स्थितिको सर्जक पनि पुरुष नै हो जसले महिलालाई अनेक त्रास सिर्जना गरेर दमन गरिरहेको हुन्छ । यसर्थ उग्र नारीवादले पुरुषसँगको वैवाहिक सम्बन्धमा नारीहरू कुनै न कुनै रूपमा अधीनमा रहने कुरा व्यक्त गर्दै समलैङ्गिक विवाहमा यो स्थिति नरहने मान्यता राखेको पाइन्छ । नारीवादभित्र समाहित समलिङ्गी अध्ययनको प्रारम्भ सन् १९८० मा नारीवादी समालोचनाको अङ्गका रूपमा भएको हो ।

उग्र नारीवादले समाजका प्रत्येक जात, वर्ण, संरचना, संस्था आदिमा दमन, विभेद एवम् असमानता रहेको हुनाले लैङ्गिक विभेदको जटिलतालाई जोड दिँदै यसको कारकका रूपमा पितृसत्ता अन्तर्गतको सामाजिक सम्बन्ध मानेको छ । परिवार नै महिला विभेदको प्रारम्भिक थलो हो भन्दै परिवारमा लैङ्गिक आधारमा श्रम विभाजन र सामाजिकीकरण तथा भूमिका हस्तान्तरण हुने गरेको तर्क अगि सार्दछ । यस्ता प्राकृतिक लिङ्गको भेदभावको विरुद्ध लड्नका लागि महिला नै सक्षम भएको मान्यता यिनीहरूको छ ।

उग्र नारीवादी एलिसन जागर तथा पाउला रोथेनवर्गले महिलाप्रतिको विभेद, दमन र अधीनता जस्ता पक्षले समाजमा निकै लामो समय अगिदेखि प्राथमिकता पाएकोले इतिहासदेखि नै महिलाहरू दमनमा परेको तर्क गरेका छन् । श्रम, यौन जस्ता पक्षमा प्राचीन समयदेखि नै महिलाहरू दमनमा परेकाले यस बारेमा अध्ययन गर्न ऐतिहासिक विधिको आवश्यकता पर्ने ठहर यिनीहरूको छ (टङ, १९८९ : १३०) । सुलामिथ फायरस्टोनले **द डाइलेक्टिक अफ सेक्स** भन्ने पुस्तकमा लैङ्गिक शोषणलाई ऐतिहासिक घटनाक्रम मान्दै समाजमा महिला र पुरुष दुई वर्गका बारेमा भएको द्वन्द्वको चर्चा गरेकी छन् । मेरी ओ ब्रिनले महिला स्वतन्त्रताका लागि महिला दमन र मुक्तिका स्रोत बुझ्नुपर्ने तर्क राखेकी छन् भने ओकलीले जैविकीय मातृत्व महिलाका लागि प्राकृतिक आवश्यकता नभएको बताएकी छन् । उनले केटी मान्छेले बच्चा चाहन्छन् भन्ने बुझाइ गलत हो जसमा पुरुषको स्वार्थ लुकेको हुन्छ साथै जैविकीय आमा जस्तै सामाजिक आमाको भूमिका पनि कमजोर हुँदैन भन्ने तर्क राखेकी छन् (टङ, सन् १९८९ : ८६) ।

उग्र नारीवादले महिलाको दमन र विभेदलाई सार्वभौम तितो यथार्थ मान्नुका साथै विज्ञापनमा महिला, यौन सुन्दरता, यौन पर्यटन आदि पक्षको पनि घोर विरोध गर्दछ । यसले महिलाहरूमा सुमधुर सम्बन्ध स्थापित गरी पितृसत्तात्मक विभेद, दमन र त्यसप्रतिको निर्भरता हटाउन चुनौती खडा गर्नुपर्ने मान्यता राख्दछ । उग्र नारीवादीहरूले बच्चा जन्माउने वैकल्पिक वैज्ञानिक प्रविधिको प्रयोगलाई जोड दिँदै परम्पराबाटै रहँदै आएको पारिवारिक स्वरूपलाई चुनौती दिन खोजेका छन् । उग्र नारीवाद मार्क्सवादी नारीवादले भने झैँ नभएर पुँजीवादको विकास अगावै महिलामा पुरुषको दमन र प्रभुत्व स्थापित भएको मान्यता राख्दछन् । यिनीहरूले समाज विकासको प्रारम्भिक

चरणदेखि नै महिला र पुरुषमा असमानता थियो भन्दै यस्तो प्रकृति जैविकीय रूपमा सिर्जित भएको तर्क गर्दछन् ।

यसरी उग्र नारीवादले नारीमाथि हुने गरेका जस्तोसुकै दमनलाई पनि पितृसत्ता नै मूल कारक भएको मान्ने भएकाले आलोचकहरूले यसप्रति आपत्ति जनाएको पाइन्छ । जैविकीय र मनोवैज्ञानिक पक्षको भूमिकाबाट पनि लैङ्गिक असमानता हुन्छ भन्ने मतलाई उग्र नारीवादले बेवास्ता गरेको आलोचकको मत छ । पितृसत्तालाई विस्थापित गरी समाजमा महिलाको मात्र नेतृत्वको खोजी गरेको भन्दै पुरुषहरूप्रति एकपक्षीय तरिकाले पूर्वाग्रही रहेको आरोप उग्र नारीवादले खेपेको छ । यसका साथै उग्र नारीवाद सुधारभन्दा परिवर्तनगामी भएको भन्ने यिनीहरूको आरोप छ । यसरी उग्र नारीवादले महिलाहरूलाई बच्चा जन्माउने साधन र यौन इच्छा पूर्तिको साधन ठान्ने पितृसत्तात्मक सोचको विरोध गर्दै महिला हिंसाजन्य व्यवहार, पुरुषको प्रभुत्व र नियन्त्रण, दुर्व्यवहार आदिको समेत विरोध गरेको छ र पुरुषको सहभागिताविना नै महिलाहरूले संगठित भएर यी विविध महिला दमन र अत्याचारको अन्त्य गर्नका लागि पितृसत्ताको जरो उखेल्नु पर्ने धारणा राखेको पाइन्छ ।

### घ) समाजवादी नारीवादी समालोचना

समाजवादी नारीवाद नारीवादको यस्तो हाँगा हो जसले व्यक्तिगत र सार्वजनिक दुबै क्षेत्रबाट नारी जीवन र उनीहरूको स्वतन्त्रता प्राप्तिका लागि कार्य गर्नुका साथै नारी दमनको आर्थिक र सांस्कृतिक स्रोतको समेत वर्णन गर्दछ । यस नारीवादको विकास उग्र नारीवाद र मार्क्सवादी नारीवादका बिचमा सन् १९६० र १९७० का दशकमा भएको सामाजिक असमानताका आधारभूत कारणमाथिको बहसको परिणाम हो । यसले मार्क्सवादी नारीवादले भनेको नारी दमनमा पुँजीवादको भूमिका र उग्र नारीवादले मान्ने नारी दमनको प्रमुख स्रोत पितृसत्ताप्रतिको मुख्य दाबीलाई बेवास्ता गर्छ । तर यसले समाजमा नारीहरू पुरुषमा आर्थिक रूपले निर्भर रहेकाले स्वतन्त्र हुन नसकेको दाबी गर्छ । यसका साथै यसले सामाजिक, आर्थिक, राजनीतिक न्यायको पक्षमा नारी स्वतन्त्रताको बृहत् खोजी गरिनु पर्ने कुरामा जोड दिन्छ (सोसियलिस्ट फेमिनिज्म, २०६८ : विकिपिडिया) । यसले सामाजिक व्यवस्थाभित्र रहेका विभेदको अन्त्यका लागि महिला र पुरुष बिचको समानताको आवश्यकतालाई औँल्याउँदै त्यसभित्रका अन्य कारक तत्त्वका विरुद्धमा सशक्तीकरणको प्रक्रियालाई जोड दिएको देखिन्छ ।

समाजवादी नारीवादले लैङ्गिक दमनको बोधका लागि सामाजिक कारक तत्त्वको खोजी गरिनु पर्ने कुरामा जोड दिन्छ । यसले महिलाप्रतिको विभेद पुरुष र महिला स्वयम्बाट भएको मान्यता राखेको पाइन्छ । तर यसका पछाडि पितृसत्तात्मक सामाजिक ढाँचाको पनि उत्तिकै भूमिका रहेको हुन्छ भन्ने कुरामा यसले विश्वास गर्छ । समाजवादी नारीवाद मार्क्सवादी मान्यता विपरीत वर्गआधारित समाजको उत्पत्तिभन्दा पहिल्यै महिलाअधीनता रहेकाले महिला दमन वर्गविभाजनमा आधारित छैन भन्ने कुरामा उग्र नारीवादसँग सहमत छ । समाजमा जे जति एकाइहरू छन् ती सबै बिचको प्रकार्यले सामाजिक व्यवस्था सञ्चालित हुने भएकाले त्यही संरचनाभित्र बसेर लैङ्गिक सम्बन्धको खोजी गर्नु पर्दछ भन्ने यस समाजवादी नारीवादलाई मार्क्सवाद र उदार महिलावादको संश्लेषणका रूपमा पनि लिने गरेको पाइन्छ । यसका साथसाथै समाजवादी नारीवादले मनोविश्लेषणात्मक नारीवादबाट समेत प्रभाव वरण गरेको पाइन्छ । यसले सामाजिक संरचनासँग सम्बन्धित लैङ्गिकता, मनोरचनाको भिन्नताको प्रभावका कारण महिलामाथिको दमन जस्ता मत

अघि सारेकोले फ्रायडको मनोविश्लेषणबाट प्रभावित देखिन्छ । समाजवादी नारीवादले दुई भिन्न दृष्टिकोणलाई अगाडि सारेको पाइन्छ । द्वैध सैद्धान्तिक पद्धति र एकल सैद्धान्तिक पद्धति । द्वैध सैद्धान्तिक पद्धतिमा यसले पितृसत्ताको भौतिक-अभौतिक व्याख्या र पुँजीवादको भौतिक व्याख्या गरेको छ भने एकत्रित सैद्धान्तिक पद्धतिमा श्रमिकको लैङ्गिक विभेद र बेमेलको एकत्रित धारणाको अध्ययन गरेको छ (टङ, सन् १९८९ : १७५) । यसका साथै समाजवादी नारीवादले सामाजिक सांस्कृतिक व्यवस्थाका कारण अनेकौं लैङ्गिक विभेद सिर्जना भएकाले यसतर्फको अध्ययनलाई समेत महत्त्व दिनु पर्ने धारणा अगि सारेको पाइन्छ ।

समाजवादी नारीवादले समाजको प्रत्येक तहमा महिलाहरू पुरुषको अधीनमा रहेको मान्यता अगि सारेको पाइन्छ । यसको मूल कारण लिङ्गका आधारमा श्रम विभाजन र त्यस अनुरूपको सामाजिक सांस्कृतिक मान्यता नै हो भन्ने यसको मत छ । यस्तो विचार अभिव्यक्त गर्ने समाजवादी नारीवादीहरूमा ङ्खलोरा ट्रिस्टान, जागर, डी. स्मिथ, हर्टम्यान, हर्टस्टोक, बार्टस्की आदि रहेका छन् (सोसियलिस्ट फेमिनिज्म, २०६८ : विकिपिडिया) । समाजवादी नारीवादले जाति-जनजाति सम्बन्धी बहस अगि सारेको छ । जसले पछिल्लो समयमा 'उत्तर औपनिवेशिक' नारीवादी दृष्टिकोणको विकासमा टेवा पुऱ्याएको पाइन्छ ।

समाजवादी नारीवादले परिवार र अर्थका सन्दर्भमा मार्क्सवादी नारीवादकै विचारलाई व्यापकता दिएको देखिन्छ । समाजवादी नारीवाद महिला-दमन, परिवारभित्र महिलाको अवैतनिक काम र अर्थतन्त्रले निर्धारण गरेको वेतनको न्यूनताको परिणाम मात्रै होइन यसका कारणका रूपमा लिङ्ग एवम् वर्गका आधारमा गरिने तमाम अन्याय, लैङ्गिक एवम् जातीय/जनजातीय अवस्थिति तथा यी सबैको संयुक्त स्थिति जिम्मेवार छन् भन्ने मत राख्दछ । घरभित्रका काम अदृश्य हुने र त्यसलाई कामै नमानिने प्रवृत्तिका साथै लैङ्गिक विभेदले गर्दा महिलाहरूको स्तर र महिलाका कामको आयको अवमूल्यन हुने गरेको पाइन्छ । यसर्थ समाजवादी नारीवादीहरूले महिलाहरू दोस्रो दर्जाका नागरिक भएकाले वर्गीय, जातीय एवम् राष्ट्रिय राजनीतिमा कतै पनि उनीहरूको प्रतिनिधित्व हुन सकेको छैन भन्ने मान्यता राखेको पाइन्छ । यस्तै विवाहित महिलाहरू पतिको पेसा, आय र शिक्षाद्वारा चिनिने, घरको कामको अवमूल्यन हुने, बाहिरी काममा पनि लैङ्गिक आधारमा श्रम शोषण हुने र समान कामका लागि समान ज्याला नपाउने, घरमा पुरुष नै हैकमशाली हुने, महिलाले आर्थिक आर्जन गरे पनि त्यसमा महिलाको हक नहुने, अर्को पुस्ताको पुनरुत्पादन र बच्चाको स्याहार सुसारको जिम्मेवारी महिलाले मात्र बहन गर्नु पर्ने आदि जस्ता लैङ्गिक, वर्गीय, तथा जाति/जनजातिका कारणले हुन गएको असमानताको विरोध समाजवादी नारीवादले गर्दछ । यसर्थ समाजवादी नारीवाद मार्क्सवादी धारसँग मात्र सम्बन्धित नभएर उग्र नारीवाद र मनोविश्लेषणात्मक नारीवादसँग पनि सम्बन्धित देखिन्छ (टङ, सन् १९८९ : १९४) ।

समाजवादी नारीवादीहरूले वर्ग मात्र महिला दमनको मूल कारक नभई कतिपय पुँजीवादी उत्पादन व्यवस्थाका उत्पादन कार्यमा महिलाको प्रभुत्व कम हुनुमा अन्य सामाजिक कारकको खोजीलाई समेत जोड दिएको पाइन्छ । समाजमा सबै तहमा रहेको संस्थाहरूमा रहन सक्ने शक्ति सम्बन्धको व्याख्यालाई पनि यिनीहरूले जोड दिएका छन् । पुँजीवाद र पितृसत्ताभित्र रहेको सम्बन्धको अध्ययन यस परिप्रेक्षमा बढी महत्त्वको मानिएको छ । यिनीहरूले समाजको संरचनागत अवस्था र त्यसमा रहेका बाधा अड्चन र असमानताहरूभित्र लैङ्गिक विभेद एवम् असमानतालाई खोज्नु पर्ने धारणा राखेको देखिन्छ । यतिमात्र नभएर समाजवादी नारीवादीहरूले महिलाको भूमिकाको व्याख्या गर्दा लिङ्गका आधारमा रहेका श्रम विभाजनको अवस्थालाई मात्र विश्लेषण

नगरी सामाजिकीकरण तथा पुनरुत्पादन भूमिका र अवस्थाका बारेमा पनि विश्लेषण गर्नु पर्ने तर्क अगाडि सारेको पाइन्छ । प्रत्येक समाजमा रहेका यौन व्यवहारहरूमा महिला के, कति, किन र कसरी प्रभावित छन् भन्ने बारेमा व्याख्या र बुझाइ पनि यस सन्दर्भमा निकै महत्त्वपूर्ण हुने भएकाले महिलाहरू जो पुरुषहरूबाट सताइन्छन् वा दमित हुन्छन् त्यसमा यौन व्यवहार पनि महत्त्वपूर्ण पक्ष हुन्छ जसलाई अध्ययनमा जोड दिनु पर्छ भन्ने यिनीहरूको दृष्टिकोण पाइन्छ ।

समाजवादी नारीवादीहरूले पारिवारिक जिम्मेवारी, आर्थिक शक्ति एवम् सामाजिक शक्तिको पुनर्विभाजनको माग गर्दै घरेलु जिम्मेवारीको समान वितरणले महिलालाई अहिले पुरुषको एकाधिकार रहेको आर्थिक र सामाजिक शक्तिको साझेदारी गर्ने अवसर प्राप्त हुन्छ भन्ने मत राखेको पाइन्छ । उच्चवैतनिक काम र शक्तिको अवस्थितिको लैङ्गिक एकाधिपत्य समाप्त हुनुपर्दछ भन्दै समाजवादी नारीवादले शिक्षाको समान अवसर, बालबच्चाको हेरचाह, स्वास्थ्य हेरचाह, सरकारी-गैरसरकारी क्षेत्रमा कामको अवसरको व्याप्तिका लागि सङ्घर्ष गर्ने गरेको पाइन्छ । पारिवारिक र आर्थिक पृष्ठभूमिमा महिलाको हैसियतको विश्लेषण गर्ने कामका लागि आधारभूमि प्रदान गर्नु र लिङ्ग, वर्ग र जाति/जनजातिको संयुक्त प्रभावलाई दृश्यमान बनाउनु नै समाजवादी नारीवादको प्रमुख योगदान हो । यसले लैङ्गिक आधारमा समाजको पुनः संरचना हुनुपर्छ भन्ने दृष्टिकोण अगाडि सारेको छ (त्रिपाठी, २०६७ : १०१) ।

समाजवादी नारीवादले मार्क्सवादी नारीवाद, उग्र नारीवाद, मनोविश्लेषणात्मक नारीवाद एवम् उदार नारीवादबाट प्रभाव ग्रहण गर्दै समाजको यथार्थतामा बसेर लैङ्गिक भूमिका र अवस्थाको विश्लेषण गर्दछ । मूलतः वर्ग र लिङ्गका बिचको सम्बन्ध अन्योन्याश्रित रहन्छ भन्नेमा प्रतिबद्ध रहेको समाजवादी नारीवादले घरेलु कामको पुनर्वितरण र घरबाहिरका काममा समान ज्याला प्राप्त गर्ने सन्दर्भलाई आफ्नो अभीष्ट बनाएको देखिन्छ । सामाजिक संरचना नै लैङ्गिक विभेद र दमनको कारक भएकाले यसको अध्ययनमा जोड दिनु पर्ने धारणालाई समाजवादी नारीवादले सशक्त ढङ्गले अघि सारेको पाइन्छ ।

### २.६.२ दोस्रो धार

बिसौँ शताब्दीको मध्यतिर महिलाको काम, ज्याला, समस्याहरू, भूमिका आदिका बारेमा संगठित रूपले कलम चलाउने प्रयास भयो । यसलाई नारीवादी दोस्रो धार भनियो । यस धारले नारीवादी चिन्तनलाई स्थूलताबाट सूक्ष्मतातर्फ अग्रसर गराउँदै व्यक्तिकेन्द्री लैङ्गिक बनाएको पाइन्छ । यसमा मुख्य गरी बेट्टी फ्राइडनको महत्त्वपूर्ण योगदान छ ।

#### क) मनोविश्लेषणात्मक नारीवादी समालोचना

मनोविश्लेषणात्मक नारीवादी समालोचना नारीवादका विभिन्न धारमध्ये एक त्यस्तो प्रवृत्ति हो जसले विश्वव्यापी रूपमा नै महिलाको अवस्था पुरुषको तुलनामा कमजोर नै रहेको स्विकार्छ । यो नारीवादी धार अस्ट्रेलियाका मनोवैज्ञानिक सिग्मन्ड फ्रायडको मान्यताबाट प्रभावित देखिन्छ । यसले पितृसत्ता र त्यसमा निहित सामाजिकीकरणको प्रक्रियाका बारेमा व्याख्या गर्नमा फ्रायड लगायत उनका सहकर्मी मनोवैज्ञानिकहरूको व्याख्यालाई आधार बनाएको पाइन्छ । सन् १९७० को दशकमा नारीवादी हाँगाले फस्टाउने मौका पाएको समयमा विकसित यो धार लैङ्गिक सम्बन्धको 'भिन्नता'का प्रश्नमा उग्र नारीवादसँग सहमत देखिन्छ । त्यस 'भिन्नता'ले नारीलाई पुरुषका सापेक्षतामा 'अरू'का रूपमा प्रस्तुत गर्दछ ।

मनोविश्लेषणात्मक नारीवाद (साइकोएनालिटिक फेमिनिज्म) का पनि दुई प्रमुख हाँगा छन् - फ्रायडेली र लकानेली । फ्रायडेली नारीवादले लैङ्गिक आधारमा निर्मित व्यक्तित्वको पहिचानलाई प्रस्तुत गर्दछ । यसले महिलाको मातृत्वको जिम्मेवारीको प्रभावको विश्लेषणका आधारमा रहने पुरुष-प्रभुत्वको संरचनालाई प्रस्तुत गर्दछ । फ्रायडेली नारीवाद उत्तर अमेरिकी अङ्ग्रेजीभाषी लेखकहरूसँग सम्बद्ध छ । लकानेली नारीवाद ज्याक्स लकानको कामसँग सम्बन्धित छ । यिनी फ्रायडेली सिद्धान्तका व्याख्याता हुन् । यिनले लैङ्गिक पहिचानको दुःखद अनिश्चितामाथि बढी ध्यान केन्द्रित गरेका छन् । यसको सम्बन्ध भाषिक ज्ञानप्राप्तिसँग जोडिएको छ । लकानेली नारीवाद मुख्यतः फ्रान्सेली र अंशतः केही बेलायती र अस्ट्रेलियन लेखकहरूसँग सम्बन्धित छ । लकानेली नारीवादलाई पनि दुई भागमा विभाजन गर्न सकिन्छ । एकथरि लकानको मनोविश्लेषणात्मक प्रस्तुतिलाई धेरथोर पछ्याउँछन् भने अर्काथरि 'उत्तर लकानेली' का रूपमा चिनिन्छन् जसलाई 'फ्रान्सेली नारीवादी' वा 'एक्रिचर फेमिनिन' सम्प्रदायका रूपमा चिनिन्छ (त्रिपाठी, २०६७ : १०२) ।

फ्रायडेली मनोविश्लेषणात्मक नारीवादीहरूले फ्रायडको मनोभाव, सोचाइ, कुण्ठा र भावना सम्बन्धी व्याख्यालाई आत्मसात् गरेको पाइन्छ । यद्यपि फ्रायडले लैङ्गिक विभेद हेर्ने सन्दर्भमा स्पष्ट व्याख्या गरेको पाईँदैन । उनले बालमनोविज्ञानका बारेमा चर्चा गर्दै सामाजिकीकरण तथा बालविकासका क्रममा केटा र केटीहरूबिच फरक फरक मानसिकता तथा यौन व्यवहारहरू पाइने बताएका छन् । यस सम्बन्धमा उनले आफ्ना **थ्यौरी अफ सेक्सुअलिटी, इन्फेन्टाइल सेक्सुआलिटी** र **द ट्रान्सफर्मेसन अफ प्युबर्टी** नामक तीन निबन्धमा चर्चा गरेको पाइन्छ (टङ, सन् १९८९ : १४०) । फ्रायडको कतिपय स्त्रीलिङ्ग र पुलिङ्ग उन्मुख व्यवहारहरूको मनोवैज्ञानिक विकास बालपनदेखि नै केटी र केटामा रहन्छ भन्ने मान्यतालाई महिलावादीहरूले लैङ्गिक विभेदमा मनोवैज्ञानिक प्रभावलाई बुझ्ने सम्बन्धमा महत्त्वपूर्ण आधार बनाएको पाइन्छ ।

फ्रायडले इडिपस कम्प्लेक्स अर्थात् मातृरति ग्रन्थिका बारेमा चर्चा गर्दै पुरुष बच्चाको उसकी आमासँग रहने प्राकृतिक घनिष्टताका बारेमा चर्चा गरेका छन् । फ्रायडले गरेको मनोवैज्ञानिक विश्लेषणमा लैङ्गिक विभिन्नताका बारेमा चर्चा भएको नपाइ तापनि मनोविश्लेषणात्मक नारीवादीले त्यसप्रति सङ्केत गरेको पाइन्छ । उनीहरूले पितृसत्ता रहेको समाजकै कारण व्यक्तिमा लैङ्गिक विभेद तथा दमनयुक्त मनोभावनाको विकास हुने मान्यता राखेको पाइन्छ । फ्रायडेली नारीवादका अनुसार सामाजिक व्यवस्थामा आएको परिवर्तन नै मनोवैज्ञानिक विकासको कारण बन्दछ । यस किसिमको प्रवृत्ति भए पनि यसले कहिलेकाहीं लैङ्गिक भिन्नताको उत्पत्ति हुने सामाजिक सन्दर्भको बेवास्ता गर्दछ भन्ने आरोप खेप्पै आएको पाइन्छ ।

फ्रायडेली नारीवादी न्यान्सी चोडोरोले नारीवादी राजनीतिक सूत्र सिधै पुरुषलाई नारीकरण गर्नेतर्फ लक्षित हुनुपर्छ भन्ने मान्यता राखेको पाइन्छ । उनले उल्लेख गरेको 'भिन्न नारीवाद' सम्बन्धी धारणा उदार नारीवादको 'समान नारीवाद' सँग समान देखिन्छ । चोडोरो एवम् उदार नारीवाद दुबैले महिला र पुरुष धेरै कुरामा उस्तै हुन्छन् भनेका छन् जस्तो बाहिरी काममा पुरुषसँग सहकार्य गर्दा महिला पुरुष जस्तै बन्छन् र सेवाशुश्रूषाका सन्दर्भमा पुरुषहरू महिला जस्तै बन्छन् भन्ने कुरामा चोडोरोले बढी जोड दिएको देखिन्छ । उनले असमान सामाजिक व्यवस्था र महिलाहरूमाथिको सेवाशुश्रूषाको असमान जिम्मेवारीका कारणले दुई लिङ्गका बिचमा भिन्नता देखा पर्नु मात्र नभई यसले उत्तम संसारको सम्भावना समेत देखिने विचार प्रस्तुत गरेको पाइन्छ (टङ, सन् १९८९ : १५४) । यसरी चोडोरोले अभिव्यक्त गरेको यस किसिमको मत लैङ्गिक भिन्नता र

दमनसँग सोझै जोडिएकाले यसले महिलाका गुणको पुनर्परिभाषा गर्नुपर्ने कुरा नै अगाडि सार्दै जतासुकै प्रस्तुत गरिने पुरुष-हैसियतलाई चुनौती दिएको छ ।

फ्रायडेली नारीवादीहरूले आमाको पूर्वभाषिक महत्त्वमाथि बढी जोड दिएको पाइन्छ । फ्रायडले भनेको महिलाहरू अक्षम हुन्छन् भन्ने अवधारणाको यिनीहरूले विरोध गर्दछन् । सामाजिक व्यवस्थामा आएको परिवर्तन नै मनोवैज्ञानिक विकासको कारण बन्ने धारणा फ्रायडेली नारीवादीको छ । यिनीहरूले महिला र पुरुषको सामाजिक सम्बन्धमा सेवाशश्रूषा, मातृत्व एवम् नाता सम्बन्धी व्यक्तित्वका रूपमा प्रस्तुत भएको नारीत्वको असचेत मानसिकताको विश्लेषण गरेको पाइन्छ । यसका साथै यिनीहरूले शक्ति र इज्जतका लागि इडिपस अवस्थामा पुरुष बच्चा आमाबाट टाढिने तर्कलाई अगाडि सारेको पाइन्छ ।

लकानेली नारीवादका पक्षधरका रूपमा जुलियट मिचेल, ज्याक्वेलिन रोज जस्ता अङ्ग्रेजीभाषी नारीवादी एवम् लुसी इरिगरी, हेलेन सिक्सस र जुलिया क्रिस्तेवा आदि फ्रान्सेली नारीवादीलाई लिन सकिन्छ । यिनीहरूले फ्रायडेली मनोविश्लेषण माथिको ज्याक्स लकानको पुनर्व्याख्यामा ध्यान केन्द्रित गरेको देखिन्छ । यिनीहरूले लकानको लेखनले जस्तै लिङ्गआधारित पहिचानलाई बढी ठोस, साहित्यिक एवम् फ्रायडले विशेष महत्त्व दिएको जैविक सन्दर्भमा नभएर भाषावैज्ञानिक वा प्रतीकात्मक सांस्कृतिक सन्दर्भमा व्याख्या गर्दछन् । फ्रायडले 'लिङ्ग' लाई जैविक अङ्गका रूपमा प्रस्तुत गरेका थिए भने लकानले त्यसलाई प्रतीकात्मक-सांस्कृतिक अर्थ प्रदान गरे । फ्रायडले व्याख्या गर्ने गरेको 'शिश्न-ईर्ष्या'लाई लकानले आधिकारिकता एवम् शक्तिको अभावका अर्थमा लिएका छन् । किनभने समाजको ढाँचा पितृसत्तात्मक भएकाले पुरुषहरू सोझै आधिकारिक मानिन्छन् र स्वतः शक्तिशाली हुन्छन् । नारीवादी दृष्टिकोणमा लकानको प्रभाव भनेको यथार्थ जगत्बाट तुलनात्मक रूपमा संस्कृतिको अमूर्त दार्शनिक विश्लेषणतर्फ फर्कनु हो । प्रतीकात्मक सांस्कृतिक अर्थ भनेको भाषा हो । यसैले यसलाई यथार्थविरोधी सिद्धान्तका रूपमा व्याख्या गर्ने गरिन्छ । भाषा नै बच्चाले संस्कृतिमा प्रवेश गर्ने द्वार हो र भाषाले नै संस्कृतिलाई एउटा स्वरूप प्रदान गर्ने भएकाले भाषा नै संस्कृतिको आधारशिला हो भन्ने नारीवादीको मत लकानकै मतको पुनर्व्याख्या हो । लैङ्गिकतालाई सामाजिक निर्माण मान्ने लकानले भाषामा कर्ताको निर्माणका सन्दर्भमा पुलिङ्ग वा स्त्रीलिङ्ग प्राथमिकतामा पर्दैनन् अर्थात् भाषागत कर्ताको निर्माण लिङ्गका आधारमा नभएर समाजको प्रतिबिम्बका आधारमा हुन्छ भन्ने मत राखेको पाइन्छ । लकानले व्याख्या गरेको लैङ्गिक दृष्टिकोणले विशिष्ट जनता (पुलिङ्ग) का आधारमा समाजको निर्माण भएको हुन्छ र उनीहरू भाषामाथि निर्भर हुन्छन् (स्प्रिङ्गनेथर, सन् २००७ : २४४) भन्ने मतमा लकानेली नारीवादीको समर्थन रहेको देखिन्छ ।

उत्तरलकानेली नारीवादीका रूपमा लुसी इरिगरी, हेलेन सिक्सस र जुलिया क्रिस्तेवा जस्ता भाषावादी फ्रान्सेली नारीवादीलाई चिनिन्छ जसलाई 'एक्रिचर फेमिनिन' का नामले सम्बोधन गर्ने गरेको पाइन्छ । यिनीहरूले लकानले अगि सारेको केही मतलाई स्विकारेर लकानेली नारीवादीका रूपमा चिनिए पनि लकानले समर्थन गरेको फ्रायडको बन्ध्याकरण गरिएको (लिङ्गविहीन) पुरुषत्व नै नारीत्व हो भन्ने मतको भने आलोचना गरेको पाइन्छ । यसका साथै लकानको भाषा/संस्कृति सम्बन्धी कामलाई पुरुष दृष्टिकोणको कामका रूपमा लिँदै उनको सभ्यता र सामाजिकताको हाराहारीमा रहेको आमासँगको पारस्परिकतामा आधारित अन्तर्सम्बन्धबाट बच्चाको मुक्तिको सकारात्मक कुरालाई समेत अस्वीकार गरेको देखिन्छ तसर्थ यिनीहरूलाई उत्तरलकानेलीका रूपमा चिनिएको छ । यिनीहरूले फ्रायडेली नारीवादीले जस्तै पुरुष प्रभुत्वका कुनै पनि कुरालाई

स्विकार्दैनन् र मान्छेको 'आफू' र संस्कृतिले निकटताको परित्याग, अरूसँगको विच्छेद र आमाको अस्वीकार जस्ता कुरामा नै पूर्णता पाउँछन् भन्ने लकानेली विचारलाई पनि शङ्काको दृष्टिले हेर्छन् ।

लकानका लागि प्रत्येक व्यक्ति समाज-सम्पर्कको नियम र प्रतीकात्मक व्यवस्थालाई आत्मसात् गरेर व्यक्ति बन्न सक्छ तथा मानव संस्कृतिभित्र पस्छ । व्यक्तिलाई भिन्नता र लैङ्गिक विशिष्टताको बोध भाषाको अध्ययनका क्रममा नै प्राप्त हुन्छ । प्रत्येक व्यक्ति यही प्रतीकात्मक व्यवस्था अनुसार बोल्न सक्छ जसलाई मनोविश्लेषणात्मक शब्दावलीमा 'पिताको कानुन' भनेर बुझ्ने गरिन्छ । फ्रायडकै अनुसरण गर्दै लकानले पनि अहिलेको समाज मात्रै पुरुषअधीनस्थ नभएर पूरै संस्कृति नै पुलिङ्गी छ भनेका छन् । नारीत्व यही प्रतीकात्मक व्यवस्थाको विपरीत ध्रुव मात्रै हो, पुरुषत्वको घेराभन्दा बाहिर यसको अभिव्यक्ति सम्भव छैन, भाषाको यही लैङ्गिक व्यवस्थाभित्र नारीत्व सीमित छ भन्ने लकानेली मान्यता रहेको देखिन्छ । 'एक्रिचर फेमिनिन' ले पनि लकानले भनेको नारीत्वको हैसियत बहिष्कृत छ भन्ने कुरा स्विकारेको छ र यसले वैकल्पिक भाषाको विकासको प्रस्ताव अघि सारेको छ जुन ती बहिष्कृतहरूको प्रयोगमा आउन सक्छ । उनीहरूको सोचाइको एउटा माध्यम बन्न सक्छ । यसरी नारीत्वलाई केही पनि उत्पादन गर्न नसक्ने अभावका रूपमा मात्र नभएर विद्रोही सांस्कृतिक सिर्जनात्मकताका रूपमा प्रस्तुत गरिएको छ (त्रिपाठी, २०६७ : १०८) ।

भाषिक पक्षलाई जोड दिँदै आएका फ्रान्सेली नारीवादीहरू महिलालाई होच्याउने सांस्कृतिक र भाषिक सिद्धान्तको विरोध गर्दछन् । उनीहरूले नारीत्वलाई पिताको नियम-कानुन लाद्ने एउटा उपयुक्त माध्यमका रूपमा स्वीकार गरेको पाइन्छ (टाइसन, सन् १९५० : १०४) । फ्रान्सेली नारीवाद उत्तर संरचनावादी सोच राख्ने ज्याक्स डेरिडाको विचारको नजिक देखिएको छ । डेरिडाको विचारअनुसार प्रतीकात्मक मान्यतामा रहेको अर्थ एक्कासि नभएर सांस्कृतिक एवम् भाषिक रूपमै श्रेणी क्रमिकतामा विकसित भएको हो र यो विरोधी जोडी (पुरुष/महिला) मा देखिन्छ । त्यस्तो जोडीमध्येको एउटा पक्ष 'पुरुष' ले उच्चता र अर्को पक्ष 'महिला' ले निम्नताको प्रतिनिधित्व गरेका हुन्छन् । डेरिडाले अगाडि सारेको यो श्रेणीगत द्वैतवादी भिन्नताबाट नारीवादीहरूले शक्तिको विभाजन सम्बन्धी पितृसत्तात्मक धारणालाई बोध गर्दै यो विभाजन न त प्राकृतिक नै हो न त त्यो अजरामर नै छ भनी त्यसको विरोध गरेका छन् । डेरिडाले जस्तै यस्तो क्रम भत्काउनका लागि नारीवादीहरूले वैकल्पिक सम्भावनाको खोजी गर्नुपर्ने तर्कलाई आत्मसात् गरेको पाइन्छ । यिनीहरूले भाषाद्वारा नै संसार रचिएको र परिभाषित भएको भन्दै भाषाविना संसारको सामाजिक संरचनाको अस्तित्व रहन सम्भव नभएको स्विकारेको पाइन्छ तर यही भाषाले पुरुषलाई केन्द्रमा ल्याएको र महिलालाई किनारामा राखेको मान्यता यिनीहरूको छ । तर इरिगरी भने पुरुष आधिपत्य रहेको भाषाभित्र महिलाको उपस्थिति हुनुभन्दा नहुनु नै उपयुक्त मान्छिन् ।

यसै गरी यी विभिन्न धारमा विभाजित मनोविश्लेषणात्मक नारीवादीहरूले पुरुषहरूले हरेक क्षेत्रमा आफ्नो आधिपत्य जमाउनुको पछाडि मृत्युको सन्त्रास जस्तो मनोवैज्ञानिक कारण भएको स्विकारेको पाइन्छ । यही कारणले पुरुषहरूले महिलाको प्रजनन प्रक्रिया र अधिकारमाथि नियन्त्रण गर्न खोजेको मान्यता पनि यिनीहरूले राखेको पाइन्छ । पुरुषहरूमा प्रजनन क्षमता नभएका कारण उनीहरूले आफूलाई असुरक्षित महसुस गरी महिलाहरूलाई नियन्त्रणमा राखेको भन्ने आरोप पनि यिनीहरूको छ ।

मनोविश्लेषणात्मक नारीवादीहरूले पितृसत्ताको निरन्तरताको लागि महिलाहरू सक्रिय रहे पनि यसको विरोधको कार्यक्रममा महिला जनमत तयार गर्न हिचकिचाउने प्रवृत्ति रहेको उल्लेख गरेका छन् । यसका साथै यिनीहरूले मानसिक रूपमा नै महिलाहरू परिवार तथा समुदायमा पुरुषको तथा सामाजिक सांस्कृतिक र आर्थिक व्याख्याको दमनको प्रतिकार गर्दैनन् भन्ने विचार पनि प्रस्तुत गरेका छन् । यिनीहरूले यसको मूल कारण व्यक्तिमा रहने मृत्युको भय र सामाजिक संवेगात्मक वातावरणलाई मानेका छन् । नारीवादी मनोविश्लेषकका अनुसार पुरुषहरूमा रहेको मृत्युप्रतिको भयले उसले समाजमा त्यस्ता संयन्त्र निर्माण गर्दछ जसबाट ऊ सुरक्षित हुन सकोस् । आफू समय पर्यन्त जिउनको लागि पुरुषले आफू अनुकूल हुने प्रविधि, सामाजिक मान्यता, संस्था, कला, साहित्य आदिको निर्माण गर्दछ । यसै क्रममा महिलालाई आफ्नो सहयोगी वस्तुका रूपमा परिभाषा गरी व्यवहार गर्दछ ।

मनोविश्लेषणात्मक नारीवादीहरूले सामाजिक संवेगात्मक वातावरणका बारेमा चर्चा गर्दै भनेका छन् - विशेषगरी बालबच्चाको सामाजिकीकरणको प्रक्रियामा पितृप्रदत्त सामाजिक संरचनाका कारण पुरुषहरूले आमासँगको सम्बन्धलाई बिस्तारै अलग्याउँदै लगी परिपक्वको समयमा आमा वा महिलालाई आफूमा नियन्त्रण गर्न चाहन्छ जबकी यही समयमा बालिकाले पनि पुरुषको श्रेष्ठतालाई पच्छ्याउने र समर्थन गर्ने मानसिकताको विकास भएको हुन्छ (तुम्बाहाङफे, २०६६ : ५८) । मनोविश्लेषणात्मक नारीवादीहरूले महिलामा हुने हिनता, कमजोर भावना, परनिर्भरता आदि सबै शारीरिक अङ्ग भिन्नताका कारण नभई सामाजिक सांस्कृतिक व्यवस्थाले सिर्जना गरेको परिस्थितिको उपज हो भन्ने मान्यता राखेको पाइन्छ । यिनीहरूले पितृसत्ता, परिवार, विवाह, नाता तथा अन्य सामुदायिक तथा पारिवारिक संस्थाहरूले पुरुषको शक्तिलाई नै बलियो बनाएको छ भन्ने तर्क राखेको पाइन्छ । यसरी मनोविश्लेषणात्मक नारीवादीहरूले समाजमा महिला र पुरुषमा उत्पन्न विभेदको कारक तत्त्वका रूपमा मनोवैज्ञानिक पक्ष पनि उत्तिकै सशक्त रहेको तथ्यलाई पुष्टि गरेको पाइन्छ ।

**ख) उत्तर आधुनिक नारीवादी समालोचना**

दोस्रो विश्वयुद्धपश्चात् युरोपेली तथा अमेरिकाली परिवेश बदलिएर नयाँ अनुभूतिले सांस्कृतिक विनाश, मूल्यमान्यताको विघटन, विज्ञानको अभिशापयुक्त स्वरूप, आर्थिक विषमता, जीवनगत जटिलता आदिका कारण मानिसको सोचाइमा परिवर्तन आएर उत्तर आधुनिकतावादले आफ्नो स्वरूप ग्रहण गरेको हो । वास्तुकलाका क्षेत्रबाट सुरु भएको उत्तर आधुनिकतावादले सांस्कृतिक क्षेत्रमा पहिले प्रभाव पारेपछि बौद्धिक, दार्शनिक र प्राज्ञिक क्षेत्रमा प्रभाव पारेको देखिन्छ । ज्ञानविज्ञानका अन्य क्षेत्रमा आफ्नो प्रभाव जमाउने क्रममा यसले व्यापक विषय क्षेत्र ओगटेको छ । विशेष गरेर नृत्यकला, सङ्गीतकला, चित्रकला, मूर्तिकला, मानवशास्त्र, समाजशास्त्र, इतिहास, राजनीतिशास्त्र, विज्ञान, दर्शन, मनोविज्ञान आदि क्षेत्रमा यसको प्रभाव बढी देखिन्छ । उत्तर आधुनिकतावाद उत्तर संरचनावादसित मिलेर १९६० का वर्षदेखि सशक्त बन्दै उठ्यो । डेरिडीय **स्ट्रक्चर, साइन एन्ड प्ले इन द डिस्कोर्स अफ द ह्युमन साइन्सेज** (१९६६) को आगमन हुनाले संरचनावादी निश्चितता समाप्त भयो र उत्तर संरचनावादी, उत्तर आधुनिकतावादी अनिश्चितता प्रबल भयो । डेरिडीय त्यही १९६६ को निबन्धले उत्तर संरचनावादलाई अस्तित्वमा ल्याएर उत्तर आधुनिकतावादलाई उठ्ने मौका दियो (गौतम, २०६४ : १२७) । उत्तर आधुनिकतावादमा गहिराइको मोडेल तिरस्कृत भएर मौलिकता, सु-सङ्गति र इमान्दारीमा आशङ्का उत्पन्न गर्ने विशेषता हुन्छ । उच्च र निम्न संस्कृतिको भेदलाई वास्ता नगरी तात्विक अनिश्चितता,

विधाभञ्जन, विधामिश्रण, कृत्रिमता, विकेन्द्रण, सुसङ्गति र सामञ्जस्यता, बहुलवादको स्वीकार गर्ने प्रवृत्ति उत्तर आधुनिकतावादभित्र समाहित हुन्छन् । सत्य र भ्रमको अस्तित्ववादी मोडेल, धरातल र प्रासादको मार्क्सीय मोडेल, सङ्केतक र सङ्केतितको चिह्न वैज्ञानिक मोडेल, गुप्त र प्रत्यक्षको फ्रायडीय मोडेल सब उत्तर आधुनिकतावादमा उपेक्षित छन् ।

सन् १९७० को दशकपछि सैद्धान्तिक रूपमा विकसित भएको उत्तर आधुनिकतावादका प्रमुख प्रवर्तकका रूपमा फ्रान्सेली मिसेल फुको, अल्जेरियाली ज्याक डेरिडा, फ्रान्सेली जे फ्रेङ्कोज ल्योतार्ड, फ्रान्सेली जे. बड्रिलार्डलाई लिन सकिन्छ । ज्याक डेरिडाको सन् १९६६ मा जन हप्किन्स विश्वविद्यालयमा प्रस्तुत कार्यपत्र र ल्योतार्डले सन् १९६९ मा क्युबेक सरकारको अनुरोधमा तयार पारेको **द पोस्टमोर्डन कन्डिसन : अ रिपोर्ट अन नलेज** नामक प्रतिवेदन नै उत्तर आधुनिकतावादका वैचारिक प्रस्थापनाका आधारहरू हुन् (बराल, २०६३ : १०) । उत्तर आधुनिकतावादले आधुनिकतावादलाई अपर्याप्त देखाउँदै पाश्चात्य सभ्यता र संस्कृतिको पुनर्मूल्याङ्कनको प्रयत्न गरेको देखिन्छ । यसले एकत्ववादको विरोध गरी बहुत्ववादी प्रवृत्तिलाई स्वीकार गर्छ । कुनै एक पक्ष, पद्धति, प्रक्रिया, विचार, दृष्टिकोण, शैली आदिलाई महत्त्व नदिई सबैलाई समान महत्त्व प्रदान गर्छ । परम्पराको विरोध गर्दै पुराना मान्यतालाई भत्काएर परम्परालाई सुधार्ने दृष्टिकोण यसले राख्दछ । यसले विधागत विभिन्नताको सट्टा विधाहीनतालाई मान्दै प्रयोगगत नवीनतामा विश्वास गर्दछ । यसले लेखकीय स्वतन्त्रताको समर्थन गर्दै तथ्य, कल्पना, स्वैरकल्पनाको मिश्रण गर्छ । उच्च संस्कृतिका ठाउँमा लोकप्रिय तथा निम्न संस्कृतिलाई अँगाली नवकेन्द्रकहरूको स्थापना र बहुकेन्द्रकताको धारणालाई मूर्त रूप दिन्छ । यसले प्राविधिक संस्कृति (टेक्नोकल्चार) को विकासका कारण विश्व मानव समुदाय भूमण्डलीकरण भएको मान्दै साइबर संस्कृतिले विश्वका सम्पूर्ण मानिसलाई एक सूत्रमा जोडेको छ भन्ने मान्यता राख्दछ । अन्तरपाठात्मकता, अनिश्चयात्मकता, मुक्तता, अनुपस्थिति, प्रतिआख्यानात्मकता, तात्कालिकता अराजकता, सतह, विपठनसङ्केतित, व्यतिरेकी आदि उत्तर आधुनिकताका विशेषताहरूलाई स्वीकार गर्दै बहुलतावाद, बहुकेन्द्रीयतावाद, नवअग्रसरता, प्राविधिक संस्कृति, निम्न संस्कृतिलाई महत्त्व दिनु यस वादका प्रमुख विशेषता हुन् । उत्तर आधुनिकतावाद बहुलतावादी प्रवृत्ति भएकाले यसभित्र नारीवाद, विनिर्माणवाद, नवइतिहासवाद, नवव्यावहारिकतावाद, नवमार्क्सवाद, नवमनोविश्लेषण, पाठकीय अनुक्रियापरक समालोचना, उत्तर औपनिवेशिक समालोचना, समलिङ्गवादी समालोचना, इकोक्रिटिसिज्म, अभिघात सिद्धान्त, परोक्ष यथार्थ, अतियथार्थता, मायिक यथार्थ, सन्दिग्धता सिद्धान्त, आप्रवासी लेखन, जनजातीय अध्ययन, विनिर्माणवाद, पुनर्लेखन/पुनःसिर्जन, विपठन, सांस्कृतिक समालोचना, अन्तरपाठीयता, अन्तर्विषयकता आदि धेरै साहित्यिक सिद्धान्त एवम् समालोचनाहरू अन्तर्निहित रहेका हुन्छन् । यसर्थ उत्तर आधुनिकतावाद विविध प्रवृत्तिपुञ्जको समष्टिगत नाम हो ।

उत्तर आधुनिकतावादले सत्य सापेक्ष हुने अर्थात् अन्तिम सत्य हुन्छ भन्ने नमान्ने एवम् कुनै पनि विमर्शको गहिराइमा नगएर सतहमा नै अध्ययन गर्ने प्रवृत्ति भएको आरोप खेप्दै आएको छ । तर आधुनिकतावादीहरूले सार्वभौम सत्यका नाममा पुरुष पक्षधरता अँगाल्ने हुनाले यिनीहरू पौरुष दृष्टिकोणका वाहक बनेका हुन्छन् भन्दै उत्तर आधुनिक नारीवादीहरूले भने उत्तर आधुनिकतावादका मान्यतालाई स्विकारेको पाइन्छ । यसरी उत्तर आधुनिक नारीवाद डेरिडाको विनिर्माण सिद्धान्त, बार्थको सङ्केत विज्ञान विश्लेषण तथा लियोटार्डको उत्तर आधुनिकतावादबाट प्रभावित रहेको पाइन्छ ।

उत्तर आधुनिक नारीवादले सत्य पहिल्याउने नाममा आधुनिकतावादीहरू शक्तिसँग गाँसिएको एउटा विशेष लिङ्गको पक्षमा लाग्दछन् भन्ने भनाइ अघि सारेको छ । उत्तर आधुनिक विमर्शले सबै स्थापित विचारहरूको आलोचनात्मक विनिर्माण गर्ने सन्दर्भमार्फत परम्परागत नारीवादी विमर्शलाई पनि चुनौती दिँदै सार्वभौमिकता र एकीकृतताका उत्तर आधुनिक समीक्षकहरूले नारीवादी परियोजनामाथि प्रश्न उठाएका छन् । नारीवादले पाश्चात्य जगत्को मूल धारको विचारमा रहेको नारीद्वेष, लैङ्गिक विभेद एवम् महिलाको सीमान्तीकरणलाई अस्वीकार गर्छ र सो अस्वीकारले राजनीतिक विकल्पको सिर्जना गर्दै पुरुषले व्यापक रूपमा पाउने गरेको प्राथमिकताको व्याख्यालाई त्यसभित्र समावेश गर्छ । उत्तर आधुनिक विचारबाट प्रभावित नारीवाद अन्यत्रबाट जस्तै नारीवादभित्रबाट पनि सार्वभौम प्राक्कल्पनालाई हटाउनुपर्छ भन्ने प्रस्ताव अघि सार्दछ । यसैले यिनीहरूले नारीवादले प्रयोगमा ल्याउन सक्ने सर्वव्यापी शक्ति र वर्गीकरण (महिला) का बारेमा प्रश्न उठाएका छन् । यिनीहरूका अनुसार व्यापक रूपमा एकीकृत शक्ति सम्बन्धी अवधारणा र नारीवादभित्रैको शक्तिको विषय खतरापूर्ण हुन सक्छ किनभने सबै महिलामाथिको दमन पनि उस्तै छैन र सबै महिला पनि उस्तै छैनन् भन्ने कुरालाई नारीवादले दमन र बहिष्कार गर्छ अर्थात् शक्तिको केन्द्रीकृतताले सबै महिलालाई एकै दृष्टिकोणले हेर्छ र एउटै व्यवहार गर्छ; यसो गर्दा सबै महिलामाथि न्याय नहुन सक्छ भन्ने दृष्टिकोण उत्तर आधुनिकतावादी नारीवादले अघि सारेको छ (त्रिपाठी, २०६७ : ११३) । यसर्थ उत्तर आधुनिक नारीवादले नारीवादभित्र सबै महिलाका अलग अलग किसिमका दमनजन्य भोगाइलाई समेटेर अगि बढ्नु पर्ने मान्यता राखेको पाइन्छ ।

उत्तर आधुनिक नारीवादले उत्तर संरचनावादी नारीवादसँग सम्बन्धित अवधारणाको पनि समर्थन गर्ने भएकाले यी दुईका बिचमा कतिपय समानता रहेको देखिन्छ । उत्तर संरचनावादी नारीवादले भाषिक पक्षलाई बढी केन्द्रमा राखेको पाइन्छ भने उत्तर आधुनिक नारीवादले त्यसलाई समेट्नुका साथै नारीवादले नै सीमान्तमा पारेका अन्य नारीहरूलाई समेटेर अगि बढ्ने व्यापक दृष्टिकोण अगि सारेको छ । यसर्थ उत्तर आधुनिक नारीवादलाई अगि बढाउनमा पनि उत्तर संरचनावादी नारीवादी हेलेन सिक्सस, लुसी इरिगरी, जुलिया क्रिस्तेवा जस्ता दार्शनिकहरूको महत्त्वपूर्ण भूमिका रहेको पाइन्छ । उत्तर आधुनिक नारीवादले सत्य र यथार्थ सम्बन्धी परम्परागत धारणाको विरोध गर्दछ । सबै महिला एकै किसिमका हुन्छन् भन्ने आशय राखेर सबै महिलालाई एउटै समूहमा राख्ने सन्दर्भले पुरुष आधिकारिकताका स्थानमा महिला आधिकारिकतालाई स्थापना गर्ने काम मात्रै गर्छ र यसो गर्दा कतिपय महिला सीमान्तीकृत रहिरहने सम्भावना भने मेटिँदैन भन्ने विचार उत्तर आधुनिक नारीवादीको छ । नारीवादलाई सरलीकृत ढङ्गले प्रस्तुत गर्ने, संपरीक्षण गर्ने र सङ्ग्रहभित्रका तत्त्वलाई पुनर्निर्माण गर्नु पर्ने अवधारणा यिनीहरूको छ (टङ, सन् १९८९ : २१८) ।

उत्तर आधुनिक नारीवाद फ्रान्सेली नारीवादबाट प्रभावित छ । ज्याक्स डेरिडा, ज्याक्स लकानका मान्यतालाई आत्मसात् गर्दै फ्रान्सेली नारीवादीले उत्तर आधुनिक नारीवादी विचार प्रस्तुत गरेको पाइन्छ । डेरिडाले लिङ्गकेन्द्रवाद, शब्दकेन्द्रवाद र द्वैतवादी साङ्केतिक क्रमको विरोध गरेको पाइन्छ । डेरिडाले जस्तै उत्तर आधुनिक नारीवादीहरू 'सार्वभौम मानव प्रकृति' भनेकै व्यावहारिक रूपमा हेर्दा आधुनिक युरोपीय पुरुष भन्ने बुझिने गरेकाले आधुनिकतावादको 'एकीकृत र कारणसहितको विषय' प्रति सावधान देखिन्छन् । आधुनिकतावादीहरूले अरू समूहका जनतालाई कम-मानवका रूपमा प्रस्तुत गर्ने गरेकाले उत्तर आधुनिकतावादीहरूले यसलाई लैङ्गिक विभेदसँग जोडेका छन् । आधुनिकतावादी मानववादले वकालत गरेको एकीकृत मानव प्रकृतिसँग जोडिएको

पहिचानलाई विस्थापित गर्ने, बिस्तारै भत्काउँदै लैजाने र नष्ट नै गर्ने अभिप्राय उत्तर आधुनिक नारीवादले अघि सारेको छ । उत्तर आधुनिक नारीवादीहरूले सिमोन द बुभायरले अगि सारेको 'अन्य' को अवधारणाबाट प्रभावित हुँदै पितृसत्तात्मक संस्कृतिले नारीका मूल्य र अस्तित्वमाथि गरेको दमनको विश्लेषण गरेको पाइन्छ (टङ, सन् १९८९ : २१९) ।

उत्तर आधुनिक नारीवादीहरूले 'पहिचान राजनीति' लाई नारीवादभित्रै समाहित गरेका छन् । पहिचान राजनीतिले दमित समूहको सन्दर्भलाई बुझाउँछ र यसले महिलालाई काला र समलिङ्गी जस्ता समूहमा विभाजन गरेर प्रत्येकको अस्तित्वको सत्यलाई चिनाउँछ । उत्तर आधुनिक नारीवादीहरू समूह पहिचानलाई राजनीतिसँग ऐक्यबद्ध गर्नुलाई खतरनाक अभ्यासका रूपमा लिन्छन् किनभने शक्ति (राजनीतिक, सामाजिक) द्वारा दमित भएकाहरूलाई सार्वजनिक गरेर उत्सव मनाउँदैमा उनीहरूलाई मुक्ति प्राप्त भएको ठहरिँदैन । उनीहरू प्राथमिकताप्राप्त पुरुषसँग महिला टिक्नु नै महिला-पुरुषका बिच सहकार्य हुनु होइन भन्छन् । यसैले उनीहरूले सबै महिलाले आपसमा बाँडेर बोकेको प्रताडित महिला पहिचानलाई वैधानिक रूप दिन अस्वीकार गरेको पाइन्छ (त्रिपाठी, २०६७ : ११२) । यसरी उत्तर आधुनिक नारीवादले हरेक समयमा मानिएका सत्य सापेक्ष सत्य मात्र हुन् आधुनिकताले भन्दै पुरुष र महिलाका सम्बन्धमा स्थापना गरेको द्विचर विरोधी मान्यताको विरोध गरेको पाइन्छ । यसका साथै आधुनिकतावादले जस्तै नारीवादले पनि निश्चित सिद्धान्त स्थापित गरेर सबै तह र तप्काका नारी दमन र पीडालाई समेट्न नसकेको स्थितिप्रति प्रश्न गर्दै त्यसको परिमार्जन एवम् संशोधन आवश्यक छ भन्ने कुरा औँलाउन सफल भएको पाइन्छ । यिनीहरूले अगि सारेको नारीवादभित्रै सीमान्तमा परेका, अनुपस्थित एवम् नसमेटिएका नारीहरूका दमनपूर्ण स्थितिको आकलन गरिनु पर्ने मत उत्तर आधुनिकतावादी प्रवृत्तिसँग मेल खाने हुनाले यी प्रवृत्तिका नारीवादीलाई उत्तर आधुनिक नारीवादीको संज्ञा दिने गरिएको पाइन्छ ।

### ग) उत्तर संरचनावादी नारीवादी समालोचना

उत्तर संरचनावादको व्युत्पत्ति 'संरचनावाद' शब्दमा 'उत्तर' शब्दको मेल हुँदा भएको छ । संरचनावादका कतिपय विशेषताहरूलाई स्वीकार्दै एवम् कतिपय प्रवृत्तिको विरोध गर्दै देखा परेको उत्तर संरचनावाद संरचनावादको निरन्तरता र विच्छेद दुबै हो । उत्तर संरचनावाद र संरचनावाद दुबैले भाषावैज्ञानिक दृष्टिकोण अँगाली सङ्केतलाई महत्त्व दिनुका साथै सम्बन्धन र संयोजनलाई प्राथमिकता दिन्छन् । ससुरेली भाषाविज्ञानलाई मूल स्रोत मान्ने यी दुई वादहरू चिह्नका रिक्तता र भेदकतालाई स्विकार्छन् । यसर्थ उत्तर संरचनावाद संरचनावादको निरन्तरता हो । यसका साथै उत्तर संरचनावादले संरचनावादका निश्चितता, सार्वभौमिकता, टेक्स्टको एकत्व, जग वा आधारलाई मान्ने आदि प्रवृत्तिको विरोध गर्छ । उत्तर संरचनावादले भाषा वा पाठलाई हरेक व्यक्तिले आफ्नै ढङ्गले पाठ बनाएर हल गर्न सक्छ । यसर्थ यसले कुनै पनि पाठको सार्वभौम, सार्वकालिक वा समग्र मूल्य हुँदैन भन्ने मान्दछ (पचौरी, सन् २००० : १४२) । संरचनावादका कतिपय प्रवृत्तिका विरोध गर्दै देखा परेको हुनाले उत्तर संरचनावाद संरचनावादको विरोधी मानिन्छ ।

डेरिडाको कृति **स्ट्रक्चर साइन एन्ड प्ले इन द डिस्कोर्स अफ् द ह्युमन साइन्सेज** (१९६६) बाट संरचनावादका मान्यताहरूलाई अस्वीकार गर्दै उत्तर संरचनावादको प्रारम्भ भयो । डेरिडाको यस कृतिले विनिर्माणवादको पनि प्रवर्तन गरेको छ । विनिर्माणवाद अलग्गै सिद्धान्त नभएर उत्तर संरचनावादकै मूल घटक हो । यसर्थ विनिर्माणवादी प्रवृत्तिहरू भनेको उत्तर संरचनावादी प्रवृत्ति नै

हुन् । शब्दकेन्द्रवादलाई अस्वीकार गर्दै आवाज वा कथ्यकेन्द्रवादको विरोध एवम् द्विचरताको विरोध उत्तर संरचनावादी प्रवृत्ति हो । लेखकीय मृत्युको घोषणा गर्दै पाठलाई महत्त्व दिनु, भिन्नता, भेदकता, रिक्तता, अनिश्चिततालाई प्रश्रय दिने यस वादले भाषालाई सामाजिक तथा सांस्कृतिक उद्‌भव मान्दछ । उत्तर आधुनिकतावादको प्रस्थान विन्दु मानिने उत्तर संरचनावाद फ्रान्सेली नारीवादसँग नजिक देखिए तापनि यसको विकास फ्रान्सेली भाषी लेखकहरूद्वारा नभएर अमेरिकी लेखकहरूको प्रयासबाट भएको हो । विद्यमान संस्कृति मेटाउने अभियानसँग जोडिएर यस शब्दको आविष्कार भएको पाइए पनि प्रयोगको विविधताले गर्दा यो शब्द उत्तर आधुनिकतावाद जस्तै अति व्याप्त र अस्पष्ट बन्न पुगेको छ ।

संरचनावादी स्विस भाषाशास्त्री फर्डिनान्ड डी ससुरका अनुसार भाषाको एउटा निश्चित संरचना छ । त्यो संरचनायुक्त भाषा अर्थ सम्प्रेषण गर्ने माध्यम मात्र होइन । उनी संसारबारेको हाम्रो बुझाइ सन्दर्भ हो, संस्कृति त्यसको विशिष्टता हो र त्यो भाषाका माध्यमले व्यवस्थित हुन्छ भन्छन् । अर्थ भाषाभित्र पैदा हुन्छ । भाषाको संरचनामा अर्थ विषय हो र विभिन्न पदहरूको आपसी सम्बन्धका आधारमा यसको उत्पत्ति हुन्छ । सङ्केतक र सङ्केतितको आफैँमा कुनै मौलिक वा प्राकृतिक सम्बन्ध नभएर आकस्मिक सम्बन्ध मात्र हुन्छ भन्ने ससुरको मान्यतालाई डेरिडाले स्विकारेको पाइन्छ । साहित्य, दर्शन र संस्कृतिबारेका मान्यताहरू केही अवधारणाको प्रभुत्व तथा अन्यको दमन वा विस्थापनमा आधारित भएका हुन्छन् भन्ने डेरिडाको मान्यता छ (उप्रेती, २०६८ : ४८) । यसरी अर्थको सङ्केत गर्ने भाषाको निश्चित संरचना रहेको हुन्छ भन्ने ससुरको दृष्टिकोणसँग संरचनावादी र उत्तर संरचनावादी दुबै सहमत भएको देखिन्छ । उत्तर संरचनावादीहरूका अनुसार अर्थ न त तर्कयुक्त नै हुन्छ न त अमर नै हुन्छ । उनीहरूका अनुसार अर्थ निश्चित नभएर सन्दर्भसापेक्ष हुनुका साथै कुनै एक निश्चित अर्थ मात्र दिँदैन । शब्दले दिने अर्थ अनिश्चित एवम् अनन्त भएकाले नै अर्थ अनिश्चित हुन्छ भन्ने उनीहरूको तर्क छ । डेरिडा, मिसेल फुको, लुसी इलिगेरी, जुलिया क्रिस्टेभा, लकान, लियोटार्ड जस्ता दार्शनिकहरू यस विचारमा सहमत देखिन्छन् ।

उत्तर संरचनावादीले अगि सारेका सबै स्वरूप नारीवादका लागि उत्पादक नभए पनि उनीहरूले अगि सारेको सामाजिक शक्तिको प्रयोगको प्रश्न तथा लिङ्ग, वर्ग र जातका बिचको सामाजिक सम्बन्धको रूपान्तरणको तरिकालाई भने उत्तर संरचनावादी नारीवादीले हतियारका रूपमा प्रयोग गरेको पाइन्छ । उत्तर संरचनावादले पनि अरू सबै सिद्धान्तले जस्तै भाषा, विषयी, ज्ञान र सत्यका बारेमा निश्चित विश्वास बनाएको छ । यसको हरेक स्वरूपले 'अर्थ' भाषाले व्यक्त गरेको विषयबाट निश्चित नभई भाषाभित्रै स्थापित भएको हुन्छ भन्ने विश्वास गर्छ । यस अर्थमा सबै उत्तर संरचनावाद भनेको उत्तरससुरवाद नै हो । नारीत्व र पुरुषत्वको सधैंभरिका लागि उही निश्चित अर्थ हुँदैन । सामाजिक सम्बन्धले भाषाको स्वरूपको निर्माण गर्छ । भिन्न-भिन्न किसिमका उत्तर संरचनावादले अर्थको उत्पत्तिलाई भिन्न-भिन्न किसिमले सिद्धान्तीकरण गरेका छन् । मनोविश्लेषणात्मक उत्तर संरचनावादले निश्चित मनोलैङ्गिक स्वरूपमाथि ध्यान दिन्छ, विनिर्माणवादले फरक-फरक पाठहरूका बिचको सम्बन्धमा बढी ध्यान दिन्छ र नारीवादीहरूले विशेष रुचि राखेको फुकोको सिद्धान्तले ऐतिहासिक सम्बन्ध र सामाजिक अभ्यासलाई ध्यानमा राखेको छ । समाजका विभिन्न सन्दर्भमा 'नारीत्व' को अर्थ फरक किसिमले लगाउने गरिएको पाइन्छ । अश्लील साहित्यले महिलाको यौनिकतालाई विशेष जोड दिने ढङ्गले नारीत्वको परिभाषा गर्दछ । यस किसिमको नारीत्वको परिभाषामा नारीहरू पुरुष दृष्टिकोणबाट आफ्नो सन्तुष्टिलाई

अर्थ्याउँछन् र त्यसो गर्दाको पीडामा नै उनीहरू आनन्दको महसुस गर्छन् । अर्को किसिमको नारीत्वको परिभाषामा 'कुमारीत्व' र 'मातृत्व' लाई आवश्यकताभन्दा बढी नै उचालिने गर्दछ र यो अर्को किसिमको आत्मपीडन हो (त्रिपाठी, २०६७ : ११७) ।

उत्तर संरचनावादीहरू अर्थको बहुलता हुने कुरामा विश्वास राख्दछन् । यिनीहरू ससुर भने जस्तो भाषाको निश्चित संरचना हुने र त्यसको अर्थ पनि त्यही संरचनाभित्रै निर्धारित हुने कुराको विरोध गर्दछन् । यिनीहरू 'सङ्केत' का सट्टा कहिल्यै निश्चित नहुने बरु निरन्तर फरक हुँदै जाने सङ्केतित' का बारेमा बोल्दछन् । ससुरले राखेको 'चिन्ह' का तार्किक मौखिक विषयका आत्मसचेतताद्वारा परिचित आफ्नै निश्चित अर्थ हुन्छन् भन्ने 'चिन्ह' सम्बन्धी मान्यतालाई ज्याक्स डेरिडाले अस्वीकार गरेको पाइन्छ । उनले 'शब्दकेन्द्रवाद' माथि प्रश्न गर्दै ससुरका 'चिन्ह' शृङ्खलाका निश्चित 'सङ्केतित' का स्थानमा 'भिन्नता' को अवधारणालाई स्थापित गरेका छन् । डेरिडाले 'सङ्केतित' को निश्चित अर्थ नहुने र 'सङ्केतक' को अस्तित्व पनि एक अर्कासँगको भिन्नतामा टिकेको हुन्छ भन्ने मान्यता अगि सारेको पाइन्छ (कोलेब्रुक, सन् २००७ : २१४) । नारीवादी उत्तर संरचनावाद पनि विद्यमान पितृसत्तात्मक सामाजिक, पारिवारिक, भाषिक रीतिथितिको संरचना भत्काएर अगाडि बढ्ने कुरा गर्दछ । उत्तर संरचनावादी सिद्धान्तको विकासमा फ्रायडको मनोविश्लेषणात्मक सिद्धान्तको प्रशस्त प्रभाव परेको पाइन्छ । फ्रायडले पुरुष यौनाङ्गको उपस्थिति र अनुपस्थितिका सन्दर्भबाट केटा र केटीको चालचलन, बानीबेहोरा छुट्टिन्छ भन्ने विश्लेषणलाई बेकर मिलर, हर्नबी लगायत अन्य उत्तर संरचनावादी नारीवादीहरूले अस्वीकार गरेको पाइन्छ । उनीहरूले महिलाको लिङ्गईर्ष्या सम्बन्धी सिद्धान्तको प्रतिपादन पुरुषको ईर्ष्याकै प्रतिफल हो भन्दै पुरुषमा भएको पुनरुत्पादनको क्षमताको क्षतिपूर्तिस्वरूप पुरुषले विज्ञान र कलाका क्षेत्रमा सिर्जनात्मकता देखाएको हो भन्ने मत राखेको पाइन्छ । यसरी फ्रायडका विश्लेषणका पृष्ठभूमिमा उत्तर संरचनावादी नारीवादले उभिने अवसर प्राप्त गरेको देखिन्छ ।

उत्तर संरचनावादी नारीवादीहरू पितृसत्तात्मक संरचनाको विनिर्माण गर्न चाहने भएकाले डेरिडाको विनिर्माणको सिद्धान्तबाट प्रभावित देखिन्छन् । लिङ्ग, जात र वर्गका आधारमा निर्मित विभेदपूर्ण प्रतिपक्षतालाई विकेन्द्रित गर्ने भएकाले विनिर्माणवाद नारीवादका लागि उपयोगी देखिन्छ । यसले बहुलता र अर्थको अनिश्चिततामा जोड दिन्छ । सामाजिक शक्तिसम्बन्धका आधारमा पूर्वनिश्चित अर्थहरूलाई यसले निषेध गर्दछ । विषय र भाषाका सम्बन्धमा मनोविश्लेषणात्मक र विनिर्माणवादी सिद्धान्तबाट प्रभावित उत्तर संरचनावादी नारीवादी सिद्धान्तभित्र नारीपरक, नारी यौनिकतापरक भाषापरक अपरम्परागत दृष्टिकोणहरू समाविष्ट छन् । उत्तर संरचनावादी नारीवादीहरू नारी मनोविज्ञान र नारी शरीरमा आधारित नारी यौनिकता तथा मातृत्व जस्ता नारीत्वका परिभाषाको अस्वीकार गर्छन् । यिनीहरू नारी लेखनको आवश्यकतामा जोड दिन्छन् । नारीवादी उत्तर संरचनावादले साहित्यिक विमर्शको स्वरूप निर्धारण गर्ने शक्ति एवम् ज्ञानको सम्बन्धको विश्लेषण गर्दै यी सम्बन्धमा परिवर्तन ल्याउने हेतुले काम गर्दछ । स्थापित अर्थ, मूल्य र शक्तिसम्बन्धलाई अस्वीकार गर्ने यो नारीवादी उत्तर संरचनावाद सिधै परिवर्तनको सङ्घर्षसँग सम्बन्धित देखिन्छ अर्थात् स्थापित संरचनालाई भत्काएर बहुलवादी नयाँ संरचनाको निर्माण गर्नु नै यसको लक्ष्य देखिन्छ (त्रिपाठी, २०६७ : १२१) । यसरी उत्तर संरचनावादी नारीवादले पुरुष केन्द्रको विरोध गर्दै पितृसत्तात्मक संरचनालाई भत्काउनुका साथै अर्थगत अनिश्चितता र बहुलताको समर्थन गरेको पाइन्छ ।

### २.६.३ तेस्रो धार

सन् १९९० को दशकसँगै विभिन्न नारीवादी आन्दोलनहरूले समाजमा रहेको लैङ्गिक शोषण, विभेद र दमनका बारेमा विश्लेषण गर्न लैङ्गिक सम्बन्धलाई विश्लेषण गर्नुपर्ने तर्क राखेको पाइन्छ । यस किसिमको अवधारणा बोकेका आन्दोलनलाई नारीवादी तेस्रो धारका रूपमा चिनिन्छ । यस धारले अल्पसङ्ख्यकलाई केन्द्रमा राखेको छ । यसभित्र जातीय/जनजातीय नारीवाद, काला नारीवाद, काला नारीसमलैङ्गिक नारीवाद, उत्तरउपनिवेशिक नारीवाद, उत्तर नारीवाद जस्ता प्रवृत्तिहरू समाहित छन् । यस धारले सार्वभौमीकरणको सिद्धान्तले महिलाजति सबै उत्पीडित हुन्छन् भन्ने मान्यताको विरोध गर्दै महिलाहरूकै बिचको भिन्नताको खोजीमा जोड दिएको छ । लैङ्गिक हिसाबले मात्र नभएर वर्गीय, जातीय हिसाबले पनि महिलाहरू दमनमा परेको सन्दर्भलाई समेत यस धारले समेटेको पाइन्छ ।

#### क) जाति/जनजातिगत सांस्कृतिक नारीवादी समालोचना

जाति जनजातिगत सांस्कृतिक नारीवादी धारले महिलाहरूमा हुने विभेदजन्य दमनको स्थितिको अध्ययन गर्दछ । सबै महिलालाई एउटै स्वरूपमा हेर्ने सार्वभौमिक मान्यताको आलोचना गर्दै महिलाहरूकै बिचको भिन्नतालाई स्पष्ट पार्नमा यसको महत्त्वपूर्ण भूमिका रहेको देखिन्छ । नारीवादले अघि सारेको नारी सम्बन्धी अवधारणा सार्वभौम भएको भन्दै त्यो मान्यता पुरुष दृष्टिकोणमा आधारित भएको आरोप यिनीहरूले लगाएको पाइन्छ । यिनीहरू केन्द्रीकृत सामाजिक जीवन र सीमान्तीकृत समूहका बारेको परम्परागततालाई चुनौती दिन्छन् । यिनीहरू लैङ्गिक एवम् जाति/जनजातिगत विभाजनका बिचको अन्तरसम्बन्धमाथि विशेष प्रकाश पार्दछन् । यसका लागि जातीय र जनजातीय दुबै कोणबाट सीमान्तीमा रहेको समूह विशेष प्राथमिकतामा पर्दछ । पाश्चात्य सन्दर्भमा यो समूह भनेको कालाजातिको जनजातीय समूह हो । 'जाति' ले 'काला' र 'गोरा' भन्ने बुझाउँछ । यिनीहरू वर्गको कुरालाई पनि यससँगै उठाउँछन् ।

जाति/जनजातिसँग जोडिएर गरिने नारीवादी कार्यले खास एउटै नारीवादी सिद्धान्त र सिद्धान्तकारको मात्र अनुसरण नगरी उत्तर आधुनिक, उत्तर संरचनावादी, मनोविश्लेषणात्मक, मार्क्सवादी, समाजवादी सिद्धान्तका अतिरिक्त जाति एवम् जनजातिवाद माथिका लेखनलाई समेत पछ्याएको पाइन्छ । यो नारीवाद उदार नारीवाद र उग्र नारीवादसँग भने कमै जोडिएको छ । जाति/जनजातिगत सन्दर्भमा विशेष प्रकाश पार्ने पाश्चात्य नारीवादले शक्ति सम्बन्धका कारणले महिला-महिलामा देखिएको भिन्नता र त्यस भिन्नतामाथि भएको शोषणका कुरालाई बढी महत्त्वका साथ अगाडि सार्दछ (त्रिपाठी, २०६७ : १२४) । यस धारलाई अगि बढाउने नारीवादीहरूमा स्पेलम्यान, बेल हुक्स, लेन एड, हगिन्स, वसेन, गायत्री चक्रवर्ती स्पिभक आदिको उल्लेख्य भूमिका रहेको पाइन्छ ।

जाति/जनजाति भन्ने शब्दले कुनै वैज्ञानिक आधार ग्रहण गरेको नभएकाले समय, स्थान र परिवेश अनुसार फरक सन्दर्भलाई जनाउने कतिपय दार्शनिकहरूको विचार छ । त्यसैले यिनीहरूले यस धारलाई पश्चिममा काला नारीवादले नै समेट्ने भएकाले छुट्टै धारका रूपमा लिनु नपर्ने धारणा राखेको पनि पाइन्छ । यस धारले सीमान्तमा परेका जाति वा जनजाति नारीहरूका पक्षमा वकालत गर्दछ । यसले सबै महिलालाई एउटै पहिचान (उत्पीडितको पहिचान) दिने कुराको आलोचना गर्दछ । जाति/जनजातिका सम्बन्धमा सन् १९६०-७० को दशकदेखि नै स्थापित

परम्पराभन्दा फरक किसिमका कुरा अभिव्यक्त हुन थालेको पाइन्छ । यिनीहरू जाति/जनजातिगत परम्परागततालाई अस्वीकार गर्दै सबै सीमान्तीकृत समुदायलाई सार्वभौमिक मानवीय मुक्तिसँगै गाँस्नुपर्छ भन्ने मान्यता राख्छन् । समाजमा उत्पीडक र उत्पीडित दुबैको पहिचान समान हुनुपर्छ भन्ने कुराका लागि यिनीहरू सङ्घर्ष गर्दछन् । यिनीहरूको सोच सीमान्तीकृतहरूको अदृश्यता सम्बोधित हुनुपर्छ भन्ने देखिन्छ ।

जाति/जनजातिगत सांस्कृतिक नारीवादीले सबै महिलाको उत्पीडनको एउटै स्वरूप हुन्छ भन्ने दृष्टिकोणले मध्यम वर्गीय गोरा महिलालाई मात्र सम्बोधन गर्ने मान्यता राखी त्यसको विरोध गरेको पाइन्छ । यिनीहरूले काला जनजाति अल्पसङ्ख्यक महिलाहरू नारीवादभित्र पनि सीमान्तीकृत बनेको कुरा औँल्याएर गोरा मध्यम वर्गीय महिला र काला जनजातिका महिलाका सरोकारका विषयहरू फरक-फरक हुने भएकाले एउटा व्याख्याले सबै प्रकारका महिलाहरू परिभाषित हुन सक्तैनन् भन्ने मत राखेको पाइन्छ (बिस्ले, सन् १९९९ : १०८) । यसरी जाति/जनजाति दुबै अल्पसङ्ख्यक समूहभित्र पर्ने मात्र होइन अल्पसङ्ख्यकहरू बहुसङ्ख्यकबाट हेपिएको हुनाले यिनीहरू झन् बढी अर्थात् दोहोरो हेपाइमा परेका हुन्छन् भन्ने यिनीहरूको बुझाइ छ । तसर्थ यिनीहरूले नारीवादले आफूलाई समेट्न नसकेको भन्दै महिला-महिलाकै बिचको विभिन्नतालाई केलाएर महिला उत्पीडनको पक्षमा वकालत गरेको पाइन्छ ।

**ख) काला नारीवादी समालोचना**

काला नारीवादी समालोचनाको विकास सन् १९६० देखि १९७० को दशकमा भएको हो । यो दोस्रो धारका नारीवादी जो गोरा महिलाबाट दबिएका थिए तिनैले नागरिक अधिकारका लागि थालेको क्रान्ति हो अर्थात् यो कालाको शक्ति र कालाको कलाको क्रान्ति हो जो काला पुरुषकै कारण पनि दबिएका थिए (केइजर, सन् २००७ : १५४) । यिनीहरूले स्थापनाको निरन्तरताका बिच नारी सङ्घर्ष र युगानुसार साहित्य र संस्कृतिप्रति आलोचनात्मक धारणा समेत प्रस्तुत गर्दै गए । यस प्रकारका नारीवादीहरूले काला नारीहरू जातीय र लैङ्गिक मात्र नभएर थुप्रै प्रकारले दमनमा परेका थिए भन्दै त्यसकै विश्लेषण गरे । अफ्रिकन अमेरिकन नारी आख्यान लेखकहरू, नाटककारहरू र कविले यो क्षेत्रको विकासका लागि महत्त्वपूर्ण भूमिका निर्वाह गरेको पाइन्छ । १९७० को दशकमा टोनी मोरिसनको उपन्यास **द ब्ल्युस्ट आइ**, एलिस वाल्करको उपन्यास **द थर्ड लाइफ अफ ग्रेन्ज कोप्ल्यान्ड**, माया एन्जेबुको कृति **आइ नो ह्वाइ द केज बर्ड सिङ्ज** र टोनी केडको कृति **द ब्ल्याक वमेन**को प्रकाशन यही वर्षमा भयो । यी कृतिहरूले अफ्रिकन अमेरिकन महिलाहरूका बाधा र त्यसबाट स्वतन्त्रताका पक्षलाई महत्त्व दिएको पाइन्छ । साथै गोरा सामन्तवादीले काला मानिसमाथि गरेको दमन मात्र नभएर काला पुरुषले शारीरिक र मानसिक रूपमा काला महिलामाथि गरेका दमनलाई पनि यी कृतिमा स्थान दिएको पाइन्छ (केइजर, सन् २००७ : १५५) । काला नारीवादी समालोचनामा एलिस वाल्करको **इन सर्च अफ आवर मदर्स** (१९७४) मा र बारबारा स्मिथको **टुवार्ड अ ब्ल्याक फेमिनिस्ट क्रिटिसिज्म** (१९७७) मा पनि साहित्यको समालोचना गर्ने क्रममा साधारण रूपमा भए पनि काला नारीवादी पक्षमा वकालत गरिएको छ । यस्तै एम सी डोवेलको निबन्ध **न्यु डाइरेक्सन्स फर ब्ल्याक फेमिनिस्ट क्रिटिसिज्म** (१९८०), बारबारा क्रिस्टियनको **ब्ल्याक वमेन नोभलिस्ट : द डिभलोपमेन्ट अफ अ ट्राडिसन** (१९८०) ले पनि अफ्रिकन अमेरिकनको साहित्य परम्परामा अस्तित्व थप्न थप योगदान पुऱ्याएको छ (केइजर, २००७ : १५५) ।

होर्टेन्स स्पिलर्सले निबन्धको शृङ्खला नै प्रकाशन गरेर १९८० र ९० को **भोलन ब्ल्याक, ह्वाइट एन्ड इन कलर : यस्से अन अमेरिकन लिटरेचर एन्ड कल्चर**मा फ्राइड र लकानको मनोविश्लेषणसँग अफ्रिकन अमेरिकन साहित्य र संस्कृतिको सम्बन्धका बारेमा उल्लेख गरेका छन् । यस्तै क्लाउडिया टेट, मेइ हेन्डर्सन, वेल हुक्स, औड्रे लोर्ड, भ्यालेरी स्मिथ, मेरी हेलेन, वासिङ्टन आदिले पनि भिन्न दृष्टिकोणबाट अफ्रिकन अमेरिकन साहित्यले पारेको प्रभावको चित्रण गरेका छन् (केइजर, सन् २००७ : १५८) । काला नारीवादीले यौनवाद, वर्गीयवाद, प्रजातीयवाद, पुँजीवाद र महिला, समानता, विविधता एवम् पहिचान जस्ता विषयलाई उठाएको पाइन्छ । राजनैतिक र सामाजिक आन्दोलनका रूपमा विकास भएको काला नारीवादले यौन शोषण र सामाजिक विभेदलाई प्रमुख मुद्दा बनाएको देखिन्छ । यसले काला महिलाको अधिकार स्थापना गर्ने, पहिचानको स्थापना गर्ने र सेता नारीवादका कमजोरीहरूको पहिचान गर्ने जस्ता उद्देश्य लिएर अगि बढेको पाइन्छ ।

पश्चिमी समाज गोरा जातिहरू अधिकारमा छन् भने कालाहरू अधीनस्थ छन् साथै उत्पीडित छन् । काला महिलाहरू गोरा पुरुष र गोरा महिलाबाट मात्र नभएर काला पुरुषबाट समेत पनि उत्पीडित छन् (टाइसन, सन् १९५० : १०६) । पश्चिमी समाजमा प्रचलित विभिन्न नारीवादी चिन्तनले काला नारीहरूलाई समेट्न नसकेको भन्दै पछिल्लो समयमा काला महिला स्वयंकै अग्रसरतामा काला नारीवादी चिन्तन अगाडि बढेको पाइन्छ । रिचार्ड रिट र राल्फ एलिसन जस्ता काला पुरुषको काला महिलाका काममाथि गरेको विरोधी लेखनलाई प्राथमिकता दिने गोराहरूको संस्कृतिमाथि काला नारीवादी समालोचकहरू आक्रमण गर्दछन् । काला नारीवादीहरू काला महिला लेखकसँग सम्बद्ध र तिनका विस्तारित चरित्रलाई महत्त्वपूर्ण स्थान दिइएको कृतिमाथि विश्वास गर्छन् । तिनीहरू सोवाल्टरद्वारा व्याख्या गरिएका विभिन्न किसिमका नारीवादी समालोचनालाई स्विकार्दै पुरुषकेन्द्री साहित्यिक मूल्यमाथि आक्रमण गर्दछन् । पुरुष लेखकको प्रतिस्पर्धात्मक मानसिकता साधारणतया महिला लेखक र अझ त्यसमा पनि काला महिला लेखकप्रति गलत देखिन्छ ।

### ग) समलैङ्गिक नारीवादी समालोचना

समलैङ्गिक नारीवादले पुरुष समलिङ्गीभन्दा पनि महिला समलिङ्गीहरूमाथि भएको दमनजन्य व्यवहारको विरोध गर्दछ । महिला समलिङ्गीलाई अङ्ग्रेजीमा ‘लेस्वियन’ भन्ने गरिन्छ भने पुरुष समलिङ्गीलाई ‘गे’ भनिन्छ । महिला समलिङ्गीहरूको अलग पहिचान र अस्तित्व हुनु पर्ने विचार यिनीहरूले अगि सारेको पाइन्छ । नारीवादी अल्पसङ्ख्यकभित्र पर्ने समलैङ्गिक नारीवादीहरूले काला नारीवादीसँग साक्षात्कार गर्दै अगि बढेको हुनाले यी दुईले एक अर्कालाई एकै ठाउँमा समावेश गरेको पाइन्छ । काला नारीवादले हरेक किसिमका काला नारीलाई सँगै राखेर अगि बढ्ने भएकाले काला नारीवादभित्रै पनि समलिङ्गीहरू सीमान्तमा परेको मत समलैङ्गिक नारीवादीहरूको छ । यसर्थ ती सीमान्तमा रहेका समलिङ्गीहरूलाई मात्र समावेश गर्ने उद्देश्यले यस धारको विकास भएको पाइन्छ । तर पनि काला नारीवादसँग यो पूर्ण विच्छेद भएको भने होइन । नारीवादी समालोचकका सहायक समूहहरूमध्येमा यी दुईको जोडी व्यापक बनेको छ र नारीवादी अल्पसङ्ख्यकमध्येमा यी दुई नै बढी मुखर र सफल पनि छन् (गेरिन र अन्य, सन् १९९९ :२०८) ।

लाउरा डोन्सले प्रकाशन गरेको साहित्यको समालोचनासँग सम्बन्धित पुस्तकभित्र सङ्कलित ‘द लेस्वियन पोस्टमोडर्न’ शीर्षकको लेखमा नारी समलिङ्गीहरूको वंशानुगत नमुना प्रस्तुत गर्नु

आवश्यक भएको बताएको पाइन्छ । बोनी जिमरम्यानको निबन्ध 'ह्वाट ह्याज नेभर बिन : एन ओभरभिउ अफ लेस्वियन फेमिनिस्ट क्रिटिसिज्म' मा दोस्रो धारको नारीवादको विरुद्धमा नारी समलैङ्गिकताको व्याख्या गरेको पाइन्छ । यस्तै यस धारको समालोचकमा जेनेट एच फोस्टरको **सेक्स भ्यारियन्ट वेमेन इन लिटरेचर** (१९५६) नामक कृतिलाई शास्त्रीय उदाहरणका रूपमा लिने गरेको पाइन्छ । यस्तै यस धारलाई अगाडि बढाउने समालोचकमा बेट्सी वारल्यान्डको नाम पनि अविस्मरणीय छ । उनले संकलन गरेको पुस्तक **इन भर्सन्स : राइटिङ बाइ डाइक्स**, **क्वीअर एन्ड लेस्वियन्स** (१९९१) लाई सिर्जना र आलोचना दुबैको उत्कृष्ट उदाहरण मानिन्छ जुन समलैङ्गिक नारीवादी लेखन एवम् समलैङ्गिक नारीवादी समालोचनासँग परस्पर सम्बन्धित देखिन्छ (गोन्डा, सन् २००७ : १७१) ।

पश्चिमी साहित्य र संस्कृतिमा काला र समलिङ्गीहरू हिंसात्मक पाराले आक्रामित भएका छन् । यसरी अरू महिलाका सापेक्षतामा उनीहरूका लागि 'व्यक्तिगत' अझ बढी 'राजनीतिक' बनेको छ । नारीवादी समलैङ्गिकहरूले बहुसङ्ख्यक नारीवादीहरूलाई पुरुषहरूसरह ठान्दै उनीहरूले पुरुषसँग बढी साझेदारी गर्ने गरेको मान्यता राखेको पाइन्छ । गोरा महिलाभन्दा समलिङ्गी र काला महिलाहरू साहित्य र इतिहासबाट पन्छ्याइएका छन् भन्ने यिनीहरूको धारणा छ । फ्रान्सेली समलिङ्गी समालोचकहरू एकीकृत पाठको विचारलाई अस्वीकार गर्छन् । उनीहरूले ऐना बिम्बहरू, गोप्य सङ्केतहरू, सपनाहरू र पहिचानका कथाको आविष्कार गरेका छन् । उनीहरू नयाँ शब्द, अनौपचारिक व्याकरण र अरू प्रयोगमूलक तरिकाहरूतर्फ आकर्षित छन् (त्रिपाठी, २०६७ :१२८) । अरू धेरै नारीवादीले झैं उनीहरू पनि बहुअर्थी शब्द र कथाको खुला अन्त्यलाई मन पराउँछन् र दोहोरो अर्थको खोजी गर्छन् । समलिङ्गी समालोचकहरू मुख्य गरी रेडक्लिफ हल, कलेट, भर्जिनिया उल्फ, जुना बार्नेस, गर्टुड् स्टेन, इभि कम्पटन बर्नेट र मे सार्टन जस्ता प्रयोगवादी समलिङ्गी लेखकहरूतर्फ आकर्षित भएको पाइन्छ ।

समलिङ्गी नारीवादी समालोचना अन्य विधामा पनि समाविष्ट भएको पाइन्छ । यस क्रममा यसको सम्बन्ध इतिहास, दर्शन एवम् सांस्कृतिक अध्ययनसँग रहेको पाइन्छ । यसका साथै यो पहिलो धारको नारीवादी समालोचना, गे र लेस्वियन अध्ययन, अभिघात सिद्धान्त, उत्तर संरचनावाद, उत्तर आधुनिकतावादसँग पनि सम्बन्धित देखिन्छ । नारी समलैङ्गिक नारीवादी समालोचना र नारी समलैङ्गिक नारीवादी दर्शनको सीमालाई छुट्याउन कठिन छ (गोन्डा, सन् २००७ : १७३) । समलैङ्गिक नारीवादी समालोचनाको विकासमा जेफनर एलेन्स, एडरिन रिच, जुली अब्राम, जुडिथ रुफ्स आदिको उल्लेखनीय भूमिका रहेको पाइन्छ । यसरी समलैङ्गिक नारीवादले नारी समलिङ्गीको पक्षमा वकालत गरेको देखिन्छ । यस क्रममा नारीलाई माया गर्ने मात्र नभएर जीवन बिताउनका लागि जीवन साथी पनि नारी नै हुन सक्ने मान्यता यिनीहरूले राखेको पाइन्छ । यसका साथै नारी पुरुषबिचको विषमलैङ्गिक विवाह परम्पराको विरोध गर्ने प्रवृत्ति पनि यिनीहरूमा रहेको पाइन्छ । नारीले नै नारीको भावना बुझ्न सक्ने भएकाले नारीसँगको सम्बन्धमा समलैङ्गिक नारीवादीले जोड दिएको पाइन्छ ।

### घ) उत्तरउपनिवेशवादी नारीवादी समालोचना

बलिया देशले निर्धा देशमाथि स्थापित गरेको आधिपत्य नै उपनिवेश हो । द्वितीय विश्वयुद्ध पश्चात् औपनिवेशिक मुलुकहरू स्वतन्त्र हुँदै गएको र उपनिवेशको अन्त्य भएपछि उत्तर औपनिवेशिक युगको उदय भएको मानिन्छ । युरोपकेन्द्रवादको विरोधमा युरोपेतर महादेशका राज्यहरूको स्वायत्त

आवाज उत्तर औपनिवेशिकता हो । उत्तर औपनिवेशिकतावाद उत्तर औपनिवेशिकतालाई स्थापित गर्ने विचार, नीति वा सिद्धान्त हो । उत्तर औपनिवेशिकतावादको एउटा मुख्य तत्त्व युरोपकेन्द्रित साहित्यको सिद्धान्त र कलाको मूल्यहरूलाई विस्थापित गर्दै साहित्यको सङ्कीर्ण गहिरो पर्वतलाई फैलाउनका लागि औपनिवेशिक र उत्तर औपनिवेशिक लेखकलाई समावेश गर्नु हो (अब्राम्स र हर्फाम, सन् २००९ : २३८) । उत्तर औपनिवेशिक समालोचनाले औपनिवेशिक मुलुकका स्रष्टाद्वारा सिर्जित साहित्यको विश्लेषण गर्दछ अर्थात् इतिहासको कुनै युग वा समयमा साम्राज्यवादी औपनिवेशिक शक्तिहरूका अधीनस्थ देशका साहित्यिक कृतिको विश्लेषण गर्ने पद्धति उत्तर औपनिवेशिक समालोचना हो । उत्तर औपनिवेशिक साहित्यको सिर्जना धेरै पहिलेदेखि भए पनि यस समालोचनाको खास प्रारम्भ भने चिनुवा आचवेको सन् १९७४ को **पोस्ट कोलोनियल क्रिटिसिज्म** शीर्षकको कार्यपत्रबाट भएको मानिन्छ । यस समालोचनाको विकासमा गायत्री स्पिभक चक्रवर्तीको **इन अदर वर्ल्ड** (सन् १९६०), बिल एसक्राफ्टको **द इम्पायर राइट्स ब्याक** (सन् १९८९), होमी भाभाको **नेसन एन्ड न्यारेसन** (सन् १९९०), र एडवर्ड सइदको **कल्चर एन्ड इम्पेरियालिजम** (सन् १९९३) नामक पुस्तकहरूको उल्लेख्य प्रभाव परेको पाइन्छ (वेडन, सन् २००७ : २८६) । उत्तर औपनिवेशिक समीक्षालाई गति दिने गायत्री चक्रवर्ती विसङ्घटनको रणनीतिलाई विशेष रूचाएको पाइन्छ भने इड्वार्ड सइदले डिस्कोर्स सधैंका निम्ति अपरिवर्तनीय भएर रहँदैन भन्ने विचार प्रकट गरेको पाइन्छ । यस्तै यस समालोचनालाई अगि बढाउने समालोचकहरूमा आस्क्राफ्ट, एजाज अहमद, ग्यारेथ ग्रिफिथ्स, हेलेन टिफिन आदिको उल्लेख्य भूमिका रहेको  पाइन्छ ।

उत्तर औपनिवेशिक समीक्षाले पराधीन अवस्थामा जाति, भाषा, संस्कृति र देशले कसरी तिनको स्थिति दयनीय भयो, कसरी ती झन्-झन् कमजोर हुँदै गए भन्ने किसिमका तथ्यहरूको चित्रण साहित्यमा आएको छ भने त्यसलाई खुलस्त पार्दछ । मुक्ति सङ्घर्षशीलता, राष्ट्रियता, ऐक्यबद्धता, अन्याय र अत्याचारको विरोध, समानता, धर्म, वर्ण, वर्ग, जाति, लिङ्ग आदिमा आधारित विभेदको तिरस्कार, शोषणरहित, सहअस्तित्वमूलक समाज बनाउने चाहना, शिक्षा, स्वास्थ्य, सञ्चार, यातायात आदि क्षेत्रमा विकासको प्रबल इच्छा, स्वशासन स्थापित गर्ने उद्देश्य आदि कुराहरू उत्तर औपनिवेशिक प्रवृत्ति हुन् । यसरी स्वतन्त्रताको चाहना, जाति, भाषा, संस्कृतिहरूप्रति प्रेम, प्रजातन्त्र स्थापित गर्ने इच्छा आदिले प्रेरित भएर गरिएका सङ्घर्षको चित्रण भएका साहित्यलाई उत्तर औपनिवेशिक समीक्षाले विश्लेषण गर्दछ । उत्तर औपनिवेशिक आलोचक उपनिवेशकको षड्यन्त्रलाई खोलेर देखाउँछ र स्वदेशी भाषा, साहित्य, परम्परा, धर्म, संस्कृति, कला एवम् साधनातर्फ देशका नागरिकलाई सचेष्ट पार्दछ (गौतम, २०५९ : ४३८) । औपनिवेशिक युगमा उपनिवेशक र उपनिवेशितका बीचमा भएका तलमाथिको क्रमको वर्चश्वलाई ध्वंस गर्दै उत्तर औपनिवेशिक समीक्षा द्विचरताको विरोध गर्न विसङ्घटन वा विनिर्माणको साहारा लिन्छ । पश्चिमी प्रबोधनकालीन सार्वभौमवादतिर भन्दा राष्ट्रिय, स्थानीय उत्तर आधुनिक ढङ्गका प्रवृत्तितर्फ झुकाउ राख्ने यस सिद्धान्तले उपनिवेशमा स्थापित मूल्य मान्यता र आदर्शको विरोध गर्दै स्वतन्त्रतालाई स्विकार्छ । उत्तरऔपनिवेशिकतावादी मान्यतालाई विशिष्ट रूपमा विस्तार गर्ने कार्य उत्तर औपनिवेशिक नारीवादले गरेको पाइन्छ  । यसले उपनिवेश र पितृसत्ताको सम्बन्धलाई विशेष किसिमले अध्ययन गर्दछ ।

उत्तर औपनिवेशिक नारीवादले तेस्रो विश्व, भौगोलिकताका दृष्टिले दक्षिण, उपनिवेशबाट छुटकारा पाएपछिको अमेरिका र अफ्रिका, बङ्गलादेश, पाकिस्तान तथा अति सम्पन्नता एवम् अति विपन्नता

भएका स्थानलाई सम्बोधन गर्दछ । उत्तर औपनिवेशिक नारीवादले औपनिवेशिक विकासहीनता र उत्तर औपनिवेशिक विकासको सिद्धान्तलाई ग्रहण गरेर नवऔद्योगिक राष्ट्रमा ध्यान केन्द्रित गर्दै विश्वको आर्थिक सन्दर्भमा महिलाको अवस्थितिको विश्लेषण गर्दछ । विकासोन्मुख मुलुकमा श्रममा हुने लैङ्गिक विभेद युरोपीय र अमेरिकी उपनिवेशवादको प्रभावस्वरूप जन्मिएको हो; उपनिवेश कालमा निर्यातमूलक खाद्य उत्पादनका सापेक्षतामा महिलाहरूको परम्परागत खाद्य उत्पादनको अवमूल्यन गरियो; खानी र ठूलो क्षेत्रको कृषिमा पुरुषहरूलाई काममा त प्राथमिकता दिइयो तर ज्याला भने पर्याप्त प्रदान गरिएन जसको कारणले परिवारका महिला सदस्यले आफ्नो र बालबच्चाका लागि खाद्यान्नको जोरजाम आफै गर्नुपर्ने भयो । यस्तै उपनिवेशबाट मुक्त भएको विकासोन्मुख मुलुकमा युरोप र अमेरिकाका धनाढ्यहरूले व्यापारमा लगानी गर्न थालेपछि यस्तो आर्थिक पुनर्संरचना र औद्योगिकीकरणले महिलालाई अवसर विमुख तुल्यायो भन्ने उत्तर औपनिवेशिक नारीवादीहरूको मत छ । उत्तर औपनिवेशिक नारीवादले पितृसत्ता र औपनिवेशिकतावाद बिचको सम्बन्धको खोजी गर्दछ (वेडन, सन् २००७ : २८४) । महिला र उपनिवेश दुबै न्यून वा विनाज्यालाका उत्पादक, परनिर्भर, पराधीन र गरिब हुन्छन् । महिलाको घरभित्रको विनापारिश्रमिकको काम पुनरुत्पादनसँगै गाँसिन्छ, त्यसको छुट्टै मूल्याङ्कन हुँदैन । पुरुषको अधीनस्थतालाई जोगाइ राख्नका लागि महिलाहरू निरन्तर अर्थोपार्जनबाट बाहिर पारिँदै आएका छन् । पितृसत्तात्मक पुँजीवादी अभ्यास र विचारधाराले महिलाको कामलाई गृहस्थीकरण गरेर महिलालाई उपनिवेशमा परिणत गरिदिएको छ । यसले महिलाले घरेलु परिप्रेक्ष्यमा गर्ने कामको अवमूल्यन गर्दै उनीहरूलाई त्यही परिवेशमा सीमित गर्दै बाहिरी परिवेशबाट एक्ल्याएको छ र महिलामा हुने मातृत्वका कारणले यस्तो भएको हो भनेर प्रमाणित गर्ने प्रयत्न गरेको छ । यति मात्र नभएर, महिलाको कमाइलाई पूरक मात्र मानेर, तिनका पेसालाई तल्लो दर्जाको संज्ञा दिएर र उनीहरूको यौनिकतालाई नियन्त्रण गरेर पितृसत्ताले महिलाहरूलाई आफ्नो उपनिवेश बनाएको छ । महिला र पुरुषका बिचको यस श्रम विभेदले पहिलो र तेस्रो विश्वका मानिसका बिचको श्रम विभेदको तस्वीर झल्काएको छ । पितृसत्ताका अधीनका महिला र उपनिवेशभित्रका जनताको अनुभूति उस्तै-उस्तै हुन्छ, त्यसैले नारीवादीहरू र उत्तरउपनिवेशवादी राजनीतिले त्यस्ता दमनको विरोध गर्छ (त्रिपाठी, २०६७ : १३१) ।

उपनिवेशवादले महिला र पुरुषलाई फरक व्यवहार गर्दछ र यो ‘दोब्बर औपनिवेशिकता’ ले महिलामाथि एकातिर उपनिवेशको विषयका रूपमा सामान्य विभेद गर्दछ भने अर्कातिर महिलाकै हैसियतमा विशेष विभेद गर्दछ जसको विश्लेषण औपनिवेशिक दमनका सन्दर्भमा गर्नैपर्ने हुन्छ । उपनिवेशबाट मुक्ति पाएपछिको उपनिवेशविरोधी राष्ट्रवादसमेत पनि यस्तो लैङ्गिक पक्षपाती दृष्टिकोणबाट मुक्त छैन झन् महिला माथिको उत्पीडनका क्रममा पितृसत्तासँग पुँजीवादी शक्तिसमेत मिसिन पुगेको छ भन्ने मान्यता उत्तर उपनिवेशवादी नारीवादको देखिन्छ । उत्तर औपनिवेशिक नारीवादको क्षेत्र व्यापक छ । यसले साहित्यिक अध्ययन, सांस्कृतिक अध्ययन, इतिहास, विकासात्मक अध्ययन, प्राणीशास्त्रीय अध्ययन र सामाजिक विज्ञानका क्षेत्रमा पनि आफूलाई विस्तारित गरेको छ । तेस्रो विश्वका नारीका नाम, जात र औपनिवेशिकतावादको मात्र नभएर काला एवम् गोरा दुबै नारीलाई यसले आफ्नो अध्ययनको क्षेत्र बनाएको पाइन्छ (वेडन, सन् २००७ : २८४) ।

यसरी नारीवादका यी विभिन्न प्रकारका अतिरिक्त अन्य प्रकारहरू पनि गौण रूपमा देखा परेको पाइन्छ । यस क्रममा उत्तरनारीवादी धार, नारीवादी तेस्रो धार, नारीवादी चौथो धार आदि पनि

विकसित हुँदै गइरहेको पाइन्छ । उत्तरनारीवादी धारले महिलाहरू दमित-उत्पीडित हुन्छन् भन्ने परिभाषाप्रति विरोध जनाएको पाइन्छ । यसको सैद्धान्तिक प्रकृति उत्तर आधुनिकतावाद, उत्तर संरचनावाद र उत्तरउपनिवेशवादसँग मिल्दछ । उत्तरनारीवादले नारी/नरको द्विचर विभाजनलाई विस्थापन गरी त्यसलाई विविधता र बहुआयामिकता प्रदान गरेको छ । नारीवादको तेस्रो धार यौन, यौनिकता र लैङ्गिकताका सन्दर्भमा क्रियाशील हुने हुनाले उत्तर आधुनिक नारीवादको नजिक छ । यसमा बहुसंस्कृति र पुरुषसमेत समावेश हुने भएकाले यसले बहुसंस्कृति/बहुजातीय नारीवादका साथै पुरुषको नारीवादी अध्ययनसमेत गर्दछ । आमूल नारीवादका सन्दर्भमा भने यो विमत देखिन्छ । यो महिला उत्पीडित, पराजित हुन्छन् भन्ने कुरा र विषमलिङ्गी सम्बन्धलाई खतरनाक मान्ने दृष्टिकोणसँग असहमत देखिन्छ । तेस्रो धारले राजनीतिक, सामाजिक नभएर व्यक्तिगत परिवर्तनको मात्र प्रतिनिधित्व गर्दछ । यसरी पहिलो धार, दोस्रो धार र तेस्रो धार अन्तर्गत वर्गीकरण गरेर अध्ययन गरिएका नारीवादका विभेदका अतिरिक्त इकोलजिकल फेमिनिज्म, स्टान्डपोइन्ट फेमिनिज्म, अनार्का फेमिनिज्म, फेनोमेनोलजिकल फेमिनिज्म जस्ता नारीवादका विभिन्न स्वरूप पनि देखिएका छन् जुन माथि उल्लेख गरिएका नारीवादका विभिन्न स्वरूपमा कुनै कुनै रूपमा उपस्थित भएको पाइन्छ ।

## २.७ उपन्यासको नारीवादी विश्लेषण ढाँचा

नारीवादी प्रवृत्तिका आधारमा कृष्ण धराबासीका उपन्यास विश्लेषणका लागि नारीवादसँग सम्बन्धित मूलभूत मान्यतालाई बुँदागत रूपमा प्रस्तुत गरी त्यसलाई आधार मानेर विश्लेषण ढाँचा निर्माण गर्न सकिन्छ । यी बुँदाहरूले उपन्यासका विभिन्न साक्ष्यहरूलाई विश्लेषण गरेर सम्बद्ध उपन्यासमा के कसरी नारीवादी चिन्तनको प्रयोग भएको छ भन्ने कुरा स्पष्ट पार्नमा सहयोग पुऱ्याउने देखिन्छ । यसर्थ नारीवादका ती विभिन्न प्रवृत्तिहरू जुन धराबासीका उपन्यासमा प्रयोग भएका छन् तीसँग मिल्ने प्रवृत्तिलाई मात्र यहाँ प्रस्तुत गरिएको छ ।

नारीवादको प्रमुख प्रवृत्ति भनेकै नारीको पक्षमा वकालत गर्नु हो । यस क्रममा नारीवादले पितृसत्ताको विरोध गर्दै पुरुष र महिलामा समान हक र अधिकारको खोजी गर्दछ । नारीहरू हर तरहले कसैको दमनमा रहन नहुने भन्दै नारी स्वतन्त्रताका पक्षमा यसले वकालत गरेको पाइन्छ । यसका साथै  नारी कुन कुन कुरामा के कसरी शोषणमा परेको छ त्यसको समेत विरोध गर्दछ । यिनै प्रवृत्तिहरू धराबासीका उपन्यासमा कसरी प्रस्तुत भएका छन् भनी विश्लेषण गर्नका लागि उपन्यास विश्लेषणका बुँदागत ढाँचा तल प्रस्तुत गरिएको छ :

### २.७.१ नारी स्वतन्त्रता र समानता

स्वतन्त्रता शब्दको अभिप्राय कसैको अधीनमा नरहनु अर्थात् बन्धनबाट मुक्त हुनु भन्ने हुन्छ । नारीवादले पनि नारीहरू कसैको अधीनमा नपर्ने विचार अगि सारेको पाइन्छ । पितृसत्ताले नारीलाई हरेक क्षेत्रमा नियन्त्रण गरेको हुनाले त्यस्ता बन्धनबाट मुक्त हुने चाहना र प्रयास स्वरूप नारीवादको विकास भएको देखिन्छ । यस्तै विभेद वा पृथक्ताको स्थिति नरहेको अवस्था नै समानता हो । नारीलाई पुरुषको जस्तै अधिकार र अवसरबाट वञ्चित गर्नु हुन्न भन्ने अवधारणा नारी समानताले बोकेको पाइन्छ । नारी र पुरुषमा लिङ्ग विभेदको प्राकृतिक कारणलाई आधार मानेर व्यवहारमा विभेद नगरी समान अवसर दिनुपर्छ भन्ने विचार नारीवादीहरूको देखिन्छ । कृतिको विश्लेषणका क्रममा नारी पुरुषबिच आर्थिक, सामाजिक, सांस्कृतिक, धार्मिक आदि पक्षमा

स्वतन्त्रता एवम् समानता देखियो भने त्यस्तो कृतिलाई नारीवादी कृति मान्न सकिन्छ । यसर्थ नारीवादी कृति बन्नका लागि कृतिमा महिलाले निम्न कुराहरूमा स्वतन्त्रताका साथै समान अवसर पाएको हुनुपर्छ ।

**क) सामाजिक स्वतन्त्रता र समानता**

समाजमा महिलामाथि पितृसत्ताले कसरी दमन गरिरहेको छ भन्ने कुराको अध्ययन नारीवादले गर्दछ । समाजमा नारी हुनाकै कारण विभिन्न सामाजिक कार्यहरूबाट नारीहरूलाई दमनमा राखिएको छ कि छैन र छ भने त्यसका विरुद्धमा महिलाले आवाज उठाएको छ छैन भन्ने कुराको कुराको अध्ययन गर्नु सामाजिक स्वतन्त्रता र समानताको खोजी गर्नु हो । सामाजिक कार्यमा महिला सहभागिताको स्थिति, पुरुषको समर्थन या विरोध, लैङ्गिक विभेद, पितृसत्ताको नियन्त्रण जस्ता पक्षलाई यसमा विश्लेषण गर्न सकिन्छ । यस्ता पक्षमा नारीहरू पुरुष सरह समान अवसर पाउनुका साथै स्वतन्त्रता पाउनु पर्छ भन्ने मान्यता नारीवादीहरूको भएकाले यस्तो विचार प्रस्तुत गरिएको उपन्यासलाई नारीवादी प्रवृत्तिको प्रयोग भएको उपन्यासका रूपमा लिन सकिन्छ ।

**ख) धार्मिक एवम् सांस्कृतिक स्वतन्त्रता र समानता**

मानिसहरूले मानिआएको परम्परागत विश्वास, मान्यता वा त्यससँग सम्बन्धित सम्प्रदाय नै धर्म हो । समाजमा आफ्नो पुर्ख्यौली परम्परा अनुसार मानिएका विभिन्न धर्महरूले नारीलाई कसरी बन्देजमा पारेका छन् भन्ने कुराको अध्ययन धार्मिक स्वतन्त्रता र समानताभित्र गर्न सकिन्छ । कतिपय धर्मले नारीलाई तुच्छ र पुरुषलाई श्रेष्ठ मानेको पनि पाइन्छ । यस्तो विचारलाई धर्मको नाममा लादेर पुरुषहरूले महिलालाई कसरी बन्धनमा पारेका छन् भन्ने कुराको अध्ययन गरी त्यस किसिमको बन्धनको विरोध नारीवादले गर्दछ । धर्मकै रूपमा नारीमाथि गरिएको विभेदजन्य क्रियाकलाप र बन्देजलाई नारीवादले विरोध गर्ने भएकाले उपन्यासमा धार्मिक असमानताको विरोध गरिएको छ भने त्यसलाई नारीवादी उपन्यास मान्न सकिन्छ । यसर्थ उपन्यासमा नारीवादी प्रवृत्तिको पहिचान गर्न धार्मिक स्वतन्त्रता र समानता सम्बन्धी अवधारणाले थप टेवा दिने गरेको देखिन्छ । धर्मलाई हतियार बनाएर कुसंस्कार फैलाई नारीमाथि पुरुष दमनको स्थिति र त्यसका विरुद्ध पात्रहरूले के कस्तो आवाज उठाएका छन् भन्ने कुराको अध्ययन पनि यसमा गर्न सकिन्छ ।

देश वा जातिको कला, साहित्य, सङ्गीत, आचारव्यवहार आदिलाई मौलिकता प्रदान गर्न सक्ने विशेषता नै संस्कृति हो । संस्कृतिले समाजका मूल्य र मान्यतालाई बोकेको हुन्छ । यस्ता सांस्कृतिक पक्षमा नारीलाई समान स्थान दिइएको छ कि छैन अर्थात् संस्कृतिभित्रै नारीलाई हेर्ने कस्ता विकृतिपूर्ण दृष्टिकोणहरू पितृसत्ताले निर्माण गरेको छ र त्यसको विरोध नारीहरूले कसरी गरिरहेका छन् भन्ने सन्दर्भलाई यसभित्र अध्ययन गर्न सकिन्छ ।

**ग) राजनीतिक स्वतन्त्रता र समानता**

राजनीतिमा नारीहरूले समान अधिकार पाएका छन् या छैनन् भन्ने विषयमा केन्द्रित भएर राजनीतिक स्वतन्त्रता र समानताको खोजी गर्न सकिन्छ । राज्यको शासन व्यवस्था तथा प्रशासन चलाउने नीति राजनीति हो । राजनीतिमा महिलाहरूलाई मताधिकार दिइएको छ कि छैन, महिलाहरूलाई हरेक तहमा कति स्थान र अधिकार सुनिश्चित गरिएको छ भन्ने कुराको अध्ययन यसमा गरिन्छ । मताधिकार लगायत राजनीतिका हरेक पक्षमा महिलाको समान उपस्थिति र

स्थानको माग गरिएका उपन्यास नारीवादी हुन सक्छन् । यसर्थ राजनीतिक स्वतन्त्रता र समानताको उपस्थितिको अध्ययनले उपन्यासको नारीवादी प्रवृत्ति पहिल्याउन सहयोग प्रदान गर्ने देखिन्छ ।

**घ) आर्थिक स्वतन्त्रता र समानता**

अर्थको क्षेत्रमा नारीमाथि बन्धन र विभेद नगरिनु नै नारीवादको आर्थिक स्वतन्त्रता र समानता सम्बन्धी अवधारणा हो । आर्थिक आधार बलियो नभएसम्म नारीहरू आफ्नो इच्छा बमोजिम कार्य गर्न स्वतन्त्र हुँदैनन् । आर्थिक रूपले सक्षम र असक्षम महिलामा हुने आत्मनिर्भरतामा भिन्नता देखिन्छ । पितृसत्तात्मक समाजमा परिवारमा पुरुष नै आर्थिक हकवाला हुने गर्दछ । जसले गर्दा नारीहरू पिछडिनु मात्र नभएर बन्धनमा परेको देखिन्छ । अर्थको क्षेत्रमा महिलालाई बन्धनमा नपार्ने अर्थात् समान अधिकार दिनुपर्ने मान्यता बोकेका उपन्यासलाई नारीवादी उपन्यास भन्न सकिने भएकाले आर्थिक स्वतन्त्रता र समानताको अध्ययनले उपन्यास नारीवादी भए नभएको पहिचानमा टेवा पुग्ने देखिन्छ ।

**ङ) लैङ्गिक स्वतन्त्रता र समानता**

लिङ्गका आधारमा गरिने विभेदजन्य क्रियाकलापले नारीलाई कसरी बन्धन एवम् विभेदमा पारेको छ भन्ने कुराको अध्ययन लैङ्गिक स्वतन्त्रता र समानताभित्र गर्न सकिन्छ । घर बाहिरको दुनियाँमा पुरुषलाई नै प्राथमिकता दिने तर नारीलाई घरमै सीमित राख्ने प्रवृत्तिले लैङ्गिक विभेदको बन्धन र असमान व्यवहारलाई स्पष्ट पार्दछ । यति मात्र नभएर लैङ्गिकताकै आधारमा गरिने जुनसुकै किसिमका विभेदको विरोध गरिएका उपन्यासलाई नारीवादी उपन्यास मान्न सकिन्छ ।

**च) पेसागत स्वतन्त्रता र समानता**

पेसागत स्वतन्त्रता र समानताले घरबाहिरको आर्थिक उपार्जनमा महिलाले गर्ने कार्यको बन्धनमुक्त एवम् लैङ्गिक विभेदमुक्त स्थितिलाई जनाउँछ । विभिन्न पेसा अँगालेर जीवन गुजारा गरिरहेका महिलालाई समान काममा समान ज्याला दिइन्छ कि दिइँदैन अर्थात् महिला भएकै कारणबाट विभिन्न किसिमका बन्धनमा जेलिनु परेको छ कि छैन भन्ने कुराको अध्ययन यसमा गर्न सकिन्छ । यो पेसा यसले गर्ने यो यसले गर्ने भनेर नारी पुरुषमा गरिने विभेदजन्य बन्धनलाई यसले विश्लेषण गर्दछ । जुनसुकै पेसामा पनि महिलाले काम धेरै गर्ने वा थोरै ज्याला दिने अर्थात् काममा पदोन्नति लगायतका क्षेत्रमा महिला भएकै कारण रोक लगाइने जस्ता विभेदका सन्दर्भलाई विश्लेषण गरेर नारीवादी प्रवृत्तिको पहिचान गर्न सकिन्छ ।

**छ) पारिवारिक स्वतन्त्रता र समानता**

परिवारभित्र लैङ्गिक भिन्नताको दृष्टिले नारी र पुरुषका बिचमा विभेद नगरी हरेक कार्यका लागि महिलालाई पनि खुला वातावरण हुनु पर्छ भन्ने दृष्टिकोण नारीवादले राखेको हुन्छ । यही प्रवृत्ति नै नारीवादले अगि सारेको पारिवारिक स्वतन्त्रता र समानता सम्बन्धी मान्यता हो । नारीलाई परिवारले नारी हुनुकै कारण पुरुषले जस्तो स्वतन्त्र हिँडडुल गर्न, स्वविवेकले निर्णय गर्न, विभिन्न घरायसी एवम् बाह्य कार्य गर्न स्वतन्त्रता र समान अवसर दिएको नहुन सक्छ । यस्तो प्रवृत्तिलाई हटाउन नारीहरूले उठाएको आवाजलाई उपन्यासमा कसरी प्रस्तुत गरिएको छ भन्ने मापदण्डलाई आधार मानेर पनि उक्त कृति नारीवादी भए नभएको पुष्टि गर्न सकिने भएकोले यस प्रवृत्तिलाई

नारीवादको एक प्रमुख प्रवृत्तिका रूपमा लिन सकिन्छ । पारिवारिक स्वतन्त्रता र समानताको पक्षमा वकालत गरिएका उपन्यासलाई नारीवादी उपन्यास मान्न सकिने भएकाले यसलाई नारीवादी उपन्यासको पहिचानका लागि आवश्यक प्रवृत्ति मानिन्छ ।

**ज) यौन स्वतन्त्रता र समानता**

यौन स्वतन्त्रता र समानता नारीवादले अगि सारेको प्रमुख प्रवृत्ति हो । नारीहरूले सृष्टिको निरन्तरताका लागि बच्चा जन्माउने मेसिनका रूपमा अर्थात् पुरुषको वंशवृद्धिका लागि मात्र बल करमा सन्तान जन्माउने अभिभारा सम्हाल्न बाध्य पारिएको सन्दर्भलाई नारीवादले विरोध गर्दछ । नारीले आफ्नो इच्छा बमोजिम सन्तान संख्या, जन्माउने समय आदिको स्वतन्त्र र समान निर्णयको अवसर पाउनु पर्छ भन्ने प्रवृत्ति नै नारीवादीले अगि सारेको यौन स्वतन्त्रता र समानता सम्बन्धी धारणा हो । कृतिको विश्लेषण गरेर उक्त कृतिलाई नारीवादी हो होईन भनी पहिल्याउन पनि कृतिमा उपस्थित यौन सम्बन्धी विचारलाई पहिल्याउनु पर्ने हुन्छ तसर्थ यौन स्वतन्त्रता र समानता सम्बन्धी मान्यताको प्रयोग भएका उपन्यासलाई नारीवादी उपन्यास मान्न सकिन्छ ।

**२.७.२ नारी शोषणप्रतिको विद्रोह**

नारीवादी उपन्यासमा नारीमाथि हुने हरेक किसिमका शोषण र दमनको विरोध गरिएको हुन्छ । नारीलाई स्वतन्त्र रूपमा बाँच्न र हरेक कुरामा समान अधिकार हुनुपर्छ भन्ने मान्यता मात्र नभएर जहाँ जहाँ नारीमाथि उत्पीडनको अवस्था सिर्जना हुन्छ ती क्षेत्रमा नारीवादले विद्रोह गर्दछ । यसर्थ नारीवादी उपन्यास पहिचान गर्ने मूल आधार नारी शोषणप्रतिको विद्रोह पनि हो । यसर्थ नारीवादी उपन्यासमा नारीमाथि गरिने निम्नानुसारका शोषण र त्यसप्रतिको विद्रोहलाई उपन्यासमा स्थान दिइएको हुन्छ :

**क) पितृसत्ताले गरेको शोषणप्रतिको विद्रोह**

नारीवादीहरू नारी माथिको शोषण र दमनका रूपमा पितृसत्ताको महत्त्वपूर्ण भूमिका रहेको विश्वास गर्दछन् । यस कारण पितृसत्ताको विरोध गर्दै त्यसले गर्ने नारीमाथिको शोषणको विरोध गरिएका उपन्यासलाई नारीवादी उपन्यास मान्न सकिन्छ । पितृसत्ताले महिलालाई जहिल्यै पनि अधीनमा राख्ने, विभिन्न किसिमका जालझेल, षड्यन्त्र, लोभ, लालचा, ललाईफकाइ गरेरै भए पनि महिलामाथि आधिपत्य जमाउने गरेको हुन्छ । यसका साथै सामाजिक, आर्थिक, राजनीतिक, धार्मिक आदि क्षेत्रमा समेत महिलालाई दोस्रो दर्जाको नागरिकका रूपमा व्यवहार गरिएको हुन्छ । यस्ता कुराहरूको विरोध गर्दै नारी पनि पुरुष सरह रहन सक्ने मान्यता अगि सारेका उपन्यासलाई नारीवादी उपन्यास मान्न सकिन्छ ।

**ख) लैङ्गिक शोषणप्रतिको विद्रोह**

नारीवादले लैङ्गिक रूपमा महिला पुरुषभन्दा भिन्न भए पनि त्यसैलाई कारक मानेर नारीमाथि गरिने शोषणको विरोध गर्दछ । प्राकृतिक रूपमा पुरुष र महिलाका शारीरिक संरचना भिन्न भए पनि त्यस आधारमा नारीत्व र पुरुषत्व सम्बन्धी समाज निर्मित सोच र व्यवहारले लैङ्गिक विभेद सिर्जना गरेको हो भन्ने मान्यता नारीवादीहरूको छ । यसर्थ समाजले पुरुष साहसी हुने, बलियो हुने, यो यो काम पुरुषले गर्ने, महिलाभन्दा पुरुष अधिकार सम्पन्न हुने आदि कुराको निर्धारण गर्दै महिलालाई कमजोर र हीन तुल्याएको छ भन्ने मान्यता नारीवादीको छ । यस किसिमको

मान्यताप्रति नारीवादीहरूले विद्रोह गरेका छन् । उपन्यासमा पनि यस किसिमको विद्रोह प्रस्तुत भएको छ भने त्यस उपन्यासलाई नारीवादी उपन्यास मान्न सकिने भएकाले लैङ्गिक शोषणप्रतिको विद्रोह नारीवादी उपन्यासको पहिचानको मुख्य आधार हो ।

**ग) पारिवारिक शोषणप्रतिको विद्रोह**

परिवारमा हुने जुनसुकै किसिमको नारीमाथिको अन्याय र शोषणप्रति नारीवादीहरूले विरोध गर्दछन् । परिवारले छोरा र छोरीबिचमा राख्ने विभेदपूर्ण दृष्टिकोण र व्यवहार, लोग्ने स्वास्नीबिचमा भएको विभेद आदि परिवारकै सदस्यका बिचमा गरिने लैङ्गिक विभेदलाई नारीवादले विरोध गर्दछ । यसर्थ परिवारको संरचनाभित्र नै हुने गरेका महिला माथिको घरेलु हिंसा, बुहारीप्रतिको दुर्व्यवहार, छोरीलाई छोराभन्दा कम महत्त्व दिई गरिने हेलाको व्यवहार, सम्पत्तिप्रतिको पुरुष आधिपत्य आदिको विरोध गरिएका उपन्यासलाई नारीवादी उपन्यास मान्न सकिन्छ । यसर्थ परिवारभित्रै गरिने शोषणप्रतिको विद्रोहलाई उपन्यासमा प्रस्तुत गरिएको छ छैन भन्ने अध्ययन गरी उक्त उपन्यास नारीवादी भए नभएको पहिचान गर्न सकिन्छ ।

**घ) सामाजिक शोषणप्रतिको विद्रोह**

नारीप्रति समाजमा हुने विभेदपूर्ण व्यवहारले सिर्जना गरेको शोषणको अवस्थालाई नारीमाथिको सामाजिक शोषणका रूपमा लिन सकिन्छ । समाजले नारीलाई पुरुषभन्दा तल्लो दर्जामा राखेर विकास निर्माण लगायतका सांगठनिक गतिविधिमा अग्रसर हुन हतोत्साहित गर्ने, सामाजिक जीवन निर्वाह गर्ने अधिकारमा भाँजो हाल्ने, सामाजिक कार्यमा लाग्न नदिने जस्ता नारी विभेदजन्य धारणालाई बोकेको देखिन्छ । नारीमाथि समाजले गर्ने यस्ता विविध भेदभाव र शोषणको विरोध गरी नारीवादले स्वस्थ समाजको निर्माणमा नारी समान हक अधिकारको पक्षमा वकालत गर्दछ । यसर्थ नारीमाथि हुने सामाजिक शोषणको विद्रोह गरिएका उपन्यासलाई नारीवादी उपन्यास मान्न सकिने भएकाले यस प्रवृत्तिलाई नारीवादको पहिचानका निम्ति आवश्यक मान्न सकिन्छ ।

**ङ) धार्मिक तथा सांस्कृतिक शोषणप्रतिको विद्रोह**

समाजले नै जन्माएको र हुर्काएको धर्म सम्बन्धी मान्यताले कतिपय सन्दर्भमा समाजभित्रकै महिला सदस्यको विपक्षमा वकालत गरेको देखिन्छ । छोरा नभए स्वर्गको द्वार नखुल्ने, छोरीले आफ्ना जन्म घर छोडेर अर्काको घरमा जानुपर्ने, पतिलाई देवतासरह मान मर्यादा गर्नुपर्ने, पतिको दीर्घायु र स्वस्थताका लागि निराहार बस्नुपर्ने, लोग्नेको वंश परम्परा वृद्धि गर्न नसके सौतेनी झमेलामा मानसिक तनावमा जीवन गुजार्नुपर्ने, लोग्नेको अक्षमताका कारण सन्तान नभए महिलाले दोस्रो बिहे गर्न नपाउने आदि विभिन्न धार्मिक मान्यताको विरोध नारीवादले गर्दछ । यसर्थ यस्ता प्रवृत्ति भएका उपन्यासलाई नारीवादी उपन्यासका रूपमा लिन सकिन्छ ।

**च) यौन शोषणप्रतिको विद्रोह**

महिलामाथि यौनजन्य अपराधिक कार्यहरू हुँदै आएको पाइन्छ । महिलालाई बलात्कार गर्ने, इच्छा विपरीत सन्तान उत्पादनमा बाध्य पार्ने, सन्तान जन्माउने समय र सन्तानको सङ्ख्या निर्धारणमा अधिकार नदिइने, विवाहित महिलालाई इच्छा विपरीत पुरुषले आफ्नो यौनसन्तुष्टिका लागि यौन शोषण गर्ने आदि विभिन्न यौनजन्य शोषणको विरोध नारीवादले गर्दछ । यसर्थ महिलामाथि हुने यौनजन्य शोषणको विरोध गरिएका उपन्यासलाई नारीवादी उपन्यासका रूपमा लिन सकिन्छ ।

### छ) राजनीतिक शोषणप्रतिको विद्रोह

राज्य सञ्चालनका लागि निर्माण गरिने नीति राजनीति हो । राजनीतिका क्षेत्रमा नारीको उपस्थितिमा रोक लगाइनु अर्थात् कम स्थानमात्र दिइनु जस्ता विभेदजन्य परिस्थितिको विद्रोह गरिएको उपन्यास नारीवादी उपन्यास बन्न सक्छ । किनभने मतदानको अधिकार लगायत राजनीतिको क्षेत्रमा भएका नारीमाथिको शोषणको विरोध नारीवादले गर्दै आएको छ ।

### ज) पेसागत शोषणप्रतिको विद्रोह

जीवन निर्वाहका लागि र अर्थोपार्जनका लागि विभिन्न क्षेत्रमा विविध पेसा अँगाल्ने मानिसहरू देखिन्छन् । तर समान पेसा अर्थात् कामका लागि पनि महिला र पुरुषहरूमा समान ज्याला नदिइनु, नारी भएकै कारण विभिन्न क्षेत्रका कार्यमा रोक लगाइनु, रोजगारका क्रममा महिलाले शारीरिक एवम् मानसिक हिंसा सहन बाध्य हुने स्थिति सिर्जना गरिनु, सौन्दर्य र विज्ञापनका लागि महिलालाई पेसामा नियुक्त गरिनु जस्ता पेसागत शोषणजन्य व्यवहारको विरोध नारीवादले गर्दछ । यस्ता महिलामाथि हुने गरेका पेसागत शोषणको विरोध गरिएका उपन्यासलाई नारीवादी उपन्यास भन्न सकिन्छ ।

## २.७.३ नारीलाई हेर्ने दृष्टिकोण

उपन्यासभित्र उपस्थित नारी पात्रलाई लेखक लगायत विभिन्न पात्रले कसरी हेरेका हुन्छन् भन्ने कुराको अध्ययन यस अन्तर्गत गर्न सकिन्छ । नारी पात्रलाई नारीले हेर्ने दृष्टिकोण पितृसत्तात्मक छ या नारीवादी छ, पुरुषले नारीलाई दमनको दृष्टिले हेरेको छ या छैन, लेखकले नारीको पक्षमा वकालत गरेका छन् या पुरुषको, सो कुराको पहिचान गरी उपन्यास नारीवादी हो होइन भन्ने छुट्याउन सकिन्छ । जुन उपन्यासमा नारीलाई विभेद र दमन नगरी नारी हितका दृष्टिले विभिन्न पात्र लगायत लेखकले समेत हेरेको हुन्छ भने त्यो नारीवादी उपन्यास बन्न सक्ने भएकाले यसका लागि आवश्यक पक्षलाई यसरी विश्लेषण गर्न सकिन्छ :

### क) नारीको नारीप्रतिको दृष्टिकोण

विश्लेष्य उपन्यासमा प्रस्तुत गरिएका नारी पात्रहरूले नारीलाई नै हेर्ने दृष्टिकोण कस्तो छ त्यस आधारमा पनि उक्त उपन्यास नारीवादी हो होइन भनी छुट्याउन सकिन्छ । पितृसत्तात्मक सोच भएका नारीहरूले नारीलाई नै अधीनस्थ बनाउने प्रयत्न गर्दै दमनजन्य व्यवहार प्रदर्शन गरिरहेका हुन्छन् । यसर्थ नारी र नारीबिचको यस्तो दबाबपूर्ण व्यवहारका विपरीत एक आपसमा निकटता भएका र विद्वेषको सम्बन्ध नभएका नारी पात्रको उपस्थिति भएको उपन्यासलाई नारीवादी मान्न सकिन्छ । नारीहरूबिचमा भएको कटु सम्बन्धको सिर्जनामा चरित्रको स्वभाव र पारिवारिक-सामाजिक संरचनाले प्रमुख प्रभाव परेको हुन्छ । नारीनारीका बिचमा सहकार्यमूलक एवम् सकारात्मक सम्बन्ध रहेका उपन्यास नारीवादी चेतनाको निकट पुगेको हुन्छ वा त्यहाँ पूर्णरूपमा नारीवादी चेतना नै प्रकट भएको हुन्छ । यस कुराको विश्लेषणका निम्ति नारीनारीका बिचको व्यक्तिगत-सामूहिक एवम् पारिवारिक-सामाजिक गरी दुबै सम्बन्धको स्वरूपलाई आधार बनाउन सकिन्छ ।

**ख) नारीको पुरुषप्रतिको दृष्टिकोण**

विश्लेष्य उपन्यास नारीवादी हो होइन भनी पहिल्याउन त्यस उपन्यासमा प्रयुक्त नारी चरित्रले पुरुषलाई हेर्ने दृष्टिकोण पहिल्याउनु जरुरी देखिन्छ । उपन्यासका नारी पात्रले पुरुष पात्रलाई आफ्ना सापेक्षतामा कुन स्थानमा राखेका हुन्छन् भन्ने कुराको अध्ययनले उपन्यासको नारीवादी प्रवृत्ति पहिल्याउन सकिन्छ । पुरुषवादी चिन्तन अँगाल्ने नारी पात्रहरू पुरुषलाई आफूभन्दा निकै माथिल्लो स्तरमा राख्छन् । पितृसत्ताविरोधी तर पुरुषविरोधी नभएका नारीवादी चेतनायुक्त नारीहरू पुरुष पक्षको गुणदोषका आधारमा उनीहरूको स्तरको निर्धारण गर्दछन् । नारीद्वेषी पुरुषप्रति द्वेषभाव र नारीमैत्री पुरुषप्रति मित्रता भाव राख्नु तथा आफूलाई आफ्ना क्षमताका आधारमा पुरुषका सापेक्षतामा यथायोग्य स्थानमा स्थापित गर्नुमा नारीको अस्मिताचेत झल्कन्छ । नारीमा झल्कने लैङ्गिक अस्मिताचेत नै उसमा निहित नारीवादी चेतना हो ।

**ग) पुरुषको नारीप्रतिको दृष्टिकोण**

उपन्यासमा प्रयुक्त पुरुषपात्रले नारीलाई हेर्ने दृष्टिकोण कस्तो छ भन्ने कुराको अध्ययनले पनि विश्लेष्य कृति नारीवादी हो होइन भन्ने स्पष्ट हुन्छ । पितृसत्तात्मक मूल्यमान्यताको अनुसरण गर्ने पुरुषको नारीप्रतिको दृष्टिकोण कहिल्यै पनि सकारात्मक रहेको हुँदैन । उनीहरू नारीप्रति सहकार्य वा सहधर्मिताको चिन्तन र व्यवहार प्रदर्शन गर्न सक्तैनन् । बरु उल्टै उनीहरूको सो दृष्टिकोण नारीप्रतिको हेपाहा दृष्टिकोणको परिपोषक र विद्वेषमूलक रहेको हुन्छ । पितृसत्तात्मक अहङ्कारले ग्रसित पुरुष चरित्रका चिन्तनमा नारीपक्षीय चेतना नहुने हुँदा नारीप्रति सकारात्मक दृष्टिकोण राख्ने औपन्यासिक पुरुष पात्रहरूलाई मात्र नारीपक्षधर मान्न सकिन्छ । यस्तै पात्र भएका उपन्यासलाई नारीवादी उपन्यास मान्न सकिन्छ ।

**घ) लेखकको नारीप्रतिको दृष्टिकोण**

कुनै पनि रचनामा लेखकीय दृष्टिकोण व्यक्त भएको हुन्छ । यस शीर्षकमा उपन्यासमा प्रस्तुत लैङ्गिक चेतना पुरुषपक्षीय या नारीपक्षीय के छ भन्ने कुराको अध्ययनमार्फत नै लेखकको नारीप्रतिको दृष्टिकोण पहिल्याउन सकिन्छ । लेखकीय दृष्टि नारीपक्षीय हुँदैमा त्यो पुरुषद्वेषी हुन्छ भन्न मिल्दैन तर पुरुषपक्षीय दृष्टिकोण अँगालेका अधिकांश उपन्यासकारका उपन्यासमा भने नारीद्वेषी भावना नै प्रकट भएको पाइन्छ । नारी पात्रलाई पुरुष पात्रका सापेक्षतामा हीनतर रूपमा प्रस्तुत गर्नु उपन्यासकारको नारीप्रतिको नकारात्मक वा द्वेषभावजन्य दृष्टिकोण नै हो । लेखकको नारीप्रतिको दृष्टिकोण अनुसार नै सिङ्गो उपन्यासको विषयवस्तु र संरचनागत तारतम्य मिलाइएको हुन्छ । नारीप्रति सकारात्मक दृष्टिकोण अँगाल्ने वा नारीवादी चेतनायुक्त लेखकले औपन्यासिक परिवेश, नारी समस्याको प्रस्तुति, नारी चरित्रको चयन, औपन्यासिक परिणति र सन्देश, नारीनारीका बिचको स्थिति, नारीप्रतिको पुरुषको दृष्टिकोण, पुरुषप्रतिको नारी दृष्टिकोणका कुरामा सोही अनुकूल तारतम्य मिलाउँदै आएर सिङ्गो उपन्यासमा नारीको उच्च अवस्थिति दिएको हुन्छ । उपर्युक्त कुनै कुराको तारतम्य पनि नारीवादी चेतना अनुकूल नरहेर केवल नारीप्रतिको लेखकीय अभिव्यक्ति मात्रै अनुकूल रहनुलाई नारीवादी चिन्तन नभनेर लेखकको नारीप्रतिको सहानुभूतिजन्य दृष्टि मात्र मान्न सकिन्छ ।

## २.८ निष्कर्ष

अमेरिकामा देखा परेको नारीवादी आन्दोलन युरोप र एसियासम्म विस्तारित हुँदै गइरहेको पाइन्छ । सन् १८४८ मा अमेरिकामा भएको सेनेका फल्स सम्मेलनलाई विश्वकै प्रथम महिला सम्मेलनका रूपमा लिइन्छ । अमेरिका र युरोप दुबैतिर महिलामाथिको दोहोरो जिम्मेवारीको अन्त्य, बाहिरी क्षेत्रमा कामको अवसर, समान ज्याला, निश्चित कार्यालय अवधि, नागरिकता, मताधिकार, राजनीतिक अधिकार जस्ता कुराका लागि प्रारम्भ भएको महिला आन्दोलनले समाजका हरेक क्षेत्रमा आफूलाई विस्तार गरिसकेको छ । वर्तमान समयमा नारीमाथि हुने गरेका दमनजन्य क्रियाकलापको विरोध गर्दै अगाडि बढेको नारीवाद राजनीतिमा मात्र सीमित नभएर यसको व्यापक विस्तार भएको पाइन्छ । यस क्रममा साहित्य र समालोचनाका क्षेत्रमा समेत यसको विस्तार भइसकेको छ ।

पाश्चात्य जगत्मा नारी जागरणको प्रारम्भ सामाजिक-राजनीतिक तहमा व्यक्तिगत ढङ्गले १८ औं शताब्दीमा र साङ्गठनिक ढङ्गले १९ औं शताब्दीको मध्यदेखि भएको पाइन्छ । पाश्चात्य जगत्मा साहित्यिक लेखनमा महिलाको सक्रियता इ.पू छैटौं शताब्दीकी सफ्फोदेखि भए पनि नारीवादी लेखनको प्रारम्भ मेरी उल्स्टोन क्राफ्टको सन् १७९२ को **ए भिन्डिकेसन अफ द राइट्स अफ उमन**बाट र नारीवादी समालोचना सिद्धान्तको प्रारम्भ बेट्टी फ्राइडनको सन् १९६३ को **फेमिनिन मिस्टिकबाट** भएको देखिन्छ । पश्चिममा फैलँदै गरेको नारीवादी आन्दोलनको प्रभावले पूर्वलाई पनि प्रभाव नपारी रहन सकेन । एसियाका विभिन्न क्षेत्रमा प्रभाव पार्ने क्रममा नेपालमा समेत नारीवादी स्वर मुखरित हुन थालिसकेको देखिन्छ । नेपालमा राजनीतिक नारी जागरणको प्रारम्भ लिच्छविकालदेखि र सामाजिक नारी जागरणको प्रारम्भ योगमाया न्यौपानेदेखि भएको पाइए तापनि नारीवादी साहित्यिक लेखनको सचेत सुरुवात पारिजातका कृतिबाट र नारीवादी समालोचनाको प्रारम्भ २०४० को दशकको अन्त्यदेखि मात्रै भएको देखिन्छ । नारी सचेतनाको प्रभाव परेका अर्थात् नारीवादी स्वर मुखरित भएका रचनाहरू र त्यसलाई विश्लेषण गर्ने समालोचनाको विकास नेपालमा समेत सशक्त ढङ्गले अगि बढ्दै गरेको पाइन्छ । नारीवादी विचारमा पनि फरक फरक धारणाहरूले जन्मने अवसर पाएको हुनाले पृथक् धारहरूको विकास भएको पाइन्छ । यस क्रममा हालसम्म विकसित नारीवादी समालोचना सिद्धान्तलाई मूल, सहायक र अन्य गरी तीन भागमा विभाजन गरेर अध्ययन गरिएको छ । मूलमा उदार, मार्क्सवादी, आमूल र समाजवादी नारीवाद परेका छन् भने सहायकमा मनोविश्लेषणात्मक, उत्तर आधुनिक र उत्तर संरचनावादी तथा अन्यमा जातिजनजातिगत सांस्कृतिक, कालावादी, काला नारी समलैङ्गिक, उत्तरउपनिवेशवादी, उत्तर नारीवादी, नारीवादी तेस्रो धार आदि पर्दछन् । उपर्युक्त प्रत्येक धारले आआफ्ना छुट्टाछुट्टै नारीवादी चिन्तनलाई अगाडि सारेका छन् र यी विविधताले उक्त समालोचनाको फाँटलाई बढी नै समृद्ध र पूर्ण बनाउँदै ल्याएका छन् ।

नारीवादी समालोचनाको फाँटलाई उर्वर बनाउँदै ल्याउने केही प्रमुख महिला प्रतिभाहरूमा मेरी उल्स्टन क्राफ्ट, भर्जिनिया उल्फ, बेट्टी फ्राइडन, जोन स्टुआर्ट मिल, मिचेल ब्यारेट, कोरा कप्लान, इम्मा गोल्डमन, सुलामिथ फायरस्टोन, म्याकिनन, जुलियट मिचेल, लुसी इरिगरी, हेलेन सिक्सस, जुलिया क्रिस्तेवा, गायत्री चक्रवर्ती स्पिभाक आदिलाई लिन सकिन्छ । यसरी नारीवाद लैङ्गिक समानता, नारी अस्तित्वको खोजी, नारीका भूमिकाको महिमा, नारी पीडाबोधको अभिव्यक्ति, पुरुषप्रधान समाजप्रतिको विरोध, नारी अधिकारको खोजी, नारी स्वतन्त्रताको चाहना, विद्रोही चेतना र परतन्त्रको विरोध, नारीका मूल्यहीन जीवनको चित्रणलाई प्राथमिकता दिँदै अघि बढेको

अवधारणा हो जसले हर तरहले नारीमाथि हुने दमनको विरोध गर्दै लैङ्गिक समानता र स्वतन्त्रताको पक्षमा वकालत गरिरहेको हुन्छ । पश्चिमबाट पूर्वमा फैलँदै आएको नारीवादी समालोचनाका माथि उल्लिखित विविध सिद्धान्तलाई आधार मानेर तयार गरिएको उपन्यास विश्लेषण ढाँचामा प्रस्तुत गरिएका बुँदाका आधारमा कुनै पनि उपन्यासको विश्लेषण गर्ने हो भने उक्त उपन्यासमा कुन प्रकारको नारीवादी प्रवृत्ति पाइन्छ भन्ने कुरा स्पष्ट हुन्छ । यसर्थ नारीवादी प्रवृत्तिलाई आत्मसात् गरेर लेखिएका कृष्ण धराबासीका हालसम्म प्रकाशित सम्पूर्ण उपन्यासहरूका विश्लेषण तिनै बुँदाका आधारमा गरिएको छ । एउटै उपन्यासमा बुँदाबद्ध गरिएका ती सबै नारीवादी प्रवृत्ति नभेटिने र पाश्चात्य नारीवादको हुबहु प्रवृत्ति नेपाली उपन्यासमा नपाइने भए तापनि तिनलाई सारमा अर्थ्याएर नारीवादी उपन्यासको पहिचान गर्न सकिन्छ ।

## परिच्छेद : तिन

# धराबासीका उपन्यासमा नारी स्वतन्त्रता र समानता

### ३.१ विषय परिचय

लैङ्गिक रूपमा पृथक् हुँदैमा नारीलाई पुरुषभन्दा तल्लो दर्जाको नागरिकका रूपमा नहेरी बराबरी हक र अधिकार दिनुपर्छ भन्नु नारी समानता हो भने यस्ता अधिकार लिन र पुरुषले जस्तै जुनसुकै कार्य गर्नका लागि कसैबाट अवरोध नहुनु नारी स्वतन्त्रता हो । नारीवादीहरूको मूल नारा भनेकै नारी स्वतन्त्रता र समानता हो । नारीलाई पुरुषले अनेक बहानामा अधीनस्थ पारेको एवम् समान दर्जाको नागरिकका रूपका व्यवहार नगरेको भन्दै त्यसप्रतिको महिलाको सचेत विद्रोह नै नारीवाद हो । कृष्ण धराबासीका उपन्यासमा पनि नारी चरित्रहरूलाई प्रमुख भूमिका दिइएको छ । उपन्यासमा उपस्थित प्रमुख नारीपात्र लगायत अन्य नारीहरूले नारीमाथि हुने गरेका दमनको बोध गरी त्यसको विरोध गरिएको हुनाले धराबासीका उपन्यासमा नारीवादी प्रवृत्ति पाउन सकिन्छ । यसर्थ धराबासीका उपन्यासभित्र नारी स्वतन्त्रता र समानताका पक्षमा वकालत गरिएका तथ्यहरूको विश्लेषण यस शीर्षकमा गरिएको छ ।

### ३.२ 'शरणार्थी' उपन्यासमा नारी स्वतन्त्रता र समानता

कृष्ण धराबासीको प्रथम प्रकाशित उपन्यास **शरणार्थी** (२०५६) मा पूर्वी भारत, बर्मा र भुटानका प्रवासी नेपालीहरूको सङ्घर्षमय जीवनको चित्रण गरिएको छ । यस किसिमको सङ्घर्षमा महिलाहरूले पनि हिम्मतका साथ कष्टकर यात्रा गरेको देखिन्छ । जस्तोसुकै आपत विपतमा पनि हार नखाई सङ्घर्ष गरेर आफ्नो दैनिक गुजारा चलाउँदै अनिश्चित भविश्यको यात्रामा अग्रसर नारी पात्रहरूले गरेको साहसिक कार्यले प्रस्तुत उपन्यासलाई नारीवादी प्रवृत्तिको बन्नमा थप टेवा प्रदान गरेको छ । यसर्थ शरणार्थी जीवनका विभिन्न अवरोधलाई चिर्दै नारीहरूमा देखिएको सामाजिक, लैङ्गिक, पेसागत, यौन एवम् पारिवारिक स्वतन्त्रता र समानताको स्थितिको अध्ययन यहाँ गरिएको छ ।

### ३.२.१ सामाजिक स्वतन्त्रता र समानता

समाजमा नारी भएकै कारण पुरुषका तुलनामा नारीले हेपिनु नपर्ने अवस्था अर्थात् समाजका नजरमा नारीलाई पुरुषजत्तिकै स्वतन्त्र जीवन जिउन दिइनु र समान व्यवहार गरिनु नै नारीप्रतिको सामाजिक स्वतन्त्रता एवम् समानता हो । **शरणार्थी** उपन्यासमा विभिन्न समाज (नेपाली, भारती, भुटानी एवम् बर्मेली) को उपस्थिति छ । भारतभित्रकै पनि गारोपहाडको समाज, दार्जिलिङको समाज, आसामी समाज जस्ता विभिन्न समाजलाई यस उपन्यासमा स्थान दिइएको छ । कतिपय समाजको सामान्य चित्रण मात्र गरिएकाले यी सबै समाजमा नारी स्वतन्त्रता र समानताको अध्ययन गर्न सकिने स्थिति छैन । तर पनि यस उपन्यासमा बर्माबाट भागेको नेपाली समाज, दार्जीलिङको समाज, पूर्वी नेपाली समाजमा नारीलाई प्रदान गरिएको स्वतन्त्रता र समानताको सङ्केतका आधारमा नै नारीवादले मान्दै आएको सामाजिक स्वतन्त्रता र समानताको निर्क्योल गर्न सकिन्छ ।

प्रस्तुत उपन्यासमा बर्माबाट शरणार्थीका रूपमा भागेका नेपाली मूलका बर्मेली समाजका महिला र पुरुषले शरणार्थीका रूपमा समान समस्या भोल्नु पर्ने बाध्यता त छँदै छ, महिलाहरू त भन् लैङ्गिकताका कारण दोहोरो समस्यामा परेका छन् । बर्माबाट लखेटिएका नेपाली मूलका मानिसहरूले एकअर्कामा दुःख बाँड्दै भागेका छन् । त्यतिबेला महिला र पुरुषमा लैङ्गिक विभेद गरेर नारीलाई कमजोर मान्नतिर समाजको दृष्टि गएको छैन । उल्टो सकेजति पोकापोकी बोकेर दुःखको समान यात्रा दुबैले थालेको हुँदा यो समाजमा नारीहरू पुरुषजत्तिकै हिम्मतिला र साहसिक बन्नुका साथै स्वतन्त्र र समान देखिन्छन् । यात्राका क्रममा नारीहरू पनि आफ्नो खुसीले गन्तव्य रोज्दै छुट्टिँदै गरेको स्थितिमा यस समाजले नारी भएकै कारण एक्लै हिँड्न नहुने भनी औँला ठड्याउनुका सट्टा स्वतन्त्र छोडेको देखिन्छ ।

भारतको गारोपहाडको समाजमा नारी र पुरुष समान रूपमा वस्तु पालनको काममा खटिएका देखिन्छन् । वनजङ्गल फडानीदेखि कृषिकार्य र पशुपालन व्यवसायमा पुरुषले जस्तै स्वतन्त्र रूपले काम गर्ने महिलाहरू यस समाजमा देखिनुले महिलाहरूलाई कमजोर ठानेर समाजले असमान व्यवहार गरेको पाईंदैन । दार्जीलिङको समाजमा पनि सामाजिक स्वतन्त्रता र समानता भएको कुरा उपन्यासमा प्रस्तुत गरिएको यस कथनले स्पष्ट पार्दछ : "जातपात छुवाछुत जस्तो भावनाले समाजबाट अवकाश पाइसकेकाले बिहाबारीमा पनि अन्तर्जातीयता बढ्न गएको थियो । अन्तर्जातीय विवाहबाट बनेको त्यहाँको समाज र नयाँ अनुहार आकर्षक र सुन्दर लाग्थे" (पृ.७९) । यस भनाइमा दार्जीलिङको समाजले वैवाहिक सम्बन्धमा जातीय विभेदलाई नमानेको देखिनुले विवाहका सम्बन्धमा यस समाजमा स्वतन्त्रताको स्थिति देखा पर्दछ ।

भारतमा मात्र होइन नेपाली समाजमा पनि राम प्रसाद खनालका छोराछोरी आफैँले छानेको व्यक्तिसँग प्रेम विवाह गर्न स्वतन्त्र देखिन्छन् । सुशीलाले पदमसँग गरेको विवाहमा समाज सन्तुष्ट नदेखिए पनि हरिले श्रीमती ल्याउँदा भने समाजले यसो भनेको छ : "हरिले बुहारी सयमा एक छानेर ल्याएछ भने सबैले" (पृ.९५) । नेपाली समाजले पनि आफूखुसी विवाह गर्नमा छोरा र छोरीलाई लैङ्गिक विभेद नगरी स्वतन्त्रता र समानता प्रदान गरेको देखिन्छ । नेपाली मूलका बर्मेलीको समाज, भारतीय समाज र नेपाली समाजले कार्यका तहमा, सङ्घर्षका तहमा र वैवाहिक सम्बन्धका तहमा नारीलाई हस्तक्षेप नगरी समान अधिकार दिइएको हुनाले नारी स्वतन्त्रता र समानताका पक्षमा वकालत गर्ने समाजका रूपमा यी समाजलाई लिन सकिन्छ । यसरी प्रस्तुत उपन्यासमा नारीले सामाजिक स्वतन्त्रता र समानता पाएका यी विविध सन्दर्भले नारीवादी प्रवृत्तिलाई समर्थन गरेको देखिन्छ ।

### ३.२.२ लैङ्गिक स्वतन्त्रता र समानता

लिङ्गका आधारमा नारी र पुरुषका बिचमा कुनै पनि कुरामा विभेद र बन्देज नहुनु लैङ्गिक स्वतन्त्रता एवम् समानता हो । **शरणार्थी** उपन्यासमा प्रयुक्त नारी चरित्रहरू पुरुष जत्तिनै स्वतन्त्र र समान देखिन्छन् । यस उपन्यासमा पुरुषमा जति हिम्मत छ महिलामा पनि उत्तिकै हिम्मत भएको पुष्टि राम प्रसादकी श्रीमतीको यस कथनले गर्दछ : "अब त खुसी पो हुनुपर्छ । हेर छोराछोरी कति खुसी छन् । कति रमाइरहेका छन् । अब त आफ्नो देशमा आइपुगेका छौं, जे होला । एउटा व्यवस्था जसरी पनि गरिएला" (पृ.१) । बर्माबाट लखेटिएका राम प्रसाद परिवारसहित भागेर नेपाल टेकेपछि पनि निकैबेर रोइरहेको देखेपछि उनकी श्रीमतीले सम्भाउँदै यसो भन्नुमा नारी हिम्मत पुरुषको भन्दा बढी नै देखिन्छ । बर्माबाट भागेका नारीहरू बाटोमा हिँड्दाहिँड्दै अर्थात् दुःखसँग

मुकाबिला गर्दागर्दै कोही विजयमा पुगेका छन् भने कोही मृत्युको मुखमा पुगेका छन् । यिनीहरूले जे जस्तो भए पनि हार नमानी यात्रा गर्नुले नारीमा भएको साहसिक कदमलाई स्पष्ट पार्दछ । यस क्रममा राम प्रसादसँगै आउन सफल जमुना विजयकी उदाहरण हो भने हर्कध्वजकी श्रीमतीको ज्यानै गयो, खदाल्नी भाउजू सिकिस्त बिरामी भएकाले बाटोमै छोडिइन् । हर्कध्वजकी श्रीमतीको सङ्घर्षलाई उपन्यासमा यसरी प्रस्तुत गरिएको छ : "हर्कध्वज कार्कीकी श्रीमती नपत्याउँदो प्रकारले खसिन् । बाटाका त्यत्रा आपत्विपत्हरू सबै टारेर, छलेर, भोगेर आएकी बिचरी आसामको औलोको सिकार बनिन्" (पृ.१०) । यस कथनमा हर्कध्वजकी श्रीमतीले यात्राका क्रममा गरेको साहसिक सङ्घर्षको उल्लेख गरिएको पाइन्छ ।

**शरणार्थी** उपन्यासमा नारी पुरुषभन्दा कम हिम्मतिला छैनन् भन्ने कुरालाई जयमाया र बर्थाका विभिन्न कथनले स्पष्ट पारेको देखिन्छ । जयमाया भन्छे : "बाबू † नेपाली जातिले बेहोर्नु परेको यो दुःख भनेको त कुनै दुःखै होइन । मलाई त यो दुःखको कुनै पीर छैन । मैले त त्यसअघि नै योभन्दा पनि कठोर दुःख सहेकी छु" (पृ.३०) । जयमायाको यस कथनमा उसले कुनै पनि चुनौती भोग्न बाँकी नरहेको स्थितिलाई स्पष्ट पार्दछ । यस्तै जतिसुकै दुःख पनि आफूलाई ठुलो नलाग्ने उसको भनाइले नारीहरू दुःखै दुःखसँग जुध्दा जुध्दै सङ्घर्षशील र कठोर हुँदा रहेछन् भन्ने कुरालाई स्पष्ट पारेको छ । यतिमात्र नभएर जयमायाले जय बहादुरलाई जीवनसाथी बनाएर जीवन बिताउने निर्णय गर्नुले उसको हिम्मत मात्र नभएर लैङ्गिक समानताको स्थितिलाई द्योतन गरेको देखिन्छ । ऊ भन्छे : "के तिमीलाई ममाथि शङ्का लाग्छ ? मेरो मायामाथि तिमीलाई विश्वास छैन ?'...मैले जय बहादुरलाई आफ्नो सारा भविष्य सुम्पने निर्णय गरेकी थिएँ" (पृ.४४) । जयमायाले मात्र होइन जयमायासँग छुट्टि सकेपछि जय बहादुरको साथमा सँगै हिँडेकी बर्थाले उसलाई भगवान्का रूपमा हेर्दै सम्मान गर्छे अनि विवाह गरेर सँगै जीवन बिताउने प्रस्ताव यसरी राख्छे : "जय † यसरी हामी कति दिनसम्म चल्न सक्छौं । अब यो पर्दा च्यातौं । कुनै मन्दिरमा लगेर तिमीले मलाई विधिपूर्वक पत्नी बनाऊ" (पृ.६५) । जीवनसाथीको चयनमा पुरुष स्वतन्त्र भएको पितृसत्तात्मक समाजमा नारीले गरेको यस किसिमको हिम्मतले नारीवादी प्रवृत्तिलाई नै सङ्केत गर्दछ । जयमायाले मात्र होइन बर्थाले आफूलाई चन्द्रप्रकाशको साथ लगाएर जय बहादुरले घर छोडी हिँडेपछि चन्द्रप्रकाशलाई सँगै जीवन बिताउने प्रस्ताव राख्दै सोचेर निर्णय दिन आग्रह गर्नुले लैङ्गिक समानतालाई नै द्योतन गर्दछ ।

यसर्थ नारी भए पनि **शरणार्थी** उपन्यासका पात्रहरूले जीवनयापनका लागि सङ्घर्ष गर्न सकेको, स्वतन्त्र रूपमा पुरुषलाई प्रेमप्रस्ताव राख्न सकेको, पुरुषलाई निरीह बन्नभन्दा हिम्मतिलो हुन आग्रह गरेको एवम् यात्राकै क्रममा ज्यान गए पनि पछि नपरेको सन्दर्भले नारीहरू लैङ्गिक आधारमा स्वतन्त्र र समान भएको कुरालाई पुष्टि गरेकाले यो उपन्यास नारीवादी बन्न पुगेको छ ।

### ३.२.३ पेसागत स्वतन्त्रता र समानता

पेसामा नारी र पुरुषमा विभेदको स्थिति नहुनु नै नारीप्रतिको पेसागत स्वतन्त्रता एवम् समानता हो । बाँच्नका लागि आफूलाई मनपर्ने पेसा रोज्नमा पुरुष जत्तिको स्वतन्त्र छ त्यत्तिकै महिला पनि स्वतन्त्र छे भन्ने दृष्टिकोण नारीवादीले राखेको पाइन्छ । **शरणार्थी** उपन्यासमा नारी पात्रहरू जीवन गुजाराका लागि विभिन्न पेसाहरू अबलम्बन गर्न स्वतन्त्र देखिन्छन् ।

बर्माबाट लखेटिएकी जयमाया लिखापानीबाट गुवाहटी आइपुग्दा विक्षिप्त, भोकी, पागल झैँ थोत्रा कपडा र कागजहरू बटुलेर हिडिँरहेकी भेटेपछि क्षत्री सरहरूले उद्धार गरी निको तुल्याइ दिएर जागिरमा लगाइदिएको कुरा उनले उपन्यासमा यसरी भनेका छन् : “उनलाई हामीले गुवाहटीको नेपाली मन्दिरमा खोलेको नेपाली स्कुलकी शिक्षिका बनायौँ । तिनले निकै वर्षसम्म हाम्रो स्कुलमा शिक्षिकाको काम गरिन्” (पृ.१५) । यतिमात्र नभएर सिक्किम पुगेर अलपत्र परेकी जयमायाले बलपूर्ण कामहरू पनि गरेको देखिन्छ । ऊ भन्छे : “कहिल्यै शारीरिक बलको काम नगरेकी म, सुबेदार शिवजित राईकी एक मात्र छोरी सिक्किमका पाखामा बल गरीगरी गैँती र झम्पल चलाउन थालेँ” (पृ.५२) । जयमाया मात्र नभएर तिब्बती नारी नोयो पनि यही काममा खटिएकी थिई । यसरी यी नारीहरूले पेट पाल्नका लागि जे काम भेट्यो त्यही काम स्वतन्त्र रूपले गरेको देखिन्छ ।

यस उपन्यासकी पात्र बर्था पनि पढेलेखेकी युवती हो भन्ने कुरा भोटाङका बर्थाका घरपट्टी बूढाको यस भनाइले पुष्टि गर्छ : “बर्था नानी † तिमी क्याम्ब्रिज पढ्दै गरेकी छात्रा रहिछौ । यत्रो पढेकी मान्छेले पनि यत्रो श्रमको काम गऱ्यौ । तिम्रो दुःख दयालाग्दो छ नानी । तिमीलाई एउटा स्कुलमा काम लगाइदिनुपऱ्यो” (पृ.७३) । यस कथनमा पढेलेखेकी भएर पनि बर्थाले बलपूर्ण काम गरेको बताइएको छ । घरपट्टी बूढाले काम लगाइदिएपछि भने बर्थाले साम्चीको स्कुलमा शिक्षिकाको काम गरेकी छ । आइते दमाईकी श्रीमती नपढेकै भए पनि उसको हातमा सीप भएको कुरालाई न्यासुर कान्छाको यस अभिव्यक्तिले प्रस्ट पार्छ : “नआत्तिनू आइते दाइ † तिम्रा हातमा त बरु सीप छ । भाउजू पनि सिपालु छिन्” (पृ.१८) । यस्तै राम प्रसाद खनालका परिवारमा पनि नारीहरू सक्षम नै देखिन्छन् । राम प्रसाद खनालको पसलको कारोबार छोरीहरूले सम्हालेको देखिन्छ ।

प्रस्तुत उपन्यासमा भोटाङकी एउटी अधबैँसे आइमाईको यस भनाइमा नारीहरूले जीवनयापनका लागि जस्तोसुकै काम गर्ने हिम्मत राख्नुपर्ने कुराको पुष्टि हुन्छ :

> माया प्रेम गरेपछि दुःखको वास्ता गरेर हुन्छ ? पानी खाएर भए पनि बाँच्ने आँट गरेर भागिसकेपछि, अब डराउने काम छैन । यी, हामीले पनि पल्लो पहाडबाट भागेर आउँदा यो औलको जङ्गल फाँड्न कम दुःख गरियो ? बाघ, भालु, हात्तीसँग लडियो । कतिपल्ट ज्यान जान खोज्यो कति (पृ.६६) ।

उसको यस भनाइमा नारी भएर पनि उसले विभिन्न सङ्घर्ष गर्दै आएको र अरू नारीलाई पनि दुःख गर्ने हिम्मत निकाल्नका लागि प्रेरणा दिएको देखिन्छ ।

यसरी प्रस्तुत उपन्यासका जयमाया, बर्था, नोयो, आइते दमाईकी श्रीमती आदि नारी पात्रहरू जीवन गुजाराका लागि विभिन्न काममा खटिएका छन् । उनीहरूले आफूले गर्ने निधो गरेको काममा कसैको अवरोध नखेपी पुरुषले जत्तिकै सङ्घर्ष गरी कठिन पेसा अवलम्बन गरेरै भए पनि जीविकोपार्जन गरेका पाइन्छन् । यसर्थ यस उपन्यासका नारी पात्रहरूमा पेसागत स्वतन्त्रता र समानताको स्थिति देखिन्छ ।

### ३.२.४ पारिवारिक स्वतन्त्रता र समानता

परिवारका सदस्यहरूले नारीलाई निर्णय गर्न स्वतन्त्रता प्रदान गर्नु वा रोकावटको स्थिति सिर्जना नगर्नु नै पारिवारिक स्वतन्त्रता एवम् समानता हो । **शरणार्थी** उपन्यासमा राम प्रसाद खनालकी

छोरी सुशीला विवाहमा आफ्नो जीवन साथी रोज्न स्वतन्त्र देखिन्छे । आफूखुसी वैवाहिक सम्बन्ध स्थापना गरेकोमा उसका परिवारले विद्रोह वा कुनै अवरोध सिर्जना नगर्नुले उसलाई पारिवारिक स्वतन्त्रता प्राप्त भएको देखिन्छ । उसले आफैँ बिहे गरेको खबर पाएपछि उसका बाबु राम प्रसाद यसो भन्छन् : "...उसले कमाएको उसैले लगी तर राम्रो मान्छेसँग गइन । दु:ख पाउने भई । त्यसैले चिन्तित छु" (पृ.२३) । उनको यस भनाइले छोरीको वैवाहिक सम्बन्धप्रति विद्रोह नभएर छोरीकै सुखको कामना देखिन्छ । वैवाहिक सम्बन्ध स्थापनामा राम प्रसादको छोरी मात्र नभएर छोरा हरि खनाल पनि उत्तिकै स्वतन्त्र देखिन्छ । यसर्थ खनालको परिवारमा छोरा छोरीमा वैवाहिक सम्बन्धमा स्वतन्त्रता र समानता देख्न सकिन्छ ।

प्रस्तुत उपन्यासमा जयमायाका बाबुआमाले जयमाया जय बहादुरसँग बोल्दा, हाँस्दा, जिस्किँदा पनि औंला ठड्याएका छैनन् । जयमाया र जय बहादुर जवान भए पनि बाबुआमाले यसप्रति कुनै छेकबार भएके छैन । यस प्रसङ्गमा जयमायाले आफ्नो बाबु आमाको सोचाइलाई यसरी प्रस्तुत गरेकी छ : "हामी हाँसेको, खुसी भएको देखेर आमाबाबुले केही पनि भनेनन् । आज म सम्झन्छु - उनीहरूले त्यो दु:खको बेला देखिएको अलिकति खुसीलाई स्वागत नै गरेथे होलान्" (पृ.३८) । जयमायाको यस कथनमा सन्तानको सुखकै लागि भए पनि उसका बाबु आमाले एउटा जवान पुरुषसँग छोरीको सम्बन्धमा कुनै छेकथुन नगर्नुमा पारिवारिक स्वतन्त्रता प्रदान गरेको देखिन्छ । यतिमात्र होइन जयमायाकी आमाको मृत्युपछि टकाव नदीमा पुगेका शिवजित राई जय बहादुरले आयोजना गरेको साङ्गीतिक कार्यक्रममा नाचेकी छोरीलाई हेर्दै थपडी मार्दै रमाइलो अनुभूति गर्दछन् । सन्तानको खुसीमा जुनसुकै कार्य गर्नमा पनि उनले छुट दिनुले जयमायालाई माता पिताको प्रेमका साथै पारिवारिक स्वतन्त्रता प्राप्त भएको देखिन्छ ।

प्रस्तुत उपन्यासमा जयमायाले जय बहादुरसँग रमाइलो गर्दा परिवारले नछेक्नु, हरि र सुशीलाको विवाहको आफ्नै निर्णयमा परिवारले हस्तक्षेप नगर्नु जस्ता सन्दर्भले नारीलाई प्रदान गरिएको पारिवारिक स्वतन्त्रता तथा समानता स्पष्ट हुन्छ ।

### ३.२.५ यौन स्वतन्त्रता र समानता

प्रजननका सन्दर्भमा नारीहरू आफैँ निर्णय गर्न स्वतन्त्र हुनुपर्छ भन्ने मान्यता नारीवादले अगि सारेको यौन स्वतन्त्रता र समानता सम्बन्धी मान्यता हो । **शरणार्थी** उपन्यासमा सन्तान उत्पादनका लागि अर्थात् सन्तानको संख्या निर्धारणका लागि कुनै पनि नारीहरूलाई स्वतन्त्रता र समानता प्रदान गरिएको देखिँदैन । तर राम प्रसादकी छोरी सुशीलाले आफैँ सचेत भएर पदमको इच्छा विपरीत पनि निर्णय लिएकी छ । पुरुषले नारीलाई सन्तान उत्पादनमा स्वतन्त्र निर्णय गर्ने कुनै अधिकार नदिएको सन्दर्भमा तिन वटा बच्चा जन्माइसकेपछि पनि चौथो सन्तानको गर्भ बोक्न बाध्य भएकी पदमकी श्रीमती सुशीलाले गरेको सङ्घर्षलाई उपन्यासमा यसरी प्रस्तुत गरिएको छ : "चौथो बच्चा पेटमा आएपछि उसले त्यसलाई लोग्नेले थाह नपाउने गरी एक्लै गएर 'एबोर्सन' गराई ।...आमाको सल्लाह लिएर एक दिन उसले ल्याप्रोस्कोपी पनि गराई" (पृ.९४) । सुशीलाले सन्तान उत्पादनमा बाध्य पारेर लोग्नेले जति कुटे पनि त्यसको विरोध गर्दै सुशीलाले एबोर्सन गराउनुले यौन स्वतन्त्रता र समानताको विद्रोही कदमलाई सङ्केत गरेको छ तर यस उपन्यासका अन्य नारीमा भने यस किसिमको प्रवृत्ति देखिँदैन । यसरी **शरणार्थी** उपन्यासमा नारीहरूलाई सामाजिक, लैङ्गिक, पेसागत, पारिवारिक एवम् यौन स्वतन्त्रता र समानता प्रदान गरिनुले यसलाई नारीवादी उपन्यासका रूपमा लिन सकिने स्थिति देखा पर्दछ ।

### ३.३ 'आधाबाटो' उपन्यासमा नारी स्वतन्त्रता र समानता

**आधाबाटो** (२०५९) धराबासीको दोस्रो प्रकाशित उपन्यास हो । यस उपन्यासमा उनले आफ्नो बाल्यकालदेखि आमाको मृत्युसम्मको व्यक्तिगत जीवनभोगाइलाई यथार्थ रूपले प्रस्तुत गरेको हुनाले यसलाई आत्मजीवनीपरक उपन्यास मान्न सकिन्छ । लेखक स्वयम्ले यस उपन्यासको भूमिकामा जीवनको यथार्थलाई जस्ताको तस्तै लेखिएको भए पनि लेखाइको प्रवृत्ति औपन्यासिक प्रकारको भएको एवम् कानमा समयले भनेका कुराहरू आफ्नो हातबाट लेखिएको बताएका छन् । वास्तवमा जीवन नै एक उपन्यास भएको र जन्मदेखि मृत्युसम्मको एउटा व्यक्तिको जीवन नै एउटा ठूलो आख्यानको समूह हो भन्ने मान्यताका साथ औपन्यासिक तत्त्वको सुगठित प्रयोग नगरिए पनि **आधाबाटो**लाई धराबासीले उपन्यासका रूपमा स्विकारेका छन् (धराबासी, २०६८ : भूमिका) । प्रस्तुत उपन्यासमा लेखकले आफ्नै पारिवारिक जीवनशैली र तत्कालीन सामाजिक राजनीतिक परिवेशलाई स्थान दिएका छन् । यस उपन्यासमा धराबासीका वैयक्तिक जीवनसँग जोडिएका र समाजका यथार्थ नारी पात्रहरू विभिन्न चुनौतीसँग भिड्दै सङ्घर्षपूर्ण जीवन बिताइरहेका देखिन्छन् । यस उपन्यासका पात्रहरू विविध पक्षमा स्वतन्त्र र समान देखिएकाले **आधाबाटो** उपन्यासमा भएको नारी स्वतन्त्रता र समानता सम्बन्धी नारीवादी प्रवृत्तिको विश्लेषण यहाँ गरिएको छ :

### ३.३.१ धार्मिक एवम् सांस्कृतिक स्वतन्त्रता र समानता

परम्परागत धर्म र संस्कृतिलाई सहर्ष स्विकार्नुभन्दा पुरुषले आफ्नो फाइदाका लागि निर्माण गरेको धर्म संस्कृतिले नारीमाथि पारेको नकारात्मक प्रभावलाई अस्वीकार गर्दै नारी हितका पक्षमा भएका धर्म संस्कृतिलाई नारीवादले स्वीकार गर्दछ । यस्तै नारीहरू हरेक धर्म संस्कृति अवलम्बन गर्न र शोषणमूलक धर्म संस्कृतिलाई परिष्कार गर्नमा स्वतन्त्र छन् भन्ने मान्यता पनि नारीवादले राख्दै आएको छ । प्रस्तुत उपन्यासमा परम्परागत धर्म र संस्कृतिले बोकेको मान्यतालाई सहर्ष स्वीकार गर्ने एवम् त्यसको परिमार्जनमा स्वतन्त्र भएर आवाज उठाउने दुबै प्रकारका चरित्रको उपस्थिति देखिन्छ । यस उपन्यासमा परम्परागत धर्म संस्कृतिलाई मान्ने नारी पात्रका रूपमा धराबासीकी आमालाई लिन सकिन्छ । उनी भन्छिन् : "मान्छे मरेको वर्ष घर बनाउनु हुँदैन भन्थे हो रहेछ । हामीलाई नयाँ घरमा बस्नु जुरेको छैन" (पृ.१०६) । उनको यस भनाइमा संस्कृतिले मानी आएको नियमको सहर्ष स्वीकारोक्ति पाइन्छ साथै उनको यस कथनमा परम्परागत संस्कृतिले लैङ्गिक विभेदलाई नदेखाए पनि पितृसत्ताले मान्दै आएको धार्मिक विश्वासकी संवाहकका रूपमा उनलाई लिन सकिन्छ । यस्तै प्रस्तुत उपन्यासमा उल्लिखित धराबासीको यस कथनले बाहुनी बजैका परम्परागत धार्मिक विश्वासलाई स्पष्ट पारेको छ :

> बाहुनी बजै साह्रै कट्टर थिइन् । बिहानै चारै बजे उठेर धारामा गई नुहाइधुवाइ गरीवरी चोखो पानी ल्याई घर लिप्ने, पूजापाठ गर्ने, पेटनी बेरेर चुल्हामा भान्साको काम गर्ने । हामी कसैलाई पनि चुल्हामा जान नदिने । चुल्हाभन्दा निकै पर बसेर खाना खानुपर्ने (पृ.१५०) ।

धराबासीको यस कथनले बाहुनी बजै पितृसत्तात्मक सोच भएकी परम्परागत धर्म र संस्कृतिकी संवाहक पात्रका रूपमा देखा परेकी छ किनभने उसले पितृसत्ताले स्थापना गरेको जातीय विभेद र छुवाछुत प्रथालाई स्वीकार गरेकी छ ।

यस उपन्यासकी नारी पात्र आताले कामी केटोसँग प्रेम गरेर विवाह गरिसकेपछि ऊ मन्दिरमा पस्न नमान्दा यसो भनेकी छ : "किन मन्दिरमा पस्न डराएको देउता त सबैकै हुन्" (पृ.२६७) । आताको कामी केटोलाई मन्दिरमा पस्न आग्रह गरिएको यस कथनले पितृसत्ताले धर्मका नाममा स्थापना गरेको जातीय दमनको विरोध गरी धार्मिक स्वतन्त्रताको वकालत गरेको छ ।

यसरी यस उपन्यासमा पितृसत्तात्मक धर्म र संस्कृतिका संवाहक पात्रका रूपमा धराबासीकी आमा र बाहुनी बजै देखिन्छन् भने धर्म र संस्कृतिका नाममा भएको जातीय विभेदको विरोध गर्ने पात्रका रूपमा आतालाई लिन सकिन्छ तर नारीमाथि धर्म र संस्कृतिले गरेको विभेदको विरोध गर्दै नारीको धार्मिक एवम् सांस्कृतिक स्वतन्त्रता र समानताका पक्षमा बोल्ने पात्रहरूको प्रयोग भएको पाइँदैन ।

### ३.३.२ राजनीतिक स्वतन्त्रता र समानता

**आधाबाटो** उपन्यासमा पुरुषहरूसँग राजनीतिमा भूमिगत भएर हिँडेका नारीहरूको उल्लेख गरिनुले नारीवादले भनेझैँ राजनीतिमा नारीहरू पनि पुरुष जस्तै स्वतन्त्र र समान छन् भन्ने कुराको पुष्टि हुन्छ । उपन्यासमा भनिएको छ :

> मानिसहरू भन्थे - रत्न वान्तवा प्रहरीको घेरा तोडी घरबाट भागे ।...उनीसँग अरू दुईजना केटीहरू पनि थिए ।...दुई युवतीमध्ये एउटी भाग्न सफल भएकी र अर्कीलाई प्रहरीले समातेका थिए रे ।...तिनी झाडीभित्र दिसा गर्न भनी पसेकी तर फर्कँदै फर्किनछिन् ।...घना जङ्गल र झाडीभित्र तिनी लोप भइसकेकी थिइन् (पृ.१७०) ।

यी युवतीहरू मात्र होइन धराबासीकी आमा र उनका चुरवाल्नी साथीहरू पनि राजनीतिक हिसाबले चेतनशील भएको सन्दर्भ उपन्यासमा यस्तो छ : "बजारमा आमाका चुरवाल्नी साथीहरू सबै पञ्चायतका पक्षमा रहेछन् । आमा मात्र एक्लै बहुदलका पक्षमा उभिनुभएको रहेछ"(पृ.१७५) ।

राम थापाको हत्याको विरोधमा निस्किएको मौन जुलुस आमसभामा परिणत भएपछि राम थापाकी भाउजू भवानी थापाले हत्याको विरोध गर्दै दिवंगत आत्माको चिर शान्तिको कामना गर्नुले राजनीतिमा भएको नारी अग्रसरताको पुष्टि हुन्छ । बी. पी.सँगै शैलजा राजनीतिमा सक्रिय भएर हिँडेको सन्दर्भले पनि राजनीतिमा महिला सहभागिताको पुष्टि हुन्छ । देशमा बहुदल आएपछि धराबासीकी आमाले छोराको इच्छा पूरा भएको बताउनु र सीताजीले यसो भन्नुले पनि नारीहरूमा भएको राजनैतिक संलग्नता र चेतना प्रस्ट हुन्छ : "लौ बधाई छ । मैले जुलुसमा नकुदी त तपाईंको बहुदल कहाँ आउने रहेछ र ?" (पृ.२८६) ।

यसर्थ प्रस्तुत उपन्यासमा दुई युवतीहरू भूमिगत भएर राजनीतिमा लाग्नु, धराबासीकी आमा र चुरवाल्नीहरू बहुदल र पञ्चायतका पक्षमा वादविवाद गर्नु, शैलजा बी. पी.सँगै राजनीतिमा सक्रिय भएर हिँड्नु, भवानी थापाले राजनीतिक भाषण गर्नु, सीताजी जुलुसमा जानु जस्ता सन्दर्भबाट लेखकले राजनीतिमा सचेत नारी पात्रहरूको उपस्थिति गराई नारीलाई पनि राजनीतिक स्वतन्त्रता तथा समानता प्रदान गरेको कुराको पुष्टि हुन्छ ।

### ३.३.३ लैङ्गिक स्वतन्त्रता र समानता

प्रस्तुत उपन्यासमा प्रयोग गरिएका नारी पात्रहरू पुरुषले जस्तै काम गर्न समर्थ देखिन्छन् । लैङ्गिक विभेदकै कारण पुरुषभन्दा महिला कमजोर र असक्षम हुन्छन् भन्ने परम्परागत मान्यताको खण्डन यस उपन्यासका नारी पात्रको व्यवहारबाट भएको छ । पुरुष भए पनि दुबै खुट्टा लुला भएर राम्ररी टेकी हिँड्न नसक्ने श्रीमान् र कलिला बालबालिकालाई पाल्ने जिम्मा धराबासीकी आमा अर्थात् अम्बिकाको रहेको छ । उपन्यासमा धराबासी भन्छन् : “आठराईको सिह्रानमा सधैँजसो बादलले छेकिएको संक्रान्ति बजार भर्न आमाहरू गइरहनु हुन्थ्यो” (पृ.२) । यतिमात्र होइन उनी भन्छन् : “बाहिरफेरका बलका सबै काम आमाले नै गर्नु पर्थ्यो” (पृ.४) । उनको यस कथनमा बजार भर्नेदेखि बलका काम बाबुले नभएर आमाले गर्नुले समाजका सक्षम पुरुषले गर्ने काम नारीले पनि गर्न सक्छन् भन्ने नारीवादी विचारको पुष्टि भएको देखिन्छ ।

धराबासीका परिवारले पहाड छोडेर तराई झर्ने निर्णय गरी साङ्रुम्वा आइपुगेपछि ससुरालीको सहयोग नपाएर विचलित हुँदै सिकिस्त बिरामी छोरीहरू र आफूलाई त्यहीँ छाडेर छोरालाई लिई मधेस जान लागेका पतिलाई हेर्दै धराबासीकी आमा भन्छिन् :

> अब जे भयो भयो । हामी हाम्रो दुःखसुखको बास छोडेर हिँडिसक्यौँ । जसरी भए पनि हामीले मधेसमा बस्नै पर्छ । जहाँ जस्तो मिल्छ बस्दै गर्ने व्यवस्था मिलाएर चाँडै खबर पठाउनू म सबै भुरा लिएर आउँछु ।...जे जे होस् पहाड फर्किने विचारचाहिँ पटक्कै नलिनू । भाँडै माझ्नु पर्ने भए पनि माझौँला (पृ.१२) ।

इलाममा मात्र होइन मधेस झरिसकेपछि लोग्नेले पहाड फर्किने सोच बनाएको थाहा पाउँदा उनले भनेको यस कथनले पनि नारी हिम्मतलाई थप पुष्टि गरेको छ :

> म त यो जुनीमा अब पहाड फर्कंदै फर्कन्न । त्यहाँ दुनियाँका अगाडि मरेको जस्तो मुख लिएर जानुभन्दा यतै मर्नु असल । बरू अर्काको भाँडै मोलेर भए पनि यो पेट पालिन्छ । पहाड फर्किने चाहिँ कुरै गर्नु पर्दैन मसँग (पृ.२०) ।

अम्बिकाका यी कथनहरूले विचलित हुन लागेको पुरुषलाई हिम्मत दिनुका साथै नारीहरू जेसुकै काम गर्नमा पनि कमजोर छैनन् भन्ने अभिव्यक्तिका साथ नारी साहसको वकालत गरेका छन् । यतिमात्र होइन धराबासीकी आमा बिरामी भएको बेला बिरामी धराबासीका बाबुले भगवानसँग जीवनरक्षाको पुकारा गर्दा उनी भन्छिन् : “किन यस्तो जिउ छाडेर बोलेको । कसैलाई पनि केही पनि हुँदैन । यी सबै दुःखहरू आफैँ टरेर जान्छन् । हामी फेरि तन्दुरुस्त हुन्छौँ र पहिलेकै जस्तो संसार देख्नेछौँ” (पृ.८४) । उनको यस कथनले पनि नारी धैर्य र साहसलाई प्रस्ट पारेको छ ।

धराबासीकी आमाले जस्तै मधेसमा रहेकी धराबासीका बाबुकी साइँली बडीआमाको यस कथनले नारी हिम्मतलाई प्रस्तुत गरेको पाइन्छ :

> नआउनु मधेस आइसकेपछि अब लगत्तै पहाड किन फर्कनु जेठा ? अरूले देख्दा पनि लाजमर्दो, बडा घुर्क्याएर हिंडेको थियो, डिच्च परेर फर्क्यो भन्छन् सबैले । पहिलाभन्दा झन् झन् हेप्न थाल्छन् । आफन्तहरूबाट हेपिएर बस्नुभन्दा टाढा पराइका भीडमा दुःख पाएर बाँचेकै राम्रो भन्छु म त † तँलाई त्यस्तै गाह्रो पऱ्यो, छोरै नपढाई भएन भने, तँ

> केही गर्न सक्दैनस्, बुहारी एक्लैले मधेसमा के गरी खेती उतार्ली र ? बरु एउटा सानो दोकान थाल । मेरैमा बस्नु, घर छँदैछ (पृ.१९) ।

उनको यस कथनले मधेसमा आएर हिम्मत हारिसकेका धराबासीको बाबुलाई थप साहस थप्नुका साथै नारीमा भएको हिम्मतलाई पनि स्पष्ट पारेको छ ।

नारीले पुरुषले जस्तै समान काम गर्न सक्छन् र हिम्मतिला हुन्छन् भन्ने नारीवादी विचारको पुष्टि उपन्यासको यस कथनले गरेको छ : "म लुते पटक्कै बल तागत नभएको । एउटी टीका थिई घरको सबै काम गर्नुपर्ने । बुबाको स्याहार, घरधन्दा भाइको हेरचाह, बस्तुभाउ सबै उसको जिम्मामा थियो" (पृ.८४) । धराबासीको यस कथनमा टीकाले नारी भईकन पनि पुरुषले जस्तै कठिन काम गरेको देखाइएको छ ।

नारीवादले विवाहको सम्बन्धमा पुरुष जति स्वतन्त्र छ महिला पनि त्यत्तिनै स्वतन्त्र छ भन्ने मान्यता राख्दछ । प्रस्तुत उपन्यासमा धराबासीकी कान्छी बहिनी नानु, अस्पतालमा बिरामी छोरालाई कुरेर बसेकी महिला, इलाममा कुमारबाबुको घरमा बसेकी बाहुनी बजै, आता आदि नारी पात्रहरूले पुरुषले जस्तै आफैँ रोजेर विवाह गर्नुले उपन्यासमा प्रस्तुत लैङ्गिक स्वतन्त्रतालाई देखाएको छ । अझ आताले त उसको लोग्नेलाई विवाहका लागि आफैँले प्रस्ताव राखेको देखिन्छ (पृ.२६६) ।

यस उपन्यासमा धराबासीले आमाको निधनपछि उनका बारेमा भनेका छन् :

> अति कठोर यात्रा रोजेकी थिइन् यी नारीले वनवासको रामपाइलाहरू पच्छ्याउँदै । तर ती यात्राका हरेक पाइलामा दुःखका काँडैकाँडा थिए, अपमानका घुड्कै घुड्का थिए । आँखाका आँसुलाई पसिना बनाएर बगाउँदै, भातको युद्धमा सारा जीवन बिताउनु भएकी उहाँका बारेमा कति हुँडलो भएर आइरहे स्मरणहरू ताजा भएर (पृ.३८२) ।

धराबासीको यस कथनले उनकी आमाले नारी भएरै पनि गरेको कठोर निर्णय र चालेको अप्ठ्यारा पाइलाको चित्रण गरेको छ ।

यसरी प्रस्तुत उपन्यासमा धराबासीकी आमाले श्रीमान्लाई दिएको आँट र जीवनयापनका क्रममा चालेका कठिन कदम, धराबासीकी कान्छी बहिनी नानु, अस्पतालमा बिरामी छोरालाई कुरेर बसेकी महिला, इलाममा कुमारबाबुको घरमा बसेकी बाहुनी बजै र आताले वैवाहिक सम्बन्ध स्थापनामा गरेको स्वतन्त्र निर्णय र जिउनका लागि गरेको सङ्घर्षले नारीमा भएको लैङ्गिक स्वतन्त्रता एवम् समानताको पुष्टि गरेको छ ।

### ३.३.४ पेसागत स्वतन्त्रता र समानता

प्रस्तुत उपन्यासमा नारी पात्रहरूले जीवन निर्वाहका लागि आफूले चाहेको पेसा गर्न कसैको रोकावट सहनु परेको छैन । धराबासीकी आमा मेला भर्न जान्छिन् भने मावली हजुरआमा इलाममा सागसब्जी बेच्ने काम गर्छिन् (पृ.१५) । भोलेनी आमै रक्सी बेच्छिन् (पृ.२५) । मधेसमा झरेकी धराबासीकी आमा चुर बेच्न थालेकी छन् । उनी मात्र होइन मधेसका अन्य आइमाईहरू पनि प्रतिस्पर्धात्मक रूपमा चुर बेच्ने काम गरिरहेको प्रसङ्ग उपन्यासमा यस्तो छ : "लहरै बसेका चुरवाल्नीहरूसँग सधैं प्रतिस्पर्धा चलिरहन्थ्यो । कहिलेकाहीँ प्रस्टैसँग भनाभन पनि हुने गर्थ्यो ।...

चारवटी चुरवाल्नी प्रतिस्पर्धीहरू नै आमाको इखालु संसार थियो” (पृ.६०) । भुजेल्नी, कम्मरनी, खुलाल्नी, प्रसाईनी, सिटौलिनी आदि आइमाईहरू अम्बिकाका चुरवाल्नी साथीहरू थिए । यसर्थ यी नारीहरू पेसाका हिसाबले स्वतन्त्र देखिन्छन् । यस्तै यस उपन्यासमा ठूले कार्कीकी श्रीमती श्रीमान् हराए पनि देवरसँगै गएर घर बनाउने काम गर्दै आएकी छ । नम्रताकी आमाको पनि बजारमा दोकान छ (पृ.२०८) । आता होटलमा भाँडा माझ्रेर छोरी हुर्काउँदै बसेकी छ । खसीकट्टा कार्कीको निधनपछि उसकी श्रीमती अर्काको घरमा जे काम भेटिन्छ त्यही गर्दै आफ्नो र भगी लगायतका छोरा छोरीको पेट पाल्दै आएकी छ । यसरी प्रस्तुत उपन्यासका नारी पात्रहरूले आर्थिक हिसाबले सक्षम नभए पनि जीवन निर्वाहका लागि स्वतन्त्र रूपमा आ-आफ्नो पेसा अँगालेको देखिन्छ ।

### ३.३.५ पारिवारिक स्वतन्त्रता र समानता

प्रस्तुत उपन्यासमा कतिपय सन्दर्भमा नारीले परिवारमा स्वतन्त्रता पाएका छन् पनि कतिपय नारीले परिवारमा विभेद र बन्देजको सिकार पनि हुनुपरेको देखिन्छ । यस उपन्यासमा धराबासीको परिवारले धराबासीलाई जतिसुकै दुःख सहेर भने पनि पढाएको देखिन्छ तर छोरीहरूले भने छोराको जस्तो शैक्षिक अवसर पाएका छैनन् । यसले परिवारमा भएको शिक्षामा समान अवसर र स्वतन्त्रताभन्दा विभेदपूर्ण व्यवहारलाई देखाएको छ । यस्तै सात कक्षामा पढिरहेकी सीतालाई विवाह गरेर घरमा बुहारीका रूपमा भित्र्याएपछि धराबासीको परिवारले परम्परागत नारीलाई जस्तै घरायसी कामभित्रै उनलाई सीमित गराएको छ । यसर्थ धराबासीको परिवारमा छोरी र बुहारीले पढ्ने अवसर पाएका छैनन् । बरु एकपट पढ्न छोडिसकेकी नम्रतालाई फेरि पढ्ने मनस्थितिले आउँदा उसलाई पढ्नका लागि उचित वातावरण तयार गर्ने काम धराबासीले नै गरेका छन् । यस्तै धराबासीको पाँचथरको मूल घरका परिवारले बुहारी र नोकरका लागि मकैको भात तर हजुरआमा र पुरुषका लागि धानको भात दिने चलन छ जसले बुहारीहरूमाथि गरिने शोषणपूर्ण व्यवहारलाई देखाएको छ । धराबासीकी श्रीमती सीतालाई पनि सहनशील भएकोमा बारम्बार धराबासी तारिफ गरिरहेका छन् । उपन्यासमा प्रस्तुत यी सन्दर्भहरूले नारीलाई पारिवारिक स्वतन्त्रता र समानता प्राप्त नभएको तथ्यको पुष्टि गरेको छ ।

यस उपन्यासमा प्रस्तुत यी विविध सन्दर्भले भने नारीले पाएको पारिवारिक स्वतन्त्रता र समानताको वकालत गरेको छ । धराबासीले सीताजीलाई विभिन्न कार्यक्रममा उपस्थित हुने मन गर्दा साथ दिनु, धराबासीकी आमाले बुहारीलाई रहर लागेको कुरामा छेकथुन नगर्नु, राजनीतिक जुलुसमा परिवार नै संलग्न हुनु, धराबासीकी आमाले आफूखुसी विवाह गरेकी छोरी नानुलाई क्षमा दिन धराबासीसँग आग्रह गर्नु जस्ता प्रसङ्गले यसको पुष्टि गर्दछ । यसरी प्रस्तुत उपन्यासमा छोरालाई भन्दा छोरी र बुहारीलाई खानपिन एवम् शिक्षामा गरिएको विभेदले नारीले पारिवारिक स्वतन्त्रता र समानता नपाएको स्थितिलाई सङ्केत गरेको छ भने धराबासीले नम्रतालाई पढ्न प्रेरणा दिनु एवम् श्रीमतीलाई विभिन्न कार्यक्रममा उपस्थित गराउनु, आफूखुसी विवाह गरेकी बहिनीलाई क्षमा दिन धराबासीसँग आमाले आग्रह गर्नु जस्ता सन्दर्भले भने नारीले प्राप्त गरेको पारिवारिक स्वतन्त्रता र समानताको पुष्टि गरेको देखिन्छ । यसरी **आधाबाटो** उपन्यासमा लैङ्गिक, राजनीतिक एवम् पेसागत स्वतन्त्रता र समानतामा नारीहरू अगाडि रहे पनि धार्मिक-सांस्कृतिक, सामाजिक, पारिवारिक  स्वतन्त्रता र समानताका सन्दर्भमा भने नारीलाई त्यति सशक्त बनाएको पाइँदैन ।

## ३.४ 'राधा' उपन्यासमा नारी स्वतन्त्रता र समानता

**राधा** (२०६२) कृष्ण धराबासीको तेस्रो प्रकाशित उपन्यास हो । यस उपन्यासको कथावस्तुको स्रोत पौराणिक भए पनि यसमा लीलालेखन सम्बन्धी दार्शनिक मान्यतालाई आधार बनाउँदै वर्तमान परिप्रेक्ष्यमा त्यसको विनिर्माण गरिएको छ । यसमा राधा र कृष्ण सम्बन्धी पौराणिक ईश्वरीय अस्तित्वलाई मानवीकृत गरिएको पाइन्छ । धराबासी भन्छन् :

> उस युगलाई यस युगको चेतना भरेर नयाँ बनाउन खोज्दा पुराणमा हुने देवताहरू यस कृतिमा साधारण मान्छे भएका छन् । अलौकिकता, चामत्कारिकता, देवत्वसंवेगहरू यहाँ छैनन् । यहाँ सबै पात्र मान्छे हुन् र मान्छेकै दुःखसुखहरू भोगिरहेका छन् (धराबासी, २०६७ : भूमिका) ।

यस उपन्यासमा 'राधा' लाई केन्द्रीय पात्रका रूपमा उपस्थित गराएर राधा लगायत सुशीला, यशोदा, विशाखा, रुक्मिणी, पिल्ली, एकनंशा आदि नारी पात्रहरूले भोग्नु परेका विभिन्न समस्याहरू र त्यस विरुद्ध उनीहरूमा आएको चेतनालाई स्थान दिइएको छ । यस उपन्यासमा प्राचीन राधालाई आधुनिक राधामा रङ्ग्याएर समग्र नारीहरूको कथासँग सादृश्य गराइ नारीहरूको चेतना र मनोदशालाई उजागर गरिनुका साथसाथै नारी स्वतन्त्रता र समानताको पक्षमा वकालत गरिएको पाइन्छ । यसर्थ **राधा** उपन्यासमा प्रस्तुत भएको नारीहरूको सामाजिक, धार्मिक, राजनीतिक, आर्थिक, लैङ्गिक, पारिवारिक स्वतन्त्रता एवम् समानताको अध्ययन अलग अलग शीर्षकमा यसरी गर्न सकिन्छ ।

### ३.४.१ सामाजिक स्वतन्त्रता र समानता

**राधा** उपन्यासमा प्रयुक्त व्रजको समाजले नारीलाई स्वतन्त्रता र समानता प्रदान गरेको पाइन्छ । प्रस्तुत उपन्यासमा उपन्यासको पृष्ठभूमिको अर्थात् कथा वाचन गर्दा सुनिरहेको झापाको समाज, वाचित कथाभित्रको व्रजको समाज, मथुराको समाज, द्वारिकाको समाज, विदर्भको समाज, हस्तिनापुरको समाज जस्ता विविध समाजको चित्रण गरिएको पाइन्छ तर यी विभिन्न समाजको उल्लेख उपन्यासभित्र भए पनि कतिपय समाजको सूक्ष्म सङ्केत मात्र भएको हुनाले ती सबै समाजले नारीलाई दिएको समानता र स्वतन्त्रताको अध्ययन गर्न सकिने स्थिति छैन । तीमध्ये प्रमुख भूमिकामा रहेका व्रज र मथुराका समाजले नारीलाई के कति समानता र स्वतन्त्रता प्रदान गरेको छ भन्ने कुराको अध्ययन यसरी गर्न सकिन्छ ।

व्रजमा कृष्णसँग राधासहित रातको वनभोजमा उपस्थित गोपिनीहरूमाथि व्रजवासीले गरेको मूल्याङ्कनले नारीमाथि गरेको व्यवहार स्पष्ट हुनुका साथै समाजको नारीसम्बन्धको धारणा पनि स्पष्ट हुन्छ । वनभोजमा एक्लो पुरुष कृष्णसँग रात बिताएका गोपिनीहरू सबैलाई गोकुलको समाजले नजरबन्दमा राखेको छ । यसमा पनि वृषभानुकी छोरी राधाकै कारण सबै गोपिनीहरू उक्त वनभोजमा उपस्थित भएको भन्ने आरोप समाजभरि व्याप्त भएपछि त राधाको चरित्रलाई लिएर वृषभानु माथि नै गाउँलेहरूको नराम्रो सोच विकास भएको देखिन्छ । राधा भन्छिन्-

> लाज, सर्म सबै त्यागेर रातभरि एउटा युवकसँग जङ्गलमा बिताउने भनेर चारैतिर अवगाल फैलिँदै गयो ।... व्रजका राजा वृषभानुकी छोरी भएर मैले जुन अनुशासनमा बस्नुपर्ने

थियो त्यसमा नबसेकी, जनताका छोरीहरूलाई समेत भड्काएर गलत बाटोतिर हिँड्न प्रेरित गरेकी भन्ने आरोप ममाथि लागेको थियो (पृ.२७)।

यस भनाइलाई आधार मान्दा नारीहरूले पुरुषसँग रातको वनभोजमा उपस्थिति जनाएर अनैतिक व्यवहार नै नगरे पनि समाजले लाञ्छना लगाएको देखिन्छ । वनभोजमा उपस्थित सबै नारीहरूलाई नजरबन्दमा राखे पनि वनभोजकै आयोजना गर्ने पात्र पुरुष अर्थात् कृष्ण भने नजरबन्दमा रहेनन् अर्थात् नारीमाथि जस्तो आरोप यिनमा लागेन । नजरबन्दमा परेकी राधालाई भेष बदलेर कृष्णले भेट्न जाने गरेको थाहा पाएपछि वृषभानुले समाजको यस्तो आक्षेप समेत खप्नुपरेको छ - "घरभित्रै आफ्नी छोरी फर्सीझैँ कुहिरहेकी छे । बाहिर समाजमा बसिनसक्नु चर्चा छ । हाम्रो इज्जत हो तपाईं । तपाईंले आफ्नै इज्जत राख्न सक्नुहुन्न भने तपाईंलाई हामीले प्रधान मान्ने किन ?" (पृ.३९) । यसर्थ व्रजको समाज नारीलाई स्वतन्त्रता र समानता दिनसक्ने समाज रहेनछ भन्ने कुरा यसबाट प्रस्ट भएको छ ।

वृषभानुलाई अनेक लाञ्छना लगाइरहेको व्रजको समाजलाई राधा र मेरो कारण तपाईंहरूलाई मानसिक तनाव परेछ, म एउटा प्रधान भएर आफ्नो छोरीलाई तह लगाउन नसक्ने देखिएँ तसर्थ यो पद त्याग गर्न चाहन्छु भन्ने वृषभानुको निर्णयले भने व्रजबासीलाई बदलेको छ । यस सन्दर्भमा व्रजबासीको यस्तो एउटै आवाज आयो -

> वृषभानुले मुखियाका रूपमा रहेर समाजमा के बिगारेको थियो र ? उनकी हुर्केकी छोरीले कुनै समवयको युवकलाई मन पराई, त्यसमा वृषभानुको के दोष ? छोरी हाम्रा पनि छन्, तिनीहरूको आफ्नो वर छान्ने स्वतन्त्रतालाई हामीले रोक्न सकौँला ? (पृ.४२) ।

व्रजका समाजको यस भनाइबाट समाजको नारी सम्बन्धी सोच स्पष्ट भएको छ साथै हुर्केका नारीहरूले आफ्नो वर आफै छान्न पाउने स्वतन्त्रतालाई समाजले स्विकारेको देखिन्छ । यस्तै व्रजको समाजले नन्दरायका छोरा होइनन् भनी कृष्णको जन्ममाथि नै शङ्का गरेर यशोदाका चरित्रमाथि औँला ठड्याएको छ । यसले यशोदामाथि ठूलो चोट पुगेको छ । कृष्णलाई कंसको हातबाट जोगाउनका लागि नन्दरायका घरमा वासुदेवले ल्याएर छोडेको चर्चा चलेपछि भने व्रजवासी यशोदा सामु माफी माग्न गएको देखिन्छ । कंसको अत्याचारका विरोधमा लड्न कृष्णका सेनालाई आर्थिक सहयोग गरेकी राधालाई पछि भने पहिलेका आरोप व्यर्थमा लगाएको भनी माफी मागेर व्रजवासीले तारिफ गरेका छन् । वृषभानुको अशक्ततापछि राधाले नै राजाको काम सम्हालोस् भन्ने मत उनीहरूको रहनुले पहिलेको व्रजको समाज र पछिको व्रजको समाजमा पृथक्ता देखिन्छ । यसर्थ व्रजबासीहरूमा पहिले नारीप्रतिको सोचमा नकारात्मकता देखिए पनि पछि भने नारीलाई समान हक अधिकार एवम् स्वतन्त्रता दिनुले त्यो समाजलाई नारी पक्षधर मान्न सकिन्छ ।

व्रजको समाजले नारी र पुरुषको विभेद नराखेको हुनाले राधा र कृष्णको प्रेमको चर्चा संसारभरि फैलिएको छ भन्ने कुराको अभिव्यक्ति एकनंशाले प्रकट गरेको पाइन्छ । यस क्रममा उनले व्रजको समाजभन्दा मथुराको समाज परम्परागत सोचको एवम् नारी समानता र स्वतन्त्रताभन्दा दमनमा रमाउने प्रकृतिको भएको बताएकी छन् । यस क्रममा उनी भन्छिन् :

> मथुरामा नारीको अवस्था कति दयनीय थियो, त्यसको तिमी कल्पना पनि गर्न सक्दिनौ । कंसको शासनमा नारी भनेका मासु खान पालिएका प्राणी जस्ता थिए । दरबारभित्र प्रत्येक

दिन नारीहरू बलात्कृत हुन्थे, मारिन्थे तर त्यसको खबर बाहिर जाँदैनथ्यो । म साह्रै आतङ्कित र त्रासदीपूर्ण वातावरणभित्र हुर्किएकी छु (पृ.२१९) ।

एकनंशाको यस भनाइले मथुरामा नारीलाई दमन गर्ने, भोग्या वस्तुको रूपमा व्यवहार गर्ने प्रचलन भएको पुष्टि हुन्छ । यस्तै द्वारिकामा पनि यस्तै स्थिति रहेको कुरा एकनंशाले बताएकी छन् । मथुरामा कंसले गरे जस्तो क्रूर शासन नगरे पनि कृष्णले सोह्र हजार एकसय आठजना नारीसँग बिहे गर्नु कृष्णको क्रूर कंसको जस्तै दयालु क्रूरता हो भन्ने अभिव्यक्ति यिनको छ । यसरी हेर्दा मथुरा र द्वारिकामा भन्दा व्रजमा नारी समानता र स्वतन्त्रता प्रदान गर्ने समाज रहेछ भन्ने कुरा स्पष्ट हुन्छ ।

### ३.४.२ धार्मिक स्वतन्त्रता र समानता

प्रस्तुत उपन्यासमा धर्मका बारेमा धेरै चर्चा गरिएको देखिँदैन । तर राधाले रुक्मिणीसँग बिहे गरिसकेका कृष्णले द्वारिकामा आफ्नो लागि कलात्मक भवन निर्माण गरिदिए पनि उनीसँग बिहे नगर्ने प्रतिबद्धताका साथ घर त्यागेर वैष्णवी बनी हिँडी प्रेमलाई अमर बनाउने सोच राखेको देखिन्छ । वैष्णवी बन्ने राधाको निर्णयप्रति उनकी आमा कलावती लगायत समाजका कुनै सदस्यले पनि नरोकेको हुनाले राधा स्वतन्त्र देखिएकी छन् । राधा मात्र नभएर विशाखासमेत यसमा संलग्न रहेकी छ । यस सन्दर्भले नारीलाई आफ्नो निर्णयमा स्वतन्त्र छोडिएको स्पष्ट देखिन्छ ।

### ३.४.३ राजनीतिक स्वतन्त्रता र समानता

**राधा** उपन्यासमा राज्यको नेतृत्व अधिकांश स्थानमा पुरुषको नै देखिन्छ । मथुरा, व्रज, हस्तिनापुर, विदर्भ आदि स्थानमा राज्यका सत्ताधारी राजा पुरुषकै अग्रणी स्थान रहेको पाइन्छ । यस आधारमा पितृसत्तात्मक समाजका रूपमा प्रस्तुत उपन्यासको समाज रहेको भए तापनि व्रजमा वृषभानु पक्षघातबाट पीडित भएपछि भने राज्यको कार्यभार नारीको अर्थात् राधाको काँधमा सरेको छ । सन्तानका रूपमा छोरी राधा मात्र भएको वृषभानुले छोरीलाई कमजोर नठानी आफ्नो सम्पूर्ण सम्पत्ति वा जिम्मेवारी उनलाई सुम्पेको देखिन्छ । यस क्रममा बिरामी वृषभानु इसाराले भन्छन् : “छोरी † अब यो सम्पूर्ण धनसम्पत्ति-राजपाट सब तिम्रै हो । यसलाई कसरी उपभोग गर्नुपर्छ, आफैँ सोच्नु” (पृ.९५) । उनको यस भनाइले राधालाई राज्य र सम्पत्तिको अधिकार दिएर राजनीतिमा महिलालाई स्वतन्त्रता र समानता प्रदान गरिएको कुरा स्पष्ट भएको छ ।

वृषभानुले मात्र राजनीतिक अधिकारमा लैङ्गिक विभेद नगरेका होइनन् चन्द्रभानुको दृष्टिकोण पनि वृषभानुकै जस्तो छ । चन्द्रभानुले व्रजमा वृषभानुको अशक्ततापछि गाउँ नै अस्तव्यस्त भएको गुनासो पोख्दै राधालाई भन्छन् : “राधा † छोरी भएँ भनेर तिमी आफूलाई कमजोर नठान । छोरा र छोरीहरूमा कुनै कुराको फरक छैन । प्रकृतिले दिएको लिङ्गीय भेदबाहेक बुद्धिमा, बलमा, चलाखीमा कुनै कुरामा तिमीहरू कमजोर छैनौ । बरु केटाहरूभन्दा तिमीहरूमा बढी शक्ति छ” (पृ.९६) । यस भनाइबाट पनि नारीहरू जस्तोसुकै काम गर्न सक्ने भएकाले विभेद गरिनु हुन्न भन्ने धारणा प्रस्तुत भएको पाइन्छ जसले नारीलाई लैङ्गिकताकै आधारमा विभेद नगरी राजनीतिक क्षेत्रमा पुरुष जत्तिकै समानता र स्वतन्त्रता दिनुपर्ने कुरालाई थप पुष्टि गरेको छ ।

मथुराका राजा कंसले समेत बाबुको अशक्ततापछि व्रजलाई आफूले हेर्ने राधाको निर्णयको कदर गरेर स्विकारेको देखिन्छ । यस क्रममा राधाको कृष्णको विरोध र कंसको सहयोगको षड्यन्त्रपूर्ण

एवम् चलाक अभिव्यक्तिलाई सत्य ठानिरहेको कंसले छोरी भएर पनि छोराले जस्तै जिम्मेवारीपूर्ण कार्य गरेको भनी राधासँग प्रसन्न हुन्छ । आफ्नो पिताजीको सम्पूर्ण कार्यभार बहन गर्ने गरी वृषभानुको उत्तराधिकारीका रूपमा कंसले व्रजको जिम्मेवारी राधालाई सुम्पेको पाइन्छ (पृ.१०५) । यस सन्दर्भलाई आधार मान्दा व्रजको समाजमा नारीलाई राज्यसञ्चालनको कार्यमा स्वतन्त्रता प्रदान गरिएको देखिन्छ । व्रजका राजा वृषभानुको मृत्युपछि त बाबुको सबै कार्यभार छोरी राधामा सरेको छ । राधाले चन्द्रभानुलाई वृषभानु बनाउनुपर्ने प्रस्ताव गरे पनि सबैले राधालाई नै कार्यभार सम्हाल्ने जिम्मा दिनुले राज्यसञ्चालनमा पुरुषलाई जत्ति नै स्वतन्त्रता र समानता महिलालाई पनि प्रदान गरिएको स्पष्ट हुन्छ । यसर्थ **राधा** उपन्यासमा राजनीतिक हिसाबले पनि महिलालाई पुरुषभन्दा कमजोर नठानी समान अधिकारका लागि स्वतन्त्रता प्रदान गरिएको पाइन्छ ।

**राधा** उपन्यासमा कंसको आपराधिक अन्यायपूर्ण व्यवहारलाई परास्त गर्नका लागि कृष्णले गरेको युद्धको तयारीमा नारीहरूले पनि साथ दिएको पाइन्छ । पुरुष जस्तै साहस र धैर्य बोकेर व्रजका पुरुषमात्र नभई महिलाहरू समेत सेनामा सामेल भएको देखिन्छ । यस क्रममा नारीहरूलाई अगाडि बढाउनमा कृष्ण, गर्ग ऋषि, अक्रूरजीलगायत व्रजबासीको समेत सहयोग मिलेको छ । राधाले व्रजमा बसेर व्रजबासीमा साहस थप्ने र कंसका पक्षधरलाई समेत कृष्णको पक्षमा ल्याउने राजनीतिक चाल खेलेको पाइन्छ । यतिमात्र नभई गर्ग ऋषिसँग आफू पनि युद्धमा सामेल हुन चाहने इच्छा भएकी राधालाई ऋषिले व्रजमै बसेर पितालाई सम्झाएर रकम सहयोग गर्ने र गाउँका युद्धत्रस्त अभिभावकलाई सम्झाएर तिनका छोराछोरीलाई युद्धका लागि अभिप्रेरित गर्ने काम अह्राएपछि सो कार्य जिम्मेवारीपूर्वक निर्वाह गरेकी छन् । उनले जङ्गलमा युद्धनीति सिक्दै गरेका सैनिकहरूलाई आर्थिक सहयोग गर्ने मात्र नभई कंसलाई कमजोर बनाउन उसको तारिफ लगायतका अनेक रणनीति अपनाएकी छन् । राधामात्र नभएर चन्द्रभानुकी छोरी सुशीला लगायत व्रजका अन्य महिलाहरू युद्धमा होमिएर ज्यानै गुमाउन पुगेका छन् । चन्द्रभानु भन्छन् :

> हेर, तिम्री साथी सुशीला अहिले युद्धका निम्ति तालिम लिइरहेकी छ । महिला लडाकूहरूकी अग्रज भएर उसले आफूलाई र हामीलाई बिर्सिसकेकी छ । उसको अब एउटै ध्यान छ - राजालाई परास्त गरी कृष्णलाई राजा बनाउने (पृ.९६) ।

उनको यस भनाइबाट नारी नै भए पनि सुशीलालाई युद्धमा जानका लागि कसैले रोकेको देखिँदैन साथै पुरुष मात्र वीर र साहसी हुन्छन् भन्ने परम्परागत मान्यतालाई पनि सुशीला जस्ता नारी चरित्रले विस्थापित गरेको पाइन्छ । यस्तै रोहितले भनेको यस भनाइले सुशीलाको वीरताको अझ पुष्टि हुन्छ : "लगातार सात दिनदेखिको यात्राले थाकेका उनीहरू एउटा घरमा बास बसेका थिए रे ।... मर्नु अगि उनले बहादुरीका साथ लडेकी थिइन् रे" (पृ.१२८) । यस कारण राजनीतिक कुशलता र साहस बोकेका प्रस्तुत उपन्यासका राधा र सुशीला जस्ता महिलाले पुरुषजस्तै स्वतन्त्र र समान रूपमा राजनैतिक कार्य गरेको पाइन्छ ।

### ३.४.४ आर्थिक स्वतन्त्रता र समानता

**राधा** उपन्यासमा पुरुषले जत्तिकै आर्थिक अधिकार कतिपय महिलाहरूमा पनि देखिन्छ । सबै नारी पात्रमा यो स्थिति नभए पनि यसको ज्वलन्त उदाहरणका रूपमा यस उपन्यासकी प्रमुख पात्र राधालाई पाउन सकिन्छ । व्रजबासी महिलाहरूले गाउँका युवाहरू कंसविरोधी युद्धमा कृष्णका समर्थक भएर युद्धका लागि तयारी हुन जङ्गलमा गई तालिम लिन थालेपछि नारीहरूले घरको

आर्थिक भारको जिम्मा लिएर सरकारलाई तिरो समेत तिरेको पाइन्छ । गाईपालन गरेरै भए पनि आफ्नो जीविका चलाउन समर्थ भएका व्रजवासी महिलाले आर्थिक रूपमा पुरुषमा निर्भर र उपेक्षित हुनु परेको देखिँदैन । यस उपन्यासमा राधालाई वृषभानुको सम्पत्तिमाथि पूर्ण अधिकार प्राप्त भएको देखिन्छ । वृषभानुले मात्र नभएर मथुराका राजा कंस लगायत सम्पूर्ण व्रजबासीले राधालाई व्रजको सम्पत्तिको रक्षा र प्रयोगका लागि स्वतन्त्र अधिकार दिएका छन् । राधाले त्यो सम्पत्तिलाई गलत काम बाहेक अन्यत्र प्रयोग गर्ने छुट पाएको हुनाले आर्थिक सङ्कटले पुरुषले गरेको दमनको अनुभव उनलाई छैन । यस उपन्यासमा राधाबाहेक कलावती, यशोदा, रुक्मिणी, एकनंशा आदि पात्रहरूले समेत आर्थिक अभावले पिरोलिनु परेको छैन । यसर्थ **राधा** उपन्यासमा उल्लिखित यी प्रसङ्गले नारीहरूमा भएको आर्थिक स्वतन्त्रता र समानतालाई प्रस्ट पारेको छ ।

### ३.४.५ लैङ्गिक स्वतन्त्रता र समानता

**राधा** उपन्यासमा नारी र पुरुषमा लैङ्गिक समानता र स्वतन्त्रता सम्बन्धी चेतना प्रस्तुत भएको पाइन्छ । यस उपन्यासमा प्रस्तुत घटना र पात्रका भनाइले यसको पुष्टि गरेको छ । प्रस्तुत उपन्यासमा कृष्णसँग वनभोजमा गएका नारीहरूलाई गाउँलेले नजरबन्दमा राखेपछि त्यसप्रति गुनासो गर्दै राधाले विशाखाकी आमासँग भनेको यस भनाइले लैङ्गिक समानताको वकालत गर्दछ : “आमा † हामीले के नराम्रो गऱ्यौँ र ? तपाईंहरूले हामीलाई सानैदेखि साह्रै नै माया दिनुभो । पुरुष र स्त्रीको भेद देखाउनु भएन । केटा र केटीमा मित्रता गर्न नहुने भन्नुभएन । हामीले त कृष्णसँग पनि केटीसँगै जस्तो मित्रता गरेका थियौँ” (पृ.४८) । राधाको यस भनाइले व्रजको समाजले केटाकेटीदेखि नै नारी र पुरुषबिचको लैङ्गिक विभेद नसिकाएको अर्थात् हरेक कार्यमा पुरुष र महिलामा विभेद सिर्जना नगरेको कुराको पुष्टि हुन्छ । यस्तै राधालाई उनका पिता वृषभानुले आफ्नो शारीरिक अशक्ततापछि सम्पूर्ण जिम्मेवारी सुम्पनुले यसको थप पुष्टि भएको छ । मुखले बोल्न नसके पनि राधालाई इसाराले वृषभानु यसो भन्छन् : “छोरी † अब यो सम्पूर्ण धनसम्पत्ति-राजपाट सब तिम्रै हो । यसलाई कसरी उपभोग गर्नुपर्छ, आफैँ सोच्नु” (पृ.९५) । नारीलाई लैङ्गिकताका आधारमा विभेद नगरी समान व्यवहार गरिएको उदाहरणका रूपमा यस भनाइलाई लिन सकिन्छ । वृषभानुले मात्र होइन चन्द्रभानु पनि यसो भन्छन् :

> राधा † छोरी भएँ भनेर तिमी आफूलाई कमजोर नठान । छोरा र छोरीहरूमा कुनै कुराको फरक छैन । प्रकृतिले दिएको लिङ्गीय भेदबाहेक बुद्धिमा, बलमा, चलाखीमा कुनै कुरामा तिमीहरू कमजोर छैनौ । बरु केटाहरूभन्दा तिमीहरूमा बढी शक्ति छ (पृ.९६) ।

उनको यस भनाइले छोरा र छोरीमा शारीरिक पृथक्ता भए पनि अन्य कुरामा समानता भएको कुरा स्पष्ट हुन्छ जुन नारीवादीहरूले अगि सारेको नारीको लैङ्गिक स्वतन्त्रता र समानता सम्बन्धी दृष्टिकोण हो । राधालाई मात्र नभएर सुशीलालाई पनि सेनामा भर्ती भएर कंसविरुद्ध युद्ध लड्न कसैले छेकेको छैन । उसको यो साहस पुरुषको भन्दा कम देखिँदैन । यतिमात्र नभएर राधाकी साथी विशाखा, पिल्ली जस्ता नारीहरू पनि घर छोडेर वैष्णवी वस्त्र धारण गरी राधासँगै स्वतन्त्र रूपमा हिँडेका छन् । यस अवस्थामा यिनीहरूलाई लैङ्गिकताकै आधारमा विभेद गरी नारीहरूले आफ्नो स्वतन्त्र निर्णय गर्न नपाउने वा घर छोडेर जान नपाउने भनी कसैले रोकेको देखिँदैन । यी घटनाहरूले **राधा** उपन्यासमा चित्रित लैङ्गिक स्वतन्त्रता र समानताको वकालत गरेको देखिन्छ । राज्यको प्राप्ति र ज्यानको सुरक्षाका लागि कंसले आफ्नै परिवार र राज्यप्रति जतिसुकै दुर्व्यवहार गरे पनि राधाप्रति भने कठोर नबनेर प्रशंसा गर्दै यसो भन्छ : “बालिके † तिमीले बुद्धिमानी काम

गऱ्यौ । छोरी भएर पनि छोराले गर्नुपर्ने जिम्मेवारी बहन गरिछ्यौ । म तिमीसँग प्रशन्न भएँ" (पृ. १०४) । कंसको यस भनाइले नारीलाई जस्तोसुकै काम गर्न सक्ने सफल व्यक्तिका रूपमा लिइएको कुरालाई सङ्केत गर्दछ । यस सन्दर्भमा कंससँग राधा यसो भन्छिन् : "महाराज † शासनमा छोरा र छोरीको कुनै भेद छैन । छोरी पनि छोरा बराबर साहसी, सचेत र कर्तव्यनिष्ठ छन् । म पनि त्यसैको उदाहरण हुँ महाराज" (पृ.१०४) । राधाको यस कथनबाट नारी र पुरुषबिच लैङ्गिक विभेद नभएको र पुरुषभन्दा नारी असक्षम, हीन एवम् निरीह नभएको कुरा स्पष्ट भएको देखिन्छ ।

राधालाई उनकी आमा कलावतीले भनेको यस कथनबाट यस उपन्यासमा भएको लैङ्गिक स्वतन्त्रता र समानताको थप पुष्टि हुन्छ : "दुई चार ठाउँबाट तेरा बारेमा कुराहरू आउन थालेका छन्, तेरो स्वीकृतिबेगर मैले तिनीहरूलाई केही जबाफ दिएकी छैन" (पृ.१६३) । कलावतीको यस भनाइबाट वैवाहिक सम्बन्ध स्थापना गर्नमा पुरुषजति स्वतन्त्र छ नारी पनि त्यत्तिकै स्वतन्त्र छ भन्ने स्पष्ट हुन्छ । यसर्थ आफ्नो जीवनयापन गर्ने महत्त्वपूर्ण निर्णयमा छोरीको इच्छा र स्वतन्त्र निर्णयमा रोक नलगाइनुले लैङ्गिक आधारमा दिइएको नारी स्वतन्त्रता र समानताको पुष्टि हुन्छ ।

विशाखाको बाबु आमाले विशाखाको बिहे श्रीमती मरिसकेकी र विशाखाभन्दा निकै उमेरदार धनाड्यसँग गरिदिन लागेका बखत विशाखा राधासँगै तीर्थाटनमा जानका लागि भागेर आउँदा विशाखाका बाबु आमालाई सम्झाउँदै राधा भन्छिन् : "जीवन भनेको कटाउने विषय मात्र हो र काका ? जीवन त भोग्ने कुरा होइन र ? भोग भन्ने वस्तु त आफ्नो इच्छा र रुचिको पो हुनुपर्छ । जबरजस्ती लादिएको वस्तुको भोग कसरी हुन्छ ?" (पृ.१७४) । राधाको यस भनाइमा नारीहरू आफ्नो जीवनसाथी रोज्नमा पुरुषले जस्तै आफैँ सक्षम छन् र त्यो अधिकार उनीहरूलाई दिनुपर्छ भन्ने कुरा प्रस्तुत भएको पाइन्छ । यसरी प्रस्तुत उपन्यासमा कतिपय सन्दर्भमा परम्परावादी सोचका कारण नारीहरूलाई लैङ्गिक दृष्टिले विभेद गर्न खोजेको देखिए पनि उपन्यासका यी विभिन्न घटना र पात्रका भनाइबाट लैङ्गिक स्वतन्त्रता र समानता सम्बन्धी नारीवादी प्रवृत्ति प्रस्तुत भएको पाइन्छ ।

### ३.४.६ पारिवारिक स्वतन्त्रता र समानता

परिवारले नारीलाई काम र अधिकारमा दिएको स्वतन्त्रता र समानताको चित्रण नै पारिवारिक स्वतन्त्रता हो । **राधा** उपन्यासमा नारीहरूलाई यस किसिमको स्वतन्त्रता र समानता प्रदान गरिएको कुरालाई अध्ययन गर्न सकिन्छ । यस उपन्यासमा सुरुमा महिलाले गरेका निर्णयप्रति परिवार बाधक भएर देखा नपरेको होइन । कृष्णसँगको रातको वनभोजमा गएका नारीहरूलाई त हरेकका परिवारले केही समय नजरबन्दमा राखे । तर जब कृष्णको जन्मकथा र कंसको दमनको पराकाष्ठाका बारेमा सबैले थाहा पाए त्यसपछि भने कृष्ण खराब नभएको ठान्दै गाउँका हरेक नारीले कृष्णलाई सहयोग गर्दा उनीहरूलाई कुनै बन्देज गरिएन । वृषभानुको जिम्मेवारी राधालाई सुम्पिने, कृष्णको बिहेपछि तीर्थाटनमा निस्केका राधा र विशाखालाई आशीर्वाद दिने जस्ता कार्य राधा र विशाखाको परिवारले गरेको देखिनुले नारीलाई पारिवारिक स्वतन्त्रता र समानता प्राप्त भएको स्पष्ट हुन्छ । राधा, सुशीला, पिल्ली, विशाखाका परिवार जस्तो कुन्ती, द्रौपदी, रुक्मिणी र एकनंशाका परिवारले भने नारीहरूलाई पारिवारिक स्वतन्त्रता  दिएको पाइँदैन । यिनीहरू कुनै न कुनै रूपमा परिवारको घेराभित्र वा बन्धनमा पिल्सिन बाध्य छन् । तर उपन्यासका मुख्य नारी चरित्रहरूलाई भने पारिवारिक स्वतन्त्रता र समानता मिलेको छ । राधाको कृष्णलाई द्वारिकामा

भेट्न जाने निर्णय सुनेपछि कलावती भन्छिन् : "मैले तिमीलाई एउटा राम्रो वरको हातमा नसुम्पिई मर्नु हुँदैन ।...तिमीले मन पराएका कृष्ण र उनले मन पराएकी तिमी । तिमीहरूको मिलन भइदिए मलाई कति सन्तोष हुन्थ्यो होला" (पृ.१५५) । कृष्णको मायाजालमा फसेकी राधालाई हकार्नुका सट्टा दुई प्रेमीहरूको मिलनको आशीर्वाद दिईरहेकी राधाकी आमाको यस भनाइले नारीलाई दिएको पारिवारिक स्वतन्त्रताको सङ्केत गर्दछ । अझ राधाको तीर्थाटन जाने निर्णयलाई स्विकार्दै कलावती भन्छिन् : "छोरी † मैले आज रातभरि सोचेँ । अब हाम्रो छुट्टिने समय आएछ । छोराछोरी र आमाबाबु सदासदाका लागि सँगै हुन सक्दैनन् नै । आमाबाबुले छोराछोरीका पखेटाहरू बाँधेर राख्नु हुँदैन । तिमीलाई म मुक्त गर्छु छोरी । तिमी भ्रमणमा निस्क" (पृ.१६८) । यसरी कलावतीले पारिवारिक जिम्मेवारीबाट मुक्त गराई राधालाई स्वतन्त्रता प्रदान गरेको पाइन्छ । यस प्रकार प्रस्तुत उपन्यासमा विभिन्न नारी पात्रहरूलाई पारिवारिक स्वतन्त्रता र समानता प्रदान गरिएको देखिन्छ । यसरी **राधा** उपन्यासमा नारीहरूलाई सामाजिक, आर्थिक, राजनीतिक, धार्मिक, लैङ्गिक, पारिवारिक स्वतन्त्रता र समानताको चित्रण गरिएको पाइन्छ ।

### ३.५ 'तपाईं' उपन्यासमा नारी स्वतन्त्रता र समानता

लेखनका दृष्टिले वि.सं. २०४३ सालतिरै सकिएको भए पनि प्रकाशनका दृष्टिले **तपाईं** (२०६३) उपन्यास धराबासीको चौथो प्रकाशित उपन्यास हो । प्रस्तुत उपन्यासमा बहुनायकत्वको उपस्थिति भएको जनाउने धराबासीले (धराबासी, २०६३ : भूमिका) उपन्यासको पठन र तात्कालिक पाठक प्रतिक्रियालाई समेत स्थान दिएका छन् । समाजमा पितृसत्ताको कारणले यौनशोषणमा परेर निरीह जीवन बिताएका नारी पात्रदेखि राजनीतिक क्षेत्रमा भूमिगत भएर हिँडेका हिम्मतिला नारीलाई समेत उपन्यासमा चित्रण गरिएको हुनाले प्रस्तुत उपन्यासमा नारीवादी प्रवृत्ति पाउन सकिन्छ । यसर्थ उपन्यासमा चित्रित यी नारी पात्रहरूमा पाइने नारी स्वतन्त्रता र समानता सम्बन्धी प्रवृत्तिको पहिचानका लागि प्रस्तुत उपन्यासका तथ्यलाई यसरी विश्लेषण गरिएको छ :

#### ३.५.१ सामाजिक स्वतन्त्रता र समानता

नारीवादीहरूले पितृसत्तात्मक समाजले नारीको हितको पक्ष लिनुभन्दा पुरुषको अन्यायलाई सहर्ष सहेको मान्यता राख्दछन् । प्रस्तुत उपन्यासका नारी पात्रहरू पुरुषकै दमनमा परे पनि समाजले उनीहरूलाई स्वतन्त्रता र समानता दिन नसकेर पितृसत्ताकै समर्थन गरेका विभिन्न प्रसङ्गहरू यस उपन्यासमा पाइन्छन् । मङ्गलले ऋण तिर्न नसकेकी रतियाकी मौसीलाई पैसा तिर्न नपर्ने भन्दै यौन शोषण गरेपछि उसको गर्भमा हुर्केको बच्चाको हकहितका लागि समाजले यस्तो निर्णय गर्छ :

> मङ्गलले आफ्नी आमा जस्तो उमेरकी महिलासँग लसपस गरेकोमा गोडा ढोगेर माफी माग्नुपर्ने र रतियाकी मौसीले त्यस्तो कलिलो युवकसँग सहवास गरेकोले त्यो पापको प्रायश्चित गर्नुपर्ने र यो गर्भको कुरा त्यो त अब रतियाकी मौसी नै जानोस् (पृ.२८) ।

यसरी समाज पनि गरिब महिलाका पक्षमा भन्दा पुरुषकै कमजोरीलाई ढाकेर उसकै पक्षमा न्याय गर्ने पितृसत्तात्मक प्रवृत्तिलाई उपन्यासमा प्रस्तुत गरिएको छ । दुई वटा सन्तानकी आमा मायालाई लोग्नेले घरबाट लखेटेपछि न्यायको पुकार गरी हिँडेकी मायालाई न्याय दिनुको सट्टा लोग्नेप्रति नै समाजले सहानुभूति प्रकट गर्दै यसो भन्छ : "आइमाईको के विश्वास ? यो जातै अविश्वासी हो" (पृ.६६) । यसरी समाजले महिलाको पक्षमा भन्दा पुरुषकै पक्षमा वकालत गर्नुले त्यो समाजलाई पितृसत्तात्मक समाज मान्न सकिन्छ । अस्मितालाई यौन पेसा छोडेर राजनीतिमा सक्रिय बन्न

प्रेरणा दिने काम पनि कुनै समाज वा परिवारले नगरेर उसको वैयक्तिक निर्णयले नै हो । यसर्थ **तपाईं** उपन्यासमा नारीलाई स्वतन्त्रता र समानता दिने समाजभन्दा पनि पितृसत्तात्मक दृष्टि बोकेर यौन शोषणपूर्ण व्यवहारबाट मुक्त गराउन नसकेको समाजलाई उपन्यासमा स्थान दिएको पाइन्छ ।

### ३.५.२ राजनीतिक स्वतन्त्रता र समानता

प्रस्तुत उपन्यासमा अनुपा, अस्मिता र केही युवतीहरू राजनीतिमा सक्रिय भएर लागेको हुनाले नारीहरूमा भएको राजनीतिक स्वतन्त्रता एवम् समानताको पुष्टि भएको छ । अनुपा क्रान्तिका लागि विद्रोही बनेर होमिएकी छ भने युवतीहरूको यस कथनले उनीहरू राजनीतिमा लागेको तथ्य पुष्टि हुन्छ : “यो देशको सबै समस्याको हल अब हामीले मात्र गर्न सक्छौं । हामी विगत आठ वर्षदेखि सशस्त्र सङ्घर्षमा छौं । हामीले जति यो देशलाई कसैले बुझेको छैन” (पृ.१३०) । युवतीहरूको यस कथनले उनीहरू आठवर्ष अगिदेखि राजनीतिक क्षेत्रमा सक्रिय रहेको पुष्टि हुन्छ । यस्तै अनुपाको सङ्गत बढेपछि अस्मिता पनि यौन व्यवसायलाई छोडेर राजनीतिमा सक्रिय भएर लागेकी छ । ऊ भन्छे : “बिस्तारै हतियार सम्बन्धी तालिमहरू लिँदै गएँ र म लडाकु महिला दस्तामा समावेश भएँ” (पृ.१३१) । यसरी विप्लव लगायतका अन्य पुरुषहरू भूमिगत भएर राजनीतिमा लाग्न जति स्वतन्त्र छन् अस्मिता पनि सम्झना नामले परिचित भएर त्यसै गरी राजनीतिमा सक्रिय भएर लागेकी छ । कमान्डरका रूपमा रहेकी अस्मिताले यसो भन्छे :

> हामी गाउँको पुछारमा छौं । गाउँ पस्नु हुँदैन र उज्यालो हुनु अघि नै हामीले यो गाउँको सस्मा काटी अर्को जंगलको बाटो समातिसक्नु पर्छ । आज दिनभरि हाम्रो यात्रा जंगलमै हुनेछ । भरे रातिको बास पनि हाम्रो जंगलमै हुनेछ (पृ.१४९) ।

अस्मिताको यस कथनले अनिश्चित जीवन बोकेर गास, बासको ठेगानविना नै सङ्घर्षपूर्ण जीवन जिएर देशका लागि लड्नमा नारीहरू पनि पुरुषभन्दा कम नभएको स्पष्ट हुन्छ । तपाईंले युद्ध जितिन्छ जस्तो लागेको छ भनी अस्मितालाई सोध्दा ऊ भन्छे :

> युद्ध जित्नका लागि भनेरै लडिन्छ तर लडिने सबै युद्धमा जीत हुन्छ नै भन्ने हुँदैन । युद्ध जितिदैन भने के लड्दै नलड्नु ? युद्ध भनेको हार्नु पनि एउटा जीत हो । जित्नेले पनि हराउनका निम्ति धेरै मेहनत गर्नुपर्छ । उसले निस्कंटक छु भन्ने बोध गुमाउनु पर्छ (पृ.१५४) ।

अस्मिताको यस कथनमा राजनीतिमा लागेका नारीको हिम्मतपूर्ण विचार देख्न सकिन्छ । यसर्थ अनुपा, अस्मिता एवम् विभिन्न युवतीहरू राजनीतिमा सक्रिय भएर लाग्नुले राजनीतिमा नारी समानता र स्वतन्त्रता रहेको देखिन्छ ।

### ३.५.३ लैङ्गिक स्वतन्त्रता र समानता

प्रस्तुत उपन्यासमा कतिपय नारी पात्रहरू पितृसत्ताको दमनमा परेका पात्रका रूपमा देखिए पनि धेरैजसो प्रमुख भूमिकामा रहेकी अस्मिता लगायतका केही नारी पात्रमा भने लैङ्गिक स्वतन्त्रता र समानता देख्न सकिन्छ । यस उपन्यासमा म पात्र (उपन्यासवाचक/धराबासी) की श्रीमती (सीताजी) र छोरी (प्रतिमा) नै पितृसत्ताको दमनमा परेका पात्र हुन् । उपन्यासको वाचनका क्रममा उपस्थित पाहुनालाई चिया र खाजा गर्ने जिम्मा यिनीहरूलाई छ । नारीवादीहरूले

परिवारमा नै महिलाहरू पितृसत्ताको शोषणमा परेका छन् भन्ने मान्यता राखेको पाइन्छ । यस उपन्यासमा पनि उपन्यासकार जस्ता सामाजिक सुधार र नैतिक चेतना फैलाउने विद्वत् वर्गकै घरका नारीहरू लैङ्गिकताका आधारमा समाजले तोकेको घरायसी काममा व्यस्त देखिनुले पितृसत्ताले शोषित महिलाका प्रतिनिधि पात्र बन्न पुगेको पाइन्छ । उपन्यास म पात्रले बारम्बार सीताजीले चिया ल्याउनु भयो भन्नु र उनले सीताजीलाई उपन्यास सुन्न बोलाउँदा सीताजीले नै यसो भन्नुले यस कुराको पुष्टि गर्छ : “घरमा पाहुना भेला भएपछि कहिले मैले बसेर सुन्न भ्याउँछु र ? पाहुनालाई नै चिया, पानी खाजा आदि गर्दागर्दै मेरो दिन बित्दैन र ?” (पृ.४) । तपाईंकी आमाले छोराले घर छाउनका लागि खर खोज्ने काम पूरा नगर्दा भनेको यस कथनले नारीको साहसलाई पुष्टि गर्दछ : “तँ जहिले पनि यसरी नबोली नबोली समस्याबाट किन भाग्न खोज्छस् नानी ? मानिसले समस्याबाट भागेर होइन जुधेर मात्र सुख पाइन्छ” (पृ.४९) । यस कथनमा नारीवादले भनेझैँ महिलाहरूमा पुरुषमा भन्दा कम हिम्मत र साहस हुने होइन भन्ने कुराको पुष्टि पाइन्छ ।

अस्मिताको आमामा छोरा र छोरीमा विभेद नगर्ने विचार यस्तो पाइन्छ : “एउटी कान्छी छोरी छ, यसलाई चाहिँ म राम्ररी हुर्काउन चाहन्छु । राम्ररी पढाउँछु - छोरो जस्तै बनाउँछु । अरूभन्दा बुद्धिमानी पनि छे, दाजु दिदीभन्दा गम्भीर पनि छे” (पृ.७६) । अस्मिताको आमाको यस कथनमा छोरीलाई पनि छोरा सरह पढाउने र बढाउने विचारका साथै छोराभन्दा छोरी केही कुरामा कमी नभएको विचार प्रस्तुत भएकाले लैङ्गिक समानतापूर्ण दृष्टिकोण प्रस्तुत भएको पाइन्छ ।

अस्मिता, अनुपा लगायत अन्य युवतीहरू भूमिगत भएर विप्लव जस्ता विभिन्न राजनीतिमा लाग्नुले नारीहरू जस्तोसुकै साहसिक कार्यमा पनि कदम उठाउन सक्छन् भन्ने कुराको पुष्टि हुन्छ । उपन्यासमा तपाईं पात्रमार्फत भनिएको छ :

> त्यहाँ भेट भएको दोस्रो समूहमा चाहिँ ३/४ जना केटीहरू देखेँ । तिनीहरूले पनि केटाकै जस्ता पोशाक लगाएका र केटाहरूसँग उत्तिकै घुलमिल भइरहेका । कताकता मनमा खुसी जस्तो पनि लाग्यो - अहा † हाम्रा देशका महिलाहरू पनि यस्तो साहसिक काममा हिँड्न सक्ने भएछन् (पृ.१४६) ।

यस कथनमा नारीहरू राजनीतिमा सहभागी हुन स्वतन्त्र मात्र होइनन् पुरुषले जस्तै काम गर्नमा अग्रसर हुनाले लैङ्गिक समानताको समेत पुष्टि भएको छ । अस्मिताका सन्दर्भमा तपाईंको यस कथनले पनि नारी साहसलाई पुष्टि गर्छ : “यो केटी कति साहसी, कति गम्भीर र बुद्धिमान छे । युवकहरूसँग बराबरीको टक्कर छ उसको । युवकहरूले पनि उसलाई युवती भनेर कमजोर ठानेका छैनन्” (पृ.१६७) । यसर्थ नारी भएरै पनि कुनै हिम्मत नहारी अस्मिता अर्थात् सम्झना कमान्डर बनेरै युद्धमा अग्रसर देखिनुले लैङ्गिक समानतालाई थप स्पष्ट पारेको छ ।

### ३.५.४ पेसागत स्वतन्त्रता र समानता

प्रस्तुत उपन्यासमा कतिपय नारीहरू पुरुषको पेसामा आश्रित छन् भने कतिपयले स्वतन्त्र रूपमा आफ्नै पेसा अँगालेको पाइन्छ । यस उपन्यासमा ठेलावालकी श्रीमती ठेलावालले कमाएर ल्याउला र खाउँला भनी बसेकी छे । तपाईंकी श्रीमतीको अभावपूर्ण रोदन सुन्न नपरोस् भनी तपाईंले शिक्षकको जागिर मन नलगाएरै खाइरहेको छ । यसर्थ यी नारीहरू पुरुषको कमाइमा आश्रित भएर पितृसत्ताको दमनलाई स्विकारिरहेका छन् भने रतियाकी मौसी आफैँले गरेको व्यापारले छोरालाई

समेत पढाएकी छ । लम्बुमियाँकी श्रीमती पनि श्रीमान्सँगै बसेर तरकारी व्यापार गरेकी छ । लक्ष्मी पनि दोकान चलाएर बसेकी छ । उसकै कारणले व्यापार बढी हुने कुरालाई उसको श्रीमान्ले यसरी भनेको छ : "जे होस् श्रीमतीको नाम ठ्याक्कै मिलेको छ । ऊ कतै गइ भने त दोकान बन्द गरेर दिनरात सिरक आढेर सुते पनि हुन्छ । ऊ छे कि ग्राहकको ओइरो" (पृ.३५) । अस्मिताका आमा छोरी दोकान गरेर पालिएका छन् । बालिग भए पनि अस्मिता पसलकी हर्ताकर्ता भएकी छे (पृ.७६) । रेस्टुरेन्टमा बाध्यताले नै ल्याइएका भए पनि पुनम, सरू, अनुपा एवम् अस्मिता यौन पेसालाई स्विकारेर जीवन बिताएका छन् र आर्थिक आवश्यकतालाई पूरा गरेका छन् । यसरी प्रस्तुत उपन्यासमा ठेलावालकी श्रीमती र तपाईंकी श्रीमतीले पुरुषको पेसामा आफ्नो जीवन निर्भर गरिरहेका भए पनि अन्य नारी पात्रहरूले आफैँ सङ्घर्ष गरेर अर्थात् कुनै न कुनै पेसा अँगालेर जीविका चलाएका छन् ।

### ३.५.५ यौन स्वतन्त्रता र समानता

प्रस्तुत उपन्यासमा नारीलाई यौनजन्य मनोरञ्जनका साधनका रूपमा प्रयोग गरेको देखिन्छ । मङ्गलेले रतियाकी मौसीको गरिबीको फाइदा उठाएको सन्दर्भ उपन्यासमा यसरी प्रस्तुत गरिएको छ :

> मङ्गलेले रतियाकी मौसीलाई खेलो गर्नका लागि बाह्रसय रुपियाँ सापट दिएको रहेछ । भनेको समयमा रतियाकी मौसीले रकम फर्काउन सकिन अनि मङ्गलेले उसलाई पैसा नफर्काएर पनि हुन्छ भन्ने आश्वासन दिएपछि उसले थाहा नै पाइन कुन दिनदेखि त्यो पाप गर्भमा बढ्न थाल्यो (पृ.२८) ।

यतिमात्र होइन रतियालाई पनि रतियाको आमाले गर्भमा लिएर आएर बाबुविना नै जन्माएकी थिई जसले आजसम्म रतियाको बाबु चिनाउन सकेकी छैन । यस प्रसङ्गले पनि पुरुषहरूले नारीलाई क्षणिक समयको मनोरञ्जनको साधन बनाएपछि अलपत्र छाडिदिएर नारीमाथि गरेको यौनशोषणको पुष्टि गर्छ । यस्तै निपातको यस भनाइले पनि नारीमाथि हुने यौन शोषणको पुष्टि गर्दछ : "यहाँ दिनैपिच्छे युवतीहरू बतासे गर्भ बोकिरहेछन्" (पृ.३२) । यस्तै पागल आइमाई कालेकी आमामाथि पनि यौनशोषण गर्ने पुरुषहरूप्रति उपन्यासमा यसरी विरोध गरिएको छ : "हैन, यस्तालाई पनि नछोड्ने कस्ता पुरुषहरू हुन्छन् ? तिनको इन्द्रिय सुखको लिप्सा पनि कति घिनलाग्दो ?" (पृ.३९) ।

प्रस्तुत उपन्यासमा एउटा पुरुषले सँगै जीवन बिताउने प्रस्ताव अस्वीकार गर्दै अनुपाले साथीहरूसँग भनेको यस कथनमा यौन स्वतन्त्रता सम्बन्धी दृष्टिकोण देखिन्छ : "त्यो बिचरालाई किन मूर्ख बनाउनु ? अब हामीले बिहे गरेर एउटा मान्छेसँग सारा जिन्दगी बिताउन सक्छौँ र ?" (पृ.१०८) । बाध्यतामै परेर यौन व्यवसायमा हेलिएका नारीहरूमा एउटै व्यक्तिसँग जीवन बिताएर बाँधिनुभन्दा यस्तै स्वतन्त्र जीवन जिउने बानी पर्नुले उनीहरूमा रहेको यौन सम्बन्धी स्वतन्त्र निर्णय र विचारलाई स्पष्ट पारेको छ ।

## ३.६ 'टुँडाल' उपन्यासमा नारी स्वतन्त्रता र समानता

**टुँडाल** उपन्यास धराबासीको पाँचौँ प्रकाशित उपन्यास हो । यस उपन्यासमा नेपाली संस्कृतिको धरोहर टुँडाललाई विषयवस्तुका रूपमा लिए पनि भक्तपुर दरबार स्क्वायर आसपासका नारीहरूका

समस्या र त्यसप्रति उनीहरूमा देखा परेको चेतनालाई प्रस्तुत गरिएको छ । प्रस्तुत उपन्यासमा नारीहरूमाथि उत्पन्न भएका विभिन्न चुनौतीलाई चिरेर स्वतन्त्रता र समानताको चित्रण गरिएको हुनाले यस उपन्यासमा नारीवादी प्रवृत्तिको प्रयोग भएको पाइन्छ । यसर्थ यस उपन्यासमा प्रस्तुत गरिएको नारी समानता र स्वतन्त्रतालाई यहाँ अध्ययन गरिएको छ ।

### ३.६.१ राजनीतिक स्वतन्त्रता र समानता

प्रस्तुत उपन्यासमा राजनीतिमा अग्रसर हुनका लागि पुरुष जति स्वतन्त्र छ त्यत्तिकै नारीहरू पनि स्वतन्त्र र समान छन् भन्ने भाव प्रस्तुत भएको पाइन्छ । रविन, रोहित, श्यामल जस्ता पुरुष पात्रहरू त राजनीतिमा सक्रिय भएर लागेकै थिए तर नारीहरू राजनीतिमा घर परिवार नै छोडेर नहिँडे पनि घर परिवारबाटै सक्दो सहयोग गरेको उदाहरण यस उपन्यासमा प्रस्तुत भएको छ । राजनीतितिर चासो राखेर राजनीतिका बारेमा नारीले देखाएको रुचि र सचेतनालाई उपन्यासको यस प्रसङ्गले पुष्टि गर्दछ : "उहाँहरूको कुराले म पनि बिस्तारै राजनीतिका कुरा बुझ्न थालेकी थिएँ । एकदिन भाइसँग भने - 'भाइ अब हाम्रो देशमा पनि विकास हुन्छ अरे, राजाको शासन हुँदैन अरे" (पृ.१०) । यसरी प्रस्तुत उपन्यासमा थोरै अंशमा राजनीतिक प्रसङ्गहरू समावेश गरेर सक्रिय रूपमै नारीहरू लागि नपरे पनि समय अनुसार त्यसको ज्ञान लिनमा स्वतन्त्र रहेको देखाइएको छ ।

### ३.६.२ आर्थिक स्वतन्त्रता र समानता

प्रस्तुत उपन्यासमा आर्थिक रूपले पुरुष जति सक्षम छ त्यत्तिकै नारीहरू पनि सक्षम भएको देखिन्छ । पुरुषले दिएपछि मात्र आफ्नो आर्थिक समस्या टारौँला भन्ने खालका पात्रहरूभन्दा पनि आफ्नो लागि आफैँ कमाउन सक्ने नारी पात्रलाई उपन्यासमा प्रमुख भूमिका दिइएको छ । यस उपन्यासकी प्रमुख नारी पात्र सुस्मिता यस्तै प्रवृत्तिकी नारी हो । उसले आफ्नो उच्चस्तरीय अध्ययनका लागि परिवारको भर परेको पाइँदैन । सुस्मिताले जागिर खाएर आफ्नो खर्च मात्र नचलाएर घरपरिवारलाई समेत सहयोग गरेकी छ । सुस्मिता मात्र नभएर उसको परिवारमा आमा पनि जागिरे भएको तथ्य उपन्यासमा भेटिन्छ : "आमाबाबा दुबै जागिरे भएकाले हामीलाई पनि सानैमा स्कुल हुलिदिनुभएको थियो" (पृ.५) । यस उपन्यासमा बाबुको निधनपछि आमा छोरीको कमाइले घर व्यवहार चलाउनु मात्र होइन श्यामललाई पढाउने बेलामा सुस्मिताले भनेको यस कथनले पनि नारीहरू आर्थिक हिसाबले स्वतन्त्र भएको कुरा स्पष्ट हुन्छ : "तिमीलाई चाहिने खर्च हामी आमाछोरीले व्यवस्था गर्छौं, तिमी निस्फिक्री भएर पढ भाइ † " (पृ.८१) । उमेरमै विधवा बनेकी सुस्मिताकी आमा उपमाले सागरसँग बिहे गरेपछि पनि आर्थिक भार उनैले सम्हालेको कुरा सुस्मिताको यस कथनबाट स्पष्ट हुन्छ : "उहाँसँग हाते खर्चको कुनै अभाव रहेनछ । स्कुलको व्यवस्थापन उहाँ आफैँले हेर्नुहुँदो रहेछ । लाखौँको आर्थिक कारोबार आमाको हातमा रहेछ" (पृ. १८६) । सुस्मिताको यस कथनमा उपमालाई घरको आर्थिक कारोबारको जिम्मेवारी दिइएको भाव प्रस्तुत भएको छ । यसर्थ यस उपन्यासमा आर्थिक हिसाबले नारीलाई समान अवसर र स्वतन्त्रता प्राप्त भएको स्पष्ट हुन्छ । यतिमात्र होइन उमाले आफैँ प्राइमरी स्कुल खोलेर अर्थोपार्जन गरेकी छ । प्रस्तुत उपन्यासमा प्रयोग गरिएका नारी पात्रहरू आर्थिक हिसाबले स्वतन्त्र देखिएका छन् । नारीवादले भनेझैँ यस उपन्यासका नारी पात्रहरू अर्थकै लागि पुरुषमा आश्रित भएर हेपिनु परेको छैन । यसरी प्रस्तुत उपन्यासमा सुस्मिताले जागिर खाएर आफ्नो खर्च मात्र नचलाइ घरपरिवारलाई समेत सहयोग गर्नु, सुस्मिताको आमा स्कुलमा जागिरे हुनु र सागरसँगको

विवाहपछि आर्थिक जिम्मेवारी उसैमा हुनु, उमाले आफैँ प्राइमरी स्कुल चलाउनु जस्ता सन्दर्भले नारीमा भएको आर्थिक स्वतन्त्रता र समानताको पुष्टि हुन्छ ।

### ३.६.३ लैङ्गिक स्वतन्त्रता र समानता

लैङ्गिक दृष्टिले नारी र पुरुष अलग भए पनि नारी भएकै कारण नारीलाई कमजोर ठानेर दमन गर्ने प्रवृत्तिको विरोध नारीवादले गर्दछ । प्रस्तुत उपन्यासमा नारीलाई लैङ्गिक आधारमा विभेद नगरी समान अधिकार र स्वतन्त्रता दिएको पाइन्छ । यस उपन्यासमा सुस्मिताका बाबुआमाले छोरा र छोरीमा केही विभेद गरेको देखिँदैन । उनीहरूले सुस्मिता र श्यामल दुबैलाई सँगै पढाउनेदेखि मायामा पनि केही विभेद गरेको पाईंदैन । शर्माजीले शशीलाई छोरी भएकै कारणले कुनै निर्णयमा अवरोध पुऱ्याएका छैनन् भने रविनका बाबुआमाले पनि उमालाई रविन सरह नै अवसर प्रदान गरेका छन् ।

यस उपन्यासमा नारीले हरेक काम गर्न सक्छन् भन्ने सन्दर्भलाई अभिव्यक्त गरिएको छ । सुस्मिताको यस कथनले पनि यसको पुष्टि गर्छ : “बाबाको अनुपस्थितिमा मोटरसाइकल सिक्न थाल्यौं भाइ र म ।... उमालाई पनि साथी बोलाएकी थिएँ मैले, उसले पनि हामीसँगसँगै सिकी मोटरसाइकल” (पृ.१७) । यस कथनमा उमा, सुस्मिता र श्यामलले सँगै मोटरसाइकल सिक्नुले नारीको पुरुषजत्तिकै साहस र हिम्मत हुने कुराको बोध गराएको छ । यसका साथै नारीहरूलाई पुरुषभन्दा कमजोर ठानेर असमान व्यवहार गरिने प्रवृत्तिको विरोध गर्दै नारीले चाहेमा हरेक काम गर्न सक्छन् भन्ने मतको पुष्टि भएको छ । यतिमात्र नभएर बाबुको मृत्युले शोकाकुल भएर बस्नुभन्दा हिम्मत र साहस बटुलेर व्यवहार धान्ने सुस्मिताको प्रणले पुरुषभन्दा भावुक र कमजोर मानिने नारीप्रतिको दृष्टिकोणलाई चुनौती दिएको छ । ऊ भन्छे :

> अब बाबाको सबै इच्छा आकांक्षाहरू हामीले पूरा गर्नुपर्दछ, बाबाको भावनाका हरेक आवेगहरू हामीले सम्हाल्नुपर्छ । घाटमा चट्चट् पड्किरहेका दाउरा र जलिरहेको लाशसँगै मेरो मस्तिष्कमा बाबाका जिम्मेदारीहरू सवार हुँदै गए (पृ.४८) ।

पुरुषले आफूलाई मन परेका युवतीहरूलाई जति सजिलैसँग प्रेम प्रस्ताव राख्न स्वतन्त्र छ त्यत्ति नै महिलाहरू पनि स्वतन्त्र भएका विभिन्न उदाहरणहरू यस उपन्यासमा प्रस्तुत गरिएको छ । सुस्मिता रविनलाई प्रेम गर्न थालेको कुरा भन्छु भन्ने साहसका साथ उसको घर पुग्छे । सत्या भन्छे : “मलाई श्यामल भाइ खुब मन पर्छन् यार † ” (पृ.२६) सुस्मिताको बाबाआमाले पनि एक अर्कालाई माया गरेर भागेर बिहे गरेका छन् । सुस्मिताको बाबाभन्दा आमा आँटिली भएको कुरा अजीको यस भनाइले स्पष्ट हुन्छ : “तेरा आमाबाबु पनि सारै जिद्दी र आँटी । अझ बाबुभन्दा आँटी तेरी आमा” (पृ.३७) । अजी अझ भन्छिन् : “तेरो बाबाले भन्दा पनि तेरी आमाले हत्ते गरेकी त्यो केटासँग बिहे गर्न” (पृ.३७) । उमाले पनि आफूलाई मनपर्ने युवकलाई प्रेम प्रस्ताव राखेर उसको गर्भलाई जन्माएर एक्लै हुर्काएकी छ । उसले प्रेमीले सन्तानको एबोर्सन गर्न दिएको सल्लाहको विरोध गर्दै गर्भलाई भन्दा प्रेमीलाई नै त्यागी पछि सन्तानको बाबुको इच्छा पूरा गर्नका लागि झलेन्द्रलाई पतिका रूपमा स्वीकार गरेकी छ । उमाले इच्छाअनुसार रोजी रोजी नश्लको छनौट गर्ने अधिकार प्रत्येक छोरीलाई हुनुपर्ने मत राखेकी छ । भद्रिकाले झलेन्द्रलाई जीवनसाथी चयन गरेकी छ भने शर्माजीकी छोरी शशीले सुस्मिताको भाइ श्यामललाई जीवनसाथी रोजेकी छ । यसर्थ यस उपन्यासका नारीहरू जीवनसाथीको चयनमा स्वतन्त्र रहेको पाइन्छ ।

पुरुषले नारीलाई प्रेमिकाका रूपमा चयन गर्दै छोड्दै हिँड्ने पितृसत्तात्मक प्रवृत्तिको बदलामा भद्रिका, सत्या र सुस्मिता लागेको देखिन्छ । यसले जीवनसाथीको चयनमा पुरुषजत्तिकै स्वतन्त्र नारीहरू पनि छन् भन्ने उदाहरणलाई पनि पुष्टि पार्छ । सुरुमा रविनलाई मन पराएकी सुस्मिता उसले बेवास्ता गर्न थालेपछि शर्माजी, श्याम, प्रवीण हुँदै अमरसम्म पुगेकी छ भने सत्याले पुरुषसँग प्रेम गर्दैमा बिहे नै गर्नुपर्छ भन्ने मान्यताको विरोध गरेकी छ साथै भद्रिकाले केटाहरूलाई आफ्नो रूपले मोहित पार्दै प्रेमजालमा फसाएर छाड्न मजा हुने मत प्रकट गरेकी छ । सुस्मिताको आमाले पनि विवाहका लागि आफूले गरेको हिम्मतलाई यसरी व्यक्त गरेको पाइन्छ :

> आमाले मलाई कोठामा थुनेर धेरै सम्झाउनुभयो, फकाउनुभयो, हकार्नुभयो ।...अनि एकदिन मैले जवरजस्तीले, मेरै खर्चमा उनलाई लिएर काठमाडौँ पसें । एकसाता जति काठमाडौँ घुमेपछि आमाले बोलाउनुभयो । डरले थरथर कामिरहेका तिनलाई दरो बनाएर लिएर गएँ (पृ.१४०) ।

उपमाको यस कथनले नारीहरू वैवाहिक निर्णय गर्न र परिवारको चुनौती सामना गर्नमा कमजोर नभएको कुरालाई पुष्टि गर्छ । यसर्थ यी नारीहरू प्रेममा पुरुष जस्तै स्वतन्त्र विचारका देखिन्छन् ।

सुस्मिताको यस कथनले प्रस्तुत उपन्यासमा व्यक्त लैङ्गिक समानता र स्वतन्त्रतालाई पुष्टि गर्दछ : “तपाईं मेरो लागि धेरै चिन्ता नलिनू । म अब आफ्नो बारेमा जस्ता पनि निर्णयहरू लिन सक्छु । मलाई कमजोर नसोच्नु † म भाइ जत्तिकै स्वतन्त्र र सक्षम छु । भाइका बारेमा तपाईंजति ढुक्क हुनुहुन्छ, मेरो बारेमा पनि तपाईं ढुक्क हुनुहोस्” (पृ.१३१) । सुस्मिताले आमासँग भनेको यस कथनमा भाइका बारेमा आमा जति ढुक्क हुनुहुन्छ त्यत्तिकै मेरा बारेमा पनि ढुक्क हुनुहोस् भन्ने अभिव्यक्तिका साथ नारी र पुरुषमा लैङ्गिक विभेद नगरी स्वतन्त्रता एवम् समानताको अपिल गरिएको छ । उपमाले छोरी सुस्मितालाई भनेको यस कथनले पनि लैङ्गिक समानताकै पृष्ठपोषण गरेको छ : “मैले तिमीलाई कहिल्यै कमजोर ठानेकी छैन छोरी † तिमीहरूलाई मैले छोरा र छोरीको भेद पनि गरेकी छैन” (पृ.१३१) । उपमाको यस भनाइमा छोरी भएकैमा सुस्मितालाई छोराभन्दा कमजोर नठान्ने र समान नजरले हेर्ने भाव प्रस्तुत भएको पाइन्छ ।

शैक्षिक दृष्टिले हेर्ने हो भने प्रस्तुत उपन्यासमा उपस्थित प्रमुख नारी चरित्र शिक्षित छन् । सुस्मिता, उमा, सत्या, शशी जस्ता नारी पात्रहरू उच्चशिक्षा हासिल गरेर आ-आफ्नो खुट्टामा उभिएका छन् । सुस्मिताले पत्रपत्रिकाका लागि विभिन्न लेखहरू लेखेकी छ भने सत्याले विभिन्न कविताहरू छपाइसकेकी छ । उमाले आफ्नै प्राइमरी स्कुल खोलेकी छ । यसरी प्रस्तुत उपन्यासमा प्रयोग गरिएका नारी पात्रहरू लैङ्गिक विभेदका कारण अपहेलित, अनपढ र घरमै सीमित हुन नपरी स्वतन्त्र र समान भएको पाइनुले नारीवादी प्रवृत्तिकै पुष्टि गरेको छ ।

### ३.६.४ पेसागत स्वतन्त्रता र समानता

**टुँडाल** उपन्यासमा पुरुष पात्र मात्र होइन हरेक नारी पात्रहरू आ-आफ्नो पेसामा आबद्ध भएको पाइन्छ । यस उपन्यासकी प्रमुख पात्र सुस्मिता खरिदार पदमा आबद्ध भएको कुरा उसको यस भनाइबाट स्पष्ट हुन्छ : “मैले भर्खरै शिक्षा कार्यालयमा अस्थायी खरदारको जागिर पाएकी थिएँ” (पृ.६६) । सुस्मिताको आमा, सुस्मिता, उमा, शशी आदि पात्रहरू आफूखुसी विभिन्न पेसा अँगाल्न पुरुषजस्तै स्वतन्त्र र समान छन् । सुस्मिताका बाबु मात्र नभएर आमा समेत जागिरे देखिनुले त गृहिणीका रूपमा महिलालाई हेरिने दृष्टिको विरोध भएको छ र पेसामा भएको लैङ्गिक

समानतालाई स्पष्ट पारेको छ । सुस्मिता भन्छे : "आमाबाबा दुबै जागिरे भएकाले हामीलाई पनि सानैमा स्कूल हुलिदिनुभएको थियो" (पृ.५) । सुस्मिताको आमा सरकारी प्रा.विको शिक्षिकाका रूपमा जागिरे छ । उमा आफैँले प्राइमरी स्कुल चलाएकी छ । यसरी प्रस्तुत उपन्यासमा नारी पात्रहरू आफैँले रोजेको जागिर खानमा स्वतन्त्र देखिन्छन् ।

### ३.६.५ पारिवारिक स्वतन्त्रता र समानता

प्रस्तुत उपन्यासमा नारीहरूको निर्णयमा परिवारले दमन गर्नुभन्दा स्वतन्त्र छोडेको विभिन्न सन्दर्भहरू पाईन्छ । सुस्मिताको बाबु आमाले आफैँले छानेको व्यक्तिसँग विवाह गर्दा सुरुमा समाजदेखि डराएका ससुरालीले पछि टीकाटालो गरिदिएका छन् । उपमाको माइतीले केही दिनपछि ज्वाइँको असल व्यवहार देखेर अरूलाई पनि उनी जस्तै हुनुपर्ने सन्देश दिँदै प्रशंसा गरेका छन् । शशी र श्यामलको प्रेम थाहा पाएर पनि परिवारले कुनै अवरोध सिर्जना नगरेको कुरा सुस्मिताको यस कथनले स्पष्ट पार्छ : "भाइ र शशीको सम्बन्ध निकै पुरानो हो भन्ने कुरा आमा र म दुबैलाई थाहा थियो । तर हामीले उनका अघि त्यो कुरा थाहा पाएको जस्तो कहिलै गरेनौँ" (पृ. ९३) । श्यामलको परिवारले मात्र होइन यस सम्बन्धमा शशीका परिवारमा पनि कुनै पारिवारिक दबाव देखिँदैन । शशीका बाबु भन्छन् - "उनीहरू दुबैको कल्याण होस्" (पृ.९४) । उमाले विदेशीएको पुरुषसँग विवाह गरेको भन्दै नक्कली श्रीमान्को कल्पना गरेर शहरमा बसे पनि उसको परिवारले विरोध नगरी स्विकारेको छ । उपमाले सुस्मितालाई पठाएको चिठीमा सागरको विचारका बारेमा लेखिएको सन्दर्भले पारिवारिक स्वतन्त्रताको वकालत गर्दछ :

> बिहे भनेको सँगै जीवन बिताउने एउटा औपचारिक माध्यम हो । एकअर्काको सहयोगी भएर, एकअर्कालाई माया गर्दै बाँकी जीवन बिताउने हो अब । हुर्किसकेका हाम्रा छोराछोरीहरू स्वतन्त्र छन् । तिनीहरूलाई स्वतन्त्रता दिनुपर्छ (पृ.१४२) ।

विधवा उपमासँग विधुर सागरले राखेको वैवाहिक प्रस्तावमा एकातिर उनीहरूको पारिवारिक बोझबाट मुक्तिको चाहना प्रकट गरेको छ भने अर्कातिर छोरीछोरीलाई पारिवारिक जिम्मेवारीको साङ्लाबाट मुक्ति गरिनुपर्ने अवधारणा प्रस्तुत भएको हुनाले पारिवारिक स्वतन्त्रताको पक्षमा वकालत गरिएको पाइन्छ । यसरी यस उपन्यासका नारी पात्रहरूको इच्छा, चाहना र निर्णयमा परिवारले रोक नलाई स्वतन्त्रता प्रदान गरेको देखिन्छ ।

### ३.६.६ यौन स्वतन्त्रता र समानता

यौनका विषयमा ज्ञान लिने दिने, सन्तान उत्पादनमा निर्णय गर्ने, यौन शोषणपूर्ण व्यवहारलाई नसहने जस्ता यौन सम्बन्धमा नारीका पक्षमा नारीवादले राख्ने विचार नै नारी यौन स्वतन्त्रता र समानता सम्बन्धी अवधारणा हो । प्रस्तुत उपन्यासमा नारीले यौन स्वतन्त्रता र समानताका पक्ष लिएको पाइन्छ । यस उपन्यासकी नारी पात्र सत्यामा नारीले यौनका विषयमा खुलेर कुरा गर्नु त जहाँसुकै जाओस् मन्दिरमा भएका टुँडाल हेर्न र देखाउन हिम्मत नभएको परम्परागत नारी प्रवृत्तिभन्दा पृथक् प्रवृत्ति देखा पर्दछ । सत्या भन्छे : "जो पनि आएर मन्दिरको वरिपरि लट्टु भएर के हेर्दै घुम्छन् त ? मैले त यी आकृतिहरू त उहिल्यै देखेकी । श्यामल भाइलाई पनि ल्याएर मैले त देखाएको नि पहिलोपल्ट" (पृ.२७) । यस कथनमा यौनका सन्दर्भमा पुरुष जति खुल्न सक्छ त्यति नै महिला पनि खुलेर कुरा गर्न सक्छन् भन्ने नारीवादी विचार सत्यामार्फत प्रकट भएको छ ।

प्रस्तुत उपन्यासमा नारी पात्रहरूले जोसँग यौन सम्बन्ध राख्यो अर्थात् जसलाई प्रेम गऱ्यो त्यसैसँग विवाह गर्नुपर्छ भन्ने छैन, शारीरिक सन्तुष्टि र यौन दमनबाट उत्पन्न हुने विकृतिको निराकरणका लागि पुरुष र महिलाको सहमतिमा यौन सम्बन्ध स्थापना गर्न सकिने कुरामार्फत यौन स्वतन्त्रताको वकालत गरेको पाइन्छ । यस सन्दर्भमा शशीका पिता शर्माजीसँग यौन सम्बन्ध स्थापना गरेकी सुस्मिताको विचार यस्तो छ :

> उनीसँग भएको मेरो शारीरिक सम्बन्ध पनि हाम्रो गहिरो मित्रताको चरम अभिव्यक्ति मात्र हो । यस सम्बन्धसँग बिहे गर्नुपर्ने, पतिपत्नी हुनुपर्ने वा अन्य कुनै पनि प्रकारको औपचारिक सामाजिक सम्बन्ध हुनुपर्ने हामीबिच कुनै बार छैन । त्यस सम्बन्धबाट प्राप्त भएको शारीरिक सुख मेरै सुख हो, उनको सुख उनकै हो (पृ.९३) ।

यसका साथै शर्माजीसँगको यौन सम्बन्धले आफूमा रहेको यौन विकृतिलाई हटाएर मानसिक रूपमा यौनका सम्बन्धका काल्पनिक भारीहरू हटाउने उपचार पाएको अनुभूति सुस्मिताले यसरी गरेकी छ : “मलाई मन्दिरका टुँडालहरू, बाटोमा देखिने सुन्दर पुरुषहरू, फिल्महरू, गीतहरू, पशुहरूका बीच देखिने संभोगका दृष्यहरूले अनौठो मानसिक दवाव दिइरहने गर्थ्यो । अब म त्यसबाट मुक्त भएकी छु, एकप्रकारले मानसिक उपचार नै भएसरह भएकी छु म” (पृ.९४) । अझ यस किसिमको सहयोगका लागि शर्माजीको घरमा धन्यवाद दिन गएकी छ (पृ.९५) । यसरी सुस्मिताले यौन सम्बन्धमा पुरुषको गल्ती नभएर आफ्नै स्वतन्त्र निर्णयले आफैँलाई फाइदा पुगेको कथनमार्फत यौनमा नारी स्वतन्त्रताको वकालत गरेको देखिन्छ ।

सुस्मिताले मात्र नभएर उमाले पनि आफ्नो प्रेमीले आफूमाथि राखेको शारीरिक सम्बन्धमा कुनै नराम्रो मानेकी छैन । ऊ भन्छे :

> कहिले उसको इच्छामा कहिले मेरो इच्छामा हामीले विभिन्न समयमा यो ‘यौवनसुख’को भरपुर उपयोग गऱ्यौँ । मलाई कुनै पश्चात्ताप छैन, ऊप्रति पनि गुनासो छैन । यस कार्यबाट उसले मबाट एक्लै सुखहरू लिएर गएको छैन, उसले आफ्ना लागि मात्र मलाई भोग गरेको होइन (पृ.११३) ।

यतिमात्र होइन गर्भमा आएको बच्चालाई एबोर्सन गर्न प्रेमीले सल्लाह दिएपछि पहिलो प्राकृतिक फललाई जसरी भए पनि जन्माएरै छाड्ने निधो गर्दै तिमीलाई मैले प्रेमी छानेको भएकाले आफ्नो सन्तान जन्माएर बाबु चिनाउने जिम्मा आफैँ लिँदै प्रेमीलाई स्वतन्त्र भएको घोषणा गर्दै उमाले यौन स्वतन्त्रताको अभिव्यक्ति दिएकी छ । यस्तै श्यामलकी पत्नी शशीले आफूलाई अहिले बच्चा नचाहिने भन्दै गर्भमा आएको शिशुको एबोर्सन गराएकी छ । यसो गर्नुले सन्तान जन्माउनमा नारीहरू स्वनिर्णय गर्न स्वतन्त्र छन् भन्ने कुराको पुष्टि हुन्छ ।

यसरी प्रस्तुत उपन्यासमा लैङ्गिक, आर्थिक, राजनीतिक, पारिवारिक, पेसागत, यौनका सन्दर्भमा नारीहरू पुरुषजत्ति नै समान र स्वतन्त्र रहेको देखिनुले नारीवादी प्रवृत्तिको पुष्टि भएको छ ।

### ३.७ ‘पाण्डुलिपि’ उपन्यासमा नारी स्वतन्त्रता र समानता

**पाण्डुलिपि** (२०६९) धराबासीको हालसम्म प्रकाशित उपन्यासमध्येको पछिल्लो उपन्यास हो । यस उपन्यासलाई **आधाबाटो** उपन्यासकै बाँकी अंश मान्न सकिन्छ । **आधाबाटो** उपन्यासमा धराबासीको बाल्यावस्थादेखि आमाको निधनसम्मको घटनाक्रमलाई स्थान दिइएको छ भने यस

उपन्यासमा धराबासीको आमाको मृत्युदेखि उनकी श्रीमती सीताजीको मृत्युसम्मको घटनाक्रमको औपन्यासिकीकरण गरिएको छ । यसर्थ यी दुबै उपन्यासलाई धराबासीको वास्तविक जीवनका घटनासँग सम्बन्धित भएकाले आत्मजीवनीपरक उपन्यास मान्न सकिन्छ । **पाण्डुलिपि** उपन्यासमा **आधाबाटो**मा जस्तै वास्तविक जीवनमै नारीहरूले गरेको सङ्घर्षपूर्ण जीवनयात्रालाई स्थान दिइएको छ । यस उपन्यासमा मूल रूपमा सीताजीको सङ्घर्षलाई स्थान दिइएको छ । सीताजीका साथै अन्य नारीहरूले प्राप्त गरेको नारी स्वतन्त्रता र समानतालाई पनि यस उपन्यासमा समावेश गरिएको छ ।

### ३.७.१ लैङ्गिक स्वतन्त्रता र समानता

प्रस्तुत उपन्यासमा कुनै पनि कार्य गर्नका लागि पुरुषले जति स्वतन्त्र रूपमा निर्णय गर्न सक्छ त्यो अधिकार नारीलाई पनि प्रदान गरिएको देखिन्छ । धराबासीको घरमा गर्नुपर्ने साना ठूला जुनसुकै कार्यमा पनि सीताजीको समर्थन र सहयोग लिइएको देखिनुले यस कुराको पुष्टि हुन्छ । घरायसी कामको निर्णयमा धराबासीभन्दा सीताजीले नै निर्णय लिने गरेको प्रसङ्ग उपन्यासमा यस्तो छ : "केटाकेटीलाई कहाँ पढाउने ? जागिरको पैसालाई कसरी कम खर्चिलो भएर जोगाउने ? कुमार र शारदालाई कसरी गृहस्थी सिकाउने ?" (पृ.४) । सीताजीको कथनलाई उधृत गर्दै धराबासीले घरायसी व्यवहारमा आफूलाई भन्दा उनलाई बढी चिन्ता भएको बताएका छन् साथै यस कथनमा सीताजीले सासूको मृत्युपछि घर व्यवहार चलाउने कुरामा आफ्नो जिम्मेवारी र कतर्व्यलाई प्रस्तुत गरेको देखिन्छ । सीताजीले मात्र होइन उनकी सासू अम्बिकाले मधेस झर्न गरेको निर्णय, मधेसमा आएर चुर दोकान गरेरै भए पनि अपाङ्ग लोग्ने र छोराछोरीको पालनपोषण गरेको प्रसङ्ग, विचलित हुन पुगेका लोग्नेलाई हिम्मत थपिएको सन्दर्भले नारी हुँदैमा पुरुषभन्दा कमजोर हुन्छन् भन्ने लैङ्गिक विभेदको अन्त्य भएको देखिन्छ । सासू र बुहारीको सामान्य भनाभनमा छोरा धराबासीसँग अम्बिका भन्छिन् : "लैजा किस्ने तेरी स्वास्नी, जहाँ लगेर भए पनि राम्ररी पाल्नु । म बूढीको चुरको ढाकी छँदैछ, जीवनभरि गरिल्याएको पेसा । यी दुइटा मेरा दुःख र बुढेसकालमा जन्मेका । यिनलाई सकेसम्म हुर्काउँछु" (पृ.२८) । श्रीमान्को मृत्युपछि एक्लो जीवन बिताएर छोराछोरी हुर्काएर बसेकी अम्बिकाको छोराको सहायताविना पनि एक्लै जीवन जिउने यो साहसले नारीमा भएको हिम्मतको सङ्केत गरेको छ । लीला अनमोलले आफूलाई मन पराउने केटाका बारेमा धराबासीसँग कुरा गर्नु र चिनाउनुले वैवाहिक निर्णयमा नारीमा भएको स्वतन्त्रता र साहसको पुष्टि गर्दछ । धराबासीले आफ्नो जीवनमा आइपरेका सानादेखि ठुला कामको निर्णयमा सीताजीसँग सरसल्लाह गर्नुले नारीप्रति उनको सकारात्मक दृष्टिकोणका साथै परिवारमा भएको लैङ्गिक समानताको पुष्टि हुन्छ ।

प्रस्तुत उपन्यासमा लेखक, पत्रकार, राजनीतिक व्यक्तित्व आदि क्षेत्रमा पुरुषहरू जति सक्रिय भएर लागेका छन् महिलाहरूको सक्रियता पनि बढ्दै गइरहेको देखिन्छ । सीताजी धराबासीलाई लेख्न प्रेरित गरिरहने मान्छे आफ्नै जीवनका कहानी लेखेर लेखक बनेकी छन् । सीमा लेखनकै सिलसिलामा धरान पुगेर कथाहरू लेखेकी छन् । निशा के.सी.ले साहित्यिक लेखनप्रति चासो दिएर प्रगति गर्दै गएकी छन् । लीला अनमोल पत्रकारिता क्षेत्रमा लाग्ने मात्र होइन नेपाल प्रज्ञा प्रतिष्ठानको कविता महोत्सवमा झापादेखि आएर भाग लिएकी छन् । जर्मनीको भ्रमणमा पुरुषसँगै बेञ्जु शर्मा पनि गएकी छन् । दाजुहरूले जस्तै राम्रो अङ्क ल्याएर प्रतिमा एस.एल.सी पास भई क्याम्पस पढ्दै छ । रामचरित यादवकी छोरी एम.बी.ए. सकेर कुनै संस्थामा कार्यरत छ । झुमा देवान, प्रेमकला नेम्बाङ, राधा गुरुङ, देवी भट्टराई, लक्ष्मी खतिवडा, शकुन्तला नेम्बाङ जस्ता

नारीहरू धराबासीसँगै इलाम क्याम्पस पढेका छन् । झुमा देवान त भूमिगत भएर राजनीतिमा लागेपछि प्रदिप नेपालसँग वैवाहिक सम्बन्धमा गाँसिएकी छन् । सिन्धु गौतम वीर अस्पतालको न्यूरो वार्डमा काम गर्छिन् । कल्पना बान्तवा त्रि.वि. शिक्षण अस्पतालकी स्वास्थ्यकर्मी हुन् । यसरी नारीहरू विभिन्न क्षेत्रमा लागेर पुरुषले गर्ने जस्तै काम गर्न सकेको देखिन्छ ।

जीवनमा आइपरेका दुःखसँग लड्ने र भिड्ने क्षमता, धैर्य र साहस पुरुषहरूमा हुन्छ जुन नारीमा हुँदैन, यसैले नारीहरू पुरुषका तुलनामा कमजोर हुन्छन् भन्ने मान्यताको नारीवादले खण्डन गर्दछ । प्रस्तुत उपन्यासमा बिरामी पर्दा होस् या जीवनका अनेक चुनौतीसँग भिड्न पर्दा नै किन नहोस् सीताजीले कहिल्यै हार मानेकी छैनन् । उनका हिम्मतिला र साहसिला कदम र वचनहरूलाई उपन्यासमा यसरी उल्लेख गरिएको छ :

> किन त्यसरी एकोहोरो हेरेको मलाई ? मलाई के भएको छ ? यही भुँडी मात्र त सुन्निएको हो नि । तपाईं त्यत्तिकै आत्तिनु हुन्छ (पृ.१८७) । (धराबासीसँग)

> जेमा पनि यसरी आत्तिएर हुन्छ ? जुध्न पो सक्नुपर्छ । म यस्तो शरीर लिएर त ढुक्कले यात्रा गरिरहेको छु (पृ.१९१) । (धराबासीसँग)

> साह्रै कमजोर छ तपाईंको मन । सानो पिर पनि खप्न सक्नु हुन्न । पोरपरार इलाममा दिपलेश बिरामी हुँदा पनि यसै गर्नुभो । मलाई के भाको छ र ? यही पेट त सुन्निएको हो नि, डाक्टरले जे गरेर भए पनि निको पारी त हाल्छन् । यसरी आत्तिनु हुन्छ ? (पृ.२०४) । (धराबासीसँग)

> हामीले मृत्युसँग लड्ने क्षमता राख्नुपर्छ र कहिले पनि हरेस खानु हुँदैन । मलाई यस्तो बिमार लाग्यो, म मर्छु होला भन्ने हरेसचाहिँ खानु हुँदैन । जस्तै मृत्युसँग पनि अन्तिमसम्म हामीले लड्नु सक्नुपर्छ ।... मेरा छोराछोरी, साथीभाइ, दिदीबहिनी सबैलाई नै यस्तै आँटले नै गर्ने हो सबै काम । आँटचाहिँ कसैले हराउन हुँदैन । आँटचाहिँ सबैसँग हुनुपर्छ भन्ने सल्लाह दिन्छु (पृ.२५२) । (पिनाकीजीसँग)

> कस्तो भुरा जस्तो बेहोरा लिएको । कहिले त अलिक ठुलो मान्छे जस्तो, लोग्ने जस्तो, बाबु जस्तो पनि हुनु नि † जे कुराले नि छोइहाल्ने बुहारी झार जस्तो स्वभाव (पृ.२५५) । (धराबासीसँग)

> तपाईं जहिले पनि आत्तिनु हुन्छ । आत्तिएर के हुन्छ र ? हुने कुरा भइहाल्छ । जुध्नु पो पर्छ त, खप्नुपर्छ (पृ.२८८) । (धराबासीसँग)

> केही गरी म अगाडि मरेँ भने तपाईंको कति बिजोक होला † कहिलेकाहीँ मलाई त्यत्तिकै पिर लाग्छ (पृ.२९२) । (धराबासीसँग)

सीताजीका यस किसिमका कथनहरूलाई हेर्ने हो भने नारी भएर पनि जतिसुकै सङ्घर्षपूर्ण जीवनको भोगाइमा पछि नहट्ने र आँट एवम् हिम्मतले मात्र मानिस अगाडि बढ्न सक्ने सन्देश व्यक्त भएको पाइन्छ । बारम्बार कमजोर देखिएका श्रीमान् हुन् वा परिवारका सदस्य, नातागोता एवम् अन्य व्यक्तिहरूमा नै किन नहोस् सबैमा धैर्य, साहस र आँट हुनुपर्ने र आफूमा पनि यस्तै साहस भएको कुरा सीताजीको यी कथनमा देखिन्छ । यसर्थ सीतीजी महिला भएर पनि आफूलाई

कहिल्यै कमजोर नमान्ने र अरूलाई पनि कमजोर हुन नहुने सन्देश दिने प्रवृत्तिकी नारी भएकी हुनाले उनको साहस र हिम्मतलाई पुरुष समानको गुण मान्न सकिन्छ । त्यस कारण यस उपन्यासमा लैङ्गिकताका दृष्टिले नारीलाई कमजोर ठान्ने प्रवृत्तिको विरोध भई नारीहरू साहसी र हिम्मतिला छन् भन्ने कुराको पुष्टि सीताजीमार्फत प्रस्तुत भएको देखिन्छ ।

सीताजीकै हिम्मतलाई पुष्टि गर्ने धराबासीको कथन यस्तो छ :

> मलाई आज पनि गर्व लाग्छ । त्यस्तो अशक्त हुँदा पनि उहाँले 'मरेँ' शब्द कहिल्यै उच्चारण गर्नु भएन र आँखामा आँसु देखाउनु भएन । बिमारको पीडा आफ्नो ठाउँमा थियो तर निराश भएर, रोएर हामी कसैलाई पनि तनाब दिनु भएन । बिरामी आमाको आँसु भुराले देख्नु परेन । उहाँका लागि दुनियाँ रोयो तर उहाँ आफै भने पटक्कै रुनु भएन (पृ.३०६) ।

सिन्धु गौतम सीताजीलाई ठुलो आन्द्रामा क्यान्सर भएकाले निको नहुने थाहा पाएपछि विचलित भएका धराबासीलाई सम्झाउँदै यसो भन्छिन् : "अङ्कल † आफूलाई समाल्नुस्" (पृ.२१५) । उनले मात्र होइन बिरामीको पीडालाई सहन नसकेर मृत्यु भए बरु आमालाई सुख हुने सम्झेर आफ्नै आमाको मृत्युको कामना हिम्मतका साथ प्रतिमाले यसरी गरेकी छ : "ममीलाई साह्रै गाह्रो भएको छ । यस्तो गाह्रो खप्नुभन्दा बरु उहाँलाई चाँडै मुक्ति मिलोस् भन्ने कामना गर्छु" (पृ.३०९) । यतिमात्र होइन प्रतिमाले दाजुलाई यसो भन्नुले उसमा भएको हिम्मतको पुष्टि भएको छ : "अब ममी नबाँच्ने हुनुभयो । आखिर यस्तो एउटा दिन जहिले भए पनि आउँथ्यो, अलि छिट्टै आयो । हामीले धेरै शोक गर्नु हुँदैन, बुबालाई सम्झाउनुपर्छ । ममी जस्तै आँटी हुनुपर्छ अब हामी" (पृ.३१९) । आमाको कामभित्रै बसेर प्रतिमा परीक्षाको तयारी गरिरहन्छे । परीक्षा दिन जान लाग्दा उसले भनेको यस कथनमा उसको हिम्मत स्पष्ट देखिन्छ : "म जसरी पनि परीक्षा दिन्छु । मैले परीक्षा दिइनँ भने मम्मीलाई झन् कति नराम्रो लाग्ला ? मैले गर्दा प्रतिमाको परीक्षा रोकियो भन्नुहोला" (पृ.३५५) । अरू छोरीहरूलाई आमाको मृत्युले शोकले ग्रसित गर्ने समयमा प्रतिमा भने दाजुहरूलाई सम्झाउने मात्र होइन पढाइमा समेत ध्यान दिएर परीक्षा दिन जाने तयारीमा हिँड्नु र मरेकी आमाप्रति सम्मान गर्नुले उसमा भएको सचेतना एवम् हिम्मतलाई स्पष्ट देख्न सकिन्छ । उसको यस किसिमको हिम्मतलाई देखेर धराबासीले यसो भन्नुले पनि प्रतिमामा भएको आँट, हिम्मत र साहसको पुष्टि हुन्छ : "प्रतिमा त उसकी आमाजस्तै आँटी र धैर्यशील पो रहिछे-मनमा जस्तो भए पनि त्यसलाई अनुहारमा आउन नदिने साहसी" (पृ.३५५) । यसरी प्रस्तुत उपन्यासका विभिन्न नारी पात्रहरू आँटिला, साहसी, धैर्यवान् देखिनुले नारीवादले भनेझैँ पुरुषभन्दा नारी कमजोर नभएको सन्दर्भको पुष्टि हुन पुगेको छ ।

### ३.७.२ पेसागत स्वतन्त्रता र समानता

प्रस्तुत उपन्यासमा उपस्थित नारी पात्रहरू विभिन्न पेसा अपनाउन स्वतन्त्र देखिन्छन् । पुरुषले जस्तै आफ्नै निर्णयमा विभिन्न पेसा अपनाउन समान र स्वतन्त्र नारी पात्रको प्रयोग यस उपन्यासमा गरिएको छ । धराबासीकी आमाले चुर दोकान गरेर जीविकोपार्जन गर्दै आएकी छन् । सीताजी भने घरायसी कामकाजमा व्यस्त भएर एउटी गृहिणी महिलाको भूमिका मात्र निर्वाह गरेकी छन् । धराबासीकी माहिली फुपू पनि घरधन्दामै सीमित छन् । कपिलदेवले तरकारी खेतीको तालिम दिएपछि भने सीताजी तरकारी खेतीमा पारङ्गत भएर आफूलाई चाहिने पकेट खर्च आफैँ

पुऱ्याउन थालेकी छन् (पृ.७१) । लीला अनमोल धराबासीसँगै एफ एममा साहित्यिक कार्यक्रम सञ्चालन गर्ने र समाचार संकलन गर्ने पत्रकार बनेकी छन् । मञ्जु शर्मा चर्चित महिला ज्योतिषी हुन् । कवि युद्धप्रसाद मिश्रकी कान्छी छोरी कमल मिश्र बैंककी कर्मचारी हुन् । सिन्धु गौतम वीर अस्पतालको न्युरो वार्डमा काम गर्छिन् । कल्पना बान्तवा त्रि.वि शिक्षण अस्पतालकी स्वास्थ्यकर्मी हुन् । यसरी आफूलाई अनुकूल र चाहना अनुसारको विभिन्न पेसामा संलग्न नारी पात्रहरूको उपस्थिति यस उपन्यासमा पाइन्छ ।

### ३.७.३ पारिवारिक स्वतन्त्रता र समानता

प्रस्तुत उपन्यासमा कतिपय नारी पात्रहरूले परिवारमा स्वतन्त्रता र समानता प्राप्त गरेका छन् । यस क्रममा धराबासीकी माइली फुपूलाई परिवारले आर्थिक भार सुम्पेको छ । अम्बिका भन्छिन् : "माइली नानीलाई माइतमा साह्रै सुख थियो । एक प्रकारले मूल घरको तालाचाबी उनकै जिम्मामा थियो । सासूआमैले घरभित्रको सबै राखनधरनको जिम्मा माहिली नानीलाई दिएको थियो । कसलाई के दिने, नदिने, साहु, आसामी सबैको हिसाब उनै राख्थिन्" (पृ.५१) । परिवारले छोरीलाई दिएको यो आर्थिक कारोबारको जिम्मेवारीले नारीले पाएको पारिवारिक स्वतन्त्रताको पुष्टि गरेको छ । धराबासी भन्छन् :

> अल्छी र घिन भन्ने थिएन उहाँलाई, कामले कहिल्यै नथाक्ने । डेढ कट्ठा माटो कोदालोले खनेर सधैँ हराभरा बनाउनुहुन्थ्यो ।... केटाकेटीको भर्नादेखि अभिभावकको उपस्थितिसम्म उहाँकै थियो । टेलिफोन, बिजुली, पानी सबैको पैसा तिर्ने काम उहाँकै । समाजका विभिन्न ठाउँबाट आएका बिहे, व्रतबन्ध, पूजाआजाका निम्ता मान्ने काम उहाँकै (पृ.७१) ।

यसरी धराबासीको यस कथनमा अफिसको काममा नलागे पनि घर व्यवहारका सबै काममा सीताजीको महत्त्वपूर्ण भूमिका रहेको पाइन्छ साथै घर व्यवहार मात्र नभएर सामाजिक कार्यमा स्वतन्त्रपूर्वक सहभागी हुनका लागि पनि सीताजीलाई परिवारले सहायता गरेको स्पष्ट हुन्छ ।

लीला अनमोलले अन्तर्वार्तामा सीताजीलाई छोरा छोरीको विवाह गरेर बुहारी र ज्वाइँ हेर्ने रहर छैन भनी सोधेको प्रश्नमा छोरा छोरीलाई हुर्काएर पढाएपछि स्वतन्त्र रूपमा आफ्नो लागि आफैँ जीवनसाथी चयन गरून् भन्ने धारणा सीताले यसरी प्रस्तुत गरेकी छन् : "त्यो पनि छ । भनिहालेँ नि, बाँकी त उनीहरूकै काम हो । पढाइदिएको छ । पढेर आफैँ पनि गर्न सक्छन् अब । त्यसमा केही चिन्ता छैन" (पृ.२६९) । सीताजीको यस किसिमको कथनले छोरा र छोरी दुबैले आफूखुसी जीवनसाथी छान्ने अधिकार भएको कुरालाई पुष्टि गर्दछ । नारीवादीले राखेको छोरा सरह छोरीले निर्णयमा पारिवारिक स्वतन्त्रता पाउनुपर्ने मान्यतालाई सीताजीको यस कथनले पुष्टि गरेको छ । यतिमात्र होइन धराबासीका के छोरा के छोरी सबैले उच्च शिक्षा हासिल गर्न समान अवसर पाएको देखिनुले पनि यस कुराको थप पुष्टि गर्दछ । कतिपय नारीहरू टाढा पुगेर जागिर खानमा परिवारले रोकेको छैन । कतिपय नारीहरूलाई राजनीतिमा सक्रिय भएर अगि बढ्न परिवारले रोकेको छैन । यस उपन्यासमा कतिपय नारी पात्रहरू पुरुषले जस्तै परिवारमा समान अवसर र स्वतन्त्रता प्राप्त गर्न सफल देखिन्छन् । यसरी **पाण्डुलिपि** उपन्यासमा नारीहरू लैङ्गिक, पारिवारिक, पेसागत रूपले समान र स्वतन्त्र देखिएका छन् ।

### ३.८ निष्कर्ष

कृष्ण धराबासीका छवटै उपन्यासमा नारी स्वतन्त्रता र समानता सम्बन्धी नारीवादी प्रवृत्ति पाउन सकिन्छ । उनको प्रथम प्रकाशित उपन्यास **शरणार्थी**मा नारीलाई सामाजिक, लैङ्गिक, पेसागत, पारिवारिक एवम् यौन स्वतन्त्रता र समानता प्रदान गरिएको देखिन्छ । यस उपन्यासमा प्रस्तुत विभिन्न समाजले नारीलाई हस्तक्षेप नगरी समान अधिकार दिनु, जीवनयापनका लागि पुरुषले जस्तै जस्तोसुकै काम गर्न नारी पछि नपरी सङ्घर्ष गर्नु र प्रेम, विवाह एवम् सन्तान उत्पादनको निर्णयमा कतिपय नारीहरू स्वतन्त्र देखिनु जस्ता सन्दर्भले विविध पक्षमा भएको नारी स्वतन्त्रता र समानतालाई प्रस्ट पारेको छ । **आधाबाटो** उपन्यास धराबासीको बाल्यकालदेखि आमाको मृत्युसम्मको घटनाक्रम समेटिएको आत्मसंस्मरणात्मक उपन्यास हो । यस उपन्यासमा नारीहरूले परम्परागत धर्म र संस्कृतिले गर्ने जातीय विभेदको विरोध गर्नु, नारीहरू राजनीतिप्रति चेतनशील हुनु एवम् भूमिगत रूपमै सक्रिय हुनु, पुरुषको कमजोर मानसिक स्थितिमा नारीले आँट र साहस दिनु एवम् साहसिक, कठिन, सङ्घर्षपूर्ण कदम चाल्नु, नारीहरूले जीवन निर्वाहका लागि स्वतन्त्र रूपमा आ-आफ्नो पेसा अँगाल्नुले लैङ्गिक, राजनीतिक एवम् पेसागत स्वतन्त्रता र समानतामा नारीहरू अगाडि रहेको कुरालाई पुष्टि गरेको छ । यी पक्षमा नारी जति स्वतन्त्र र समान छन् त्यति धार्मिक-सांस्कृतिक, सामाजिक, पारिवारिक स्वतन्त्रता र समानताका सन्दर्भमा भने कम सशक्त देखिन्छन् । धराबासीको **राधा** उपन्यासमा व्रजको समाजले सुरुमा लैङ्गिक विभेद गरे पनि पछि समान दृष्टिले हेर्नु, नारीलाई राज्यको कार्यभार सुम्पनु, कतिपय नारीहरू वैष्णवी बनी घर छोडेर स्वतन्त्र रूपमा हिँड्दा हस्तक्षेप नहुनु, नारीहरूको प्रत्यक्ष एवम् अप्रत्यक्ष रूपमा राजनीतिमा सक्रियता हुनु, छोरा र छोरीमा विभेद नगरी आर्थिक कार्यभार सुम्पनु जस्ता सन्दर्भले सामाजिक, धार्मिक, राजनीतिक, आर्थिक एवम् पारिवारिक रूपमा नारीमा भएको स्वतन्त्रता र समानतालाई स्पष्ट पारेको देखिन्छ । **तपाईं** उपन्यासमा नारीको सामाजिक एवम् यौन स्वतन्त्रताका पक्षमा भन्दा पेसागत, राजनीतिक, लैङ्गिक स्वतन्त्रता र समानताका सम्बन्धमा आवाज उठाइएको पाइन्छ । प्रस्तुत उपन्यासमा अनुपा, अस्मिता र केही युवतीहरू दिनरात नभनी भोक, तीर्खा, दुस्मनको डर सहेर भूमिगत भई राजनीतिमा सक्रिय देखिनु, अस्मिताकी आमाले अस्मितालाई छोरासमान ठान्नु, तपाईंले अस्मिताको हिम्मतको कदर गर्नु, सानोतिनो भए पनि आफ्नै पेसाले धेरैजसो नारीहरूले घर चलाउनु जस्ता सन्दर्भले नारी स्वतन्त्रता एवम् समानताको पुष्टि गरेको छ । यस उपन्यासमा नारीको यौन एवम् सामाजिकभन्दा पेसागत, राजनीतिक एवम् लैङ्गिक स्वतन्त्रता र समानताको पक्षमा वकालत गरिएको पाइन्छ । **टुँडाल** उपन्यासमा नारीहरू सक्रिय रूपमै राजनीतिमा नलागे पनि समय अनुसार त्यसको ज्ञान लिएको देखिनु, नारीले विभिन्न जागिर तथा व्यवसाय अँगाली घरपरिवारलाई सहयोग गर्नु, सुस्मिताको बाबाआमाले छोरा र छोरीमा केही विभेद नगरी समान शिक्षा र माया दिनु, शशी र उमालाई परिवारले लैङ्गिक विभेद नगर्नु, बाबुको मृत्युमा विलाप गर्नुभन्दा जिम्मेदारी बढेको भन्दै सुस्मिताले हिम्मत बढाउनु, प्रेम, विवाह, सन्तान उत्पादनका सन्दर्भमा नारीहरूमा स्वतन्त्रता र समानता देखिनु जस्ता सन्दर्भले लैङ्गिक, आर्थिक, राजनीतिक, पारिवारिक, पेसागत, यौनका सन्दर्भमा नारीहरू समान र स्वतन्त्र रहेको स्पष्ट भएको छ । **पाण्डुलिपि** उपन्यास धराबासीको आमाको मृत्युदेखि उनकी श्रीमती सीताजीको मृत्युसम्मको घटनाक्रमलाई समेटिएको आत्मजीवनीपरक उपन्यास हो । प्रस्तुत उपन्यासमा धराबासीले हरेक कार्यमा सीताजीको समर्थन र सहयोग लिनु, नारीहरू धैर्यवान्, साहसी र हिम्मतिला देखिनु, नारीहरू लेखक, पत्रकार, राजनीतिक व्यक्तित्व आदि क्षेत्रमा सक्रिय भएर लाग्नु, छोरा छोरीले आफैँ रोजेर विवाह गरुन् भन्ने भाव सीताजीमा हुनु, उनले छोराछोरीलाई शिक्षामा समान अवसर

दिनु, नारीहरूलाई जहाँ पुगेर भए पनि जागिर खान र राजनीतिमा लाग्नमा परिवारले हस्तक्षेप नगर्नु जस्ता सन्दर्भले नारीमाथि भएको लैङ्गिक, पारिवारिक, पेसागत समानता र स्वतन्त्रतालाई प्रस्ट पारेको छ ।

यसरी धराबासीका छ वटा उपन्यासमध्ये सबैभन्दा बढी नारी स्वतन्त्रता र समानताका अभिव्यक्ति भएको उपन्यासका रूपमा **राधा** र **टुँडाल**लाई लिन सकिन्छ भने अन्य उपन्यासमा पनि हिम्मतिला, साहसी नारी पात्रहरूको प्रयोग गरिनु, निर्णयमा नारीहरूलाई स्वतन्त्र छोडिदिनु, प्रत्येक उपन्यासमा नारीकै पक्षमा वकालत गरिनु, उपन्यासका घटनाक्रमहरू नारीकै सेरोफेरोमा अगाडि बढाइनु जस्ता सन्दर्भले यी उपन्यासलाई नारीवादी प्रवृत्तिको उपन्यास बनाउनमा टेवा पुऱ्याएको देखिन्छ । पश्चिमी नारीवादले भन्दै आएको नारी स्वतन्त्रता र समानताको हुबहु प्रस्तुतीकरण यी उपन्यासमा देखिँदैन । धराबासीले नारीवादी प्रवृत्तिकै उपन्यास लेख्छु भनेर यसतर्फ नलागे पनि उनका उपन्यासमा पश्चिममा भएको नारी आन्दोलन र जागरणले नेपाली समाजमा पारेको प्रभावको अभिव्यक्ति भएको देखिन्छ । तसर्थ धराबासीका उपन्यासहरूमा नारीवादले मुखरित गरेको नारी स्वतन्त्रता र समानता सम्बन्धी प्रवृत्ति पाउन सकिन्छ ।

## परिच्छेद : चार

# धराबासीका उपन्यासमा नारी शोषणप्रतिको विद्रोह

### ४.१ विषय परिचय

नारीवादले नारीमाथि हुने विविध प्रकारका शोषणहरूको विरोध गर्दछ । नारीले भोग्नु परेका दमनजन्य क्रियाकलापका विरुद्धमा सचेत विद्रोह प्रस्तुत गरिएका औपन्यासिक कृतिलाई नारीवादी उपन्यास मान्न सकिन्छ । कृष्ण धराबासीका उपन्यासमा पनि नारी चरित्रहरूमाथि हुँदै आएका विविध शोषणको विरोध गरिएको हुनाले उनका उपन्यासमा प्रस्तुत नारी शोषणप्रतिको विद्रोहको अध्ययन यहाँ गरिएको छ ।

### ४.२ 'शरणार्थी' उपन्यासमा नारी शोषणप्रतिको विद्रोह

**शरणार्थी** उपन्यासमा सचेत नारीपात्रहरूको प्रयोग गरी नारीमाथि हुने उत्पीडनको विरोध गरिएको छ । यस उपन्यासमा नारी भएकै कारणले पुरुषले उनीहरूलाई गर्ने दमनजन्य क्रियाकलाप, लैङ्गिक विभेद, पितृसत्ताले गरेको नारी शोषण, यौन शोषण जस्ता विषयमा नारीहरू सचेत देखिन्छन् । यस प्रकारको भेदभावपूर्ण व्यवहार र शोषणको विरोध गरिएको हुनाले प्रस्तुत उपन्यासमा अभिव्यक्त नारी शोषणप्रतिको विद्रोहको अध्ययन यसरी गर्न सकिन्छ :

### ४.२.१ पितृसत्ताले गरेको शोषणप्रतिको विद्रोह

पितृसत्तात्मक समाजले नारीका कुरालाई कम महत्त्व दिने गर्दछ । यस किसिमको उदाहरण **शरणार्थी** उपन्यासमा पनि देखा पर्दछ । प्रस्तुत उपन्यासमा पितृसत्ताले गरेको दुर्व्यवहारको विरोध गर्दै धर्मेकी स्वास्नी भन्छे :

> के गर्नू, हामी आइमाईको कुरा कहिल्यै बिक्दैन । हामीलाई खाली बस्तुभाउ जस्तो सम्पत्तिका रूपमा पालेको ठान्नुहुन्छ तपाइँ लोग्नेमान्छेहरू । हाम्रो पनि बुद्धि हुन्छ, हामी पनि सोच्न सक्छौँ, हाम्रो राय पनि काम लाग्छ भन्ने ठानेको भा' यो दुःख पहिले नै टरिसक्ने थियो (पृ.८६) ।

धर्मेले स्वास्नीको कुरालाई प्राथमिकता नदिएको यस उदाहरणले पितृसत्ताले नारीमाथि गरेको अमानवीय व्यवहारलाई देखाएको छ भने धर्मेकी स्वास्नीको यस किसिमको विचारले नारीमा पितृसत्ताले गर्ने दमनका सन्दर्भमा चेतना आइसकेको र त्यसलाई सहज रूपमा स्वीकार नगरी आवाज उठ्न थालेको स्थितिलाई द्योतन गर्दछ ।

पितृसत्तात्मक समाजले विवाह गरेर ल्याएपछि नारीलाई कम महत्त्व दिने अर्थात् नारीको पीडा बभ्नुको सट्टा आफूखुसी लत्ता छाडेर हिँडी घर र सन्तानको भार नारीलाई छोडिदिने सन्दर्भको विरोध गर्दै हरिकी स्वास्नी भन्छे : "दुःखका घडीमा तपाईंले पनि यसो गर्नुहोला, गति नै छाड्नुहोला भन्ने पनि त कसले सोचेको थियो ? सारा श्रीसम्पत्ति बर्मामा छोडेर रित्तै हिँडेर पनि त आमाबाबुले तपाईंहरूलाई यहाँसम्म ल्याएर हुर्काएकै रहेछन् नि † " (पृ.१०१) । यतिमात्र होइन सुशीलाले घर छाडेर हिँडेपछि उसका तीन सन्तानको जिम्मेवारीसमेत बोकेकी हरिकी श्रीमती विवाह गरेर यतिका दुःख दिनुभयो भनी श्रीमान्सँग गुनासो गर्छे । यस कथनले पुरुषले

महिलामाथि लादेको दुःखपूर्ण व्यवहारको जिम्मेवारीप्रति विद्रोह जनाएको छ । पितृसत्ताले नारीलाई कमजोर, हीन र बुद्धिहीन ठान्दै पुरुषलाई बुद्धिपूर्ण ठान्ने प्रवृत्तिलाई सङ्केत गर्दै त्यसको विरोधमा जयमाया भन्छे : "जय बहादुर † लोग्नेमान्छेहरू धेर बुद्धिवादी हुन्छन् । उनीहरूलाई बुद्धिमा रम्न मजा लाग्छ । तर हामी नारीहरू, आमाहरू बुद्धितिर लाग्नै नपाई हाम्रो स्तन पग्लिसक्छ, मन उडिसक्छ, आँखा रोइसक्छ" (पृ.१३३) । बर्थाको सापे छोरोलाई छोडेर जाने जय बहादुरको निर्णयप्रति असन्तुष्टि जनाउँदै जयमायाले यसो भन्नुले पुरुषले महिलालाई सधैँ कमजोर र बुद्धिहीन ठान्ने प्रवृत्तिप्रति व्यङ्ग्यपूर्ण तवरले विरोध गरेको देखिन्छ ।

### ४.२.२ लैङ्गिक शोषणप्रतिको विद्रोह

लैङ्गिक हिसाबले अलग हुँदैमा नारी र पुरुषमाथि गरिने विभेदको विरोध गर्नु नै लैङ्गिक शोषणप्रतिको विद्रोह हो । धर्मेकी स्वास्नीले कुनै पनि कामको निर्णय पुरुष आफैँ गर्ने तर नारीको कुरालाई महत्त्व नदिने प्रस्तुत सन्दर्भमार्फत लैङ्गिक शोषणप्रतिको विद्रोहलाई सङ्केत गरिएको छ :

> के गर्नू, हामी आइमाईको कुरा कहिल्यै बिक्दैन ।... हाम्रो पनि बुद्धि हुन्छ, हामी पनि सोच्न सक्छौँ, हाम्रो राय पनि काम लाग्छ भन्ने ठानेको भा'यो दुःख पहिले नै टारिसक्ने थियो ।... घमन्डी मान्छे, कहिल्यै मेरो कुरा मान्नुभएन । यो लर्को लिएर उसैदिन मेची तरेको भए कस्तो हुन्थ्यो ? (पृ.८६) ।

यस भनाइमा नारीलाई बुद्धिहीन ठान्ने, निर्णयमा नारीलाई स्थान नदिने लैङ्गिक विभेदपूर्ण व्यवहारप्रति असन्तुष्टि मात्र होइन विरोध समेत गरिएको पाइन्छ ।

### ४.२.३ यौन शोषणप्रतिको विद्रोह

**शरणार्थी** उपन्यासमा नारीहरूले पुरुषद्वारा यौनशोषणको समस्या भोग्नु परेको तितो कारुणिक यथार्थको विरोध गरिएको पाइन्छ । यस उपन्यासका नारी तथा पुरुष पात्रहरूले नारीहरूमाथि पुरुषले गर्ने अमानवीय व्यवहार अर्थात् नारीलाई भोगको वस्तुका रूपमा गरिने शोषणको विरोध गरेका छन् ।

जयमायाका बाबुले उनकी श्रीमती अर्थात् सुबेदार्नीसँग यसो भन्छन् : "सुबेदार्नी † हामीले यस छोरीका लागि मात्र पनि यो ठाउँ छोड्नुपर्छ । हेर यहाँ यो आन्दोलन चर्किएको बेला सबैभन्दा असुरक्षित हुन्छन् छोरीबुहारी" (पृ.३१) । शिवजित राईको यस भनाइले युद्धका समयमा नारीलाई नै यौन शोषण गर्ने प्रवृत्तिको विरोध गर्दै यसबाट सतर्क हुन कदम चाल्नुपर्ने विचार प्रकट गरेको छ । सुयोगवीरको महिलालाई भोग्या वस्तुको रूपमा हेर्ने प्रवृत्तिप्रति आक्रोश व्यक्त गर्दै शिवजित राई भन्छन् :

> त्यो अनकन्टार जङ्गलमा, राति एउटी बेहोस सुकुमारीका शरीरमाथि सुयोगवीरले जे-जे गर्न सक्थ्यो गऱ्यो । एउटा हिंस्रक पशुले पनि एक क्षणपछि छोडेर हिँड्छ तर त्यसले त उसका प्रत्येक अङ्गसँग खेल खेल्यो । उसको नाङ्गो छाती आफ्ना बर्बर हातहरूले चिथोरेर रगताम्मे पारिदियो । उसको ओठ, गाला र गर्धन टोकेर रगताम्मे पारिदियो । रातभरि त्यो निर्जीव शरीरसँग खेलेर बिहानतिर त्यसलाई झाडीमा फ्याँकेर ऊ क्याम्पतिर फर्कियो (पृ.३३) ।

यसरी उनले सुयोगवीरले नारीमाथि गरेको यस किसिमको यौन शोषणको विरोध गर्नुले नारीलाई यौनका आधारमा शोषण गर्नुको सट्टा पुरुष सरह अस्मिताको जोखिम रहित स्वतन्त्र जीवन जिउन पाउनु पर्ने कुराको समर्थन गरेको पाइन्छ ।

प्रस्तुत उपन्यासमा यौन शोषणप्रतिको विद्रोहलाई जयमायाको यस कथनले स्पष्ट पारेको छ : "आमाका मुखबाट सुयोगवीरको कथा सुन्दा मेरो शरीर डरले लगलग कामिरहेको थियो । चिटचिट पसिना आएको थियो । त्यस मान्छेका गाला चिथोरिदिऊँ, टोकेर रगताम्मे पारिदिऊँ जस्तो लागेर आयो" (पृ.३३) । बर्माकी आदिबासी नारीमाथि सुयोगवीरले गरेको यौनशोषणपूर्ण हत्याको विरोधमा विद्रोहपूर्ण स्वर जयमायाको यस कथनमा प्रस्तुत भएको देखिन्छ ।

बर्माबाट भागेकी नेपाली मूलकी महिलाप्रति मायाको जाल रचेर पुरुषले गरेको यौन शोषणलाई यस उपन्यासमा यसरी प्रस्तुत गरिएको छ : "बाटोका किनारमा एउटा झाडीभित्र एउटी बीस-बाइसकी युवती पीडाले छटपटाइरहेकी थिई । त्यसलाई भर्खरै दुई जना युवकहरूले बलात्कार गरी छोडेर गएका रहेछन्" (पृ.३६) । यस कथनले नारीमाथि पुरुषले गर्ने यौनशोषणपूर्ण व्यवहारलाई देखाउँदै पुरुषले नारीमाथि गर्ने त्यस किसिमको व्यवहारप्रति अप्रत्यक्ष रूपमा विरोध जनाइएको छ । दार्जीलिङमा पढ्न पठाइएको धनी बाबुको छोरो चन्द्रप्रकाशको व्यवहारमा पनि नारीलाई भोग्या वस्तुका रूपमा लिने प्रवृत्ति देख्न सकिन्छ । पुतली, कान्ता, रत्ना, रूपा जस्ता नारीहरूमाथि उसले गरेको यौनशोषण र नाटकीय प्रेमले यस कुराको पुष्टि गर्छ । प्रस्तुत उपन्यासमा भनिएको छ :

> तेह्र वर्षकै उमेरमा उनलाई सर्किनीको बात लागेको थियो । उनको शरीरमा तेलमालिस गरिदिन आउने पुतली गर्भवती भएकी थिई ।..पुतलीलाई गर्भवती बनाएर दार्जीलिङ पसेको उसले कान्तालाई आफ्नो प्रेमको जालमा पारिसकेको थियो ।...त्यही बासको सिलसिलामा भेट हुन पुगेकी एक सुशील रत्ना चन्द्रप्रकाशको भोककी सिकार बन्न पुगी (पृ.६८) ।

यस भनाइले चन्द्रप्रकाशमा भएको नारी यौन शोषणलाई प्रस्तुत गर्दै नारीमाथि पुरुषले गर्ने दुर्व्यवहारको विरोध गरेको छ । यसका साथै हरिकी श्रीमतीले पदमले आफूमाथि गरेको बलात्कारको घटना हरिलाई सुनाउने क्रममा पुरुषको यौनशोषणपूर्ण व्यवहारप्रति विद्रोह गरेको देखिन्छ । यसर्थ प्रस्तुत उपन्यासमा सुयोगवीर, चन्द्रप्रकाश, दुई युवक जस्ता पुरुषहरूले नारीमाथि गरेको यौनशोषणलाई शिवजित राई, जयमाया, हरिकी श्रीमती जस्ता पात्रमार्फत विरोध गराइएको पाइन्छ । यसरी प्रस्तुत उपन्यासमा नारीले झेल्नुपरेको पितृसत्तात्मक शोषण, लैङ्गिक शोषण र यौन शोषणप्रति असन्तुष्टि व्यक्त गर्दै विद्रोह प्रकट गरिएको हुनाले यस उपन्यासमा नारीवादी प्रवृत्ति पाउन सकिन्छ ।

### ४.३ 'आधाबाटो' उपन्यासमा नारी शोषणप्रतिको विद्रोह

**आधाबाटो** उपन्यासमा उपस्थित सीता, अम्बिका, काली, कालीकी आमा, भगी, भगीकी आमा आदि नारी पात्र एवम् धराबासी लगायतका पुरुष पात्रले नारीमाथि हुने शोषणलाई हेरिरहेका छन् वा विरोध गरेका छन् भन्ने कुराको अध्ययन गरी नारीवादी प्रवृत्तिको विश्लेषण यहाँ गरिएको छ :

### ४.३.१ पितृसत्ताले गरेको शोषणप्रतिको विद्रोह

प्रस्तुत उपन्यासमा पितृसत्तात्मक शोषणको विरोध गर्ने पात्रहरूको प्रयोग भएको पाईंदैन । विवाहका सन्दर्भमा पितृसत्ताले पुरुषको उमेर जति भए पनि विवाह गर्न योग्य हुने तर कन्यालाई महिवारी नहुँदै विवाह गरिदिनु पर्ने नियमको समर्थन गरेको पाइन्छ । यसका साथै पितृसत्ताले मर्दकी दशवटी भनेझैं पुरुषले जति पनि विवाह गर्न पाउने परम्पराको समर्थन गर्दछ । प्रस्तुत उपन्यासमा धराबासीकी दिदी कमला, बहिनी चन्द्राको बाल्यवस्थामा नै विवाह भएको छ । धराबासीको आमाको नौ वर्षको उमेरमा विवाह भएको छ भने धराबासीकै श्रीमतीको सत्र वर्षको उमेरमा विवाह भएको छ । छोरालाई पढ्न पठाउने तर छोरीलाई घरधन्दामा सीमित गर्ने पितृसत्तात्मक मान्यतालाई धराबासीको परिवारले निरन्तरता दिएको छ । छोरीको विवाहले घरायसी काममा बाधा पुगेको र उमेरमा जति नै सानो भए पनि घरायसी काम एकपछि अर्को छोरीमा हस्तान्तरण हुने पितृसत्तात्मक परम्परालाई यस कथनले पुष्टि गर्दछ :

> एकवर्ष अगाडि जन्मिएको भाइ कुमार चन्द्राले नै हुर्काएकी थिई ।... ऊ बिहे भएर गएपछि भाइलाई फुल्याउन साह्रै गाह्रो पऱ्यो ।... चन्द्राको बिहे भएपछि सानै भए पनि घर धन्दाको जिम्मा टीकामाथि खनिएको थियो । उसले रुँदै, कराउँदै, झगडा गर्दै बिस्तारै त्यो जिम्मा बहन गर्न थाली (पृ.८३) ।

धराबासीकी आमाले आताका सन्दर्भमा भनेको यस कथनले पितृसत्तात्मक शोषणलाई सङ्केत गरेको छ : “आइमाई जतिसुकै बाठी भए पनि के हुन्छ र ? लोग्ने मान्छेको फन्दामा परेपछि आइमाईको बाठोपन सबै कहाँ भाग्छभाग्छ” (पृ.२६५) । वास्तवमा पितृसत्तात्मक समाजले महिलाका आवाजलाई दबाउने र नारीले बाठो भएर केही बोल्यो भने पनि पोथी बासेको सुहाउँदैन भन्ने मान्यता बोकेको छ । त्यसैले त्यस्तो समाजले जतिसुकै शिक्षित र टाठाबाठा नारीलाई पनि बिहेको सञ्जालमा पारेपछि दमन गरेर कब्जामा लिइछाड्छ भन्ने सन्दर्भलाई अम्बिकाको यस कथनले प्रस्तुत गरेको छ ।

### ४.३.२ सामाजिक शोषणप्रतिको विद्रोह

पितृसत्तात्मक समाजले विधवा र वृद्ध नारीलाई अनेक किसिमका आरोपहरू लगाएको पाइन्छ । श्रीमान्‌को मृत्युको शोकमा परेका महिलालाई जेसुकै कारणले श्रीमान्‌को मृत्यु भए पनि अलच्छिनी, पोइ टोकुवैको संज्ञा दिने र वृद्ध हुँदै गएका कमजोर नारीहरूलाई बोक्सीको आरोप लगाएर नारीमाथि शोषण गर्ने प्रवृत्ति समाजमा विद्यमान छ । यस उपन्यासमा धराबासीकी आमाको रिस गर्नेहरूले भट्टराईनी बोक्सी भन्नुले पनि यही अवस्थामाथिको शोषणलाई प्रस्ट्याउँछ । यसको विरोध गर्दै धराबासी भन्छन् :

> बूढी हुँदै गएपछि आइमाईहरू बोक्सी हुन्छन् हाम्रो समाजमा । राम्री, उमेरदार, रूपवती, लडभीड गर्न सक्ने, बलियी, तागतिली होइञ्जेल कुनै आइमाई बोक्सी हुन्नन् । उमेरमा प्रत्येक युवती प्रेमिका र पत्नीमय हुन्छन्, तिनमा बोक्सीत्व पाउनै कठिन । जब अशक्त, कमजोर र रोगी हुँदै जान्छन् त्यही समाजले उसलाई बोक्सी करार गर्न थाल्छ (पृ.३१६) ।

धराबासीको यस कथनले नारीमाथि गरिने सामाजिक शोषणको विरोध गरेको छ । समाजमा नारीलाई सङ्घर्षहरूसँग जुध्दै गर्नुपर्ने कठिन यात्राका सन्दर्भमा धराबासी भन्छन् :

> नारीलाई इज्जतको, प्रतिष्ठाको, सुरक्षाको, आफ्नै शरीरको पनि कति भारी हुन्छ कति बोझ हुन्छ ? आफ्नै शरीरलाई पनि कति गह्रौँसँगले बोक्दै त्यसमाथि अरू सन्तानका भारीहरू खप्टनु पर्छ । अनाथ, असहाय र विपन्नतासँग धेरै जिस्कन्छ समाज, धेरै हाँस्दछ परिवार (पृ.३८२) ।

यस कथनमार्फत धराबासीले नारीलाई समाजले हरेक कुरामा बाँधेको र ती बन्धनका बिचमा पनि सङ्घर्षपूर्ण जीवन जिउन बाध्य नारीको विवशतामार्फत सामाजिक शोषणको विरोध गरेको पाइन्छ ।

### ४.३.३ यौन शोषणप्रतिको विद्रोह

प्रस्तुत उपन्यासमा नारीमाथि हुने यौनशोषणको विरोध धराबासीकी आमाले गरेको पाइन्छ । आफूलाई हात हाल्न खोजेको उडियालाई उनले ढकले हानेर खप्पर फोरिदिएको आरोपमा पुलिसले लगेपछि अम्बिकाका आइमाई साथीहरूले भनेको यस कथनले उनले पुरुषले गर्ने यौनशोषणको विरोध गरेको पुष्टि हुन्छ :

> यसमा माइलीको केही दोष छैन । त्यो उडिया रक्सीले मातेर आएर जहिले पनि यिनलाई कस्तो नराम्रो गरी हेर्ने, खैनी किन्ने निहुँले हात समात्न खोज्ने गर्थ्यो । आज त त्यसले जिउमै हात हालुँला जस्तो गर्‍यो । व्यापारी हुँदैमा कत्ति सहनु त । तिनै उडिया मोराहरूले खैनी नकिने किन्दैनन् । माइलीले आज त्यसलाई ढकले हानेकै हो । हामी आइमाईले गरी खान नपाउनु मालिक ? (पृ.४२) ।

यस कथनमा नारीमाथि पुरुषले गर्ने यौनशोषणको विरोध अम्बिकाले मात्र नगरेर अन्य आइमाईहरूले समेत गरेको देखिन्छ ।

प्रस्तुत उपन्यासमा पाँच महिनाकी गर्भवती श्रीमती आतालाई छोडेर राति नै उसको श्रीमान् भागेको छ । उसैको छोरी जन्माएर हुर्काउँदै लोग्नेलाई कुरेर बसेकी श्रीमती खोज्दै आताको श्रीमान् नआउनुले नारीमाथि उसले गरेको यौनशोषणपूर्ण व्यवहार स्पष्ट हुन्छ । तर आताले उसको श्रीमान्को विरोध गर्नुभन्दा जहाँ भए पनि जीवित होस् भन्दै बाटो हेरेर जीवन बिताइरहेकी छ । पागल बनेर हिँडेकी कालीकी आमालाई सुतेको ठाउँबाट उठाएर घिसार्दै स्कुलको चौरमा लगी प्रहरीहरूले बलात्कार गरेको सन्दर्भले नारीमाथि हुने बर्बरतापूर्ण यौन शोषणलाई स्पष्ट पार्दछ (पृ.३०७) । खसीकट्टा कार्कीले मातेर आएर स्वास्नीलाई कुट्नु नारीमाथि पुरुषले गर्ने शोषणकै पराकाष्ठा हो । यस उपन्यासमा खसीकट्टा कार्कीकी अर्ध पागल छोरी भगी गर्भवती हुनु पनि नारी यौन शोषणकै सशक्त उदाहरण हो ।

प्रस्तुत उपन्यासमा धराबासीले एउटा अर्धपागल आइमाई भगीलाई बलात्कार गरी गर्भवती बनाएको सन्दर्भको विरोध गर्दै भनेका छन् : “भगीको गर्भवती अवस्था देख्दा मलाई आफू पुरुष भएकोमा समेत कतिपल्ट घृणा पलाएर आउँथ्यो ।... अरे नर्कबासी पुरुष † कति सास्ती दिन्छौ नारीको शरीरको मासुलाई ?” (पृ.३१३) । धराबासीको यस कथनले नारी शरीर देख्नेबित्तिकै यौन उत्तेजनामा आउने र बलात्कार गर्ने पुरुषहरूप्रति विद्रोह जनाएको छ । यसरी **आधाबाटो** उपन्यासमा प्रयुक्त पात्रहरूले नारीमाथि हुने गरेका पितृसत्तात्मक, सामाजिक एवम् यौन शोषणको विरोध गरेको देखिन्छ ।

## ४.४ 'राधा' उपन्यासमा नारी शोषणप्रतिको विद्रोह

**राधा** उपन्यासमा उपस्थित नारीपात्रहरूले उनीहरूमाथि हुँदै आएको दमनजन्य व्यवहारको विरोध गरेको पाइन्छ । प्रस्तुत उपन्यासमा पितृसत्तात्मक समाजले नारीहरूमाथि गरेको विभेदपूर्ण व्यवहारलाई बोध गर्ने सचेत नारी पात्रको प्रयोग गरिएको देखिन्छ । नारीले जुनसुकै किसिमको विभेद र अन्याय सहनु हुँदैन भन्दै त्यसको विरोध गर्ने सचेत नारीपात्रका कथनहरूमा देखिएको नारी शोषणप्रतिको विद्रोहलाई विभिन्न बुँदाहरूमा यसरी अध्ययन गरिएको छ :

### ४.४.१ पितृसत्ताले गरेको शोषणप्रतिको विद्रोह

**राधा** उपन्यासमा पितृसत्तात्मक समाजले नारीमाथि शोषण गरेको सन्दर्भमा नारीहरूले त्यसप्रति विद्रोह गरेको पाइन्छ । पितृसत्तात्मक समाजले पुरुषलाई श्रेष्ठ र महिलालाई कमजोर ठान्छ । प्रस्तुत उपन्यासकी प्रमुख पात्र राधाका क्रियाकलापले पुरुषमात्र बलिया, क्षमतावान्, कठोर र आश्रयदाता होइनन् भन्ने कुरालाई प्रस्ट पारेको देखिन्छ । यस सन्दर्भमा उनी भन्छिन् :

> उनले मलाई भयानक सङ्कटबाट संरक्षण दिन सक्लान् जस्तो लाग्दैनथ्यो । यसो हेर्थें, लुतेलुते केटो । रउसे, आकर्षक र रमाइलो पनि । तर अपर्झट केही आपत्ति आइपर्दा उनले एक्लै के गर्न सक्लान् र ? (पृ.२३) ।

राधाको यस भनाइमा पुरुषलाई श्रेष्ठ ठान्ने परम्परावादी सोचको विघटन भएको छ र नारीहरूको नजरमा पुरुषलाई बलियो, साहसी, श्रेष्ठ ठान्ने सोचको विस्थापन भई पुरुष हुँदैमा नारीभन्दा श्रेष्ठ हुन्छ भन्नु पितृसत्तात्मक सोच मात्र हो भन्ने नारीवादी प्रवृत्तिको समर्थन हुन पुगेको पाइन्छ ।

प्रस्तुत उपन्यासमा राधाले आफू कृष्णकी प्रिया भइसकेको हुनाले उनको बाहेक अरू कसैको हुन नसक्ने कुरा कलावती अर्थात् आमासँग निर्धक्कसँग भनिरहँदा आमाले दिनुभएको यस जवाफले पितृसत्ताले नारीमाथि गरेको दमनलाई स्पष्ट पार्दछ : "छोरी † हामी नारीहरूले कहाँ त्यत्रो हठ लिन सक्छौं । पतिका अगि हाम्रो हठ त्यति दह्रो हुँदैन । तिम्रा पिताको निर्णयलाई मैले बदल्न सकुँली जस्तो मलाई लाग्दैन" (पृ.५६) । कलावतीको यस भनाइले पुरुषको निर्णयको अगि महिलाको कुनै महत्त्व नभएको कुरा स्पष्ट हुन्छ । यसले पितृसत्तात्मक समाजमा महिलालाई केही कुराको निर्णयमा स्वतन्त्रता नभएको समेत स्पष्ट भएको छ । पितृसत्ताको अगाडि नारीहरू निरीह भए पनि त्यस किसिमको दमनप्रति सचेत भएका नारीहरूले त्यसलाई सहजै स्वीकार नगरेर गुनासो प्रकट गर्नुले पितृसत्ताप्रतिको असन्तुष्टि यस भनाइमा प्रस्तुत भएको पाइन्छ ।

कृष्णको जन्मलाई लिएर समाजले अनेक चारित्रिक आरोप खेप्नु परेकी यशोदालाई एकनंशासँग साटेर वासुदेवको पुत्रलाई आफ्नो पुत्र भनी नन्दजीले छक्याएको देखेर असाध्यै रिस उठ्छ । यतिबेला पुरुषले नारीलाई भ्रमपूर्ण जीवन जिउन बाध्य गरेको र महिलाप्रति विश्वास नगरेको ठानेकी यशोदाले आफ्नै पतिको यस्तो व्यवहार सहन नसकी विद्रोह गर्दै भन्छिन् : "हे शङ्कालु, अविश्वासी, दम्भ पुरुष † तिमीले मेरो सारा जीवनलाई निरर्थक र पत्रु बनाइदियौ । मलाई कहींको हुन दिएनौ" (पृ.८१) । यशोदाको यस भनाइमा पुरुषकै कारण नारीले अनेक लाञ्छना खप्नुपरे पनि पुरुष भने अछुतो रहने पितृसत्तात्मक समाजप्रति विद्रोह देखिन्छ ।

यशोदा मात्र होइन व्रजमा वनभोजमा गएका नारीहरू पुरुषसँग रात बिताएको आरोपमा नजरबन्द गरिएको कारण दुःखी र लज्जित थिए । वनभोजमा उपस्थित पुरुषले भने नारीले जस्तो पीडा

भोग्नु परेको थिएन । कृष्णकै कारणले आफूहरूको बेइज्जत भएको भन्दै पुरुषप्रति राधा विद्रोही हुन थालेको अनुभव गर्दै भन्छिन् : “किनकिन मभित्र पुरुषप्रति अलिक बेग्लै खालको विद्रोह उत्पन्न हुन थालेझैँ लाग्दै गयो” (पृ.१४८) । यतिमात्र होइन, यशोदाले पतिलाई रक्षक मान्दै तिनीहरूको विपक्षमा बोल्नु गलत हुने भन्ने कुरालाई काट्दै राधा भन्छिन् :

> के गलत हुन्छ र माता † एउटा पुरुष अनेक नारीको भोग गर्दछ । पति भनेपछि एउटी पत्नीको हुनुपर्ने होइन र ? नारीले भने एउटा पुरुषमा आफ्ना सारा आदर्श र इच्छाहरू सीमित गर्नुपर्ने, तर पुरुषलाई त्यो लागू नै नहुने, यो मान्यता के पुरुषले नै बनाएको होइन र ? (पृ.१४८) ।

यस भनाइमार्फत राधाले पुरुषले बहुपत्नीलाई राखे पनि कसैले खोट लगाउन नसक्ने समाजले नारीलाई हरेक कुरामा बन्देज गरेको पितृसत्तात्मक पुरुष सोचको विरोध गरेको देखिन्छ ।

राधाले द्वारिकामा कृष्णले बनाएको राधाभवनमा केही दिन बसिसकेपछि आफ्नो वैष्णवी बनेर तीर्थाटनमा हिँड्ने उद्देश्यमा आँच आउन लागेको सम्झेर फेरि यात्राको तयारी गर्छिन् । यस समयमा कृष्णले राधालाई कतै नगई त्यहीँ बस्ने आग्रह गर्दा राधाले दिएको जवाफले पितृसत्ताको विरोध गरेको देखिन्छ । उनी भन्छिन् :

> यो यात्राभरि म ठाउँठाउँमा गएर प्रेम र अहिंसाको प्रचार गर्नेछु । नारीहरूमाथि हुने गरेका ज्यादतीहरूको विरोध गर्दै नारीजागरण र चेतनाको प्रचार गर्नेछु । पुरुषहरूले नारीलाई उपभोग्य पदार्थका रूपमा मात्र लिएको र नारीहरूले पनि आफूलाई त्यसै अनुकूल स्वीकारेको यो परम्पराको विरोध गर्नेछु (पृ.२२८) ।

राधाको यस भनाइले उनमा पितृसत्ताले गरेको दमनको चेतना आइसकेको स्पष्ट देखिन्छ । उनले पितृसत्ताले नारीलाई विभिन्न किसिमका दमन र शोषणहरू गर्दै आएको र महिलाले त्यसलाई निरीह भएर भोगिरहेको सन्दर्भको चर्चा गरेर पितृसत्तात्मक समाजले महिलामाथि गरेको शोषणलाई स्पष्ट पारेकी छन् । यसरी प्रस्तुत उपन्यासमा राधाले पितृसत्तात्मक दमनप्रति सचेत रूपमै विरोध गरेको पाइन्छ ।

### ४.४.२ लैङ्गिक शोषणप्रतिको विद्रोह

लिङ्गका आधारमा नारीमाथि गरिने शोषणको विरोध गर्नु नै लैङ्गिक शोषणप्रतिको विद्रोह हो । **राधा** उपन्यासमा यस किसिमको शोषणप्रतिको विद्रोहलाई प्रस्तुत गरिएको छ । राधा लगायत व्रजका गोपिनीहरू कृष्णको रात्री वनभोजमा गएका कारण समाजले कृष्णलाई कुनै दण्ड दिएको देखिँदैन तर गोपिनीहरूलाई भने नजरबन्दमा राख्नुले लैङ्गिक आधारमा भएको विभेद स्पष्ट हुन्छ । व्रजभरि फैलिएको रासलीला सम्बन्धी घटनाले राधाका बाबु आमामा अनेक आरोप आएकाले एकदिन कलावतीले आफ्नी छोरी राधालाई बाबुको इज्जतको लागि भए पनि कृष्णसँगको प्रेमलाई बिर्सिदिने सल्लाह दिँदा राधा भन्छिन् : “आमा † यो संसारमा सदासदाका लागि भनी कोही जन्मेको होइन । त्यसैले जन्मिहालेपछि यहाँ बाँच्न र मर्न आफ्नो आफ्नो खुसीले हुनुपर्ने होला । यस्तो नराम्रो जिन्दगी बाँचिरहेर के फाइदा, होइन ?” (पृ.४०) । सामाजिक प्रतिष्ठाका लागि छोरीमाथि गरिएको प्रेमको नियन्त्रणको विरोध गर्दै राधाले प्रकट गरेको यस विचारमा लैङ्गिक विभेदप्रति असहमति व्यक्त भएको छ । यसका साथै समाजको कुरा सुनेर परिवारले खडा गरेको पर्खालको विरोध

गर्नका लागि जीवनलाई समाप्त पार्ने धम्की दिएरै भए पनि लैङ्गिक शोषणको विरोध राधाको यस भनाइमा पाउन सकिन्छ । यस्तै राधा र कृष्णमा भएको प्रेम सम्बन्धलाई लिएर समाजले वृषभानुको प्रतिष्ठाप्रति औंला ठड्याएपछि राधाले प्रस्तुत गरेको यस विचारमा पनि लैङ्गिक आधारमा हुने नारी शोषणको विरोध पाउन सकिन्छ :

> गाउँलेलाई के मतलब कसले के गर्छ, कसले के ? म जोसँग प्रेम गरूँ कि विवाह गरूँ, त्यो मेरो रुचि, इच्छाको कुरा हो । आफ्नो हित-अहित सोच्ने मेरो आफ्नै काम हो । दु:ख पाए पनि सुख पाए पनि संसारमा त्यसको बाँडफाँड कसले गर्ने गरेको छ र ? सुखमा सबैले अधिकार जमाउन खोजे पनि दु:खमा त कसले साथ दिन्छ र ? मानिस आफ्नो जीवनबारे निर्णय गर्न पूर्ण रूपले स्वतन्त्र हुनुपर्छ (पृ.४८) ।

राधाको यस भनाइमा समाजले प्रेम सम्बन्धलाई लिएर पनि पुरुषको भन्दा महिलाको नै खेदो खन्ने गरेको हुनाले लैङ्गिक आधारमा महिलाले भोग्नु परेको पीडाको विरोध स्पष्ट भएको पाइन्छ । महिलालाई पनि प्रेम र विवाह गर्ने स्वतन्त्र निर्णय हुनुपर्ने अर्थात् आफूले जिउने जीवनको निर्णय आफैं गर्न पाउनु पर्ने विचार प्रस्तुत गर्दै नारी स्वतन्त्रता र लैङ्गिक समानताका पक्षमा राधाले वकालत गरेको पाइन्छ जसले लैङ्गिक शोषणको पनि विरोध गरेको छ ।

राधा, माधवी र एकनंशाले अभिव्यक्त गरेको नारीमाथि हुने गरेका यौन शोषणप्रतिको विद्रोही विचारले पनि लिङ्गका आधारमा महिलालाई दमन गरी उपभोग्या वस्तुका रूपमा पुरुषले गरेको लैङ्गिक शोषणको समेत विरोध भएको पाइन्छ । व्यक्ति (पुरुष), परिवार, समाज लगायत राष्ट्रले समेत नारीलाई पुरुषको हैसियत प्रदान गर्न हिचकिचाएको र विभेदपूर्ण व्यवहार गरेको कतिपय प्रसङ्गले **राधा** उपन्यासमा गरिएको लैङ्गिक विभेदलाई देखाएको पाइन्छ । व्रजको अधिकार राधाले लिएपछि छोरीमान्छेले कसरी त्यो अभिभारा सम्हाल्न सक्ली भनेर समाजले गरेको आलोचना, विशाखाको बिहे र राधाको प्रेमको विरोधमा उठेको आवाज, द्रौपदीको इच्छा विपरीत हुनुपरेको बहुपत्नीत्व, एकनंशालाई कंसको सिकारका लागि सुम्पिएको घटना आदिले लैङ्गिकताका आधारमा नारीहरूले सहनु परेको विभेदलाई प्रस्ट पारेको छ । यी प्रवृत्तिको विरोध गर्दै नारी पात्रहरूले लैङ्गिकताकै आधारमा हुने गरेका विभेदको विरोध गरिएको हुनाले प्रस्तुत उपन्यासमा लैङ्गिक शोषणप्रतिको विद्रोह प्रस्तुत भएको पाइन्छ ।

### ४.४.३ पारिवारिक शोषणप्रतिको विद्रोह

परिवारभित्रै महिलामाथि हुने गरेका अन्यायपूर्ण व्यवहारको विरोध गर्नु नै पारिवारिक शोषणप्रतिको विद्रोह हो । **राधा** उपन्यासमा राधाले आफ्नी आमाले कृष्णसँगको प्रेमलाई छाडिदेऊ भन्दा गरेको विरोध यसरी प्रकट भएको छ : "आमा † यो संसारमा सदासदाका लागि भनी कोही जन्मेको होइन । त्यसैले जन्मिहालेपछि यहाँ बाँच्न र मर्न आफ्नो आफ्नो खुसीले हुनुपर्ने होला । यस्तो नराम्रो जिन्दगी बाँचिरहेर के फाइदा, होइन ?" (पृ.४०) । राधाले यस कथनमा प्रत्यक्ष रूपमा जीवन मरण सम्बन्धी दार्शनिक विचार प्रस्तुत गरे पनि अप्रत्यक्ष रूपमा प्रेमका लागि महिलाहरू स्वतन्त्र भएको, यदि यसमा कसैले भाँजो हाल्छ भने आत्महत्या गरिदिने विचार व्यक्त गरेकी छन् । उनको यस किसिमको विचारले प्रेमका विषयलाई लिएर महिलामा गरिएको प्रेम सम्बन्धी बन्देजपूर्ण व्यवहारको विरोध भएको छ । यसर्थ राधाको यस कथनमा पारिवारिक शोषणप्रति विद्रोही चेतना प्रस्तुत भएको देखिन्छ ।

राधाले मात्र विशाखाले पनि परिवारले छानेको केटोसँग बिहे गर्न अस्वीकार गरेकी छ । धनसम्पत्तिको लोभ देखाउँदै दोस्री श्रीमतीका रूपमा उमेरले निकै जेठो केटोसँग विशाखाको विवाह गरिदिने निर्णय परिवारले गरेपछि तीर्थाटनमा निस्किएकी राधासँगै जाने अठोट गरी विशाखाले घर छाडी आएको घटनाले उसको परिवारप्रतिको विद्रोह स्पष्ट पार्दछ । परिवारले विवाहमा गरेको स्वतन्त्र निर्णयले विशाखालाई विद्रोही बनाएको छ । यसर्थ विशाखाको यस व्यवहारमा पनि पारिवारिक शोषणप्रति विद्रोही भाव देख्न सकिन्छ ।

एकनंशाले कंसले आफूलाई सुखसयल दिएर दरबारमा राखे पनि बन्दी झैँ जीवन गुजार्न परेको मत प्रस्तुत गरेकी छ । उसको यस विचारले परिवारले उसलाई स्वतन्त्रता प्रदान नगरेको स्पष्ट हुन्छ । दुर्वासा जस्तो रिसाहा र वृद्ध पुरुषसँग दाजु कृष्णले एकनंशाको विवाह गरिदिएको घटनाले परिवारले उसमाथि गरेको अन्याय देख्न सकिन्छ । यसप्रति असन्तुष्टि जनाउँदै ऊ भन्छे :

> मेरो विवाहका लागि मलाई कुनै राय लिइएन । मेरा अघि मभन्दा कैयौँ वर्ष ज्येष्ठ पुरुष लामोलामो दाह्री हातले मसार्दै दुलहा बनेर उभिएको थियो । सारा समाजको अघि मैले त्यसलाई माला लगाइदिएँ ।... बेलाबेला आमाहरूले आपसमा कुरा गरेको सुन्थेँ - ‘कृष्णले आफ्नी बहिनीलाई कुभलो गर्दैनन् । उनले विचारेका मान्छेमा हामीले खोट खोज्नु हुँदैन ।’ आमाहरू नै आत्मसमर्पण गरिरहनुभएको थियो । आफ्ना पति र पुत्रहरूमाथिको उहाँहरूको विश्वास अझै अडेकै थियो (पृ.२२१) ।

एकनंशाको यस भनाइमा उसको जीवनसाथीको चयनमा उसलाई नसोधी पति र पुत्रका विश्वासमा आमाहरूको सहमति सहित वृद्धा दुर्वासासँग उसको विवाह गरियो । यसमा परिवारले आफैँ स्वतन्त्र निर्णय लिएको थियो । यसरी यस कथनमा परिवारमा महिलाको आफ्नै जीवनको लागि पनि उनीहरूसँग कुनै राय नलिई गरिने अन्यायपूर्ण व्यवहारको कुरा गर्दै त्यसप्रति विरोध भाव एकनंशाले प्रकट गरेको पाइन्छ । यसर्थ यी विभिन्न प्रसङ्गहरूमा राधा, विशाखा र एकनंशाले पारिवारिक शोषणप्रति विद्रोहको स्वर प्रकट गरेको देखिन्छ ।

### ४.४.४ सामाजिक शोषणप्रतिको विद्रोह

समाजले गरेको शोषणप्रति **राधा** उपन्यासमा विरोध जनाइएको पाइन्छ । यस उपन्यासमा राधाले अभिव्यक्त गरेको यस कथनमा यस्तो प्रवृत्ति देख्न सकिन्छ :

> गाउँलेलाई के मतलब कसले के गर्छ, कसले के ? म जोसँग प्रेम गरूँ कि विवाह गरूँ, त्यो मेरो रुचि, इच्छाको कुरा हो । आफ्नो हित-अहित सोच्ने मेरो आफ्नै काम हो । दुःख पाए पनि सुख पाए पनि संसारमा त्यसको बाँडफाँड कसले गर्ने गरेको छ र ? सुखमा सबैले अधिकार जमाउन खोजे पनि दुःखमा त कसले साथ दिन्छ र ? मानिस आफ्नो जीवनबारे निर्णय गर्न पूर्ण रूपले स्वतन्त्र हुनुपर्छ (पृ.४८) ।

राधाको यस कथनमा कृष्ण र राधामा मौलाउँदै गएको प्रेमलाई समाजले नरुचाएर औँला ठड्याउन थालेपछिको आक्रोश पाइन्छ । उनले समाजले छेक्दैमा नारीहरूले सच्चा हृदयले प्रेम गर्न पछि हट्न नहुने सन्देश यस कथनमा व्यक्त गरेको पाइन्छ । नारीहरूले पनि पुरुषले जस्तै स्वतन्त्र रूपले जीवनसाथी चयन गर्ने स्वतन्त्रता समाजले हरण गर्न नसक्ने कुराको अभिव्यक्तिमार्फत राधाले सामाजिक शोषणप्रति विद्रोह जनाएको देखिन्छ । यतिमात्र होइन

वृषभानुको कार्यभार छोरी भएकाले राधाले सम्हाल्न नसक्ने समाजको दृष्टिकोणलाई पनि काममा सफलता हासिल गरी समाजलाई चुनौती दिएकी राधाले समाजकै उदाहरणीय छोरीका रूपमा आफूलाई प्रस्तुत गरेर सामाजिक शोषणप्रति विद्रोह गरेको पाइन्छ । यसका साथै समाजमा महिलाहरू हरेक कार्यमा समान छन् भन्ने कुरालाई सेनामा भर्ना भएर वीरगति प्राप्त गरेकी सुशीलाले पुष्टि गरेकी छ भने आफ्नो जीवनको निर्णय आफैँ गरेर जस्तोसुकै चुनौतीलाई पनि पार गर्न सक्छन् भनी राधा, विशाखा र पिल्लीले गरेको तीर्थाटनको यात्राले समाजलाई अर्को चुनौती दिएको छ । यसर्थ यी विविध घटनाले नारीलाई समाजले हेर्ने सङ्कुचित दृष्टिकोणको चुनौती मात्र भएको छैन सामाजिक शोषणप्रति विद्रोह समेत भएको पाइन्छ ।

### ४.४.५ यौन शोषणप्रतिको विद्रोह

नारीवादले महिलाहरूलाई पुरुषले यौन आवश्यकता पूर्तिका साधनका रूपमा अर्थात् उपभोग्य वस्तुका रूपमा हेर्दै आएको दमनकारी दृष्टिकोणको विरोध गर्दछ । यस किसिमको विरोध नै यौन शोषणप्रतिको विद्रोह हो । **राधा** उपन्यासमा प्रयोग गरिएका पुरुष पात्र होस् या नारी पात्र, यौनलाई मनोरञ्जनका रूपमा मात्र नलिएर प्रेमको जाल बुनेर यौनको भोक मेट्न खोज्नु नारीमाथि पुरुषले गर्ने शोषण हो भन्ने भावलाई प्रस्तुत गरिएको छ । यस सन्दर्भमा कृष्णको यस भनाइले थप पुष्टि गर्छ :

> शारीरिक प्रेम र आत्मिक प्रेमको अन्तरलाई बुझ राधा । शारीरिक प्रेम यौनको वरिपरि हुन्छ, त्यसले शरीरको भोग गर्छ र सन्तान जन्माउँछ । आत्मिक प्रेम शरीरतत्त्वभन्दा माथि छ, त्यसले आनन्द मात्र भोग गर्छ र प्रेमको तत्त्वबोध गर्दछ । जबसम्म शरीरतत्त्वको अधीनमा हाम्रो मन रहन्छ, हाम्रो प्रेम पनि सांसारिक मात्र हुन्छ (पृ.२५) ।

कृष्णको यस भनाइमा प्रेम भौतिकभन्दा मानसिक हुनुपर्ने कुरालाई समर्थन गर्दै नारीलाई भोगका लागि गरिने प्रेम वास्तविक प्रेम होइन भन्ने भाव प्रस्तुत भएको छ । सांसारिक प्रेमलाई महत्त्व दिने पुरुषले नारीलाई यौन आवश्यकता परिपूर्ति गर्ने उपभोग्य साधनका रूपमा हेरेर सन्तान उत्पादनको साधन बनाउने भएकोले त्यस्तो प्रेमको पछि नलागी राधालाई मानसिक रूपमा एकाकार हुने सच्चा प्रेमलाई बुझ्न कृष्णले आग्रह गरेको देखिन्छ । यसर्थ कृष्णको यस भनाइले अप्रत्यक्ष रूपमा भए पनि प्रेमको नाममा महिलामाथि पुरुषले गर्ने यौनशोषणप्रतिको विद्रोह देख्न सकिन्छ ।

**राधा** उपन्यासमा उल्लिखित यशोदाको यस भनाइले नारीहरूमा यौन चेतना जागृत भएको कुरालाई पुष्टि गरेको छ :

> यौन पक्षलाई सदा हेरिरहने तथा आफूलाई यौन दासीका रूपमा स्वीकार गर्ने हामी नारीहरूको हजारौँ वर्षदेखिको मानसिकता ध्वनित भएको थियो त्यो ।... सत्यता जे भए पनि नारीमाथि प्रहार गर्न सकिने सबैभन्दा घातक अस्त्र भन्नु यौन सम्बन्ध माथिको प्रश्न हो र त्यो प्रश्नलाई उठाउने हामी नारी नै । यौनलाई नै प्रतिस्पर्धाको सबैभन्दा मूल विन्दु ठानी लडिरहने हामी नारीहरू आफ्नै अस्मिता र भवितामाथि लडिरहेका छौँ (पृ.७१) ।

कृष्णको जन्ममाथि प्रश्न उठाएका नारीहरूले सत्यता थाहा पाएपछि यशोदासँग माफी माग्न आउँदा यशोदाले दिएको यस किसिमको जवाफले नारीलाई यौन सम्बन्धसँग जोडेर दमन गरिने

प्रवृत्तिको उल्लेख भएको देखिन्छ । पितृसत्तात्मक समाजमा जीवन गुजारा गरिरहेका नारीहरू नै पनि नारीको अस्मितामाथि प्रश्न ठड्याएर नारीकै दमन गर्नका लागि मुख्य विषयका रूपमा यौनलाई आधार मान्ने गरेको यस प्रसङ्गले नारीमा आएको यौन चेतनालाई देखाएको छ । साथै पुरुषले मात्र नभएर महिलाले यौन सम्बन्धमा नारीमाथि दिँदै आएको मानसिक तनावलाई समेत यसले विरोध गरेको छ ।

प्रस्तुत उपन्यासमा कृष्णले कंसको बध गरिसकेपछि मथुरामै अलमलिएर राधालाई भेट्न नआएकाले प्रतीक्षा गर्दागर्दै आजित भएकी राधालाई कृष्णको सन्देश बोकेर आएका उद्धवसँग माधवीले भनेको यस भनाइले पुरुषको भोगवादी प्रवृत्तिको विरोध गरेको छ । ऊ भन्छे :

> उद्धवजी † कृष्णलाई भनिदिनू- तिनी चोर हुन्, फटाहा हुन् । तिनले हामीलाई खालि उपयोग मात्र गरे । हाम्रो एकोहोरो माया लिए र बदलामा केही दिएनन् ।... हामीलाई छानीछानी उपयोग गर्ने ती त महास्वार्थी हुन् (पृ.१४०) ।

माधवीको यस भनाइमा कृष्णलाई नारीलाई उपभोग्य वस्तुका रूपमा हेर्ने भोगवादी पुरुषका रूपमा चित्रण गरिएको पाइन्छ । यसका साथै पुरुषको भोगवादी प्रवृत्तिले महिलामाथि भएको शोषणको विरोध यस कथनमा देखिन्छ । माधवीको भनाइमा मात्र होइन राधाले कृष्णको बाल्यकाल देखिको विभिन्न क्रियाकलापलाई सम्झने क्रममा यसरी उनलाई भोगवादी भएको पुष्टि गरेकी छन् : “तिनले हामीलाई लुगा लुकाएर पारेको अभर, रासमण्डलको आयोजना गरी जङ्गलमा रातभरि नचाएको, एकान्तमा मलाई तिनले दिएका वचनहरू र भोग सबैलाई सम्झेँ । तिनी त सानैदेखि भोगवादी थिए । जीवनलाई भोग्नु मात्र लक्ष्य लिएका” (पृ.१६५) । यस किसिमको अभिव्यक्ति दिएर राधाले कृष्णको भोगवादी प्रवृत्तिलाई प्रस्ट पारेकी छन् । नारीवादीहरूका विचारमा पुरुषले नारीलाई उपभोग्य वस्तु ठानेर यौन शोषण गर्ने गर्छ भन्ने कुराको उपयुक्त उदाहरण यस कथनलाई मान्न सकिन्छ । त्यस्ता भोग्य वस्तुको सिकारका विरुद्ध आवाज उठाउनु नारीवादको प्रवृत्ति हो । यहाँ पनि राधाले कृष्णको चरित्रलाई विश्लेषण गरेर यौन शोषणको विरोध गरेको पाइन्छ ।

प्रस्तुत उपन्यासमा कृष्ण, राधा र माधवीमा मात्र यौन शोषणप्रतिको विद्रोही चेतना नआएर एकनंशामा पनि यो प्रवृत्ति देख्न सकिन्छ । पुरुषहरूले नारीलाई गर्ने यौन शोषणलाई उसले यसरी प्रस्तुत गरेकी छ :

> राधा † हामी नारीहरूको कुनै मूल्य छैन पुरुषहरूको समाजमा । तिनीहरू हामीलाई उपभोगका वस्तु ठान्छन्, पदार्थ जस्तो । आफ्नो स्वार्थमा प्रयोग गर्छन् तिनीहरू । नारीलाई नर्तकी बनाएर, नगरबधू बनाएर, पत्नी बनाएर, प्रेमिका बनाएर जसरी पनि आफ्नो हितमा प्रयोग गर्दछन् । उनीहरूको स्वार्थको पूर्ति भएन भने कहिले नै फालिसक्छन् तिनीहरूले ।... तिनीहरूले स्थापना गरेका आदर्शहरूका हामी उपभोग्या तिनकै हितमा (पृ.२१८) ।

एकनंशाको यस भनाइमा पुरुषले समाजमा नारीलाई आफूसरह मूल्य नदिइएको र पदार्थ जस्तो उपभोग्य वस्तुका रूपमा मात्र लिने गरेको कुरा स्पष्ट भएको छ । पुरुषले आफ्नो स्वार्थ सिद्ध गर्नका लागि नारीलाई पत्नी, प्रेमिका आदि नाता सम्बन्धको जालमा पारेर आफ्नो हितका लागि उपभोग गरेको प्रसङ्गले पुरुषमा भएको यौनशोषणपूर्ण प्रवृत्तिलाई लक्षित गरिएको देखिन्छ । यस्तै

आफ्नो स्वार्थ सिद्ध नहुँदा पुरुषले नारीलाई फालिसक्छन् भन्ने एकनंशाको भनाइमा उपभोग्य वस्तुका रूपमा पुरुषले महिलामाथि गर्ने यौन शोषणप्रतिको विद्रोह भाव प्रकट भएको छ । एकनंशामा आएको यौनशोषण सम्बन्धी यस भनाइले प्रस्तुत उपन्यासमा प्रयुक्त नारी पात्रमा पुरुषले गर्ने शोषणका विरुद्धमा चेतना आएको र त्यसप्रति असन्तुष्टि जनाउँदै नारीवादी विचार प्रस्तुत गरेको देखिन्छ । यसरी **राधा** उपन्यासमा प्रयुक्त विभिन्न पात्रका अभिव्यक्तिले पुरुषले नारीमाथि गरेको यौन शोषणको विरोध गरेको पाइन्छ । यसरी **राधा** उपन्यासमा प्रस्तुत विभिन्न घटना एवम् पात्रका व्यवहार र अभिव्यक्तिले नारीमाथि हुने पितृसत्तात्मक, लैङ्गिक, पारिवारिक, सामाजिक, यौन शोषणप्रति विद्रोह प्रकट भएको देखिन्छ ।

### ४.५ 'तपाईं' उपन्यासमा नारी शोषणप्रतिको विद्रोह

**तपाईं** उपन्यासमा नारीहरूमाथि हुने शोषणप्रति नारीले विभिन्न किसिमले विद्रोह गरेको पाइन्छ । यस उपन्यासमा नारीवादले भनेझैँ नारीमाथि हुने शोषण हटाउन कतिपय पुरुष र नारी पात्रहरू मिलेर सङ्घर्ष गरि रहेको देखिन्छ । यसरी यस उपन्यासमा उपस्थित पात्रले पितृसत्तात्मक समाज लगायत विभिन्न कारणबाट महिलामाथि भएको विभिन्न शोषणप्रति कसरी विद्रोह गरेका छन् भन्ने कुराको अध्ययनका लागि यहाँ उपन्यासका तथ्यलाई आधार मानेर विभिन्न शीर्षकभित्र त्यसको विश्लेषण गरिएको छ ।

#### ४.५.१ पितृसत्ताले गरेको शोषणप्रतिको विद्रोह

प्रस्तुत उपन्यासमा पितृसत्ताले नारीमाथि शोषण गरेको देखिन्छ । त्यस्तो शोषणप्रति कतिपय पात्रले विरोध गरेको तर कतिपयले भने सहेर बसेको स्थिति पनि देखिन्छ । कार्की ठुले र घनेन्द्रबाबु बहुविवाहलाई निरन्तरता दिने पुरुष हुन् । यिनका श्रीमतीहरूले यसप्रति विद्रोह गर्न सकेका छैनन् बरु सहेर बसेका छन् । रतिया, अस्मिता, अनुपा जस्ता नारी पात्रहरूले भने यसको विरोध गरेका छन् ।

पितृसत्ताले वैवाहिक सम्बन्धमा नारीलाई स्वतन्त्रता प्रदान गरेको पाईंदैन । प्रस्तुत उपन्यासकी नारी पात्र रतियाको सामाजिक संस्कारको नाममा नजिकको आफन्तसँग विवाह गर्ने उनीहरूको परम्पराकै विरोधमा समाजले काका पर्नेको छोरोसँग विवाह गर्न लागेको थाहा पाएपछि विद्रोह गरेकी छ । उसले आफ्नो विवाह जबर्जस्ती गराउन लागिएको भएर केटालाई मुख छाड्दा केटाले जगल्टाएको छ । यसरी पितृसत्ताले नारीमाथि दमन गरे पनि रतियाले विद्रोह गर्न छोडेकी छैन । यस सन्दर्भमा उपन्यासमा भनिएको छ : "रतियाले एकै झट्कामा आफ्नो चुल्ठो खुस्काएर त्यसलाई भुइँमा चित पारी र उसको छातीमा घोडा चढेर हिर्काउन थाली" (पृ.८८) । यसरी पितृसत्तात्मक शोषणको विद्रोह गर्नेमा रतिया जस्तै जुझारु नारी पात्रका रूपमा अस्मिता पनि देखा परेकी छ । तर तपाईंकी श्रीमती भने पितृसत्ताको संवाहक बनेकी छ । पुरुषले नारीमाथि गरेका सानातिना घरायसी शोषणलाई उसले झन् जोगाएर पितृसत्तालाई नै मलजल गरेको कुरा उपन्यासमा उल्लिखित यस प्रसङ्गबाट स्पष्ट हुन्छ : "श्रीमतीलाई पनि त्यत्तिकै लखतरान भइरहेको हुन्छ तर उनी तपाईं नसुती नसुत्ने भएकी छन् । मानौँ उनी तपाईंकी सुरक्षक हुन्" (पृ.१३६) । यतिमात्र होइन पकाएको खाना सबैले खाए पनि तपाईंकी श्रीमतीले तपाईंले नखाएसम्म नखानुले यस सन्दर्भको पुष्टि गरेको छ । यस उपन्यासको श्रोताका रूपमा उपस्थित सीताजी, भवानीजी र मिश्र वैजयन्ती जस्ता नारी पात्रले नारीहरूलाई पितृसत्ताको दमन सहेर बस्ने कमजोर पात्रका

रूपमा उभ्याउनुभन्दा विद्रोही र सङ्घर्षशील बनाइनु पर्ने तर्क राखेको पाइन्छ । नारीहरूको यस किसिमको विचारले अप्रत्यक्ष रूपमै भए पनि नारीहरू कमजोर नभएर हिम्मतिला छन् भनी कमजोर ठानेर हेप्ने पितृसत्ताको विरोध गरेको पाइन्छ । यसर्थ प्रस्तुत उपन्यासमा केही नारी पात्रहरू पितृसत्ताको समर्थक भए पनि धेरैजसो नारीहरू पितृसत्ताको शोषणको विरोध गर्ने प्रवृत्तिका देखिन्छन् ।

### ४.५.२ लैङ्गिक शोषणप्रतिको विद्रोह

प्रस्तुत उपन्यासमा कतिपय नारी पात्रहरूले लैङ्गिक शोषणको विरोधको भाव अगाडि सारेको पाइन्छ । यस क्रममा लेखकले मायालाई श्रमिक हुँदाहुँदै पनि यौनकर्मी जस्तो चित्रण गरेर तपाईंलाई भने आदर्श पात्र बनाएको भन्दै भवानीजीले लैङ्गिक शोषणप्रति विरोध जनाएकी छन् । लेखक नै विभेदपूर्ण भएको भन्दै भवानीजीले यसो भनेकी छन् :

> ...तर लेखक किन यति पूर्वाग्रही हुनु ?... बरु तपाईंको शरीर पो मायाको शरीरसँग टाँसिदा आगोआगो भएको छ ।... ऊ बोर्डरमा सानातिना सामानहरू बोकेर वारपार गरे बापत भाडा पाउने काम गर्दिरहिछ । त्यो उसको पेसा रहेछ । ऊ यौनकर्मीभन्दा पनि श्रमिक नै रहिछ नि † तर किन उसलाई हेर्दा उसको कामले नहेरिएको ? मलाई त माया यौनकर्मी जस्तो लागेन, कथाकारले तपाईंले पक्ष ज्यादा लिएको देखेँ (पृ.६९) ।

यस कथनमा भवानीजीले तपाईं मानसिक रूपमा भ्रष्ट चरित्र भए पनि सबै दोष माया माथि थोपरेर उसलाई आदर्श पात्र बनाउने विभेदजन्य व्यवहार लेखकले गरेको धारणा राखी नारीलाई गरिने लैङ्गिक शोषणको विरोध गरेको देखिन्छ । पुरुषले श्रीमती रोज्न पाउने तर नारीले आफ्नो निर्णयमा स्वतन्त्र नहुने लैङ्गिक विभेदपूर्ण व्यवहारको रतियाले विरोध गरेकी छन् । लोग्ने मान्छेले विवाह गरेकी श्रीमतीलाई छाडेर फेरिफेरि नारीहरूसँग यौन सम्बन्ध राखी मोज गर्ने तर नारीले एउटा पुरुषलाई सदा पुजेर बस्नुपर्ने प्रचलनको विरोध अस्मिता र अनुपाले गरेको पाइन्छ । यसरी विभिन्न नारी पात्रहरूले नारीमाथि हुने गरेको लैङ्गिक शोषणको विरोध गरेको देखिन्छ ।

### ४.५.३ सामाजिक शोषणप्रतिको विद्रोह

नारीवादले समाजले विभिन्न बहानामा नारीमाथि गर्ने शोषणको विरोध गर्दछ । प्रस्तुत उपन्यासमा बाबुको निधन, लोग्नेको घर निकाला र माइतीको गरिबीका लागि मायाले जिउने आधारका रूपमा यौन पेसालाई रोजेकी छ । लोग्नेले गरेको अमानवीय व्यवहारको विरोधमा न्यायका लागि समाजमा गुहार्दै हिँडे पनि समाजले उसलाई आइमाईको के विश्वास भन्दै लोग्नेकै पक्षमा वकालत गरेको छ । यसर्थ तपाईंले यस्तो पेसा किन रोज्यौ भनी प्रश्न गर्दा मायाले दिएको जवाफले सामाजिक शोषणप्रति विद्रोह गरेको देखिन्छ : “न म रहरले यस अवस्थामा आएकी हुँ, न मलाई कुनै बाध्यता थियो । मलाई यस अवस्थामा ल्याउने त समाजकै इच्छा थियो-आफन्तहरूकै मन...” (पृ.६७) । यस कथनमा मायाले यौन पेसामा लाग्नुको कारण समाज र आफन्त भएको भन्दै उनीहरूले नारीप्रति गर्ने शोषणको विरोध गरेकी छ । अझ ऊ भन्छे : “खै किन मलाई समाजले उठाएर यो दलदलमा फाल्यो र एक-एक जना व्यक्ति समाजबाट निस्केर एक्लै एकान्तमा ममाथि सहानुभूति पोख्छन् र एकछिन माया गर्छन् जान्छन् थाहा छैन” (पृ.६८) । यतिमात्र होइन मायाको यस कथनले पनि नारीमाथि हुने सामाजिक शोषणप्रति विद्रोह जनाएको छ : “तपाईंको समाजमा

ठूलो इज्जत छ । समाजमा ठूलो इज्जतचाहिँ स्त्रीकै मात्र हुनुपर्ने ? एकान्तमा भावुकता प्रस्तुत गरेर पनि समाजको इज्जतचाहिँ पुरुषकै थाप्लोमा मात्र बोक्नु पर्ने ?" (पृ.७०) ।

पितृसत्तात्मक समाजमा धनीमानीका घरमा भएका घटनालाई सजिलै लुकाएर इज्जतदार हुने र गरिबका सानातिना गल्तीको पनि खेदो गर्ने प्रवृत्ति पाइन्छ । अस्मिताको यस कथनले यस्तै किसिमको सामाजिक शोषणको विरोध गरेको छ :

> रत्न बाजेकी छोरी गमे भुजेलसँग पोइल गई, घनेन्द्रबाबूकी  भतिजीले एउटा बङ्गालीको गर्भ तुहाई । सबैलाई थाहा छन् यी कुराहरू तर समाजमा उनीहरूको अलिकति पनि साख गिरेको छैन ।...यता मैले भने अनेक कष्टका साथ आत्मसम्मान जोगाई आउँदा पनि दिदीको चरित्रको दाग आङभरि जोगाई हिँड्नुपर्छ (पृ.८०) ।

अस्मिताको यस भनाइमा धनीका जतिसुकै ठुला अपराध पनि सजिलै लुक्ने तर गरिबका परिवारमा एक जनाले गरेको गल्तीको आरोप सबैले सहनुपर्ने पितृसत्तात्मक समाजको शोषणपूर्ण व्यवहारको विरोध पाइन्छ । यतिमात्र होइन अस्मितालाई बिहेका लागि हेर्न आएको केटाले पनि गर्भ तुहाएर बसेकी घनेन्द्रकी भतिजीभन्दा दिदीको नामले अनेक आरोप खेपेकी अस्मितामा खोट देखेर घनेन्द्रकै भतिजीसँग बिहे गरेको छ । यस्तै अस्मिताको यस कथनले पनि सामाजिक शोषणप्रति विद्रोह जनाएको देखिन्छ :

> गाउँमा घनेन्द्रबाबु जस्ताहरूले स्थापना गरेको मर्यादा र सहरमा गाउँ जिती सहर पसेका तिनीहरू जस्तैको संरचनाले मेरो दाजु त्यस्तो भएको, म यस्ती भएकी, तपाईं त्यस्तो भएको ।...एउटा व्यक्तिलाई व्यक्ति भएर बाँच्न नदिने र आफ्नो संरचनामा ढाल्ने भनेको समाज र राष्ट्रको परम्परा र पद्धति हो (पृ.१२९) ।

अस्मिताको यस कथनले समाजले व्यक्तिको प्रवृत्तिको निर्माण गर्ने भएकाले आफूलगायत सम्पूर्ण मानिसहरू बिग्रनु र सप्रनुमा समाजकै हात रहेको सन्दर्भलाई पुष्टि गरेको छ । साथै यस कथनमार्फत पुरुषसत्तामा रहेको समाजले नारीलाई भोग्य वस्तुको रूपमा उपभोग गरे पनि पुरुषको भन्दा नारीकै अस्मितामाथि प्रश्न चिन्ह उठाउने विभेदपूर्ण समाजप्रति विद्रोह जनाएको पाइन्छ ।

### ४.५.४ यौन शोषणप्रतिको विद्रोह

प्रस्तुत उपन्यासमा विभिन्न नारीमाथि यौन शोषण हुँदै आएको छ तर त्यसको विरोधमा आवाज उठाउन सबै नारीहरू सक्षम छैनन् । रतियाकी मौसीले ऋण तिर्न नसक्दा मङ्गलको गर्भ बोक्न परेको छ । रतियालाई बाबुविना नै रतियाकी आमाले जन्माउन बाध्य भएकी छ भने कालीकी आमाले पागल भए पनि कालीलाई जन्माउन बाध्य भएकी छ । यी सबै घटनाले नारीको स्वरूप देख्ने वित्तिकै पुरुषहरूको यौनशोषणपूर्ण व्यवहार खप्न बाध्य भएका छन् । कालीकी आमा भन्छे : "घ्यू दिन्छु, चामल पठाइदिन्छु, लुगाफाटा हालीदिउँला, चुप लागेर बस्नु, कसैलाई नभन्नु भनेर गए । राति आएका थिए, अनुहार पनि चिनिन । होला ता नि त्यत्तिका आफ्ना मान्छे भइसकेपछि कसरी ढाँट्लान भनेँ, तर के पठाउँथे ?" (पृ.४१) । लीलाको यस कथनले भने नारीमाथि गरिने यौनशोषणप्रतिको विरोध पाइन्छ :

हामीलाई थाहा छ नि † यात्रामा कस्तो कस्तो अप्ठयारो पर्छ । खुल्लै गाडी छ भने पनि घुस्रिँदै-घुस्रिँदै छेउमा आउन खोज्छन् तपाईंहरू । थाहा नपाएझैँ शरीरमा छुन खोज्छन् तपाईंहरू । चरित्र बिगार्ने पनि तपाईंहरू, चरित्र बचाउने ठेक्का लिने पनि तपाईंहरू (पृ.६९) ।

यस कथनमा मायालाई गाडीको भिडमा तपाईंसँग टाँसिदा तपाईं आगोआगो भए पनि मायालाई नै यौनकर्मीका रूपमा चित्रण गरिएकोप्रति असन्तुष्टि जनाउँदै सबै तपाईंहरू महिलालाई कसरी छोएर यौन सन्तुष्टि लिने भन्ने सोचका देखिने अभिप्राय प्रकट गरेको पाइन्छ । यसरी थाहै नपाए झैँ गरेर पनि पुरुषहरूले महिलामाथि यौन शोषण गरिरहेका हुन्छन् भन्ने अभिव्यक्तिका साथ लीलाले नारी यौनशोषणप्रति विरोध गरेको देखिन्छ ।

अस्मिताको बाबुको मृत्युपछि सानातिनो दोकान गरेर बसेका आमा छोरीमाथि विभन्न पुरुषहरूले यौन शोषणपूर्ण व्यवहार गरेको देखिन्छ । उपन्यासमा भनिएको छ : “लरबरिएको बोली र नटेकिएको बहानामा बेला-बेला दिदी र आमाका शरीरका अप्ठयारा ठाउँहरूमा सजिलो पाराले छोइ, समाती हेर्थे” (पृ.७५) । यतिमात्र होइन छोरीले त नाम भन्नै नमिल्ने एउटा ठूलो मान्छेको वीर्य आफ्नो पाठेघरमा हुर्काउन थालेकी थिई । यसरी नारीमाथि भएको यौनशोषणलाई कुनै विरोध गर्न नसकी भोग्न विवश भएका नारी पात्रहरूलाई उपन्यासमा चित्रण गरिएको देखिन्छ । अस्मिताको दिदी र आमाले यस किसिमको शोषणप्रति कुनै विद्रोह नगरी सहन बाध्य भए पनि अस्मितामा भने विद्रोही स्वभाव देखिन्छ । अस्मिता भन्छे :

> ...सबै मेरा शरीरका दुश्मन छन् । यो शरीर सबैका लागि पस्किनु सम्झिन्छन् । मैले आफ्नो शरीर आफ्नो खुसी गर्न नपाउनु, त्यसलाई अरूले लुट्न खोज्नु । यस्तो असुरक्षित समाजमा एक्लै कतिन्जेल बस्नु । जीवनसाथी बन्ने गरी कोही आउन तयार छैन, मात्र पाकेको फल एकछाक खान चाहने स्वार्थी हातहरू अघि बढ्न खोज्छन् । सङ्घर्ष गर्दा गर्दा थाकिसकेँ सर (पृ.१०१) ।

यतिमात्र होइन पुरुषले नारीलाई गर्ने यौनशोषणलाई अस्मिताले यसरी प्रस्तुत गरेकी छ :

> आखिरी पुरुषहरू मेरो जीवनमा जब आए तिनीहरू मैले सोचेकै जस्ता भएर आए । मलाई पदार्थ सम्झी भोग गर्न भनी आए, भोग गरेर गए । मैले किसिमकिसिमका पुरुषहरू देखेकी छु - लाचार, भावुक, संवेदनहीन, घिनलाग्दा (पृ.१२८) ।

यसरी नारीलाई पुरुषले उपभोग्य साधनका रूपमा हेरेर यौन शोषण गर्न अघि सर्ने तर जीवन बिताउन नचाहने प्रवृत्तिप्रति विरोध गर्दै अस्मिताले नारीमाथि हुने यौनशोषणको विरोध गरेकी छ ।

यौन व्यवसायमा लागेकी अनुपाको यस कथनले पुरुषले वैवाहिक सम्बन्ध स्थापना गरेरै भए पनि नारीमाथि गर्ने यौन शोषणको विरोध गरेको छ :

> पुरुषहरू आफ्नी पत्नीबाट चित्त नबुझाइ बाहिर कति खेलेर हिंड्छन् हामीलाई थाहा भएकै छ । हामीले त्यस्तो दास जीवन कुनै पुरुषकी एकल पत्नी भएर किन बिताउनु ? आखिर एउटी आइमाई एउटा लोग्नेसँग आजीवन सुत्छे त्यही कर्म गर्छे जुन म धेरै पुरुषहरूसँग गर्छु । उसको र मेरो बीचको फरक भनेको पुरुषहरूको संख्या मात्र त हो ।

> आखिर पत्नी हुनेले पनि लोग्नेको सम्पत्तिका अघि सम्पूर्ण शरीर मात्र त बुझाएकी हो । होइन र ? (पृ.१०९) ।

अनुपाको यस कथनमा महिला भने पतिव्रताको बन्धनमा रहेर सँधै एउटै पुरुषकी भोग्या बनिरहने तर पुरुष भने अरू महिलामाथि आँखा लगाई यौनतिर्खा मेट्दै हिँड्ने प्रवृत्तिको विरोध गर्दै नारीहरूले त्यसको विरोध गर्नुपर्ने कुरामार्फत नारीमाथि हुने यौनशोषणको विरोध गरेको पाइन्छ ।

### ४.६ 'टुँडाल' उपन्यासमा नारी शोषणप्रतिको विद्रोह

**टुँडाल** उपन्यासमा नारीमाथि हुने गरेका विभिन्न शोषणका सम्बन्धमा नारीहरू सचेत देखिन्छन् । पितृसत्तात्मक समाजले विधवालाई गर्ने व्यवहार, विधवा विवाहमा अस्वीकार, नारीले जीवनसाथीका रूपमा पुरुषको छनोटको अधिकार नपाउनु जस्ता विविध नारीजन्य शोषणको विरोध गर्दै साहसिक कदम चालेका सन्दर्भहरू उपन्यासमा प्रस्तुत गरिएको छ । यसर्थ यस उपन्यासमा विभिन्न तरिकाले गरिएका नारीशोषणप्रतिको विद्रोहको यहाँ विश्लेषण गरिएको छ ।

#### ४.६.१ पितृसत्ताले गरेको शोषणप्रतिको विद्रोह

**टुँडाल** उपन्यासमा पितृसत्ताले नारीमाथि शोषण गरेको सन्दर्भलाई नारीले नै विद्रोह गरेका विभिन्न तथ्यहरू प्रस्तुत गरिएको छ । यस उपन्यासमा लिङ्गो ठडाउने जात्रामा लिङ्गोले किचेर श्रीमान् मरेपछि विधवा बनेकी अजीको यस भनाइले पितृसत्ताको विरोध गरेको छ :

> लोग्ने मरेका तरुनी आइमाईलाई जसले पनि हेप्छन् । अलक्षिनी भन्छन्, पोइ टोक्ने भन्छन् । कतिपय पूजाआजामा, वर्तहरूमा अपशकुन ठान्छन् । परपुरुषहरूले चारैतिरबाट काँडा जस्तो आँखाले घोचिरहन्छन्, जतिबेला पनि असुरक्षा जस्तो डर लागिरहन्छ (पृ. ३८) ।

अजीको यस कथनमा पितृसत्ताले विधवा महिलामाथि लगाएका विविध लाञ्छनालाई स्पष्ट पारेको छ अर्थात् पितृसत्ताले लोग्नेको मृत्युको कारण जे सुकै भए पनि त्यसको कारकका रूपमा महिलालाई नै दोषी ठहऱ्याएर मानसिक पीडा दिएको प्रसङ्गलाई अजीको यस भनाइले विरोध गरेको छ ।

पितृसत्ताले महिनावारी नहुँदै छोरीको बिहेदान गर्न पाए स्वर्ग गइने भ्रम पालेर बालविवाहको प्रथा चलाएको देखिन्छ । बालविवाहको सन्दर्भप्रति असन्तुष्टि जनाउँदै अजीले प्रस्तुत गरेको यस कथनले नारीमाथि हुने पितृसत्तात्मक शोषणको विरोध गरेको छ : “हाम्रा पालामा त सानैमा बिहे हुन्थ्यो, तँ जत्री हुँदा छोराछोरी पाइसकिन्थ्यो । त्यो टुँडालको चित्र देख्दा त बेलाबेला आफैँलाई लगेर त्यहाँ टाँसेछन् जस्तो पो लाग्थ्यो” (पृ.४४) ।

पितृसत्तात्मक समाजले विवाहका लागि पुरुषको उमेर जति नै धेरै भए पनि पुरुषभन्दा नारी कम उमेरको हुनुपर्ने मान्यता स्विकार्दै आएको छ । पुरुषले आफूभन्दा कम उमेरकीलाई प्रेमिका मान्न सक्छ या विवाह गर्न सक्छ भने त्यस्तो सम्बन्ध नारीले पनि स्विकार्न सक्छे भन्ने अभिव्यक्ति मार्फत सत्याको यस कथनले पितृसत्ताको विरोध गरेको छ : “उमेरले के फरक पर्छ ।...शर्माजीले तँलाई विकसित र योग्य महिला देख्दा धनु मेरा लागि पूर्णपुरुष किन हुन सक्दैन ?” (पृ.८४) । यसरी यस कथनमा बाबुसमान उमेरका शर्माजीसँग सुस्मिताको सम्बन्ध भएजस्तै आफूभन्दा

कान्छो भए पनि धनुसँग मेरो सम्बन्ध हुन सक्छ भन्ने भावका साथ सत्याले पितृसत्ताको विरोध गरेको देखिन्छ । यतिमात्र होइन सुस्मिताले आफूभन्दा कान्छो अमरलाई पतिका रूपमा चयन गर्ने सोच राख्दै व्यक्त गरेको यस किसिमको विचारले पनि यसको थप पुष्टि गरेको छ :

> जहिले पनि विवाहका लागि केटीको भन्दा केटाको उमेर बढी हुनुपर्ने, केटीले भन्दा केटाले धेरै पढेको हुनुपर्ने, केटाले नै कमाएर केटीलाई पाल्नुपर्छ भन्ने के छ र ? यी कुनै अपरिवर्तनीय मान्यता त होइनन् । आफूभन्दा कम उमेरको र कम पढेको केटासँग बिहे गर्न नहुने भन्ने के छ र ? (पृ.१८४) ।

सुस्मिताको यस किसिमको विचारले पितृसत्ताले पुरुषभन्दा कम उमेरकी महिलालाई श्रीमती बनाउने र पुरुषले नै उसको लालनपालन गर्ने पितृसत्तात्मक प्रचलनको विरोध गरेको छ ।

पितृसत्ताले पुरुषको बहुविवाह र विधुर पुरुषको अर्को विवाहमा समर्थन जनाउँदै आएको तर विधुवा नारीले विवाह गर्नु त जहाँसुकै जाओस् परपुरुषलाई आँखा लगाउनु पनि पाप हो भन्ने मान्यता राख्दै आएको छ । प्रस्तुत उपन्यासमा यस मान्यतालाई भत्काइएको छ । विधुवा उपमा र विधुर सागरबिचको वैवाहिक सम्बन्ध स्थापना हुनुका साथै त्यसमा दुबै परिवारका छोरा छोरीहरूले विरोध नजनाएर खुसी मान्नुले पितृसत्ताप्रतिको लैङ्गिक असमानताको विरोध गरेको देखिन्छ । विधवा विवाहको निर्णय गरेका जोडीले पनि आफ्नो कदमप्रति कुनै असन्तुष्टि प्रकट नगर्नुले अझ पितृसत्ताको विरोधलाई लक्षित गरिएको देखिन्छ । यस्तै सत्याको यस अभिव्यक्तिमा पुरुषद्वारा निर्मित नियमको विरोध गरेको पाइन्छ :

> पुरुषहरूले बनाएको यस संसारमा नारीहरू केवल भोग्या मात्र छन् ।... पुरुष आफू भने एक पतिनिष्ठा पत्नीको आग्रह राख्दछ तर ऊ स्वयम् बहुपत्नीमुखी छ । आफ्नी पत्नीलाई कोठामा निर्जीव तस्वीर जस्तो सजाएर अर्काकी पत्नी भोग्न लालायित हुन्छ (पृ.१५९) ।

सत्याको यस कथनमा पुरुषले आफैँ पतिव्रताको नियम सिर्जना गरेर नारीहरूलाई नियममा बाँधे पनि आफूचाहिँ पत्नीव्रता नबनी नारीलाई भोग्या वस्तुका रूपमा प्रयोग गर्ने सन्दर्भलाई औँल्याएको छ । यसरी पितृसत्ताले गर्ने नारी शोषणलाई देखाएर सत्याले त्यसको विरोध गरेकी छ ।

पितृसत्ताले सन्तानको नामकरण पुरुषकै पहिचानका आधारमा गर्दै आएको छ । उमाले प्रेमीले एबोर्सन गर्ने सल्लाहको विरोध गर्दै विदेसिएको काल्पनिक श्रीमान् बनाएरै भए पनि छोरी जन्माएपछि जन्म प्रमाणपत्र बनाउन बाबुको नाम बताउनु पर्ने नर्सको भनाइप्रति आपत्ति जनाउँदै भनको यस कथनले पितृसत्तात्मक मान्यताको विरोध गरेको छ : "यसलाई पेटमा बोक्ने, यत्रो समयसम्म हुर्काउने, आज यत्रो कष्टका साथ जन्माउने म आमा सिङ्गै हुँदाहुँदै किन चाहियो यसको बाबुको नाम । के काम छ बाबुको यहाँ ?" (पृ.१७४) । उमाको यस कथनमा सन्तानका सन्दर्भमा पितृसत्ताले नारीमा भन्दा पुरुषमा दिएको अधिकारको विरोध पाइन्छ । यसरी प्रस्तुत उपन्यासमा नारीहरूले पितृसत्ताले गरेको नारी शोषणप्रति विरोध जनाएको देखिन्छ ।

### ४.६.२ लैङ्गिक शोषणप्रतिको विद्रोह

नारीवादले नारी भएको कारणले नारीमाथि गरिने विभेदपूर्ण व्यवहारको विरोध गर्दछ । प्रस्तुत उपन्यासमा नारीलाई लैङ्गिक आधारमा गरिने शोषणको विभिन्न पात्रहरूले विरोध गरेका छन् । यस उपन्यासकी नारी पात्र सत्या लैङ्गिक असमानताप्रति यसरी विरोध जनाउँछे :

> रमाईरमाई पत्नीसँग सुत्ने र संभोग गर्ने लोग्ने पनि सुत्केरीव्यथा लागेको बेला त्यो व्यथा बाँड्ने साथी हुँदैन । हरेक शारीरिक र मानसिक समस्यामा हामी प्रत्येकले एक्लै जुध्नु पर्छ । आमाबाबु भनेका पनि मरेर जान्छन्, लोग्ने भनेको त एउटा सानो सम्झौता हो । म को हुँ, मैल के हुने भन्ने निर्णय मेरो आफ्नै हन्छ । मलाई मन परेको केटासँग हात समातेर डुल्न मैले कोसँग किन डराउने ? किन लजाउने ? केटालाई मसँग घुम्नडुल्न लाज लाग्दैन, उसलाई गर्व अनुभव हुन्छ भने मलाई किन हिनताबोध । बुझिस् म त गर्वकासाथ केटालाई घुमाइदिन्छु, रेस्टुराँमा लगेर ख्वाइदिन्छु, कहिलेकाहीं के-के उपहार किनिदिन्छु । मलाई इच्छा लागेको गर्छु म त (पृ.८३) ।

सत्याको यस कथनमा पुरुषले महिलालाई सुखमा साथ दिए पनि दुःखमा सँगै दुःख बाँड्न नसक्ने कुराको अभिव्यक्ति संभोग र सुत्केरीव्यथाका उदाहरणबाट प्रस्ट भएको छ । मानिसले एक्लै जन्मेर एक्लै सङ्घर्ष गर्नु पर्ने भएपछि आफ्नो जीवनको निर्णय आफैँले गर्नुपर्ने तर अर्कासँग नडराउने अभिव्यक्ति सत्याको छ । त्यसैले नारी हुँदैमा आफ्नो स्वतन्त्र निर्णयप्रति संकुचित नभएर त्यसको प्रतिकार गर्ने निर्णय लिएकी छ । जसरी पुरुषले महिलासँग हात समातेर हिँड्दा गर्व गर्छ त्यसरी नै नारीले पनि पुरुषलाई घुमाउने, उपहार दिने, हात समातेर हिँड्ने कुरामा गर्व गर्न सक्नुपर्छ भन्ने कथनका साथ नारीप्रति गरिने लैङ्गिक शोषणको विरोध सत्याले गरेको देखिन्छ । यस्तै दरबार स्क्वायरका आसपासमा घुमिरहेका केटाहरूले छाडा बोल्दै सुस्मिता लगायत उसका साथीहरूलाई नारी भएकै कारणले गरेको शोषणपूर्ण व्यवहारको विरोधमा सुस्मिताले एउटा केटालाई गालामा झापड लगाउनुले पनि लैङ्गिक शोषणप्रतिको विद्रोह जनाएको छ । सुस्मिता, उमा र सत्याले जतिसुकै पढेलेखेका भए पनि पुरुषले नारीलाई यौनका मनोरञ्जक साधन देख्ने अभिव्यक्ति प्रकट गर्नुले नारीलाई गरिने लैङ्गिक शोषणकै विरोध गरेको छ । यसरी प्रस्तुत उपन्यासमा नारीहरूलाई बारम्बार दुःख दिएर लैङ्गिक शोषण गरिरहेका पुरुषहरूको विरोध गरिएको पाइन्छ ।

### ४.६.३ सामाजिक शोषणप्रतिको विद्रोह

प्रस्तुत उपन्यासमा समाजले नारीमाथि औँला ठड्याएर कुरा काट्ने र नारीलाई मानसिक शोषण गर्ने प्रवृत्तिप्रति विद्रोह प्रस्तुत गरिएको छ । यस उपन्यासमा अजीको वैधव्यतालाई समाजले यसरी आलोचना गरेको कुरा अजी बताउँछिन् :

> लोग्ने मरेका तरुनी आइमाईलाई जसले पनि हेप्छन् । अलक्षिनी भन्छन्, पोइ टोक्ने भन्छन् । कतिपय पूजाआजामा, वर्तहरूमा अपशकुन ठान्छन् । परपुरुषहरूले चारैतिरबाट काँडा जस्तो आँखाले घोचिरहन्छन्, जतिबेला पनि असुरक्षा जस्तो डर लागिरहन्छ (पृ. ३८) ।

समाजले आफूलाई पोइ टोक्ने, अलक्षिनी भनेर अपशकुन ठानेको सन्दर्भमार्फत अजीले नारीलाई गरिने सामाजिक शोषणप्रति विद्रोह जनाएको पाइन्छ । यस्तै सुस्मिताको बाबाआमाको प्रेम सम्बन्ध थाहा पाएपछि समाजसँग डराइरहेकी चन्द्रा (सुस्मिताकी अजी) भन्छिन् : “सप्पैका छोरीहरू आफ्नै जातमा परेका छन्, मेरी छोरी मात्र पर्वतेसँग परी भने के भन्छन् अरूले । बाबु नभएकी टुहुरी छोरी जोगाएर राख्न सकिन चन्द्राले भन्छन् भोलि” (पृ.३८) । चन्द्राको यस कथनलाई असहमति जनाउँदै समाजसँग डराउन नहुने अभिव्यक्ति अजीको देखिन्छ : “छोरीले मन पराएर रोजेकी भए छाडिदिनु, अरूको कुरा नसुन्नु ।... आफूलाई लागेको गर्नुपर्छ । एउटा जिन्दगीमा कतिसँग

डराउनु" (पृ.३८) । अजीको यस भनाइमा समाजले विभिन्न लाञ्छना लाएर नारीमाथि गर्ने शोषणको विरोध पाइन्छ ।

सत्याको यस भनाइले लैङ्गिकताका सम्बन्धमा समाजले गर्ने व्यवहारप्रति विरोध जनाएको छ :

> हाम्रो समाज उल्टो छ बुझिस् † जतिबेला केटा र केटीका बिचमा लिङ्गीय भेदको ज्ञान हुँदैन, नाङ्गै-नाङ्गै बस्न खेल्न सक्छन् त्यसबेलासम्म कसैले वास्ता गर्दैन । जब उनीहरू हुर्किँदै जान्छन्, एकअर्काको अर्थ बुझ्दै जान्छन्, आकर्षित हुँदै जान्छन्, एकअर्कामा रहस्य देख्न थाल्छन्, अनि उनीहरूलाई छुट्याइदिन थाल्छन् । झन् एकअर्कालाई बुझ्नुपर्ने, अनुसन्धान गर्नुपर्ने, मनका तहहरू थाहा पाउनुपर्ने बेलामा बोल्नै नहुने, भेट्नै नहुने, सँगै हिँड्नै नहुने बनाइ दिन्छन् । भोलि सँगै जिन्दगी बिताउनु पर्नेहरूलाई आज एकाएक खसालेर अस्पृश्य बनाइन्छ । हामी हुर्केका र व्यवहार बुझिसकेकाहरूले अब यस्ता मान्यताहरू तोड्नु पर्दैन ? (पृ.८२) ।

सत्याको यस कथनमा समाजले भविष्यमा पुरुष र महिलाले सँगै जीवन जिउनुपर्ने प्रचलन चलाए पनि ठूलो हुँदै गएपछि एकअर्काबाट जतिसक्दो टाढा राख्ने प्रवृत्तिप्रति विरोध गरिएको छ । यसका साथै सत्याको यस कथनले नारीमाथि गरिने सामाजिक शोषणको विरोध गरेको छ : "...तर जतिबेला पनि समाजले हामी छोरीलाई मात्र एकल यौनआरोप किन गर्छ ? यौनको सबै दोष किन छोरीलाई मात्र ?" (पृ.८६) । उमाले आफूले मन पराएको केटासँग यौन सम्बन्ध राखेपछि गर्भमा भएको शिशुलाई एबोर्सन गर्ने केटाको इच्छा विपरीत समाजले जति नै औँला ठड्याए पनि बाबुविनाकै सन्तान जन्माएर हुर्काउने चुनौती दिनुले सामाजिक शोषणप्रति विद्रोह जनाएको पाइन्छ । उमाको यस कथनले सामाजिक शोषणप्रतिको विद्रोहलाई थप पुष्टि गरेको छ : "प्रकृतिले त सबैलाई उस्तै जन्माएको हो नि तर, समाजले पो यहाँ अनेक अप्ठ्याराको रचना गरेको छ । खास गरी समाजले छोरी मान्छेका लागि मात्र यस्ता अप्ठ्याराहरू रचना गरेको छ" (पृ.१७५) । लैङ्गिक विभेद प्रकृतिले गरेको नभई समाजले नै नारी र पुरुषबिच विभेद सिर्जना गरेको नारीवादीको विचारलाई उमाको यस कथनले पुष्टि गरेको छ । यसरी यस उपन्यासका विभिन्न नारी पात्रहरूले समाजले गर्ने नारीशोषणप्रति विरोध जनाएको पाइन्छ ।

### ४.६.४ धार्मिक तथा सांस्कृतिक शोषणप्रतिको विद्रोह

नारीवादले धर्म र संस्कृतिका आधारमा नारीमाथि गरिने शोषणको विरोध गर्दछ । प्रस्तुत उपन्यासमा नेपाली संस्कृतिलाई चिनाउने टुँडालले नारीमाथि गरेको शोषणलाई सत्याले प्रस्ट विरोध जनाएकी छ । सत्या भन्छे :

> तैँले याद गरेकी छस् ती टुँडालमा ? जतापट्टिबाट पनि स्त्रीलाई नै नाङ्गो बनाइएको छ ।... ती नाङ्गा आकृतिहरूमा एउटी स्त्रीलाई दुईतीनजना पुरुषहरूले जथाभावी गरिरहेका हुन्छन् । खुट्टा च्यातेका हुन्छन्, स्तन समातेका हुन्छन्, योनीमा लठ्ठी घुसार्न खोजेका हुन्छन् । अनेक सास्ती दिएका हुन्छन् । ती आकृति हेर्दा स्त्री मात्र नाङ्गी देखिएकी हुन्छे । पुरुष सगौरव एउटा लिङ्ग प्रदर्शन गरिरहेको हुन्छ (पृ.८५) ।

यस कथनमा सत्याले नेपाली संस्कृतिका नाममा टुँडालमा बनाइएका बुट्टाले पनि नारीलाई नै निर्वस्त्र तुल्याएर पुरुषले यौनसन्तुष्टिका लागि नारीलाई अनेक किसिमका सास्ती दिँदै उपभोग

गरेको र सगौरव लिङ्ग प्रदर्शन गरेको सन्दर्भमार्फत संस्कृतिले नारीमाथि गरेको शोषणको विरोध गरेको पाइन्छ । यसका साथै यस किसिमले नारीको दमन गरिनुको कारण ती सबै आकृतिको सर्जक लोग्नेमान्छे भएकाले हो भन्ने मत सत्याको रहेको छ (पृ.८५) । यसै गरी धर्म र संस्कृतिको नाममा समाजले नारीमाथि गरेको नियन्त्रण र शोषणको विरोध गर्दै सत्या भन्छे :

> तैंले देखेकै छ नि मन्दिरका टुँडालतिर स्त्रीको योनीलाई कति घिनलाग्दो पाराले प्रस्तुत गरेको छ तर पुरुषको लिङ्गको भने सदादिन पूजा हुन्छ । शिवलिङ्गदेखि उन्मत्त भैरवसम्मका लिङ्गहरूमा टाउको राखेर हाम्रा आमाहरू नै ढोग्छन् तर कति पुरुषले ती लिङ्गको पूजा गर्छन् ?... लोग्नेमान्छेको सुविधाका लागि स्थापित मान्यताहरू हामीलाई संस्कृतिको भारी बनाएर बोकाइएको छ (पृ.१६०) ।

सत्याको यस कथनमा संस्कृतिका नाममा समाजले नारी र पुरुषका यौनाङ्गका विभिन्न आकृतिहरू बनाए पनि नारीका यौन अङ्गले अश्लील चित्रण गरेको हुनाले दर्शकको ध्यान तानी मनोरञ्जन बढाउने काम मात्र गरेको तर पुरुषको यौनअङ्गलाई भने नारीहरूलाई नै पुज्न लगाउने सांस्कृतिक मान्यताको विरोध गरेको छ । यसरी सत्याको कथनमार्फत यस उपन्यासमा नारीमाथि हुने सांस्कृतिक एवम् धार्मिक शोषणको विरोध गरिएको छ ।

### ४.६.५ यौन शोषणप्रतिको विद्रोह

नारीवादले पुरुषले नारीलाई भोग्या र मनोरञ्जनकी साधन ठानेर नारीमाथि गरेको यौन शोषणको विरोध गर्दछ । प्रस्तुत उपन्यासमा विभिन्न पात्रहरूको अभिव्यक्तिमा नारीमाथि हुने यौन शोषणको विरोध प्रकट गरिएको छ । यस उपन्यासमा पुरुषले उमेरमै विधवा भएकी नारीलाई भोग्य वस्तुका रूपमा उपभोग गर्न खोजेको र त्यसलाई महिलाले प्रतिकार गरेको प्रसङ्ग अजीको यस भनाइबाट स्पष्ट हुन्छ : "...तर उनीहरू त एकछिन लुकेर भोग गर्न मात्र खोज्ने । हामीलाई मात्र अपवित्र पारी आफू सँधै स्वच्छ र सफा रहन खोज्ने । त्यही भएर त हर्षमानको बाबुलाई एकदिन मैले सिंढीको टुप्पैबाट लडाइ दिएको" (पृ.३८) । भक्तपुरको लिङ्गो ठड्याउने जात्रामा लिङ्गो ढलेर किचेपछि श्रीमान्को मृत्युमा विधवा भएकी अजीमाथि हर्षमानको बाबुले यौनशोषण गर्न लागेको हुनाले त्यसको प्रतिकारमा अजीले सिंढीबाट लडाइदिएको प्रसङ्गले नारीले गरेको यौनशोषणप्रतिको विद्रोह स्पष्ट हुन्छ । यस्तै उमा, सत्या र सुस्मितालाई टुँडाल देखाउँदै जिस्काएर पुरुषहरूले गरेको यौनशोषणप्रति सुस्मिताले विद्रोह गरी एउटा केटाको गालामा थप्पड मारेकी छ (पृ.७७) ।

सुस्मिताले जतिसुकै पढेलेखेका पुरुष भए पनि उनीहरूले नारीलाई यौन सन्तुष्टिका साधन वा मनोरञ्जनका लागि उपभोग्य वस्तु मात्र देख्ने कथनका साथ त्यस किसिमको दृष्टिकोणप्रति असन्तुष्टि जनाउँदै यसो भन्छे :

> जतिसुकै पढेलेखेका भलादमी बौद्धिक र ओहोदाका भए पनि हरेक पुरुषको आँखा हामीमाथि केवल यौनजन्य मात्र हुन्थ्यो ।... अशिक्षित ग्रामीण समाजभन्दा सहरीया समाज धेरै नै सङ्कुचित र अश्लील हुँदोरहेछ ।... आफू जतिसुकै सतर्क र होसियार भए पनि वातावरण नै यस्तो रहेछ, छोरीलाई मानसिक यौनपिण्डबाहेक अर्को कुनै अर्थ दिन चाहँदैन रहेछ सहर (पृ.१४९) ।

सुस्मिताको यस कथनमा पुरुषले नारीलाई भोग्या वस्तुका रूपमा हेर्ने गरेको र त्यसको प्रभाव त गाउँमा भन्दा सहरी क्षेत्रमा बढी भएको विचार पाइन्छ । यस्तै पढेलेखेका पुरुषहरूले नारीमाथि गर्ने यौनशोषणपूर्ण व्यवहारको विरोध सुस्मिताको यस कथनले थप पुष्टि गर्दछ :

> आश्चर्य त मलाई त्यसबेला लाग्यो, जब यो देशका सबैभन्दा ठुला मानिएका लेखक, साहित्यकार, पत्रकार, सम्पादकहरू नै रक्सीले लट्ठ मातेर बेहोसीको नाटक गर्दै दूध समाउन आइपुग्थे । गाला छाम्न हात लम्काउँथे । हरेक पार्टीहरूमा महिलाहरूलाई आफैँले जथाभावी गरेर तिनको इच्छाविरुद्ध गिजोल्दै भोलिपल्ट आफ्ना कविता, कथा र उपन्यासहरूमा चरित्रहीन नायिका बनाउँथे । यो देशका सबैभन्दा ठूला मानिएका आख्यानकारहरूले पनि आइमाईको योनी र स्तनबाहेक केही लेख्न सकेका छैनन् (पृ. १४९) ।

यस कथनमार्फत शिक्षित पुरुषहरूले पनि कुनै न कुनै रूपबाट नारीमाथि यौनशोषण गर्दा रहेछन् भन्ने भाव प्रस्तुत गर्दै सुस्मिताले त्यसप्रति असन्तुष्टि र विरोध जनाएकी छ । यसरी प्रस्तुत उपन्यासमा नारीमाथि पितृसत्तात्मक, लैङ्गिक, धार्मिक-सांस्कृतिक एवम् यौन शोषणको विरोध प्रकट गरिएको हुनाले उपन्यासमा नारीवादी प्रवृत्ति पाउन सकिन्छ ।

### ४.७ 'पाण्डुलिपि' उपन्यासमा नारी शोषणप्रतिको विद्रोह

**पाण्डुलिपि** धराबासीको आत्मसंस्मरणात्मक उपन्यास हो । यस उपन्यासमा धराबासीकी आमाको मृत्युदेखि श्रीमतीको मृत्युसम्मको जीवनका विभिन्न उतारचढावहरूलाई प्रस्तुत गरिएको भए पनि नारीहरूले जीवनभोगाइका क्रममा सहनु परेको पीडा, व्यथा र सङ्घर्षहरूलाई समेत यहाँ स्थान दिइएको पाइन्छ । यसर्थ प्रस्तुत उपन्यासमा नारीमाथि भएका विभिन्न शोषण र त्यसप्रति उनीहरूले गरेको विरोधको अध्ययन यहाँ गरिएको छ ।

#### ४.७.१ पितृसत्ताले गरेको शोषणप्रतिको विद्रोह

प्रस्तुत उपन्यासमा पितृसत्ताले नारीमाथि गर्ने शोषणपूर्ण व्यवहारको विरोध गरिएको पाइन्छ । पितृसत्ताले नारीलाई घरधन्दामा सीमित गर्दै नारीमाथि शासन गरेको सन्दर्भको नारीवादले विरोध गर्दछ । यस किसिमको विरोध नारी वा पुरुष जोसुकैले गर्न सक्छ । प्रस्तुत उपन्यासमा सीताजीलाई घरभित्रै सीमित नगर्ने धारणा धराबासीको छ । धराबासी भन्छन् : "तपाईं पनि पढ्नोस् यी लाइब्रेरीका पुस्तकहरू । घर सजाउनोस् । कहिलेकाहीँ घरबाहिर छरछिमेकमा पनि जाने गर्नोस् । अलि सामाजिक पनि हुनुपर्छ" (पृ.९) । सीताजीलाई धराबासीले भनेको यस कथनले पठनपाठन र बाहिरी काममा अग्रसर बनाउनुभन्दा नारीलाई घरायसी काममा सीमित गर्ने पितृसत्तात्मक प्रवृत्तिको विरोध गरेको छ साथै पितृसत्ताले महिलामाथि गर्ने नियन्त्रणको समेत विरोध भएको छ ।

पितृसत्तात्मक समाजले पुरुषले गर्ने बहुविवाहलाई स्वीकार गर्दछ । यस उपन्यासमा होमनाथ हुमागाईं वा धराबासीकी माहिली फुपूका श्रीमान्‌ले बहुविवाह गरेका छन् । उनले श्रीमतीलाई विभिन्न किसिमको शारीरिक एवम् मानसिक यातना दिएको भए पनि फुपूले सहेर बसेको कुरा धराबासीले यसरी व्यक्त गरेका छन् : "माहिली फुपूले त्यो घर र फुपाजुलाई त्याग्नु भएन । उहाँले लडेर, जुधेर खानुभयो" (पृ.४७) । धराबासीको यस कथनमा माहिली फुपूले हिम्मत नहारी

श्रीमान्कै घरमा अनेक यातना सहँदै लडेर खानुले नारीमाथि हुने पितृसत्तात्मक शोषणको आंशिक रूपमै भए पनि विरोध गरेको मान्न सकिन्छ । यस्तै सीताजीको आमाले पनि आफ्नो पतिको बहुविवाहको पीडा सहनु परेको छ । चारवटी श्रीमती विवाह गरेका श्रीमान्लाई मर्ने बेलामा यिनैको सहायताको जरुरत परेको छ । सौतेनी किचलोले तनावपूर्ण जीवन जिउन बाध्य नारीहरूमा माइली फुपू र सीताजीकी आमा पर्दछन् । सीताजीकी आमाले भने पितृसत्ताले यसरी नारीमाथि गरेको शोषणको विरोध जनाएको पाईंदैन । धराबासीको मावली हजुरआमाले भनेको यस कथनले पनि पितृसत्ताले नारीमाथि गर्ने गरेको शोषणको विरोध जनाउँछ : "हामी आइमाईको के मूल्य छ र आज पनि । अझ उहिले त लोग्ने मर्नेबित्तिकै लाससँगै लगेर जिउँदै जलाउँथे" (पृ. ८८) । यसरी प्रस्तुत उपन्यासमा नारीमाथि हुने पितृसत्तात्मक शोषणका विरोधमा नारी पात्रहरू माहिली फुपू र मावली हजुरआमा मात्र नभएर पुरुष पात्र धराबासीको समेत महत्त्वपूर्ण भूमिका रहेको देखिन्छ ।

### ४.७.२ लैङ्गिक शोषणप्रतिको विद्रोह

पितृसत्तात्मक समाजले विवाहित नारीले श्रीमान्लाई आदर सत्कार गर्नुपर्ने तर श्रीमतीलाई भने समान सम्मान नगर्ने प्रवृत्तिलाई स्विकार्छ । श्रीमान्लाई सम्बोधनमा नारीले हजुर वा तपाईं भन्नुपर्ने तर पुरुषले श्रीमतीलाई तिमी वा तँ नै भने पनि हुने परम्परा रहिआएको छ । यस्तो आदरको प्रचलनले पुरुषलाई उच्च दर्जामा र नारीलाई निम्न दर्जामा राखेको पाइन्छ जसले लैङ्गिकताकै आधारमा विभेद सिर्जना गरेको छ । यस किसिमको मान्यतालाई धराबासीले विरोध गर्दै भन्छन् : "म वास्तवमा तपाईंलाई 'तपाईं' नै भन्न चाहन्छु सीताजी † ... ऊ र मेरो सबै कुरा र हैसियतमा बराबर । अझ यस घरमा उसको मूल्य बढी छ । किन होच्याएर 'तँ' वा 'तिमी' भन्नु † " (पृ.११) । धराबासीको यस कथनले श्रीमती सीताजीले आफूलाई जुन सम्मान गर्छिन् त्यही सम्मान आफूले पनि गर्ने भाव व्यक्त गरेको छ । उनले प्रस्तुत गरेको यस किसिमको विचारले लैङ्गिक समानताको वकालत गर्दै नारीमाथि हुने लैङ्गिक शोषणको विरोध गरेको देखिन्छ । धराबासीले मात्र होइन सीताजीको यस कथनले पुरुषले महिलामाथि गर्ने लैङ्गिक शोषणको विरोध गरेको छ : "एउटी नारीको प्रेम पनि पुरुषका अगि कति निरीह हुँदो रहेछ † उसले अपनाए हुने नत्र नहुने ? पुरुषसँग प्रेमको गाम्छा थापेर बीच सडकमा उभिइरहनुपर्ने । तिनले कुल्चेर हिँडे पनि खप्नुपर्ने, स्विकारिदिए रमाउनुपर्ने । आफ्नो त कुनै मूल्य नै नहुने † " (पृ.३६) । पितृसत्तात्मक समाजमा प्रेम प्रस्ताव राख्ने, विवाहको निर्णय गर्ने आदि जिम्मेवारी एवम् अधिकार पुरुषको भएको र त्यसको अगाडि महिला जहिल्यै दबिनु पर्ने हुँदा लैङ्गिक अन्याय भएको सन्दर्भको विरोध सिताजीको यस कथनले गरेको पाइन्छ । यसरी प्रस्तुत उपन्यासमा धराबासी र सीताजीका यी कथनले नारीवादले भनेझैँ नारीमाथि हुने लैङ्गिक शोषणको विरोध गरेको देखिन्छ ।

### ४.७.३ धार्मिक तथा सांस्कृतिक शोषणप्रतिको विद्रोह

नेपाली समाजमा परम्परादेखि स्थापित विभिन्न धर्म र संस्कृतिलाई मानी आइएको पाइन्छ । पुरुषले आफ्नो हितमा निर्माण गरेका यस्ता धर्म र संस्कृतिले कतिपय सन्दर्भमा महिलालाई शोषण गरेको हुनाले त्यसको विरोध गर्नुपर्ने एवम् त्यसलाई संस्कारित गर्नुपर्ने मत नारीवादीहरूको छ । यस क्रममा हिन्दू धर्मले उमेरले जतिसुकै सानो भए पनि माइतीले चेलीहरूलाई आशीर्वाद दिने परम्परालाई मान्दै आएको छ । प्रस्तुत उपन्यासमा यसको विरोध गर्दै धराबासीले आफ्नो फुपूहरू आफूभन्दा उमेरमा जेष्ठ भए पनि आफैँले आशीर्वाद दिने चलन हटाउने निर्णय गरेको देखिन्छ ।

धराबासीले मात्र होइन उनको बुबाकी अन्तरी फुपूले त्यसको समर्थन गर्दै यसो भन्छिन् : "तैँले ठीकै भनिछस् नाति † हो नि, मजस्ती बूढीले यी कलिला हातबाट टीका थापेर के दीर्घायूको आशीर्वाद माग्नु त † " (पृ.४५) । उमेरले जतिसुकै फरक भए पनि माइतीलाई मानेर चेलीले माइतीबाटै आशीर्वाद लिनुपर्ने परम्पराको यहाँ विरोध गरिएको छ । दशैँमा फुपूको हातबाट टीका थाप्न थालेपछि धराबासी भन्छन् : "एउटा लामो परम्परा तोडिएको थियो । चेलीबेटिका हातबाट दशैँको टीका लगाएर आशिष् थाप्नु माइतीको हकमा अस्वाभाविक थियो । माइती जति नै नाबालक भए पनि चेलीले उसलाई आफूभन्दा ठूलो मान्नुपर्ने परम्पराको अन्त्य गरेका थियौँ" (पृ. ५५) । उदार नारीवादले तत्कालीन सामाजिक संरचनाभित्रै रहेर समाजका अन्याय र शोषणहरू हटाइ नारी हकहित र अधिकार सुनिश्चित गर्नु पर्ने धारणा राखेको देखिन्छ । धराबासीको यस कथनमा नारीहरूको अधिकारलाई प्रश्रय दिएर परम्परागत अन्यायपूर्ण व्यवहारको विरोध गरिनुले उदार नारीवादी धारणाको समर्थन भएको पाइन्छ ।

यस्तै आमाको मृत्युपछि श्राद्ध गर्ने क्रममा धराबासीले परम्परागत नियमलाई परिमार्जन गरी पितृस्मृति समारोहको आयोजना गर्नुले पनि रुढिवादी सांस्कृतिक मान्यताको विरोध भएको देखिन्छ । वैदिक सनातन परम्पराले विकसित गरेको कर्मकाण्डको रूढ परम्पराको अस्वीकार गर्दै गरिएको यस किसिमको समारोहलाई समर्थन गर्दै धराबासीकी माइली फुपू भन्छिन् :

> मलाई हाम्रो धराबासीले आयोजना गरेको यो सराद्धेको तरिका साह्रै मन पऱ्यो । आज हामी सबैले दाजुभाइलाई यति मजाले सम्झन पायौँ । सबैले यसै गर्नु राम्रो हुन्छ । (कृष्ण हुमागाईँतिर फर्केर) ऐ किस्ने † पछि म मरेपछि मेरो सराद्धे पनि यसरी नै गरिदिनु नि ल (पृ.७५) ।

बाबुको काजक्रियामा बस्दा झन् बिरामीले ग्रस्त भएकी सीताजीले लीला अनमोलसँगको अन्तर्वार्तामा भनेको यस कथनले पनि परम्परागत संस्कृतिको विरोध जनाएको छ :

> आमाको चैँ म पाँच दिनदेखि उता बार्दै बार्दिनँ । यस्तो सारो हुइन्जेलसम्म तिमेर्ले मलाई खटायौ ।.... अनि पाँच दिनदेखि उताचैँ म बार्दिनँ । आमा जिउँदै हुँदा पनि म भन्छु, मरेपछि पनि म भन्छु (पृ.२६५) ।

यसरी धराबासी, उनकी माइली फुपू र सीताजीले परम्परागत सांस्कृतिक प्रचलनको विरोध गरेको पाइन्छ ।

सीताजीको आमा भने रुढिवादी धार्मिक विश्वासलाई मान्छिन् । बिरामी परेका श्रीमान्‌को उपचारको क्रममा होस् वा मृत्युपछि काजक्रिया गर्ने क्रममा नै किन नहोस् उनमा यसप्रतिको विश्वास जरो गाडेर बसेको छ । सीताजी बिरामी भएको बेला जोरे गर्नमा यिनले समेत सल्लाह दिएकी छन् । यतिमात्र होइन उनी सीताजीको मृत्युपछि छोरीको घरमा पानी पनि खान्न भन्दै आफ्नो घरमा फर्केकी छन् ।

प्रणामी धर्म मान्ने सीताजीकी आमा मात्र होइन बोल्दाबोल्दै बोल्न छोडेकी सीताजीको अन्तिम बोली पनि यस्तो छ :

> सारा संसार खोजिसकेँ
> कृष्ण कहाँ छन् ?

प्रभु कृष्ण कहाँ छन् † (पृ.२९६)

चेतनाका तहमा अर्थात् अरू बेलामा धर्म कर्मका पक्षमा केही नबोल्ने, रुढिवादी नराम्रा संस्कारको विरोध गर्ने सीताजी बिरामीको अन्तिम अवस्था अर्थात् अर्धचेत अवस्थामा भने कृष्णकै भक्त भएकी छन् । यतिमात्र होइन उनले गीता उप्रेतीले जोरे गरेपछि निको भएको भन्दै आफू पनि पछि यही काम गरेर समाज सेवा गर्ने बताएकी छन् । परिवार र आफन्तको दबाबले सीताजीलाई निको नहुने जान्दा जान्दै पनि धराबासी आध्यात्मिक बन्न पुगेका छन् । धराबासी सीताजीको आग्रह अनुसार आफू पनि जोरेमा सेकिएका छन् । सत्यनारायण पूजा र वैतरणीका सन्दर्भमा भने उनले विरोध जनाएका छन् । उनी भन्छन् : "म सीताजीलाई कतै तार्न चाहन्न । उहाँले जीवनमा कुनै पापै गरेको छैन, किन तर्नुपर्छ वैतरणी † उहाँ त सदासदा मैसँग बसिरहनु हुनेछ" (पृ.३२५) । यतिमात्र होइन धराबासीले श्रीमतीको मृत्युपछि काजक्रियाको लैङ्गिक विभेदपूर्ण प्रचलनको विरोध गरेका छन् । लोग्नेको मृत्युमा श्रीमतीले सेतो कपडा लाएर क्रियामा बस्नुपर्ने तर स्वास्नीको मृत्युमा भने लोग्नेले केही नगरी स्वतन्त्र भएर हिँड्न पाउने सांस्कृतिक प्रचलनको विरोध गरेका छन् । घाटमा छोराहरूको कपाल खौरिसकेपछि मेरो कपाल खौरिदिनुभन्दा कसैले भोलि, कसैले दश दिनमा जहिले खौरे पनि हुन्छ भनेपछि धराबासी भन्छन् :

> के भनेका यिनीहरूले ? मेरी श्रीमती मर्नु भएको छ, मैले कपाल दश दिनमा खौरे पनि हुने त ? अनि मेरो कुनै भूमिकै हुन्न ?... म आजै यहीँ खौरिन्छु । घाटमा नखौरिएको कपाल कहाँ खौरिनु ? छोराहरू मुडुला छन्, म भने कपाल लर्काएर हिँड्नु ? (पृ.३३५) ।

परम्परागत सांस्कृतिक प्रचलनप्रति असन्तुष्टि जनाउँदै उनी आफू मरेको कल्पना गर्दै भन्छन् :

> आज म मरेको भए छोराहरू त यसरी नै बसेका हुन्थे तर शारदा सुतेको ठाउँमा सीताजी एकसरो सेतो कपडामा बेरिएर शोकले अजाख पल्टिएकी हुनुहुने थियो । उहाँले रुन बिर्सिएको हुन्थ्यो, होस् आउँदै जाँदै हुन्थ्यो, यो कोठा महान् शोकालय हुने थियो । ...मैले एउटा भ्याङले हाफ पेन्ट र नीलो भेस्ट लगाएको थिएँ ।... मेरा निम्ति कुनै व्रतहरू छुट्टिएनन् ।... सबै मसँग टाँसिएरै बस्थे, म जतातते स्वतन्त्र हिँडडुल गर्थें (पृ.३३९) ।

विष्णु कुमार भट्टराईसँग धराबासी भन्छन् :

> दाइ † यो कस्तो विधि हो ? कति अव्यावहारिक, कति पक्षपाती । जसलाई थरगोत्रसमेत फेरेर आफ्नो कुलधर्ममा समाहित गराइएको हुन्छ, ऊ मर्दा भने लोग्नेको कुनै भूमिका नहुनु अचम्म होइन ? यस्तो एकलकाँटे पनि शास्त्र हुन्छ ?... त्यो आमा, जसले आफ्नो सम्पूर्ण मन, शरीर, इच्छा, रहर र उमेर विनासर्त समर्पण गरेकी हुन्छे, त्यसको मूल्य कति त ? त्यो लोग्नेले उसका निम्ति कुनै भार बोक्नै नपर्ने ? (पृ.३४०) ।

यसरी प्रस्तुत उपन्यासमा धराबासी र सीताजीले संस्कृतिको विरोध र समर्थनमा दोहोरो भूमिका खेलेका छन् भने सीताजीकी आमाले परम्परागत संस्कृतिको समर्थन गरेकी छन् । धराबासीकी बुबाकी अन्तरी फुपू र माइली फुपूले पनि परम्परागत संस्कृतिले स्थापना गरेको नराम्रा प्रवृत्तिको विरोधको समर्थन गरेका छन् । धराबासी अरूको करकापमा र पारिवारिक स्नेहका कारण संस्कृतिको समर्थन गर्न पुगेका देखिए पनि उनको वैयक्तिक विचार भने रुढिवादी परम्पराको विपरीत नै रहेको देखिन्छ । दशैंको टीकादेखि बाबु आमाको काजक्रिया एवम् श्रीमतीका काजक्रियाका काममा देखिएको लैङ्गिक विभेद र नकारात्मक संस्कारको विरोध धराबासीले गरेका

छन् । सीताजीले बिरामीले सताएको र अर्धचेत अवस्थामा मात्र परम्परागत रुढिवादी संस्कारलाई माने पनि स्वस्थ अवस्थामा त्यसको कहिल्यै समर्थन गरेको देखिँदैन । यसर्थ यस उपन्यासमा पुरुष एवम् नारी पात्रहरूले परम्परागत विभेदपूर्ण धर्म र संस्कृतिको विरोध गरेको पाइन्छ ।

## ४.८ निष्कर्ष

धराबासीका छवटै उपन्यासमा नारीमाथि हुने गरेका शोषणको विरोध भएको पाइन्छ । **शरणार्थी** उपन्यासमा पुरुषले गरेको अन्यायको नारीले विरोध गर्नु, सुयोगवीर, चन्द्रप्रकाश, दुई युवक जस्ता पुरुषहरूले नारीमाथि गरेको यौनशोषणलाई शिवजित राई, जयमाया, हरिकी श्रीमती जस्ता पात्रले विरोध गर्नु जस्ता सन्दर्भले नारमिाथि हुने पितृसत्तात्मक, लैङ्गिक र यौन शोषणप्रतिको विद्रोहलाई प्रस्ट्याएको छ । **आधाबाटो** उपन्यासमा नारीको बालविवाह, शैक्षिक असमानता जस्ता सन्दर्भले पितृसत्ताकै समर्थन गरेको हुनाले पितृसत्तात्मक शोषणप्रतिको विद्रोह देखिँदैन । यस उपन्यासमा धराबासी र धराबासीकी आमा लगायत विभिन्न पात्रले सामाजिक शोषण र यौन शोषणको विरोध गर्नुले नारीमाथि हुने गरेका शोषणप्रतिको विद्रोहलाई पुष्टि गरेको छ । **राधा** उपन्यासमा नारीले पुरुषलाई बलहीन ठान्नु, नारी दमनका विरोधमा नारीचेतना फैलाउने सोच लिनु, महिलालाई प्रेम र विवाह गर्ने स्वतन्त्र निर्णय हुनुपर्ने विचार प्रस्तुत गर्नु, पुरुषले जस्तै नारीले काम गर्न नसक्ने मान्यता राख्ने समाजलाई राधा र सुशीलाको कार्यले चुनौती दिनु, पुरुषले नारीलाई समान मूल्य नदिइ उपभोग्य वस्तुका रूपमा मात्र लिने गरेको सन्दर्भको विरोध गर्नु जस्ता प्रसङ्गले नारीमाथि हुने पितृसत्तात्मक, लैङ्गिक, पारिवारिक, सामाजिक, यौन शोषणप्रति विद्रोहलाई प्रस्ट पारेको देखिन्छ । **तपाईं** उपन्यासमा पितृसत्ताले नारीमाथि गरेको शोषणप्रति कार्की ठुलेकी श्रीमती, घनेन्द्रबाबुकी श्रीमती र तपाईंकी श्रीमतीले विरोध गर्न सकेका छैनन् तर रतिया, अस्मिता, अनुपा जस्ता नारी पात्रहरूले भने यसको विरोध गरेका छन् । पुरुषकै गल्ती भए पनि नारीलाई दोष लगाउने प्रचलनको विभिन्न नारी पात्रले विरोध गर्नु, माया र अस्मिताले आफू यौन पेसामा लाग्नुको पछाडि समाजलाई कारक ठान्नु, अस्मिताले पुरुषलाई आफ्नो शरीरको उपभोगी देख्नु, अनुपाले नारीहरू पतिव्रता भए जस्तो पुरुषहरू पत्नीव्रता नभएको मान्यता प्रकट गर्नु जस्ता सन्दर्भले नारीमाथि हुने पितृसत्तात्मक, लैङ्गिक, सामाजिक र यौन शोषणप्रति विरोध जनाएको छ । **टुँडाल** उपन्यासमा नारीहरूले विधवाप्रतिको समाजको दृष्टिकोण र बालविवाहको प्रचलनप्रति असन्तुष्टि व्यक्त गर्नु, प्रेम र बिहेका सन्दर्भमा गरिने उमेरगत सीमा निर्धारणको विरोध गर्नु, विधवा विवाहलाई समर्थन गर्नु, नारीलाई भोगवादी दृष्टिले हेर्ने र यौनशोषण गर्ने पुरुषको विरोध गर्नु, नारीलाई विभेद गर्ने परम्परागत संस्कृति र धार्मिक अन्धविश्वासको विरोध गर्नु जस्ता सन्दर्भले नारीमाथि हुने पितृसत्तात्मक, लैङ्गिक, धार्मिक-सांस्कृतिक एवम् यौन शोषणको विरोध गरेको छ । **पाण्डुलिपि** उपन्यासमा सीताजीलाई धराबासीले घरधन्दामा मात्र सीमित नरही पठनपाठन र बाहिरी काममा अग्रसर गराउन खोज्नु साथै उनले आफूलाई गर्ने सम्बोधन (तपाईं) ले नै सम्बोधन गर्नु, सीताजीले प्रेमका सम्बन्धमा नारीहरू पुरुषमा आश्रित हुनुपर्ने अर्थात् पुरुषले आफ्नो प्रेमलाई कुल्चेर हिँडे खप्नुपर्ने र स्विकारे रमाउनुपर्ने भन्दै नारी अन्यायप्रति असन्तुष्टि जनाउनु, धराबासी लगायत विभिन्न पात्रले परम्परागत संस्कृतिले स्थापना गरेको नराम्रा प्रवृत्तिको विरोध गर्नु जस्ता सन्दर्भले नारीमाथि हुने लैङ्गिक, धार्मिक-सांस्कृतिक, पितृसत्तात्मक शोषणको विरोध गरेको छ ।

यसरी धराबासीका उपन्यासहरूमा नारीमाथि हुने विविध शोषणको विरोध गरिएको पाइन्छ । उनका सबै उपन्यासमा नारी एवम् पुरुष पात्रले नारीमाथि हुने अन्यायप्रति असन्तुष्टि जनाएको

पाइन्छ तर कतिपय पात्रले भने पितृसत्ता र परम्परागत संस्कारलाई निरन्तरता दिएको भए पनि त्यसको समेत विरोध उपन्यासभित्रकै पात्रहरूले गरेको देखिन्छ । यस्तै धराबासीका उपन्यासमा नारीलाई कमजोर र हीन ठान्ने, यौन उपभोगको साधन ठान्ने, धर्म र संस्कृतिका आधारमा विभेद गर्ने प्रवृत्तिको विरोध गरिएको पाइन्छ । यसरी धराबासीका उपन्यासमा नारीमाथि हुने धार्मिक-सांस्कृतिक, सामाजिक, पारिवारिक, लैङ्गिक, पितृसत्तात्मक शोषणप्रतिको विद्रोह प्रस्तुत गरिएको पाइन्छ ।

परिच्छेद : पाँच

# धराबासीका उपन्यासमा नारीलाई हेर्ने दृष्टिकोण

## ५.१ विषय परिचय

नारीलाई समाजद्वारा सिर्जित लैङ्गिक विभेद वा प्राकृतिक भिन्नतालाई आधार बनाएर कुनै व्यक्तिको नारीप्रतिको धारणा कस्तो छ भन्ने कुराको अध्ययन नारीलाई हेर्ने दृष्टिकोण अन्तर्गत गर्न सकिन्छ । कतिपय व्यक्तिले नारीलाई सकारात्मक नजरले हेर्ने गरेको पाइन्छ भने कतिपयले नारीलाई समान नजरले नहेरी दोस्रो दर्जाका नागरिकका रूपमा हेरेको हुन्छ । नारीवादले त्यस्ता व्यक्तिको दृष्टिकोणको पक्ष लिन्छ जसले नारीलाई विभेदपूर्ण नजरले भन्दा लैङ्गिक समानताको वकालत गर्दै सकारात्मक दृष्टिकोणले हेर्दछ । यसर्थ धराबासीका विभिन्न उपन्यासमा नारीलाई हेर्ने दृष्टिकोणका आधारमा प्रस्तुत उपन्यासमा व्यक्त नारीवादी प्रवृत्तिको अध्ययन यहाँ गरिएको छ ।

## ५.२ 'शरणार्थी' उपन्यासमा नारीलाई हेर्ने दृष्टिकोण

**शरणार्थी** उपन्यासमा नारीलाई हेर्ने दृष्टिकोणको विश्लेषण गरी नारीवादी प्रवृत्तिको निर्क्योल गर्न सकिन्छ । प्रस्तुत उपन्यासमा नारीलाई नारीले, नारीलाई पुरुषले, पुरुषलाई नारीले र नारीलाई लेखकले हेर्ने दृष्टिकोण सकारात्मक छ या नकारात्मक, विद्वेषपूर्ण छ या मित्रवत् भन्ने कुराको अध्ययन यहाँ गरिएको छ :

### ५.२.१ नारीको नारीप्रतिको दृष्टिकोण

नारीवादले नारीले नारीलाई हेर्ने दृष्टिकोण ईर्ष्यात्मकभन्दा पनि मैत्रीपूर्ण र सकारात्मक हुनुपर्ने मान्यता राख्दछ । **शरणार्थी** उपन्यासमा प्रयुक्त विभिन्न नारी पात्रले नारीलाई सकारात्मक दृष्टिले हेरेर मैत्रीपूर्ण व्यवहार गरेको पाइन्छ । यस उपन्यासमा जयमायाका परिवार बर्माबाट हिँडेपछि बाटामा अलपत्र परेकी युवतीलाई जयमायाकी आमाले गरेको व्यवहारलाई उसले यसरी प्रस्तुत गरेकी छ :

> बाटोको किनारमा एउटा झाडीभित्र एउटी बीस-बाइसकी युवती पीडाले छटपटाइरहेकी थिई । त्यसलाई भर्खरै दुई जना युवकहरूले बलात्कार गरी छोडेर गएका रहेछन् ।... हामीले त्यस युवतीलाई पनि उठाएर गाडीमा राख्यौँ । त्यो पीडाले छटपटाइरहेकी थिई, रोइरहेकी थिई । आमाले त्यसलाई जङ्गली जडीबुटी खोजेर खान दिनुभयो । दुई दिनसम्म हामीसँगै रहेपछि त्यो केटी निक्कै स्वस्थ भई (पृ.३६) ।

यस कथनमा एउटी महिलाले आपतमा परेकी अर्थात् पुरुषको यौन शोषणले पीडित महिलालाई सक्दो सहयोग गरेको देखाइएको छ । यस प्रसङ्गमा नारीले नारीलाई हेर्ने दृष्टिकोण मैत्रीपूर्ण देखिन्छ ।

बर्थाले जयमायासँग भनेको यस भनाइले नारीप्रति नारीको सकारात्मक दृष्टिकोणलाई स्पष्ट पार्दछ : "जयमाया † तिम्रो बारेमा मलाई जय बहादुरले सबै भनिसकेको छ । म तिमीलाई माया गर्छु

बहिनी । म तिमीलाई माया गर्छु । तिमीले यस यात्रामा पाएको पीडा हामी सबैभन्दा केही बढी नै रहेछ" (पृ.४०) । यहाँ जयमायालाई बर्थाले बहिनीका रूपमा माया गर्ने वचन दिएकी छ । उसले मात्र होइन बर्थाकी आमाले पनि जयमायालाई कान्छी छोरी मानेर बिहेदान गरिदिने वचन यसरी दिएकी छ : "जयमाया † अब तिमी पनि हाम्रै छोरी भयौ । हामी जहाँ जान्छौँ, सँगै बसौँला । तिम्रो बिहेदान जे गर्नुपर्छ मै गर्छु, बुझ्यौ नानी । एउटी छोरी थिई अब दुइटी भयौ" (पृ.५४) । यसरी बर्थाकी आमा र छोरी दुबै नारीको जयमायाप्रतिको दृष्टिकोण सकारात्मक देखिन्छ । बर्थालाई जय बहादुरले माया गर्न थालेको र जय बहादुरलाई जयमायाले उत्तिकै माया गर्ने थाहा भएपछि दुईमा एक रोज ऊ पनि मेरी बहिनी हो भनी बर्थाले भन्नुमा पनि आफ्नै प्रेमीलाई अर्की नारीलाई सुम्पिनु पर्दा समेत नारीप्रति विद्वेष नराखेको देखिन्छ । जय बहादुरले जयमायालाई टकाव नदी तारेर फर्किन लाग्दा पारि किनारमा उभिएर हेरिरहेकी बर्थालाई बचाउन जाऊ भनी छातीभरि माया बोकी बिछोडको पीडाले छटपटाएरै भए पनि नारीको उद्धारका लागि पठाउनुले बर्थाप्रति जयमायाको मायालाई स्पष्ट पार्दछ । यतिमात्र नभएर साम्चीमा बस्दा जयमायाले स्कुलबाट आफूले ल्याएको पैसा सबै बर्थालाई नै दिनुले यिनीहरू बिचमा भएको मैत्रीपूर्ण सम्बन्धलाई स्पष्ट पार्दछ ।

बर्थाको मृत्युपछि कान्ताले बारम्बार जयमाया र जय बहादुरलाई विवाहका लागि आग्रह गर्नु र विवाह नगर्ने उनीहरूको विचार बुझिसकेपछि सँधै सँगै रहनु भन्ने कामना गर्नुले एउटी नारीले अर्को नारीको सुख दुखमा साथ दिएर सकारात्मक सोच राखेको सन्दर्भलाई स्पष्ट पारेको छ । कान्ता भन्छे : "सानो ममी † अब त म पनि ठूली भएँ । केही वर्षपछि मेरो पनि विवाह हुन्छ । तपाईंलाई यसरी उदास र एक्ली छोडी म कहीँ जान सक्दिनँ । तपाईं 'अङ्कल'लाई भन्नोस्न ममी । बिहे गर्नोस् तपाईंहरू" (पृ.१२९) । यसर्थ यी घटनाले नारीको नारीप्रति ईर्ष्याभन्दा पनि मैत्रीपूर्ण एवम् सकारात्मक दृष्टिकोण रहेको देखाउँछ ।

### ५.२.२ नारीको पुरुषप्रतिको दृष्टिकोण

नारीले पुरुषलाई सहभावपूर्ण नजरले हेर्नुपर्ने मान्यता धेरैजसो नारीवादीको देखिन्छ । नारीविना पुरुष र पुरुषविना नारीको जीवनको कुनै अस्तित्व नभएको मान्यता राख्ने नारीवादीहरूले पुरुषप्रति विद्वेषभन्दा पनि सकारात्मक दृष्टिकोण राख्ने गरेको पाइन्छ । प्रस्तुत उपन्यासमा नारीले पुरुषलाई जस्तोसुकै अवस्थामा पनि आफ्नो जीवनबाट परित्याग गरेर तिरस्कार गर्नतिर नलागेर माया र सदभावपूर्ण व्यवहार प्रदर्शन गरेको पाइन्छ । नारीहरूले पुरुषलाई गर्ने भावुक प्रेम र पुरुषप्रतिको श्रद्धा भावलाई बर्मेली केटाप्रति जयमायाको यस कथनले पुष्टि गरेको छ :

> ...बडो सोझो र राम्रो थियो । किनकिन मलाई त्यसको माया लाग्न थालिसकेको थियो । त्यसको रूप राम्रो थिएन, स्वभाव पनि त्यति खुलिसकेको थिएन तर त्यो गम्भीर प्रकृतिको र एकान्त मन पराउने खालको लाग्थ्यो (पृ.३५) ।

जयमायाले बर्मा छाड्ने बेलामा बर्मेली केटो छाडिने भयो भन्दै चिन्ता गरेर भनेको यस कथनमा पुरुषप्रति नारीको सकारात्मक धारणालाई स्पष्ट पार्दछ । नारीले पुरुषलाई त्याग्न विवश हुँदा पनि बारम्बार सम्झिरहेको देखाएर पुरुषप्रति नारीको सकारात्मक दृष्टिकोणलाई प्रस्तुत गरिएको छ । यस्तै बाटोमा भेटिएको जय बहादुरलाई देखेपछि जयमायाको ऊप्रतिको दृष्टिकोण यस्तो छ :

...मलाई सुरुमै जय बहादुरको रूप आकर्षक लागेको थियो ।... बिस्तारै जय बहादुरको बानीबेहोराहरू थाहा हुँदै गयो । मन पर्दै गयो । उनी इमानदार रहेछन्, सहयोगी रहेछन् । मलाई परदेशमा एउटा सहृदयी समकालीन साथी प्राप्त भएको थियो । मनमा केही आस्था जस्तो, उत्साह जस्तो पनि थियो (पृ.३८) ।

जयमायाले जय बहादुरलाई आस्था र उत्साहपूर्ण दृष्टिले हेरेको हुनाले उसको पुरुषप्रतिको दृष्टिकोण सकारात्मक देखिन्छ । बर्थाले भनेको यस भनाइले जय बहादुरप्रतिको सकारात्मक दृष्टिकोण प्रष्टिन्छ : "एक किसिमले सम्झने हो भने त्यो मान्छे भगवान् नै हो भने पनि हुन्छ" (पृ.६४) । बर्थाले पुरुषलाई भगवान् मान्नु नारीको पुरुषप्रतिको सकारात्मक दृष्टिकै पराकाष्ठा हो ।

## ५.२.३ पुरुषको नारीप्रतिको दृष्टिकोण

पितृसत्तात्मक सोच भएका पुरुषले नारीलाई उपभोग्य वस्तु अर्थात् मनोरञ्जनका साधनका रूपमा हेर्ने गरेको आरोप नारीवादीहरूको छ । उनीहरूका अनुसार नारीवादी पुरुषले महिलालाई सम्मान गर्छ अनि सुख र दुःखमा साथमात्र नदिएर हरेक किसिमको स्वतन्त्रता र समानता प्रदान गर्न हिचकिचाउँदैन अर्थात् नारीकै पक्षमा वकालत गर्दछ । प्रस्तुत उपन्यासमा प्रयुक्त धेरैजसो पुरुष पात्रले नारीलाई सम्मान गरेका छन् र पुरुषद्वारा हुने नारीमाथिका शोषणप्रति विरोध जनाएका छन् । जयमायाको बाबु शिवजित राईले यौन शोषणपूर्ण व्यवहारले नारीमाथि दमन गर्ने पुरुषको विरोध गरेका छन् । सुयोगवीरको यौनजन्य अपराधलाई बारम्बार सम्झँदै उनले गर्ने क्रियाकलापका बारेमा जयमायाकी आमा भन्छिन् : "...मलाई बारम्बार तेरा बाबाले सुयोगवीरको चर्चा गर्दै त्यसलाई थुक्ने गरेको सुनेकी छु" (पृ.३३) । शिवजित राईको यस प्रकारको व्यवहारले नारीमाथि गर्ने यौन शोषणको विरोध गर्दै नारीलाई सम्मान गर्नुपर्ने सन्देश दिएको छ । सुयोगवीरले आफ्नी श्रीमतीप्रति राखेको यस किसिमको सोचले नारीप्रति उसमा भएको सम्मानपूर्ण दृष्टिकोणलाई सङ्केत गर्दछ : "त्यस्तो धनी परिवारमा जन्मिएर हुर्किएकी, कहिल्यै दुःखको अनुहार नदेखेकी, मसँग विवाह भएपछि पनि सदा सुखसयलमा नै रहेकी सुवेदार्नीलाई म यो हालतमा रहेको कति दिन हेर्न सक्थेँ मेरी छोरी † " (पृ.३९) ।

जय बहादुरले बर्था र जयमायालाई बराबरी माया गर्छ । आफ्नो जीवनको ठेगान नभए पनि बाटामा भेटिएका बेसाहारा नारीहरूलाई माया दिएको छ । ऊ भन्छ : "बर्था मैले जयमायालाई त्यसरी एक्लै पारि पुऱ्याएर छोडेर आउनु हुने थिएन तर के गर्नु तिमी पनि त यता बेसहारा थियौ । त्यो अभागी टुहुरी केटी अहिले कहाँ कसरी जीवन बिताइरहेकी होली" (पृ.५८) । जय बहादुरको यस भनाइमा उसले बर्थाको जति माया गऱ्यो त्यत्ति नै जयमायाप्रति पनि चिन्तित भएको देखिन्छ । यतिमात्र होइन जय बहादुर बर्थालाई भन्छ : "बर्था † तिम्रो कुरा मैले बुझेको छु, तिमी हतार पनि नगर, असहाय छु भन्ने पनि नठान । तिमीलाई बिजोक हुन म दिन्नँ । त्यसो गर्ने भए पहिले नै छोडेर हिँडिसक्ने थिएँ" (पृ.५९) । यसरी जय बहादुरले नारीलाई बिजोक भएको समयमा साथ दिएर सकारात्मक भूमिका निर्वाह गरेको देखिन्छ । भोटाङमा पुगेपछि कामको खोजीका क्रममा जय बहादुर यसो भन्छ : "म त पहाडमै गएर पनि बाटो खन्ने थिएँ होला, तर यिनलाई त्यस्तो काम कसरी गराउनु । यिनी कमजोर पनि छन्, कामै नगरेकी मान्छे" (पृ.६६) । जय बहादुरले आफू जस्तोसुकै दुःख गर्न पनि तयार भएको तर बर्थालाई कठिन काममा लगाउन नसक्ने विचार अभिव्यक्त गर्नुले नारीप्रति भएको उनको सकारात्मक दृष्टिकोणलाई स्पष्ट पार्छ । यतिमात्र नभएर चन्द्रप्रकाशसँग भेट भइसकेपछि एउटा पत्र लेखेर सुटुक्क घर छोडी हिँडेर जय

बहादुरले बर्षाको खुसीका लागि दुईको मेलको वातावरण तयार गरिदिनुले उसको नारीप्रतिको सकारात्मक दृष्टिकोणकै सङ्केत गर्दछ ।

चन्द्रप्रकाश सुरुमा महिलाहरूमाथि यौन शोषण गर्दै हिँड्ने प्रवृत्तिको भए पनि पछि ती घटनालाई सम्झिँदै पछुतो गर्नुले नारीप्रतिको दृष्टिकोणमा सकारात्मक परिवर्तन भएको देखिन्छ । ऊ भन्छ :

> म एउटा लाचार र विवश लोग्नेमान्छे, जसले जीवनमा पापबाहेक केही गरेकै छैन, त्यसैले यो अर्को पाप फेरि कसरी बोकौँ ? बर्षा, मैले आफ्नो सारा विगत तिमीलाई बताइदिएको छु, म एक त्याग्नलायकको, थुक्नलायकको पुरुष हुँ । नारीहरूमाथि मैले धेरै अन्याय गरेको छु । म प्रायश्चित गर्न निस्किएको मान्छे फेरि तिमीलाई कसरी स्वीकार गरौँ ? (पृ.७३) ।

चन्द्रप्रकाशले बर्षाको सँगै जीवन जिउन गरेको आग्रहमा लाचारी हुँदै आफ्नो नारीप्रति गरेको कर्तुतको प्रायश्चित्तले उसमा आएको नारीप्रतिको सकारात्मक दृष्टिकोणलाई पुष्टि गर्दछ ।

राम प्रसाद खनालले आफ्नी श्रीमती जानुकालाई यसो भन्नुले पनि उनको नारीप्रतिको सम्मानपूर्ण र सकारात्मक दृष्टिकोणालाई स्पष्ट पार्छ :

> हेर जानु † संसारमा मेरो आफ्नो भन्नु तिमीबाहेक को छ भन त ? तिम्रै साथ, तिम्रै अनुहार हेरेर मलाई जे गर्न पनि आँट आउँछ । यत्रा दु:खहरूलाई काँधमा बोकेर जुरुक्क उचाल्ने शक्ति मलाई कहाँबाट प्राप्त भयो होला भन त ? साँच्चै भनेको, तिम्रो यो धीर गम्भीर अनुहार हेरेर घरबाट निस्किएपछि चिताएको जे काम पनि सफल हुन्छ । एक प्रकारले तिम्रै भाग्यमा हाम्रो सुख अडेको जस्तो लाग्छ मलाई त, बुझ्यौ ? (पृ.९६) ।

यतिमात्र होइन राम प्रसाद बिरामी भएको खबर सुनेपछि भेट्न गएको हरिसँग आमाको खबर सोध्दा मृत्यु भइसकेको सुन्ने बित्तिकै उसको निधन हुनुले पनि जानुकालाई राम प्रसादले कति माया गर्दो रहेछ भन्ने कुरा प्रस्ट हुन्छ । यसर्थ राम प्रसादको नारीप्रतिको दृष्टिकोण सकारात्मक देखिन्छ । राम प्रसाद मात्र होइन हरि पनि बुबालाई जेलबाट छुटाउन श्रीमतीले गरेको निर्णयको समर्थन गर्नुले उसको नारीप्रतिको सम्मानपूर्ण दृष्टिकोण स्पष्ट हुन्छ । हरिले अझ आफू कमाउन बाहिर जान थालेपछि आफ्ना सन्तान सहित तिन वटा भान्जाभान्जीलाई लिएर घर चलाएकी श्रीमतीलाई पदमले पैसा दिने गरेको सन्दर्भमा समाजले गरेको नराम्रो कुराको विरोध गर्दै यसो भन्नुले उसमा भएको नारीप्रतिको सकारात्मक विचारलाई थप पुष्टि गरेको छ :

> हाम्रो समाजमा नारीहरूलाई स्वतन्त्र भएको कोही देख्न चाहँदैन । उनीहरूले लोग्नेभन्दा टाढा बसेर व्यवहार गर्नु नै अशोभनीय मानिन्छ । स्वास्नीमान्छेहरू पनि लोग्नेमान्छेजत्तिकै जिम्मेदार हुनुपर्छ परिवारप्रति । त्यो हुन दिनुपर्छ सबैले (पृ.१०३) ।

यसरी प्रस्तुत उपन्यासमा प्रयुक्त पुरुष पात्रहरूले नारीलाई दमन गरेर कब्जामा लिनुपर्छ र शोषण गर्नुपर्छ भन्नेको विरोध गरी नारीप्रति सम्मानपूर्ण दृष्टिकोण राखेको पाइन्छ ।

### ५.२.४ लेखकको नारीप्रतिको दृष्टिकोण

प्रस्तुत उपन्यासका लेखक कृष्ण धराबासीले नारीको पक्षमा वकालत गरेको देखिन्छ । उनले प्रवासी नेपालीका दु:खलाई चित्रण गर्ने मूल ध्येयले उपन्यास सिर्जना गरेको भए पनि नारीको पुरुषको आत्मिक प्रेमलाई समेत उपन्यासमा स्थान दिएका छन् । उनले सचेत रूपमा नारीवादी

उपन्यास लेखनकै अभिप्रायले यो उपन्यास लेखेका भने होइनन् । तर यस उपन्यासमा लेखकले नारी पात्रहरूलाई साहसी, सङ्घर्षशील एवम् हिम्मतिला बनाउनु, आफूमाथि भएका अन्यायका विरोध गर्न सक्ने नारी पात्रको प्रयोग गर्नु, नारीमाथि अन्याय गर्ने पुरुष पात्रहरूलाई माफी माग्न लगाउनु र नारीलाई स्नेही, मैत्रीपूर्ण व्यवहार गर्ने पुरुषपात्रलाई उपन्यासमा उभ्याइनु जस्ता सन्दर्भले उपन्यासलाई नारीवादी प्रवृत्तिको बनाएको छ । यसर्थ लेखकले नारीवादी उपन्यास लेख्ने उद्देश्य नराखे पनि प्रस्तुत उपन्यासमा प्रयुक्त घटना र पात्रले उपन्यासलाई नारीवादी बनाउन मद्दत गरेको छ ।

प्रस्तुत उपन्यासमा लेखकको नारीप्रतिको दृष्टिकोण सकारात्मक देखिन्छ । उनले यस उपन्यासमा प्रयोग भएका विभिन्न पुरुष पात्रहरूलाई नारीको पक्षमा बोल्न लगाएका छन् भने पुरुषले गर्ने यौनजन्य शोषणप्रति उपन्यासका नारी र पुरुष दुबै पात्रले विरोध जनाएका छन् । नारीले पुरुषलाई जति माया गर्छ र पुरुषविना नारी जति अधुरो हुन्छ त्यत्ति नै पुरुष पनि नारीविना अधुरो हुन्छ भन्ने उनको दृष्टिकोण उपन्यासमा प्रस्तुत भएको छ । जयमायाले जय बहादुरलाई जति माया गर्छे जय बहादुरले पनि उसलाई त्यत्ति नै माया गर्छ भन्ने उदाहरण उनीहरूले जीवनभरि एक अर्कासँगको मिलनको आसमा अर्कोसँग बिहे नगरी पर्खिबसेको सन्दर्भबाट स्पष्ट हुन्छ । नारीहरूमाथि ज्यादती गर्ने चन्द्रप्रकाशलाई समेत आफ्नो गल्तीको पश्चात्ताप गर्न लगाएर धराबासीले उपन्यासलाई नारी पक्षधर बनाइरहेका छन् । यसर्थ धराबासीले विभिन्न पात्रहरूको व्यवहारमार्फत आफ्ना विचारहरू पोख्दै नारीलाई सम्मानपूर्ण व्यवहार गरेर कुनै किसिमको विभेदजन्य व्यवहारले दमन गर्न नहुने कुरालाई उपन्यासमा स्थान दिएका छन् । उपन्यासमा नारीप्रति नारीले गरेको व्यवहार मात्र नभएर पुरुषले नारीप्रति गरेको व्यवहारबाट पनि यस कुराको पुष्टि हुन्छ । पुरुष आफ्नो विवाहदेखि लिएर अन्य निर्णयमा जति स्वतन्त्र छ नारी पनि त्यत्तिकै स्वतन्त्र छे भन्ने कुरा विभिन्न उदाहरणबाट धराबासीले पुष्टि गरेका छन् । उपन्यासमा राम प्रसाद खनालको छोरा र छोरी दुबैले आफ्नै निर्णयमा विवाह गरेका देखाउनुले वैवाहिक सम्बन्धमा लैङ्गिक समानताको वकालत गरेको छ । यसरी नारीकै पक्षमा वकालत गरेको हुनाले लेखकको नारीप्रतिको दृष्टिकोण सकारात्मक देखिन्छ ।

## ५.३ 'आधाबाटो' उपन्यासमा नारीलाई हेर्ने दृष्टिकोण

प्रस्तुत उपन्यासमा धराबासीले आफ्नी आमा, श्रीमती, दिदी, बहिनी, कालीकी आमा, काली, भगी, भगीकी आमा जस्ता नारी पात्रहरूलाई स्थान दिएका छन् । परिवारमा नारीले नारीलाई गर्ने व्यवहार र हेर्ने दृष्टिकोण मात्र नभएर समाजका नारीलाई नारीले हेर्ने दृष्टिकोण, पुरुषले नारीलाई हेर्ने दृष्टिकोण, नारीले पुरुषलाई हेर्ने दृष्टिकोणको अध्ययन गरी नारीवादी प्रवृत्तिको विश्लेषण गर्ने काम यहाँ गरिएको छ । लेखकले प्रस्तुत उपन्यासमा आफ्नै जीवन भोगाइसँग सम्बन्धित घटनाक्रमलाई प्रस्तुत गरेको हुनाले यस उपन्यासको प्रमुख पुरुष पात्र नै लेखक स्वयम् हो । यसर्थ लेखकको नारीलाई हेर्ने दृष्टिकोण पुरुषको नारीलाई हेर्ने दृष्टिकोणभित्र समाविष्ट हुने हुँदा यसलाई छुट्टै शीर्षकमा विश्लेषण गर्नु जरुरी देखिँदैन । तसर्थ नारी र पुरुषले नारीलाई विद्रोहीका रूपमा नकारात्मक हिसाबले हेरेका छन् वा सहयोगीका रूपमा मित्रवत् हिसाबले सकारात्मक रूपमा हेरेका छन् भन्ने कुराको निर्क्योल गरी नारीवादी प्रवृत्तिको पहिचानका लागि प्रस्तुत उपन्यासको अध्ययन यहाँ गरिएको छ :

### ५.३.१ नारीको नारीप्रतिको दृष्टिकोण

प्रस्तुत उपन्यासमा नारीले नारीलाई सकारात्मक एवम् नकारात्मक दुबै दृष्टिले हेरेको पाइन्छ । यस उपन्यासमा धराबासीकी आमाले एउटा उडियाले हातपात गर्न खोज्दा ढकले हानेपछि प्रहरी चौकीमा पुऱ्याइएकी धराबासीकी आमाका चुरवाल्नी साथीहरूले उनकै पक्षमा वकालत गरेको देखिन्छ (पृ.४२) । यस्तै धराबासीको बाबुको निधनपछि मिश्रेनी ठूल्यामाले माइलीलाई झन् ठूलो दुःख पर्ने भो भनी सहानुभूति व्यक्त गरेको पाइन्छ (पृ.९३) । आमा बुबा मरेपछि टुहुरी भएकी आतालाई कुमारबाबुकी आमाले इलाममा आश्रय दिएको देखिन्छ । आतालाई मात्र नभएर उनले बाहुनी बजै र उनकी दुई छोरीलाई समेत आश्रय दिएको पाइन्छ । धराबासी पाँचथरको मूल घर पुगेपछि धराबासीकी आमाका साथीहरूले धराबासीलाई आमाको राम्रो सेवा गरी दुःख नदिई पाल्न सम्झाएको देखिन्छ । धराबासीकी आमाले आताले भाँडा माझेर सुन्निएका हात देखाउँदा साह्रै माया लागेको भाव यसरी प्रस्तुत गरेकी छन् : "साह्रै माया लाग्यो, मन कटक्क काट्यो" (पृ. २६८) । कालीले काम गरेको ठाउँबाट खानेकुरा लगेर आमालाई खुवाउँछे । विवाहपछि पनि कालीले आमाको मुख हेर्ने दिनमा मासु र भात ल्याएर आमालाई खुवाएकी छ । कालीकी आमालाई प्रहरीले बलात्कार गरेको घटना सुनेपछि धराबासीकी आमा अम्बिका सबैभन्दा बढी रिसाउँछिन् । धराबासीकी आमा र श्रीमतीमा मिलनसारिता, सहयोग, सम्मानपूर्ण व्यवहार देखिन्छ । बिरामी आमालाई हेरेर टीका बोल्न नसकेको देखिन्छ भने बिरामी अवस्थामा पनि धराबासीलाई आमाले आफूखुसी विवाह गरेको भन्दैमा बहिनी नानुसँग नरिसाउन आग्रह गरेको पाइन्छ । यसर्थ उपन्यासका यी विविध सन्दर्भहरूले नारीको नारीप्रतिको सकारात्मक दृष्टिको पुष्टि गर्दछ ।

बाहुनी बजैले आतालाई गर्ने व्यवहार भने नकारात्मक छ । उसले कुमारबाबुको आमाले आश्रय दिएकाहरू बस्ने इलामको घरलाई आफ्नै नियन्त्रणमा लिएर आतालगायत अरू सदस्य माथि गर्ने शासनात्मक व्यवहारलाई उपन्यासमा यसरी प्रस्तुत गरिएको छ : "त्यस घरको सम्पूर्ण शासनभार बाहुनी बजैले लिएकी थिइन् । हामी सबै उनका अरौटे भरौटे भयौं । उनले सबैभन्दा ज्यादा पेल्थिन् आतालाई" (पृ.१४४) । यतिमात्र होइन एकदिन त बाहुनी बजैले आतालाई भुत्ल्याएकी छ । बाहुनी बजैका व्यवहारबाट पीडित भएकी आता यसो भन्छे : "एकान्त भेट्ने बित्तिकै कार्की दाइसँग टाँस्सिएर बस्छिन्, अनेक थोक गर्छिन्, हाम्रा अघि चाहिँ खुप बाहुनी भाकी" (पृ.१५१) । आता अझ यसो भन्छे : "बजै खुबै मालिक्नी हुन खोज्छिन् । खटनपटन गर्छिन् । काम जति सबै मैले गर्नुपर्छ, मीठो मीठो खान्छन् आमाछोरी । त्यो छोरीचाहिँ कस्ती छुच्ची † नभएका नभएका पोल सुनाएर जहिल्यै गाली खुवाउँछे" (पृ.१५४) । आताको यस भनाइले बाहुनी बजै र उसकी छोरीप्रति नकारात्मक दृष्टिकोण राखेको देखिन्छ । यसर्थ आता र बाहुनी बजैमा नकारात्मक द्वन्द्व देखिन्छ भने अरू नारी पात्रले नारीलाई हेर्ने दृष्टिकोण भने सकारात्मक देखिन्छ ।

### ५.३.२ नारीको पुरुषप्रतिको दृष्टिकोण

प्रस्तुत उपन्यासमा नारीले पुरुषलाई हेर्ने दृष्टिकोण बढी सकारात्मक तर केही नकारात्मक किसिमको पनि पाइन्छ । धराबासीको बुबा शारीरिक रूपले कमजोर भएको कारण खेतीपाती गर्न नसक्ने र घरमा प्रशस्त अन्न नहुँदा दशैं जस्तो चाडबाडका लागि आफ्नी आमासँग अन्न माग्न

जाँदा नदिनुले कमजोर छोराप्रति आमाको समेत विभेदपूर्ण एवम् नकारात्मक व्यवहार देखिएको छ । पितृसत्तात्मक समाजले कमजोर र दीनहीनको भन्दा बोलवाला र हुने खानेकै पक्षमा वकालत गर्ने प्रवृत्ति यी महिलामा पनि सरेको देखिन्छ । पितृसत्ताकी संवाहक यी नारीले कमजोर महिलामाथि मात्र होइन पुरुषलाई पनि विभेदपूर्ण व्यवहार गरेको सन्दर्भ उपन्यासमा यसरी पुष्टि हुन्छ : "जेठालाई नदेखाई लानू है फेरि रिसाउँछ भन्दै थियो दिदी, र छेलिनु खोजेको हुँदै भएन" (पृ.५) । बल जेठोको यस कथनले धराबासीको बुबाले काम गरेर तिर्न सक्दैन भनेर घरमा भएको अन्नले आफैँलाई नपुग्ने भन्दै उनलाई अन्न नदिए पनि बल जेठालाई भने खेतालामा धान दिएर छोराले नदेख्ने गरी लुकेर जान लगाएकी हुनाले धराबासीकी हजुरआमालाई कमजोर भएपछि पुरुषलाई पनि हेप्ने पितृसत्तात्मक विचारकी संवाहक मान्न सकिन्छ ।

धराबासीकी दिदी भने आफ्नो भाइलाई असाध्यै माया गर्छिन् । उनले मात्र होइन विष्णु दिदीले पनि धराबासीलाई आफ्नै भाइलाई जस्तै माया गर्छिन् । धराबासी भन्छन् :

> मलाई हात समातेर डोहोऱ्याउँदै घरमा लाने मीठोमीठो खान दिने, गफ गर्ने, सिनेमा हेर्न लाने, कतै घुम्न जानु परे मलाई नै साथी बनाउने गर्न थाल्नुभयो । विष्णु दिदीले मलाई प्यारो गरेको देखेपछि उहाँकी आमाले पनि मलाई छोरै जस्तै माया गर्न थाल्नुभयो (पृ.२५) ।

यस कथनलाई आधार मान्दा भोलेनी आमा र विष्णु दिदीको धराबासीलाई हेर्ने दृष्टिकोण सकारात्मक देखिन्छ ।

गरामनी बजारनेर बस्ने धराबासीका बुबाकी साइँली बढीआमाको यस कथनले पुरुषप्रति नारीको सहयोगी एवम् सकारात्मक दृष्टिकोणको पुष्टि गरेको छ : "हेर् बाबै मेरा छोरा छैनन् । छोरीहरू सबै आफ्ना घर गए । तँ पनि छोरै होस् । आइछस् अब तैँले काहीँ जानु पर्दैन, यहीँ बस् । सबै भुरा केटाकेटी यहीँ ले । यसरी हारेर भाग्नु हुँदैन" (पृ.१८) । उनको यस भनाइले मधेसमा मागी खान थालेको धराबासीको बाबुलाई आफ्नै घरमा बास दिने निधोका साथ दुःखमा परेको मानिसलाई सहयोग गर्ने विचार प्रस्तुत गरेको छ । यसर्थ उनको पुरुषप्रति सकारात्मक दृष्टिकोण रहेको पाइन्छ ।

मुरलीधर गट्टानीकी श्रीमतीले पनि धराबासीलाई असाध्यै माया गर्छिन् । लड्डु, पेडा दिने, छोरालाई जस्तै माया गर्ने मात्र होइन उनले एकदिन भनिन् : "हेर् † अम्बक कति मजाले पाकेको छ । रातभरि चमेराले खाएर आँगनभरि फोहोर पारिदिन्छ । तँ सक्छस् भने सँधै आएर पाकेको पाकेको टिपेर लैजा, बेच" (पृ.४२) ।

धराबासीकी आमाले धराबासीलाई असाध्यै माया गर्छिन् । स्कुलबाट सबै साथीहरू शैक्षिक भ्रमणमा जाँदा आर्थिक हैसियत कमजोर भएका कारण धराबासी जाने आशा नगरी बसेको भए पनि आमाले बाबुलाई नभन्नु भन्दै लुकाएर पन्ध्र रूपैयाँ दिनुले आमामा भएको सन्तानप्रतिको प्रमभाव स्पष्ट देख्न सकिन्छ ।

धराबासीकी आमाले भनेको यस कथनले हेडसरलाई हेर्ने दृष्टिकोण सकारात्मक देखिन्छ । उनी भन्छिन् : "हेड सर, दयालु छन् । कुनै न कुनै दिन तँलाई जागीर मिलाई दिन्छन्, पैसा नदिए पनि गइरहनू" (पृ.१२४) । धराबासीले एस.एल.सी दिएपछि स्कुलमा गएर विनापैसा नै पढाउन थालेको

सन्दर्भमा उनकी आमाले भनेको यस कथनले हेडसरप्रति उनको सकारात्मक सोच स्पष्ट हुन्छ । धराबासीकी आमाले हेड सरलाई मात्र होइन कुमारबाबुले छोरालाई क्याम्पस पढ्ने वातावरण मिलाइ दिएकोमा भनेको यस कथनले पनि उनको पुरुषप्रतिको सकारात्मक दृष्टिकोणको पुष्टि हुन्छ : “गरिबलाई कसैले नहेरे पनि भगवान्‌ले हेर्छन् भन्छन् । कुमारबाबु भगवान् रहेछन्, आज तँलाई हेरे” (पृ.१३१) ।

मिश्रेनी ठूल्यामाको यस कथनले पुरुषप्रति नारीको सकारात्मक दृष्टिकोणलाई स्पष्ट पारेको छ : “बलको काम केही गर्न नसके पनि बोलीका धनी, आँटी मान्छे थिए ज्वाइँ । घर बसीबसी पनि सबैलाई संरक्षण दिएकै थिए” (पृ.९३) । यस्तै आगोले घर डढेपछि पटवारी बाले बाँस दिएकोमा खुसी हुँदै धराबासीकी आमाले भनेको यस कथनले नारीको पुरुषप्रतिको सकारात्मक दृष्टिकोणलाई पुष्टि गरेको छ : “बाले जति यो मधेसमा हामीलाई कसले सहयोग गऱ्यो र ? आफ्नै बाबु आमा भाइहरूले पन गर्न नसकेको सहयोग गर्नुभएको छ बाले । यो गुन हामी कहिल्यै बिर्सदैनौ हजुर” (पृ.१०३) ।

आताले धराबासीलाई काम गर्न नदिई जहिल्यै पढिरहन लगाउँछे । घरछोडेर आउनु परेकाले विरक्त मानेका धराबासीलाई घर छोड्दा सुरुमा आफूलाई पनि यस्तै भएको भनी सम्झाउँछे अनि बजैले गरेको रुखो व्यवहार सबै सुनाउँछे । यतिमात्र होइन मधेसमा जानेबेलामा धराबासीका लागि थुप्रै चामल कुटेर राखिदिन्छे । आता भन्छे :

> मेरा आमाबाबु, दाजु, भाइ कोही छैनन् । म अनाथ थिएँ । तर तपाईंलाई भेटेपछि आफ्नै दाजु जस्तो लागेको थियो । अरूले दिक्क लगाएको बेला पनि तपाईंलाई सम्झेर ढुक्क हुन्थो । तपाईंले कहिल्यै गाली पनि गर्नु भएन, रिसाउनु पनि भएन । सबैसँग मिल्न सिकाउनुभयो । मलाई तपाईंको साह्रै माया लाग्छ (पृ.१७९) ।

यसरी धराबासीलाई हेर्ने आताको दृष्टिकोण पनि सकारात्मक देखिन्छ ।

प्रस्तुत उपन्यासमा अत्तो न पत्तो नभएका श्रीमान्‌लाई बाहुनी बजै, आता र ठुले कार्कीकी श्रीमतीले पर्खेर बसेका छन् । वर्षौं वर्षसम्म यी नारीहरूले श्रीमान्‌को प्रतिक्षा गरेको देखिनुले यिनीहरूमा पुरुषप्रति सकारात्मक दृष्टिकोण रहेको पाइन्छ । साथै यी महिलाहरूले श्रीमान्‌को मृत्युको खबर आउनुभन्दा बरु कुनै केटीसँग विवाह गरेर बसेको तर जिउँदै रहेको सुन्न पाए आनन्द हुन्थ्यो भन्ने भाव राख्नुले पनि यस कुराको पुष्टि गर्दछ । पखँदा पखँदा नआएपछि भने बजैले कार्की दाइसँग प्रेम गर्न थालेकी छन् । ती प्रेमीले एकअर्कालाई भनेर विवाह गर्ने हिम्मत गरेको भने देखिँदैन तर कार्की दाइलाई बजैले मधेस आउनु सल्लाह गर्नुछ भनेकी थिइन् । बजैविनाको घरमा जताततै उनलाई देख्न थालेपछि बजैलाई विवाह गर्ने निधो गरेर त्यो सल्लाह के थियो भन्ने छटपटीमा कार्की दाइ मधेस पुग्दा बजै भने मधेस छोडेर हिँडिसकेकी थिइन् (पृ. २५३) । यस सन्दर्भले बजैको कार्की दाइप्रति प्रेमभाव एवम् सकारात्मक दृष्टिकोणलाई प्रस्ट पारेको छ ।

### ५.३.३ पुरुषको नारीप्रतिको दृष्टिकोण

प्रस्तुत उपन्यासमा धराबासीका बाबुले धराबासीकी आमालाई हेर्ने दृष्टिकोण सकारात्मक देखिन्छ । पुरुषले नारीमाथि गर्ने अन्याय, दमन र शोषणभन्दा पनि उदार हृदय भएका असल श्रीमान्‌का

रूपमा यिनलाई लिन सकिन्छ । मधेसमा झर्दा कतै कसैको सहयोग नपाएपछि पहाड नै फर्कने निर्णय गरेका धराबासीका बाबुले जतिसुकै दुःख झेलेर पनि मधेसमै बस्ने श्रीमतीको साहसलाई स्विकारेर मधेसमै दुबै मिली सङ्घर्ष गरेपछि सुखको दिन आउनुको जस श्रीमतीलाई दिँदै उनी भन्छन् :

> कमलीकी आमा, हेर । ५० रूपैयाँ गोजीमा हालेर तीनवर्ष अघि बसाइँ हिंडेका हामी, आज हामीसँग मधेसमा आफ्नै दुई विघा जग्गा भयो । त्यसमा दश कट्ठा खालखेत छ, खान पुग्ने धान फल्छ । तर यसमा सबै जस तँलाई नै छ । तैँले ढिपी नलिएको भए हामी फर्केर पहाडै पुगिसक्ने थियौँ (पृ.३०) ।

यतिमात्र होइन धराबासीको बाबुले श्रीमती बिरामी भएको बेला भनेको यस कथनले नारीप्रति पुरुषमा रहेको सकारात्मक दृष्टिकोणलाई पुष्टि गरेको छ : “हे भगवान † दया गर । यो आइमाईलाई बँचाऊ बरू मलाई मार” (पृ.८४) । यस्तै धराबासीको यस कथनले नारीप्रति उनको सकारात्मक दृष्टिकोणलाई प्रस्ट पारेको देखिन्छ :

> यो घरकी सबै थोक तैँ होस् ।... कमलीकी आमा † तँ मेरी पनि आमा नै थिइस् । तैँले जीवनभरि मलाई जहाँजहाँ डोहोर्‍याइस् म तानिइरहेँ । म जस्तो अपाङ्ग कमजोर पुरुषलाई तैँले गरेको सेवा महान् धर्म हो । मेरो आशिक लाग्छ तँलाई । मैले कुनै सुख दिन नसके पनि तँलाई तेरा छोराले सुख दिन्छ (पृ.८९) ।

धराबासीकी आमाले आफूमाथि हातपात गर्न आएको उडियालाई ढकले हानेको हुनाले उनलाई प्रहरी थानामा लगिएको छ । यस घटनाको छानबिनका क्रममा उनका पक्षमा बोल्दै पटवारी बा प्रहरीसँग यसो भन्छन् : “हामी हुँदाहुँदै हाम्रा छोरीचेलीहरू चौकी पस्दैनन् प्रहरी नानी † यी बजै मेरो जमानीमा रहिन्, चाहिएपछि आउँछिन् । तर यी उडिया मोराहरूलाई ठीक पार्नुपर्छ । त्यसलाई यो ठाउँबाट खेदिहाल” (पृ.४३) । पटवारी बाको यस कथनले अन्यायमा परेका नारीको समर्थन र अन्याय गर्ने पुरुषको विरोध गरेको हुनाले नारीप्रति उनको दृष्टिकोण सकारात्मक रहेको देखिन्छ भने उडियाको नारीप्रतिको दृष्टिकोण नकारात्मक देखिन्छ ।

धराबासीको नारीप्रतिको दृष्टिकोण सकारात्मक देखिन्छ । उनले आफ्नो आमाको अनुहारमा पीडाभन्दा खुसी देख्न चाहेको यस प्रसङ्गले सो कुराको पुष्टि हुन्छ :

> आमाले हाँसेको नदेखेको कैयौँ महिना भइसकेको थियो । आज आमा हाँस्दा आमाको अनुहारमा मैले अनौठो उज्यालो देखेँ । आमाको निराश अनुहारले सधैँ पीर परिरहने मलाई आमा हाँसेको दिन त्यसै उज्यालो र खुसी भए जस्तो लाग्यो (पृ.१०७) ।

अझ आफू क्याम्पस पढ्न जान लाग्दा धराबासीले भनेको यस कथनले पनि यसको पुष्टि गर्छ : “आमा एक्लैले त्यो दुःखको पहाड कसरी उठाउन सक्लिन् ? म यहाँ कसरी, कतिञ्जेल रहूँला ?” (पृ.१३४) । यतिमात्र होइन आमाको निधनमा साथ रहन नपाउँदा धराबासी यस्तो गुनासो गर्छन् :

> सारा जिन्दगी आमालाई साथ दिएँ, हरेक आपत र अप्ठ्याराहरूमा आमालाई काँध थापेँ तर त्यो अन्तिम कष्टका बेला, प्राण जाने बेलामा, अन्तिम छटपटाइको बेला मैले उहाँलाई आफ्नो हात बलले समात्न दिन सकिन । उहाँले यो सृष्टिभरिकै लागि यस संसारबाट अन्तिम बिदाइ लिइरहेका बेला मैले हात हल्लाएर अलविदा गर्न पाइन (पृ.३८०) ।

धराबासीको यस कथनले आमाप्रतिको प्रेमभावलाई प्रस्ट पार्नुका साथै पुरुषले नारीप्रति राख्ने सदभावपूर्ण दृष्टिकोणको समेत पुष्टि गरेको छ ।

आताका सन्दर्भमा मिश्र बाजेको यस भनाइले प्रस्तुत उपन्यासमा नारीप्रति पुरुषको दृष्टिकोण सकारात्मक रहेको पुष्टि हुन्छ : "सानी काली सतार्नी केटी ल्याएको थिएँ । उसका बाजे बराजु कसैले पहाड नटेकेको ।... अब त यो पूरा पहाडे भएकी छे । बोली व्यहोरा सबै हाम्रै जस्तो भएको छ । कोही नभएकी टुहुरी केटी छोरी जस्तै मायालाग्दी छे" (पृ.१५४) ।

धराबासीले पाँच कक्षा पढ्दापढ्दै छोडेर केही समयपछि फेरि आठ कक्षामा भर्ना भई पढ्ने सल्लाह गर्न आएकी नम्रताको पढ्ने इच्छाको कदर गर्नुले नारीप्रति पुरुषको सकारात्मक दृष्टिकोण व्यक्त गरेको छ । साथै नम्रतालाई मनमनै प्रेम गर्न थालेका धराबासी भन्छन् :

> मैले आफ्नो मनको कुरा नम्रतालाई बताएको थिइनँ । भावनालाई औपचारिक बनाएको थिइनँ तर मनमनमा म उनीप्रति ज्यादै नै गम्भीर नै बन्दै गइरहेको थिएँ ।... मलाई उनको रूप पनि अतुलनीय लाग्दै गयो । संसारमै उनको तुलनामा अर्की कोही हुनै सक्दैनन् जस्तो लाग्नथाल्यो (पृ.२१५) ।

धराबासीले एकातिर नारीको शिक्षाप्रति सकारात्मक सोच राख्नु तथा अर्कोपट्टि नम्रतालाई हृदयदेखि नै प्रेम गर्नुले नारीप्रति उनको सकारात्मक दृष्टिको पुष्टि हुन्छ ।

कार्की दाई बाहुनी बजैलाई असाध्यै माया गर्छन् तर बारम्बार बजैको आफूप्रतिको प्रेमभाव बुझेर पनि बिहे गर्ने हिम्मत गर्न सक्दैनन् । बजैसँगको साथ छुटेको दश वर्षपछि धराबासीसँग भेट हुँदा उनी भन्छन् :

> बजै हिँडेपछि मलाई त्यो घरमा बस्नै मन लागेन । थाहै नपाई त्यो घरभरि बजै नै बजै भरिए जस्तो भएको थियो मलाई । तपाईंले याद गर्नुभयो, भएन तर मलाई बजैको साह्रै माया लाग्न थालेको थियो ।... उनी मलाई खुसी राख्न प्रयत्न गर्थिन् । खानेकुरा बनाउँदा दिँदा पनि मेरा लागि पहिलै छुट्याएर अलग्गै राखेको हुन्थ्यो (पृ.२५२) ।

कार्की दाईको यस भनाइले उनले बजैलाई प्रेम गर्ने तर भन्न नसकेको स्थितिलाई देखाउनुका साथै जीवनयात्रामा नारीको आवश्यकतामार्फत नारीप्रति सकारात्मक दृष्टिकोणको सङ्केत पाइन्छ । यस कुराको थप पुष्टि अविवाहित कार्की दाइको यस कथनले गरेको छ : "जीवनमा कोही न कोही त साथी चाहिनेरहेछ भन्ने लागेको छ तर अब त त्यस्तो कुनै संभावना छैन" (पृ. २५४) ।

सीताजीले धराबासीसँगै साहित्यिक कार्यक्रममा जान गरेको इच्छालाई समर्थन गर्दै धराबासी भन्छन् : "यसपालि सीताजीले कार्यक्रममा जान रहर गरेको मलाई पनि मन परेको थियो । धेरैजनासँग भेटघाट, चिनजान हुन्थ्यो, उनलाई पनि साहित्यिक समाजसँग घुलमिल हुन सजिलो हुने थियो" (पृ.३२८) । धराबासीको यस कथनले श्रीमतीलाई विभिन्न साहित्यिक कार्यक्रममा संलग्न गराएर समाजसँग घुलमिल गराउने इच्छामार्फत नारीलाई चेतनशील र अग्रसर बनाउने पुरुष दृष्टिकोण प्रस्तुत गरेको छ ।

यसरी प्रस्तुत उपन्यासमा नारीलाई हेर्ने दृष्टिकोण केही नकारात्मक भए पनि धेरैजसो सकारात्मक नै रहेको छ । पुरुष र नारी मिलेर जीवन सहज हुने तर एक्लो जिन्दगी निरस हुने भाव विभिन्न पात्रका माध्यमबाट स्पष्ट भएको छ । पुरुषप्रति नारी कट्टर र नारीप्रति पुरुष कट्टर नभएर सहयात्रापूर्ण जीवनलाई जोड दिइएको छ । नारी र पुरुष जीवनका अभिन्न अङ्गका रूपमा रहेर उदार हृदयले एक अर्कामा प्रेमको भाव जगाउँदै जिउनुपर्ने दृष्टिकोण पाइने हुनाले यस उपन्यासमा उदार नारीवादी दृष्टिकोण रहेको देख्न सकिन्छ ।

प्रस्तुत उपन्यास नारीवादी सिद्धान्तबाट अभिप्रेरित भएर लेखिएको उपन्यास होइन । यस उपन्यासमा लेखकले आफ्नो बाल्यकालदेखि आमाको मृत्युसम्मका घटनाहरूलाई यथार्थ रूपमा प्रस्तुत गरेको हुनाले यो आत्मसंस्मरणात्मक उपन्यास हो । यसर्थ यस उपन्यासमा नारीवादी विचार प्रस्तुत गर्ने लेखकको उद्देश्य नभएर वास्तविक जीवनका यथार्थ घटनाको आख्यानीकरण गर्नु उनको उद्देश्य रहेको देखिन्छ । तर यस उपन्यासमा उनकी आमा, श्रीमती लगायतका नारी पात्रको जीवन पुरुषको भन्दा कम हिम्मतिलो र सङ्घर्षपूर्ण नभएको सन्दर्भले नारीवादी प्रवृत्तिको वकालत गर्न पुगेको देखिन्छ । यसर्थ उपन्यासमा प्रस्तुत नारीको सङ्घर्षपूर्ण र साहसिक घटनाको प्रस्तुति एवम् पात्रका आँटिला कदम, सहयोगी भावना, सकारात्मक दृष्टिकोणले उपन्यासलाई नारीवादी प्रवृत्तिको बनाएको छ । यस्तै नारी पात्रको साहस, आँट, शोषणप्रतिको विरोधलाई पुरुष पात्रले पनि समर्थन गरी साथ दिनुले समेत उपन्यासलाई नारीवादी बन्नमा सहयोग पुगेको छ । यसर्थ प्रस्तुत उपन्यास नारीवादी सिद्धान्त र विचारबाट शासित नभएको तर कतिपय नारीवादी विचार बोकेका पात्रको प्रयोग भएको उपन्यास हो । यस उपन्यासमा धराबासीले नारीलाई हेर्ने दृष्टिकोण नै लेखकको नारीलाई हेर्ने दृष्टिकोण हो । यस क्रममा धराबासीले नारीका पक्षमा आफ्नो विचार प्रस्तुत गरेका छन् । यस उपन्यासका नारी पात्रहरू सङ्घर्षशील, विद्रोही, चेतनशील, मिलनसार हुनुमा धराबासीकै सहयोग र समर्थनको पनि महत्त्वपूर्ण हात छ । यतिमात्र नभएर जब नारीहरू चुलोचौकाबाट बाहिर निस्केर अगाडि बढ्न खोज्छन् त्यतिबेला धराबासीले नारीहरूलाई साथ दिएका उपन्यासका सन्दर्भहरूले लेखकको नारीप्रतिको सकारात्मक दृष्टिलाई पुष्टि गरेको देखिन्छ ।

## ५.४ 'राधा' उपन्यासमा नारीलाई हेर्ने दृष्टिकोण

नारीवादले नारीवादी कृतिमा नारीलाई पितृसत्तात्मक दमन, अन्याय, शोषण र अत्याचारका दृष्टिले नहेरी मैत्रीपूर्ण, सहयोगी एवम् पुरुषका जीवनमा अपरिहार्य तत्त्वका रूपमा हेरिएको हुन्छ भन्ने मान्यता राख्दछ । धराबासीको **राधा** (२०६२) उपन्यासमा नारीलाई मैत्रीपूर्ण, सहयोगी, प्रेमिकाका दृष्टिले हेरिएको पाइन्छ । कृष्ण र राधाको प्रमपूर्ण सम्बन्धदेखि यशोदा, कलावती, सुशीला आदिले पुरुषलाई हेर्ने दृष्टिकोण एवम् पुरुषहरूले नारीलाई हेर्ने दृष्टिकोणलाई सकारात्मक रूपमा लेखकले प्रस्तुत गरेका छन् । यस उपन्यासमा गरिएको यस किसिमको दृष्टिकोणको विश्लेषण यहाँ गरिएको छ :

### ५.४.१ नारीको नारीप्रतिको दृष्टिकोण

प्रस्तुत उपन्यासमा नारीले नारीलाई सकारात्मक दृष्टिले हेरेको पाइन्छ । नारीवादी उपन्यासमा नारीले नारीमाथि दमनपूर्ण व्यवहार नगरी मैत्रीपूर्ण एवम् सकरामक भावना राखेका हुन्छन् भन्ने नारीवादीहरूको मत छ । प्रस्तुत उपन्यासमा राधाले आफ्ना साथीहरूलाई प्रेमपूर्ण व्यवहार गर्नु

एवम् उनीहरूबाट पनि प्रेम पाउनुले नारी नारीबिचमा भएको मैत्रीपूर्ण व्यवहारको पुष्टि हुन्छ । कतिपय अवस्थामा राधाप्रति व्रजवासी नारीहरूको नकारात्मक दृष्टिकोण पनि देख्न सकिन्छ साथै राधाको सुशीलाप्रतिको धारणा पनि नकारात्मक देख्न सकिन्छ । तर नारीको नारीप्रतिको नकारात्मक दृष्टिकोण क्षणिक समयका लागि मात्र बन्न पुगेको देखिन्छ । समयको गतिसँगै यसमा परिवर्तन आएर सकारात्मक बन्न पुगेको पाइन्छ । आफूले प्राणभन्दा प्यारो मानेको कृष्णलाई राधाले खोसेको भ्रम सुशीलामा हुँदा अर्थात् सुशिलाले खोसेको भ्रम राधामा हुँदा एक अर्कामा आरिसको भाव सिर्जना भएको छ । राधा भन्छिन् : "सुशीला राम्री मात्र होइन, बुद्धिमान् पनि थिई ।... मेरी सबैभन्दा प्रिय सखी हुँदाहुँदै पनि प्रतिस्पर्धीजस्ती थिई ।... सौतेनी भाव जस्तो पनि हुन्थ्यो ऊप्रति मेरो" (पृ.१७) । राधालाई सुशीलाले आफ्नो प्रेमीतिर आकर्षित भएकोमा मात्र होइन उसको रूप, गुणप्रति पनि आरिस भाव पैदा भएको छ ।

राधाकी आमा राधाविनाको जीवन बाँच्न सक्दिन भन्दै यसो भन्छिन् : "तिमीविनाको जीवन के तिम्रा पिता पनि बाँच्नुहोला र ? म पनि बाँच्न सकुँली ?" (पृ.४१) । कृष्णसँग नाम जोडिएका कारण व्रजबासीले वृषभानु र कलावती एवम् राधामाथि औँलो ठड्याएको हुनाले कृष्णलाई बिर्स भनी आमाले सम्झाउँदा राधाले कृष्णविना आफू नबाँच्ने बताएपछि कलावतीले भनेको यस कथनमा राधाविनाको जीवन आफू पनि बाँच्न नसक्ने भाव व्यक्त हुनुले नारीप्रति नारीको सकारात्मक दृष्टिकोण रहेको प्रस्ट हुन्छ । यस्तै गाउँमा विभिन्न आरोपहरू सहन परेकाले नन्दरायले कृष्णलाई पढ्नका लागि मथुरा पठाउने निर्णय गरेको सुनेकी राधा जीवन निरर्थक ठान्छिन् र बिस्तारै बिरामीले गाल्दै लगेकाले आमालाई आफूले दुःख दिएको भन्दै क्षमा माग्छिन् । यसबेला छोरीलाई सम्झाउँदै आमा भन्छिन् : "छोरी † म तिम्रो अवस्थालाई राम्ररी बुझ्छु । तिम्रो उमेरमा तिमीभित्र उत्पन्न हुने भावनालाईम बुझ्छु ।...तिमी उनलाई सम्झीसम्झी आफ्नै दैनिक कार्यकलापहरूमा जुट" (पृ.४६) । यसरी कलावतीले एउटा प्रेमीलाई सम्झेर दिनप्रतिदिन बिरामी बन्दै गएकी छोरीलाई गाली गर्नुका सट्टा सम्झाएर कृष्णलाई सम्झिएरै दैनिक कार्यकलाप गर्न प्रेरित गरेको देखिनुले नारीप्रति नारीको मित्रवत् व्यवहारलाई पुष्टि गर्दछ साथै छोरीले मनका कुरा खुलस्त भन्दिनुलाई उनले तारिफ गर्नुले पनि यस कुराको थप पुष्टि हुन्छ ।

कृष्णसँग रात्री वनभोजमा गएको आरोपमा व्रजभरिका नारीहरूलाई बन्दी बनाएर राख्ने अवस्था सिर्जना गर्नुमा आफ्नो प्रमुख भएको भन्दै सुशीला राधासँग यसरी क्षमा माग्छे :

> राधा † मैले मनमनले कृष्णलाई साह्रै नै चाहेकी थिएँ । कृष्णका प्रत्येक व्यवहारले यस्तो लाग्थ्यो, तिनी पनि म भनेपछि हुरुक्कै हुन्छन् ।... तिनले त मलाई होइन, तिमीलाई पो प्राणप्रणले माया गर्दा रहेछन् (पृ.५०) ।

यसरी आफूलाई माया नगरेर कृष्णले राधालाई माया गरेको थाहा पाएपछि त्यसको रिसले घरमा अनेक कुरा लगाएर सबै नारीहरू बन्दी बनेको सन्दर्भ सुनाउँदै राधासँग सुशीलाले माफी माग्नुले नारीको नारीप्रतिको क्षणिक इर्ष्या भाव भए पनि सकारात्मक दृष्टिकोण भएको स्पष्ट हुन्छ । गाउँका कसैसँग पनि विदा नमागी अँध्यारैमा कृष्ण पढ्नका लागि मथुरा हिँडेपछि अनाहकमा जे पायो त्यही भनेर हामीले तिम्रो चित्त दुखाएछौँ भन्दै व्रजका नारीहरू यशोदासँग माफी माग्न आउनुले क्षणिक आवेशमा नारीको नारीप्रतिको नकारात्मक भाव देखिएको तर पछि सकारात्मक दृष्टिकोण पैदा भएको सन्दर्भको पुष्टि हुन्छ ।

प्रस्तुत उपन्यासमा नारीको नारीप्रतिको सकारात्मक दृष्टिकोणलाई पुष्टि गर्ने अन्य सन्दर्भहरू पनि रहेका छन् । यस क्रममा सुशीलाले युद्ध भूमिबाटै पनि राधाको हालखबर सोध्दै सम्भिrरहनु, राधाले एकनंशालाई बहिनीलाई जत्तिकै माया गर्नु, यशोदा र एकनंशाले एकअर्कालाई प्रेम गर्नु, कृष्णलाई तिम्रै छोरा हो भनी देवकीले यशोदालाई सम्भाउनु, सुशीलाको अभावको महसुस गर्न नदिन राधा सुशीलाको आमा कहाँ गइरहनु र सम्भाउनु, कृष्णले रुक्मिणीसँग विवाह गरेपछि राधासँगै बसेर यशोदा र रोहिणीमाता रुनु, यशोदाले राधालाई सम्हालिन सम्भाउनु, तीर्थाटनमा जान निस्केकी राधालाई उनकी आमाले स्वतन्त्र छोडिदिनु, विशाखालाई जबर्जस्ती विवाह गरिदिन आँटेका विशाखाका आमा बाबुलाई सम्भाइदिने क्रममा आइमाई भएर आइमाईको पीडा बुभ्न राधाले विशाखाकी आमालाई अनुरोध गर्नु, विशाखाले राधासँगै तीर्थाटनमा जाने निर्णय गर्नु, राधाले पहिलो तीर्थास्थलका रूपम सुशीलाको हत्या भएको स्थानलाई मान्नु र त्यहीँ बस्नु, तीर्थाटनमा धेरै दिन बिताएपछि विशाखा आमाको यादमा विचलित हुनु, विशाखाविनाको यात्रा कठिन हुने राधाको विचार हुनु, तीर्थाटनमा रहेकी राधालाई पनि विशाखालाई जस्तै आमाको याद आउनु, पिल्लीका सासू बुहारीले एकअर्कामा आमाछोरीमा जस्तै प्रेम हुनु र बुहारीले सुख पाओस् भनी राधासँगै पठाइदिनु, तीर्थमा भेट भएकी राधालाई देखाउँदै कृष्णले श्रीमतीहरूलाई चिनाउँदा उनीहरूमा राधाप्रतिको ईर्ष्या भाव नदेखिनु, कुन्तीले राधालाई छोरी मान्नु, राधा र कृष्णको प्रेम पहिल्यै थाहा पाएको भए कृष्णसँग आफूले विवाह नगर्ने रुक्मिणीले बताउनु, पिल्ली, विशाखा र राधालाई रुक्मिणीले माया गर्नु, देख्दै नदेखेकी रुक्मिणीलाई राम्रो व्यवहार गर्न र माया दिन राधाले कृष्णसँग आग्रह गर्दै चिठी लेख्नु जस्ता सन्दर्भले नारीलाई नारीले हेर्ने सकारात्मक दृष्टिकोणको पुष्टि हुन्छ । यसरी प्रस्तुत उपन्यासमा नारीले नारीलाई विद्रोही, ईर्ष्यालु दृष्टिले हेर्नुभन्दा मित्रवत्, सहयोगी एवम् प्रेममय दृष्टिले हेरेको देखिन्छ ।

## ५.४.२ नारीको पुरुषप्रतिको दृष्टिकोण

प्रस्तुत उपन्यासमा नारीहरूले पुरुषलाई प्रेमपूर्ण व्यवहार गरेको पाइन्छ । नारीवादले भनेभैँ पुरुषलाई द्वेषी भावले हेर्नुभन्दा पुरुषसँगको मेल, सहयात्रा र सहयोगको अपेक्षापूर्ण भाव यस उपन्यासका नारी पात्रहरूमा देखिन्छ । तर अन्याय र अत्याचार गरेर नारीलाई शोषण गर्ने पुरुषहरूप्रति भने नारीहरूले नकारात्मक दृष्टिकोण राख्नु स्वभाविक नै देखिन्छ । यौनपिपासु र अत्याचारी पुरुषप्रति बाहेक अन्य पुरुषप्रति नारीहरूले सकारात्मक दृष्टिकोण राखेको पाइन्छ । यस उपन्यासकी प्रमुख नारीपात्र राधामात्र नभएर सिङ्गो व्रजका गोपिनीहरू कृष्णलाई असाध्यै प्रेम गर्छन् । कृष्णका चुलबुलेपन र खराब आचरणदेखि वाक्क भएका व्रजबासी महिलाहरू पछिभने कृष्णले यस्तो उपद्रो नगरेकोमा खुसी हुनुपर्नेमा उल्टो दुःखी हुन्छन् । कृष्णका यस्ता बालसुलभ चकचकेपनलाई उनको प्रेमले जितेको हुनाले महिलाहरूले सहेका छन् । कृष्णसँग रासलीलामा संलग्न भएको कारण राधाले मात्र नभएर उनका पिता वृषभानुले समेत व्रजबासीबाट अपमान सहनुपर्दा राधाकी आमाले कृष्णलाई बिर्सिदेऊ भनेर सम्भाउँदा राधा त भन् आफू कृष्णमा समर्पित भएको र कृष्णविनाको जीवनको कल्पना नै गर्न नसक्ने कुरा यसरी बताउँछिन् :

> म कसरी कृष्णलाई बिर्सन वा त्यागन सक्थेँ । मेरो मुटुको धड्कन थिए ती । तिनी मेरो शरीरको रोमरोममा थिए । तिनी मेरो फोक्सोको एकएक साससमा थिए । मेरा आँखाका ती ज्योति थिए, कानका ध्वनि तिनी, मेरो स्पर्श र जिब्रोका स्वाद थिए । कृष्णविना त म असम्भव थिएँ (पृ.४०) ।

यसका साथै राधाका यी विभिन्न कथनले कृष्णप्रति रहेको प्रेमभावलाई स्पष्ट पारेका छन् :

> म कृष्णकी प्रिया हुँ । तिनी बाहेक मेरो अब जीवनमा अरू कोही आउन सक्दैन । कृष्ण जो हुन्, जस्ता हुन्, जहाँ जाऊन् तर म तिनी बाहेक अरू कसैको प्रतीक्षा गर्दिनँ (पृ.५५)। (आमासँग)

> हे प्यारा † तिमी किन यसरी विलाप गर्छौ । म त तिमीलाई पर्खिबस्नेछु युगयुगान्तर । म एक्लै छुइन । तिमीविनाको म हुनु नै असम्भव छ । तिमी जहाँ पुग, म तिम्रो स्मृतिमा ताजा बनिरहन पाऊँ । तिम्रो जीवनयात्राको प्रेरणाकी स्रोत हुन सकूँ (पृ.५८) । (कृष्णसँग)

> ...कृष्ण मेरो प्रेमका अघि केही पनि होइनन् । उनको भन्दा मेरो प्रेम जेठो छ, ठूलो छ । तिनलाई त म सानो बनाएर हृदयमा राख्न सक्छु । बालकलाई जस्तो छातीमा टाँस्न सक्छु, काखमा तिनको शिर राखेर सुमसुम्याउन सक्छु । तिनलाई म स्तनपान गराउन सक्छु । मेरो प्रमका अघि कृष्ण सानो छन् (पृ.६६) । (सुशीलासँग)

> ...म त तिम्रै निम्ति फुलेकी फुल थिएँ नि एक्लै गोकुलमा, तिमीले कसरी भुल्न सक्यौ कृष्ण ? (पृ.२००) । (कृष्णसँग)

यी सन्दर्भहरूमा राधाको कृष्णप्रतिको प्रेमभाव प्रकट भएको पाइन्छ । आफूसँगै नभए पनि जहाँसुकै पुगेको बेलामा कृष्णले आफूलाई सम्झिरहून् भन्ने भाव राधाको छ र कृष्णलाई आफूले असाध्यै प्रेम गर्ने भएकाले भुल्न नसक्ने भनाइ उनको छ । यसरी कृष्णविनाको जीवन अपूर्ण, अधुरो र अँध्यारो ठान्ने राधाका माध्यमबाट नारीको जीवनमा पुरुषको अपरिहार्यतालाई देखाउँदै उदार नारीवादी भाव उपन्यासमा प्रस्तुत गरिएको पाइन्छ ।

कृष्णको जन्मको वास्तविकता कलावतीले सुनाएपछि वृषभानु पक्षघातका बिरामी बन्न पुगेकोप्रति अपराधबोध महसुस गर्दै एकातिर आमा शोकमा परेकी छन् भने अर्कातिर आमालाई आफूले कृष्णको जन्म कहानी भनिदिएको हुनाले बाबुसँग आमाले भनेको कारणले बाबुलाई पीडा भएको भन्ने राधाको ठम्याई छ । यसरी वृषभानुको रोगको कारण आमा र छोरीले आफ्नो गल्तीको प्रायश्चित गर्नुले पनि उनीहरूमा भएको पुरुषप्रतिको सकारात्मक भाव स्पष्ट हुन्छ ।

नन्दरायकी श्रीमती यशोदा भने समाजले कृष्णको जन्मलाई लिएर आफ्नो चरित्रमाथि शङ्का गर्नु, बाबुछोरा खुसुखुसु गफ गर्नु, छोराले अध्ययनका लागि मथुरा जाँदा आफूसँग विदा नमागी जानु जस्ता कारणले पुरुषप्रति आक्रोश भाव व्यक्त गरेकी छन् र नन्दरायसँग शयनकक्ष नै अलग गरेकी छन् । आफ्नी छोरीलाई नन्दरायले वसुदेवसँग साटेको थाहा पाएपछि उनी भन्छिन् : "हे शङ्कालु, अविश्वासी, दम्भ पुरुष † तिमीले मेरो सारा जीवनलाई निरर्थक र पत्रु बनाइदियौ । मलाई कहीँको हुन दिएनौ" (पृ.८१) । आफूलाई छोरा र छोरीमा केही विभेद नभएको बताउँदै यशोदाले नन्दरायको यसप्रतिको व्यवहारको विरोध गरी पुरुष प्रवृत्तिलाई नकारात्मक ठानेकी छन् । तर यो नकारात्मक दृष्टिकोण क्षणिक रिसको अभिव्यक्ति मात्र बन्न पुगेको छ । उनले आफू आवेगमा आएर यसो भनेको भन्दै नन्दरायसँग माफी मागेकी छन् । उनी भन्छिन् : "तिनीविनाको म वा मविनाको तिनी जीवनमा सुखी हुनु सम्भव छैन । अब त बानी परिसकेको छ एक अर्काको" (पृ.८३) । यशोदाको यस कथनले पुरुषविना नारी र नारीविना पुरुषको जीवन निरर्थक भएकाले हातेमालो गर्दै जीवन निर्वाह गर्नुपर्ने उदारनारीवादी विचारको समर्थन गरेको छ । यशोदा

नन्दरायसँग भन्छिन् : “हिजो मैले रिसको आवेगमा जेजे भने पनि हजुरले बिर्सिदिनुपर्‍यो । म एकदम नै तनावमा थिएँ । मैले जीवनमा त्यति तनाव कहिल्यै खप्नुपपरेको थिएन” (पृ.८३) । आफ्नी काखकी छोरी कंसको बलीका लागि पठाइएकी र अर्कैको छोरालाई आफ्नो छोरा भनी भ्रममा परेर ममताले पाल्दै आएकी यशोदाले रिसम नन्दरायलाई गाली गरे पनि पछि माफी मागेको देखाइनु एवम् उनका माध्यमबाट पुरुषविना महिला र महिलाविना पुरुषको अस्तित्व नभएको अभिव्यक्ति प्रकट गरिनुले नारीको पुरुषप्रतिको सकारात्मक दृष्टिकोणको पुष्टि भएको छ ।

एकनंशा, माधवी र द्रौपदीले भने नारीलाई खेलौनाका रूपमा हेर्ने र स्वतन्त्रता प्रदान नगर्ने पुरुषप्रति नकारात्मक दृष्टिकोण राखेको पाइन्छ । एकनंशाले कंसले दरबारभित्रै आफू लगायत आफ्ना बाबुआमालाई बन्दी बनाएर राखेको, कृष्णले आफ्ना लागि भने छानी छानी बिहे गरे पनि एकनंशाको उमेर र रूपको विचारै नगरी दुर्वासा जस्तो वृद्ध र रिसाहा पुरुषसँग बिहे गरिदिएको, छोराको निर्णय राम्रो ठान्दै बाबुआमाले समेत त्यसको समर्थन गरेको, कंसले हजारौँ युवतीलाई दरबारमा बन्दी बनाएर बलात्कार गर्दै मारेको, राधालाई कृष्णले बिर्सेर अरू नारीसँग बिहे गरेको भन्दै कंस, कृष्ण, वासुदेव र देवकीको विरोध गरेको देखिन्छ । यस्तै माधवीले कृष्णलाई भोग र विलासमा लाग्ने स्त्रीलम्पटका रूपमा हेरेकी छ । द्रौपदीले आफूलाई अर्जुनले जितेर ल्याउँदैमा पाँचै भाइको श्रीमती बनाउँदा सत्यवादी युधिष्ठिरले समेत स्विकारेकाले उनीप्रति नकारात्मक भाव राखेकी छन् भने आफूलाई जुवा दाउ बनाइ हराउँदा झनै मर्माहत भएर पुरुषको घृणा गरेकी छन् । यसर्थ प्रस्तुत उपन्यासमा पुरुषले गरेको अन्याय र अत्याचारलाई नारीले सहजै स्वीकार नगरी विद्रोह गर्दा नारीहरूको पुरुषप्रति नकारात्मक भाव आउनु स्वभाविक देखिन्छ ।

नारीले पुरुषलाई सकारात्मक दृष्टिले हेर्ने अन्य विभिन्न सन्दर्भहरू पनि उपन्यासमा प्रस्तुत गरिएको छ । यस क्रममा सुशीलाले कृष्ण एक्लैले युद्धमा लडिरहँदा आफूले हेरेर बस्न नसक्ने भन्दै कृष्णलाई सघाउन उनको सेनामा संलग्न हुनु, रुक्मिणीलाई विवाह गरेर राधामाथि अन्याय गरेको भन्दै कृष्णको सबैले आलोचना गर्दा राधाले नराम्रो मान्नु, राधाले आफूलाई त्यागेर अर्कै नारीसँग कृष्णले विवाह गर्दा पनि विचलित मनलाई सम्हाल्दै स्वतन्त्र भएको अनुभूति गर्नु, सोह्र हजार एकसय आठजना श्रीमती विवाह गरेका कृष्णप्रति रुक्मिणीबाहेक अन्य श्रीमतीहरूको गुनासो नहुनु, सुरुमा कृष्णसँग गुनासो गर्ने र चित्त दुखाउने गरे पनि रुक्मिणीले कृष्णको स्वभाव बुझ्दै गएपछि कृष्णलाई बहुविवाहका बारेमा दोष नदिएर आफै सम्हालिनु, जस्ता सन्दर्भले नारीले पुरुषलाई गर्ने आदर, सम्मान एवम् प्रेमपूर्ण व्यवहारको पुष्टि हुन्छ । यसरी प्रस्तुत उपन्यासमा नारीले पुरुषलाई विद्रोही सम्झेर विरोध गर्नुभन्दा पुरुषविनाको जीवन अधुरो भएकाले सँगसँगै सुख र दुःखलाई बाँड्दै जीवन जिउनु पर्ने भाव व्यक्त भएको हुनाले उदार नारीवादीले भनेझैँ पुरुषप्रति नारीको दृष्टिकोण सकारात्मक देखिन्छ ।

### ५.४.३ पुरुषको नारीप्रतिको दृष्टिकोण

प्रस्तुत उपन्यासमा पुरुषको नारीप्रतिको दृष्टिकोण सकारात्मक देखिन्छ । पुरुषले नारीविनाको जीवनलाई अपूर्ण ठान्दै आफ्ना परिवारका नारी सदस्यका रूपमा मात्र नभई जीवनसाथी, प्रेमिका, साथी आदिका रूपमा नारीको आवश्यकता ठानेको देखिन्छ । यस उपन्यासका प्रमुख पुरुष पात्र कृष्णले नारीको प्रेमको चाहना मात्र होइन नारीलाई पनि उत्तिकै प्रेमपूर्ण नजरले हेरेको पाइन्छ । उनी भन्छन् : “तिमीहरू सबै मेरा प्राणप्रिय हौ । तिमीहरू सबैसँग मेरो प्रेम जीवन्त छ” (पृ.१५) । राधा लगायत उनका सखीहरूलाई सम्बोधन गर्दै कृष्णले यसो भन्नुले सबै नारीहरूप्रति उनको

प्रेमपूर्ण भावनाको पुष्टि हुन्छ । कृष्णले अरू नारी साथीहरूलाई भन्दा पनि राधालाई असाध्यै प्रेम गर्छन् । उनले भनेका यी कथनबाट राधाप्रति उनको प्रेमपूर्ण एवम् सकारात्मक भाव रहेको कुरा पुष्टि हुन्छ :

> तिमीलाई मेरो भर छैन राधा † म त तिम्रै भरमा सारा संसार बिर्सिएर हिँडिरहेछु । तिम्रो साथ पाएपछि मर्नु बाँच्नुको के अर्थ छ । जीवनले पूर्णताको खोजी गर्छ । पूर्णताको प्राप्तिपछि समय, स्थान, काल जीवन केहीको पनि अर्थ रहँदैन, सब निरर्थक हुन्छन् (पृ.२४) । (राधासँग)

> तिमी नै मेरी त्यस्ती हौ, जसलाई म मेरो जीवनको शब्दशब्द भन्न सक्छु (पृ.६३) । (राधासँग)

> राधा, तिमी आफूलाई नियन्त्रण गर प्रिय † म तिमीबाट टाढा कदापि हुनेछैन । मनमा तिमीलाई लिएरै जानेछु जहीँ पनि । युद्धभूमिमा पनि मैले जित्नुपर्ने एक कारण तिमी हुनेछ्यौ । तिमीलाई नै भेट्नका लागि मैले मर्नु हुँदैन । हे सखी † तिमी त मेरी प्राण हौ । मलाई हरक्षण सास फेरिरहन प्रेरणा दिने, मनको कुनैकुनामा बसेर बारम्बार जीवनतिर बगाइरहने तिमी नै त हौ (पृ.६५) । (राधासँग)

> राधा † तिम्रो स्मृति मात्रले नै म कतिकति साहसिला कामहरू गर्न सक्छु ।... तिमी छ्यौ र त म जे पनि गर्न सक्छु ।... संसारलाई सानो तोरीको गेडोजत्रो देख्दछु । तिमी छ्यौ त्यसैले म संसार जित्न निस्केको छु । राधा † मलाई सदा प्रेरणा गर प्रिय । मलाई हरबखत स्मरण गर (पृ.९८) । (राधासँग)

> मेरो मन, मस्तिष्क र भावभरि राधा नै राधा छन् । रुक्मिणी त मेरो भौतिक पत्नी मात्र हुन्, राधाको स्थान त तिनले कसरी लिन सक्छिन् र ? (पृ.१६१) । (यशोदासँग)

> मैले सधैँ सम्झिरहने राधा यिनै हुन् । यिनकै खोजीमा मैले भारतवर्षका कैयौँ तीर्थहरू महिनौँदेखि घुमिरहेको छु (पृ.१९५) । (श्रीमतीहरूसँग)

> साँच्चै भनेको राधा † तिमीभित्र रहेको रूपको यो दिव्यता, लज्जा, मुस्कान, धैर्य, हिँडाइको चाल, आँखा, शरीरको सुगठन र आवाजहरूले सदा एकान्ततिर बोलाइरहन्थ्यो ( पृ.२०२) । (राधासँग)

> तिमी द्वारिका आएपछि मैले आफूलाई टम्म भरिएको पाएको थिएँ । मेरा मनमा, शरीरमा, कहीँ पनि अभाव भन्ने थिएन, मैले जीवनमा पाउनु पर्ने सम्पूर्ण कुरा पाएको बोध गरेको थिएँ (पृ.२२७) । (राधासँग)

यी विभिन्न उद्धरणहरूमा कृष्णले राधालाई गरेको प्रेमपूर्ण व्यवहारको पुष्टि हुन्छ । यसका साथै नारीको प्रेमविना पुरुषहरू पूर्ण नभएको देखिनुका साथै पुरुषमा भएको नारीप्रतिको सकारात्मक भावलाई कृष्णका यी कथनहरूले स्पष्ट पारेको देखिन्छ ।

राधाका पिता वृषभानु राधाको चरित्रलाई लिएर व्रजबासीले आफूमा औँला ठड्याए पनि छोरीलाई त्याग्न नसक्ने तर वृषभानु पद नै त्याग्ने कुरा यसरी व्यक्त गर्छन् : “म एउटा पिता भएको नाताले आफ्नी पुत्रीलाई त्याग गर्न सक्दिन ।... तर हाललाई म यो पद यहाँहरूलाई समर्पण

गर्दछु" (पृ.४२) । कृष्णसँग प्रेम गरी हिँडेकी छोरी र उसको कारणले आफूले सहनुपरेको अपमानभन्दा पनि सन्तानप्रतिको माया वृषभानुमा सक्रिय भएको छ । यसर्थ उनले छोरीलाई त्याग्न नसक्ने निर्णय गर्नुले नारीप्रति पुरुषको सकारात्मक भावको पुष्टि हुन्छ ।

विशाखाको यस कथनले कृष्णको राधाप्रतिको सकारात्मक दृष्टिकोण स्पष्ट हुन्छ : "राधा भनेको तिमी मात्र होइनौ रे, उनको जीवनको अभिन्नता पनि हो रे । उनको बाँच्नुको उद्देश्य र प्रेरणातत्त्वसमेत राधा हो रे" (पृ.५६) । प्रस्तुत उपन्यासमा यशोदासँग नन्दराय यसो भन्छन् :

> त्यो कस्तो पति हुन्छ जसले आफ्नै पत्नीमाथि यत्रो षड्यन्त्र र धोका दिन्छ यशोदा † तर म त्यो अभागी पति हुँ, जसले तिमी जस्ती पत्नी पाएर पनि तिम्रो सम्मान गर्न सकिन । मलाई क्षमा देऊ प्रिय † मलाई दया गर (पृ.८४) ।

कृष्णसँग आफ्नी छोरी एकनंशालाई साटेको कुरा यशोदालाई नन्दरायले नभने पनि पछि यशोदाले थाहा पाएर विलाप गरेपछि उनले उक्त कथन भनेका हुन् । आफू पति भएर पनि पतिको धर्म निर्वाह नगरेकोमा नन्दरायले यशोदासँग क्षमा माग्दै भनेको यस कथनले नारीको सम्मान गरेको छ ।

वृषभानुले आफ्नो कामको जिम्मेवारी राधालाई सुम्पनु, गर्गजीले राधालाई युद्धका बारेमा व्रजभरिका नारीलाई सम्झाउने जिम्मा दिनु, कंससँग कृष्णको युद्धका लागि भूमिगत बनेका सेनाका लागि आर्थिक भार राधामा सुम्पनु, चन्द्रभानुले राधालाई दिइएको वृषभानुको जिम्माको समर्थन गर्दै छोरा र छोरीमा केही भिन्नता नभएको बताइ राधाको समर्थन गर्नु, गर्ग ऋषिले कंसलाई गाउँमा सक्रिय हुन नदिएर महान् काम गरेको भनी राधाको साहसको तारिफ गर्नु, राजा कंसले राधाको कामको गुणगान गाएर वृषभानुको जिम्मेवारी लिन लगाउनु, अक्रूरजीले राधालाई कंसको कर्तुत बताइ सल्लाह दिनु र बारम्बार मद्दत गर्नु, कृष्णले सुशीलाको मृत शरीरलाई काखमा लिएर रुनु एवम् उसको युद्धकौशलताको संस्मरण गर्नु र वीरताको सम्मान गर्नु, सुशीलाकै मृत्युका कारण कृष्ण व्रज जान नसक्नु, चन्द्रभानु र सुशीला उदाहरणीय बाबुछोरीका रूपमा चिनिनु साथै छोरीको वीरताको सम्मानका लागि युद्धको विजय नगरी नफर्कने निर्णय गरी मथुरा जानु, कृष्णले द्वारिकामा यशोदा, कलावती, शशीकलाहरूलाई आत्मीय व्यवहार गर्नु, कृष्णले सुशीलाको मूर्ति बनाइ देवी मान्नु, रुक्मिणीसँग विवाह गरेपछि कृष्णले राधासँग माफी मागिदिन यशोदासँग अनुरोध गर्नु, नन्दबाबाले तीर्थाटनमा जान लागेकी राधालाई केही समयपछि आफू पनि सँगै जाने बताउनु, कृष्णले तीर्थस्थलमा भेटिएकी राधाको आँसु पुछिदिनु, द्वारिका छोडेर तीर्थमा गएकी राधालाई कृष्णले खोजी हिँड्नु जस्ता सन्दर्भले प्रस्तुत उपन्यासमा पुरुषको नारीप्रति भएको सकारात्मक भावलाई पुष्टि गर्दछ । यसरी यस उपन्यासमा पुरुषले आवेग, बाध्यता, रिसमा नारीप्रति अभद्र व्यवहार गरे पनि अन्त्यमा आफ्नो गल्ती स्विकारेर नारीसँग क्षमा मागेको र प्रेम एवम् सद्भावनापूर्ण दृष्टिले नारीलाई हेरेको हुनाले नारीप्रति पुरुषको दृष्टिकोण सकारात्मक रहेको स्पष्ट हुन्छ ।

### ५.४.४ लेखकको नारीप्रतिको दृष्टिकोण

**राधा** धराबासीले नारीवादी दृष्टिकोणको प्रयोग गर्ने उद्देश्यले लेखेको उपन्यास होइन । यस उपन्यासको भूमिकामा प्रेमको चरम अनुभूतिले शरीर तत्त्वलाई बिर्सने विचार व्यक्त गरेका छन् र **शरणार्थी** उपन्यासमा प्रस्तुत यस किसिमको विचारको थप पुष्टिका लागि **राधा** उपन्यास लेखेको

उनको अभिव्यक्ति छ (धराबासी, २०६७ : भूमिका) । यसर्थ धराबासीले नारीवादी विचारबाट प्रेरित भएर यो उपन्यास लेखेको नभए पनि यहाँ प्रस्तुत गरिएको नारीकेन्द्रित विषयवस्तु, साहस, हिम्मत र आँटी नारीपात्रको प्रमुख भूमिकाले उपन्यासलाई नारीवादी प्रवृत्तिको बनाएको छ ।

प्रस्तुत उपन्यासमा पुरुषलाई जति नारीले प्रेम गर्दछन् त्यत्ति नै पुरुषले पनि नारीलाई प्रेमपूर्ण व्यवहार गरेको देखाएर धराबासीले नारी र पुरुषको समान अस्तित्वविनाको जीवन अपूर्ण साबित हुने स्थितिको सिर्जना गरेका छन् । नारी र पुरुषमा एक अर्कामा जति विश्वास र प्रेम मौलाउन सक्छ त्यत्ति नै जीवन सार्थक र सहज बन्ने उदार नारीवादीको दृष्टिसँग धराबासीको उपन्यासको मेल भएको पाइन्छ । उपन्यासमा प्रयोग गरिएका प्रमुख पात्रहरू राधा र कृष्णले उपन्यासभरि एकअर्कामा गरेको विश्वास र प्रेमलाई अन्त्यसम्म स्थिर बनाउनुमा उपन्यासकारको उदार नारीवादी विचारको तटस्थता झल्किएको छ ।

प्रस्तुत उपन्यासमा नारी कुनै पनि काममा पछि सर्दैनन् अर्थात् जति काम पुरुषले निर्वाह गर्छ त्यत्ति नै काम नारीले गर्न नसक्ने होइन भन्ने नारीवादीहरूको मान्यतको प्रयोग भएको देखिन्छ । राधाले बाबु वृषभानुको जिम्मेवारी बहन गर्नु, कंस जस्ता मूर्ख राजाको पनि मन जित्न सक्नु, सुशीलाको देहवसानपछि शोकमा डुब्नुभन्दा गाउँका शोकाकुल व्यक्तिलाई सान्त्वना दिनु, कृष्णप्रतिको प्रेम मुटुभरि सजाएर पनि उनको उन्नतिमा बाधा सिर्जना नगर्नु, आर्थिक सहयोग गरेर कंससँगको युद्धमा लागेका सेनालाई समर्थन गर्नु, आफ्नो प्रेमलाई घरपरिवारलगायत समाजकै अगाडि खुलेर भन्न सक्नु, आफूलाई बिर्सेर रुक्मिणीसँग बिहे गरेका कृष्णको राम्रो चिताउनु र त्यसप्रति विचलित नभएर हिम्मतका साथ अगि बढ्नु, तीर्थाटनमा एक्लै जाने निर्णय गर्नु, कृष्णले दिएको राधा भवनलाई स्वीकार गरेर भौतिक सुखसयलमा नपरी आफ्नो प्रतिज्ञालाई पूरा गर्नु जस्ता साहसिक कार्य गर्न सक्ने प्रमुख नारी पात्रको उपन्यासमा उपस्थिति गराउनु लेखकको नारीप्रतिको सकारात्मक दृष्टिकोण हो । नारीलाई कमजोर पात्रका रूपमा उपस्थित गरेर पितृसत्ताको दमन सहन बाध्य नपारी सचेत र परम्परागत पितृसत्तात्मक विचारका विद्रोही पात्रको प्रयोग गरिनुले उपन्यासमा धराबासीले नारीको न्याय गरेको ठहर्छ । यस क्रममा एकनंशा, यशोदा, सुशीला, माधवी जस्ता नारी पात्रले कृष्ण, दुर्वासा ऋषि, कंस एवम् नन्दराय र वासुदेवले नारीमाथि गरेको अन्यायपूर्ण व्यवहारप्रति विद्रोह गरेको देखिन्छ ।

धराबासीले नारीलाई मात्र होइन पुरुष पात्रहरूलाई पनि नारीका पक्षधर बनाएका छन् । नारीलाई नकारात्मक दृष्टिले हेर्ने यौन शोषणकारी एवम् सत्तालिप्सामा लागेको पुरुष पात्र कंसको हत्या गरिनु, राधालाई बिर्सेर अन्य नारीसँग विवाह गरेका कृष्णले राधासँग बारम्बार माफी माग्नु, श्रीमतीलाई थाहा नदिई छोरीलाई कृष्णसँग साटेका नन्दरायले बारम्बार यशोदासँग माफी माग्नु, वृषभानु र चन्द्रभानुले राधाका पक्षमा वकालत गर्नु जस्ता सन्दर्भले पुरुषको नारीप्रतिको सकारात्मक दृष्टिकोणको सिर्जना लेखकले गरेको देखिन्छ । यसरी पात्रगत रूपमा होस् वा विषयगत रूपमा नै किन नहोस् हरेक दृष्टिले नारीलाई समर्थन गर्ने स्थितिको सिर्जना गरी उपन्यास लेखिएको हुनाले लेखकको नारीप्रतिको दृष्टिकोण सकारात्मक रहेको देखिन्छ ।

## ५.५ 'तपाईं' उपन्यासमा नारीप्रतिको दृष्टिकोण

नारीवादले जुनसुकै नारीवादी कृतिमा पनि नारीलाई हेर्ने दृष्टिकोण सकारात्मक र मैत्रीपूर्ण हुनुपर्ने विचार अगि सारेको छ । **तपाईं** उपन्यासमा नारी पात्रहरूलाई नारी, पुरुष, लेखक आदिले कस्तो दृष्टिले हेर्छन भन्ने कुराको विश्लेषण यहाँ गरिएको छ ।

### ५.५.१ नारीको नारीप्रतिको दृष्टिकोण

प्रस्तुत उपन्यासमा नारीहरूको नारीप्रतिको दृष्टिकोण सकारात्मक देखिन्छ । यस उपन्यासमा भवानीजीले गाडीको भीडमा मायासँग टाँसिदा अरूलाई केही नभए पनि तपाईंचाहिँ आगोआगो भएको तर लेखकले तपाईंलाई आदर्श पात्र र मायालाई यौनकर्मी बनाएर पक्षपात गरेको मत राखेकी छन् । यस भनाइले नारीलाई पुरुषले सही मूल्याङ्कन गर्न नसकेको गुनासोका साथ नारीप्रति सकारात्मक दृष्टिकोण रहेको पाइन्छ । जीविकोपार्जनका लागि रक्सी सहितको सानो दोकान गरेर बसेका अस्मिताको परिवारमाथि पुरुषको कुदृष्टिका कारण गर्भवती हुन पुगेकी अस्मिताकी दिदीलाई घनेन्द्रबाबुले बरमदेवसँग विवाह गरिदिए पनि बरमदेवले छोडेर हिँडेपछि बेवारिसे बनेकी अस्मिताकी दिदीलाई घनेन्द्रबाबुले घरमा आश्रय दिएको छ तर घनेन्द्रबाबुकी श्रीमती र छोराछोरीले अस्मिताको दिदीको जगल्टा लुछेका छन् । यस प्रसङ्गमा नारीवादले भनेझैँ पितृसत्ताका पक्षधर धनी परिवारका महिलाले महिलामाथि नै दमन गर्ने प्रवृत्ति स्पष्ट देखिएको छ ।

अस्मिताकी आमाले आफ्नै छोरी वा नारीप्रति राख्ने दृष्टिकोणलाई उपन्यासमा यसरी प्रस्तुत गरिएको छ :

> कत्ति सोझी थिई तेरी दिदी । सानोमा पनि त्यसलाई अलिकति गाली गऱ्यो भने दिनभरि रोइरहन्थी । बाबूले सारै माया गर्थे त्यसलाई । रूपकी पनि राम्री थिई त्यो । तँसँग जस्तो त्योसँग जुध्ने भिड्ने शक्ति नै छैन । त्यसले सारै दुःख पाई छोरी । जे भए पनि त्यो तेरी दिदी हो, किन त्यति सारो चित्त दुख्ने कुरा भन्छेस् ? आखिरी आइमाई हो त्यो पनि तँ जस्तै । आइमाईका दुःखहरू तैँले बुझिसकेकै छैनस् नानी (पृ.७८) ।

अस्मिताको आमाले भनेको यस भनाइमा समाजमा पुरुषको भन्दा आइमाईको अनेक समस्या हुने भएकाले नारीमाथि केही विचारै नगरी अनेक लाञ्छना लगाउन नहुने विचार प्रकट भएको हुँदा उसको नारीप्रतिको दृष्टि सकारात्मक देखिन्छ ।

तपाईंलाई घरमै भेट्न आएकी अस्मिताप्रति तपाईंकी श्रीमतीको सुरुमा नकारात्मक भाव भए पनि अस्मिताको यथार्थ थाहा पाउँदै गएपछि यसो भन्नुले नारीप्रति नारीको सकारात्मक दृष्टिकोण रहेको देखिन्छ : "विचरा त्यो दुःखी केटी हो । त्यसलाई मानिसहरू विनाकारण नै अनेक थोक भन्छन् । उसकी दिदीको मती विग्रियो, दाजु फटाहा निस्क्यो तर ऊ आत्मसम्मानको लडाइँ लडिरहेकी छ, उसले एउटी नारी हुनुको सङ्घर्ष लड्नु परिरहेको छ" (पृ.९८) । सुरुमा आफ्नी दिदीप्रति नराम्रो दृष्टिले हेर्ने अस्मिता पछि भने सकारात्मक भएकी छ । ऊ भन्छे : "मैले मेरी दिदीमाथि ठुलो मानसिक अन्याय गरेछु । त्यसलाई मैले कहिलै बुझ्ने कोसिस गरिनँ" (पृ.१११) । उपन्यास सुन्दै गरेकी लेखिका मिश्र वैजयन्तीको यस कथनमा नारीलाई सङ्घर्षशील चरित्रका रूपमा प्रस्तुत गर्नुपर्ने र पुरुष लेखकले नारी पात्रलाई कमजोर बनाउँदै लगेको प्रति असन्तुष्टि भाव देखिन्छ : "नारी चरित्रलाई तपाईंले सशक्त बनाउन सक्नु भएन ।... पुरुषले सोचे देखे जस्तो

सजिलो छैन नारीलाई । उनीहरू जस्तै सोझा निरीह र अनपढ देखिए पनि आफ्नो बारेमा निर्णय गर्दा सारै गम्भीर र स्थिर हुन्छन्" (पृ.११८) । वैजयन्तीको यस कथनले नारी जीवनका दुःख सङ्घर्ष र निर्णय पुरुषले सोचे जस्तो हल्का नभएर गम्भीर छन् जुन पुरुषले बुझ्न सकिरहेको हुँदैन भन्दै लेखकले अस्मितालाई कमजोर बनाएकोप्रति असन्तुष्टि व्यक्त गरेको छ र सङ्घर्षशील एवम् जुझारु नारीको चाहना गरेको देखिन्छ । यतिमात्र नभएर गरीब र पागल नारी कालेकी आमा त अस्मिताभन्दा सङ्घर्षशील छ भन्दै लेखकले उपस्थित गराएका कमजोर नारी पात्रप्रति असन्तुष्टि व्यक्त गर्नुका साथै नारीलाई कमजोर बनाउन नहुने मत वैजयन्तीले यसरी प्रस्तुत गरेको पाइन्छ :

> कालीकी आमाका बारेमा सुनें जस्तो लाग्छ, त्यहाँ पनि ऊ पागल छे, हेर्नोस् त त्यसले अभावसँग जुधेर कसरी सुत्केरी अवस्थाको अप्ठ्यारोलाई चिरेकी छे । ऊ न वेश्या हो न यौनकर्मी, भगी र भगीकी आमाको कथा पनि उस्तै विरक्तिलो रहेछ, मायाको प्रसङ्गले मनै अमिलो भएर आयो । लक्ष्मी मात्र शरीरकै आकर्षण बेचेर व्यापार चलाउँछे, यही अस्मिताकी दिदी पनि घनेन्द्र बाबुको मन बहलाउने साधनमात्र बनेकी छे, जम्मा एउटै पात्र त थिई त्यो अस्मिता चुनौतीहरूसँग युद्ध गर्दै गरेकी, त्यसलाई पनि उठ्नै नसक्ने बनाइदिएपछि के गर्ने (पृ.११८) ।

यस किसिमको कथनमार्फत नारीलाई कमजोर नबनाई दबिएर बस्नेभन्दा विद्रोही बनाउनुपर्ने धारणा वैजयन्तीको देखिन्छ ।

अस्मिताले यौन पेसा अवलम्बन गरेको कुरा चिठीमार्फत थाहा पाइसकेपछि तपाईंकी श्रीमतीको विचार यस्तो देखिन्छ : "अस्मितालाई यतै बोलाउँ । आखिरी अहिलेसम्मको कुरा कसैलाई थाहा पनि त भएको छैन । यतैतिर बरु एउटा पसल खोलेर हाम्रै संरक्षणमा राखौं । त्यस्तो घिनमा ऊ भासिएको कसरी हेर्नु ?" (पृ.१२०) । तपाईंकी श्रीमतीको यस कथनले एउटा नारीले समस्यामा परेकी अर्की नारीलाई सहयोग गर्ने भावलाई व्यक्त गरेको देखिन्छ ।

## ५.५.२ नारीको पुरुषप्रतिको दृष्टिकोण

प्रस्तुत उपन्यासमा चरित्रहीन पुरुषलाई नकारात्मक दृष्टिले हेरे पनि अन्य पुरुषलाई भने नारीले सकारात्मक दृष्टिले हेरेको पाइन्छ । यस उपन्यासमा पुरुषविना जीवन निर्वाह गर्न सकिन्छ भनी पुरुषलाई नरुचाउने नारी पात्र देखिँदैनन् तर पुरुषलाई जीवनको अभिन्न अङ्गका रूपमा हेर्ने नारी पात्रहरू पाइन्छन् । यस उपन्यासकी नारी पात्र तपाईंकी श्रीमती पतिव्रता महिला हो । उसले भान्छामा लोग्नेलाई कुरेर बसेकी छ । उपन्यासमै भनिएको छ : "उनी छिन् अत्यन्त पतिव्रता" (पृ.४८) । यस्तै चारवटी श्रीमती बिहे गरिसकेको कार्की ठूलेकी श्रीमती भगीकी आमा पनि पतिव्रता नारी हो । उपन्यासमा भनिएको छ : "पतिव्रता आइमाई उनलाई अरू लोग्नेमान्छेको अनुहारै हेर्न मन लाग्दैन । रूपमा त्यति धनी त छैनन् तर जे भए पनि पतिव्रता गुणले भरिपूर्ण छिन्" (पृ.५२) । यसरी तपाईंकी श्रीमती र भगीकी आमा पतिव्रता धर्म निभाउने महिला भएकाले उनीहरूको पुरुषप्रतिको दृष्टिकोण सकारात्मक नै रहेछ भन्न सकिन्छ ।

लोग्नेको तिरस्कारपछि यौनपेसा अँगालेकी मायाको पुरुषप्रति सकारात्मक भाव देखिन्छ । तपाईंले यौनपेसामा नलाग्ने आग्रह गर्दा यो दलदलबाट निकाल्न पुरुषको दरो हात आफूलाई खाँचो भएको तर्क मायाले यसरी गरेकी छ : "मलाई त्यहाँबाट निकाल्न कुनै पुरुषले दरो हात दिनुपर्छ तर त्यस्तो दरो हात आजसम्म कुनै पुरुषको शरीरमा उम्रिन सकेको छैन" (पृ.६८) ।

अस्मिताले घनेन्द्रबाबुलाई कप्टी लुटाहा भनेकी छ । आफ्नो दिदीलाई कहिले बरमदेवसँग विवाह गरिदिने कहिले आफ्नै श्रीमती बनाए पनि नोकरकै व्यवहार गर्ने र यौनशोषण गर्ने प्रवृत्ति घनेन्द्रबाबुमा भएकाले अस्मिताले उसलाई नकारात्मक दृष्टिले हेरेकी छ तर अस्मिताकी आमाले भने घनेन्द्रबाबुले आश्रय नदिएको भए हाम्रो परिवारको बिजोक हुन्थ्यो भन्दै समर्थन गरेकी छ । अस्मिताले तपाईंप्रति भने सकारात्मक दृष्टिकोण राखेको पाइन्छ । ऊ भन्छे : "संसारमै मलाई बुझेर भित्रैदेखि माया गर्ने एउटा मान्छे तपाईं नै हो भन्ने मैले विश्वास गरेँ ।... म जहाँ पुगे पनि तपाईं मेरो मनको अचल स्तूप हो । तपाईंको सदा कल्याण चाहन्छु" (पृ.१०१) । अस्मिताले दाजुकहाँ काठमाडौँ गईसकेपछि पनि बारम्बार तपाईंलाई पत्र लेखेर आफ्ना मनका व्यथाहरू सुनाइरहेकी छ । पत्रमा उसले लेखेकी छ :

> ...मैले तपाईंलाई कहिल्यै बिर्सन सकिन । एकैछिन पनि मनबाट तपाईंलाई बिसाउन सकिन । खुसी हुँदा यो तपाईंलाई सुनाउन लायक कुरा भयो भनी सम्झन्थें, दुःखपर्दा यो तपाईंलाई भन्ने कुरा भनी भनी सम्झन्थें । हाँस्दा वा रुँदा तपाईं मेरा आँशु बग्ने वा खुसी हाँस्ने आँखा हुनु भयो सधैँ (पृ.१०२) ।

यसर्थ सुख र दुःखमा सधैँ सम्झिने अस्मिताको तपाईंप्रतिको दृष्टिकोण सकारात्मक देखिन्छ ।

अनुपाको यस कथनले पुरुषले जहिल्यै नारीलाई भोग्या वस्तुको रूपमा मात्र हेर्ने कुरालाई स्पष्ट पारेको छ :

> पुरुषहरू हामीलाई पाकेको फल मात्र देख्छन्, टिप्न र खान योग्य पदार्थ । बाबु, दाजु, काका, मामा सबै पहिला पुरुष त्यसपछि मात्र नाताहरू हुन् । उनीहरूले माया गर्दै हाम्रो गाला मुसार्दै पनि पहिला पुरुष हत्केला जागृत भएको हुन्छ । तिनीहरू हामीलाई उपभोग गर्न चाहन्छन् विभिन्न रूपमा (पृ.१०९) ।

ऊ अझ भन्छे : "जोसँग जतिबेला पनि सुत्न सक्ने लोग्नेमान्छेको चरित्र नाप्ने इकाइ खोई ? वेश्या तिनीहरू हुन् जो हामीलाई जतिबेला पनि भोग गर्न भेट्न आउँछन् । हामी तिनीहरूलाई खोज्दै कहीँ जान्छौँ र ?" (पृ.११०) । यौन पेसामा लागेपछि अनुपाको मात्र होइन अस्मिताको पुरुषप्रतिको दृष्टिकोण पनि नकारात्मक देखिन्छ । ऊ भन्छे :

> यो देशका ठूलै नाम चलेका सांसदहरू, मन्त्रीहरू, सचिवहरू, व्यापारीहरू प्रायः धेरैजसोलाई मैले आफ्नो ओच्छ्यानमा नाङ्गो बनाएर लडाएकी छु । तिनीहरूका शरीरलाई मन लाग्दो गिजोलेकी छु । तिनीहरूलाई नोकर जस्तो मैले जे चाह्यो त्यही गराएकी छु । ... थुक चटाएका छन्, शरीर मालिस गराएका छन् । ती रण्डाहरू सडकमा खुब आदर्श छाँट्दै हिँड्छन् तर ती कैयौँ आइमाईले सुताएका लाचार दास पुरुषहरू हुन् (पृ.११२) ।

अस्मिताको कुरा सुनिसकेपछि सीताजीले भनेको यस भनाइले पनि पुरुषको यौन शोषणपूर्ण चरित्रहीन व्यवहारको विरोध गर्दै पुरुषप्रति नकारात्मक भाव प्रस्तुत भएको छ :

> हो त अरे † तिनीहरू रण्डा त हुन् नि । घरमा मन पराएरै बिहे गरेका र तिनबाटै एकभन्दा एक सन्तान जन्माएर बसिरहेका पत्नीहरू हुँदाहुँदै आफ्नो पुरुष मुक्तताको दुरुपयोग गर्दै होटल होटलमा जोसुकै आइमाईको थुक चाट्ने ती घिनलाग्दा पशुहरूलाई उसले गरेको सम्बोधन ठीक लाग्यो (पृ.११३) ।

मिश्र वैजयन्तीले तपाईंले पुरुषलाई हेर्ने दृष्टिकोण मन पराउनुका साथै तपाईंप्रति पनि सकारात्मक दृष्टिकोण राखेको पाइन्छ । तपाईंमार्फत अस्मिताले भनेको यस कथनलाई समर्थन गर्दै वैजयन्ती भन्छिन् "वास्तवमा अस्मिताहरूलाई खोजी-खोजी आउने पुरुषहरू नै वास्तविक वेश्या हुन् । तिनीहरू नै सबैभन्दा घिन लाग्दा र निर्लज्ज हुन् । पुरुषहरूको यस्तै मानसिकताले गर्दा नारी अस्मिताका लडाइँहरू बारम्बार दोहोरिरहन्छन्" (पृ.११८) । यसरी अस्मिताले भनेझैं नारीलाई भोग गर्न आउने पुरुष नै वेश्या भएको र पुरुषकै कारणले अस्मिताको जोखिम मोल्दै नारीहरूले जीवन गुजारा गर्नु परेको सन्दर्भलाई तपाईंले पात्र होइन वैजयन्तीले समेत समर्थन गरेको देखिन्छ तर नारीले यौनपिपासु पुरुषहरूलाई हेर्ने दृष्टिकोण भने यहाँ नकारात्मक नै देखिन्छ ।

### ५.५.३ पुरुषको नारीप्रतिको दृष्टिकोण

प्रस्तुत उपन्यासमा कतिपय पुरुषहरूले महिलालाई उपभोग्य वस्तुका रूपमा हेरेको भए पनि कतिपय पुरुषले भने नारीप्रति सकारात्मक दृष्टिकोण राखेको पाइन्छ । यस उपन्यासको पुरुष पात्र तपाईंले नारीप्रति राख्ने दृष्टिकोणलाई उसकी श्रीमतीका बारेमा भनेको यस कथनले स्पष्ट पार्छ : "नारीको आफ्नै धर्म छ, परम्पराले आजसम्म पाली ल्याएको कुरा हामीले मासिसक्नु हुँदैन । एकघण्टै बढी पर्खिंदा के भएको छ र ?" (पृ.४८) । तपाईंले भान्छा नकुर्नका लागि श्रीमतीलाई आग्रह गर्दा श्रीमतीको विचार यस्तो होला भन्नुले नारीहरू पतिव्रता हुनुपर्छ भन्ने धारणा नभएर यस्तो सोच नराखी परिवर्तन हुन् भन्ने धारणा रहेको पाइन्छ । यसर्थ तपाईंले श्रीमतीमाथि राख्न विचार पितृसत्तात्मकभन्दा पृथक् र नवीन एवम् गतिशील छ । यतिमात्र होइन तपाईंले आफ्नो जुठो नखान आग्रह गर्दा पनि उसको श्रीमतीले मानेकी छैन ।

समाजमा कतिपय पुरुषहरू जेसुकै नाता होस् वा जो होस् केटी देख्नेबित्तिकै नकारात्मक भावले हेर्ने स्वभावका हुन्छन् भन्ने कुरा उपन्यासको यस प्रसङ्गले स्पष्ट पार्छ : "ए सोमे † क्या च्वाँक हेर् त" (पृ.६४) । यस कथनमा खलासीले बाटोमा हिँडिरहेका दुईवटी युवतीलाई औंल्याउँदै यसो भन्नुले नारीलाई सौन्दर्यको उपासकका रूपमा नकारात्मक दृष्टिले हेर्ने पुरुष चरित्रको सङ्केत गर्दछ । तपाईंले भने महिलालाई सम्मान गरेको छ । उसले गाडीमा बच्चा बोकेर उभिएकी महिलालाई आफ्नै सिट छोडिदिएर सहयोग गरेको छ । मायाको लोग्नेले दुई वटा छोराछोरी पाएर बन्ध्याकरण गरिसकेकी मायालाई यसो भनी माइत पठाएको छ र अर्को बिहे गरेको छ : "तँ जस्ती घटिया घरानाकी आइमाईसँग मेरो जीवन चल्दैन । म आफ्नो जीवनलाई सुनको फ्रेममा सजाएर राख्न चाहन्छु" (पृ.६६) । यसरी मायाको लोग्नेले नारीलाई खेलौनाका रूपमा लिएर आफूलाई आवश्यक परे घरमा स्थान दिने नत्र अलपत्र छाडिदिने र बहुविवाह गरेको हुनाले नारीप्रति उसको दृष्टि नकारात्मक देखिन्छ । यसरी अलपत्र परेकी मायाले जीविका चलाउनका लागि यौन पेसा रोजेकोप्रति असन्तुष्टि जनाउँदै तपाईं भन्छ : "तिमी छोरीमान्छे । समाजमा छोरीमान्छेको शरीर नै एउटा समस्या बन्छ । छँदाछँदैको लोग्ने, छोराछोरी सबैलाई त्यागेर यस्तो बरबादी बाटो किन रोज्यौ ?" (पृ.६७) । तपाईंको यस कथनमा नारीलाई सत्मार्गमा हिँडाउने सुझाव देखिन्छ । उपन्यासमा भनिएको यस कथनले पनि तपाईंको नारीप्रतिको सकारात्मक दृष्टिको पुष्टि हुन्छ : "समाजमा सम्मानित भएर बाँच्न पाउने नारीको हकको पक्ष तपाईंको पक्ष हो" (पृ.७०) ।

अस्मिताको बाबुले भने बूढी भइसकेकी श्रीमतीमाथि हात उठाउन थालेको प्रसङ्ग उपन्यासमा यस्तो छ : "कहिलेकाहीँ बूढी मान्छेका गालामा हत्केलै रनन हुने गरी बूढा मान्छेको हात ठोकिन थाल्यो । आमाका गालामा बाबूका हात ठोकिएपछि छोराछोरीलाई विरक्त लाग्थ्यो । छोरीहरू

आमाबाबूको झगडा मिलाउन लाग्थे, छोरो चुपचाप निस्केर अँध्यारोमा कतै बिलाउँथ्यो" (पृ.७३) । यसरी अस्मिताको बाबु आफ्नी स्वास्नीमाथि अधिकार जमाउँदै शोषण गर्ने मात्र होइन कहिले त सम्झाउँदै यसो भन्थ्यो : "यो एक वर्षमा हामीबाट जेजे भयो, अब ती सबैलाई बिर्सेर नयाँ जीवन सोचौँ" (पृ.७३) । यसरी अस्मिताको बाबुको भने नारीमाथि गर्ने व्यवहार कहिले नकारात्मक र कहिले सकारात्मक किसिमको देखा परेको छ । घनेन्द्रबाबुले अस्मिताकी दिदीलाई कहिले आफ्नै नोकर बरमदेवसँग बिहे गर्दिने कहिले आफ्नै श्रीमती बनाएर श्रम र यौनशोषण गर्ने गरेकोले नारीप्रति उसको दृष्टि नकारात्मक देखिन्छ ।

डब्लुले आफ्नी श्रीमतीलाई सुख दिन नसकेको गुनासो गर्दै यसो भन्नुले उसको नारीप्रतिको दृष्टिकोण सकारात्मक नै छ भन्न सकिन्छ : "त्यसले मसँग सिङ्गो जिन्दगी बिताइसक्दा पनि मैले त्यसलाई शीर लुकाउने एउटा छाप्रो दिन सकिन उपहार" (पृ.९४) । अस्मिताको दाजु कुलतमा लागेर केही रकमका लागि आफ्नै बहिनीलाई रेस्टुरेन्टमा बेचेर हिँडेको छ ।

अज्ञात समूहबाट अपहरणमा परेका तपाईंले पुरुष अपहरणकारीका व्यवहारभन्दा नारीको व्यवहार राम्रो मानेको छ । मर्ने र बाँच्ने ठेगानमा नभएकाले मृत्युको चाहना गरिरहेको तपाईंले त्यस समूहमा भएकी नारीको सकारात्मक व्यवहारबाट प्रभाव परेर यसो भन्छ : "जे भए पनि नारी भनेको नारी नै हुन् आमाको खाल । तिनीहरूमा पुरुषको भन्दा बढी नै दयाभाव रहेको हुन्छ - मनमा यस्तै भाव आयो । केही अप्ठ्यारो परे तिनै युवतीलाई भन्नु पर्ला सोचें" (पृ.१४९) । तपाईंको यस भनाइमा नारीप्रतिको सकारात्मक भाव रहेको स्पष्ट हुन्छ । यस्तै तपाईंले सम्झना अर्थात् अस्मिताले गरेको साहसिक कार्यको प्रसंशा गरेको देखिनुले पनि पुरुषको नारीप्रति सकारात्मक धारणा भएको स्पष्ट हुन्छ । यति मात्र होइन तपाईं अस्मितालाई भन्छ : "तपाईंले रोजेको बाटो पनि महान बाटो हो । त्यो कष्टकर छ । त्यस बाटोमा हिंड्नेहरू धेरै परसम्म पुग्न त सक्दैनन् तर जहाँसम्म पुग्छन्, तिनको सम्मान हुन्छ" (पृ.१७०) । तपाईंको यस कथनले सम्झनाको साहसिक कार्यको प्रसंशा गर्नुका साथै थप पुनर्बल प्राप्त भएको छ ।

### ५.५.४ लेखकको नारीप्रतिको दृष्टिकोण

धराबासीको **तपाईं** उपन्यास नवीन प्रयोगका दृष्टिले सशक्त उपन्यास हो । यस उपन्यास लेखनको औचित्य अन्य लेखकका रचनामा उपस्थित पात्रहरूको संयोजनमार्फत नवीन प्रयोग गर्नुलाई मान्न सकिन्छ । धराबासीले यस उपन्यासको भूमिकामा हरेक व्यक्तिले आफूलाई नायक ठान्ने भएकाले यस उपन्यासमा बहुनायकत्वको प्रयोग गर्न खोजिएको बताएका छन् (धराबासी, २०६३ : भूमिका) । उनका हरेक उपन्यासमा लीलालेखनको प्रभाव कुनै न कुनै रूपमा रहेकै हुन्छ र त्यसको प्रयोग यस उपन्यासमा समेत गरिएको छ । प्रस्तुत उपन्यासलाई नारीवादी उपन्यासका रूपमा उभ्याउने उद्देश्य धराबासीको होइन तर यस उपन्यासमा प्रयोग गरिएका नारी चरित्रको भूमिकाले उपन्यास नारीवादी बन्न पुगेको छ । यस उपन्यासका नारीलाई नारीवादी प्रवृत्तिका पात्रका रूपमा लिन सकिने, उपन्यासको घटना पुरुषमा मात्र नभएर नारीको सेरोफेरोमा पनि उत्तिकै दौडेको हुनाले यसमा नारीवादी प्रवृत्तिको आभास पाउन सकिन्छ ।

धराबासीले **तपाईं** उपन्यासमा नारीलाई विभिन्न भूमिकामा प्रस्तुत गरेका छन् । समाजमा रहेका पितृसत्ताका संवाहक नारीदेखि लिएर अन्याय र अत्याचारका विरोध गर्दै आफ्नै बाटो रोज्न स्वतन्त्र नारीलाई समेत उपन्यासमा स्थान दिएका छन् । यस उपन्यासमा भगी, भगीकी आमा, लक्ष्मी,

अस्मिताकी आमा, अस्मिताकी दिदी, काली, रतियाकी मौसी जस्ता नारी पात्रहरू पितृसत्तात्मक समाजबाट शोषणमा परेका छन् । तिनीहरूले यसका विरुद्ध कुनै सङ्घर्ष गर्न सकेका छैनन् अर्थात् जीवन गुजाराकै समस्यामा पिरोलिएका यी नारीहरू निरीह भएर सहन बाध्य देखिन्छन् । यौनशोषणलाई सहेर जीवन बिताएका यी नारी पात्र जस्तै गरिब मात्र नभएर पागल भएकै भए पनि कालीकी आमा यौन पेसामा नलागेर सङ्घर्ष गरी कालीलाई हुर्काउन सफल भएकी छ । उता घनेन्द्रबाबुले दिदीलाई खेलौना बनाएर इज्जत नै माटोमा मिलाइदिए पनि आफ्नो इज्जत र प्रतिष्ठालाई जोगाउन सङ्घर्ष गरिरहेकी अस्मिता जस्ता नारी पात्रलाई पनि लेखकले उपन्यासमा स्थान दिएका छन् ।

यौनशोषण गरेर नारीमाथि दमन गरिरहेका पुरुषका पक्षमा वकालत नगरेर त्यस्ता चरित्रको विरोध गर्ने अस्मिता, अनुपा जस्ता नारी पात्र मात्र नभएर तपाईं जस्तो पुरुष पात्रमार्फत लेखकले नारीका पक्षमा वकालत गरेका छन् । अस्मितालाई अझ उपन्यासमा बढी स्थान दिएर दाजुको कारणले यौन पेसामा लागे पनि त्यसबाट भागेर राजनीतिमा सक्रिय चरित्रका रूपमा उसलाई उभ्याइदिनुले नारीहरू बुद्धि र श्रममा कमजोर नभएको देखाएर लेखकले नारीप्रति सकारात्मक भाव राखेको देखिन्छ । जबर्जस्ती गरिने विवाहमा रतियाको विद्रोह, एउटै पुरुषसँग जीवन बिताएर यौन शोषणमा नपर्ने अस्मिता र अनुपाको विचार, विभिन्न युवतीसँगै सम्झनाका नामले भूमिगत भएर राजनीतिमा लागेकी अस्मिताको सङ्घर्षकै क्रममा ज्यान गुमेको घटनालाई देखाएर नारीलाई सक्रिय पात्रका रूपमा उपस्थित गराएका छन् । यतिमात्र होइन लेखकले सक्रिय नारीपात्रलाई मुख पात्र बनाएर आफ्नो दृष्टिकोण प्रस्तुत गरेको पाइन्छ । यसर्थ लेखकले नारीलाई साहसिक यात्रामा लगाई विभिन्न शोषण र दमनको सिकार भएर बस्ने नारीलाई भन्दा सङ्घर्षशील नारीपात्रलाई बढी स्थान दिएर साथै तिनै नारीको समर्थनमा तपाईं जस्ता पुरुष पात्रको समेत चयन गरेर नारीप्रति न्याय गरेको देखिन्छ । यस प्रकार लेखकको नारीप्रतिको दृष्टिकोण सकारात्मक एवम् मैत्रीपूर्ण रहेको पाइन्छ ।

### ५.६ 'टुँडाल' उपन्यासमा नारीप्रतिको दृष्टिकोण

**टुँडाल** उपन्यासमा नारीलाई साहसी, पढेलेखेकी र स्वतन्त्र निर्णय गर्न सक्ने पात्रका रूपमा प्रस्तुत गरिएको छ । यसले यस उपन्यासमा नारीलाई पितृसत्तात्मक नजरले हीन, दयनीय, कमजोर र गृहिणी पात्रका रूपमा नहेरेर सक्षम पात्रका रूपमा हेरेको स्पष्ट हुने भएकाले नारीलाई हेर्ने दृष्टिकोण सकारात्मक देखिन्छ । नारीवादले विभेदरहित र अधिकारप्राप्त सकारात्मक नजरले नारीलाई हेर्नुपर्ने धारणा राख्ने र यस उपन्यासमा पनि नारीलाई तिनै नजरले हेरिएको हुनाले नारीवादी प्रवृत्तिका उपन्यासका रूपमा यस उपन्यासका तथ्यका आधारमा यहाँ विश्लेषण गरिएको छ ।

#### ५.६.१ नारीको नारीप्रतिको दृष्टिकोण

प्रस्तुत उपन्यासमा नारीलाई नारीले हेर्ने नकारात्मकभन्दा सकारात्मक दृष्टिकोण नै बढी देखिन्छ । उपन्यासमा सुस्मितासँग अजीले गरेको विगतको स्मरणमा सुस्मिताको अजीसँगको उनको सम्बन्ध स्पष्ट हुन्छ : "तेरी अजी र म त सँगै हुर्किएका । बिहे पनि एकै साल भएको ।... सारै मिल्थ्यौँ सानामा । पछिसम्म पनि हाम्रो कहिलै भनाभन् भएन । पूजाआजा, वर्त जेमा पनि सँगै हुन्थ्यौँ । जात्रा हेर्न जानु पर्दा पनि सँगै ।...हामी दुबैजना अँगालो हालेर रुन्थ्यौँ" (पृ.३७) । यस कथनमा

एउटी नारी र अर्को नारी दुःख सुख साटासाट गरेर जीवन बिताउनुका साथै एकअर्कामा प्रेमभाव भएको सन्दर्भ प्रस्तुत भएको छ । यतिमात्र होइन अजी र सुस्मितामा उमेरको विभेद भए पनि साथीजस्तै भएको कुरा सुस्मिताको यस कथनबाट स्पष्ट हुन्छ : "अजी मेरो साथी हुनु भएको थियो । अजीले आफ्नो उमेर बिर्सेर मेरो उमेरमा फर्की सारा जीवनका स्मृतिहरू सुनाउने गर्नु भएको थियो" (पृ.४३) । भूकम्पमा परी ज्यान गुमाएकी अजीलाई सम्झँदै सुस्मिताले गरेको यस विलापले एक नारीको अर्की नारीप्रतिको मैत्रीपूर्ण सम्बन्धलाई प्रस्ट्याएको छ ।

सुस्मिता र रविनको प्रेम सम्बन्ध मौलाउँदै गएको देखेर आरिस गर्नुभन्दा झन् खुसी भएकी उमा एवम् श्यामल र शशीको सम्बन्धमा रमाइरहेकी सुस्मितालाई हेर्ने हो भने पनि यिनीहरूमा नारीले नारीप्रति हेर्ने दृष्टिकोणमा विद्वेष देखिँदैन । यस्तै शर्माजीको घरमा बसेकी सुस्मिताले सत्याकोमा बसेको भनी ढाँटेर शर्माजीसँग अनैतिक सम्बन्ध राखेको थाहा पाएर पनि सुस्मिताकी आमाको सुस्मिताप्रति विद्वेषपूर्ण व्यवहार देखिँदैन । अझ छोरीलाई सम्झाउँदै उपमा (सुस्मिताकी आमा) ले भनेको यस भनाइले नारीप्रतिको सकारात्मक दृष्टिकोणलाई पुष्टि गर्छ :

> त्यो दिन तिमीले आफ्नो इच्छालाई त्यति अनियन्त्रित पार्नु हुने थिएन । त्यसरी रातै बिताउनु हुने पनि थिएन । चाहे जे होस्, तिमीले सबैकुरा अनुभव गरिसक्यौ, यो पीरलाई एक्लै नबोक ।... तिमी मेरी छोरीभन्दा पनि साथी हौ । तिमीले मसँग साथीजस्तै भएर मनका कुरा राख्ने गर (पृ.१००) ।

अविवाहित छोरीले एक वृद्धसँग रातै बिताएको थाहा पाएर पनि उपमाले यसो भन्नुले नारीप्रति मैत्रीपूर्ण भाव रहेको स्पष्ट हुन्छ । उपमाले छोरी सुस्मितासँग भनेको यस कथनले पनि नारीप्रति नारीको सकारात्मक दृष्टिकोणलाई पुष्टि गरेको छ :

> मैले तिमीलाई कहिलै कमजोर ठानेकी छैन ।... तिमीले यत्रो वर्षसम्म एउटी असल साथी जस्तो भएर सहयोग गरेकी छ्यौ मलाई । तिम्रा बाबाको निधन भएर म विचलित भएका बेला पनि आमाले जस्तै सान्त्वना दिएकी थियौ तिमीले (पृ.१३१) ।

उपमाले छोरीलाई कमजोर नठान्नु, ममतामयी आमाका रूपमा हेर्नुले नारीको नारीप्रतिको दृष्टिकोण सकारात्मक भएको पुष्टि हुन्छ ।

उपमाले मात्र होइन सत्याले सुस्मिताको विधवा आमाले विधुर सागरसँग विवाह गर्नुलाई नराम्रो मानेकी छैन । उसले सुस्मितालाई समेत आमाको त्यस कार्यलाई नारीहरूका लागि उघ्रिएको आकाश मान्नुपर्ने भन्दै सम्झाएकी छ । यस कथनले पनि समाजमा नारीहरू विभिन्न अवरोधमा आफ्नो अस्तित्व गुमाएर, इच्छा आकाङ्क्षा खुम्चाएर बाँच्नुभन्दा आफ्नो जीवनको निर्णय आफैँ गरी सुखपूर्ण जीवन जिउन पाउनुपर्ने मान्यताको समर्थन गरेको छ । यस्तै प्रवीणलाई माया गर्ने र सँगै जीवन बिताउन सपना देखेकी सुस्मिताले प्रवीणले अर्कै केटी देखाएर विवाह गर्ने योजना सुनाउँदा समेत त्यस नारीप्रति ईर्ष्या गर्नुभन्दा प्रवीणलाई नै घृणा गरेकी छ । यस्तै आफ्नो प्रेमी मानिसकेको श्यामले सुशिलासँग विवाह गर्दा सुशिलाले उसलाई नराम्रो नजरले हेरे पनि सुस्मिताले ईर्ष्यापूर्ण व्यवहार देखाएकी छैन । यसर्थ सत्या र सुस्मिताको नारीप्रतिको दृष्टिकोण सकारात्मक पाइन्छ । यसरी यस उपन्यासमा एउटा नारीले अर्को नारीलाई हेर्ने दृष्टिकोणमा ईर्ष्यात्मकभन्दा पनि मैत्रीपूर्ण र सकारात्मक देखिन्छ ।

### ५.६.२ नारीको पुरुषप्रतिको दृष्टिकोण

प्रस्तुत उपन्यासमा नारीले पुरुषलाई सकारात्मक र नकारात्मक दुबै नजरमा हेरे पनि नकारात्मकभन्दा सकारात्मक रूपमै बढी हेरेको पाइन्छ । अजीलाई विधवा देखेर फाइदा उठाउन आउने पुरुष हर्षमानको बाबु, सुस्मिताले जागिरको सिलसिलामा चिनेकी पढेलेखेका पुरुषहरू ( पत्रकार, लेखक..), मनोज, उमाको प्रेमीका सन्दर्भमा नारीको नकारात्मक दृष्टि भए पनि अन्य पुरुषका सन्दर्भमा भने नारीको सकारात्मक दृष्टिकोण नै पाइन्छ । सुस्मिता बाबाको उपस्थितिविनाको घर शून्य ठान्छे । सुस्मिताकी आमा त्यही लोग्नेका लागि समाज र परिवारको इच्छा विपरीत घर छोडेर भाग्छे । अजी बलवान् पुरुषलाई लोग्ने छानेको र उसको बानी बेहोरा असाध्यै राम्रो भएको भन्दै पतिको गुनगान गाउँछे । उमा आफूलाई असाध्यै राम्रो लागेको केटालाई पछ्याउँदै गएर प्रेमी बनाएको बताउँछे । भद्रिका क्याम्पसमा सबैभन्दा नराम्रो झलेन्द्रसँग प्रेममा फस्दै गएपछि सुस्मिताले झलेन्द्रको आलोचना गर्दा प्रतिवादमा यसो भन्छे : “ती सबै उसका बाध्यता हुन् । उसले रोजेर आफूलाई त्यस्तो बनाएको त होइन नि । फेरि त्यत्तिसारै असुहाउँदो के छ र ? मान्छेको रूप मात्रै पनि त सबै कुरा होइन नि सुस्मिता” (पृ.६०) । नारीका यस किसिमका विचार र व्यवहारले उनीहरूले पुरुषका सम्बन्धमा राखेको सकारात्मक दृष्टिकोणलाई पुष्टि गर्दछ ।

रविनलाई पहिले असाध्यै माया गर्ने सुस्मिताले आफूलाई भन्दा बढी उसलाई माया गरेर विश्वास गरेकी छ तर रविनले बेवास्ता गरेपछि यसो भन्छे : “सानामा जे जस्तो सोचे पनि हुर्किँदै गएपछि उनले हामीलाई गरिब देखेका होलान् । बाबु नभएको असहाय ठानेका होलन् । अरूको तुलनामा मलाई कुरूप सोचेका होलान् तर मैले उनलाई कहिलै पनि अरूसँग तुलना गरिन नि † ” (पृ.६९) । सुस्मिताको यस भनाइमा आफूलाई बेवास्ता गर्ने पुरुषप्रति नकारात्मक दृष्टिभन्दा पनि आफ्नै अपूर्णता र कमजोरीको मूल्याङ्कन देखिनुले उसको पुरुषप्रतिको सकारात्मक धारणा रहेको स्पष्ट हुन्छ । यस्तै आफ्नो उमेरभन्दा निकै बूढो शर्माजीसँगको निकटताले सुस्मिता बिस्तारै शर्माजीतिर आकर्षित भएर यसो भन्छे : “हेर्दाहेर्दै उनको अनुहार, उनका हातगोडा, उनको हिँडाई, छेउमा बस्दा उनको शरीरबाट प्रसारण हुने गन्ध, मन पर्दै बानी पर्दै जान थालेको थियो । प्रायः कार्यालयबाट फर्किँदा मलाई पनि मनमा शर्माजीको झझल्को लाग्न थालेको थियो” (पृ.७१) । यतिमात्र होइन शर्माजीको निकटताको चरम अभिव्यक्ति स्वरूप सुस्मिता शर्माजीसँग शारीरिक सम्बन्ध राख्न पुग्छे । आफूभन्दा वृद्ध व्यक्तिसँगको यस सम्बन्धमा सुस्मिता न आफ्नो गल्ती ठान्छे न त शर्माजीलाई नै गलत मान्छे । यस सम्बन्धपछि पनि शर्माजीप्रति सुस्मिता उत्तिकै आदर गरेर उल्टो मानसिक उपचार गरिदिएको भन्दै धन्यवाद दिन्छे र यसरी आदरभाव व्यक्त गर्छे : “तर म त्यसलाई एउटा पवित्र काम ठान्छु । तपाईंप्रतिको मेरो आदरसम्मान यथावत् छ” (पृ.९५) ।

नारीले पुरुषलाई आफ्नै अभिन्न अङ्ग ठानेर प्रेम गरेको सन्दर्भ उपमाको यस कथनमा भेटिन्छ : “बिहान छुट्टिएपछि बेलुका भेट्न छटपटी लाग्थ्यो । जब उनलाई देख्थें, मनभरी घाम झुल्किन्थ्यो । यस्तो लाग्थ्यो, मेरै निम्ति जन्मिएका रहेछन् तिनी † ” (पृ.१४०) । उपमाको यस कथनमा आफ्नो पतिलाई प्राणभन्दा प्यारो मानेको र हरपल उनकै चाहना मनमा भएको भाव प्रकट हुनुले नारीको पुरुषप्रतिको सकारात्मक दृष्टिकोणलाई प्रस्ट पार्छ । शशीले श्यामललाई भनेको यस कथनले नारीको पुरुषप्रतिको दृष्टिकोण स्पष्ट हुन्छ : “तिमी जस्तो मान्छे यस संसारमा हजारपल्ट जन्मेर पनि पाउन सकिँदैन” (पृ.१९८) । यस कथनमा शशी र श्यामलमार्फत नारीले पुरुषलाई गर्ने प्रेम, सम्मान र हेर्ने सकारात्मक दृष्टिकोण स्पष्ट भएको छ । यसरी नारीहरूले यौनशोषण गरेर आफ्नो

यौनको भोक मेटाउने पुरुषप्रति नकारात्मक दृष्टिकोण राखे पनि अरू पुरुषलाई जीवनको अभिन्न अङ्ग ठानेका छन् ।

### ५.६.३ पुरुषको नारीप्रतिको दृष्टिकोण

प्रस्तुत उपन्यासमा पुरुषले नारीलाई पितृसत्तात्मक सोच राखेर दमन गर्छ वा कुनै पनि किसिमको शोषण नगरी नारी स्वतन्त्रता र समानताका दृष्टिले हेर्छ भन्ने कुराको अध्ययन यसमा गर्न सकिन्छ । नारीवादीका विचारमा नारीवादी उपन्यासमा पुरुषहरूले नारीलाई हेर्ने दृष्टिकोण मैत्रीपूर्ण र सकारात्मक हुन्छ । प्रस्तुत उपन्यासमा नारीलाई विभिन्न पुरुषहरूले हेर्ने दृष्टिकोणको अध्ययनका लागि विभिन्न साक्ष्यहरूलाई आधार मानेर विश्लेषण गरिएको छ । यस उपन्यासमा सुस्मितालाई रविनले हेर्ने दृष्टिकोण सकारात्मक देखिन्छ । रविनलाई मनमा सजाएकी सुस्मिताका मनमा उत्पन्न भाव नबोले पनि रविनले बुझेको छ र नारीप्रति सम्मान गर्दै त्यस भावलाई ऊ यसरी प्रस्तुत गर्छ : “तिम्रो मनको कुरा मैले पनि बुझेको छु । तिमीलाई जस्तै हुन्छ मलाई पनि । ... म तिमीलाई धेरै माया गर्छु सायद तिमीले भन्दा पनि” (पृ.१९) । रविनले सुस्मितालाई आफूलाई भन्दा बढी माया गर्ने कुरालाई यस कथनमा व्यक्त गरिनुले नारीप्रति पुरुषको सकारात्मक दृष्टिकोण रहेको देखिन्छ ।

सत्या, उमा र सुस्मितालाई टुँडाल देखाएर जिस्काउने केटाहरूको समूहमा रहेको श्यामले सुस्मिताले मनोजलाई लगाएको थप्पड देखेर आफू सुध्रिएको कुरा यसरी प्रकट गर्छ :

> वास्तवमा त्यो दिनदेखि मैले उनीहरूको सङ्गत नै छोडेँ । म लफङ्गा गुन्डा हुन्थेँ होला । ...तर मैले उनीहरूको सङ्गत चटक्कै छोडेर आफ्नो पढाइलाई अगाडि बढाउँदा आज म अधिकृत स्तरको कर्मचारी भएको छु ।... तपाईं मेरो जीवनमा ठूलो परिवर्तन ल्याउने व्यक्ति हुनुहुन्छ (पृ.७८) ।

श्याम सरले भनेको यस कथनमा नारीकै प्रेरणाले गर्दा उसको जीवनमा सुधार आएको विचार प्रस्तुत भएकाले नारीप्रति उसको सकारात्मक दृष्टिकोण रहेको पाइन्छ ।

पुरुषले नारीलाई जिम्मेवार ठानेर नारीप्रति अधिकार दिएको उदाहरण प्रस्तुत उपन्यासका पात्र शर्माजीको यस भनाइमा देखिन्छ : “तिमीले जिम्मा लिइहाल सुस्मिता शशीलाई † ” (पृ.१३०) । यस कथनमा एक पुरुषले बाबुको कर्तव्य निभाएर छोरीको जिम्मा सुस्मितालाई लगाउनुले नारीहरू पनि सक्षम र सबल एवम् जिम्मेवार छन् भन्ने पुरुषको धारणाको पुष्टि हुन्छ । प्रवीणले सरोजाका सम्बन्धमा सुस्मितासँग प्रस्तुत गरेको यस कथनले नारीप्रति पुरुषको सकारात्मक दृष्टिलाई स्पष्ट पारेको छ : “वास्तवमा महिलाहरूले आफूलाई जहिले पनि पुरुषसरह सङ्घर्ष गर्ने सङ्कल्प गर्नुपर्छ” (पृ.१८१) । श्यामलले शशीलाई भनेको यस कथनले नारीप्रति पुरुषको दृष्टिकोण स्पष्ट हुन्छ : “तिम्रा निम्ति यो सारा जिन्दगी नै समर्पण गरेको छु, तिम्रो जस्तोसुकै तनावको मुक्तिका लागि म जे पनि गर्न सक्छु, निर्धक्क भन” (पृ.१९६) । यस कथनमा श्यामलले शशीलाई असाध्यै माया गर्ने र जस्तो समस्या भए पनि समाधान गरिदिने अभिव्यक्ति पाइन्छ जसले नारीप्रति पुरुषको सकारात्मक दृष्टिकोण रहेको स्पष्ट हुन्छ । यसरी यस उपन्यासमा गौण पात्रका रूपमा आएका हर्षमानको बाबु, मनोज, सुस्मिताले जागिरको सिलसिलामा चिनेकी पढेलेखेका पुरुषहरू (पत्रकार, लेखक,..) को नारीलाई भोग्याका रूपमा हेर्ने नकारात्मक दृष्टिकोणको सङ्केत भए पनि

श्यामल, शर्माजी, श्याम, रविन, अमर, प्रवीण, सुस्मिताको बाबु, सागर आदि पुरुषको नारीप्रतिको दृष्टिकोण भने मैत्रीपूर्ण र सकारात्मक नै देखिन्छ ।

### ५.६.४ लेखकको नारीप्रतिको दृष्टिकोण

उपन्यासकार कृष्ण धराबासीले जी.टी.जेट. नेपालले दिएको साहित्यिक लेखनको जिम्मेवारी पूरा गर्ने सिलसिलामा भक्तपुरमा गई त्यहाँका टुँडालले बोकेको नेपाली संस्कृतिलाई प्रस्तुत गर्ने उद्देश्यले **टुँडाल** उपन्यास लेखेको बताएका छन् (धराबासी, २०६६ : भूमिका) । यसर्थ नारीवादी उपन्यासको रचना गर्ने उद्देश्यले प्रस्तुत उपन्यास लेखिएको होइन तर यस उपन्यासको विषयवस्तु नारीको केन्द्रियतामा अगाडि बढेको छ । यतिमात्र होइन यस उपन्यासमा प्रयुक्त नारी पात्रहरूले नारीमाथि हुने अन्यायको विरोध गर्दै नारी दमनात्मक पितृसत्तालाई अस्वीकार गरेका छन् । यसर्थ प्रस्तुत उपन्यासमा प्रयुक्त नारीकेन्द्रित एवम् नारी पक्षधर विषयवस्तु र सङ्घर्षशील नारी पात्र एवम् नारीका पक्षमा वकालत गर्ने पुरुष पात्रले उपन्यासलाई नारीवादी प्रवृत्तिको बनाउन सहयोग पुऱ्याएको छ ।

प्रस्तुत उपन्यासमा लेखकले नारीप्रति मैत्रीपूर्ण एवम् सकारात्मक दृष्टिकोण राखेको पाइन्छ । उनको कलमद्वारा चलाइएका पात्रहरू नारीलाई अन्याय, शोषण र दमन गर्नभन्दा पनि सकारात्मक दृष्टिले हेर्दछन् । यसका साथै उनले उपन्यासमा प्रमुख पात्र सुस्मितालाई निरीह र कमजोर नारीका रूपमा भन्दा पनि सक्रिय नारीका रूपमा उभ्याएका छन् । नारीहरू कुनै पनि कुरामा पुरुषभन्दा कमजोर छैनन् भन्ने कुरालाई उनले उपन्यासमा स्थान दिएका छन् । सुस्मिता अन्याय गर्ने पुरुषमाथि हात उठाउन सक्छे, जागिरे भएर भाइलाई पढाउन सक्छे, बुबाको निधनले शोकमा डुबेर पलायन हुनुभन्दा आमालाई सम्हालेर अगाडि बढ्न सक्छे, एक प्रेमीले धोका दिए पनि विचलित नभई जीवनरथमा अगि बढ्न सक्छे साथै घरको सम्पूर्ण जिम्मेवारी पूरा गर्न सक्छे भने सत्या पितृसत्ताको विरोध गर्न र संस्कृतिका नाममा नारीमाथि हुने शोषणको विरोध गर्न सक्छे, पुरुषको जस्तै खुला हृदयले काम गर्न सक्छे, पुरुषले सिर्जेको विभेदको विरोध गर्न सक्छे साथै उमाले आफ्नै इच्छामा प्रेमी रोजेर यौन सन्तुष्टि लिन अगि सर्छे अनि प्रेमीको निरीहपनको विरुद्ध समाजको अगाडि विनाबाबुको छोरी जन्माएर हुर्काउन सक्छे । यस्ता सक्रिय नारी पात्रहरूको प्रयोग गरेका लेखकले नारीलाई निरीह, कमजोर बनाउन चाहेका छैनन् । यौनशोषणमा परेर कसैको सहयोग नपाएर रुँदै हिँडेका नारी पात्रभन्दा आफैँ प्रेम प्रस्ताव राख्ने र यौनको अनुभूति लिए पनि पुरुषलाई दोष नलाएर आफ्नो निर्णयमा सन्तुष्ट हुने नारी पात्रलाई उपन्यासमा प्रमुख स्थान दिनुले लेखकमा भएको नारीप्रतिको सकारात्मक दृष्टिकोणलाई देख्न सकिन्छ । यसका साथै पैँतिस वर्षकै उमेरमा विधवा भएकी उपमालाई पितृसत्ताले माने जस्तो लोग्नेको सतमा बसेर रुँदै जीवन बिताएको देखाउनुभन्दा विधुर सागरसँग विवाह गराई बाँकी जीवन सुखसँग बिताएको देखाउनुले पनि उपन्यासकारको नारीप्रतिको दृष्टिकोण सकारात्मक नै देखिन्छ । यसका साथै पुरुषपात्रहरूले नारीलाई दमन, शोषण गर्नभन्दा पनि माया र सदभावनाले नारीलाई हरेक समस्यामा सहयोग गरेको देखाएर लेखकले नारीप्रति नै न्याय गरेको देखिन्छ । यी विभिन्न सन्दर्भलाई हेर्दा लेखकको नारीलाई हेर्ने दृष्टिकोण सकारात्मक र मैत्रीपूर्ण नै रहेको पाइन्छ । यसरी धराबासीको **टुँडाल** उपन्यासमा नारीलाई पुरुषले हेर्ने दृष्टिकोण, नारीले हेर्ने दृष्टिकोण, लेखकले हेर्ने दृष्टिकोण सकारात्मक एवम् मैत्रीपूर्ण भएको कारणले यस उपन्यासलाई नारीवादी उपन्यास भन्न सकिन्छ ।

## ५.७ 'पाण्डुलिपि' उपन्यासमा नारीप्रतिको दृष्टिकोण

**पाण्डुलिपि** उपन्यासमा नारी पात्रलाई मैत्रीपूर्ण र सकारात्मक दृष्टिकोणले हेरिएको छ वा नकारात्मक दृष्टिले हेरिएको छ भन्ने कुराको अध्ययन मार्फत नारीवादी प्रवृत्तिको निर्क्योल यहाँ गरिएको छ । यस क्रममा यस उपन्यासका प्रमुख पुरुष पात्र धराबासी र लेखक पनि धराबासी नै भएकाले लेखकको नारीप्रतिको दृष्टिकोण भन्नु नै पुरुषको नारीप्रतिको दृष्टिकोणमा समाहित हुने हुँदा एउटै शीर्षकमा यसको विश्लेषण गरिएको छ भने उपन्यासमा नारीले नारीलाई हेर्ने दृष्टिकोण एवम् नारीले पुरुषलाई हेर्ने दृष्टिकोणको अलग-अलग शीर्षकमा विश्लेषण गरिएको छ ।

### ५.७.१ नारीको नारीप्रतिको दृष्टिकोण

प्रस्तुत उपन्यासमा नारीले नारीलाई हेर्ने दृष्टिकोण सकारात्मक एवम् मैत्रीपूर्ण देखिन्छ । धराबासीकी आमाको मृत्युपछि सीताजीले सासू (अम्बिका) विनाको घर शून्य भएको ठान्नुले नारीप्रति नारीको सकारात्मक दृष्टिकोण रहेको पुष्टि हुन्छ । सीताजी भन्छिन् : “बानी भएको रहेछ मलाई आमा । तपाईंको कहिल्यै भर भएन । अब मलाई कसले सिकाउँछ, कसले हकार्छ ? म कोसँग डराउनु ?” (पृ.२) । सीताजीको यस कथनले सासूले आफूलाई जति नै हकारे पनि अराइसिकाइ गर्ने र बाटो देखाउने मान्छे गुमाएकोप्रति असन्तुष्टि देखिएको छ । सीताजीप्रति उनकी सासूको सकारात्मक दृष्टिकोण रहेको कुरा यस कथनले पुष्टि गर्छ : “यो सीतेले त यो आँगन पनि नाघेकी छैन होला । मैले त वर्षमा एकपल्ट हप्तादिन लगाएर धरानको नुन पनि खेपेको छु” (पृ.१३) । धराबासीले सीताजीलाई इलाम लैजाने कुरा गर्दा आमाले भनेको यस कथनले बुहारीले घुमोस् र नयाँ नयाँ कुरा जानोस् भन्ने भाव व्यक्त गर्नुमा नारीप्रति नारीको सकारात्मक दृष्टिकोण रहेको पुष्टि हुन्छ । यतिमात्र होइन धराबासीले किनिदिएको कुर्ता सासूको डरले लगाउन नमानेकी बुहारीलाई तँलाई राम्रो देखिन्छ माइतीमा त्यही लगाएर जा भनी सासूले भन्नुले नारीप्रति भएको दमनभन्दा सकारात्मक व्यवहार नै प्रदर्शित हुन्छ (पृ.१६) । यस्तै सीताजी र अम्बिकाको मेललाई देखेर समाजले यस्तो मूल्याङ्कन गर्नुले पनि उनीहरूमा भएको सकारात्मक सम्बन्धको पुष्टि हुन्छ : “तिमी धेरै भाग्यमानी रहेछौ कृष्ण ।... साह्रै लच्छिनकी स्वास्नी पाएछौ तिमीले । माहिलीले पनि बुहारी भेटेकै हुन्” (पृ.२६) । सामान्य विवादमा रहेका सासू र बुहारीले धराबासीलाई पोल लगाउँदै गर्दा अम्बिकाले उल्टो बुहारीलाई जहाँ लगेर भए पनि सुखसँग पाल् भन्नु एवम् सीताजीले अबदेखि म कहिल्यै आमासँगको गुनासो नगर्ने बताई माफी माग्नुले यी दुई नारीमा भएको सहनशीलता र मेलमिलापलाई स्पष्ट पार्दछ । यस्तै धराबासीकी माहिली फुपूको दुःखमा आमाले देखाएको सहानुभूति र आमाको दुःखमा माहिली फुपूले देखाएको यस किसिमको सहानुभूतिले नारीप्रति नारीको मित्रवत् सम्बन्धको पुष्टि हुन्छ : “भाउजूको दुःखको सीमा छैन । पहाडमा पनि घरभित्र र बाहिरको सबै काम एक्लै ढाक्नुपर्थ्यो । मधेस आएपछि पनि उस्तै भो” (पृ.४८) ।

प्रस्तुत उपन्यासमा नारीले नारीलाई सकारात्मक दृष्टिले हेरेका थुप्रै सन्दर्भहरू देखिन्छन् । यस क्रममा धराबासीको **राधा** उपन्यासले मदन पुरस्कार पाएपछि सो लिन श्रीमान्सँग काठमाडौँ आएकी सीताजीलाई दुबसुकी आमाले गरेको व्यवहारका सम्बन्धमा धराबासी भन्छन् : “आमाले सीताजीलाई अँगालो हालेर बधाई दिनुभयो । उहाँ बुहारीको प्रशंसा गरेरै नथाक्ने” (पृ.१०२) ।

दुबसुकी आमाले सीताको खुसीलाई आफ्नै खुसी जस्तो ठान्नु र प्रशंसा गर्नु, सीताजीले तुलसा पाठक र लीला अनमोललाई छोरी बनाउनु, बिरामी प्रतिमालाई अनेक खानेकुरा बनाउँदै खुवाएर निशा के.सीले सहयोग गर्नु, धराबासीकी दिदीले सीतालाई बुहारीभन्दा पनि छोरी, बहिनी जस्तो ठान्नु र सीताजीले पनि दिदीलाई उत्तिकै आदर गर्नु, रामचरित यादवकी दुबै मृगौला फेर्नुपर्ने अवस्थाकी श्रीमतीलाई उनकी आमाले आफ्नै एउटा मृगौला दिने कुरा गर्नु, कविता श्रेष्ठसँग भेट हुँदा सीताजी र उनी वर्षौंपछि भेट भएका दिदीबहिनीझैँ अँगालिनु, नन्द भाउजूको साइनो भए पनि टीका र सीता असाध्यै मिल्ने साथी जस्तै हुनु, सञ्जीव उप्रेतीकी आमाले सीताजीलाई बेहुलीका कपडा किनेर राखी घरमा नयाँ बुहारी भि□याए जस्तो हर्क मनाउनु, आमाको मृत्युपछि आफूले परीक्षा नदिने हो भने आमा रिसाउनुहोला भनी प्रतिमाले सम्मान गर्नु जस्ता सन्दर्भले नारीको नारीप्रति भएको सकारात्मक, मैत्रीपूर्ण एवम् स्नेही भावको पुष्टि हुन्छ ।

### ५.७.२ नारीको पुरुषप्रतिको दृष्टिकोण

प्रस्तुत उपन्यासमा नारीको पुरुषप्रति सकारात्मक दृष्टिकोण रहेको पाइन्छ । पुरुषलाई जीवनसाथीका रूपमा मात्र नभएर पतिभक्ति भाव सीताजीका यस कथनमा देखिन्छ : “के चिनिनुपऱ्यो र † तपाईंलाई चिनेकै मनपर्छ मलाई” (पृ.१०) । सीताजीलाई घरमा गाइवस्तु पालेर दुःख गर्नुभन्दा लेखपढमा लागेर समाजको अगाडि चिनिनुपर्ने सल्लाह धराबासीले दिँदै गर्दा श्रीमान्ले पढेको र सबैतिर चिनिएकोमा आफू सन्तुष्ट भएको सीताजीको यस कथनले पतिभक्ति भावलाई प्रस्ट पारेको छ । यतिमात्र होइन सीताजी रेडियोका लागि दिइएको अन्तर्वार्तामा होस् या धराबासीसँगै किन नहोस् आफ्नो पतिप्रति गहिरो विश्वास रहेको बताउँछिन् । धराबासीको माहिली फुपू भन्छिन् : “इलाममा छस् अरे, कलेजमा पढ्छस् अरे भनेको सुन्दा कति खुसी लाग्थ्यो । हाम्रो परिवारमा सबैभन्दा धेरै पढेको तैँ हुने भइस् भन्ने लागेको छ” (पृ.४८) । धराबासीको प्रगतिमा उनकी आमा, फुपू, श्रीमती, बहिनी, दिदी आदिको खुसीले नारीहरूमा भएको पुरुषप्रतिको सकारात्मक भावको सङ्केत गर्दछ । नम्रताको यस कथनले यसको थप पुष्टि गर्छ : “म खुसी छु, तपाईंको यस प्रगतिमा मेरो पनि कतै न कतै उपस्थिति रहेछ । तपाईंको मन र मस्तिष्कमा मेरो उपस्थिति पाएर म प्रसन्न छु” (पृ.८२) । धराबासीको जीवनको सफलतामा यसरी प्रशन्न हुने नम्रता मात्र होइन सीताजी र प्रतिमाले बारम्बर लेखनका लागि उत्प्रेरित गरिरहनुमा पनि यही भाव लुकेको पाइन्छ ।

सीताजीले सरुवा भएर काठमाडौँ गएका धराबासीलाई दिन रात फोन गर्छिन् । धराबासी जर्मनीको भ्रमणमा जान लागेको बेला दुबसुकी आमाले यसो भन्नुले नारीको पुरुषप्रतिको सकारात्मक दृष्टिकोण रहेको देखिन्छ : “छ भाइ जन्माएकी थिएँ, सात भाइ भएका छौ । जेठो छोराको रूपमा सबै भाइहरूको संरक्षण गर्नू, संसार जित्नू । राम्ररी यात्रा गरेर आउनू” (पृ.१४९) । यस्तै मृत्युको मुखमा पुग्ने गरी बिरामी भएकी धराबासीकी आमा र पाठेघरको अप्रेसन गरेर अस्पतालमा सुतेकी सीताजी दुबैले आफ्नो भन्दा धराबासीको स्वास्थ्यको ख्याल गरेको देखिन्छ (पृ.१७८) । श्रीमान्ले गरेको निर्णयमा सीताजी कहिल्यै प्रतिवाद गर्दिनन् (पृ.१८०) । धराबासीलाई सबैले मन पराएको, राम्रो भनेको मन पर्छ भन्दै कोही केटीले मन पराएको प्रति रिस नउठ्ने धारणा सीताजीको छ (पृ.२६२) । सीताजीले आफू बिरामी भएर थला पर्दा श्रीमान्ले गरेको सहयोगको प्रशंसा गर्दै भनेकी छन् : “...अरूका लोग्नेले गरेको देख्छु, म आफैँ देख्छु, लत्याएर हिँड्ने थिए तर उहाँले अहिलेसम्म केही भनेको छैन” (पृ.२६८) । यतिमात्र होइन बिरामी सीताजी चौबिसै घण्टा धराबासीको निकटता चाहन्छिन् ।

सीताजीकी आमाले धराबासीलाई नातामा ज्वाइँ भए पनि छोराका रूपमा हेर्छिन् र असाध्यै ममता गर्छिन् । उनी भन्छिन् : "भगवान्ले हजुरलाई मेरो गर्भमा पठाउन नपाएकाले पछि ज्वाइँ बनाएर भए पनि पठाएछन्" (पृ.२७१) । यस्तै सीताजी बिरामी परेपछि चिन्तित देखिएका ज्वाइँलाई सम्झाउँदै उनी भन्छिन् : "सधैँ हाँसिरहने, जिस्किरहने यो हँसिलो अनुहारलाई किन यस्तो निन्याउरो बनाएको ? केही हुँदैन सीतेलाई । जे परे पनि हामी सबै छौँ नडराउनु । म उसकी आमा त यति दरो मुटु लिएर बसेकी छु" (पृ.२७३) । उनको यस कथनमा नारीमा भएको सहनशीलता, धैर्य र साहस मात्र होइन एउटा अभिभावकत्व पनि लुकेको देखिन्छ । यसका साथसाथै आफ्ना छोरा समान ज्वाइँको पीडा कमी होस् भन्ने ममतामयी भावना यस कथनमार्फत अभिव्यक्त भएको दखिनुले नारीको पुरुषप्रति रहेको सकारात्मक दृष्टिको पुष्टि हुन्छ । चन्द्राले सीताजीको काम सकिएपछि पनि धराबासीको रेखदेख गरी एक्लै छोडेर घर नजाने बताउनुले उनको दाजुप्रतिको स्नेहको पुष्टि हुन्छ ।

५.७.३ पुरुषको नारीप्रतिको दृष्टिकोण

प्रस्तुत उपन्यास पुरुषको नारीप्रतिको दृष्टिकोण सद्भावपूर्ण एवम् सकारात्मक देखिन्छ । यस उपन्यासमा आमाको मृत्युको शोकमा परेका धराबासीले यसो भन्नुले नारीप्रति उनको सकारात्मक दृष्टिकोण रहेको पुष्टि हुन्छ : "सीताजी हुनुहुन्थ्यो छायाँजस्ती साथी ।... बच्चालाई काखमा लिएर फुल्याएझैँ धेरैबेर सुमसुमाइरहनुभयो मेरो कपाल" (पृ.१) । धराबासीको यस कथनमा श्रीमतीलाई असल सहयात्री र आमाको दर्जामा राखिएको पाइन्छ । धराबासीले सीताजीले गरेको दुःखको अन्त्य र सुखको कामना यसरी गरेका छन् : "त्यही सबै काम तपाईंले मात्र गरेको मलाई मन परेको छैन सीताजी । तपाईंले साह्रै दुःख गर्नुभएको छ, अब सुख गर्नुहोस्" (पृ.८) । यसरी धराबासीले घरभित्रका सबै कामदेखि गाईवस्तु पाल्ने कामले सीतालाई दुःख भएको तर त्यसमा आफ्नो व्यस्तताका कारणले सहयोग गर्न नसकेको कुरा प्रस्तुत गर्दै सुखको बाटोतिर सीतालाई अग्रसर गराउन प्रेरित गर्नुले पुरुषको नारीप्रतिको सकारात्मक दृष्टिकोणलाई प्रस्ट पारेको देखिन्छ ।

धराबासीले आमा र सीतालाई असाध्यै प्रेम गर्दछन् । जीवनमा उनी यस्तो सङ्कटसँग डराउँछन् जुन आमा र श्रीमती कुनै एकको पक्षमा आफूले कहिल्यै उत्रिन नपरोस् । आफ्नी जीवनसङ्गिनी सीताजीलाई अरूले जस्तो तँ र तिमीको सम्बोधन होइन श्रीमतीले आफूलाई गरेकै सम्बोधन तपाईंले सम्बोधन गरेको पाइन्छ । श्रीमतीसँग धराबासी भन्छन् : "तपाईं मेरो त्यो अन्तिम मित्र हो, जससँग मेरो केही कुरा पनि गोप्य छैन र त्यो रहनु पनि हुन्न" (पृ.३४) । आफ्नो लेखन कार्य अगाडि बढाउने क्रममा पनि उनी बारम्बार श्रीमतीसँग सल्लाह र सुझाव लिइरहन्छन् साथै सीताजीलाई पनि लेख्नका लागि प्रेरित गरिरहन्छन् । आफूले भाग लिने साहित्यिक कार्यक्रमहरूमा उनलाई संलग्न गराउन सकेसम्म प्रयत्न गर्दछन् । सीताजीले आफूलाई रुक्मिणी मान्दा र लोग्ने मान्छे भएकाले पूरै विश्वास मान्न नसक्ने बताउँदा धराबासी निर्वाक् भएर चिन्तित समेत भएका छन् । सीताजीमा यस किसिमको विचार आउन नदिन आफूले निर्वाह गर्नुपर्ने भूमिकामा सचेत भएका छन् । उनी भन्छन् : "तपाईं मेरी राधा पनि हो रुक्मिणी पनि । मनकी राधा, शरीरकी रुक्मिणी" (पृ.८०) । धराबासीले बुहारी शारदा र बहिनी टीका, चन्द्रा, एवम् नानुलाई पनि उत्तिकै माया गर्छन् ।

कुनै समयमा आफूले मन पराइएकी नम्रतासँग लामो समयपछि भेट हुँदा धराबासीको ऊप्रतिको सोचाइ यस्तो छ :

> अचम्म लाग्यो । आफूले हेपेका, कमजोर ठानेका महिलाहरूभित्र कति धेरै तर्क, बुद्धि र विचारहरू अटेसमटेस भएर बसेका हुँदा रहेछन् ।... लाग्यो नारीहरूले सजिलै माफी दिन सक्छन् । उनीहरूको क्षमाशील हृदयकै कारण यो संसार टिकेको छ । यिनले बदलाको भाव लिँदा हुन् त कुनै पनि गृहस्थी कसरी चल्न सक्ला † (पृ.८२) ।

नम्रतालाई भेटेको सन्दर्भमा व्यक्त गरेको धराबासीको यस कथनले सम्पूर्ण नारीहरूमा बौद्धिकता र तार्किकता एवम् सहनशीलता र क्षमाशीलता हुने कुराको सङ्केत गरेको छ जसले गर्दा यस उपन्यासमा पुरुषले नारीलाई सम्मानपूर्ण दृष्टिले हेर्ने भाव समेत स्पष्ट भएको देखिन्छ ।

धराबासी काठमाडौँमा सरुवा भएर आएपछि सीताजीसँगको बिछोडमा न्यास्रिँदै यसो भन्छन् : "कम्तीमा पनि दिनमा एक पल्ट फोनमा कुरा हुन्थ्यो सीताजीसँग ।... तर खै के भएको होला- आवाज मात्र सुन्दा पनि ढुक्क हुने । उहाँलाई कस्तो हुन्थ्यो कुन्नि मेमा भने उहाँको आवाजले मनका सारा दुविधाहरू अन्त हुन्थे" (पृ.११७) । धराबासीको यस कथनले उदार नारीवादीले भनेझैँ सफल जीवनको यात्राका लागि नारीलाई पुरुष र पुरुषलाई नारीको अपरिहार्य आवश्यकताको पुष्टि गरेको छ । यस्तै धराबासी पुरुषहरूमा हुने सम्पत्ति लिप्साका पक्षधर देखिँदैनन् । नारीका नामका सम्पत्ति राखिदिन हुँदैन भनेर सबै सम्पत्तिको मालिक आफू बन्ने पितृसत्तात्मक समाजमा धराबासी त्यस्ता व्यक्ति हुन् जसले आफूले जोडेका सबै सम्पत्ति श्रीमतीका नाममा राखेका छन् । मन प्रसाद उप्रेतीले सीताजीको सम्मान गर्नुले पनि नारीप्रति पुरुषको सकारात्मक दृष्टिकोणको पुष्टि गरेको छ ।

रामचरित यादवको यस भनाइले नारीप्रतिको सकारात्मक दृष्टिकोण पुष्टि हुन्छ : "कसले दिन्छ रे ? म को हुँ ? मलाई दुईटा मृगौलाको के काम ? हामी दुई त हो † बाँचे सँगै मरे सँगै † " (पृ. २०६) । दुबै मृगौला काम नलाग्ने भएर अस्पतालमा भर्ना भएकी यादवकी श्रीमतीले आफूलाई मृगौला कसले देला र बाँचौँला भन्ने कुरा गर्दा उनका श्रीमान् यादवले भनेको यस कथनले पुरुष र नारीविनाको जीवन सार्थक नभएकाले एक अर्कामा हातेमालो गर्दै अगाडि बढ्नुपर्ने विचार राख्ने उदार नारीवादीको विचारलाई समर्थन गरेको देखिन्छ ।

प्रस्तुत उपन्यासमा धराबासीको दिदीप्रतिको दृष्टिकोण सकारात्मक देखिन्छ । उनी भन्छन् : "आमाकै प्रतिरूप हुन् दिदी । दिदीलाई देखेपछि आमालाई बिर्सन सकिन्छ । मभन्दा चारै वर्ष मात्र जेठी भए पनि हाम्रो परिवारकी आमा नै हुन् उनी" (पृ.२२२) । यस्तै धराबासीले सीताजीकी आमा अर्थात् सासूको दुःखप्रति सहानुभूति जनाउँदै यसो भनेका छन् :

> कति दुःख पाएकी यी माताले ? आफैं अपाङ्ग छिन्, आफूमाथि सौता हालेर नअघाउने लोग्नेको अशक्त शरीरको सेवा आठ वर्ष गरिन्, आफूले जन्माएका चार छोरीमध्ये जेठी बेपत्ता, माहिली उहिल्यै बितेकी, साहिली एउटी अलि स्वस्थजस्ती र यो कान्छी त मर्नलाई सास गनिरहेकी । आफ्नै आँखाअगि खुरुखुरु छोरीलाई अगि लगाउनुपर्दा चस्किने त्यो छातीको पीडा कति हुँदो हो (पृ.२७१) ।

यतिमात्र होइन नातामा आफ्नो सासू भए पनि आफूलाई आमा नै लाग्ने उनले बताएका छन् । यसरी धराबासीले एउटी नारीको पीडाप्रति सहानुभूति व्यक्त गर्दै नारीप्रति आफ्नो सकारात्मक दृष्टिकोण प्रस्तुत गरेका छन् ।

हरिवंश आचार्य आफ्नी श्रीमती मीरालाई असाध्यै माया गर्छन् । श्रीमतीको मृत्युले मर्माहत भएका आचार्य भन्छन् : "मभन्दा पहिले मेरी श्रीमती बित्नुपर्छ । उसलाई मेरो बिजोग सहन नपरोस्" (पृ. ३५०) । यसरी हरिवंशले आफ्नो मृत्युभन्दा अगि श्रीमतीको मृत्युको चाहना गर्नु श्रीमतीप्रतिको प्रेमभावको प्रदर्शन हो ।

यस उपन्यासमा धराबासीले सीताजीप्रतिको सकारात्मक दृष्टिकोणलाई पुष्टि गर्ने सन्दर्भहरू धेरै छन् । आफूलाई माया गर्ने र आफूले पनि माया गर्ने श्रीमतीको रोगको कुनै उपचार नभएको थाहा भएपछि दुखाइ कम गर्न मर्फिन खुवाउन लाग्दा होस् वा अन्य सन्दर्भमा, धराबासीका सीताजीप्रतिका कथन यस्ता छन् :

> मलाई थाहा थियो, म सीताजीलाई के खुवाउन लागेको छु । मर्फिनको काम के हो र त्यसले के गर्छ भन्ने राम्ररी बुझेको मैले आज आफ्नै हातले सीताजीलाई खुवाउँदै थिएँ र मेरी प्रिय पत्नी सीताजी, जसको अन्तिम विश्वास थिएँ म । मैले जे भने पनि जे खुवाए पनि उहाँलाई ढुक्क थियो (पृ.२१६) ।
>
> तपाईंले नै परिवारभित्र बहस गरेर मसँग सीताजीको विवाह गराइदिनुभएको । उहाँ आएपछिको मेरो जीवन स्वर्ग भएको थियो (पृ.२२६) । (भीमदाइसँग)
>
> हुन पनि कैयौँ महिला साथी र शुभचिन्तकहरू मेरो जीवनमा आए तर कहिल्यै पनि उनीहरूसँग सीताजीको तुलना गरेन मनले, न कुनै दिन नयाँ गृहस्थीकै कल्पना गऱ्यो (पृ. २५४) ।
>
> जति सक्छु, अन्तिमसम्म पनि सीताजीलाई म मृत्युको भयबाट बचाउँछु । उहाँ आफू मर्दै गरेको पनि थाहा नपाई मर्नुहोस् भन्ने चाहन्छु । ...यस संसारमा मेरो जीवनले पाएको यो प्रथम र अन्तिम प्रिय मान्छेलाई म कसरी छटपटाउँदै मरेको देख्न सक्छु । उहाँको मुखबाट 'मृत्यु' शब्द म सुन्न चाहान्न (पृ.२५६) ।
>
> उहाँ मलाई चौबिसै घण्टा आँखाअगि देख्न चाहने । म पनि चाहन्थेँ, उहाँलाई एकछिन नछोडौँ किनकि अब मैले उहाँलाई कति दिन पो यसरी नजिकमा भेट्न पाउँछु र ? (पृ. २७४) ।

धराबासीले प्रस्तुत गरेका उपर्युक्त कथनहरूले सीताजीप्रति उनको स्नेह, प्यारका साथसाथै सच्चा जीवनसाथीका रूपमा उनको उपस्थितिको पुष्टि गरेको छ । उदार नारीवादले भनेझैं जीवनयापनका क्रममा महिला र पुरुषको सहयात्रा एवम् समर्थनविना जीवन अधुरो हुने कुराको पनि यी सन्दर्भहरूले पुष्टि गरेको पाइन्छ ।

उपन्यासकार धराबासीको यस उपन्यास लेखनको उद्देश्य नारीवादी विचारको प्रस्तुति होइन । यस उपन्यासमा उनले आफ्नै जीवनका वास्तविक घटनालाई मार्मिक ढङ्गले आख्यानीकरण गरेका छन् । आमाको मृत्युसम्मको घटनालाई **आधाबाटो** उपन्यासमा लेखिसकेका धराबासीले त्यसपछि श्रीमतीको मृत्युसम्मको घटनाक्रमलाई समेटेको हुनाले यो उपन्यास आत्मजीवनीपरक उपन्यासको दस्तावेज बनेको छ । यसर्थ यस उपन्यासमा नारीवादी विचारको सचेत प्रयोग पाईंदैन । समयको प्रभाव समाज र व्यक्तिको जीवनमा पर्ने भएकाले सचेत नारीहरूको जीवन सङ्घर्ष र आँटिला कदम भने यस उपन्यासका नारी पात्रहरूमा पाउन सकिन्छ । यसर्थ यस उपन्यासका नारी पात्रका

सचेतना, सङ्घर्ष, हिम्मत, शोषणप्रति विरोध गर्न सक्ने क्षमता जस्ता सन्दर्भले उपन्यासभित्र नारीवादी प्रवृत्तिलाई समाहित गरेको छ । यस कारण लेखकले नारीवादी उपन्यास नलेख्दा नलेख्दै पनि उपन्यासमा नारीवादी प्रवृत्तिले स्थान ओगटेको देखिन्छ ।

प्रस्तुत उपन्यासमा लेखक नै केन्द्रीय पुरुष पात्रका रूपमा उपस्थित भएका छन् । तसर्थ धराबासीको नारीप्रतिको दृष्टिकोण जे छ त्यसलाई नै लेखकको नारीप्रतिको दृष्टिकोण मान्न सकिन्छ । साथै यस उपन्यासमा सीताजीको हिम्मत, साहस, धैर्यलाई कदर गर्ने धराबासीको हरेक नारीप्रतिको प्रेमभाव, समर्थन र सहयोगले पनि लेखकको नारीप्रतिको सकारात्मक दृष्टिकोणलाई पुष्टि गरेको छ ।

यसरी धराबासीको **पाण्डुलिपि** उपन्यासमा नारीलाई नारीले ईर्ष्यात्मक दृष्टिले नहेरेर साथी, आफन्त, आमा, दिदी, बहिनी आदि नजिकको नातेदारलाई दिइने स्वस्थ प्रेमपूर्ण भावका दृष्टिले हेरेको पाइन्छ । यस्तै नारीले पुरुषलाई नकारात्मक दृष्टिले नहेरी जीवन साथी, पिता, दाजुभाइ, छोरा आदि विभिन्न दर्जामा राखेर प्रेमपूर्ण व्यवहार गरेको पाइन्छ । नारीहरूले पुरुषलाई जुन दर्जामा हेरेका छन् त्यसरी नै पुरुषहरूले पनि नारीलाई सकारात्मक दृष्टिले हेरेको देखिन्छ । यस्तै धराबासीले यस उपन्यासमा जीवनको यथार्थलाई प्रस्तुत गरे पनि आख्यानात्मक स्वरूप ग्रहण गर्न पुगेको प्रस्तुत उपन्यासमा नारीलाई उच्च दर्जामा राखिएर सम्मान गरिएको हुनाले उदार नारीवादी प्रवृत्ति यसभित्र पाउन सकिन्छ ।

### ५.८ निष्कर्ष

धराबासीका उपन्यासमा नारीलाई हेर्ने दृष्टिकोण नकारात्मकभन्दा सकारात्मक नै बढी रहेको पाइन्छ । **शरणार्थी** उपन्यासमा नारीले नारीप्रति ईर्ष्याभन्दा पनि मैत्रीपूर्ण व्यवहार गर्नुका साथै पुरुषलाई माया र सदभावपूर्ण व्यवहार प्रदर्शन गरेको पाइन्छ । यस्तै शिवजित राईले सुयोगवीरले नारीमाथि गर्ने यौन शोषणपूर्ण व्यवहारको विरोध गर्दै नारीको समर्थन गर्नु, चन्द्रप्रकाश सुरुमा महिलाहरूमाथि यौन शोषण गर्दै हिँड्ने प्रवृत्तिको भए पनि पछि ती घटनालाई सम्झिदै पछुतो गर्नु जस्ता सन्दर्भले नारीप्रति पुरुषमा भएको सहयोगी, सम्मानपूर्ण, स्नेही एवम् मैत्रीपूर्ण भावको पुष्टि गर्दछ । नारीवादी उपन्यास लेखनकै अभिप्रायले यो उपन्यास लेखेका नभए पनि प्रस्तुत उपन्यासमा लेखकले नारी पात्रहरूलाई साहसी, सङ्घर्षशील एवम् हिम्मतिला बनाउनु, आफूमाथि भएका अन्यायका विरोधमा आवाज उठाउन सक्ने नारी पात्रको प्रयोग गर्नु, नारीमाथि अन्याय गर्ने पुरुष पात्रहरूलाई माफी माग्न लगाउनु र नारीलाई स्नेही, मैत्रीपूर्ण व्यवहार गर्ने पुरुषपात्रलाई उपन्यासमा उभ्याइनु जस्ता सन्दर्भले लेखकको नारीप्रतिको दृष्टिकोण सकारात्मक रहेको पुष्टि गर्दछ । **आधाबाटो** उपन्यासमा नारीले नारीको दुःखमा साथ दिनु, धराबासीकी आमा र श्रीमतीमा मिलनसारिता, सहयोग, सम्मानपूर्ण व्यवहार हुनु, पुरुषहरूलाई नारीहरूले जीवनको अभिन्न अङ्गका रूपमा लिनु र प्रेम गर्नु, धराबासीले नारीहरूको इच्छाको कदर गर्दै बाह्य कार्यमा संलग्न हुन प्रेरित गर्नु जस्ता सन्दर्भले नारीप्रतिको सकारात्मक भावनालाई प्रस्ट पारेको छ । प्रस्तुत उपन्यास नारीवादी सिद्धान्तबाट अभिप्रेरित भएर लेखिएको उपन्यास नभएर लेखकले आफ्नो बाल्यकालदेखि आमाको मृत्युसम्मका घटनाहरूलाई यथार्थ रूपमा प्रस्तुत गरिएको आत्मसंस्मरणात्मक उपन्यास भए पनि नारीको सङ्घर्षपूर्ण र साहसिक घटनाको प्रस्तुति एवम् पात्रका आँटिला कदम, सहयोगी भावना, सकारात्मक दृष्टिकोणले उपन्यासलाई नारीवादी प्रवृत्तिको बनाएको छ । यस उपन्यासमा सङ्घर्षशील, विद्रोही, चेतनशील, मिलनसार नारी पात्रको प्रयोग गरिनुले लेखकको नारीप्रतिको

दृष्टिकोण समेत सकारात्मक बन्न पुगेको देखिन्छ । **राधा** उपन्यासमा नारीले नारीलाई प्रेम, विश्वास, सम्मान र सहयोग गर्नु, यौनपिपासु र अत्याचारी पुरुषप्रति बाहेक अन्य पुरुषप्रति नारीहरूले प्रेम, आदर एवम् सम्मान गर्दै पुरुषविनाको जीवन अधुरो ठान्नु, पुरुषले पनि नारीविनाको जीवनलाई अपूर्ण ठान्दै आफ्ना परिवारका नारी सदस्यका रूपमा मात्र नभई जीवनसाथी, प्रेमिका, साथी आदिका रूपमा नारीको आवश्यकता रहेको मान्नु, पुरुषले आवेग, बाध्यता, रिसमा नारीप्रति अभद्र व्यवहार गरे पनि अन्त्यमा आफ्नो गल्ती स्विकारेर नारीसँग क्षमा माग्दै सद्भावपूर्ण व्यवहार गर्नु जस्ता सन्दर्भले नारीप्रतिको सकारात्मक दृष्टिकोणको पुष्टि भएको छ । यस्तै नारीलाई राज्यकै कार्यभार सम्हाल्न सक्ने, कठिन निर्णय गर्न सक्ने, पितृसत्ताको विरोध गर्न सक्ने पात्रका रूपमा उपस्थित गराउनु, नारीमाथिको दमन र अत्याचार गर्ने पुरुषले नारीसँग माफी मागेको देखाउनु जस्ता सन्दर्भले लेखकको नारीप्रतिको सकारात्मक दृष्टिकोणलाई स्पष्ट पारेको देखिन्छ । यसरी नारीकेन्द्रित विषयवस्तु, साहस, हिम्मत र आँटी नारीपात्रको प्रमुख भूमिकाले यस उपन्यासलाई नारीवादी प्रवृत्तिको बनाएको छ भने नारी र पुरुष एक अर्कामा जति विश्वास र प्रेम मौलाउन सक्छ त्यत्ति नै जीवन सार्थक र सहज बन्ने उदार नारीवादी दृष्टिको समेत प्रस्तुति भएको पाइन्छ । **तपाईं** उपन्यासमा नारीहरूले नारीको पक्षमा वकालत गर्नु, पुरुष लेखकले नारी पात्रलाई कमजोर बनाउँदै लगेको प्रति असन्तुष्टि भाव व्यक्त गर्नु, नारीले पुरुषको दह्रो हातको चाहना गर्नु एवम् सुख र दुःख बाँड्ने साथीका रूपमा पुरुषलाई सम्मान गर्नु, कतिपय पुरुषले नारीमाथि शोषण र कुदृष्टिको भाव राखे पनि धेरैजसो पुरुषले नारीलाई सम्मान, इज्जत र सहयोग गर्नु जस्ता सन्दर्भले नारीप्रतिको सकारात्मक दृष्टिकोणलाई प्रस्ट पारेको छ । यस्तै यस उपन्यासमा यौनशोषण गर्ने पुरुषको विरोधका साथै आफ्नो इज्जत र प्रतिष्ठालाई जोगाउन सङ्घर्ष गर्ने एवम् राजनीतिमा सक्रिय भएर लाग्ने नारी पात्रको प्रयोग गरिएको हुनाले लेखकको नारीप्रतिको दृष्टिकोण सकारात्मक देखिन्छ । **टुँडाल** उपन्यासमा नारीले नारीप्रति ईर्ष्या नगरी मैत्रीपूर्ण र सकारात्मक व्यवहार गर्नु, समाज, परिवार र दुःखहरूसँग जुधेरै भए पनि नारीले पुरुषको साथ दिनु, पुरुषले नारीलाई माया, सद्भाव र सहयोगपूर्ण व्यवहार गर्नु, लेखकले नारीकेन्द्रित एवम् नारी पक्षधर विषयवस्तु र सङ्घर्षशील नारी पात्र एवम् नारीका पक्षमा वकालत गर्ने पुरुष पात्रको प्रयोग गर्नु, सुस्मितालाई सक्रिय नारीका रूपमा महत्त्वपूर्ण भूमिकामा प्रयोग गर्नु, नारीले पनि प्रेम गर्न र स्वतन्त्र जीवन बिताउन सक्ने देखाउनु, नारीलाई अन्याय सहनभन्दा विरोध गर्न लगाउनु, पढेलेखेका नारी पात्रको प्रयोग गर्नु, विधवा नारीले विवाह गर्दा कसैले विरोध नगर्नु, नारीकै सेरोफेरोमा उपन्यास केन्द्रित हुनु, नारी पक्षधर पुरुषको प्रयोग गर्नु जस्ता सन्दर्भले नारीप्रतिको सकारात्मक दृष्टिकोणलाई प्रस्ट पारेको छ । **पाण्डुलिपि** उपन्यासमा नारी पात्रलाई मैत्रीपूर्ण र सकारात्मक दृष्टिकोणले हेरिनु, नारीले पुरुषलाई सहयोग, सद्भाव र मित्रवत् व्यवहार गर्नु एवम् प्रेम गर्नु, पुरुषले नारीमाथिको अन्यायको विरोध गर्दै घरबाहिरको कार्यमा अग्रसर गराउन सहयोग र समर्थन गर्नु, लेखकले उपन्यासमा नारीविना पुरुष र पुरुषको प्रेमविना नारीको जीवन अपूर्ण भएको देखाइ पुरुष र नारीबिचको सहयात्रा, सहयोग, मित्रता, प्रेमको एकअर्कामा खाँचो पर्ने सन्दर्भलाई प्रश्रय दिनु जस्ता प्रसङ्गले नारीलाई हेर्ने सकारात्मक दृष्टिकोणको पुष्टि गरेको छ ।

यसरी धराबासीका हालसम्म प्रकाशित सबै उपन्यासमा नारीप्रतिको दृष्टिकोण सकारात्मक रहेको देखिन्छ । नारीवादी सिद्धान्तबाट प्रेरित भएर र त्यसको प्रयोगका उद्देश्यले लेखकले यी उपन्यासहरू लेखेको नभए पनि यी उपन्यासहरूमा उनले नारीमाथि हुने गरेका शोषणका विरोधमा सङ्घर्ष गर्ने नारी पात्रको प्रयोग गर्नु, नारीमाथि कुदृष्टि राख्ने पुरुष पात्रको विरोध गरी नारीलाई

मैत्रीपूर्ण, सहयोगी र प्रेमपूर्ण व्यवहार गर्ने पात्रका पक्षमा वकालत गर्नु, नारीविना पुरुष र पुरुषविना नारीको जीवन अपूर्ण हुने सन्दर्भलाई उपन्यासमा स्थान दिनु, प्रायः नारीकेन्द्रित विषयको छनोट गर्नु जस्ता सन्दर्भले नारीप्रतिको सकारात्मक दृष्टिकोणलाई प्रस्ट पारेको छ भने नारी र पुरुषको सहकार्य र सहअस्तित्वविना जीवन अपूर्ण हुने भावलाई स्थान दिनुले उनका उपन्यासहरू उदार नारीवादी प्रवृत्तिको बन्न पुगेको देखिन्छ ।

परिच्छेद : छ

# सारांश तथा निष्कर्ष

## ६.१ विषय परिचय

**सारांश तथा निष्कर्ष** नामक अन्तिम तथा छैटौं परिच्छेदमा यस शोधकार्यको सारांश र समग्र निष्कर्षलाई अलग-अलग शीर्षकमा प्रस्तुत गरिएको छ ।

## ६.२ सारांश

**कृष्ण धराबासीका उपन्यासमा नारीवाद** शीर्षकको प्रस्तुत शोधकार्यमा पाश्चात्य नारीवादी सिद्धान्तका आलोकमा धराबासीका हालसम्म प्रकाशित छ वटा उपन्यासहरूको मूल्याङ्कन गरिएको छ । यस सम्बन्धमा प्रस्तुत शोधकार्यका मूल पाठका जम्मा पाँच परिच्छेदहरूमा आबद्ध तथ्य-विश्लेषणको समीक्षालाई यहाँ प्रस्तुत गरिएको छ ।

प्रस्तुत शोधकार्यको प्रथम परिच्छेद **शोध परिचय** शीर्षकमा केन्द्रित रहेको छ । यस शोधकार्यले धराबासीका उपन्यासको नारीवादी चेतनाका कोणबाट अध्ययन र मूल्याङ्कन गर्ने कार्यलाई मूल प्राज्ञिक समस्याका रूपमा लिएको छ । यस किसिमको प्राज्ञिक जिज्ञासामा धराबासीका उपन्यासमा प्रस्तुत नारी स्वतन्त्रता र समानता, नारी शोषणप्रतिको विद्रोह एवम् नारीलाई हेर्ने दृष्टिकोण के कस्तो छ भन्ने सन्दर्भलाई अगि सारिएको छ । यिनै समस्याहरूको समाधान गरी निष्कर्षसम्म पुग्नु प्रस्तुत शोधकार्यको उद्देश्य रहेको छ । धराबासीका उपन्यासका सन्दर्भमा भएका पूर्वकार्यलाई समेत यसमा समीक्षा गरिएको छ । धराबासीका हालसम्म प्रकाशित उपन्यासलाई नारीवादका वर्गीय, समलैङ्गिक, जातीय, उत्तर औपनिवेशिक एवम् उत्तर संरचनावादी प्रवृत्तिका आधारलाई छाडेर नारी स्वतन्त्रता र समानता, नारी शोषणप्रतिको विद्रोह एवम् नारीलाई हेर्ने दृष्टिकोणका आधारमा मात्र विश्लेषण गर्नु यस शोधकार्यको सीमा भएको छ । पुस्तकालयीय अध्ययनपद्धतिमा आधारित यस शोधकार्यलाई छ वटा परिच्छेदमा विभाजन गरिएको छ ।

प्रस्तुत शोधकार्यको दोस्रो परिच्छेदको शीर्षक **नारीवादको सैद्धान्तिक पर्याधार** रहेको छ । यसमा पाश्चात्य नारीवादी सन्दर्भ र सैद्धान्तिक मान्यतालाई प्रस्तुत गरिएको छ । यस क्रममा प्रस्तुत परिच्छेदमा नारीवाद शब्दको व्युत्पत्ति र अर्थ, नारीवादको पृष्ठभूमि र प्रवर्तन (अमेरिका, युरोप र एसिया), नारीवादको परिभाषा, नारीवादी समालोचनाको विकास एवम् नारीवादी समालोचनाका प्रकार र मान्यताको अध्ययन गरिएको छ । अङ्ग्रेजीको 'फेमिनिज्म' शब्दको नेपाली रूपान्तर नारीवाद नारीलाई पुरुष सरह हक हित दिलाएर समानता कायम गर्नका लागि नारीका पक्षमा निर्माण गरिएको सिद्धान्त हो । अमेरिकामा देखा परेको नारीवादी आन्दोलन युरोप र एसियासम्म विस्तारित हुँदै गइरहेको छ । सन् १८४८ मा अमेरिकामा भएको सेनेका फल्स सम्मेलनलाई विश्वकै प्रथम महिला सम्मेलनका रूपमा लिइन्छ । अमेरिका र युरोप दुबैतिर महिलामाथिको दोहोरो जिम्मेवारीको अन्त्य, बाहिरी क्षेत्रमा कामको अवसर, समान ज्याला, निश्चित कार्यालय अवधि, नागरिकता, मताधिकार, राजनीतिक अधिकार जस्ता कुराका लागि प्रारम्भ भएको महिला आन्दोलनले समाजका हरेक क्षेत्रमा आफूलाई विस्तार गरिसकेको छ । वर्तमान समयमा नारीमाथि हुने गरेका दमनजन्य क्रियाकलापप्रति असन्तुष्टि जनाउँदै अगाडि बढेको नारीवादले राजनीतिमा

मात्र सीमित नभएर व्यापक विस्तार हुने क्रममा साहित्य र समालोचनाका क्षेत्रमा समेत स्थान जमाइसकेको छ । पश्चिममा सन् १९६० को दशकको प्रारम्भदेखि साहित्यिक-सांस्कृतिक विश्लेषणका सन्दर्भमा नारीवादी समालोचना र सिद्धान्तको स्थापना भएको देखिन्छ । पाश्चात्य नारीवादको इतिहासमा मेरी उल्स्टन क्राफ्टको योगदान अविस्मरणीय मात्र नभएर कोसे ढुङ्गा नै साबित भए पनि नारीवादी समालोचनाको इतिहासमा भने भर्जिनिया उल्फ र सिमोन द बुभायर संस्थापक मानिन्छन् । यतिमात्र नभएर हालसम्म विकसित नारीवादी समालोचनाको फाँटलाई उर्वर बनाउँदै ल्याउने प्रमुख प्रतिभाहरू मेरी उल्स्टन क्राफ्ट, भर्जिनिया उल्फ, बेट्टी फ्राइडन, जोन स्टुआर्ट मिल, मिचेल ब्यारेट, कोरा कप्लान, इम्मा गोल्डमन, सुलामिथ फायरस्टोन, म्याकिनन, जुलियट मिचेल, लुसी इरिगरी, हेलेन सिक्सस, जुलिया क्रिस्तेवा, गायत्री चक्रवर्ती स्पिभाक आदिको समेत उल्लेखनीय योगदान रहेको छ । पश्चिममा फैलँदै गरेको नारीवादी आन्दोलनको प्रभावले पूर्वलाई पनि प्रभाव पार्ने क्रममा नेपालमा समेत नारीवादी स्वर मुखरित हुन थालिसकेको देखिन्छ । खासगरी नेपालको साहित्यिक फाँटमा यसको प्रवेश २०४० को दशकको उत्तरार्द्धमा आइपुगेपछि मात्र हुन सकेको देखिन्छ । पश्चिममा जस्तै नेपालमा पनि संस्कृति लगायत साहित्य र समालोचनाको क्षेत्रमा नारीवादले स्थान जमाउँदै गएको पाइन्छ ।

यस परिच्छेदमा हालसम्म विकसित नारीवादी समालोचना सिद्धान्तलाई पहिलो, दोस्रो र तेस्रो गरी तीन धारका विभाजन गरेर अध्ययन गरिएको छ । पहिलो अर्थात् मूल नारीवादी धारमा उदार, मार्क्सवादी, आमूल र समाजवादी नारीवाद परेका छन् भने दोस्रो अर्थात् सहायकमा मनोविश्लेषणात्मक, उत्तर आधुनिक र उत्तर संरचनावादी तथा तेस्रो अर्थात् गौणमा जातिजनजातिगत सांस्कृतिक, कालावादी, काला नारी समलैङ्गिक, उत्तरउपनिवेशवादी, उत्तर नारीवादी, नारीवादी तेस्रो धार आदि परेका छन् । नारीवादको पहिलो धार समाजतिर फर्किएको पाइन्छ र यस धारका नारीवादीहरूले नरनारीका बिचको सामाजिक भिन्नताको उत्खनन गर्दै त्यसको समाप्तिका निम्ति आवाज उठाएका छन् । दोस्रो धारले चाहिँ नारीवादी चिन्तनलाई स्थूलताबाट सूक्ष्मतातर्फ अग्रसर गराउँदै व्यक्तिकेन्द्री बनाइरहेका छन् । यस्तै तेस्रो अर्थात् गौण धारको नारीवादले महिलाहरूका बिचको भिन्नता र उत्पीडनलाई केलाएको छ । यसरी नारीवाद लैङ्गिक समानता, नारीअस्तित्वको खोजी, नारीका भूमिकाको महिमा, नारीपीडाबोधको अभिव्यक्ति, पुरुषप्रधान समाजप्रतिको विरोध, नारीअधिकारको खोजी, नारी स्वतन्त्रताको चाहना, विद्रोही चेतना र परतन्त्रको विरोध, नारीका मूल्यहीन जीवनको चित्रणलाई प्राथमिकता दिँदै अघि बढेको अवधारणा हो जसले हर तरहले नारीमाथि हुने दमनको विरोध गर्दै लैङ्गिक समानता र स्वतन्त्रताको पक्षमा वकालत गरिरहेको हुन्छ । यस परिच्छेदमा पश्चिमबाट पूर्वमा फैलँदै आएको नारीवादी समालोचनाका विविध सिद्धान्तलाई आधार मानेर उपन्यास विश्लेषण ढाँचा प्रस्तुत गरिएको छ जसले धराबासीका उपन्यासमा प्रयुक्त नारीवादी प्रवृत्तिको अध्ययनका लागि मार्गनिर्देश गरेको छ ।

प्रस्तुत शोधकार्यको तेस्रो परिच्छेदमा धराबासीका उपन्यासमा प्रस्तुत नारी स्वतन्त्रता र समानताको अध्ययन गरिएको छ । धराबासीका हालसम्म प्रकाशित छवटै उपन्यासहरूमा मात्रात्मक रूपले धेरथोर भए पनि नारी स्वतन्त्रता र समानताको प्रस्तुति भएको देखिन्छ । यी उपन्यासहरूमा नारीलाई सामाजिक, लैङ्गिक, राजनीतिक, धार्मिक, सांस्कृतिक, पेसागत, पारिवारिक एवम् यौन स्वतन्त्रता र समानता प्रदान गरिएको देखिन्छ ।

**शरणार्थी** उपन्यासमा नारीमाथि विभेद नगर्ने समाज, नारीको साहस, सङ्घर्ष र हिम्मत, पेसा र विवाह र सन्तान उत्पादनमा नारीको आफूखुसी निर्णय, सन्तानको खुसीका लागि परिवारको रोकावट नहुनु जस्ता सन्दर्भले नारी स्वतन्त्रता र समानताको वकालत गरेको छ ।

यस्तै **आधाबाटो** उपन्यास धराबासीको बाल्यकालदेखि आमाको मृत्युसम्मको घटनाक्रम समेटिएको आत्मसंस्मरणात्मक उपन्यास भए पनि यस उपन्यासमा नारीहरूले प्राप्त गरेको धार्मिक, सांस्कृतिक, राजनीतिक, लैङ्गिक, पेसागत, सामाजिक र पारिवारिक स्वतन्त्रता एवम् समानतालाई प्रस्तुत गरिएको छ । प्रस्तुत उपन्यासमा लैङ्गिक विभेदजन्य संस्कृतिको विरोध गर्ने एवम् राजनीति र पेसामा स्वतन्त्र एवम् सङ्घर्षशील नारी पात्रको प्रयोग हुनुले नारी स्वतन्त्रता र समानताको पुष्टि गरेको छ ।

धराबासीको **राधा** उपन्यासमा व्रजको समाजले नारी हिम्मतको कदर गर्नु र निर्णयमा स्वतन्त्र छाडिदिनु, वैष्णवी बन्ने राधा, विशाखा र पिल्लीको निर्णयलाई कसैले नरोक्नु, राधा र सुशीला जस्ता नारीले राजनीतिक क्षेत्रमा समान अवसर र स्वतन्त्रता पाउनु, राधाले व्रजकै आर्थिक कारोबार सम्हाल्नु, वृषभानु, चन्द्रभानु, कंस एवम् व्रजवासीले राधालाई व्रजको जिम्मेवारी दिनु साथै नारी हुँदैमा कमजोर नभएको बताउनु जस्ता सन्दर्भले नारी स्वतन्त्रता र समानतालाई प्रस्ट पारेको छ ।

**तपाईं** उपन्यासमा नारीको सामाजिक एवम् यौन स्वतन्त्रताका पक्षमा भन्दा पेसागत, राजनीतिक, लैङ्गिक स्वतन्त्रता र समानताका पक्षमा वकालत गरिएको पाइन्छ । प्रस्तुत उपन्यासमा अनुपा, अस्मिता र केही युवतीहरू दिनरात नभनी भोक, तीर्खा, दुस्मनको डर सहेर भूमिगत भई राजनीतिमा सक्रिय देखिनु, रतियाकी मौसी, लम्बुमियाँकी श्रीमती, लक्ष्मी, अस्मिताकी आमा छोरी दोकान गरेर पालिनु, बाध्यतामै परेर यौन व्यवसायमा हेलिएका नारीहरूले एउटै व्यक्तिसँग जीवन बिताएर बाँधिन नचाहनु जस्ता सन्दर्भले नारी स्वतन्त्रता र समानतालाई वकालत गरे पनि यौनशोषण र सामाजिक शोषणबाट भने नारीले मुक्ति पाएको देखिँदैन ।

**टुँडाल** उपन्यासमा नारीहरूमा राजनीतिको ज्ञान हुनु, सुस्मिता, सुस्मिताको आमा, उमा जस्ता नारीपात्र आफ्नै खुट्टामा उभिनु, सुस्मिता, शशी र उमालाई परिवारले लैङ्गिक विभेद नगर्नु, प्रेम गर्न र विवाह गर्नमा नारीहरूले स्वतन्त्र निर्णय गर्न सक्नु, धेरैजसो नारी पात्रहरूले उच्च शिक्षा हासिल गर्नु, सत्याले यौनका बारेमा खुलेर कुरा गर्नु, सुस्मिताले शर्माजीसँगको यौन सम्बन्धमा गुनासो नगर्नु, उमाले आफ्नो प्रेमीले आफूमाथि राखेको शारीरिक सम्बन्धमा कुनै नराम्रो नमान्नु र गर्भमा आएको बच्चालाई एबोर्सन गर्न प्रेमीले सल्लाह दिँदा जन्माएरै छाड्ने निधो गर्नु, श्यामलकी पत्नी शशीले आफूलाई अहिले बच्चा नचाहिने भन्दै गर्भमा आएको शिशुको एबोर्सन गर्नु जस्ता सन्दर्भले नारीमा भएको लैङ्गिक, आर्थिक, राजनीतिक, पारिवारिक, पेसागत, एवम् यौन स्वतन्त्रता र समानतालाई पुष्टि गरेको छ ।

**पाण्डुलिपि** उपन्यास धराबासीको आमाको मृत्युदेखि उनकी श्रीमती सीताजीको मृत्युसम्मको घटनाक्रमलाई समेटिएको आत्मजीवनीपरक उपन्यास हो । प्रस्तुत उपन्यासमा धराबासीले हरेक कार्यमा सीताजीको समर्थन र सहयोग लिनु, अम्बिका, सीताजी, प्रतिमा, सिन्धु जस्ता नारी पात्रहरू धैर्यवान्, साहसी र हिम्मतिला देखिनु, नारीहरू पनि लेखक, पत्रकार, राजनीतिक व्यक्तित्व आदि क्षेत्रमा सक्रिय भएर लाग्नु, सीताजीले छोराछोरीलाई शिक्षामा समान अवसर दिनु,

नारीहरूलाई जहाँ पुगेर भए पनि जागिर खान र राजनीतिमा लाग्नमा परिवारले हस्तक्षेप नगर्नु जस्ता सन्दर्भले नारीहरू लैङ्गिक, पारिवारिक, पेसागत रूपले समान र स्वतन्त्र भएको तथ्यलाई पुष्टि गरेको छ ।

यसरी धराबासीका छ वटा उपन्यासमध्ये सबैभन्दा बढी नारी स्वतन्त्रता र समानताका अभिव्यक्ति भएको उपन्यासका रूपमा **राधा** र **टुँडाल**लाई लिन सकिन्छ भने अन्य उपन्यासमा पनि हिम्मतिला, साहसी नारी पात्रहरूको प्रयोग गरिनु, निर्णयमा नारीहरूलाई स्वतन्त्र छोडिदिनु, प्रत्येक उपन्यासमा नारीकै पक्षमा वकालत गरिनु, उपन्यासका घटनाक्रमहरू नारीकै सेरोफेरोमा अगाडि बढाइनु जस्ता सन्दर्भले यी उपन्यासलाई नारीवादी प्रवृत्तिको उपन्यास बनाउनमा टेवा पुऱ्याएको देखिन्छ । पश्चिमी नारीवादले भन्दै आएको नारी स्वतन्त्रता र समानताको हुबहु प्रस्तुतीकरण यी उपन्यासमा देखिँदैन । धराबासीले नारीवादी प्रवृत्तिकै उपन्यास लेख्छु भनेर यसतर्फ नलागे पनि उनका उपन्यासमा पश्चिममा भएको नारी आन्दोलन र जागरणले नेपाली समाजमा पारेको प्रभावको अभिव्यक्ति भएको देखिन्छ । तसर्थ धराबासीका उपन्यासहरूमा नारीवादले मुखरित गरेको नारी स्वतन्त्रता र समानता सम्बन्धी प्रवृत्ति पाउन सकिन्छ ।

चौथो परिच्छेदमा धराबासीका उपन्यासमा नारीमाथि भएका शोषणप्रतिको विद्रोहको अध्ययन गरिएको छ । धराबासीका छवटै उपन्यासमा नारीमाथि हुने गरेका शोषणप्रति कुनै न कुनै रूपमा विरोध गरिएको छ ।

**शरणार्थी** उपन्यासमा धर्मेकी श्रीमती, हरिकी श्रीमती र जयमायाले पितृसत्तात्मक शोषणको विरोध गर्नु, धर्मेकी स्वास्नीले कामको निर्णयमा पुरुषले महिलालाई महत्त्व नदिएको बताउनु, सुयोगवीर, चन्द्रप्रकाश, दुई युवक जस्ता पुरुषहरूले नारीमाथि गरेको यौनशोषणलाई शिवजित राई, जयमाया, हरिकी श्रीमती जस्ता पात्रले विरोध गर्नु जस्ता सन्दर्भले नारीले झेल्नुपरेको पितृसत्तात्मक शोषण, लैङ्गिक शोषण र यौन शोषणप्रति असन्तुष्टि एवम् विद्रोह प्रकट गरेको देखिन्छ ।

**आधाबाटो** उपन्यासमा बालविवाह, शिक्षामा भएको लैङ्गिक विभेद एवम् महिलामाथि भएका बलात्कार जस्ता सन्दर्भले पितृसत्तात्मक शोषण र यौन शोषणलाई स्पष्ट पारेको छ भने धराबासीले वृद्ध र अशक्त भएपछि नारीलाई बोक्सी मान्ने सामाजिक शोषणको विरोध गर्नु, धराबासीकी आमाले आफूमाथि हातपात गर्न आउने उडियालाई ढकले हानेर खप्पर फोरिदिनु, धराबासीमा भगी गर्भवती भएको सुन्दा पुरुषप्रति घृणाभाव आउनु जस्ता सन्दर्भले नारीमाथि हुने गरेका सामाजिक एवम् यौन शोषणप्रतिको विरोधलाई प्रस्ट पारेको छ ।

**राधा** उपन्यासमा राधाले कृष्णलाई कमजोर ठान्नु, यशोदाले आफ्नै श्रीमान्लाई शङ्कालु, अविश्वासी, दम्भ ठान्नु, राधाले नारी शोषणका विरोधमा नारीचेतना फैलाउने सोच लिनु, राधा, विशाखा र एकनंशाले महिलालाई प्रेम र विवाह गर्ने स्वतन्त्र निर्णय हुनुपर्ने विचार प्रस्तुत गर्नु, राधाले नारीको जीवनसाथी चयन गर्ने स्वतन्त्रता समाजले हरण गर्न नसक्ने बताउनु र वृषभानुको कार्यभार सम्हाल्नु, सुशीला सेनामा भर्ना हुनु, माधवीले कृष्णलाई नारीलाई उपभोग्य वस्तुका रूपमा हेर्ने भोगवादी पुरुष भनी आरोप लगाउनु, एकनंशाले पुरुषले नारीलाई समान मूल्य नदिने र पदार्थ जस्तो उपभोग्य वस्तुका रूपमा लिने गरेको अभिव्यक्ति प्रकट गर्नु जस्ता सन्दर्भले नारीमाथि हुने पितृसत्तात्मक, लैङ्गिक, पारिवारिक, सामाजिक, यौन शोषणप्रति विद्रोहलाई प्रस्ट पारेको छ ।

**तपाईं** उपन्यासमा पितृसत्ताले नारीमाथि गरेको शोषणप्रति कार्की ठुले, तपाईं र घनेन्द्रबाबुका श्रीमतीहरूले यसप्रति विद्रोह गर्न नसके पनि रतियाले काका पर्नेको छोरोसँग विवाह गर्न नमानी विरोध गर्नु, सीताजी, भवानीजी र मिश्र वैजयन्ती जस्ता नारी पात्रले उपन्यासमा प्रयुक्त नारीपात्रलाई विद्रोही र सङ्घर्षशील बनाइनु पर्ने तर्क राख्नु जस्ता सन्दर्भले नारीमाथि हुने पितृसत्तात्मक शोषणप्रति विरोध जनाएको पाइन्छ । यस उपन्यासमा लेखकले पात्रमै लैङ्गिक विभेद गरेको भन्दै भवानीजीले विरोध गर्नु, अस्मिता र अनुपाले पुरुष पत्नीव्रता नहुने भएकाले नारीहरू पतिव्रता हुनु नपर्ने विचार व्यक्त गर्नु, माया र अस्मिताले आफू यौन पेसामा लाग्नुको पछाडि समाजलाई कारक ठान्नु, अस्मिताले पुरुषलाई आफ्नो शरीरको उपभोगी देख्नु जस्ता सन्दर्भले नारीमाथि हुने पितृसत्तात्मक, लैङ्गिक, सामाजिक र यौन शोषणको विरोधलाई जनाएको छ ।

**टुँडाल** उपन्यासमा अजीले विधवा नारीलाई दोषी ठहऱ्याउने र बालविवाह गर्ने सामाजिक परम्पराप्रति असन्तुष्टि व्यक्त गर्नु, सत्याले प्रेम र बिहेका लागि पुरुषहरू नारीभन्दा जेठो हुनुपर्ने मान्यताको विरोध गर्नु, विधवा उपमा र विधुर सागरबिचको वैवाहिक सम्बन्ध स्थापना हुनु, समाजको दबाबलाई चुनौती दिँदै उमाले पतिविनाको सन्तान जन्माउने साहस गर्नु, सत्याले टुँडालले नारीकै अस्मिता उजाड बनाएको विचार व्यक्त गर्नुका साथै महिलाहरूले पुरुषले बनाएको संस्कृतिलाई स्विकार्दै भैरव र शिवका लिङ्गमा पूजा गर्ने प्रवृत्तिको विरोध गर्नु, अजीले आफूमाथि हातपात गर्न आउने पुरुषलाई सिंढीबाट लडाइदिनु, सुस्मिताले पढेलेखेका पुरुषले पनि नारीलाई भोग्या वस्तुका रूपमा हेर्ने गरेको विचार व्यक्त गर्दै त्यसको विरोध गर्नु जस्ता सन्दर्भले नारीमाथि हुने पितृसत्तात्मक, लैङ्गिक, धार्मिक-सांस्कृतिक एवम् यौन शोषणको विरोध गरेको छ ।

**पाण्डुलिपि** उपन्यासमा सीताजीलाई धराबासीले घरधन्दामा मात्र सीमित नरही पठनपाठन र बाहिरी काममा अग्रसर गराउन खोज्नु, धराबासीकी माहिली फुपूका श्रीमान्ले बहुविवाह गरे पनि घरमै लडेर खानु, धराबासीको मावली हजुरआमाले आइमाईको मूल्य नभएको प्रति असन्तुष्टि प्रकट गर्नु, धराबासीले सीताजी र आफ्नो हैसियत बराबर भएको भन्दै श्रीमतीलाई तपाईंले सम्बोधन गर्नु, सीताजीले प्रेमका सम्बन्धमा नारीहरू पुरुषमा आश्रित हुनुपर्ने बताउनु, धराबासीकी बुबाकी अन्तरी फुपू र माइली फुपूले पनि परम्परागत संस्कृतिले स्थापना गरेको नराम्रा प्रवृत्तिको विरोधको समर्थन गर्नु जस्ता तथ्यले नारीमाथि हुने पितृसत्तात्मक, लैङ्गिक एवम् धार्मिक-सांस्कृतिक शोषणको विरोध गरेको छ ।

यसरी धराबासीका सबै उपन्यासमा नारीमाथि हुने शोषणका विरोधमा आवाज उठेको पाइन्छ । पितृसत्ता, समाज, लिङ्ग, धर्म-संस्कृति, यौन आदि पक्षमा हुने गरेका नारी शोषणलाई उभ्याएर त्यसप्रति विद्रोही पात्रहरूलाई समेत उपन्यासमा स्थान दिइएको हुनाले प्रस्तुत उपन्यास नारीवादी बन्न पुगेको छ तर यी विभिन्न शोषणको विरोध गर्ने क्रममा नारीहरूले पुरुषलाई त्यागेर एक्लै जिउने, पुरुषलाई बेवास्ता गर्ने अर्थात् पितृसत्ताको जरो उखेल्ने विचार भने प्रकट गरेका छैनन् । बरु पुरुषले जस्तै साहसी, सङ्घर्षशील, हिम्मतिला भएर कदम चालेका छन् र परम्परागत पितृसत्तात्मक समाजका कुरीति एवम् नारी शोषणलाई हटाएर स्वस्थ र समतामूलक समाजको निर्माणका पक्षमा नारी एवम् पुरुषको समर्थन रहेको देखिन्छ । यसर्थ धराबासीका उपन्यासमा वर्गीय सङ्घर्ष, समलैङ्गिक विचार, पितृसत्ताको अन्त्यको चाहना नदेखिएको तर तत्कालीन सामाजिक संरचनामै सुधारको अपेक्षा गरिएको हुनाले उदार नारीवादी प्रवृत्ति मुखरित भएको पाइन्छ ।

प्रस्तुत शोधकार्यको पाँचौं परिच्छेद **धराबासीका उपन्यासमा नारीलाई हेर्ने दृष्टिकोण** शीर्षकमा केन्द्रित रहेको छ । नारीवादले नारीवादी रचनामा नारीलाई हेर्ने दृष्टिकोण सहकार्यत्मक, मैत्रीपूर्ण, विद्वेषहीन एवम् सकारात्मक हुनुपर्ने मत राखेको पाइन्छ । धराबासीका सबै उपन्यासमा तुलनात्मक रूपमा नारीप्रति नकारात्मकभन्दा सकारात्मक दृष्टिकोण नै बढी रहेको पाइन्छ ।

**शरणार्थी** उपन्यासमा जुनसुकै सम्बन्ध भएका नारी-नारीबिचमा पनि मित्रवत्, प्रेमपूर्ण एवम् सहयोगी भावना हुनु, नारीले पुरुषलाई माया र सदभावपूर्ण व्यवहार प्रदर्शन गर्नु, जयमायाले जय बहादुरलाई आकर्षक, इमानदार, सहयोगी ठान्नु र जीवनभर प्रेम गर्नु, बर्थाले जय बहादुरलाई भगवान् मान्नु शिवजित राईले सुयोगवीरले नारीमाथि गरेको यौन शोषणपूर्ण व्यवहारको विरोध गर्नु, जय बहादुरले बर्था र जयमायालाई बराबरी माया गर्नु, चन्द्रप्रकाश सुरुमा महिलाहरूमाथि यौन शोषण गर्दै हिँड्ने प्रवृत्तिको भए पनि पछि उसले ती घटनालाई सम्भिmदै पछुतो गर्नु, राम प्रसाद र हरिले श्रीमतीका हरेक निर्णयमा समर्थन गर्नु जस्ता सन्दर्भले नारीप्रति पुरुषमा भएको सहयोगी, सम्मानपूर्ण, स्नेही एवम् मैत्रीपूर्ण भावको पुष्टि गर्दछ । नारीवादी उपन्यास लेखनकै अभिप्रायले यो उपन्यास लेखेका नभए पनि प्रस्तुत उपन्यासमा लेखकले नारी पात्रहरूलाई साहसी, सङ्घर्षशील एवम् हिम्मतिला बनाउनु, आफूमाथि भएका अन्यायको विरोध गर्न सक्ने नारी पात्रको प्रयोग गर्नु, नारीमाथि अन्याय गर्ने पुरुष पात्रहरूलाई माफी माग्न लगाउनु र नारीलाई स्नेही, मैत्रीपूर्ण व्यवहार गर्ने पुरुषपात्रलाई उपन्यासमा उभ्याइनु जस्ता सन्दर्भले उपन्यासलाई नारीवादी प्रवृत्तिको बनाउनुका साथै लेखकको नारीप्रतिको सकारात्मक दृष्टिकोणको पनि पुष्टि भएको छ ।

**आधाबाटो** उपन्यासमा धराबासीकी आमाका चुरवाल्नी साथीहरूले उनकै पक्षमा वकालत गर्नु, आता, बाहुनी बजैका आमा छोरीलाई कुमारबाबुकी आमाले इलाममा आश्रय दिनु, धराबासीकी आमा र श्रीमतीमा मिलनसारिता, सहयोग, सम्मानपूर्ण व्यवहार हुनु, धराबासीकी आमा, दिदी, विष्णु दिदी, भोलेनी आमा, मुरलीधर गट्टानीकी श्रीमती, आताले धराबासीलाई माया गर्नु, अत्तो न पत्तो नभएका श्रीमान्लाई बाहुनी बजै, आता र ठुले कार्कीकी श्रीमतीले पर्खेर बस्नु, धराबासीका बाबुले धराबासीकी आमाका निर्णय र हिम्मतको कदर गर्नु, चौकीमा पटवारी बाले धराबासीकी आमाको पक्षमा बोल्नु जस्ता सन्दर्भले नारीप्रतिको सकारात्मक भावनालाई प्रस्ट पारेको छ । प्रस्तुत उपन्यास नारीवादी सिद्धान्तबाट प्रेरित नभई आफ्नो बाल्यकालदेखि आमाको मृत्युसम्मका घटनाहरूलाई यथार्थ रूपमा प्रस्तुत गरेको आत्मसंस्मरणात्मक उपन्यास भए पनि उपन्यासमा प्रस्तुत नारीको सङ्घर्षपूर्ण र साहसिक घटनाको प्रस्तुति एवम् पात्रका आँटिला कदम, सहयोगी भावना, सकारात्मक दृष्टिकोणले उपन्यासलाई नारीवादी प्रवृत्तिको बनाएको छ । यस उपन्यासमा धराबासीले नारीलाई हेर्ने दृष्टिकोण नै लेखकको नारीलाई हेर्ने दृष्टिकोण हो । यस उपन्यासका नारी पात्रहरू सङ्घर्षशील, विद्रोही, चेतनशील, मिलनसार हुनुमा धराबासीकै सहयोग र समर्थनको पनि महत्त्वपूर्ण हात छ । यतिमात्र नभएर जब नारीहरू चुलोचौकाबाट बाहिर निस्केर अगाडि बढ्न खोज्छन् त्यतिबेला धराबासीले नारीहरूलाई साथ दिएका उपन्यासका सन्दर्भहरूले लेखकको नारीप्रतिको सकारात्मक दृष्टिलाई पुष्टि गरेको देखिन्छ ।

**राधा** उपन्यासमा राधा, राधाका साथीहरू, राधाकी आमा, एकनंशा, यशोदा, देवकी, पिल्लीकी सासू, पिल्ली, कुन्ती, कृष्णका श्रीमतीहरूबीच एकअर्कामा प्रेम र मित्रता हुनु, राधा लगायत सिङ्गो व्रजका युवतीहरू एवम् व्रजबासी महिलाहरू, कृष्णका श्रीमतीहरू, कुन्ती, द्रौपदी आदिले कृष्णलाई प्रेम गर्नु, कृष्ण र वृषभानुले राधालाई प्रेम गर्नु, नन्दरायले यशोदासँग क्षमा माग्नु, वृषभानु गर्गजी र कंसले राधाको कामको प्रसंशा गर्नु, कृष्णले द्वारिकामा यशोदा, कलावती, शशीकलाहरूलाई

आत्मीय व्यवहार गर्नु, कृष्णले सुशीलाको मूर्ति बनाइ देवी मान्नु, रुक्मिणीसँग विवाह गरेपछि कृष्णले राधासँग माफी मागिदिन यशोदासँग अनुरोध गर्नु, द्वारिका छोडेर तीर्थमा गएकी राधालाई कृष्णले खोजी हिँड्नु जस्ता सन्दर्भले नारीप्रति भएको सकारात्मक भावलाई पुष्टि गर्दछ । **राधा** उपन्यास धराबासीले नारीवादी दृष्टिकोणको प्रयोग गर्ने उद्देश्यले नलेखेको भए पनि यसमा प्रस्तुत गरिएको नारीकेन्द्रित विषयवस्तु, साहस, हिम्मत र आँटी नारीपात्रको प्रमुख भूमिकाले उपन्यासलाई नारीवादी प्रवृत्तिको बनाएको छ । प्रस्तुत उपन्यासमा नारी र पुरुषमा एक अर्कामा जति विश्वास र प्रेम मौलाउन सक्छ त्यत्ति नै जीवन सार्थक र सहज बन्ने उदार नारीवादी दृष्टिको प्रस्तुति पाइन्छ । नारीलाई राज्यकै कार्यभार सम्हाल्न सक्ने, कठिन निर्णय गर्न सक्ने, पितृसत्ताको विरोध गर्न सक्ने पात्रका रूपमा उपस्थित गराउनु, नारीमाथिको दमन र अत्याचार गर्ने पुरुषले नारीसँग माफी मागेको देखाउनु जस्ता सन्दर्भले लेखकको नारीप्रतिको सकारात्मक दृष्टिकोणलाई स्पष्ट पारेको देखिन्छ ।

**तपाईं** उपन्यासमा भवानीजीले मायाको पक्षमा वकालत गर्नु, तपाईंकी श्रीमतीले अस्मिताको यथार्थ थाहा पाएपछि माया गर्नु, दिदीलाई नराम्रो ठानेकोमा अस्मिताले पछुतो गर्नु, मिश्र वैजयन्तीले उपन्यासका नारी पात्रलाई सङ्घर्षशील चरित्रका रूपमा प्रस्तुत गर्नुपर्ने मान्यता राख्दै पुरुष लेखकले नारी पात्रलाई कमजोर बनाउँदै लगेको प्रति असन्तुष्टि भाव व्यक्त गर्नु, अस्मिताले तपाईंलाई सुख र दुःख बाँड्ने साथीका रूपमा सम्मान गर्नु, मिश्र वैजयन्तीले तपाईंले पुरुषलाई हेर्ने दृष्टिकोण मन पराउनु, डब्लुले आफ्नी श्रीमतीलाई सुख दिन नसकेको गुनासो गर्नु, अज्ञात समूहबाट अपहरणमा परेका तपाईंले पुरुष अपहरणकारीका व्यवहारभन्दा नारीको व्यवहार राम्रो मान्नु जस्ता सन्दर्भले नारीप्रतिको सकारात्मक दृष्टिकोणको पुष्टि गरेको छ । प्रस्तुत उपन्यासलाई नारीवादी उपन्यासका रूपमा उभ्याउने उद्देश्य धराबासीको नभए पनि यस उपन्यासमा अस्मिताले घनेन्द्रबाबुले दिदीलाई खेलौना बनाएर इज्जत नै माटोमा मिलाइदिए पनि आफ्नो इज्जत र प्रतिष्ठालाई जोगाउन सङ्घर्ष गर्नु, यौनशोषण गरेर नारीमाथि दमन गरिरहेका पुरुषका पक्षमा वकालत नगरेर त्यस्ता चरित्रको विरोध गर्ने अस्मिता, अनुपा जस्ता नारी पात्र र तपाईं जस्तो पुरुष पात्रको पक्षमा लेखकले वकालत गर्नु, राजनीतिमा सक्रिय चरित्रका रूपमा नारीलाई उभ्याइदिनु जस्ता सन्दर्भले लेखकको नारीप्रतिको सकारात्मक एवम् मैत्रीपूर्ण दृष्टिकोणलाई प्रस्ट पार्नुका साथै उपन्यासलाई नारीवादी बनाएको छ ।

**टुँडाल** उपन्यासमा नारी नारीबिचमा भएको सहयोगी, मित्रवत् एवम् प्रेमभाव, सुस्मिताकी आमाको श्रीमान्प्रतिको प्रेम र आदरभाव व्यक्त गर्नु, भद्रिकाले झलेन्द्रको आलोचनाको विरोध गर्नु, सुस्मिताको रविन, श्यामल, अमर, शर्माजीसँग प्रेम गर्नु, सुस्मितालाई रविनले प्रेम गर्नु, श्यामले सुस्मिताले मनोजलाई लगाएको थप्पड देखेर आफू सुध्रिएको भन्दै सुस्मिताका प्रशंसा गर्नु, शर्माजीले सुस्मितालाई प्रेम र विश्वास गर्नु, प्रवीणले महिलाहरूले सङ्घर्ष गर्न सक्नुपर्ने बताउनु, श्यामलले शशीका निम्ति जे पनि गर्न सक्ने बताउनु जस्ता सन्दर्भले नारीप्रतिको सकारात्मक दृष्टिकोणलाई प्रस्ट पारेको छ नारीवादी सिद्धान्तबाट प्रेरित भएर उपन्यास नलेखिए पनि प्रस्तुत उपन्यासमा प्रयुक्त नारीकेन्द्रित एवम् नारी पक्षधर विषयवस्तु र सङ्घर्षशील नारी पात्र एवम् नारीका पक्षमा वकालत गर्ने पुरुष पात्रले उपन्यासलाई नारीवादी प्रवृत्तिको बनाउन सहयोग पुऱ्याएको छ । प्रस्तुत उपन्यासमा लेखकले सुस्मितालाई सक्रिय नारीका रूपमा महत्त्वपूर्ण भूमिकामा प्रयोग गर्नु, नारीले प्रेम गर्न र आफ्नो निर्णयमा स्वतन्त्र जीवन बिताउन सक्ने देखाइनु, अन्यायका विरोध गर्नमा नारीलाई सक्रिय बनाइनु, पढेलेखेका नारी पात्रको प्रयोग गर्नु, विधवा

नारीले विवाह गर्दा कसैले विरोध नगर्नु, नारीकै सेरोफेरोमा उपन्यास केन्द्रित हुनु, नारी पक्षधर पुरुषको प्रयोग गर्नु जस्ता सन्दर्भले लेखकमा भएको नारीप्रतिको सकारात्मक दृष्टिकोणलाई प्रस्ट पारेको छ ।

**पाण्डुलिपि** उपन्यासमा नारी पात्रलाई मैत्रीपूर्ण र सकारात्मक दृष्टिकोणले हेरिएको छ । प्रस्तुत उपन्यासमा धराबासीकी आमा र श्रीमती, माहिली फुपू, दिदी, बहिनी, दुबसुकी आमा, सीताजीकी आमा, तुलसा पाठक, लीला अनमोल जस्ता नारी पात्रमा नारीप्रति द्वेष र ईर्ष्या नभई प्रेम, सहयोग र मित्रता हुनु, धराबासीको प्रगतिमा उनकी आमा, फुपू, श्रीमती, बहिनी, दिदीहरू खुसी हुनु, दुबसुकी आमाले धराबासीलाई जेठो छोरो मान्नु, सीताजीकी आमाले धराबासीलाई नातामा ज्वाइँ भए पनि छोराका रूपमा हेर्नु, धराबासीले श्रीमतीलाई असल सहयात्री र आमाको दर्जामा राख्नु, धराबासीले बुहारी शारदा र बहिनी टीका, चन्द्रा, एवम् नानुलाई उत्तिकै माया गर्नु, रामचरित बिरामी श्रीमतीसँग दुबै सँगै बाँच्ने र सँगै मर्ने कुरा गर्नु, हरिवंश आचार्यले आफ्नो मृत्युभन्दा अगि श्रीमतीको मृत्यु भए श्रीमतीले सुख पाउँथी भन्ने भाव राख्नु जस्ता सन्दर्भले नारीप्रतिको सकारात्मक दृष्टिकोणको वकालत गरेको छ । धराबासीले आमाको मृत्युदेखि श्रीमतीको मृत्युसम्मको घटनाक्रमलाई समेटेको हुनाले यो उपन्यास आत्मजीवनीपरक उपन्यासको दस्तावेज बनेको छ । यस उपन्यासमा नारीवादी विचारको सचेत प्रयोग पाईंदैन । समयको प्रभाव समाज र व्यक्तिको जीवनमा पर्ने भएकाले सचेत नारीहरूको जीवन सङ्घर्ष र आँटिला कदम भने यस उपन्यासका नारी पात्रहरूमा पाउन सकिन्छ । यसर्थ यस उपन्यासका नारी पात्रका सचेतना, सङ्घर्ष, हिम्मत, शोषणप्रति विरोध गर्न सक्ने क्षमता जस्ता सन्दर्भले उपन्यासभित्र नारीवादी प्रवृत्तिलाई समाहित गरेको छ ।

यसरी धराबासीका उपन्यासमा नारीलाई हेर्ने नकारात्मकभन्दा सकारात्मक दृष्टिकोणकै प्रयोग बढी भएकाले उनका उपन्यासमा नारीवादी प्रवृत्तिको प्रयोग भएको देखिन्छ । नारीलाई सहयोगी, मित्रवत्, सहकार्यत्मक एवम् सकारात्मक दृष्टिले हेरिएका उपन्यासलाई नारीवादीले नारीवादी प्रवृत्तिको उपन्यास मान्ने र धराबासीका उपन्यासमा पनि यस किसिमको प्रवृत्तिको प्रयोग पाइने भएकाले उनका उपन्यासलाई नारीवादी उपन्यास भन्न सकिन्छ । अझ उदार नारीवादीले भने जस्तो नारीविना पुरुष र पुरुषविना नारीको जीवन अपूर्ण हुने हुँदा सहयात्रा, सहयोग, मित्रता र प्रेमको एकअर्कामा खाँचो पर्ने धारणा धराबासीका उपन्यासमा प्रस्तुत भएकाले उनका उपन्यासलाई उदार नारीवादी उपन्यास मान्न सकिन्छ । तर धराबासीले यी कुनै पनि उपन्यास लेख्नुको कारण नारीवादी सिद्धान्तको प्रेरणा र प्रयोग भने होइन । उनका उपन्यासका नारीकेन्द्रित विषयवस्तु, नारी चरित्रको प्रमुख भूमिका, पुरुष पात्रले नारीप्रति गरेको सहयोग, समर्थन र प्रेमभाव, नारीलाई कुदृष्टि राखी शोषण गर्ने पुरुषहरूको क्षमायाचना आदि विषयगत एवम् पात्रगत भूमिकाले उपन्यासलाई नारीवादी प्रवृत्तिको बनाएको छ । उनका उपन्यासमा नारीवादी प्रवृत्तिको प्रयोगले औपन्यासिक विषयवस्तु रोचक हुनुका साथै उपन्यासको विचार पक्ष सशक्त हुनमा टेवा पुगेकाले औपन्यासिक मूल्यलाई बढाएको छ । नारीवादी सिद्धान्तको प्रयोगकै बोझले उपन्यास थिचिनु परेको छैन किनभने घटना र सन्दर्भलाई उचित ढङ्गले प्रवाहित गर्दा नारीवादी विचारको प्रयोग सुनियोजित नभइ स्वभाविक किसिमले भएको छ । यसर्थ धराबासीका उपन्यासमा प्रस्तुत नारीलाई हेर्ने सकारात्मक दृष्टिकोणले उपन्यास उदार नारीवादी प्रवृत्तिको बन्नुका साथै औपन्यासिक मूल्य समेत बढेको देखिन्छ ।

## ६.३ समग्र निष्कर्ष

धराबासीका हालसम्म प्रकाशित छवटै (**शरणार्थी, आधाबाटो, राधा, तपाईं, टुँडाल** र **पाण्डुलिपि**) उपन्यासमा नारीवादी प्रवृत्तिको प्रयोग भएको पाइन्छ । नारीवादी सिद्धान्तलाई आधार बनाएर उनका उपन्यासहरूको विश्लेषण गर्दा निम्नानुसारका शोध निष्कर्ष प्राप्त भएका छन् :

ज्ञ धराबासीका उपन्यासहरूमा नारी स्वतन्त्रता र समानताको स्थिति देखा पर्दछ । उनका उपन्यासहरूमा धेरैजसो नारी पात्रहरू लैङ्गिक, सामाजिक, पेसागत, पारिवारिक, आर्थिक, राजनीतिक, धार्मिक एवम् सांस्कृतिक रूपमा स्वतन्त्र र समान देखिन्छन् । गौण भूमिकामा आएका नारी पात्रहरू स्वतन्त्र र समान नदेखिए पनि प्रमुख भूमिका भएका नारी पात्रले पाएका समानता र स्वतन्त्रताको पक्षमा नारी पात्र, पुरुष पात्र एवम् लेखकले वकालत गरेको हुनाले उनका उपन्यासहरू नारीवादी प्रवृत्तिका बन्न पुगेका छन् ।

द्द धराबासीका उपन्यासहरूमा नारी शोषणप्रतिको विद्रोह प्रस्तुत भएको पाइन्छ । उनका उपन्यासहरूमा पितृसत्ताले नारीमाथि गरेको शोषण, पुरुषले नारीमाथि गर्ने यौन शोषण, लैङ्गिक शोषण, पारिवारिक शोषण, सामाजिक शोषण, धार्मिक एवम् सांस्कृतिक शोषणप्रति विरोध जनाइएको छ । यस क्रममा यी शोषणहरूको विरोधमा नारी पात्रले मात्र नभएर पुरुष पात्रले समेत महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् भने लेखकले यिनै पात्रप्रति सहानुभूति प्रकट गरेका छन् ।

घ धराबासीका उपन्यासहरूमा नारीलाई हेर्ने दृष्टिकोण सकारात्मक देखिन्छ । उनका उपन्यासहरूमा नारीलाई नारीले ईर्ष्यात्मकभन्दा प्रेमपूर्ण, मित्रवत् र सहयोगीका रूपमा हेर्नु, नारीले पुरुषप्रति प्रेम, सद्भाव र सम्मान गर्नु, पुरुषले पनि नारीलाई प्रेम, सम्मान र सहयोग गर्नु अर्थात् नारीविना पुरुष र पुरुषविना नारीको जीवन निरर्थक देखाएर लेखकले नारीको सम्मान गर्ने पात्रका पक्षमा वकालत गर्दै नारीकेन्द्रित उपन्यासको सिर्जना गर्नु जस्ता सन्दर्भले नारीप्रति सकारात्मक दृष्टिकोणलाई प्रस्ट पारेको छ ।

 đ पितृसत्ताको विरोध गरी नारी समलैङ्गिकता, वर्गीयता, पुरुषप्रतिको घृणाभाव र एक्लो जीवनको चाहनामा लागेका नारी पात्रको प्रयोग नगरी धराबासीका उपन्यासहरूमा नारी र पुरुष एक्लैले जीवन अपूर्ण हुने हुँदा आपसमा सहयात्रा, सहयोग, मित्रता र प्रेमको अपरिहार्यता भएको धारणा प्रस्तुत भएकाले उनका उपन्यासहरूलाई उदार नारीवादी प्रवृत्तिको उपन्यास मान्न सकिन्छ ।

यसरी धराबासीका हालसम्म प्रकाशित सबै उपन्यासहरूमा नारीवादी विचारको प्रस्तुति भए तापनि तुलनात्मक रूपमा सबैभन्दा बढी प्रयोग **राधा** उपन्यास र **टुँडाल** उपन्यासमा प्रयोग भएको छ । अन्य उपन्यासमा भएको नारीवादी प्रवृत्तिको प्रयोग भने यिनीहरूमा जस्तो सशक्त देखिँदैन । धराबासीले यी कुनै पनि उपन्यासहरू लेख्नुको कारण नारीवादी सिद्धान्तको प्रेरणा र प्रयोग भने होइन । उनका उपन्यासका नारीकेन्द्रित विषयवस्तु, नारी चरित्रको प्रमुख भूमिका, पुरुष पात्रले नारीप्रति गरेको सहयोग, समर्थन र प्रेमभाव, नारीलाई कुदृष्टि राखी शोषण गर्ने पुरुषहरूको क्षमायाचना आदि विषयगत एवम् पात्रगत भूमिकाले उपन्यासहरूलाई नारीवादी प्रवृत्तिको बनाएको छ । उनका उपन्यासहरूमा नारीवादी प्रवृत्तिको प्रयोगले औपन्यासिक विषयवस्तु रोचक हुनुका साथै उपन्यासको विचार पक्ष सशक्त हुनमा टेवा पुगेकाले औपन्यासिक मूल्यलाई बढाएको छ । नारीवादी सिद्धान्तको प्रयोगकै बोझले उपन्यास थिचिनु परेको छैन किनभने घटना र सन्दर्भलाई उचित ढङ्गले प्रवाहित गर्दा नारीवादी विचारको प्रयोग सुनियोजित नभइ स्वभाविक

किसिमले भएको छ । यसर्थ धराबासीका उपन्यासमा प्रस्तुत नारी स्वतन्त्रता र समानता, नारीप्रति हुने विविध शोषणप्रतिको विरोध, नारीलाई हेर्ने सकारात्मक दृष्टिकोणले उपन्यासको वैचारिकता एवम् औपन्यासिक मूल्य बढ्नुका साथै उदार नारीवादी प्रवृत्तिको प्रयोग हुन पुगेको देखिन्छ ।

## सन्दर्भग्रन्थसूची


अक्षर क्रियसन (२०६९), 'प्रकाशकीय', **पाण्डुलिपि,** काठमाडौँ : अक्षर क्रियसन ।

अधिकारी, ज्ञानु (२०६८), **नेपाली नारी समालोचना : परम्परा, प्रवृत्ति र विश्लेषण**, काठमाडौँ : पैरवी प्रकाशन ।

-----------(२०६७), 'शरणार्थी, विनिर्माण प्रक्रिया र उत्तर आधुनिक पठन', **गरिमा**, २९/२, माघ, पृ. ६१-६७ ।

अधिकारी, दीपक (२०६३), 'उत्तर आधुनिक राधा', **कान्तिपुर**, पृ. ख (कोसेली) ।

अधिकारी, रमेश चन्द्र (२०६७), 'नारीवादका आधारमा टुँडाल उपन्यासको अध्ययन', अप्रकाशित स्नातकोत्तर शोध पत्र, त्रि.वि., रत्नराज्यलक्ष्मी क्याम्पस, काठमाडौँ ।

अधिकारी, हेमाङ्गराज र बद्रीविशाल भट्टराई (२०६३), **प्रयोगात्मक नेपाली शब्दकोश** (सम्पा.), काठमाडौं : विद्यार्थी प्रकाशन प्रा. लि ।

अनामिका (सन् २००१), **स्त्रीत्व का मानचित्र**, दिल्ली : सारांश प्रकाशन प्रा.लि. ।

अब्राम्स, एम. एच (सन् २००५), **अ ग्लोसरी अफ लिटरेरी टर्म**, आठौँ संस्क., यू. एस. ए. : थमसन वर्डसवर्थ) ।

अब्राम्स, एम. एच. र जिओफ्रे गाल्ट हर्फाम (सन् २००९), **अ ह्यान्डबुक अफ लिटरेरी टर्म**, नयाँ दिल्ली : सेनगेज लर्निङ् इण्डिया प्रा. लि. ।

आनन्द, अनुपम (सन् २००९), 'स्त्री विमर्श : स्त्री मुक्तिका आख्यान', **स्त्री विमर्श : विविध पहलू** (सम्पा.), कल्पना वर्मा, इलाहावाद : लोकभारती प्रकाशन, पृ.७५-७७ ।

आप्टे, वामन शिवराम ( सन् १९६६), **संस्कृत-हिन्दी कोश**, वनारस : मोतीलाल वनारसीदास ।

इस्सर, देवेंद्र (सन् २००९), **स्त्री मुक्ति के प्रश्न**, शास्त्रीनगर : संवाद प्रकाशन ।

उप्रेती, सञ्जीव (२०६३), 'कृष्णको लीलामय राधा' **कान्तिपुर**, पृ. ६ ।

-----------(२०६८), **सिद्धान्तका कुरा**, काठमाडौँ : अक्षर क्रियसन्स नेपाल ।

उल्फ, भर्जिनिया (१९२९), **अ रुम अफ वन्स अन,** लण्डन : होगार्थ ।

उल्स्टोन क्राफ्ट, मेरी (सन् २००९), **ए भिन्डिकेसन अफ द राइट्स अफ उमन,** New York: W.W. Norton & Co., 1988, **Microsoft ® Encarta ® 2009,** 2069-2-10

-----------(सन् १७९२), **ए भिन्डिकेसन अफ द राइट्स अफ मेन उइद ए भिन्डिकेसन अफ द राइट्स अफ उमन एन्ड हिन्ट्स, साइलभना टोमसेली** (सम्पा), क्याम्ब्रिज : क्याम्ब्रिज युनिभर्सिटी प्रेस ।

-----------(२०६९), **Encyclopædia Britannica**, Encyclopædia Britannica 2009 Student and Home Edition. Chicago: Encyclopædia Britannica, 2069-2-10.

एङ्गेल्स, फ्रेडरिक (सन् १९७२), **द ओरिजिन अफ द फ्यामिली, प्राइभेट प्रोपर्टी एन्ड द स्टेट**, न्युयोर्क : इन्टर्नेसनल पब्लिसर्स ।

एपिग्नान्सी, रिचार्ड (सन् १९९९), **फेमिनिज्म** (सम्पा.), यु. के. : आइकन बुक्स लिमिटेड ।

कडरिया, अम्बिका (२०६६), 'टुँडालभित्र छिर्दा', **अर्जुनधारा**, २/२९२, साउन, पृ. ३ ।

करात, वृन्दा (सन् २००६), **जीना है तो लड्ना होगा**, नयाँ दिल्ली : सामयिक प्रकाशन ।

कात्यायनी (सन् २००४), **दुर्ग द्वार पर दस्तक**, तेस्रो संस्क., लखनऊ : परिकल्पना प्रकाशन ।

कुरियन, जर्ज टी र अन्य (सन् २००१), **इन्साइक्लोपेडिया अफ अमेरिकन स्टडिज** (सम्पा), भोलम-२, न्युयोर्क : ग्नोलियर एजुकेसन ।

केइजर, एर्लेन आर. (सन् २००७), 'ब्ल्याक फेमिनिस्ट क्रिटिसिज्म', गिल प्लेन एन्ड सुसन सेलर, **अ हिस्टोरी अफ फेमिनिस्ट लिटरेरी क्रिटिसिज्म** (सम्पा.), न्युयोर्क : क्याम्ब्रिज युनिभर्सिटी प्रेस ।

केम्प सान्ड्रा एन्ड जुडिथ स्क्यार्स (सन् १९९७), **फेमिनिज्मस्**, न्युयोर्क, अक्सफोर्ड युनिभर्सिटी प्रेस ।

केसी, सुधिर (२०६४), 'आधाबाटो : एक समीक्षा', **पूर्वाञ्चल**, १२/१७९, पृ. २ ।

कोइराला, कुमार (२०६७), 'बहुलवादी उपन्यास टुँडालमा आँखा बल्भिदा', **गरिमा**, २८/१२, पृ. ५७-६९ ।

कोलेब्रुक, क्लाइर (सन् २००७), 'फेमिनिस्टक्रिटिसिज्म एन्ड पोस्टस्टक्चरालिज्म', गिल प्लेन एन्ड सुसन सेलर, **अ हिस्टोरी अफ फेमिनिस्ट लिटरेरी क्रिटिसिज्म** (सम्पा.), न्युयोर्क : क्याम्ब्रिज युनिभर्सिटी प्रेस ।

क्षेत्री, दुबसु (२०५९), 'मेरो सबैभन्दा मिल्ने मित्र र झगडालु शत्रु पनि मै हुँ - दुबसु क्षेत्री', **लीला, वार्ता र शरणार्थी** (संक.), कृष्ण बराल, झापा : नियात्रा प्रकाशन, पृ. २०४-२४० ।

क्षेत्री, भवानी (२०६३), 'राधाका लेखकलाई केही प्रश्नहरू', **जनसंसद्**, १/३२०, भदौ, पृ. २ ।

क्षेत्री, लील बहादुर (२०५९), 'शरणार्थी : धराबासीको लीलारचना', **लीला, वार्ता र शरणार्थी** (संक.), कृष्ण बराल, झापा : नियात्रा प्रकाशन, पृ. १२७-१३४ ।

खग्रास (२०६४), 'प्रयोगवादी उपन्यास', **हिमालय टाइम्स**, १३/१०३, चैत, पृ. ४ ।

खन्ना, मधु (सन् २००९), 'पुरुष समाज और महिला लेखन', **स्त्री विमर्श : विविध पहलू** (सम्पा.), कल्पना वर्मा, इलाहावाद : लोकभारती प्रकाशन, पृ. २५४ ।

खरेल, पुण्य प्रसाद (२०५९), 'भुटानी शरणार्थीहरूले डढाई हाल्नुपर्ने पुस्तक शरणार्थी', **लीला, वार्ता र शरणार्थी** (संक.), कृष्ण बराल, झापा : नियात्रा प्रकाशन, पृ. १२०-१२३ ।

खालिङ, दान (२०६७), 'हिमालका सन्तानको कथा', **शरणार्थी**, चौथो संस्क., ललितपुर : साझा प्रकाशन, पृ. क-ञ ।

गिरी, अमर (२०६९), 'नारीवादी आन्दोलन र साहित्य चिन्तन', **गरिमा**, पूर्णाङ्क ३५५ असार, पृ. ३३-४५ ।

गीतालाल (सन् १९६५), **प्रेमचन्द्रका नारी-चित्रण**, पटना : हिन्दी साहित्य संसार ।

गेरिन विल्फर्ड र अन्य (सन् १९९९), **अ ह्यान्डबुक अफ क्रिटिसिज्म एप्रोजेज टु लिटरेचर**, चौंथो संस्क., न्युयोर्क : अक्सफोर्ड युनिभर्सिटी प्रेस ।

गोन्डा, क्यारोलिन (सन् २००७), 'लेस्वियन फेमिनिस्ट क्रिटिसिज्म', **अ हिस्टोरी अफ फेमिनिस्ट लिटरेरी क्रिटिसिज्म** (सम्पा.), गिल प्लेन एन्ड सुसन सेलर, न्युयोर्क : क्याम्ब्रिज युनिभर्सिटी प्रेस ।

गोर्खाली, प्रशान्त (२०६६), 'टुँडाल एउटा सुन्दर उत्खनन', **जनमञ्च**, ९/१८, जेठ, पृ. ६ ।

गौतम, कृष्ण (२०५९), **आधुनिक आलोचना अनेक रूप अनेक पठन**, दोस्रो संस्क., ललितपुर : साझा प्रकाशन ।

-----------(२०६४), **उत्तर आधुनिक जिज्ञासा**, काठमाडौं : भृकुटी एकेडेमिक पब्लिकेसन्स ।

-----------(२०६७), **उत्तर आधुनिक संवाद,** काठमाडौँ : भृकुटी एकेडेमिक पब्लिकेसन्स ।

गौतम, लक्ष्मण प्रसाद (२०६६), **नेपाली साहित्यमा उत्तर आधुनिक समालोचना**, काठमाडौँ : ओरिएन्टल पब्लिकेसन ।

गौतम, लक्ष्मण प्रसाद (२०६९), 'उत्तरवर्ती नेपाली नारीकविता लेखनमा नारीवादी चेतना', **गरिमा**, पूर्णाङ्क : ३५ असार, पृ. ३४०-३५१ ।

घिमिरे, भवनाथ (२०६३), 'राधा उपन्यासको कृतिपरक अध्ययन', अप्रकाशित स्नातकोत्तर शोध पत्र, त्रि.वि., रत्नराज्यलक्ष्मी क्याम्पस, काठमाडौं ।

घिमिरे, सुमन (२०६४), 'धराबासीको राधा : सचेतन प्रेमको प्रतीक', **जनसंवाद**, ५/२३४, असार, पृ. २ ।

जी.सी, संगीता (२०६६), 'राधा उपन्यासमा नारीवादी चेतना', स्नातकोत्तर शोध पत्र, त्रि.वि. त्रिभुवन बहुमुखी क्याम्पस, पाल्पा ।

ज्ञवाली, विष्णु प्रसाद (२०६७), **समसामयिक नेपाली उपन्यास**, काठमाडौँ : पैरवी प्रकाशन ।

ज्ञवाली, हेमराज (२०६६), 'रोचक उपन्यास', **नागरिक**, चैत, पृ. का (अक्षर) ।

जेटकिन, क्लारा (२०६५), **महिलाहरूको मुक्तिको बारेमा** (अनु.), रमेश सुनुवार, चौथो संस्क., काठमाडौँ : प्रगति पुस्तक सदन ।

टङ, रोसम्यारी (सन् १९८९), **फेमिनिस्ट थट**, वेस्ट भिउ प्रेस : यु. एस. ए. ।

टाइप्स अफ फेमिनिज्म (२०६८), http://womenshistory.about.com/od/types_of feminism/ types_ of_feminism.htm, 2068-10-11.

टाइसन, लुइस (सन् १९५०), **क्रिटिकल थ्यौरी टुडे** (सम्पा), द्वितीय संस्क., लन्डन : रुटलेज ।

ढकाल, दीपक (२०५९), 'स्यान्डो, गञ्जी, पाइजामा र धराबासी', **विवेचना,** फागुन २४, पृ. ३ ।

ढकाल, नारायण (२०५९), 'शरणार्थी त्रासद मिथकहरूको नवीकरण', **लीला, वार्ता र शरणार्थी** (संक.) कृष्ण बराल, झापा : नियात्रा प्रकाशन, पृ. ११६-११७ ।

ढुंगेल, राम प्रसाद (२०६६), 'तपाईंले टुँडाल पढ्नु भयो ?' **मेची टाइम्स**, साउन, पृ. २ ।

डिक्सनरी डट कम (२०६८), http://www.dictionary.com, 2068-10-11.

तिम्सिना, कमला (२०६५), 'कृष्ण धराबासीको तपाईं उपन्यासको कृतिपरक अध्ययन', अप्रकाशित स्नातकोत्तर शोध पत्र, त्रि.वि., रत्नराज्यलक्ष्मी क्याम्पस, काठमाडौँ ।

तुम्बाहाङफे, शिवमाया (२०६६), **नेपालमा महिला आन्दोलन**, विराटनगर : वाणी प्रकाशन ।

त्रिपाठी, शशिकला (सन् २००९), 'स्त्री विमर्शका मतलब पुरुष बहिष्कार नहीँ', **स्त्री विमर्श : विविध पहलू** (सम्पा), कल्पना वर्मा, इलाहावाद : लोकभारती प्रकाशन, पृ. ४५-४७ ।

त्रिपाठी, सुधा (२०६७), 'आधुनिक नेपाली उपन्यासमा नारीवादी चेतना', अप्रकाशित पी. एच. डी. शोधप्रबन्ध, त्रि.वि., विश्वविद्यालय क्याम्पस, काठमाडौँ ।

-----------(२०६७), **नारीवादको कठघरामा नेपाली साहित्य**, ललितपुर : साझा प्रकाशन ।

द सफ्रेज मुभमेन्ट (२०६९), http://encyclopaedia Britannica 2009 student and home Edition, Chicago: Encyclopædia Britannica, 2069-2-10.

दाहाल, पुरुषोत्तम (२०६२), 'कर्णको सोच, कृष्णको आधाबाटो र गोविन्दको सोह्र साँझहरू', **नेपाल समाचारपत्र,** वैशाख १७, पृ. ४ ।

दीक्षित, मदनमणि (२०५९), 'शरणार्थी : मानवीय सहानुभूतिले ओतप्रोत', **लीला, वार्ता र शरणार्थी** (संक. कृष्ण बराल), झापा : नियात्रा प्रकाशन ।

दुवाल, मोहन (२०६५), 'शरणार्थीका रूपमा झोला भिरेर आधाबाटोमा राधा नियालिरहेका कृष्ण धराबासी', **जनमत**, २५/६, पृ. २०-२१ ।

धराबासी, कृष्ण (२०५९), 'कृष्ण धराबासीसँग केहीबेर', **लीला, वार्ता र शरणार्थी** (संक. कृष्ण बराल), झापा : नियात्रा प्रकाशन, पृ. १४२-१५९ ।

-----------(२०६३), **तपाईं**, काठमाडौं : पैरवी बुक हाउस ।

-----------(२०६३, 'नायकको खोजी', **तपाईं**, काठमाडौं : पैरवी बुक हाउस, पृ. घ-ज ।

-----------(२०६६), **टुँडाल**, तेस्रो संस्क., काठमाडौं : पैरवी बुक हाउस ।

-----------(२०६६), 'भूमिका', **टुँडाल**, तेस्रो संस्क., काठमाडौं : पैरवी बुक हाउस, पृ. ङ-ण ।

-----------(२०६७), 'उपन्यासको सम्बन्धमा', **शरणार्थी,** चौथो संस्क., ललितपुर : साझा प्रकाशन, पृ. ट-थ ।

-----------(२०६७), 'नभनी नहुने कुरा' (भूमिका), **राधा**, सातौँ संस्क., ललितपुर : साझा प्रकाशन ।

-----------(२०६७), **राधा**, सातौँ संस्क., ललितपुर : साझा प्रकाशन ।

-----------(२०६७), **शरणार्थी**, चौथो संस्क., ललितपुर : साझा प्रकाशन ।

-----------(२०६८), **आधाबाटो,** काठमाडौँ : पैरवी बुक हाउस ।

-----------(२०६८), **नारीभित्र त्यस्तो के छ हजुर,** काठमाडौँ : पैरवी बुक हाउस ।

-----------(२०६९), **पाण्डुलिपि,** काठमाडौँ : अक्षर क्रियसन ।

-----------(२०६९), 'भूमिका', **पाण्डुलिपि,** काठमाडौँ : अक्षर क्रियसन ।

धीर, युगांक (सन् २००८), **स्त्री और पराधीनता** (अनु.), शास्त्रीनगर : संवाद प्रकाशन

नीरव, रोशन थापा (२०६६), '२०६५ सालका केही नेपाली उपन्यास', **विमोचन**, २८/१, साउन, पृ. २२ ।

नेपाल, रत्नमणि (२०५९), 'रत्नमणि नेपालसँग एकाध प्रश्नहरू-उत्तरहरू खोजिदिने आग्रहमा', **लीला, वार्ता र शरणार्थी** (संक.), कृष्ण बराल, झापा : नियात्रा प्रकाशन, पृ. १९५-२०३ ।

पचौरी, सुधीश (सन् २०००), **उत्तर आधुनिक साहित्यिक विमर्श**, दोस्रो संस्क., नयाँ दिल्ली : वाणी प्रकाशन ।

पराजुली, कमला (२०५९), **नेपालमा नारीवाद,** काठमाडौँ : बुधवार प्रकाशन ।

पराजुली, शारदा (२०६६), 'टुँडाल उपन्यासमा नारी उपेक्षा', **मिमिरे**, ३८/६, असोज, पृ. १२३-१२६ ।

पाण्डे, नरेन्द्रराज (२०६१), **यौन मनोविश्लेषण र नारी** (प्रकाशक ?, स्थान ?) ।

पाण्डेय, क्षमा शंकर (सन् २००९), 'समकालीन महिला कविता में स्त्री विमर्श', **स्त्री विमर्श : विविध पहलू** (सम्पा.), कल्पना वर्मा, इलाहावाद : लोकभारती प्रकाशन, पृ. १५१-१५५ ।

पुरवार, रीता (सन् २००९), 'स्त्री विमर्शका सही संदर्भ', **स्त्री विमर्श : विविध पहलू** (सम्पा.), कल्पना वर्मा, इलाहावाद : लोकभारती प्रकाशन, पृ.२९७-२९९ ।

प्रभात, विष्णु (२०५३), **मातृत्व**, दोस्रो संस्क., काठमाडौँ : कल्पवृक्ष प्रकाशन ।

प्रश्रित, मोदनाथ (२०६६), **नारी बन्धन र मुक्ति**, छैटौँ संस्क., काठमाडौँ : एसिया पब्लिकेसन्स प्रा.लि. ।

पोखरेल, गुरु प्रसाद (२०६९), 'नेपाली साहित्य परम्परामा नारीलेखन', **गरिमा**, पूर्णाङ्क : ३५ असार, पृ. ३८५-३९३ ।

पौड्याल, कल्पना (२०६७), 'आधाबाटो उपन्यासको नारीवादी विश्लेषण', अप्रकाशित स्नातकोत्तर शोध पत्र, त्रि.वि., रत्नराज्यलक्ष्मी क्याम्पस, काठमाडौँ ।

पौडेल, निलराम (२०६८), 'राधा उपन्यासमा पात्रविधान', अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि. त्रिचन्द्र क्याम्पस, काठमाडौँ ।

पौडेल, विष्णु प्रसाद (२०६८), 'कृष्ण धराबासीको टुँडाल उपन्यासका महवपूर्ण पक्षहरू', **समष्टि**, ३१/६, पृ. १-२१ ।

फ्रायड, सिग्मन्ड (२०६४), **फ्रायडको मनोविश्लेषण** (अनु.), सुमित्रा सिंह, काठमाडौँ : डीकुरा प्रकाशन ।

फेमिनिज्म (२०६८), http://www.friesian.com/feminism.htm, 2068-10-11.

फेमिनिज्म (२०६९), http://en.wikpedia.org/wiki/feminism, 2069-2-10.

फेमिनिज्म (सन् २००९), http://encyclopaedia Britannica 2009 student and home Edition, Chicago : Encyclopædia Britannica, 2069-2-10.

फेमिनिज्म (२०६९), Microsoft® Encarta® 2009 [DVD], Redmond, WA: Microsoft Corporation 2008, 2069-8-16.

फेमिनिज्म एन्ड पोस्टमोडर्निज्म (२०६८), http://www.marxists.org/subject/women/authors/benhabib-seyla/uneasy-alliance.htm, 2068-10-12.

फेमिनिज्म इन फ्रान्स (२०६८), http://en.wikpedia.org/wiki/feminism_in_france, 2068-10-7.

फेमिनिस्ट क्रिटिसिज्म (२०६८), http://bcs.bedfordstmartins.com/virtualit/ poetry/critical_define/ crit_ femin.html, 2068-10-11.

फेमिनिस्ट थ्यौरी (२०६८), http://en.wikipedia.org/wiki/feminist_theory, 2068-10-16.

फेमिनिस्ट थ्यौरी (२०६८), http://www.istheory.yorku.ca/feminism.htm, 2068-10-16.

फेमिनिस्ट लिटरेरी क्रिटिसिज्म (२०६८), http://en.wikpedia.org/wiki/feminist_literary_criticism, 2068-10-7

फेमिनिस्ट लिटरेरी क्रिटिसिज्म एन्ड लियस्ट्राटा (२०६८), http://www.agorajornal.org/2009/wilcox-lysistrata.pdf, 2068-10-11.

फेमिनिस्ट लिटरेरी थ्यौरी (२०६८), http://www.glbtq.com/literature/feminist_lit_theory.html, 2011-6-30.

बराल, ऋषिराज (२०६३), **उपन्यासको सौन्दर्यशास्त्र**, दोस्रो संस्क., ललितपुर : साझा प्रकाशन ।

-----------(२०६७), **मार्क्सवाद र उत्तर आधुनिकतावाद,** दोस्रो संस्क., ललितपुर : साझा प्रकाशन ।

बराल, कृष्ण (२०५९), **लीला, वार्ता र शरणार्थी**, झापा : नियात्रा प्रकाशन ।

बराल, तारा (२०६०), 'आधाबाटो', **गोरखापत्र,** पृ. ख ।

बल्लभ, ईश्वर (२०५९), 'ईश्वर बल्लभसँगको अन्तरवार्ता', **लीला, वार्ता र शरणार्थी** (संक.), कृष्ण बराल, झापा : नियात्रा प्रकाशन, पृ. २७४-२८५ ।

बस्नेत, बबिता (२०६३), 'राधाको प्रेमपीडामा कृष्णको अनुभूति', **घटना र विचार**, १२/३४, पृ. २ ।

फागुन, पृ. २ ।

बाजपेई, रुचि (सन् २००९), 'समकालीन हिन्दी साहित्य और स्त्री विमर्श : समाजशास्त्रीय परिप्रेक्ष्य', **स्त्री विमर्श : विविध पहलू** (सम्पा.), कल्पना वर्मा, इलाहावाद : लोकभारती प्रकाशन, पृ. २०६-२११ ।

बिस्ले, क्रिस (सन् १९९९), **ह्वाट इज फेमिनिज्म** ?, लन्डन-थाउजेन्ट ओक्स-न्यु दिल्ली : सेज पब्लिकेसन्स ।

बुढाथोकी, ईश्वर (२०६९), 'विश्वका केही चर्चित लेखिकाहरू', **गरिमा**, पूर्णाङ्क : ३५ असार, पृ. ४०९-४१८ ।

बुभायर, सिमोन द (साल ?), **महिला** (द सेकेन्ड सेक्स) (अनु.), रमेश सुनुवार, काठमाडौँ : प्रगति पुस्तक सदन ।

ब्यारेट, मिचेल (सन् १९८०), **वमन्स अप्रेसन टुडे,** लन्डन : भर्सो ।

भट्ट, शारदा (२०६६), 'टुँडाल उपन्यासको कृतिपरक अध्ययन', अप्रकाशित स्नातकोत्तर शोध पत्र, त्रि.वि., रत्नराज्यलक्ष्मी क्याम्पस, काठमाडौँ ।

भट्टराई, गोविन्द प्रसाद (२०५९), 'झापाले झङ्कृत हुँदो छ यो लीलामय मन', **लीला, वार्ता र शरणार्थी** (संक.), कृष्ण बराल, झापा : नियात्रा प्रकाशन, पृ. २९-३५ ।

भट्टराई, मानुषी यमि (२०६९), **रातो भिल्को** (सम्पा.), ३ /१० ।

भट्टराई, विष्णु कुमार (२०५९), 'विष्णु कुमार भट्टराईसँग केहीबेर', **लीला, वार्ता र शरणार्थी** (संक.), कृष्ण बराल, झापा : नियात्रा प्रकाशन, पृ. १६०-१७१ ।

----------- (२०६०), 'नेपाली उपन्यासको सय वर्ष आधाबाटोमा आइपुग्दा', **गरिमा,** २२/२, पृ. ५३-६० ।

भण्डारी, विश्वराज (२०५९), 'धराबासीको शरणार्थी उपन्यास के हो ?', **लीला, वार्ता र शरणार्थी** (संक.), कृष्ण बराल, झापा : नियात्रा प्रकाशन, पृ. ११८-११९ ।

भसीन, कमला (सन् २०११), **पितृसत्ता के हो ?** (अनु.), प्रेम बहादुर श्रेष्ठ, तेस्रो संस्क., काठमाडौँ : स्त्री शक्ति ।

............(सन् २०१२), **आखिरी यो जेन्डर के हो त ?** (अनु.), मुक्ति रिजाल र सुखमाया बोहोरा, तेस्रो संस्क., काठमाडौँ : स्त्री शक्ति ।

...............र निघत सईद खान (साल ?), **नारीवाद के हो ?** (अनु.), मुक्ति रिजाल र अनन्तलक्ष्मी श्रेष्ठ, काठमाडौँ : स्त्री शक्ति ।

भूर्तेल, भरत (२०५९), 'धराबासीको शरणार्थी : एक सादा टिप्पणी', **लीला, वार्ता र शरणार्थी** (संक.), कृष्ण बराल, झापा : नियात्रा प्रकाशन, पृ. १२४-१२६ ।

माइक्रोसफ्ट इन्कार्टा (सन् २००७), **फेमिनिज्म** [DVD], Redmond, WA: Microsoft Corporation 2008, 2069-10-7.

माक्सिस्ट फेमिनिज्म (२०६८), http://en.wikpedia.org/wiki/marxist_feminism, 2068-10-7.

मिश्र, वैजयन्ती (२०६३), 'राधा उपन्यासमा कथा र विधि', **विवेचना**, १४/३२६, साउन, पृ. २ ।

----------- (२०६३), 'राधालाई चिठी', **सन्देश,** १/२४१ साउन, पृ. ३ ।

राई, इन्द्र बहादुर (२०५९), 'शरणार्थीमा लीलापक्ष', **लीला, वार्ता र शरणार्थी** (संक.), कृष्ण बराल, झापा : नियात्रा प्रकाशन, पृ.१३५-१३८ ।

रिजाल, गोमा (२०६५), 'राधा उपन्यासमा नारीवादी दृष्टिकोण', अप्रकाशित स्नातकोत्तर शोध पत्र, त्रि.वि., रत्नराज्यलक्ष्मी क्याम्पस, काठमाडौँ ।

रीड, एभलिन (२०६०), **महिला मुक्ति आन्दोलनका सम्बन्धमा**, अनु. मुरारी अर्याल, तेस्रो संस्क., काठमाडौँ : विवेक सिर्जनशील प्रकाशन ।

रेग्मी, चूडामणि (२०५९), 'प्रश्न कृष्ण बरालका उत्तर चूडामणि रेग्मीका', **लीला, वार्ता र शरणार्थी** (संक.), कृष्ण बराल, झापा : नियात्रा प्रकाशन, पृ. १७८-१८२ ।

रेग्मी , शिव प्रणत (२०६१), 'आधाबाटोको पाठकीय परिवृत्त', **गरिमा,** २२/८, पृ. ५६-६७ ।

रेडिकल फेमिनिज्म (२०६८), http://en.wikpedia.org/wiki/radical_feminism, 2068-10-7.

लज, डेभिड (सन् १९८८), **मोर्डन क्रिटिसिज्म एन्ड थ्यौरी** (सम्पा), लन्डन : लङ्म्यान ।

लामिछाने, जीवा (२०६३), 'भूमिका', **तपाईं**, काठमाडौँ : पैरवी बुक हाउस ।

लिवेरल फेमिनिज्म (२०६८), http://en.wikpedia.org/wiki/liberal_feminism, 2068-10-7.

लेच, भकान्ट बी. (सन् २००१), **द नर्टन एन्थोलोजी थ्यौरी एन्ड क्रिटिसिज्म** (सम्पा.), New York: W.W. Norton & Co., 1988, **Microsoft ® Encarta ® 2009,** 2069-2-10.

लोहनी, श्रीधर प्रसाद र रामेश्वर प्रसाद अधिकारी (सन् २०१०), **एकता कम्प्रिहेन्सिभ इंलिस नेपाली डिक्सनरी**, काठमाडौँ : एकता बुक्स ।

वर्मा, आशु (सन् २००९), **मुक्ति के स्वर** (सम्पा), दिल्ली : कैपिटल आँफसेट ।

वर्मा, कल्पना (सन् २००९), **स्त्री विमर्श : विविध पहलू** (सम्पा), इलाहावाद : लोकभारती प्रकाशन ।

वेडन, क्रिस (सन् २००७), 'पोस्टकोलोनियल फेमिनिस्ट क्रिटिसिज्म', **अ हिस्टोरी अफ फेमिनिस्ट लिटरेरी क्रिटिसिज्म** (सम्पा.), गिल प्लेन एन्ड सुसन सेलर, न्युयोर्क : क्याम्ब्रिज युनिभर्सिटी प्रेस ।

वैद्य, मोहन (२०६७), **मार्क्सवादी दर्शन**, काठमाडौँ : प्रगतिशील अध्ययन केन्द्र ।

शर्मा, केशादेवी (२०६५), 'उत्तर आधुनिकतावादी आख्यानकृतिका रूपमा आधाबाटो उपन्यासको विश्लेषण', **जनमत,** पृ.२५-२७ ।

शिवाकोटी, खगेन्द्र (२०६०), 'कति आँखा पुछिरहनु', **स्पेशटाइम्स,** पृ. २ ।

सापकोटा, लीला प्रसाद (२०६३), 'कृष्णको राधा पढेपछि', **पूर्वाञ्चल**, ११/३३६ पृ. २ ।

सिंह, कमलेश कुमार (सन् २००९), 'समकालीन लेखनः स्त्रीका समाज शास्त्र', **स्त्री विमर्श : विविध पहलू** (सम्पा.), कल्पना वर्मा, इलाहावाद : लोकभारती प्रकाशन, पृ. २०२-२०५ ।

सिलवाल, छविरमण (२०६६), 'टुँडाललाई नजिकबाट हेर्दा', **प्रतिदिन**, १/१६३, असार, पृ. २ ।

स्प्रिङ्गनेथर, म्याडलन (सन् २००७), 'अ हिस्टोरी अफ फेमिनिस्ट लिटरेरी क्रिटिसिज्म', **अ हिस्टोरी अफ फेमिनिस्ट लिटरेरी क्रिटिसिज्म** (सम्पा.), गिल प्लेन एन्ड सुसन सेलर, न्युयोर्क : क्याम्ब्रिज युनिभर्सिटी प्रेस ।

सुवेदी, राजेन्द्र (२०६४), 'शरणार्थी : एउटा नयाँ प्रयोग', **गरिमा,** २५/६, पृ. ४८-५५ ।

सेल्डन रमन र अन्य (सन् २००६), अ रिडर्स गाइड टु कन्टेम्पोररी लिटरेरी थ्यौरी, पाँचौं संस्क., इन्डिया : डार्लिङ किन्डर्ली प्राइभेट लिमिटेड ।

सोसियलिस्ट फेमिनिज्म (२०६८), http://en.wikpedia.org/wiki/socialistl_feminism, 2068-10-7.

हबिब, एम.ए.आर. (सन् २००५), **अ हिस्टोरी अफ लिटरेरी क्रिटिसिज्म-फ्रम प्लेटो टु द प्रिजेन्ट**, यु. एस. ए : ब्ल्याकवेल पब्लिसिङ् ।

हिस्टोरी अफ फेमिनिज्म (२०६९), http://en.wikpedia.org/wiki/feminism, 2069-2-10.

हिस्टोरी अफ वमन सफ्रेज (सन् २००९), http://encyclopaedia Britannica 2009 student and home Edition, Chicago: Encyclopædia Britannica, 2069-2-10.

ह्वाट इज फेमिनिज्म (२०६८), http://www.mit.edu/~shaslang/papers/femintro.html, 2068-10-7.